बुद्ध वचन

सुत्तपिटक अन्तर्गतको चौथो ग्रन्थ

# अङ्गुत्तरनिकाय

(अट्ठक र नवक निपात)

चौथो भाग

Dhamma.Digital

# Aṅguttaranikāya

अनुवादक

भिक्षु बोधिसेन महास्थविर

Downloaded from http://dhamma.digital

बुद्ध वचन
सुत्तपिटक अन्तर्गतको चौथो ग्रन्थ

# अङ्गुत्तरनिकाय

(अट्ठक र नवक निपात)

चौथो भाग

# Aṅguttaranikāya

Dhamma.Digital

अनुवादक
भिक्षु बोधिसेन महास्थविर

प्रकाशक
नातिकाजी महर्जन र नारायणदेवी महर्जन

Downloaded from http://dhamma.digital

प्रकाशक : नातिकाजी महर्जन र नारायणदेवी महर्जन

पहिलो संस्करण : १००० प्रति ।
वुद्ध संवत् : २५५५
विक्रम संवत् : २०६८
नेपाल संवत् : ११३२
इस्वी संवत् : २०११

**यो पुस्तक धम्मदानको निम्ति हो, बिक्रिको निम्ति होइन ।**

अनुवादकका प्रकाशित कृतिहरू :-

नेपाल भाषामा :-

१. त्रिरत्न वन्दनामाला ।
२. स्वगू जातक बाखँ ।
३. तथागतया उपदेश ।
४. पेतवत्थु ।
५. थेर-गाथा ।
६. त्रिरत्न वन्दनामाला (दो. सं.) ।

नेपाली भाषामा :-

१. कृष्णायन गोत्रको उत्पत्ति ।
२. थेरी-गाथा प्रथम भाग ।
३. थेरी-गाथा दोस्रो भाग ।
४. बोधि कथा ।
५. जातक कथा ।
६. अङ्गुत्तरनिकाय प्रथम भाग ।
७. अङ्गत्तरनिकाय दोस्रो भाग ।
८. थेरी-गाथा दो. सं. ।
९. दुरेनिदानकथा ।
१०. अङ्गुत्तर निकाय तेस्रो भाग ।
११. अङ्गुत्तर निकाय चौथो भाग, तपाईंकै हातमा ।
१२. अङ्गुत्तर निकाय, पाँचौ भाग प्रकाशकको प्रतिक्षामा ।

कम्प्युटर सेटिङ्ग :भिक्षु बोधिसेन महास्थविर ।

**मुद्रण: शुभकामना प्रिन्टिङ्ग प्रेस**
**केलटोल, मासंगल्ली, काठमाडौ**
**फोन: ४२३२१२४**

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# सादर अर्पण

बुद्ध धर्म प्रचार प्रसार र विकास
गर्न आफ्नो
जीवन समर्पण गरी दिवङ्गत
हुनुभएका सम्पूर्ण श्रद्धेय भन्ते, आयुष्मान,
श्रामणेर र अनागारिकाहरूको
पुण्यस्मृतिमा सादर अर्पण ।

भिक्षु बोधिसेन महास्थविर



Downloaded from http://dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# दुई शब्द

बुद्ध वचन "सुत्तपिटक" अन्तर्गतको चौथो ग्रन्थ 'अङ्गुत्तरनिकाय' (अट्ठक र नवक निपात)को श्रद्धेय भन्ते बोधिसेन महास्थविरबाट अनुवाद भई चौथो भागको रूपमा प्रकाशनार्थ तयार हुने क्रममा भएको थाहापाएर हर्षकासाथ अध्ययन गर्ने अवसर प्राप्त हुने विश्वास मनमा जाग्यो। तेस्रो भाग पहिले नै प्रकाशित भैसकेका छन्। ती मध्ये पहिलो दुई भागसम्म पढ्ने र ठाउँठाउँमा आफूले जानेबुझेसम्मको सच्याउने मौका प्रदान गर्नु भएको थियो। प्रस्तुत ग्रन्थमा पनि अझ बढी मिहेनत गरी सकभर सच्याउने मौका पाएँ। यो अवसर पाउनु नै मेरो बुद्ध, धर्म र संघप्रतिको आस्था र विश्वासको फल हो जस्तो लाग्छ। श्रद्धेय भन्ते बोधिसेन महास्थविर एवम् अन्य भन्तेहरूबाट बेलाबेलामा भएको छलफल, विचारविमर्श र व्यवहार कुशलताका कुराहरू यस पृष्ठमा उल्लेख गर्न कठिन हुन्छ।

ग्रन्थ पढ्ने वित्तिकै 'मेत्तावग्गो'को पहिलो अंश 'मेत्तासुत्त'का अन्तिम वाक्यहरूले ध्यान आकृष्ट गर्छ कि सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुँदा भिक्षुहरूलाई दिनु भएको उपदेश मैत्रीभावको उपलब्धि उपाशक-उपाशिकालगायत मानवजगतका लागि कति उपयोगी छ भन्ने कुरा अनुवादित अंशले स्पष्ट गर्दछ। "जसले न त कसैलाई घात गर्छ, न त कसैद्वारा घात गराउँछ, न त कसैप्रति हानि पुऱ्याउँछ, न त कसैद्वारा हानि पुऱ्याइँछ, उसले नै समस्त प्राणी-प्रति मैत्री-भावना गरेको हुन्छ। त्यसैले उसको कोही वैरी हुँदैन।" शान्ति तथा आनन्द प्राप्तिका निम्ति मैत्रीभावको आवश्यकता र महत्व कति छ भन्ने कुरा यसबाट बुझ्न सकिन्छ। यसले ग्रन्थको महिमा र गरिमा स्पष्ट गर्दछ। यो अनुवादित ग्रन्थको पहिलो महत्वको एक उदाहरण मात्र हो।

त्यस्तै 'पञ्ञासुत्तं'मा वर्णित, "यहाँ जो भिक्षु शास्ता अथवा आफ्नो कोही गौरवनीय सब्रह्मचारीसँग रहँदा जोसँग तीव्र लज्जा र भय हुन्छ, प्रेम अनि आदरको भाव हुन्छ। भिक्षुहो ! यो नै पहिलो कारण वा पहिलो हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ" भनेर ज्ञानको खोजीमा लाग्ने एक साधकको सकारात्मक लक्षण स्पष्ट पारिएको छ। "संघमा सम्मिलित हुँदा नानाप्रकारका (नचाहिने) कुराहरूमा नलाग्ने हुन्छ (तथा) व्यर्थका कुराहरू नगर्ने

Downloaded from http://dhamma.digital

हुन्छ। आफू स्वयम् धर्मको अध्ययन गर्ने हुन्छ वा अरूलाई धर्म सिकाउने हुन्छ वा आर्य-मौन भई बस्ने हुन्छ ।" यो कुरा भिक्षुहरूलाई एउटा कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ भन्ने बुझाउन दिनुभएको उपदेशहो। हामी उपासक-उपासिकालगायत सम्पूर्ण मानवजातीको लागी आचरण शुद्धिको रूपमा मार्गदर्शाउनु भएको कुरा पाली साहित्य पढ्न असमर्थ व्यक्तिहरूलाई स्पष्टसँग अर्थ्याएर अध्ययन गर्न सघाएको छ- यो अनुवादित ग्रन्थले ।

माथिका उल्लेखित उपदेशहरू केही उदाहरण मात्र हुन् । गुणकारी बुद्धोपदेशका विपुलता ग्रन्थमा पाउँछौं । पाठकलाई बुझाउन अनुवादकले सकभर सरल शब्द चयन गर्नुभई रोचक बनाउन हरसम्भव प्रयत्न गर्नुभएको छ । बुझ्न कठिन पालीका केही अंशहरू श्लोकसँगै अर्थ राखिदिनु भएको छ- जस्तो, अष्ट लोकधर्मको सम्बन्धमा यसरी प्रस्तुत छ-

**"लाभो अलाभो च यसायसो च, निन्दा पसंसा च सुखं दुखञ्च ।**
**एते अनिच्चा मनुजेसु धम्मा, असस्सता विपरिणामधम्मा ॥**

अर्थ:- "लाभ, अलाभ, जस, अपजस, निन्दा, प्रशंसा, सुख र दुःख यी विषय अनित्य, असाश्वत तथा परिवर्तनशील हो ।" यी आठ विषय सत्वको निम्ति अनित्य, असाश्वत तथा परिवर्तनशील हो भनी अनुवादकले जस्ताको तस्तै प्रस्तुत गर्नुभएको छ भने विशेषत: अध्याय, परिच्छेद, उप-परिच्छेद वा पाठका नाम, व्यक्तिका नाम, स्थान विशेषका नाम, विशिष्ट पाली शब्दहरू एवम् बराबर दोहोरिने शब्दहरू पालीमा नै प्रस्तुत गर्नु भई पाठकलाई बुझ्न मद्दत पुऱ्याउनु भएको छ ।

Dhamma.Digital

उदाहरणको रूपमा भन्दा धेरै यस्ता शब्दहरू छन्, जस्तो- 'महावग्गो' एक परिच्छेदको नाम हो, 'मलसुत्तं' महावग्गोको एक उप-परिच्छेद, 'आयुष्मान' एक आदरनीय भिक्षुलाई गरिने सम्बोधन, 'आवुसो' एक आदरनीय भिक्षुबाट एक कनिष्ठ भिक्षुलाई गरिने सम्बोधन, 'महिसवत्थु' एक पर्वतको नाम, 'वटजालिक' एक विहारको नाम, 'उग्ग' एक गृहपति, 'वेसालि' वैशालीको पाली नाम आदि । एवम् प्रकारले 'आठप्रकारका मैल', 'उग्ग गृहपतिका आठ प्रकारले आश्चर्य लाग्ने धर्म', 'आठ प्रकारका बल', 'आठ प्रकारका दान', 'आठ दानका विषय', 'आठ प्रकारका आर्य व्यवहार', 'दिव्य-मार्ग', 'स्त्रीले विजय मार्गमा जाने चार कुरा', 'यस लोक र परलोकमा सुख हुने कुलपुत्रका चार प्रकारका धर्म', 'आफ्नो र अरूको पनि



Downloaded from http://dhamma.digital

भलो गर्ने छ प्रकारका धर्म', 'आठ सत्पुरुष दान', 'श्रोतापन्न हुन सम्पन्न गर्नुपर्ने चार अङ्ग', "आश्रव क्षय गर्ने प्रथमदेखि चतुर्थध्यानसम्म गरी अनि 'आकासानञ्चायतन', 'विज्ञानञ्चायतन', 'आकिञ्चञ्ञायतन', 'नेवसञ्ञानासञ्ञायतन', तथा 'सञ्ञावेदयितनिरोध'", 'पाँच शिक्षा', 'दुर्बलता हटाउने चार स्मृति प्रस्थानको अभ्यास', 'चार सम्यक व्यायामको अभ्यास', 'राग अभिज्ञातार्थ अभ्यास गर्ने नौ प्रकारका धर्म', आदि शील, समाधि तथा प्रज्ञाका विभिन्न गतिविधिका ज्ञानाण्वेषी, धर्माभ्यासी, ध्यानाभ्यासीले सिक्नुपर्ने कैयन कुराहरू ग्रन्थबाट अध्ययन गर्न सकिन्छ।

धार्मिक कार्य– पूजा, पर्व, भजन, पठन-पाठन, उपदेश श्रवण आदि हुँदा सरल लाग्ने कतिपय कार्य, चिन्तन-मनन्, आदिमा सरल ढङ्गले बुझ्ने प्रयत्न गर्छौं, हल्का तवरले लिन्छौं तर यसरी लिएर मात्र हुँदैन भन्ने कुरा ग्रन्थ अध्ययन गरेपछि यथार्थ ज्ञान-बोध गर्न अनुवादले मद्दत गर्नेछ भन्ने मलाई विश्वास लाग्छ। किनभने यस ग्रन्थमा त्यस्ता प्रसङ्ग पनि छन् जसमा बुद्धत्व प्राप्त गर्नुपूर्व बोधिसत्व अवस्थामा ध्यान तथा तपमा लीन हुँदा चिन्तन-मनन गर्नु परेको विषयहरू समावेश भएका छन्। यसर्थ यस ग्रन्थको शब्द मिलाउने र अध्ययन गर्ने क्रममा मलाई यथार्थतालाई बुझ्न कठिन लाग्यो। विदर्शना-ध्यान तथा स्मृति-प्रस्थानको अभ्यास गर्न तथा बहुश्रुत हुन तिपिटक ग्रन्थ अध्ययन गर्न नितान्त आवश्यकताको निष्कर्षमा पुग्नु पर्ने महसुस गर्दछु।

यसर्थ अनुवादित ग्रन्थले सम्बन्धित विषय अध्ययन तथा अभ्यास गर्ने शिक्षार्थी, शिक्षा प्रदान गर्ने गुरुवर्ग, अध्येता, अण्वेषक, विश्लेषक आदि सबैलाई सहयोग पुऱ्याउने आशा एवम् विश्वास गर्न सकिन्छ। अस्तु !

भवतु सब्ब मङ्गलं

हरिशंखर मानन्धर (खैगुली)
गोदामचोक, बनेपा १०,

Downloaded from http://dhamma.digital

प्रकाशक

नातिकाजी महर्जन नारायणदेवी महर्जन

Downloaded from http://dhamma.digital

# संस्मरण

काठमाडौंस्थित गोंगबुँ, नयाँ बसपार्क निवासी दिवंगत कान्छा महर्जन र उहाँकी धर्मपत्नी दिवंगत तुयुमाया महर्जनको गर्भबाट हेरामाया, चन्द्रमान, मायादेवी, कान्छी र कान्छो छोरो नातिकाजीको जन्म भयो ।

नातिकाजीको विवाह काठमाडौंस्थित खुशीबुँका दिवंगत धर्मनारायण महर्जन र वहाँकी धर्मपत्नी दिवंगत राममायाकि सुपुत्री नारायणदेवी महर्जनसँग भयो । उहाँहरुको सन्तानमा एक सुपुत्र र दुई सुपुत्री छन् । पहिलो सन्तानको नाम रामराजा महर्जन, दोस्रो सन्तानको नाम कमला र तेस्रो सन्तानको नाम बिमला हो ।

जेष्ठ सुपुत्र रामराजाको विवाह बिनिता महर्जनसँग भयो । सुपुत्री कमलाको विवाह मोहननारायण प्रजापतिसँग भयो अनि कान्छी सुपुत्री बिमलाको विवाह शिव महर्जनसँग भयो । यसरी मातापिताको कर्तव्यअनुसार दायित्व पूर्ण गर्नुभयो । सुपुत्र रामराजा र बुहारी विनीताबाट एक सुपुत्र र एक सुपुत्री भए । सुपुत्रीको नाम युकी र सुपुत्रको नाम युजन हो । सुपुत्री कमला र जुवाई मोहननारायणबाट एक सुपुत्री र एक सुपुत्र भए । सुपुत्रीको नाउँ मोनिस्का र सुपुत्रको नाउँ मुनिस हो । कान्छी सुपुत्री बिमला र जुवाई शिव महर्जनबाट एक सुपुत्रको जन्म भयो । सुपुत्रको नाउँ शुभ हो ।

पारिवारिक जीवनमा सुख-दुःखको अनुभव गर्दै उहाँहरु विहार-विहारमा गई बुद्ध पूजा गर्ने, धर्म श्रवण गर्ने, संघ भोजन दान गर्ने, अष्टपरिष्कार दान गर्ने, कथिन चीवर दान गर्ने, भिक्षुमहासंघबाट महापरित्राण पाठ गराउने र बौद्ध चारधाम जानुभई विभिन्न प्रकारले पुण्य आर्जन गर्नु भएको छ । उहाँहरुको श्रद्धानुसार नै यो बुद्ध वचन सुत्तपिटक अन्तर्गतको चौथो ग्रन्थ 'अङ्गुत्तरनिकाय चौथो भाग' धम्म दानस्वरुप दिन पाएँ । उहाँहरुको श्रद्धामा कमि नहोस् अनि यसरी नै पुण्य कर्म वृद्धि गर्दै सुख, शान्ति र आनन्दपूर्वक जीवन व्यतीत गर्दै अन्तमा निर्वाण लाभ गर्न सकोस् भनी मङ्गल कामना गर्दछु ।

अनुवादक



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

बोधिसत्वले चार असंख्य एकलाख कल्पसम्ममा दशपारमिता पूर्ण गर्नुभई अन्तमा बुद्ध हुनुभएका उहाँ सम्यकसम्बुद्धले जनमानसमा सुख, शान्ति र आनन्द प्राप्त गर्न सकोस् भनी सहजरूपले मार्ग दर्शाउनको निम्ति दिनुभएको अमृतमय ज्ञान यो अङ्गुत्तरनिकाय हो ।

सुख, शान्ति र आनन्द सबै नै चाहन्छन् तर चाहँदा-चाहँदै पनि प्राप्त गर्न गाह्रो हुन्छ । यस धर्म ग्रन्थमा भएको बुद्धोपदेश पढ्नु भएमा, बुझ्नु भएमा अनि राम्रोसँग पालन गर्नु भएमा हाम्रो जीवन अवश्य नै सुखमय, शान्तिमय र आनन्दमय हुनेछ । उहाँ श्रद्धेय भन्ते बोधिसेन महास्थविरज्यूले अति नै मेहनत गरी अनुवाद गर्नु भएको अङ्गुत्तर निकायको चौथो भाग हामीबाट प्रकाशन गरिदिनु पाएकोमा हामी भाग्यमानी हौं भन्ने मनमा लागदछ । त्यसैले उहाँ अनुवादक भन्तेज्यूप्रति कृतज्ञता प्रकट गर्दै सुस्वास्थ्य, दीर्घायु र मङ्गलकामना गर्दछौं ।

ज्ञानले परिपूर्ण उपदेशहरू समावेश भएको यस धर्म ग्रन्थ राम्रोसँग अध्ययन गर्नु भई यहाँहरूको जीवन निष्कलङ्कित गरी सुखमय बनाउनु हुनेछ भन्ने आशा एवं विश्वास गर्दछौं । आफूले सहिमार्ग अपनाउनु भए जस्तै अरूलाई पनि सहिमार्ग प्रदर्शन गर्न यो धर्मग्रन्थ उपयोगी हुनेछ भन्ने आशा गर्दछौं । बुद्ध जन्मभूमि नेपाल लगायत समस्त विश्वमा बुद्धको उपदेश फैलिएर शान्ति स्थापना गर्न प्रेरणादायी होस् भनी मङ्गलकामना गर्दछौं ।

गोंगबुं, नयाँबस पार्क
१५/७/२०६८

नातिकाजी महर्जन
नारायणदेवी महर्जन

Downloaded from http://dhamma.digital

# भूमिका

उहाँ भगवान बुद्धद्वारा उपदिष्ट तथा प्रतिपादित अमूल्य ज्ञानको भण्डारलाई सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी तीन पिटकमा विभाजित गरिएको छ । जसलाई तिपिटक भनिन्छ । तिपिटक अन्तर्गत सुत्तपिटकमा रहेको चौथो निकाय अङ्गुत्तरनिकाय हो । यसमा 'एककनिपात' देखि 'एकादसनिपात'सम्म उपदेशका भण्डारले भरिपूर्ण छ ।

विहार राजकीयेन पालि प्रकाशन मण्डलद्वारा प्रकाशित भएको अङ्गुत्तर-निकाय पालिबाट लिएर बु.सं. २५४५ (वि.सं २०५८)मा 'एककनिपात, दुकनिपात र तिकनिपात ज्ञानज्योति कंसाकार र उहाँकी धर्मपत्नी लक्ष्मीप्रभाको श्रद्धानुसार अङ्गुत्तरनिकायको प्रथम भागमा प्रकाशित भयो । चतुक्क र पञ्चकनिपा-त ( धम्मगिरि-पालि-गन्थमाला)मा संकलित गरिएको विपश्यना विशोधन विन्यास धम्मगिरि, इगतपुरी (नासिक) महाराष्ट, भारतबाट प्रकाशित भएकोलाई बु.सं २५५२ (वि.सं. २०६२)मा अनागारिका वीर्यपारमिताको श्रद्धा सुमनस्वरूप अङ्गुत्तर-निकायको दोस्रो भाग प्रकाशित भयो । पुनः छक्क र सत्तकनिपात उहाँकै श्रद्धानु-सार अङ्गुत्तरनिकायको तेस्रो भाग पनि प्रकाशित भयो ।

अनागारिका वीर्यपारमिताले अङ्गुत्तरनिकायको चौथो भाग प्रकाशनको निम्ति नातिकाजी र उहाँकी धर्मपत्नी नारायणदेवीलाई श्रद्धा उत्पन्न गराई दिएको हुनाले यो पुस्तक प्रकाशित गर्न पाएको हो । यसकारण अनागारिका वीर्यपारमिता-प्रति कृतज्ञता प्रकट गर्दछु । यसरी नै कुशल पुण्य कार्यमा झन-झन अभिवृद्धि गर्दै जानेछ भन्ने पूर्ण विश्वासकासाथ सुख, शान्ति, आनन्द र निर्वाण लाभ गर्न स-कोस् भनी मङ्गल कामना व्यक्त गर्दछु ।

अङ्गुत्तरनिकायको अट्ठकनिपात देखि बाँकि रहेका एकादसनिपात सम्म वि-पश्यना विशोधनद्वारा प्रकाशित भएको पालिबाट नै लिएर अनुवाद गर्न चाहेको छु । धम्मगिरि-पालि-गन्थमाला तथा विपश्यना विशोधनलाई म अनुवादकबाट कृतज्ञता-ताकासाथै साधुवाद छ ।

अङ्गुत्तरनिकायको अट्ठकनिपातमा आठ-आठ प्रकारले दिनु भएको उपदेश

Downloaded from http://dhamma.digital

सङ्ग्रहित गरिएको हुनाले अट्ठकनिपात भनिएको हो । यसमा दस वर्ग र एक रागपेय्याल छ । प्रत्येक वर्गमा दस-दसवटा सूत्रहरू छन् ।

अट्ठक र नवक निपात रहेका सूत्रहरू सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराम, राजगहस्थित गिज्भकूत पब्बत, महिसवत्थुस्थित सङ्खेय्य पर्वतको वटजालिका, गग्गरास्थित पोखरीको तीर, वेरञ्जास्थित नलेरुपुचिमन्दमूल, वेसालीस्थित महावनको कुटागारसाला, सावत्थिस्थित पुब्बाराम मिगारमाताको प्रासाद, वज्जीस्थित हत्थिगाम, आलविस्थित अग्गालव चेतिय, कपिलवत्थुस्थित शाक्यहरूको निग्रोधाराम, कोलियस्थित कक्करपत्त नाउँको कोलिय निगम, राजगहस्थित जीवकम्बवन, भग्गस्थित संुसमारगिरकां भेसकलावन मिगदाय, कोसम्बिस्थित घोसिताराम, गयास्थित गयासीस, नातिकास्थित गिञ्जकावसथ, कोसलस्थित इच्छानङ्गलको ब्राह्मणगाम, चालिकास्थित चालिका पर्वत र मल्लस्थित उरुवेलकप्प विभिन्न स्थानमा भ्रमण गर्नु हुँदै भिक्षु, भिक्षुणी, उपासक, उपासिका गृहस्थ र ब्राह्मण तथा परिव्राजकहरूलाई दिनु भएको उपदेशहरू छन् । साथै यसमा अन्य प्रसङ्गहरू पनि छन् । यही सूत्रहरूबाट केही सार उपदेशहरू यहाँ उल्लेख गर्दछु–

जसले न त कसैलाई घात गर्छ, न त कसैद्वारा घात गराउँछ, न त कसैप्रति हानि पुऱ्याउँछ अनि न त कसैद्वारा हानि पुऱ्याउने हुन्छ, उसले नै समस्त प्राणी-प्रति मैत्री-भावना गरेको हुन्छ । त्यसैले उसको कोही वैरी हुँदैन ।

***

आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति अप्रिय, राम्रो नलाग्ने, अगौरवनीय र अनादरनीय हुन्छ । यहाँ भिक्षु अप्रियजनको प्रशंसक हुन्छ, प्रियजनको निन्दक हुन्छ, लाभको कामना गर्ने हुन्छ, सत्कारको कामना गर्ने हुन्छ, निर्लज्ज हुन्छ, भय रहित हुन्छ, पाप विचारको अनि मिथ्यादृष्टिक हुन्छ ।

***

लाभ, अलाभ, जस, अपजस, निन्दा, प्रशंसा, सुख र दुःख यी आठ विषय सत्वको निम्ति अनित्य, असाश्वत तथा परिवर्तनशील हो ।



Downloaded from http://dhamma.digital

उत्पन्न लाभलाई जित्दै,-जित्दै बस्छु । उत्पन्न अलाभलाई..., उत्पन्न जसलाई..., उत्पन्न अपजसलाई..., उत्पन्न सत्कारलाई..., उत्पन्न असत्कारलाई..., उत्पन्न पाप इच्छालाई..., उत्पन्न पापी-मित्रलाई जित्दै-जित्दै बस्छु ।' यी आठ विषयमा विजयी हुँदा घातक र जलन हुने आश्रव रहँदैन ।

***

वेरञ्ज सुत्त र सीहसुत्तमा नीरस, निर्भोगी, अक्रियावादी, घृणा, विनयी, तपस्वी र अप्रगल्भ विषय लिएर सम्यकरूपले भगवान बुद्धबाट व्याख्या भएको छ ।

***

मन्त्रको मैल बारम्बार पाठ नगर्नु, घरको मैल क्रीयाशील नहुनु, वर्णको मैल आलस्य, रक्षकको मैल प्रमाद र सबैभन्दा ठूलो मैल अविद्या हो ।

***

पुरुषलाई स्त्रीले बन्धनमा बाँधिने र स्त्रीलाई पुरुषले बन्धन बाँधिने आठ छन्– रुवाई, हँसाइ, बोलाइ, पहिरन, वनबाट भाँचेर ल्याएको चीजहरू दिई, रस, गन्ध र स्पर्श ।

***

बच्चाको बल रुनु, स्त्रीको बल क्रोध, चोरको बल हतियार, राजाको बल ऐश्वर्य, मूर्खको बल यथार्थ बुझ्नसक्नु, पण्डितको बल यथार्थ बुझ्नसक्नु, बहुश्रुत-को बल प्रत्यवेक्षण अनि श्रमण-ब्राह्मणको बल क्षमा हो ।

***

क्षीणाश्रवीको आठ बल– यथार्थसहित सम्यक प्रज्ञाद्वारा बोध हुँदा सबै संस्कार अनित्य, कामभोग अङ्गारसमान महसुस, सम्पूर्ण आश्रवी धर्मबाट मुक्त, चार स्मृतिप्रस्थान सुभावित, ऋद्धिपाद सुभावित, पञ्चेन्द्रिय सुभावित, सप्तबोध्यङ्ग सुभा-



Downloaded from http://dhamma.digital

वित र आर्य अष्टाङ्गिग मार्ग सुभावित ।

***

सम्यकसम्बुद्ध लोकमा उत्पन्न भई निर्वाण मार्गको उपदेश प्रवर्तित हुँदा जो व्यक्ति नरक, तिर्यक, प्रेत, दीर्घायु देवकुल, म्लेच्छ-प्रत्यन्त प्रदेश, मिथ्यादृष्टिकु-ल, मूर्ख-लाटो-दुष्प्रज्ञ, सम्यकसम्बुद्धको अनुत्पतित हुँदा निर्वाण मार्गको उपदेश अप्रवर्तित समयमा मध्यज़नपदमा जन्म हुन्छ । यी आठ ब्रह्मचर्यवासको (निर्वाण-लाभ गर्न) निम्ति अनुपयुक्त क्षण हुन् ।

***

तथागत अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव तथा मनुष्यका शास्ता, बुद्ध अनि भगवान उत्पन्न हुन्छ । सुगतबाट उपशमन हुने, परिनिर्वाण हुने अनि सम्बोधि लाभ हुने धर्मोपदेश हुन्छ । जो व्यक्ति मध्य जनपदमा जन्मेको हुन्छ अनि ऊ प्रज्ञावान, मूर्ख नभएको, लाटो नभएको, सुभाषित-दुर्भाषितको अर्थलाई बुझ्नसक्छ । ब्रह्मचर्यवासको निम्ति यही नै एक मात्र उपयुक्त क्षण अथवा समय हो ।।

***

यो धर्म भनेको त अल्पेच्छको निम्ति हो, महेच्छको निम्ति होइन । सन्तु-ष्टीको निम्ति हो, असन्तुष्टीको निम्ति होइन । एकान्त प्रियको निम्ति हो, मानिस-को भीड-भाडमा रहनको निम्ति होइन । वीर्यवानको निम्ति हो, अल्छेको निम्ति होइन । उपस्थित स्मृतिको निम्ति हो, मूढ स्मुतिको निम्ति होइन । चित्त समाहितको निम्ति हो, असमाहितको निम्ति होइन । प्रज्ञावानको निम्ति हो, दुष्प्रज्ञ-को निम्ति होइन । (अनुरुद्ध महास्थविरको त्यो विचार भगवान बुद्धले थाहापाउनु भई योसँग अर्को एक थपेर भन्नुभयो- अनुरुद्ध ! तिमीले यस आठौं महापुरुषको वितर्कलाई पनि आफ्नो मनमा ठाउँ दिनु–) 'यो धर्म प्रपञ्चरहितको निम्ति हो वा प्रपञ्चको चाह नहुनेको निम्ति हो; प्रपञ्चमा संलग्न रहने वा प्रपञ्चको चाह हुनेलाई होइन ।

***



Downloaded from http://dhamma.digital

इच्छा हुनाले दान दिन्छ, द्वेषी भई दान दिन्छ, मोहको कारणले दान दिन्छ, भयले गर्दा दान दिन्छ, 'पहिले बाबु-बाजेको पालादेखि नै दिइआएको चलन हो वा पुरानो वंश परम्परादेखि चलिआएकोलाई छुटाउनु उचित होइन' भनी दान दिन्छ, 'दान दिंदा मेरो शरीर भेद भई मृत्यु पश्चात स्वर्गमा उत्पन्न हुनेछु' भनी दान दिन्छ, दान दिंदा मेरो चित्त प्रसन्न हुन्छ, सुन्तुष्ट हुन्छ वा प्रमुदित हुन्छ' भनी दान दिन्छ अनि चित्त अलङ्कृत गर्न तथा चित्त प्रसन्न पार्न दान दिन्छ ।

***

सम्यकदृष्टि, सम्यकसङ्कल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यकआजीव, सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधि यी आठ अङ्गद्वारा सम्पन्न हुने श्रमण-ब्राह्मणलाई दिएको दान महाफलदायक हुन्छ, महाप्रतिफल हुन्छ, महाद्योतक हुन्छ अनि विस्तृतरूपले फैलिन्छ ।

***

कसैको कुलमा सत्पुरुषको जन्म हुँदा बहुजनको निम्ति कल्याण, हित र सुख हुन्छ । माता-पिताको निम्ति पनि कल्याण, हित र सुख हुन्छ; पुत्र-पुत्रीको निम्ति पनि कल्याण हित र सुख हुन्छ; दास-कामदारका निम्ति पनि कल्याण, हित र सुख हुन्छ; मित्र-अमात्यको निम्ति पनि कल्याण, हित र सुख हुन्छ; पहिले मृत्यु भएका व्यक्तिको निम्ति पनि कल्याण, हित र सुख हुन्छ; राजाको निम्ति पनि कल्याण, हित र सुख हुन्छ; देवताको निम्ति पनि कल्याण, हित र सुख हुन्छ अनि श्रमण-ब्राह्मणको निम्ति पनि कल्याण, हित र सुख हुन्छ ।

***

आर्य श्रावकले यसरी विचार गर्छ– मैले आजको यस रात र दिन प्राणी हिंसा त्यागेर, प्राणी हिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छु । यो पहिलो अङ्गद्वारा सम्पन्न हुन्छ । चोर्न त्यागेर चोर्नबाट विरत भई, दिएको लिने, दिइने वस्तुको नै आकाङ्क्षा गर्छु तथा आफू सचरित्रवान भई विचरण गर्छ । यो दोस्रो अङ्गद्वारा सम्पन्न हुन्छ । अब्रह्मचर्य त्यागेर ग्राम्य मैथुन धर्मबाट विरत भइकन ब्रह्मचारी हुन्छु । यो तेस्रो अङ्गद्वारा सम्पन्न हुन्छ । झूटो बोली त्याग्छु सत्यवादी हुन्छु, साँचो



Downloaded from http://dhamma.digital

बोल्छु, विश्वसनीय तथा लोकमा आफ्नो वचन पूरा गर्छु । यो चौथो अङ्गद्वारा सम्पन्न हुन्छ । बेहोस पार्ने रक्सी-जाँड त्याग्छु, बेहोस पार्ने रक्सीजाँडबाट विरत हुन्छु । यो पाँचौ अङ्गद्वारा सम्पन्न हुन्छ । एक छाक खाने भई विकाल भोजन तथा रात्री भोजन त्याग्छु । यो छैटौं अङ्गद्वारा सम्पन्न हुन्छु । नृत्य-गीत-वाद्य विकारोत्पन्न हुने दृश्य हेर्नबाट, माला, सुगन्धको लेपन तथा सिँगारपटारबाट विरत हुन्छु । यो सातौं अङ्गद्वारा सम्पन्न हुन्छ । उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्याको सेवन गर्छु– खाट वा घासको बिछ्याउना । यो आठौ अङ्गद्वारा सम्पन्न हुन्छु । यी आठ अङ्गले सम्पन्न उपोसथ व्रत पालन गर्दा महाफलदायी, महाशुभपरिणामी, महाद्योतक अनि महाविस्तारित हुन्छ ।

***

सुसंहित भई कर्ममा लाग्ने हुन्छिन्, परिजन सङ्ग्रह गर्ने हुन्छिन्, पतिको इच्छानुकूल आचरण गर्ने हुन्छिन्, कमाएर ल्याएको सम्पत्ति सुरक्षित गर्ने हुन्छिन्, श्रद्धासम्पन्न हुन्छिन्, शीलमा सम्पन्न हुन्छिन्, कन्जुसी नभई उदार हुन्छिन् अनि परलोकमा आफ्नो हित गर्नको निम्ति सदैव नै मार्ग विशुद्ध गर्ने हुन्छिन् । जो स्त्रीसँग यी आठ कुरा हुनेछन् धर्ममा स्थित सत्यवादी ती नारीलाई नै शीलवती भनिन्छ ।

***

(१) यहाँ भिक्षु शीलवान हुन्छ..... शिक्षापदलाई राम्रोसँग सिकेको हुन्छ । (२) बहुश्रुत हुन्छ..... सम्यकदृष्टिले सम्पन्न हुन्छ । (३) उभय प्रातिमोक्षलाई सम्यक रीतिसहितको ज्ञान हुन्छ, सूत्र तथा व्यञ्जनको दृष्टिले ठिकसँग विभक्त गर्ने, ठिकसँग सुप्रवर्तित गर्ने अनि ठिकसँग सुविनिश्चित गर्ने हुन्छ। (४) कल्याण भाषी, हितकर भाषी, विश्वस्त, स्पष्ट, अर्थ बोध अनि मधुर वाणीले युक्त हुन्छ । (५) भिक्षुणी संघलाई धर्म चर्चाद्वारा विषय स्पष्ट पार्ने, धर्माचरणमा प्रेरित गर्ने, उत्साहित गर्ने अनि प्रमुदित पार्नमा सामर्थ्यवान हुन्छ । (६) बहु भिक्षुणीको प्रिय तथा रुचिकर हुन्छ । (७) भगवानको उपदेशानुसार प्रव्रजित भई, काषाय वस्त्र धारण गरेकीसँग शारीरिक संसर्गबाट (गरु धर्म) मुक्त हुन्छ । (८) ऊ उपसम्पन्न भएको वीस वर्ष वा वीस वर्ष भन्दा पनि अधिक हुन्छ । यी आठ धर्ममा जो भिक्षु सम्पन्न हुन्छ, उसले नै भिक्षुणीहरूलाई उपदेश दिने अधिकार प्राप्त हुन्छ ।



Downloaded from http://dhamma.digital

धर्म-विनय र शास्ताको अनुशासन भन्नु नै वैराग्यको निम्ति हो, रागको निम्ति होइन; वियोगको निम्ति हो, संयोगको निम्ति होइन; अल्पेच्छताको निम्ति हो, महेच्छताको निम्ति होइन; सन्तुष्टीको निम्ति हो, असन्तुष्टीको निम्ति होइन; एकान्त सेवनको निम्ति हो, जनसमुहमा सम्मिलित हुनको निम्ति होइन; वीर्यारम्भको निम्ति हो, आलस्यको निम्ति होइन अनि जीवनयापन सहजको निम्ति हो, दुष्करको निम्ति होइन ।

***

भय, दुःख, रोग, खटिरा, शल्य, आसक्ति, फोहर र गर्भ कामभोगको नै पर्याय हुन् ।

***

कुलपुत्रलाई यस लोकमा हित र परलोकमा सुख हुने विषयहरू आठ छन्– उत्थान सम्पदा, आरक्षा सम्पदा, कल्याण मित्र, समजीवी, श्रद्धा सम्पदा, शील सम्पदा, त्याग सम्पदा र प्रज्ञा सम्पदा ।

***

पुण्यको अपेक्षा गर्ने मनुष्यले, पुण्य क्षेत्रमा यज्ञ गर्न चाहने मनुष्यले पुनर्जन्मको आधारसम्बन्धी पुण्य कर्म गर्न संघलाई (दान) दिएमा महाफलदायी हुन्छ ।

***

श्रोतापन्न र श्रोता-पन्न फल साक्षात्कार गर्ने मार्गमा लागेका। सकृदागामी र सकृदागामी फल साक्षात्कार गर्ने मार्गमा लागेका । अनागामी र अनागामी फल साक्षात्कार गर्ने लागेका । अर्हत र अर्हत फल साक्षात्कार गर्ने लागेका व्यक्ति आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, नमस्कार गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् ।

***



Downloaded from http://dhamma.digital

महापजापति गौतमी भिक्षुणी हुनको निम्ति भगवान बुद्धद्वारा निर्देशित आठधर्महरू..... ।

***

समुद्रमा आठ आश्चर्यजनक र यस धर्मविनयमा आठ आश्चर्यजनक विषयवस्तु...... ।

***

..... आठ कुराले सम्पन्न हुँदा स्त्री मनापकायि देवलोकमा उत्पन्न हुन्छ ।

***

लोकमा विद्यमान आठप्रकारका व्यक्तिहरूका विषय, आफ्नो पनि भलो हुने, अरूको पनि भलो हुने विषय..... ।

***

बुद्धत्व प्राप्त हुन भन्दा पहिले बोधिसत्वले आठप्रकारले देवताहरू सम्बन्धी स्पष्ट ज्ञान दर्शन विषय..... ।

***

आठ अभिभायतन, आठ विमोक्ष, आठ परिषद, आठ आर्य व्यवहार र आठ अनार्य व्यवहार र भूकम्प हुनुको आठ कारण..... ।

***

आठ धर्ममा सम्पन्न भिक्षु सबैका प्रिय हुन्छ अनि सर्वाकारमा नै परिपूर्ण हुन्छ..... ।

Downloaded from http://dhamma.digital

मरणानुस्मृतिको भावना गर्दा, वृद्धि गर्दा महाफल तथा महाशुभपरिणामी हुन्छ, अमृत (निर्वाण) लाभी हुन्छ तथा अमृत लाभको निम्ति हुन्छ ।

***

उत्थानसम्पत्ति, आरक्षासम्पत्ति, कल्याणमित्र, समजीवी, श्रद्धासम्पत्ति, शीलसम्पत्ति, त्यागसम्पत्ति अनि प्रज्ञासम्पत्ति । यी आठ प्रकारका सम्पत्ति हुन् ।

***

कामकाजमा व्यस्त हुनु, कुराकानीमा व्यस्त हुनु, निद्रालु हुनु, समूहमा संलग्न हुनु, इन्द्रियमा असंयमित हुनु, भोजनमा मात्राज्ञ नहुनु, संसर्गमा संलग्न हुनु अनि प्रपञ्चमा रमाउनु । भिक्षुहो ! यी नै आठ कुराहरू शैक्ष भिक्षुको निम्ति हानिकारक हुन् ।

***

स्मृतिसम्प्रजन्य हुँदा वा स्मृतिसम्प्रजन्य विहीन नहुँदा (पाप-कर्ममा) लज्जा र भय हुन्छ । लज्जा र भय हुँदा वा लज्जा र भय विहीन नहुँदा इन्द्रिय संयमित हुन्छ । इन्द्रिय संयमित हुँदा वा इन्द्रिय संयम विहीन नहुँदा शील सम्पन्न हुन्छ । शील सम्पन्न हुँदा वा शील सम्पन्नताबाट विहीन नहुँदा सम्यकसमाधिमा सम्पन्न हुन्छ वा सम्यकसमाधि विहीन हुँदैन । सम्यकसमाधि सम्पन्न हुँदा वा सम्यकसमाधि विहीन नहुँदा यथार्थ ज्ञानदर्शन गर्नमा सम्पन्न हुन्छ अनि यथार्थ ज्ञानदर्शन सम्पन्न हुँदा वा यथार्थ ज्ञानदर्शन विहीन नहुँदा निर्वेद वैराग्य हुन्छ । निर्वेद वैराग्य सम्पन्न हुँदा वा निर्वेद वैराग्य विहीन नहुँदा विमुक्ति ज्ञान दर्शनमा सम्पन्न हुन्छ ।

***

जब भिक्षु श्रद्धावान हुन्छ, तथागतकहाँ आउँछ, सेवामा रहँछ, जिज्ञासु हुन्छ, ध्यान दिएर सुन्छ, श्रुत धर्मको धारण गर्छ, धारित धर्मको अर्थ परीक्षण गर्छ, अर्थ र धर्म बुझेर धर्मानुसार आचरण गरेमा तथागतबाट धर्म प्रवर्तित हुन्छ ।

***



Downloaded from http://dhamma.digital

समस्त धर्मको मूल कामना हो । समस्त धर्म मनमा उत्पत्ति हुन्छ । समस्त धर्मको उदय स्पर्शले हुन्छ । समस्त धर्म तीन प्रकारको वेदनामा एकत्र हुन्छ । समस्त धर्ममा समाधि प्रमुख हो । समस्त धर्ममा स्मृति अधिपति हो । समस्त धर्ममा प्रज्ञा श्रेष्ठ हो । समस्त धर्ममा सार वस्तु विमुक्ति हो ।

***

श्रमण, ब्राह्मण, वेदगू, भिषक, निर्मल, विमल, ज्ञानी र विमुक्त सम्यकसम्बुद्धको नै पर्याय हो ।

***

आठ प्रकारका धर्ममा सम्पन्न उपासकप्रति संघले पात्र उल्टो गरिदिने र सुल्टो गरिदिने विषय ।

***

आठ प्रकारका धर्ममा सम्पन्न भिक्षुप्रति संघले चाहेमा प्रसन्नता र अप्रसन्नत प्रकट गर्ने विषय ।

***

आठ प्रकारका धर्ममा सम्पन्न भिक्षुप्रति संघले चाहेमा प्रतिस्मरणीय दण्ड कर्म दिने र फिर्ता लिने विषयसहित अन्य विषयहरू पनि छन् ।

***

राग... द्वेष... मोह... क्रोध... वैर... म्रक्ष... प्रदास... ईर्ष्या... कन्जुस... माया... शठता... जिद्दि... विवाद... मान... अतिमान... मद... प्रमाद... अभिज्ञात...परिज्ञात... विनष्ट... प्रहाण... क्षय... व्यय... विराग... निरोध... त्याग... परित्याग... अष्ट धर्मको अभ्यास विषय उल्लेख भएको छ ।



Downloaded from http://dhamma.digital

नवकनिपातमा नौ-नौ प्रकारले दिनुभएको उपदेश सङ्ग्रहित हुनाले नवकनिपात भनिएको हो। यसमा नौ वर्ग छन् सत्तावास वर्ग र खेम वर्गमा एघार-एघारवटा सूत्रहरू छन् भने अन्य वर्गमा दश-दशवटा सूत्रहरू छन् अनि एक राग पेय्याल छ।

यसमा रहेका सार संक्षिप्त उपदेशहरू–

सम्बोधि लाभ गर्नको निम्ति– कल्याणमित्रसँग मिलनशील हुन्छ। अणुमात्रको दोषमा पनि भयदर्शी भई प्रातिमोक्ष-
को नियम पालन गर्छ। शुद्ध र चित्त विमुक्त हुनमा सहायक हुने कुरा गर्छ। कुशल धर्मको निम्ति स्तम्भ समान, दृढ पराक्रमी र कुशल धर्ममा काँध न झुकाउने हुन्छ। उत्पत्ति र विनाश सम्बन्धमा आर्यले छिचोल्न सक्ने भई सम्यकरूपले दुःखबाट मुक्त हुने प्रज्ञासम्पन्न हुन्छ। रागलाई हटाउन अशुभ भावना गर्छ। द्वेषलाई हटाउन मैत्री भावना गर्छ। वितर्कनालाई हटाउन आनापानानुस्मृति भावना गर्छ अनि अहङ्कार हटाउन अनित्य संज्ञाको भावना गर्छ। अनित्य संज्ञाको हुँदा अनात्मा संज्ञामा स्थिर हुन्छ। अनात्मा संज्ञामा स्थिर हुँदा अहङ्कार विनाश भई यसै जन्ममा निर्वाण लाभी हुन्छ।

***

समय समयमा धर्म श्रवण र धर्मको विषयमा छलफल गर्दा पाँच-प्रकारका शुभपरिणाम हुन्छ। उसले शास्ता (बुद्ध) मन पराउने, मनोनुकुल हुने, गौरवनीय र आदरणीय हुन्छ। त्यस धर्ममा अर्थ तथा भावको प्रतिसंवेदित हुन्छ। त्यस धर्ममा रहेको गम्भीर अर्थपदलाई प्रज्ञाद्वारा हृदयङ्गम गर्छ। आफ्ना गुरुभाइप्रति अधिकाधिक गौरव गर्नेछन्। त्यस धर्मलाई श्रवण गरी आप्राप्ति प्राप्त गर्न, अनधिकृत अधिकृत गर्न, असाक्षात्कृत साक्षात्कार गर्न प्रयत्नशील हुन्छ। जो भिक्षु अर्हत, क्षीणाश्रव हुन्छ, जसले आफ्नो जीवनको उद्देश्यलाई प्राप्त गरिसकेको हुन्छ, जो कृतकृत्य हुन्छ, जसको भार विहीन हुन्छ, जसले सदार्थ प्राप्त गरेको हुन्छ, जसको भव-बन्धन क्षीण भइसकेको हुन्छ तथा जो सम्यक प्रकारले प्रज्ञा विमुक्त हुन्छ, ऊ त्यस धर्मलाई सुनेर यसै जीवनमा सुखको अनुभव गर्दै विचरण गर्नेछन्।

***



Downloaded from http://dhamma.digital

प्रज्ञा-बल, वीर्यबल, निर्दोषबल अनि सङ्ग्रहबल यी चार प्रकारका बलमा सम्पन्न आर्यश्रावक पाँच प्रकारका भयबाट मुक्त हुन्छ आजीविका भय, निन्दा भय, परिषदमा आउन-जानमा सङ्कुचित हुनुपर्ने भय, मृत्यु भय अनि दुर्गति भय ।

***

श्रुतवान, अर्हत (क्षीणाश्रवी), उद्देश्य पूर्ण भएका, कृतकृत्य, भारवहन गर्न नपर्ने, सदार्थ प्राप्त गरेका, भव-संयोजन विनष्ट भएका, सम्यकरूपले प्रज्ञाद्वारा विमुक्त भएकाले नौ प्रकारका कर्म गर्नु भनेको असम्भव हुन्छ । क्षीणाश्रवी भिक्षुले जानी-बुझी प्राणी हिंसा गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले चोरी कार्य गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले मैथुन कार्य गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जानी-बुझी झूटो बोल्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जोड्न-बटुल्नमा लागेर काम भोगी हुनु असम्भव हो, जस्तै कि पहिले गृहस्थ हुँदा । क्षीणाश्रवी भिक्षु छन्दागतिमा जानु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षु द्वेषागति-मा जानु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षु मोहागतिमा जानु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षु भयागतिमा जानु भनेको असम्भव हो ।

***

नौप्रकारका व्यक्तिहरू– अर्हत, अर्हत फल साक्षात्कार गर्न मार्गमा लाग्ने; अनागामि, अनागामि फल साक्षात्कार गर्न मार्गमा लाग्ने; सकृदागामि, सकृ-दागामि फल साक्षात्कार गर्न मार्गमा लाग्ने; श्रोतापन्न, श्रोतापन्न फल साक्षा-त्कार गर्न मार्गमा लाग्ने अनि पृथकजन । भिक्षुहो ! यी नौ प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

***

नौप्रकारका व्यक्तिहरू आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, हात जोडेर नमस्कार गर्न योग्य अनि लोकको निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन्– अर्हत, अर्हत फल साक्षात्कार गर्न मार्गमा लाग्ने; अनागामि, अनागामि फल साक्षात्कार गर्न मार्गमा लाग्ने; सकृदागामि, सकृदागामि फल साक्षात्कार गर्न मार्गमा लाग्ने; श्रोतापन्न, श्रोतापन्न फल साक्षात्कार गर्न मार्गमा लाग्ने अनि गोत्रभू (श्रोतापन्न मार्गको अनन्तर प्रत्ययको फल स्वरूप शिक्षा प्राप्त गरी उग्र विपश्यना चित्तले युक्त) ।



Downloaded from http://dhamma.digital

सीहनाद सूत्रमा सारिपुत्र भन्तेले भगवानलाई भन्नुहुन्छ– भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही ब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला । यही कथनलाई स्पष्ट पार्न विभिन्न उपमा दिँदै सीहनाद गर्नुभएको कथन आदर्शमय छ ।

***

नौ प्रकारका व्यक्तिहरू छन् जो उपादिशेष रहँदा पनि नरकमा उत्पन्न हुनुबाट मुक्त हुन्छ, पशु योनिमा उत्पन्न हुनुबाट मुक्त हुन्छ, प्रेत योनिमा उत्पन्न हुनुबाट मुक्त हुन्छ तथा अपाय दुर्गतिमा उत्पन्न हुनबाट मुक्त हुन्छ । यसबारेमा भगवान बुद्धबाट सारिपुत्रलाई धर्मदेशना गर्नुभएको सउपादिसेस सूत्र महत्व पूर्ण छ ।

***

कोट्ठिक भन्तेले सारिपुत्र भन्तेसँग प्रश्न गर्दा दिनुभएको उत्तर कोट्ठिक सूत्र पनि मनन योग्य छ ।

***

प्रश्नकर्ता सारिपुत्त भन्तेज्यू अनि समिद्धि भन्तेज्यूको उत्तर– व्यक्तिको मनमा जुन सङ्कल्प-विकल्प उत्पन्न हुन्छ त्यसको आरम्मण के हो ? त्यसको आरम्मण नामरूप हो ।" कुन नानात्वमा जान्छ ?" धातुमा ।" त्यो (सङ्कल्प-विकल्प) कसरी उत्पन्न हुन्छ ? स्पर्श हुँदा त्यो (सङ्कल्प-विकल्प) उत्पन्न हुन्छ । त्यो एकत्रित कहाँ हुन्छ ? वेदनामा एकत्रित हुन्छ । त्यसको प्रमुख स्थान के हो ? त्यसको प्रमुख स्थान समाधि हो । यसको अधिपति को ? यसको अधिपति स्मृति ।" यो भन्दा श्रेष्ठ के ? यो भन्दा श्रेष्ठ प्रज्ञा । यसको सार के ? यसको सार विमुक्ति । यो केमा निमग्न छ ? यो अमृतमा निमग्न छ ।

***

खटिरा भनेको नै यी चार महाभूतले निर्मित भएको, माता-पिताबाट जन्मेको अनि खानपानमा निर्भर भएको यो शरीरको पर्याय हो । जुन स्वभावले नै



Downloaded from http://dhamma.digital

अनित्य हो, सुगन्धित लेप लाउनु पर्छ, मालिश गर्नु पर्छ, खण्डित हुन्छ अनि विनष्ट हुन्छ । त्यस खटिरामा नौ द्वार हुनाले फुटाल्न वा थिच्न नहुने हुन्छ । त्यसबाट जतिपनि बग्छ असुची नै बग्छ, दुर्गन्धित नै बग्छ तथा घृणित नै बग्छ । जति पनि जम्छ असुची नै जम्छ, दुर्गन्धित नै जम्छ तथा घृणित नै जम्छ । त्यसैले यस शरीरप्रति विरक्तिनु पर्छ ।

***

अशुभ संज्ञा, मरण संज्ञा, आहारमा प्रतिकूल संज्ञा, समस्त लोकप्रति विरति संज्ञा, अनित्य संज्ञा, अनित्यमा दु:ख संज्ञा, दु:खमा अनात्मा संज्ञा, प्रहाण संज्ञा र विराग संज्ञा । यी नौ प्रकारका संज्ञाको भावना गर्दा अनि वृद्धि गर्दा महत्फल, महाशुभपरिणामी, अमृतप्राप्ति तथा अमृतमा नै अन्त हुन्छ ।"

***

नौ अङ्गले सम्पन्न भएका गृहस्थको घरमा जाने गरेको छैन भने नजानु, जाने गरेको छ भने नबस्नु । श्रद्धासहित उठेर स्वागत गर्दैन, श्रद्धासहित अभिवादन गर्दैन, आदरपूर्वक आसन दिदैन, घरमा भएको लुकाउँछ, धेरै भएतापनि थोरै मात्र दिन्छ, असलखालको रहँदा पनि कमसल दिन्छ, सत्कारपूर्वक दिदैन, धर्म श्रवण गर्न बस्दैन अनि जुन भनिन्छ त्यसलाई धर्मपूर्वक सुन्दैन ।

***

Dhamma.Digital

नौ अङ्गले सम्पन्न भएका गृहस्थको घरमा जाने गरेको छैन भने जानु, जाने गरेको छ भने बस्नुपर्छ । श्रद्धासहित उठेर स्वागत गर्छ, श्रद्धासहित अभिवादन गर्छ, आदरपूर्वक आसन दिन्छ, घरमा भएको लुकाउँदैन, धेरै भएमा धेरै दिन्छ, असलखालको छ भने असलखालको दिन्छ, सत्कारपूर्वक दिन्छ, धर्म श्रवण गर्न बस्छ अनि जुन भनिन्छ त्यसलाई धर्मपूर्वक सुन्छ ।

नौ विषय तृष्णा मूल हुन्– तृष्णाले गर्दा खोजी गर्छ, खोजीगर्दा प्राप्त हुन्छ, प्राप्त हुँदा विनिश्चय हुन्छ, विनिश्चय हुँदा आशक्ति हुन्छ, आशक्ति हुँदा ममत्व हुन्छ, ममत्व हुँदा परिग्रह हुन्छ, परिग्रह हुँदा मात्सर्य हुन्छ, मात्सर्य हुँदा सुरक्षा गर्छ, सुरक्षा गर्दा तानातान, लाठीमुङ्ग्री, शस्त्र प्रयोग, कलह, विग्रह, विवाद,

Downloaded from http://dhamma.digital

तँतँ र मम, चुक्ली-चाक्ली, झूटमूट अनि अन्य धैरै नराम्रा कुराहरूको श्रुजना हुन्छ।

***

नौ कारणले गर्दा वैरभाव शान्त हुन्छ। 'उसले मलाई अनर्थ गऱ्यो' (भन्ने सोचलाई हटाएमा) मलाई अनर्थ नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ, 'अनर्थ गरिरहेको छ' मलाई अनर्थ नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ अनि 'अनर्थ गर्नेछन्' अनर्थ नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ, 'मेरो मनपर्ने प्रियलाई अनर्थ गऱ्यो'..., 'अनर्थ गरिरहेको छ'..., 'अनर्थ गर्नेछन्' अनर्थ नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ, मलाई मन नपर्ने अप्रियलाई उपकार गऱ्यो'... उपकार गरिरहेको छ.... अनि 'उपकार गर्नेछन्' उपकार नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ।

***

नौ विषय क्रमशः निरुद्ध हुँदै जाने– प्रथमध्यान लाभीको कामसंज्ञा निरुद्ध हुन्छ, दुतियध्यान लाभीको वितर्क-विचार निरुद्ध हुन्छ, तृतीय ध्यान लाभीको प्रीति निरुद्ध हुन्छ, चतुर्थध्यान लाभीको आश्वास-प्रश्वास निरुद्ध हुन्छ, आकासानञ्चायतन' लाभीको रूपसंज्ञा निरुद्ध हुन्छ, 'विञ्ञाणञ्चायतन' लाभीको 'आकासानञ्चायतन' संज्ञा निरुद्ध हुन्छ,आकिञ्चञ्ञायतन' लाभीको 'विञ्ञाणञ्चायतन' संज्ञा निरोध हुन्छ, 'नेवसञ्ञानसञ्ञायतन' लाभीको 'आकिञ्चञ्ञायतन' निरोध हुन्छ, 'संज्ञा-वेदयितनिरोध' लाभीको संज्ञा तथा वेदना निरोध हुन्छ।

***

जुन समय भिक्षुले प्रथमध्यान, दुतियध्यान, तृतियध्यान, चतुर्थध्यान लाभ गर्छ तब उसलाई यस्तो हुन्छ– 'अब मलाई कुनै डर छैन अनि मारले केही गर्न सक्दैन। भिक्षुहो! मारको मनमा पनि यस्तो हुन्छ– 'अब भिक्षु निर्धक्क भई बस्नेछ। हामीले केही गर्न सक्दैनौ। जुन समय भिक्षुले समस्त रूपसंज्ञा समतिक्रम गरी प्रतिघसंज्ञालाई अस्त गरी नानात्वसंज्ञालाई मनमा नलिई 'आकाश अनन्त' छ, भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ। त्यस समय भिक्षुले



Downloaded from http://dhamma.digital

मारलाई अन्त गरी दियो, पापी मारको पाउरहित गरी दियो, चक्षुविहिन गरी दियो अनि लोकको आसक्तिबाट पार भए । समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त छ' भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ.... समस्त 'विञ्ञानञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्च-ञ्ञायतन' लाभ गरी बस्छ..... समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ..... समस्त 'नेवसञ्ञानासञ्ञायतन'समतिक्रम गरी 'सञ्ञावेदयित निरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा हेरी सबै आश्रवहरू क्षय गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षुले मारलाई अन्त गरी दियो, पापी मारको पाउरहित गरी दियो, चक्षुविहिन गरी दियो अनि लोकको आसक्तिबाट पार भए ।

***

जबसम्म नौप्रकारका समापत्तिमा क्रमानुसार बसेको थिइन अनि अनुलोम-प्रतिलोम गरी म समापत्तिबाट उठिन तबसम्म मैले आनन्द ! सदेवलोक, समारलोक, सब्रह्मलोक, सश्रमण-ब्राह्मण, सदेवमनुष्यसहित प्रजाजनमा 'अनुपम सम्यकसम्बोधि प्राप्त गरें' भनी घोषणा गरिन । जब मैले यी नौप्रकारका समापत्तिमा क्रमानुसार बसें अनि अनुलोम-प्रतिलोम गरी समापत्तिबाट उठें तब मैले आनन्द ! सदेवलोक, समारलोक, सब्रह्मलोक, सश्रमण-ब्राह्मण र सदेवमनुष्यसहित प्रजाजनमा 'अनुपम सम्यकसम्बोधि' प्राप्त गरें भनी घोषणा गरें । ममा ज्ञानोत्पत्ति भएको देखें– 'मेरो चित्त निश्चलताकासाथ विमुक्त भयो, यो अन्तिम जन्म हो, अब पुनः जन्मिनु नपर्ने भएँ भनी आनन्द भन्तेलाई सम्यकसम्बुद्ध ले भन्नुभएको ती नौप्रकारका के-के हुन् भन्ने बुझाउन तपस्सु सूत्रमा वर्णन भएको पाइन्छ ।

***

सामञ्ञवग्गोमा रहेको (१) सम्बाधसुत्तं देखि क्रमशः (१०) दिट्ठधम्म निब्बानसुत्तं र खेमवग्गोमा रहेको खेमसुत्तं (१) देखि क्रमशः अनुपुब्ब निरोधसुत्तं (१०) सम्म सूत्रको नाउँ भिन्नाभिन्नै छ तर ज्ञानदर्शनको निम्ति प्रायः समाननै छन् । जस्तै कि– यहाँ भिक्षुले काम-भोगविषयबाट अलगिगएर..... प्रथम ध्यान लाभ गरी बस्छ । यसरी नै..... भिक्षुले प्रीतिबाट विरागिएर स्मृति, सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान् र सुखकासाथ तृतीयध्यान..... भिक्षुले सुखलाई पनि त्यागेर, दुःखलाई पनि त्यागेर प्रहिले नै सौमनस्य र दौर्मनस्य

Downloaded from http://dhamma.digital

नरहने गरी अदु::ख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ..... । साथसथै यहाँ भिक्षुले समस्तरूप संज्ञा समतिक्रम गरी 'प्रतिघ संज्ञा' अस्त गरी नानात्व संज्ञा मनमा नलिई 'आकाश अनन्त' छ भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ । समस्त 'आकाससनञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त' छ भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ । समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ । समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ । 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्तिद्वारा आश्रव क्षय गर्छ । यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई 'क्रमशः निरोध' भनी भन्नुभयो ।

***

राग, द्वेष, मोह, क्रोध, उपनाह, म्रक्ष, पलाश, ईर्ष्या र मात्सर्यबाट नअलगिगएमा अर्हत्व साक्षात्कार गर्न सक्दैन । उक्त नौ विषयबाट अलगिगएमा अर्हत्व साक्षात्कार गर्न सक्छ ।

***

हिंसा-चोरी-व्यभिचार-झूट र नशालू पदार्थसम्बन्धी दुर्बलता हटाउन चार स्मृति प्रस्थानको अभ्यास गर्नुपर्छ– कायप्रति कायानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ । वेदनाप्रति वेदनानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई लोकप्रति राग र द्वेषरहित भई बस्छ । चित्तप्रति चित्तानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ । धर्मप्रति धर्मानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ ।

***

कामच्छन्द नीवरण, व्यापाद नीवरण, थीनमिद्ध नीवरण, उद्धत्य-कौकृत्य नीवरण अनि विचिकिच्छा निवरण हटाउन..... द्वेषरहित भई बस्छ ।



Downloaded from http://dhamma.digital

चक्षु विज्ञान विषयको रूप, श्रोत विज्ञान विषयको शब्द, घ्राण विज्ञान विषयको गन्ध जिव्हा विज्ञान विषयको रस, काय विज्ञान विषयको स्पर्श जुन अनुकूल, सुन्दर, राम्रो लाग्ने, प्रिय लाग्ने तथा काम-भोगप्रति अनुरक्त हुनबाट हटाउन.... द्वेषरहित भई बस्छ ।

***

रूप उपादानस्कन्ध, वेदना उपादानकन्ध, संज्ञा उपादानस्कन्ध, संस्कार उपादानस्कन्ध र विज्ञान उपादानस्कन्धबाट हटाउन..... द्वेषरहित भई बस्छ ।

***

पतनतिर लाने सत्कायदृष्टि-विचिकिच्छा-शीलव्रतपरामर्श-कामच्छन्द र व्यापाद यी पाँच संयोजन हटाउन..... द्वेषरहित भई बस्छ ।

***

नरक-तिर्यक-प्रेत-मनुष्य र देव गतिबाट हटाउन..... द्वेषरहित भई बस्छ । आवास-कुल-लाभ-वर्ण-धर्म मात्सर्यबाट हटाउन..... द्वेषरहित भई बस्छ ।

***

रूप-अरूप-मान-औद्धत्य-अविद्याको सूक्ष्मतम संयोजन हटाउन..... द्वेष-रहित भई बस्छ ।

***

(१)कामभोगप्रति (२) शरीरप्रति (३) रूपप्रति रागरहित नहुँदा, इच्छारहित नहुँदा, प्रेम रहित नहुँदा, प्यासरहित नहुँदा, जलनरहित नहुँदा र तृष्णारहित नहुँदा, (४) पेट भरी खाई शयन सुख, स्पर्श सुख, तन्द्रा सुखमा मजा लिने हुँदा अनि (५) देवलोकमा उत्पन्न हुन व्रत तथा तप गर्ने हुँदा उसको चित्त प्रयत्न गर्नमा



Downloaded from http://dhamma.digital

लाग्दैन, योगाभ्यास गर्नमा निरन्तर लाग्दैन तथा साधनामा लाग्दैन । यी पाँच चित्त बन्धन हटाउन..... द्वेषरहित भई बस्छ

***

अन्तको रागपेय्यालंमा– राग..... द्वेष..... मोह..... क्रोध..... वैर..... म्रक्ष..... प्रदास..... ईर्ष्या..... कन्जूस..... माया..... शठ..... जडता..... कलह..... मान..... अतिमान..... मद..... प्रमाद..... अभिज्ञात..... परिज्ञात..... विहीन..... प्रहाण..... क्षय..... व्यय..... विराग..... निरोध..... त्याग..... परित्याग..... यी नै नौ प्रकारका धर्ममा अभ्यास गर्नुपर्छ । अभिज्ञात गर्न नौ प्रकारका धर्म अभ्यास गर्नुपर्छ– प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान, चतुर्थध्यान, आकासानञ्चायतन, विञ्ञाणञ्चायतन, आकिञ्चञ्ञायतन, नेवसञ्ञानासञ्ञायतन र सञ्ञावेदयितनिरोध सञ्ञा ।

***

यसमा रहेका केही नबुझ्ने शब्दहरू बुझ्नको निम्ति कोष्ठ भित्र राखिदिए-को छु अनि केही पाद टिप्पणीको रूपमा कालो धर्कामुनि पनि छ । .... यस्ता थो-प्लाहरू आएमा माथिका शब्दहरू नै दोहरिएको भनी बुझौं । सूत्रको शीर्षक, ठाउँ-कोनाउँ र व्यक्तिको नाउँ पालिअनुसार नै राखेको छु । यसमा भूल वा त्रुति त नहोला भन्न सकिँदैन । पाठकवर्गले यदि यसमा भूल वा त्रुति पाइएमा मौखिक वा पत्रद्वारा म अनुवादकसमक्ष सूचित गरिदिनु भएमा आभरी हुनेछु ।

कम्प्युटरमा समस्याहरू आउँदा समस्या हटाउन गाह्रो नमानि आउनु हुने आयुष्मान राहुल महास्थविर, बुद्धरत्न मानन्धर साथै सश्रद्धासहित विहारमै आई प्रूफ हेरी दिनुकासाथै यस धर्मग्रन्थ सम्बन्धमा दुई शब्द लेखि दिनुहुने निवर्तमान् उप-निर्देशक, पाठ्क्रम विकास केन्द्र सानोठिमी र चैतन्य बहुमुखी क्याम्पस, बनेपाका प्राध्यापक उपासक हरिशंखर मानन्धरज्यूलाई पनि सहर्ष धन्यवाद ।

**"चिरं तिट्ठतु सद्धम्मो लोक होतु सुखी सदा"**

भिक्षु बोधिसेन महास्थविर

बोधिचर्या विहार, बनेपा- ६, काभ्रे
फों. नं ०११-६६१-७८९
मों नं ९८४१४८८३३०
२०६८/८/१५



Downloaded from http://dhamma.digital

# अङ्गुत्तरनिकाय
## (अट्ठक र नवक निपात)

## सूची


| क्र.सं. | विषय | पृ. सं. | क्र.सं. | विषय | पृ. सं. |
|---|---|---|---|---|---|
| १ | **अट्ठकनिपात** | १ | ७ | पठमबन्धनसुत्तं | ३३ |
| १ | **पठमपण्णासकं** | १ | ८ | दुतियबन्धनसुत्तं | ३७ |
| १ | **मेत्तावग्गो** | १ | ९ | पहारादसुत्तं | ३७ |
| १ | मेत्तासुत्तं | १ | १० | उपोसथसुत्तं | ३८ |
| २ | पञ्ञासुत्तं | ६ | ३ | **गहपतिवग्गो** | ३८ |
| ३ | पठमअप्पियसुत्तं | ७ | १ | पठमउग्गसुत्तं | ३९ |
| ४ | दुतियअप्पियसुत्तं | ७ | २ | दुतियउग्गसुत्तं | ४३ |
| ५ | पठमलोकधम्मसुत्तं | ८ | ३ | पठमहत्थकसुत्तं | ४७ |
| ६ | दुतियलोकधम्मसुत्तं | ८ | ४ | दुतियहत्थकसुत्तं | ४७ |
| ७ | देवदत्तविपत्तिसुत्तं | १२ | ५ | महानामसुत्तं | ४९ |
| ८ | उत्तरविपत्तिसुत्तं | १५ | ६ | जीवकसुत्तं | ५२ |
| ९ | नन्दसुत्तं | १६ | ७ | पठमबलसुत्तं | ५४ |
| १० | कारण्डवसुत्तं | १६ | ८ | दुतियबलसुत्तं | ५५ |
| २ | **महावग्गो** | २० | ९ | अक्खणसुत्तं | ५९ |
| १ | वेरञ्जसुत्तं | २० | १० | अनुरुद्धमहावितक्कसुत्तं | ६२ |
| २ | सीहसुत्तं | २५ | ४ | **दानवग्गो** | ६९ |
| ३ | अस्सजानीयसुत्तं | ३३ | १ | पठमदानसुत्तं | ६९ |
| ४ | अस्सखलुङ्कसुत्तं | पृ. नं. | २ | दुतियदानसुत्तं | ६९ |
| ५ | मलसुत्तं | १ | ३ | दानवत्थुसुत्तं | ६९ |
| ६ | दूतेय्यसुत्तं | १ | ४ | खेत्तसुत्तं | ६९ |


Downloaded from http://dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | द्यानूपपत्तिसुत्तं | ७२ | १० | दुतियपुग्गलसुत्तं | ११८ |
| ६ | पुञ्ञकिरियवत्थुसुत्तं | ७३ | **७** | **भूमिचालवग्गो** | १२० |
| ७ | सप्पुरिसदानसुत्तं | ७५ | १ | इच्छासुत्तं | १२० |
| ८ | सप्पुरिससुत्तं | ७६ | २ | अलंसुत्तं | १२२ |
| ९ | अभिसन्दसुत्तं | ७७ | ३ | संखित्तसुत्तं | १२४ |
| १० | दुच्चरितविपाकसुत्तं | ७८ | ४ | गयासीससुत्तं | १२६ |
| **५** | **उपोसथवग्गो** | ८० | ५ | अभिभायतनसुत्तं | १२९ |
| १ | सङ्खित्तूपोसथसुत्तं | ८० | ६ | विमोक्खसुत्तं | १३० |
| २ | वित्थतूपोसथसुत्तं | ८२ | ७ | अनरियवोहारसुत्तं | १३० |
| ३ | विसाखासुत्तं | ८५ | ८ | अरियवोहारसुत्तं | १३१ |
| ४ | वसेट्ठसुत्तं | ८८ | ९ | परिसासुत्तं | १३१ |
| ५ | बोज्झसुत्तं | ८९ | १० | भूमिचालसुत्तं | १३२ |
| ६ | अनुरुद्धसुत्तं | ९२ | **८** | **यमकवग्गो** | १३७ |
| ७ | दुतियविसाखासुत्तं | ९५ | १ | पठमसद्धासुत्तं | १३७ |
| ८ | नकुलमातासुत्तं | ९६ | २ | दुतियसद्धासुत्तं | १३८ |
| ९ | पठमइधलोकसुत्तं | ९८ | ३ | पठममरणस्सतिसुत्त | १३९ |
| १० | दुतिय इधलोकसुत्तं | १०० | ४ | दुतियमरणस्सतिसुत्तं | १४१ |
| **६** | **गोतमिवग्गो** | १०३ | ५ | पठमसम्पदासुत्तं | १४३ |
| १ | गोतमिसुत्तं | १०३ | ६ | दुतियसम्पदासुत्तं | १४४ |
| २ | ओवादसुत्तं | १०६ | ७ | इच्छासुत्तं | १४६ |
| ३ | संखित्तसुत्तं | १०६ | ८ | अलंसुत्तं | १४८ |
| ४ | दीघजानुसुत्तं | १०९ | ९ | परिहानसुत्तं | १५० |
| ५ | उज्जयसुत्तं | ११३ | १० | कुसीतारम्भसुत्तं | १५० |
| ६ | भयसुत्तं | ११६ | **९** | **सतिवग्गो** | १५४ |
| ७ | पठमआहुनेय्यसुत्तं | ११७ | १ | सतिसम्पजञ्ञसुत्तं | १५४ |
| ८ | दुतियआहुनेय्यसुत्तं | ११७ | २ | पुण्णियसुत्तं | १५५ |
| ९ | पठमपुग्गलसुत्तं | ११७ | ३ | मूलकसुत्तं | १५५ |


Dhamma.Digital

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ४ | चोरसुत्तं | १५६ |
| ५ | समणसुत्तं | १५६ |
| ६ | यससुत्तं | १५७ |
| ७ | पत्तनिकुज्जसुत्तं | १२८ |
| ८ | अम्पसादवेदनीयसुत्तं | १२८ |
| ९ | पतिसारणीयसुत्तं | १६२ |
| १० | सम्मावत्तनसुत्तं | १६२ |
| **१०** | **सामञ्ञवग्गो** | १६३ |
| **११** | **रागपेय्यालं** | १६४ |
| | **नवकनिपात** | १६६ |
| **१** | **सम्बोधिवग्गो** | १६६ |
| १ | सम्बोधिसुत्तं | १६६ |
| २ | निस्सयसुत्तं | १६८ |
| ३ | मेघियसुत्तं | १६९ |
| ४ | नन्दकसुत्तं | १७२ |
| ५ | बलसुत्तं | १७५ |
| ६ | सेवनासुत्तं | १७७ |
| ७ | सुतवासुत्तं | १८० |
| ८ | सज्झुत्तं | १८८ |
| ९ | पुग्गलसुत्तं | १८२ |
| १० | आहुनेय्यसुत्तं | १८२ |
| **२** | **सीहनादवग्गो** | १३९ |
| १ | सीहनादसुत्तं | १८४ |
| २ | सउपादिसेससुत्तं | १८७ |
| ३ | कोट्ठिकसुत्तं | १९० |
| ४ | समिद्धिसुत्तं | १९३ |
| ५ | गण्डसुत्तं | १९४ |
| ६ | सञ्ञासुत्तं | १९४ |
| ७ | कुलसुत्तं | १९४ |
| ८ | नवङ्गुपोसथसुत्तं | १९५ |
| ९ | देवतासुत्तं | १९६ |
| १० | वेलामसुत्तं | १९७ |
| **३** | **सत्तावासवग्गो** | २०० |
| १ | तिठानसुत्तं | २०० |
| २ | अस्सखलुङ्कसुत्तं | २०० |
| ३ | तण्हामूलकसुत्तं | २०३ |
| ४ | सत्तावासुत्तं | २०३ |
| ५ | पञ्ञासुत्तं | २०४ |
| ६ | सलायूपमसुत्तं | २०५ |
| ७ | पठमवेरसुत्तं | २०७ |
| ८ | दुतियवेरसुत्तं | २०९ |
| ९. | आघातवत्थुसुत्तं | २१० |
| १० | आघातपतिविनयसुत्तं | २१० |
| ११ | अनुपुब्बनिरोधसुत्तं | २११ |
| **४** | **महावग्गो** | २१२ |
| १ | अनुपुब्बविहारसुत्तं | २१२ |
| २ | अनुपुब्बविहारसमापत्ति सुत्तं | २१२ |
| ३ | निब्बानसुत्तं | २१५ |
| ४ | गावीउपमसुत्तं | २१८ |
| ५ | झानसुत्तं | २२२ |
| ६ | आनन्दसुत्तं | २२६ |
| ७ | लोकायतिसुत्तं | २२८ |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ८ | देवासुरसङ्गामसुत्तं | २३० |
| ९ | नागसुत्तं | २३२ |
| १० | तपुस्ससुत्तं | २३२ |
| **५** | **सामञ्ञवग्गो** | २४३ |
| १ | सम्बाधसुत्तं | २४३ |
| २ | कायसक्खिसुत्तं | २४५ |
| ३ | पञ्ञाविमुत्तसुत्तं | २४६ |
| ४ | उभतोभागविमुत्तसुत्तं | २४६ |
| ५ | सन्दिट्ठिकधम्मसुत्तं | २४७ |
| ६ | सन्दिट्ठिकनिब्बानसुत्तं | २४७ |
| ७ | निब्बानसुत्तं | २४८ |
| ८ | परिनिब्बाणसुत्तं | २४८ |
| ९ | तदङ्गनिब्बानसुत्तं | २४८ |
| १० | दिट्ठधम्मनिब्बानसुत्तं | २४८ |
| **२** | **दुतियपण्णासकं** | |
| **६** | **खेमवग्गो** | २५० |
| १ | खेमसुत्तं | २५० |
| २ | खेमप्पत्तसुत्तं | २५० |
| ३ | अमतसुत्तं | २५० |
| ४ | अमतप्पसुत्तं | २५० |
| ५ | अभयसुत्तं | २५० |
| ६ | अभयप्पत्तसुत्तं | २५१ |
| **७** | **सतिपट्ठानवग्गो** | २५३ |
| १ | सिक्खादुब्बल्यसुत्तं | २५३ |
| २ | नीवरणसुत्तं | २५४ |
| ३ | कामगुणसुत्त | २५४ |
| ४ | उपादानक्खन्धसुत्तं | २५४ |
| ५ | ओरम्भागियसुत्तं | २५४ |
| ६ | गनिसुत्तं | २५४ |
| ७ | मच्छरियसुत्तं | २५५ |
| ८ | उद्धम्भागियसुत्तं | २५५ |
| ९ | चेतोखिलसुत्तं | २५५ |
| १० | चेतसोविनिबन्धसुत्तं | २५६ |
| **८** | **सम्मप्पधानवग्गो** | २५८ |
| १ | सिक्खसुत्तं | २५८ |
| १० | चेतसोविनिबन्धसुत्तं | २५८ |
| **९** | **इद्धिपादवग्गो** | २६० |
| १ | सिक्खसुत्तं | २६० |
| १० | चेतसोविनिबन्धसुत्तं | २६० |
| **१०** | **रागपेय्यालं** | २६१ |


Dhamma.Digital

Downloaded from http://dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# अङ्गुत्तरनिकाय

# ८. अट्ठकनिपात

## १.पठमपण्णासकं

### १. मेत्तावग्गो

#### १. मेत्तासुत्तं

१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु हुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई "भिक्षुहो !" भनी सम्बोधन गर्नुभयो । भिक्षुहरूले पनि "भद्दन्त !" भनी प्रतिवचन दिनुभयो । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! कसैले यदि चित्त-विमुक्त हुने मैत्री भावनाको सेवन गर्छ, भावित गर्छ, वृद्धि गर्छ, अभ्यास गर्छ, आधारित हुन्छ, अनुष्ठित गर्छ, परिचित हुन्छ अनि सु-सुद्धित हुन्छ भने आठ प्रकारका सुपरिणाम हुने आशा गर्न सकिन्छ । ती आठ के के हुन् ? सुखकासाथ सुत्न सकिन्छ, सुखकासाथ ब्यूँझन सकिन्छ, नराम्रो सपना नदेख्ने हुन्छ, मनुष्यको प्रिय हुन्छ, अमनुष्यको प्रिय हुन्छ, देवताले रक्षा गर्छ, अग्नि-विष-शस्त्रद्वारा हानि पुऱ्याउन सक्दैन, उत्तमतालाई प्राप्त गर्न नसकेता पनि ब्रह्मलोकमा उत्पन्न हुनेछन् । भिक्षुहो ! चित्त-विमुक्त हुने मैत्री भावनालाई सेवन गर्दा, भावित गर्दा, वृद्धि गर्दा, अभ्यास गर्दा, आधारित हुँदा, अनुष्ठित हुँदा, परिचित हुँदा, सु-सुद्धित हुँदा, यी नै आठ प्रकारका सुपरिणाम हुने आशा गर्न सकिन्छ ।

"यो च मेत्तं भावयति, अप्पमाणं पटिस्सतो ।
तनू संयोजना होन्ति, पस्सतो उपधिक्खयं ॥

Downloaded from http://dhamma.digital

"स्मृतिवान भइकन जसले असीम मैत्री-भावना गर्छ, उसको संयोजन तथा चित्तको मैल (उपक्लेश) क्षय हुन्छ।

**"एकम्पि चे पाणमदुट्ठचित्तो, मेत्तायति कुसली तेन होति।**
**सब्बे च पाणे मनसानुकम्पी, पहूतमरियो पकरोति पुञ्ञं॥**

"यदि द्वेषरहित चित्तले कोही एक प्राणीप्रति मैत्री-भावले युक्त हुन्छ भने उसको निम्ति यो पुण्य कर्म हुन्छ। यदि समस्त प्राणीप्रति कसैले मैत्री-भावले युक्त हुन्छ भने त्यो आर्यले धेरै नै पुण्य लाभ गर्नेछ।

**"ये सत्तसण्डं पथविं विजेत्वा, राजिसयो यजमाना अनुपरियगा।**
**अस्समेधं पुरिसमेधं, सम्मापासं वाजपेय्यं निरग्गलं॥**

**"मेत्तस्स चित्तस्स सुभावितस्स, कलम्पि ते नानुभवन्ति सोलसिं।**
**चन्दप्पभा तारगणाव सब्बे, यथा न अग्घन्ति कलम्पि सोलसिं॥**

"जसले सप्तखण्ड भएको पृथ्वीलाई जितेर अश्वमेध, पुरुषमेध, सम्यक-पाश, वाजपेय्य तथा निरर्गल यज्ञ गर्छ, उसले त्यसद्वारा पाउने सोह्र भागको एक भाग पनि प्रतिफल प्राप्त गर्न सक्दैन। तर राम्रोसँग मैत्री-भावना गर्नेले पाएको हुन्छ। जस्तो कि सारा तारालाई एकत्र गरिएता पनि चन्द्र-प्रकाशको तुलनामा सोह्र भागको एक भाग पनि हुनेछैन।

**"यो न हन्ति न घातेति, न जिनाति न जापये।**
**मेत्तंसो सब्बभूतानं, वेरं तस्स न केनची"ति॥**

"जसले न त कसैलाई घात गर्छ, न त कसैद्वारा घात गराउँछ, न त कसैप्रति हानि पुऱ्याउँछ अनि न त कसैद्वारा हानि पुऱ्याउने हुन्छ, उसले नै समस्त प्राणी-प्रति मैत्री-भावना गरेको हुन्छ। त्यसैले उसको कोही वैरी हुँदैन।"

### २. पञ्ञासुत्तं

२. "भिक्षुहो! यी आठ कारणले वा आठ हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ। ती आठ के-के हुन्? भिक्षुहो! यहाँ जो



Downloaded from http://dhamma.digital

भिक्षु शास्ता अथवा आफ्नो कोही गौरवनीय सब्रह्मचारीसँग रहँदा जोसँग तीव्र लज्जा र भय हुन्छ, प्रेम अनि आदरको भाव हुन्छ । भिक्षुहो ! यो नै पहिलो कारण वा पहिलो हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ ।

"शास्ता अथवा आफ्ना कोही गौरवनीय सब्रह्मचारीसँग रहँदा जोसँग तीव्र लज्जा र भय हुन्छ, प्रेम र आदर गर्ने भावको भई समय समयमा प्रश्न गरी शङ्काको समाधान गर्ने हुन्छ– 'भन्ते ! यो भनेको के, यस्को अर्थ के हो ?' उसलाई अस्पष्ट भएमा स्पष्ट गरी दिन्छ, छोपिएकोलाई उघारी दिन्छ तथा धर्म-विषयमा रहेको शङ्कालाई समाधान गरीदिन्छ । भिक्षुहो ! यो दोस्रो कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ ।

"उसले त्यस धर्मलाई सुनेर दुवैबाट ग्रहण गर्ने हुन्छ– शरीरबाट पनि अनि मनबाट पनि । भिक्षुहो ! यो तेस्रो कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ ।

"शीलवान हुन्छ, प्रातिमोक्ष-संवरमा संवरित हुन्छ, आचार-गोचरमा योग्यताको ज्ञान हुन्छ, अणुमात्रको दोषमा पनि भय-दर्शी हुन्छ, शिक्षापदहरू राम्रोसँग पालन गर्ने हुन्छ । भिक्षुहो ! यो चौथो कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ ।

"बहुश्रुत हुन्छ, श्रुतधर हुन्छ, सुनिएकोलाई सङ्ग्रह गर्ने हुन्छ । जुन ती धर्महरू आदि-कल्याण, मध्य-कल्याण अनि अन्त-कल्याणको निम्ति हुन्छ । सार्थक, व्यञ्जनसहित सम्पूर्णरूपले ब्रह्मचर्यलाई प्रकाश पार्ने हुन्छ । त्यसप्रकारको धर्महरूमा बहुश्रुत हुन्छ, धारण गर्ने हुन्छ, वाणीद्वारा सुपरिचित हुन्छ, मनद्वारा सुपरिक्षित हुन्छ अनि प्रज्ञाद्वारा सम्यकरूपले सुज्ञाता हुन्छ । भिक्षुहो ! यो पाँचौ कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ ।

Downloaded from http://dhamma.digital

"अकुशल धर्म हटाउन कुशल धर्म वृद्धि गर्न, प्रयत्नवान भई बस्छ, स्तम्भ सरह हुन्छ, दृढपराक्रमी हुन्छ र कुशल धर्म वहन गर्न सामर्थ्यवान हुन्छ । भिक्षुहो ! यो छैटौ कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ ।

"संघमा सम्मिलित हुँदा नानाप्रकारका कुराहरूमा नलाग्ने हुन्छ र व्यर्थका कुराहरू नगर्ने हुन्छ । आफू स्वयम्ले धर्मको अध्ययन गर्ने हुन्छ वा अरूलाई धर्म पढाउने हुन्छ वा आर्य-मौन भई बस्ने हुन्छ । भिक्षुहो ! यो सातौ कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ ।

"पञ्च उपादानस्कन्धको उत्पत्ति र विनाशानुदर्शी हुन्छ- 'यो रूप हो, यो रूपको उत्पत्ति हो र यो रूप पनि विनष्ट भएर जान्छ । यो वेदना हो, यो वेदनाको उत्पत्ति हो र यो वेदना पनि विनष्ट भएर जान्छ । यो संज्ञा हो, यो संज्ञाको उत्पत्ति हो र यो संज्ञा पनि विनष्ट भएर जान्छ । यो संस्कार हो, यो संस्कारको उत्पत्ति हो र यो संस्कार पनि विनष्ट भएर जान्छ । यो विज्ञान हो, यो विज्ञानको उत्पत्ति हो र यो विज्ञान पनि विनष्ट भएर जान्छ ।' भिक्षुहो ! यो आठौं कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ ।

"सब्रह्मचारीले उसलाई यसरी मान्नेछन्– 'यी आयुष्मान शास्ता अथवा कोही एक गौरवनीय सब्रह्मचारीसँग बस्छन्, जसप्रति यिनको मनमा तीव्र लज्जा र भय छ अनि प्रेम र गौरव गर्ने पनि हुन् । पक्कै पनि यी आयुष्मानले जान्नु पर्ने जानेका छन् अनि बुझ्नु पर्ने बुझेका छन् !' यस धर्मद्वारा पनि प्रिय हुन, गौरव गर्न, भावना गर्न, श्रमण बन्न र ऐक्यबद्धताको निम्ति हुन्छ ।

" 'अनि यी आयुष्मान शास्ताको आश्रयमा रहँदा अथवा कोही एक गौरवनीय सब्रह्मचारीसँग बस्दा जसप्रति यिनको मनमा तीव्र लज्जा र भय छ अनि प्रेम र गौरव गर्ने पनि हुन् भनी उसकहाँ गई प्रश्न गर्ने हुन्छ अनि शङ्काको समाधान पनि गर्ने हुन्छ– भन्ते ! यो भनेको के हो, यसको अर्थ के हो ? उसले त्यस आयुष्मानलाई जुन अस्पष्ट हो, त्यसलाई स्पष्ट गरी दिन्छ, जुन आवरण हो, त्यस आवरण हटाई दिन्छ, अनेकौं प्रकारका शङ्कास्पद धर्मलाई शङ्काबाट मुक्त गरी



Downloaded from http://dhamma.digital

दिन्छ । यी आयुष्मानले पक्कै पनि जान्नु पर्ने जानेका छन् अनि बुझ्नु पर्ने बुझेका छन् !' यस धर्मद्वारा प्रिय हुन, गौरवान्वित हुन, भावना गर्न, श्रमण बन्नको र ऐक्यबद्धताको निम्ति हुन्छ ।

" 'यी आयुष्मानले वहाँबाट त्यस धर्मलाई सुनेर दुवैबाट ग्रहण गर्ने हुन्छन्– शरीरबाट पनि अनि मनबाट पनि । पक्कै पनि यी आयुष्मानले जान्नु पर्ने जानेका छन् अनि बुझ्नु पर्ने बुझेका छन् !' यस धर्मद्वारा पनि प्रिय हुन, गौरवान्वित हुन, भावना गर्न, श्रमण बन्न र ऐक्यबद्धताको निम्ति हुन्छ ।

" 'यी आयुष्मान शीलवान हुन्, प्रातिमोक्ष-संवरमा संवरित हुन्, आचार-गोचरमा सहीज्ञान भएका हुन्, अणुमात्रको दोषमा पनि भय-दर्शी हुन्, शिक्षापदहरूलाई राम्रोसँग पालन गर्ने हुन् । पक्कै पनि यी आयुष्मानले जान्नु पर्ने जानेका छन् अनि बुझ्नु पर्ने बुझेका छन् !' यस धर्मद्वारा पनि प्रिय हुन, गौरवान्वित हुन, भावना गर्न, श्रमण बन्न र ऐक्यबद्धताको निम्ति हुन्छ ।

" 'यी आयुष्मान बहुश्रुत हुन्, श्रुतधर हुन्, सुनिएकोलाई सङ्ग्रह गर्ने हुन् । जुन ती धर्महरू आदि-कल्याणको निम्ति, मध्य-कल्याणको निम्ति अनि अन्त-कल्याणको निम्ति हुन् । सार्थक व्यञ्जनसहित सम्पूर्ण रूपले ब्रह्मचर्य प्रकाश पार्ने हुन् । त्यसप्रकारका धर्ममा बहुश्रुत हुन्, धारण गर्ने हुन्, वाणीद्वारा सुपरिचित हुन्, मनद्वारा सुपरिक्षित हुन् अनि प्रज्ञाद्वारा सम्यक रूपले सुज्ञाता हुन् । पक्कै पनि यी आयुष्मानले जान्नु पर्ने जानेका छन् अनि बुझ्नु पर्ने बुझेका छन् !' यस धर्मद्वारा पनि प्रिय हुन, गौरवान्वित हुन, भावना गर्न, श्रमण बन्न र ऐक्यबद्धताको निम्ति हुन्छ ।

" 'यी आयुष्मान अकुशल धर्म हटाउन कुशल धर्म वृद्धि गर्न प्रयत्नवान हुन्, स्तम्भ सरह हुन्, दृढपराक्रमी हुन् अनि कुशल धर्म वहन गर्न सामर्थ्यवान हुन् । पक्कै पनि यी आयुष्मानले जान्नु पर्ने जानेका छन् अनि बुझ्नु पर्ने बुझेका छन् !' यस धर्मद्वारा पनि प्रिय हुन, गौरवान्वित हुन, भावना गर्न, श्रमण बन्न र ऐक्यबद्धताको निम्ति हुन्छ ।

" 'यी आयुष्मान संघमा सम्मिलित हुँदा नानाप्रकारका कुरामा लाग्दैन अनि व्यर्थका कुरा गर्दैन । आफू स्वयम्ले नै धर्मको अध्ययन गर्छन् वा अरूलाई धर्मको शिक्षा दिने गर्छन् वा आर्य-मौन धारण गरी बस्छन् । पक्कै पनि यी आयुष्मानले जान्नु पर्ने जानेका छन् अनि बुझ्नु पर्ने बुझेका छन् !' यस धर्मद्वारा



Downloaded from http://dhamma.digital

पनि प्रिय हुन, गौरवान्वित हुन, भावना गर्न, श्रमण बन्न र ऐक्यबद्धताको निम्ति हुन्छ।

" 'यी आयुष्मान पञ्च उपादानस्कन्धको उत्पत्ति र विनाशानुदर्शी हुन्– 'यो रूप हो, यो रूपको उत्पत्ति हो तर यो रूप पनि विनष्ट भएर जान्छ। यो वेदना हो, यो वेदनाको उत्पत्ति हो तर यो वेदना पनि विनष्ट भएर जान्छ। यो संज्ञा हो, यो संज्ञाको उत्पत्ति हो तर यो संज्ञा पनि विनष्ट भएर जान्छ। यो संस्कार हो, यो संस्कारको उत्पत्ति हो तर यो संस्कार पनि विनष्ट भएर जान्छ। यो विज्ञान हो, यो विज्ञानको उत्पत्ति हो तर यो विज्ञान पनि विनष्ट भएर जान्छ।' भिक्षुहो ! यो आठौं कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ।

"भिक्षुहो ! यही आठौं कारण वा हेतुद्वारा अनुपलब्ध प्रारम्भिक ब्रह्मचर्यको निम्ति प्रज्ञा लाभ गर्न, लाभ भएकोलाई वृद्धि गर्न, विपुलता प्राप्त गर्न अनि परिपूर्णता प्राप्त गर्नको निम्ति हुन्छ।"

## ३. पठमअप्पियसुत्तं

३. "भिक्षुहो ! आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति अप्रिय, राम्रो नलाग्ने, अगौरवनीय र अनादरनीय हुन्छ। ती आठ के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले अप्रियजनको प्रशंसक हुन्छ, प्रियजनको निन्दक हुन्छ, लाभको कामना गर्ने हुन्छ, सत्कारको कामना गर्ने हुन्छ, निर्लज्ज हुन्छ, भयरहित हुन्छ, पाप विचारको अनि मिथ्यादृष्टिक हुन्छ। भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति अप्रिय, राम्रो नलाग्ने, अगौरवनीय र अनादरनीय हुन्छ।

"भिक्षुहो ! आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति प्रिय, राम्रो लाग्ने, गौरवनीय र आदरनीय हुन्छ। ती आठ के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले अप्रियजनको प्रशंसक हुँदैन, प्रियजनको निन्दक हुँदैन, लाभको कामना गर्दैन, सत्कारको कामना गर्दैन, लज्जावान, भयवान, अल्पेच्छुक अनि सम्यक-दृष्टिक हुन्छ। भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति प्रिय, राम्रो लाग्ने, गौरवनीय र आदरनीय हुन्छ।"



Downloaded from http://dhamma.digital

## ४.दुतियअप्पियसुत्तं

४. "भिक्षुहो ! आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति अप्रिय, राम्रो नलाग्ने, अगौरवनीय र अनादरनीय हुन्छ । ती आठ के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु लाभको चाहना गर्ने, सत्कारको चाहना गर्ने, अरूले नजानोस् भनी आफ्नो दोषलाई लुकाउँछ, समयोचित जानेको हुँदैन, मात्रा नजान्ने हुन्छ, अपवित्र, अति बोल्ने, सब्रह्मचारीप्रति आक्रोश गर्ने र परिभाषक हुन्छ । भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति अप्रिय, राम्रो नलाग्ने, अगौरवनीय र अनादरनीय हुन्छ ।

"भिक्षुहो ! आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति प्रिय, राम्रो लाग्ने, गौरवनीय र आदरनीय हुन्छ । ती आठ के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु लाभको चाहना नगर्ने, सत्कारको चाहना नगर्ने, अरूले थाहा नपाओस् भनी आफ्नो दोष नलुकाउने, उचित समय जान्ने, मात्रा जान्ने, पवित्र, धेरै नबोल्ने, सब्रह्मचारीप्रति आक्रोश नगर्ने र परिभाषक हुँदैन । भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा युक्त भिक्षु सब्रह्मचारीको निम्ति प्रिय, राम्रो लाग्ने, गौरवनीय र आदरनीय हुन्छ ।"

## ५.पठमलोकधम्मसुत्तं

५. "भिक्षुहो ! आठ प्रकारका लोकधर्मद्वारा लोकलाई झुकाइ राखेको हुन्छ । आठ लोक-धर्मप्रति लोकको झुकाव छ । ती आठ के के हुन् ? लाभ-अलाभ, जस-अपजस, निन्दा-प्रशंसा अनि सुख-दुःख । भिक्षुहो ! यी नै आठ लोक-धर्मद्वारा लोकलाई झुकाइ राखेको हुन्छ । यही आठ लोक-धर्मप्रति लोकको झुकाव छ ।

"लाभो अलाभो च यसायसो च, निन्दा पसंसा च सुखं दुखञ्च ।
एते अनिच्चा मनुजेसु धम्मा, असस्सता विपरिणामधम्मा ॥

"लाभ, अलाभ, जस, अपजस, निन्दा, प्रशंसा, सुख र दुःख यी विषय अनित्य, असाश्वत तथा परिवर्तनशील हुन् ।

"एते च ञत्वा सतिमा सुमेधो, अवेक्खति विपरिणामधम्मे ।
इट्ठस्स धम्मा न मथेन्ति चित्तं, अनिट्ठतो नो पटिघातमेति ॥



Downloaded from http://dhamma.digital

"यसलाई बुझेर स्मृतिवान पण्डितले परिवर्तन हुने स्वभावलाई देख्ने हुन्छ । भलो हुने विषयमा पनि चित्त कम्पित हुँदैन अनि अनिष्ट हुँदा पनि मर्माहत हुँदैन ।

**"तस्सानुरोधा अथ वा विरोधा, विधूपिता अत्थङ्गता न सन्ति ।**
**पदञ्च ञत्वा विरजं असोकं, सम्मप्पजानाति भवस्स पारगू"ति ॥**

"त्यस विषयबाट हुने आग्रह वा विरोधद्वारा नाश-विनाश हुँदा पनि त्रसित हुँदैन । यथार्थलाई बुझेर रजरहित र निश्चिन्त भई भव (संसार) पार हुन सम्यकरूपले बुझेको हुन्छ ।"

## ६.दुतियलोकधम्मसुत्तं

६. "भिक्षुहो ! आठ प्रकारका लोक धर्मद्वारा लोकलाई झुकाइ राखेको हुन्छ । आठ लोक-धर्मप्रति लोकको झुकाव छ । ती आठ के-के हुन् ? लाभ-अलाभ, जस-अपजस, निन्दा-प्रशंसा अनि सुख-दुःख । भिक्षुहो ! यी नै आठ लोक-धर्मद्वारा लोकलाई झुकाइ राखेको हुन्छ । यही आठ लोक-धर्मप्रति लोकको झुकाव छ ।

"भिक्षुहो ! अश्रुतवान (बहुश्रुत नभएका) पृथक जनलाई (लोकचक्रमा परिरहने व्यक्ति) लाभ-अलाभ, जस-अपजस, निन्दा-प्रशंसा अनि सुख-दुःख भएको हुन्छ । भिक्षुहो ! श्रुतवान आर्यश्रावकलाई पनि लाभ-अलाभ, जस-अपजस, निन्दा-प्रशंसा अनि सुख-दुःख भएकै हुन्छ । त्यसो हुँदा भिक्षुहो ! श्रुतवान आर्य श्रावक अनि अश्रुतवान पृथकजनमा के विशेषता छ, के फरक छ अनि के अन्तर छ ? "हाम्रो निम्ति भगवान नै मूल हुनुहुन्छ, भगवान नै नेता हुनुहुन्छ अनि भगवानको नै शरणमा हामी छौं । भन्ते ! भगवानबाट नै यस कथनको अर्थ स्पष्ट गरिदिनु भएमा राम्रो हुन्छ । भगवानबाट सुनेर भिक्षुहरूले धारण गर्नेछन् ।"

"भिक्षुहो ! त्यसो भए सुन, राम्रोसँग मनमा धारण गर, भन्नेछु ।" "हवस् भन्ते" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिनुभयो । भगवानले यसरी भन्नुभयो– "भिक्षुहो ! अश्रुतवान पृथक जनलाई लाभ हुन्छ । लाभान्वित हुँदा उसले यसरी विचार गर्दैन– 'मलाई जुन यो लाभ भएको छ, यो त अनित्य दुःख र विनाशशील हो भनी यथार्थसहित जानेको हुँदैन । जुन उसलाई अलाभ भएको हुन्छ....., उसलाई जस प्राप्त भएको हुन्छ....., उसलाई अपजस भएको हुन्छ.....,

Downloaded from http://dhamma.digital

उसलाई निन्दा गरेको हुन्छ ...., उसलाई प्रशंसा गरेको हुन्छ ..., उसलाई सुख भएको हुन्छ...., उसलाई दुःख भएको छ ..... । उसले यसरी विचार गर्दैन– 'मलाई जुन यो दुःख उत्पन्न भएको हो, यो अनित्य दुःख र विनाशशील हो' भनी यथार्थसहित बुझेको हुँदैन ।"

"लाभ हुँदा पनि चित्त ग्रसित हुन्छ, अलाभ हुँदा पनि चित्त ग्रसित हुन्छ, यशस्वी हुँदा पनि चित्त ग्रसित हुन्छ, अपमानित हुँदा पनि चित्त ग्रसित हुन्छ, निन्दित हुँदा पनि चित्त ग्रसित हुन्छ, प्रशंसित हुँदा पनि चित्त ग्रसित हुन्छ, सुखी हुँदा पनि चित्त ग्रसित हुन्छ अनि दुःखित हुँदा पनि चित्त ग्रसित हुन्छ । लाभ हुँदा राग गर्ने हुन्छ, अलाभ हुँदा विरोधी (द्वेषी) हुन्छ, जस पाउँदा राग गर्ने हुन्छ, अपजसे हुँदा विरोधी हुन्छ, प्रशंसा पाउँदा राग गर्ने हुन्छ, निन्दित हुँदा विरोधी हुन्छ, सुखमा राग गर्ने हुन्छ अनि दुःखमा विरोधी हुन्छ । यसरी ऊ राग र विरोधमा लाग्दा जन्म, जरा, मृत्यु, शोक, छटपटि र दुःख-दौर्मनस्यबाट विमुक्त हुँदैन । 'ऊ दुःखबाट मुक्त हुनेछैन भनी म भन्दछु ।'

"भिक्षुहो ! श्रुतवान आर्यश्रावक लाभ हुँदा यसरी विचार गर्छ– 'मलाई यो जुन लाभ भएको छ; यो अनित्य, दुःख र विनाशशील हो भनी यथार्थसहित जानेको हुन्छ । अलाभ हुँदा......, जस पाउँदा....., अपमानित हुँदा....., निन्दित हुँदा....., प्रशंसित हुँदा...., सुखी हुँदा..... र दुःखोत्पत्ति हुन्छ । उसले यसरी विचार गर्छ– 'ममा दुःखोत्पत्ति भएको छ; यो अनित्य, दुःख र विनाशशील हो भनी यथार्थसहित त्यसलाई बुझेको हुन्छ ।"

"लाभद्वारा पनि चित्त ग्रसित हुँदैन, अलाभद्वारा पनि चित्त ग्रसित हुँदैन, जसद्वारा पनि चित्त ग्रसित हुँदैन, अपजसद्वारा पनि चित्त ग्रसित हुँदैन, निन्दाद्वारा पनि चित्त ग्रसित हुँदैन, प्रशंसाद्वारा पनि चित्त ग्रसित हुँदैन, सुखद्वारा पनि चित्त ग्रसित हुँदैन, दुःखद्वारा पनि चित्त ग्रसित हुँदैन । लाभ हुँदा उसले राग गर्दैन, लाभ नहुँदा विरोधी हुँदैन, जस पाउँदा राग गर्दैन, अपजसे हुँदा विरोधी हुँदैन, प्रशंसित हुँदा रागी हुँदैन, निन्दित हुँदा विरोधी हुँदैन, सुखोत्पन्न हुँदा राग हुँदैन, दुःखोत्पत्ति हुँदा विरोधी हुँदैन । यसरी ऊ राग र विरोधमा नलाग्दा जन्म, जरा, मृत्यु, शोक, छटपटि, दुःख-दौर्मनस्यबाट विमुक्त हुन्छ । 'ऊ दुःखबाट मुक्त हुन्छ भनी म भन्दछु ।' भिक्षुहो ! श्रुतवान आर्यश्रावक अनि अश्रुतवान पृथकजनमा यही नै विशेषता हुन्छ, फरक हुन्छ अनि अन्तर हुन्छ ।"

"लाभो अलाभो च यसायसो च, निन्दा पसंसा च सुखं दुखञ्च ।



Downloaded from http://dhamma.digital

**एते अनिच्चा मनुजेसु धम्मा, असस्सता विपरिणामधम्मा ॥**

"लाभ, अलाभ, जस, अपजस. निन्दा, प्रशंसा, सुख र दुःख यी आठ विषय सत्वको निम्ति अनित्य, असाश्वत तथा परिवर्तनशील हो ।

**"एते च ञत्वा सतिमा सुमेधो, अवेक्खति विपरिणाम धम्मे ।**
**इट्ठस्स धम्मा न मथेन्ति चित्तं, अनिट्ठतो नो पटिघातमेति ॥**

"यसलाई बुझेर स्मृतिवान पण्डितले परिवर्तन हुने स्वभावलाई देख्ने हुन्छ । भलो हुने विषयमा पनि चित्त कम्पित हुँदैन अनि अनिष्ट हुँदा पनि मर्माहत हुँदैन ।

**"तस्सानुरोधा अथ वा विरोधा, विधूपिता अत्थङ्गता न सन्ति ।**
**पदञ्च ञत्वा विरजं असोकं, सम्म्पजानाति भवस्स पारगू"ति ॥**

"त्यस विषयबाट हुने आग्रह वा विरोधद्वारा नाश-विनाश हुँदा पनि त्रसित हुँदैन । यथार्थलाई बुझेर रजरहित र निश्चिन्त भई भव (संसार) पार हुन सम्यकरूपले बुझेको हुन्छ ।"

### ७. देवदत्तविपत्तिसुत्तं

७. एक समय देवदत्त (संघभेद गरी) गएको केही क्षण पश्चात भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नु भएको थियो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गरी देवदत्तको बारेमा भन्नुभयो–"भिक्षुहो ! समय-समयमा यदि भिक्षुले आफ्नो दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरूको दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले आफू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! देवदत्त आठ असद्धर्मले अभिभूत हुँदा, चित्त दबिएको हुँदा, अपाय-गामी तथा नरक-गामी, कल्पौंसम्म रहने अनि चिकित्सा गर्न अयोग्य भयो ।

"ती आठ के-के हुन् ? भिक्षुहो ! देवदत्त लाभले अभिभूत हुँदा, चित्त दबिएको हुँदा अपाय-गामी तथा नरक-गामी भई कल्पौंसम्म रहनु पर्ने अनि चिकित्सा गर्न अयोग्य भयो । भिक्षुहो ! अलाभले...., भिक्षुहो ! जसले..., भिक्षुहो !



Downloaded from http://dhamma.digital

अपजसले...., भिक्षुहो ! सत्कारले...., भिक्षुहो ! असत्कारले..., भिक्षुहो ! पाप विचारले..., भिक्षुहो ! पापी-मित्रबाट अभिभूत हुँदा, चित्त दबिएको हुँदा अपाय-गामी तथा नरक-गामी भई कल्पौंसम्म रहनु पर्ने अनि चिकित्सा गर्न अयोग्य भयो ।

"भिक्षुहो ! भिक्षुले उत्पन्न लाभलाई जित्दै-जित्दै जाँदा राम्रो हुन्छ । उत्पन्न अलाभलाई..., उत्पन्न जसलाई...,उत्पन्न अपजसलाई..., उत्पन्न सत्कारलाई..., उत्पन्न असत्कारलाई..., उत्पन्न पाप इच्छालाई... राम्रो हुन्छ, उत्पन्न पापी-मित्रलाई जित्दै-जित्दै जाँदा राम्रो हुन्छ ।

"भिक्षुहो ! कुन फाइदा देखेर उत्पन्न लाभलाई भिक्षुले जित्दै-जित्दै जानुपर्छ ? ...उत्पन्न अलाभलाई..., ...उत्पन्न जसलाई..., ...उत्पन्न अपजसलाई-..., ...उत्पन्न सत्कारलाई..., ...उत्पन्न असत्कारलाई..., ...उत्पन्न पाप इच्छालाई ..., ...उत्पन्न पापी-मित्रलाई जित्दै-जित्दै जानुपर्छ ।

"भिक्षुहो ! जसले यो उत्पन्न लाभलाई जित्न सक्दैन उसँग घातक र जलन हुने आश्रव उत्पन्न हुन्छ । उत्पन्न लाभलाई जितेर बस्दा घातक र जलन हुने आश्रव हुनेछैन । भिक्षुहो ! जसले यो उत्पन्न अलाभलाई....., जसले यो उत्पन्न जसलाई..., जसले यो उत्पन्न अपजसलाई..., जसले यो उत्पन्न सत्कारलाई..., जसले यो उत्पन्न असत्कारलाई..., जसले यो उत्पन्न पाप इच्छालाई जित्न सक्दैन उसमा घातक र जलन हुने आश्रव उत्पन्न हुन्छ । जसले यो उत्पन्न पाप इच्छालाई जितेर बस्छ, त्यसबाट हुने घातक र जलन हुने आश्रव उत्पन्न हुँदैन । "भिक्षुहो ! यही उत्पन्न लाभलाई भिक्षुले जित्दै-जित्दै बस्नुपर्छ, ...उत्पन्न अलाभलाई..., ...उत्पन्न जसलाई..., ...उत्पन्न अपजसलाई..., ...उत्पन्न सत्कारलाई..., उत्पन्न असत्कारलाई..., उत्पन्न पापेच्छालाई..., उत्पन्न पापी-मित्रलाई जित्दै-जित्दै बस्नुपर्छ ।

"यसकारण भिक्षुहो ! तिमीहरूले यस्तो शिक्षा लिनुपर्छ– 'उत्पन्न लाभलाई जित्दै-जित्दै बस्छु । उत्पन्न अलाभलाई..., उत्पन्न जसलाई..., उत्पन्न अपजसलाई..., उत्पन्न सत्कारलाई..., उत्पन्न असत्कारलाई..., उत्पन्न पाप इच्छालाई..., उत्पन्न पापी-मित्रलाई जित्दै-जित्दै बस्छु ।' भिक्षुहो ! तिमीहरूले यस्तै शिक्षा लिनुपर्छ ।"



Downloaded from http://dhamma.digital

## ८.उत्तरविपत्तिसुत्तं

८. एक समय आयुष्मान उत्तर महिसवत्थुस्थित सङ्खेय्यक पर्वतको वटजालिक विहारमा बस्नुहुन्थ्यो । त्यहाँ आयुष्मान उत्तरले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! यदि भिक्षुले समय-समयमा आफ्नो दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरूको दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले आफू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ ।"

त्यससमय वेस्सवण्ण (कुवेर) महाराजा उत्तर दिशाबाट दक्षिण दिशामा केही कामले गइरहेका थिए । वेस्सवण महाराजाले सुने कि महिसवत्थुस्थित सङ्खेय्यक पर्वतको वटजालिक विहार वासी आयुष्मान उत्तरले भिक्षुहरूलाई यसरी धर्मोपदेश दिइरहनु भएको छ– "आवुसोहो ! यदि भिक्षुले समय-समयमा आफ्नो दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरूको दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले आफू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ ।"

अनि त वेस्सवण्ण महाराजा जस्तो कि बलवान पुरुषले बाँधिएको बाहुलाई फुकाली दिन्छ र फुकालिएको बाहुलाई समेटी दिन्छ । यस्तै गरी क्षणमै वेस्सवण महाराज महिसवत्थुकस्थित सङ्खेय्यक पर्वतको वटजालिक विहारबाट अन्तर्धान भई तावतिंस देवलोकमा प्रकट भए । त्यसबेला वेस्सवण्ण महाराज जहाँ देवराज इन्द्र थिए, त्यहाँ पुगे । पुगेर देवराज इन्द्रलाई यसरी भन्यो–"मित्र ! थाहा छ ! महिसवत्थुस्थित सङ्खेय्यक पर्वतको वटजालिक विहारवासी आयुष्मान उत्तरले भिक्षुहरूलाई यसरी धर्मोपदेश दिइरहनु भएको छ– "आवुसोहो ! यदि भिक्षुले समय-समयमा आफ्नो दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरूको दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले आफू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ ।"

"त्यही नै बेला जस्तो कि बलवान पुरुषले बाँधिएको बाहुलाई फुकाली दिन्छ र फुकालिएको बाहुलाई समेटी दिन्छ । यस्तै गरी क्षणमा नै देवराज इन्द्र



Downloaded from http://dhamma.digital

तावतिंस देवलोकबाट अन्तर्धान भई महिसवत्थुस्थित सङ्ख्यक पर्वतको वटजालिक विहारवासी आयुष्मान उत्तर जहाँ हुनुहुन्थ्यो त्यहाँ पुगे । पुगेर आयुष्मान उत्तरलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका देवराज ईन्द्रले आयुष्मान आयुष्मान उत्तरलाई यसरी भन्यो–

"भन्ते ! के तपाईं आयुष्मान उत्तरले साँच्चै नै भिक्षुहरूलाई यस्तो धर्मोपदेश दिनु हुन्छ कि– "आवुसोहो ! यदि भिक्षुले समय-समयमा आफ्नो दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरूको दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले आफू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ ।" "हो, देवेन्द्र !" "भन्ते ! के यो तपाईं आयुष्मानको धर्मोपदेश कि वहाँ भगवान अर्हत सम्यकसम्बुद्धको वचन ?" "त्यसोभए देवराज इन्द्र म तिमीलाई उपमाद्वारा बुझाउँछु । कोही विज्ञजनले उपमाद्वारा पनि बुझ्न सक्छन् ।"

"जस्तै कि देवराज इन्द्र ! गाउँ वा शहरको नजिकै महाधनको राशि हुन्छ । त्यहाँबाट मानिसहरूले लिन्दै जान्छ– कसैले झोलामा, कसैले टोकरीमा, कसैले हातमा र कसैले दुई हातमा । भो देवराज इन्द्र ! अब यदि कसैले उसकहाँ गएर सोध्छ कि, 'यो धन तिमीले कहाँबाट ल्याएको ?' देवराज इन्द्र ! उसले कसरी भनेमा ती मान्छेहरूलाई ठीकसँग भनेको हुन्छ ?" "भन्ते ! उसले फलानो ठाउँबाट यो धन ल्याएको हो भनी ती मानिसहरूलाई भनेमा ठीकसँग भनेको हुन्छ ।" "यसरी नै देवराज इन्द्र ! जति पनि सुभाषित हो, त्यो सबै वहाँ भगवान अर्हत सम्यकसम्बुद्धको नै वचन हो । मैले वा अन्य सबैले वहाँबाटै लिएर धर्मोपदेश दिने हो ।"

Dhamma.Digital

"आश्चर्य हो, भन्ते ! अचम्म हो, भन्ते ! आयुष्मान उत्तरले जुन सुभाषित भन्नुभयो– 'जति पनि सुभाषित हो, त्यो सबै वहाँ भगवान अर्हत सम्यकसम्बुद्धको नै वचन हो । मैले वा अन्य सबैले त्यसबाटै लिएर धर्मोपदेश दिने हो ।' एकदिन, भन्ते उत्तर ! भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नु हुँदा देवदत्तले छोडेर गएको केही समयपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गरी देवदत्तको बारेमा भन्नुभएको थियो–

"भिक्षुहो ! यदि भिक्षुले समय-समयमा आफ्नो दोषलाई प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरूको दोषलाई प्रत्यवेक्षण गरे राम्रो



Downloaded from http://dhamma.digital

हुन्छ। भिक्षुहो ! समय-समयमा भिक्षुले आफू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ । भिक्षुहो ! समय-समयमा भिक्षुले अरू दोषी नहुँदा पनि प्रत्यवेक्षण गरे राम्रो हुन्छ। भिक्षुहो ! देवदत्त आठ असद्धर्मले अभिभूत हुँदा, चित्त दबिएको हुँदा अपाय-गामी तथा नरकगामी, कल्पौंसम्म रहने अनि चिकित्सा गर्न अयोग्य भयो ।

"भिक्षुहो ! भिक्षुले उत्पन्न लाभलाई जित्दै-जित्दै जाँदा राम्रो हुन्छ । उत्पन्न अलाभलाई..., उत्पन्न जसलाई..., उत्पन्न अपजसलाई..., उत्पन्न सत्कारलाई..., उत्पन्न असत्कारलाई..., उत्पन्न पाप इच्छालाई..., राम्रो हुन्छ, उत्पन्न पापी-मित्रलाई जित्दै-जित्दै जाँदा राम्रो हुन्छ ।

"भिक्षुहो ! कुन उत्पन्न लाभलाई लिएर भिक्षुले जित्दै जित्दै जानुपर्छ ? ...उत्पन्न अलाभलाई ..., ...उत्पन्न जसलाई..., ...उत्पन्न अपजसलाई..., ...उत्पन्न सत्कारलाई..., ...उत्पन्न असत्कारलाई...., ...उत्पन्न पाप इच्छालाई ..., ...उत्पन्न पापी-मित्रलाई जित्दै-जित्दै जानुपर्छ ।

"भिक्षुहो ! जसले यो उत्पन्न लाभलाई जित्न सक्दैन उसँग घातक र जलन हुने आश्रव उत्पन्न हुन्छ । उत्पन्न लाभलाई जितेर बस्दा घातक र जलन हुने आश्रव हुनेछैन । भिक्षुहो ! जसले यो उत्पन्न अलाभलाई..., जसले यो उत्पन्न जसलाई..., जसले यो उत्पन्न अपजसलाई..., जसले यो उत्पन्न सत्कारलाई..., जसले यो उत्पन्न असत्कारलाई..., जसले यो उत्पन्न पाप इच्छालाई जित्न सक्दैन उसमा घातक र जलन हुने आश्रव उत्पन्न हुन्छ । जसले यो उत्पन्न पाप इच्छालाई जितेर बस्छ, त्यसबाट हुने घातक र जलन हुने आश्रव उत्पन्न हुँदैन । "भिक्षुहो ! यही उत्पन्न लाभलाई लिएर भिक्षुले जित्दै-जित्दै बस्नुपर्छ, ...उत्पन्न अलाभलाई..., ..उत्पन्न जसलाई..., ...उत्पन्न अपजसलाई..., ...उत्पन्न सत्कारलाई..., उत्पन्न असत्कारलाई..., उत्पन्न पापेच्छालाई..., उत्पन्न पापीमित्रलाई जित्दै-जित्दै बस्नुपर्छ ।

"यसकारण भिक्षुहो ! तिमीहरूले यस्तो शिक्षा लिनुपर्छ– 'उत्पन्न लाभलाई जित्दै-जित्दै बस्छु । उत्पन्न अलाभलाई..., उत्पन्न जसलाई..., उत्पन्न अपजसलाई ..., उत्पन्न सत्कारलाई..., उत्पन्न असत्कारलाई..., उत्पन्न पाप इच्छालाई..., उत्पन्न पापी-मित्रलाई जित्दै-जित्दै बस्छु ।' भिक्षुहो ! तिमीहरूले यस्तै नै शिक्षा लिनुपर्छ ।"



Downloaded from http://dhamma.digital

"भन्ते उत्तर ! यहाँ मनुष्यहरूमा चार परिषद छन्– भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू र उपासिकाहरू । यो धर्मपर्याय कसैमा पनि छैन । आयुष्मान भन्ते उत्तर ! तपाईंले यो धर्मपर्याय पढ्नुहोस् । आयुष्मान भन्ते उत्तर ! तपाईंले यो धर्मपर्याय परिपूर्ण गर्नुहोस् । आयुष्मान भन्ते उत्तर ! तपाईंले यो धर्मपर्यायलाई धारण गर्नुहोस् । भन्ते उत्तर ! आरम्भिक ब्रह्मचर्यको निम्ति यो धर्मपर्याय हितकर हो ।"

## ९. नन्दसुत्तं

९. " 'भिक्षुहो ! यथार्थमा भन्नु परेमा नन्दलाई 'कुल-पुत्र' भन्न सकिन्छ । भिक्षुहो ! यथार्थमा भन्नु परे नन्दलाई 'बलवान' भन्न सकिन्छ । भिक्षुहो ! यथार्थमा भन्नु परेमा नन्दलाई 'सुन्दर' भन्न सकिन्छ । भिक्षुहो ! यथार्थमा भन्नु परेमा नन्दलाई 'तीव्र रागी' भन्न सकिन्छ । भिक्षुहो ! यो सबै हुँदा पनि इन्द्रियमा नन्द संयमित छ, परिमिताहारको ज्ञान छ, जाग्रत भई बस्छ र स्मृति-सम्प्रजन्यमा युक्त छ, यसैले गर्दा नै परिपूर्ण ब्रह्मचर्यको आचरण नन्दले गर्न सकेको हो । त्यसैले भिक्षुहो ! नन्द इन्द्रियमा संयमित हुनसक्नुको कारण– भिक्षुहो ! यदि नन्दले पूर्व दिशा तिर हेरे आफ्नो सम्पूर्ण चित्तलाई संयमित गरी पूर्व दिशा तिर हेर्छ– 'मैले पूर्व दिशा तिर हेर्दा कहीं कतै लोभ र द्वेष यी अकुशल विचार नआवस् । यसरी त्यसमा सचेत भइरहन्छ ।

"भिक्षुहो ! यदि नन्दले पच्छिम दिशा तिर हेरे.... उत्तर दिशा तिर हेरे... दक्षिण दिशा तिर हेरे... तल तिर हेरे.... माथि तिर हेरे.... अनुदिशा तिर हेरे आफ्नो सम्पूर्ण चित्तलाई संयमित गरी अनुदिशा तिर हेर्ने गर्छ– 'मैले पूर्व दिशा तिर हेर्दा कहीं कतै लोभ र द्वेष यी अकुशल विचार नआवस् । यसरी त्यसमा सचेत भइरहन्छ । भिक्षुहो ! इन्द्रिय संयमित हुनमा नन्दको स्थिति यस्तो हुन्छ ।

"भिक्षुहो ! नन्दसँग परिमिताहारको ज्ञान छ । भिक्षुहो ! यहाँ नन्दले विचार पुऱ्याएर आहार ग्रहण गर्छ– 'न त हँसी-मजाको निम्ति, न त अहङ्कार गर्नको निम्ति, न त शरीरलाई मण्डित गर्नको निम्ति, न त शरीरलाई विभुषित गर्नको निम्ति, जबसम्म यो शरीर रहन्छ तबसम्म जीवन यापनको निम्ति, कष्टलाई हटाउनको निम्ति, ब्रह्मचर्यलाई अनुग्रह गर्नको निम्ति, पुरानो वेदनालाई हटाउनको निम्ति, नयाँ वेदना उत्पन्न हुन नदिनको निम्ति, जीवन यात्रा सफल गर्नको निम्ति र निर्दोष तथा सुखपूर्वक बिताउनको निम्ति हो । भिक्षुहो ! परिमिताहारको ज्ञान नन्दसँग यस्तो स्थिति हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जागरूक रहनमा नन्दको स्थिति यस्तो हुन्छ । भिक्षुहो ! यहाँ नन्दले चंक्रमण गर्दा वा बस्दा आनो चित्तको आवरण धर्मलाई परिशोधन गर्छ । रातको पहिलो प्रहरमा चंक्रमण गर्दा वा बस्दा आफ्नो आवरण धर्मलाई परिशोधन गर्छ । रात्रिको मध्य प्रहरमा सिंह-शय्यामा एक खुट्टा माथि अर्को खुट्टा राखी उठ्ने सङ्कल्प मनमा लिएर सुत्ने गर्छ । रात्रिको पछिल्लो प्रहरमा चंक्रमण गर्दा वा बस्दा आफ्नो चित्तको आवरण धर्मलाई परिशोधन गर्छ । भिक्षुहो ! जागरूक रहनमा नन्दको स्थिति यस्तो हुन्छ ।

"भिक्षुहो ! स्मृति-सम्प्रजन्यतामा नन्दको स्थिति यस्तो हुन्छ । भिक्षुहो ! यहाँ नन्दको जानकारीमा वेदनाको उत्पत्ति हुन्छ । जानकारीमा स्थित हुन्छ अनि जानकारीमा वेदनाको विनाश हुन्छ । जानकारीमा संज्ञाको उत्पत्ति हुन्छ । जानकारीमा संज्ञाको स्थित हुन्छ अनि जानकारीमा विनाश हुन्छ । उसको जानकारीमा वितर्कको उत्पत्ति हुन्छ, जानकारीमा वितर्कको स्थित हुन्छ अनि जानकारीमा विनाश हुन्छ । भिक्षुहो ! स्मृति-सम्प्रजन्यतामा नन्दको स्थिति यस्तो हुन्छ ।

"अर्को कारण के, भिक्षुहो ! नन्द इन्द्रियमा संयमित छ, परिमिताहारको ज्ञान छ, जागरूकतामा लगनशील छ, स्मृति-सम्प्रजन्यतामा युक्त छ, जसले गर्दा नन्दले परिपूर्ण र परिशुद्ध गरी ब्रह्मचर्यको आचरण गर्न सकेको हो ।"

## १०. कारण्डवसुत्तं

१०. एक समय भगवान चम्पास्थित गग्गर पोखरीको किनारमा बस्नुहुन्थ्यो । त्यससमय भिक्षुहरूले भिक्षुहरूलाई दोषारोपण लाउँदथे । ती भिक्षुहरूबाट एकले अर्कोप्रति दोषारोपण लाउँदै हिंड्दथे, नचाहिंदो कुराहरू ल्याई क्रोध, द्वेष तथा अप्रसन्नता प्रकट गर्दथे ।

"त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! यस व्यक्तिलाई निकाल, भिक्षुहो ! यस व्यक्तिलाई निकाल्नु । यस व्यक्तिलाई बाहिर निकाल्नु । पर-पुत्रलाई शुद्ध गर्न किन प्रयास गर्ने ! भिक्षुहो ! यहाँ कोही-कोही आउने-जाने गर्दा, हेर्दा-देख्दा, खुम्च्याउँदा-फैलाउँदा अनि पात्र-चीवर धारण गर्दा त्यस्तै लाग्छ जस्तो कि अन्य असल भिक्षुहरू झैं ! जबसम्म अरू भिक्षुहरूले उसको दोष देखेको हुँदैन । तर जब भिक्षुहरूले उसको दोषलाई देख्छ तब उसलाई चिन्छ कि– 'यो श्रमण दुष्ट छ, यो श्रमण बकवादी छ अनि यो श्रमण अपरिशुद्ध



Downloaded from http://dhamma.digital

छ । अरूले यसरी थाहा पाउँदा त्यसलाई बाहिर निकालिदिन्छ ।' त्यो के कारणले ? अन्य असल भिक्षुलाई नबिगारियोस् !"

"भिक्षुहो ! जस्तै कि कहीं खेतमा नराम्रो धानको बोट हुन्छ, भूसै भूसको मात्र बोट हुन्छ, झार सरहको बोट हुन्छ । जबसम्म धान फल्दैन त्यो बोटको पात राम्रो धान बोटको जस्तै हुन्छ । तर जब धानको बोटमा बाली लाग्छ तब मान्छेले थाहा पाउँछ कि, यो त खराब धानको बोट रहेछ, यो त बेकारको रहेछ अनि यो त भूस मात्रै रहेछ । त्यसरी थाहा पाउँदा त्यसलाई जडैदेखि उखेलेर धानको खेतबाट बाहिर फालिदिन्छ । त्यसो किन गरेको ? त्यसबाट अर्को राम्रो धानको बोटलाई नबिगारियोस् ।

"भिक्षुहो ! यसरी नै यहाँ कोही-कोही आउने-जाने गर्दा, हेर्दा-देख्दा खुम्च्याउँदा-फैलाउँदा अनि पात्र-चीवर धारण गर्दा त्यस्तै नै लाग्छ । जस्तो कि अन्य असल भिक्षुहरू झैं ! जबसम्म अरू भिक्षुहरूले उसको दोषलाई देख्दैन । तर जब भिक्षुहरूले उसको दोष देख्छ तब उसलाई चिन्छ कि– 'यो श्रमण दुष्ट छ, यो श्रमण बकवादी अनि यो श्रमण अपरिशुद्ध छ । अरूले यसरी थाहा पाउँदा त्यसलाई बाहिर निकालिदिन्छ ।' त्यो के कारणले ? अन्य असल भिक्षुलाई नबिगारियोस् ।

"भिक्षुहो ! जस्तो कि थुपारी राखेको धान बत्ताउँदा जुन पुष्ट र सारवान हो, त्यो एकतिर थुप्रिन्छ तर जुन पुष्ट नभएको पोगता हुन्छ त्यसलाई हावाले उडाउँछ । त्यसलाई पनि मालिकले झाडू लगाई, एकत्र गरी प्रसन्नताकासाथ अझै टाढा लगी थुपार्छ । त्यो के कारणले ? अर्को धानलाई नबिगारोस् । भिक्षुहो ! यसरी नै यहाँ कोही-कोही आउने-जाने गर्दा, हेर्दा-देख्दा, खुम्च्याउँदा-फैलाउँदा अनि पात्र-चीवर धारण गर्दा त्यस्तै नै जस्तो लाग्छ । जस्तो कि अन्य असल भिक्षुहरू झैं ! जबसम्म अरू भिक्षुहरूले उसको दोष देखेको हुँदैन । तर जब भिक्षुहरूले उसको दोषलाई देख्छ तब उसलाई चिन्छ कि– 'यो श्रमण दुष्ट छ, यो श्रमण बकवादी छ अनि यो श्रमण अपरिशुद्ध छ । अरूले यसरी थाहा पाउँदा त्यसलाई बाहिर निकालिदिन्छ ।' त्यो के कारणले ? अन्य असल भिक्षुलाई नबिगारियोस् !

"भिक्षुहो ! जस्तै कि कसैलाई पानीको नली आवश्यक छ भने त्यस व्यक्तिले धारिलो बञ्चरो लिई वनमा प्रवेश गर्छ । उसले जुन जुन वृक्षमा बञ्चरोको चोसोले ठोकेर हेर्छ, हानेर हेर्छ, जुन वृक्ष बलियो हुन्छ, सारवान हुन्छ अनि त्यस बञ्चरोको चोसाले बजाउँदा ठोक्दा कडा आवाज निस्किन्छ; तर त्यस मध्येमा जुन वृक्षको भित्री सडेको हुन्छ, निस्सार र गलेको हुन्छ त्यसमा बञ्चरोले ठोक्दा वा हानेर हेर्दा खोक्रो भएको थाहा पाउँछ । त्यो मान्छेले त्यसलाई जरैदेखि



Downloaded from http://dhamma.digital

काट्छ, जरालाई काटेर अघिल्लो भागलाई काट-छाँट गरेपछि भित्री भाग परिष्कृट गर्छ, भित्री भाग परिष्कृत गरेपछि पानी पिउनको निम्ति नल बनाउँछ। भिक्षुहो ! यसरी नै यहाँ कोही-कोही आउने-जाने गर्दा, हेर्दा-देख्दा, खुम्च्याउँदा-फैलाउँदा अनि पात्र-चीवर धारण गर्दा त्यस्तै नै जस्तो लाग्छ जस्तो कि अन्य असल भिक्षुहरू भ्कैं ! जबसम्म अन्य भिक्षुहरूले उसको दोष देख्दैन। तर जब भिक्षुहरूले उसको दोषलाई देख्छ तब उसलाई चिन्छ कि– 'यो श्रमण दुष्ट छ, यो श्रमण बकवादी छ अनि यो श्रमण अपरिशुद्ध छ। अरूले यसरी शाहा पाउँदा त्यसलाई बाहिर निकालि दिन्छ।' त्यो के कारणले ? अन्य असल भिक्षुलाई नबिगारियोस्।"

"संवासायं विजानाथ, पापिच्छो कोधनो इति।
मक्खी थम्भी पलासी च , इस्सुकी मच्छरी सठो॥

"सँगैरहेर यसलाई जान कि, यो पापी, क्रोधी, अरूको गुणलाई धाक-छोप गर्ने, जिद्दीवाल, निर्दयी, इर्ष्यालु, कन्जुस र ठग हो।

"सन्तवाचो जनवति, समणे विय भासति।
रहो करोति करणं, पापदिट्ठि अनादरो॥

"जनसमक्ष शान्त वाणी बोल्ने गर्छ, श्रमणसमान भई बोल्ने गर्छ। उसले लुकि-छिपी पाप कर्म गर्छ, पापदृष्टि र आदररहित हुन्छ।

"संसप्पी च मुसावादी, तं विदित्वा यथातथं।
सब्बे समग्गा हुत्वान, अभिनिब्बज्जयाथ नं॥

"यो भ्कूटोवादी भई हिंडिरहेको छ, यथार्थ सत्यलाई जानेर सबै समग्गी भई उसलाई निकाल्नु।

"कारण्डवं निद्धमथ, कसम्बुं अपकस्सथ।
ततो पलापे वाहेथ, अस्समणे समणमानिने॥

"त्यस धूललाई फाली दिनु, त्यस दुर्गन्धलाई हटाउनु, त्यो अश्रमण भई श्रमण भनी मान्नेलाई बाहिर निकाल्नु।

"निद्धमित्वान पापिच्छे, पापआचारगोचरे।



Downloaded from http://dhamma.digital

**सुद्धासुद्धेहि संवासं, कप्पयव्हो पतिस्सता ॥**
**ततो समग्गा निपका, दुक्खस्सन्तं करिस्सथा" ति ॥**

"पापमति, पापाचार-गोचरकालाई टाढा गरी, स्वयम् शुद्ध बनी अरू शुद्ध भएकासँग स्मृतिवान भई बस्नु । यसप्रकारले सबै प्रज्ञावान समग्गी भई दुःखलाई अन्त गर्नु ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# २. महावग्गो

## १. वेरञ्जसुत्तं

११. मैले यस्तो सुनें– एक समय भगवान वेरञ्जास्थित नलेरुको पुचिमन्द (वृक्ष) मूलमा बस्नुहुन्थ्यो । त्यस समय वेरञ्ज ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसँग कुशलवार्ता गरे । कुशलवार्तापछि एक छेउमा बसे, एक छेउमा बसेका वेरञ्ज ब्राह्मणले भगवानलाई यसरी भन्यो–

"भो गोतम ! मैले यस्तो सुनेको छु– श्रमण गोतमले जीर्ण, वृद्ध, उमेर पुगेका, मृत्यु नजिक पुगेका तथा बाँच्ने अवधि पुगेका ब्राह्मणलाई अभिवादन गर्दैन, प्रत्युप्रस्थान गर्दैन अनि बस्नको निम्ति आसन दिंदैन । त्यसैले भो गोतम ! तपाईं त्यस्तै नै हुनुहुँदो रहेछ । भो गोतम ! जीर्ण, वृद्ध, उमेर पुगेका, मृत्यु नजिक पुगेका तथा बाँच्ने अवधि पुगेका ब्राह्मणलाई अभिवादन, प्रत्युप्रस्थान वा बस्नको निम्ति आसन नदिनु भनेको त राम्रो होइन । ब्राह्मण ! समस्त देवलोक, मार, ब्रह्मा, श्रमण-ब्राह्मणसहित जनता तथा देवमनुष्यहरू मध्येमा मैले अभिवादन गर्नु पर्ने, प्रत्युपस्थान गर्नु पर्ने वा बस्नलाई आसन लगाई दिनु पर्ने त्यस्तो कोही देख्दिन । ब्राह्मण ! यदि कसैलाई तथागतबाट अभिवादन गरे, प्रत्युप्रस्थान गरे वा बस्नलाई आसन दिए उसको शिर भूमिमा खस्छ ।

"तपाई गोतम त नीरस रहेछ !" "ब्राह्मण ! यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भनेको हुन्छ–'श्रमण गोतम त निरस रहेछ ।' ब्राह्मण ! जुन यी रूप-रस, शब्द-रस, गन्ध-रस, रस-स्वाद अनि स्पर्श-रस हो, त्यो तथागतबाट प्रहीण भइसक्यो, जड उखेलीसक्यो, काटिएको ताडवृक्ष समान भइसक्यो, अभाव भइसक्यो, पुनः उत्पत्तिको सम्भावना रहेन । ब्राह्मण ! यही कारण हो, जुन कारणले गर्दा मलाई सम्यकरूपले भनेको हुन्छ– 'श्रमण गोतम नीरस रहेछ' । तर तिमीले जुन दृष्टिले भन्यौ त्यस दृष्टिबाट त होइन ।"

"तपाई गोतम त निर्भोगी रहेछ !" "ब्राह्मण ! यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भनेको हुन्छ– 'श्रमण गोतम त निर्भोगी रहेछ ।' ब्राह्मण ! जुन रूप-भोग, शब्द-भोग, गन्ध-भोग, रस-भोग अनि स्पर्श-भोग हो, त्यो तथागतबाट प्रहीण भइसक्यो, जड उखेलीसक्यो, काटिएको ताडवृक्ष समान भइसक्यो, अभाव भइसक्यो तथा भविष्यमा उत्पन्न हुने छैन । ब्राह्मण ! यो कारणले गर्दा मलाई सम्यकरूपले भन्नसकिन्छ– 'श्रमण गोतम त निर्भोगी रहेछ ।'



Downloaded from http://dhamma.digital

तर तिमीले जुन दृष्टिले भन्यौ त्यस दृष्टिबाट त होइन ।"

"तपाई गोतम त अक्रियावादी रहेछ !" "ब्राह्मण ! यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भनेको हुन्छ–'श्रमण गोतम त अक्रियावादी रहेछ !' ब्राह्मण ! मैले शारीरिक दुष्कर्म नगर्नु, वाचसिक दुष्कर्म नगर्नु अनि मानसिक दुष्कर्म नगर्नु भनी भन्नेगर्छु तथा विभिन्न प्रकारका पाप कर्म नगर्न भन्नेगर्छु । ब्राह्मण ! यही कारण हो जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्नसकिन्छ– 'श्रमण गोतम त अक्रियावादी रहेछ ।' तर तिमीले जुन दृष्टिले भन्यौ त्यस दृष्टिबाट त होइन ।"

"तपाई गोतम त उच्छेदवादी रहेछ !" "ब्राह्मण ! यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त उच्छेदवादी रहेछ ।' ब्राह्मण ! मैले राग, द्वेष र मोहलाई उच्छेद गर्न भन्नेगर्छु तथा विभिन्न प्रकारका पाप कर्मलाई उच्छेद गर्न भन्नेगर्छु । "ब्राह्मण ! यही कारण हो जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्नसकिन्छ– 'श्रमण गोतम त उच्छेदवादी रहेछ ।' तर तिमीले जुन दृष्टिले भन्यौ त्यस दृष्टिबाट त होइन ।"

"तपाई गोतम त घृणा गर्ने रहेछ !" "ब्राह्मण ! यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त घृणा गर्ने रहेछ ।' ब्राह्मण ! मैले शारीरिक दुष्कर्मलाई घृणा गर्छु, वाचसिक दुष्कर्मलाई घृणा गर्छु अनि मानसिक दुष्कर्मलाई घृणा गर्छु तथा विभिन्न प्रकारका पाप कर्मलाई घृणा गर्छु । "ब्राह्मण ! यही कारण हो जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त घृणा गर्ने रहेछ ।' तर तिमीले जुन दृष्टिले लिएर भन्यौ त्यस दृष्टिबाट त होइन ।"

"तपाई गोतम त विनयी रहेछ !" "ब्राह्मण ! यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त विनयी रहेछ ।' ब्राह्मण ! मैले राग, द्वेष र मोहमा विनयी हुन भन्ने गर्छु तथा नानाप्रकारका पाप कर्ममा विनयी हुन भन्ने गर्छु । ब्राह्मण ! यही कारण हो जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त विनयी रहेछ । तर तिमीले जुन अर्थलाई लिएर भन्यौ त्यस दृष्टिबाट त होइन ।"

"तपाई गोतम त तपस्वी रहेछ !" "ब्राह्मण ! यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त तपस्वी रहेछ ।'



Downloaded from http://dhamma.digital

ब्राह्मण ! मैले शारीरिक दुष्कर्म, वाचसिक दुष्कर्म अनि मानसिक दुष्कर्मलाई तपाउनु भनी भन्ने गर्छु तथा विभिन्न प्रकारका पाप कर्म तपाउनु भनी भन्ने गर्छु । ब्राह्मण ! जो कसैको यो तपाउनु पर्ने पाप अकुशल कर्म प्रहीण भएको हुन्छ, उच्छेद भएको हुन्छ, काटिएको ताडवृक्ष समान हुन्छ, अभाव हुन्छ तथा भविष्यमा उत्पन्न हुँदैन । उसैलाई मैले 'तपस्वी' भन्नेगर्छु । ब्राह्मण ! तथागतको तपाउनु पर्ने पाप अकुशल कर्म प्रहीण भइसक्यो, मूलोच्छेद भइसक्यो, काटिएको ताड वृक्ष समान भईसक्यो, अभाव भइसक्यो तथा भविष्यमा उत्पन्न हुनेछैन । ब्राह्मण ! जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त तपस्वी रहेछ ।' तर तिमीले जुन दृष्टिले भन्यौ त्यस दृष्टिबाट त होइन ।"

"तपाई गोतम त अप्रगल्भ (पुनःजन्म नलिने) रहेछ !" "ब्राह्मण ! यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त अप्रगल्भ रहेछ !' जुनसुकै भावी गर्भ शय्यामा पुनः उत्पन्न नहुने भइसक्यो, मूलोच्छेद भइसक्यो, काटिएको ताडवृक्ष समान भइसक्यो, तथा जन्म र मृत्युको चक्रमा नपर्ने भईसक्यो । उसैलाई मैले 'अप्रगल्भ' भनी भन्ने गर्छु । ब्राह्मण ! तथागतको भावी गर्भ शय्यामा पुनः उत्पत्ति हुने सम्भावना रहेन, मूलोच्छेद भइसक्यो, काटिएको ताडवृक्ष समान भइसक्यो, अभाव भइसक्यो, भविष्यमा उत्पन्न हुनेछैन । ब्राह्मण ! जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त अप्रगल्भ रहेछ ।' तर तिमीले जुन दृष्टिले भन्यौ त्यस दृष्टिबाट त होइन ।"

"ब्राह्मण ! जस्तै कि कुखुराको आठ, दश वा बाह्रवटा अण्डा हुन्छ । कुखुराले अण्डालाई राम्रोसँग कोरलेको हुन्छ, राम्रोसँग आँच दिएको हुन्छ वा राम्रोसँग उत्ताप दिएको हुन्छ । कुखुराले कोरलेका अण्डाहरू मध्येमा कुनै एक अण्डाबाट आफ्नो नङ्ग्राले वा चुच्चोले फुटालेर सकुशल पहिला जुन चल्ला बाहिर निस्किन्छ त्यसलाई के भन्न सकिन्छ– ज्येष्ठ वा कनिष्ठ ? "भो गोतम ! त्यही नै ज्येष्ठ हो भन्न सकिन्छ । भो गोतम ! ती मध्येमा जुन पहिला निस्कन्छ त्यही नै ज्येष्ठ हुन्छ ।"

"यसरी नै ब्राह्मण ! अविद्याले घेरिएर अण्डासमान भएका जनताहरू मध्येमा अविद्यारूपी अण्डा फोरेर म एक्लैले नै अनुपम सम्यकसम्बोधि प्राप्त गरें । ब्राह्मण ! म नै लोकमा ज्येष्ठ र श्रेष्ठ हुँ । ब्राह्मण ! मेरो प्रयत्न प्रमादरहित छ, मेरो वीर्यमा कमजोरी छैन, मेरो स्मृतिमा मूढता छैन, मेरो देह अनुत्तेजित तथा शान्त छ अनि मेरो चित्त चञ्चलतारहित एकाग्र छ ।



Downloaded from http://dhamma.digital

"ब्राह्मण ! म काम-वितर्कबाट रहित भई, अकुशल-धर्मबाट विरत भई, सवितर्क सविचारपूर्वक उत्पन्न प्रीति-सुखलाई उपलब्ध गरी प्रथम ध्यान लाभ गरी बस्दछु । वितर्क र विचारलाई उपशमन गरी, भित्री हृदयमा प्रसन्न र एकाग्र भई, अवितर्क र अविचारको भई, समाधिबाट उत्पन्न भएको प्रीति-सुखमय द्वितीय ध्यान लाभ गरी बस्दछु । प्रीतिबाट विरागिएर उपेक्षक भई, स्मृतिवान र सजगताको ज्ञानद्वारा शारीरिक सुखलाई अनुभव गर्दछु जसलाई आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुखविहारी,' यस तृतीय ध्यान लाभी भई बस्दछु । सुखलाई पनि प्रहीण गरी, दु:खलाई पनि प्रहीण गरी, सौमनस्य र दौर्मनस्यलाई पहिले नै विलुप्त गरी, दु:खरहित, सुखरहित भई, उपेक्षा तथा स्मृति-पूर्वक परिशुद्ध भई चतुर्थ ध्यान लाभ गरी बस्दछु ।

"त्यसबेला समाहित भएको चित्त-परिशुद्ध, स्वच्छ, निर्मल तथा क्लेशरहित, मृदु, कमनीय, स्थिर तथा चञ्चलतारहित हुँदा मैले पूर्व जन्मका कुरा जान्न चित्त लगाएँ । मैले आफ्नो अनेकौं पूर्व जन्मका कुरालाई लिएर अनुस्मरण गर्दा– एक जन्म, दुई जन्म, तीन जन्म, चार जन्म, पाँच जन्म, दश जन्म, बीस जन्म, तीस जन्म, चालीस जन्म, पचास जन्म, सय जन्म, हजार जन्म, लाख जन्म, अनेक संवर्त कल्प, अनेक विवर्त कल्प, अनेक संवर्त-विवर्त कल्पमा 'म यस्तो ठाउँमा थिएँ, यस्तो नाउँको थिएँ, यस्तो गोत्रको थिएँ, यस्तो वर्णको थिएँ, यस किसिमको आहार थियो, यस किसिमले सुख-दु:खको अनुभव गरें अनि यति सम्मको आयु थियो । त्यसबेला त्यहाँबाट मृत्यु भई फलानो ठाउँमा जन्में, त्यहाँ म यस्तो नाउँको थिएँ, यस्तो गोत्रको थिएँ, यस्तो वर्णको थिएँ, यस किसिमको आहार थियो, यस किसिमले सुख-दु:खको अनुभव गरें अनि यति सम्मको आयु थियो । त्यहाँबाट मृत्यु भई यहाँ जन्में । यसरी मैले आकारसहित, उद्देश्यसहित अनेकौं प्रकारले पूर्व जन्मका विषयलाई लिएर अनुस्मरण गर्न सक्दछु ।

"ब्राह्मण ! जब अप्रमादी भई, लगनशील भई, मेहेनती भई बसें तब मैले रातको प्रथम प्रहरमा यो पहिलो विद्या प्राप्त गरें । अविद्या विनाश भयो, विद्या उत्पन्न भयो, अन्धकार नाश भयो तथा प्रकाश उत्पन्न भयो । ब्राह्मण ! कुखुराले कोरलिएको अण्डाबाट चल्ला निस्के झैं यो मेरो पहिलो ज्ञान प्राप्ती (अभिनिब्भिदा) थियो ।

"त्यसबेला समाहित भएको चित्त-परिशुद्ध, स्वच्छ, निर्मल तथा क्लेश-रहित, मृदु, कमनीय, स्थिर तथा चञ्चलतारहित हुँदा प्राणीहरूको मृत्यु र जन्म बारेमा चित्तद्वारा जान्न खोजें । मैले दिव्य, विशुद्ध, मनुष्यको भन्दा पनि उत्तम



Downloaded from http://dhamma.digital

चक्षुद्वारा प्राणीहरू मृत्यु भएको र जन्म लिएकोलाई देखें । प्राणीहरूको हीन, प्रणीत, सुवर्ण, दुर्वर्ण, सुगति, दुर्गति तथा यथा कर्मानुसारको गतिलाई जान्नसकें । 'यी प्रणीहरू शारीरिक दुष्कर्मद्वारा युक्त हुनाले, वाचसिक दुष्कर्मद्वारा युक्त हुनाले, मानसिक दुष्कर्मद्वारा युक्त हुनाले, आर्यहरूको निन्दक हुनाले, मिथ्यादृष्टिक हुनाले र मिथ्यादृष्टिको कर्ममा संलग्न रहनाले शरीर भेद भई मृत्यु पश्चात तिनीहरू अपायमा, दुर्गतिमा, दुःख भोग गर्नु पर्ने ठाउँमा तथा नर्कमा उत्पत्ति भएको जान्न सकें । 'यी प्राणीहरू शारीरिक सुकर्मद्वारा युक्त हुनाले, वाचसिक सुकर्मद्वारा युक्त हुनाले, मानसिक सुकर्मद्वारा युक्त हुनाले, आर्यहरूलाई निन्दा नगर्नाले, सम्यकदृष्टिक हुनाले र सम्यकदृष्टिको कर्ममा संलग्न रहनाले शरीर भेद भई मृत्यु पश्चात तिनीहरू सुगति तथा स्वर्ग लोकमा उत्पत्ति भएको जान्नसकें । यसरी मैले दिव्य, विशुद्ध, मनुष्यको भन्दा पनि उत्तम चक्षुद्वारा प्राणीहरू मृत्यु भएको र जन्म लिएकोलाई देखें । प्राणीहरूको हीन, प्रणीत, सुवर्ण, दुर्वर्ण, सुगति र दुर्गति तथा यथा कर्मानुसारको गतिलाई जान्नसकें ।

"ब्राह्मण ! जब अप्रमादी भई, लगनशील भई, मेहेनती भई बसें तब मैले रातको मध्यम् प्रहरमा यो दोस्रो विद्या प्राप्त गरें । अविद्या विनाश भयो, विद्या उत्पन्न भयो, अन्धकार नाश भयो तथा प्रकाश उत्पन्न भयो । ब्राह्मण ! कुखुराले कोरलिएको अण्डाबाट चल्ला निस्के झैं यो मेरो दोस्रो ज्ञान प्राप्ती (अभिनिब्भिदा) थियो ।

"त्यसबेला समाहित भएको चित्त-परिशुद्ध, स्वच्छ, निर्मल तथा क्लेश रहित, मृदु, कमनीय, स्थिर तथा चञ्चलता रहित हुँदा आश्रव क्षय गर्न चित्त लगाएँ । मैले 'यो दुःख हो' भनी यथार्थसहित जानें, 'यो दुःख समुदय हो' भनी यथार्थसहित जानें, 'यो दुःख निरोध हो' भनी यथार्थसहित जानें, 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थसहित जानें, मैले 'यो आश्रव हो' भनी यथार्थसहित जानें, 'यो आश्रव समुदय हो' भनी यथार्थसहित जानें, 'यो आश्रव निरोध हो' भनी यथार्थसहित जानें, 'यो आश्रव निरोध हुने मार्ग हो' भनी यथार्थसहित जानें । यसलाई मैले जानेपछि, देखेपछि कामाश्रवबाट मेरो चित्त विमुक्त भयो, भवाश्रवबाट पनि मेरो चित्त विमुक्त भयो अनि अविद्याश्रवबाट पनि मेरो चित्त विमुक्त भयो । विमुक्त हुँदा विमुक्त भएँ भन्ने ज्ञान भयो । 'जन्म क्षय भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नु पर्ने गरिसकें, यसभन्दा अरू गर्नु पर्ने केही छैन भन्ने ज्ञान भयो ।'

"ब्राह्मण ! जब अप्रमादी भई, लगनशील भई र मेहेनती भई बसें, तब मैले रातको तृतीय प्रहरमा यो तेस्रो विद्या प्राप्त गरें । अविद्या विनाश भयो, विद्या



Downloaded from http://dhamma.digital

उत्पन्न भयो, अन्धकार नाश भयो तथा प्रकाश उत्पन्न भयो । ब्राह्मण ! कुखुराले कोरलिएको अण्डाबाट चल्ला निस्के झैं यो मेरो तेस्रो ज्ञान प्राप्ती (अभिनिब्भिदा) थियो । यसरी भन्नु भएपछि वेरञ्ज ब्राह्मणले भगवानलाई यसो भने– "गोतम ! तपाईं ज्येष्ठ हुनुहुन्छ, गोतम ! तपाईं श्रेष्ठ हुनुहुन्छ । अति नै राम्रो, भो गोतम ! अति नै राम्रो, भो गोतम ! घोप्टेकोलाई उत्तानो पारि दिए झैं, छोपेकोलाई उघारि दिए झैं, बाटो भूलेकोलाई बाटो देखाई दिए झैं अनि अन्ध्यारोमा बत्ती बाली दिए झैं, आँखा हुनेले रूपलाई देख्न सके झैं गरी तपाईं गोतमले अनेक प्रकारले धर्म दर्शाउनु भयो । अबदेखि भगवान गोतमको शरणमा पर्छु, धर्मको अनि संघको पनि । भो गोतम ! आजदेखि प्राण रहुन्जेल शरणमा परेका उपासक हो भनी धारण गर्नुहोस् ।"

## २. सीहसुत्तं

१२. एक समय भगवान वेसालिस्थित महावनको कूटागारशालामा बस्नुहुन्थ्यो । त्यसबेला संस्थागारमा थुप्रै प्रसिद्ध-प्रसिद्ध लिच्छवीहरू भेलाभई अनेकौं प्रकरले बुद्धको गुणगान गरिरहेका थिए, धर्मको गुणगान गरिरहेका थिए अनि संघको गुणगान गरिरहेका थिए ।

त्यस परिषदमा निगण्ठ श्रावक सीह सेनापति पनि थिए । अनि सीह सेनापतिलाई यस्तो लाग्यो– "निसन्देह वहाँ भगवान अर्हत सम्यकसम्बुद्ध हुनुहुन्छ, त्यसैले प्रसिद्ध-प्रसिद्ध लिच्छवीहरू संस्थागारमा भेला भई निकै नै बुद्धको गुणगान गरिरहेका छन्, धर्मको गुणगान गरिरहेका छन् अनि संघको गुणगान गरिरहेका छन् । किन मैले वहाँ भगवान अर्हत सम्यकसम्बुद्धको दर्शन गर्न नजाऊँ !" यसपछि सीह सेनापति जहाँ निगण्ठ नाटपुत्त थियो त्यहाँ गए । गएर निगण्ठ नाटपुत्तलाई यसरी भन्यो– "भन्ते ! म श्रमण गोतमकहाँ दर्शन गर्न जान चाहन्छु ।"

"सीह ! तिमी क्रियावादी भइकन पनि अक्रियावादी श्रमण गोतमकहाँ दर्शन गर्न किन जाने ? सीह ! श्रमण गोतम अक्रियावादी हो, अक्रियाको धर्म देशना गर्छ अनि त्यसैमा आफ्ना शिष्यहरूलाई लगाउँदछन् ।" अनि त सीह सेनापतिले भगवानकहाँ जाने जुन इच्छा थियो, त्यो त्यहीं शान्त भयो ।

दोस्रो पटक पनि धेरै नै प्रसिद्ध-प्रसिद्ध लिच्छवीहरू संस्थागारमा भेला भई



Downloaded from http://dhamma.digital

त्यहाँ निकै नै बुद्धको... धर्मको...अनि संघको गुणगान गरिरहेका थिए । दोस्रो पटक पनि सीह सेनापतिलाई यस्तो लाग्यो– "निसन्देह वहाँ भगवान अर्हत सम्यकसम्बुद्ध हुनुहुन्छ, त्यसैले प्रसिद्ध-प्रसिद्ध लिच्छवीहरू संस्थागारमा भेला भई निकै नै बुद्धको गुणगान गरिरहेका छन्, धर्मको गुणगान गरिरहेका छन् अनि संघको गुणगान गरिरहेका छन् । वहाँ भगवान अर्हत सम्यकसम्बुद्धको दर्शन गर्न किन म नजाऊँ !" यसपछि सीह सेनापति जहाँ निगण्ठ नाटपुत्त थियो त्यहाँ गए । गएर निगण्ठ नाटपुत्तलाई यसरी भन्यो– "भन्ते ! म श्रमण गोतमकहाँ दर्शन गर्न जान चाहन्छु ।"

"सीह ! तिमी क्रियावादी भइकन पनि अक्रियावादी श्रमण गोतमकहाँ दर्शन गर्न किन जाने ? सीह ! श्रमण गोतम अक्रियावादी हो, अक्रियाको धर्म देशना गर्छ अनि त्यसैमा आफ्ना शिष्यहरूलाई लगाउँदछन् ।" अनि त सीह सेनापतिले भगवानकहाँ जाने जुन इच्छा थियो, त्यो त्यहीं शान्त भयो ।

तेस्रो पटक पनि धेरै नै प्रसिद्ध-प्रसिद्ध लिच्छवीहरू संस्थागारमा भेला भई त्यहाँ निकै नै बुद्धको.....धर्मको.....अनि संघको गुणगान गरिरहेका थिए । तेस्रो पटक पनि सीह सेनापतिलाई यस्तो लाग्यो– "निसन्देह वहाँ भगवान अर्हत सम्यकसम्बुद्ध हुनुहुन्छ, त्यसैले प्रसिद्ध-प्रसिद्ध लिच्छवीहरू संस्थागारमा भेला भई निकै नै बुद्धको गुणगान गरिरहेका छन्, धर्मको गुणगान गरिरहेका छन् अनि संघको गुणगान गरिरहेका छन् । सोधेर गएता पनि नसोधी गएता पनि यो निगण्ठले मलाई के नै गर्ला ! निगण्ठलाई नसोधी वहाँ भगवान अर्हत सम्यकसम्बुद्धको दर्शन गर्न किन म नजाऊँ !"

अनि त सीह सेनापति अपराह्ण पाँचसय रथ लिएर वेसालिबाट भगवानकहाँ दर्शन गर्न निस्के । जतिसम्म वाहनको भूमि हो, त्यहाँ सम्म वाहनबाट गए । यसपछि वाहनबाट ओर्लेर पैदल नै अघि बढ्दै गए । अनि सीह सेनापति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ पुगे, पुगेर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेका सीह सेनापतिले भगवानलाई यसरी भने–

"भन्ते ! मैले सुनेको छु कि– 'श्रमण गोतम अक्रियावादी हुनुहुन्छ, अक्रियाको धर्म देशना गर्नु हुन्छ अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउनु हुन्छ ।' भन्ते ! जसले यसरी भन्ने गर्छन् कि– 'श्रमण गोतम अक्रियावादी हुनुहुन्छ, अक्रियाको धर्म देशना गर्नुहुन्छ अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउनु हुन्छ ।' भन्ते ! के तिनीहरूले भगवानको मतानुसार नै यथार्थमा भनेका हुन् अथवा



Downloaded from http://dhamma.digital

मिथ्या आरोप त लगाएका होईनन् ? के तिनीहरूले भगवानको धर्मलाई योग्य हुने गरी व्याख्या गरेका हुन् ? के ती सहधर्मीले दोषारोपण मात्रै लगाएको त होइनन् ? भन्ते ! मैले भगवानप्रति दोषारोपण गर्न चाहन्न ।"

"सीह ! त्यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त अक्रियावादी रहेछ, अक्रियाको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त क्रियावादि रहेछ, क्रियाको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम उच्छेदवादी रहेछ, उच्छेदको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम घृणा गर्ने रहेछ, घृणाको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम विनयी रहेछ, विनयी हुने धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त तपस्वी रहेछ, तपस्याको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम अप्रगल्भ रहेछ, अप्रगल्भको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण छ, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम आश्वस्त रहेछ, आश्वस्तको विषयलाई लिएर धर्म देशना



Downloaded from http://dhamma.digital

गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण के ? जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम अक्रियावादी रहेछ, अक्रियाको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् । सीह ! मैले नै शारीरिक दुष्कर्म, वाचसिक दुष्कर्म, मानसिक दुष्कर्म अनि अनेकौं पाप कर्म नगर्न भन्ने गर्छु । सीह ! यही कारण हो, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम अक्रियावादी रहेछ, अक्रियाको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण के ? जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम क्रियावादी रहेछ, क्रियाको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् । सीह ! मैले नै शारीरिक सुकर्म, वाचसिक सुकर्म, मानसिक सुकर्म अनि अनेकौं कुशल कर्म गर्न भन्ने गर्छु । सीह ! यही कारण हो, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम क्रियावादी रहेछ, क्रियाको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण के ? जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम उच्छेदवादी रहेछ, उच्छेदको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ? सीह ! मैले राग, द्वेष, मोहलाई उच्छेद गर्न अनि अनेकौं पाप कर्म नगर्न भन्ने गर्छु । सीह ! यही कारण हो, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम उच्छेदवादी रहेछ, उच्छेदको धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण के ? जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम घृणा गर्ने रहेछ, घृणाको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन । सीह ! मैले शारीरिक दुष्कर्म, वाचासिक दुष्कर्म, मानसिक दुष्कर्म अनि अनेकौं पाप कर्मलाई घृणा गर्छु । सीह ! यही कारण हो, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम घृणा गर्ने रहेछ, घृणाको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "



Downloaded from http://dhamma.digital

"सीह ! त्यसको कारण के ? जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम विनयी रहेछ, विनयीको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् । सीह ! मैले राग, द्वेष, मोहमा विनयी हुन अनि अनेकौं पाप कर्ममा पनि विनयी हुन भन्ने गर्छु । सीह ! यही कारण हो, जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ 'श्रमण गोतम विनयी रहेछ, विनयीको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण के ? जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम तपस्वी रहेछ, तपस्याको विषय लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् । सीह ! मैले पाप लाग्ने अकुशल धर्म शारीरिक दुष्कर्म, वाचसिक दुष्कर्म र मानसिक दुष्कर्मलाई तपाउन भन्छु । सीह ! जो कोहीले यस तपाउने पाप अकुशल धर्म प्रहीण गर्छ, मूलोच्छेद गर्छ, काटिएको ताड वृक्ष समान हुन्छ, अभाव भएको हुन्छ तथा पुनः उत्पन्न नहुने हुन्छ त्यसैलाई मैले तपस्वी भन्दछु । सीह ! तथागतको तपाउनु पर्ने पाप अकुशल धर्म प्रहीण भइसक्यो, मूलोच्छेद भइसक्यो, काटिएको ताड वृक्ष समान भइसक्यो, अभाव भइसक्यो तथा पुनः उत्पन्न नहुने भइसक्यो । यही कारण हो, सीह ! जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम तपस्वी रहेछ, तपस्याको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण के ? जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त अप्रगल्भ रहेछ, अप्रगल्भको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् । जुनसुकै भावी गर्भ शय्यामा पुनः उत्पत्ति हुने सम्भावना छैन, त्यसको मूलाच्छेद भइसक्यो, काटिएको ताड वृक्ष समान भइसक्यो, अभाव प्राप्त भइसक्यो, पुनः उत्पत्ती हुने सम्भावना छैन । उसैलाई मैले अप्रगल्भ भनी भन्ने गर्छु । यही कारण हो, सीह ! जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम त अप्रगल्भ रहेछ, अप्रगल्भको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

"सीह ! त्यसको कारण के ? जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम आश्वस्त रहेछ, आश्वस्तको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ? सीह ! म सबै



Downloaded from http://dhamma.digital

भन्दा उत्तम आश्वस्त हुँ, आश्वस्त हुन धर्म देशना गर्दछु अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँदछु । यही कारण हो, सीह ! जुन कारणले गर्दा मलाई सम्यकरूपले भन्न सकिन्छ– 'श्रमण गोतम आश्वस्त रहेछ, आश्वस्तको विषयलाई लिएर धर्म देशना गर्छन् अनि श्रावकहरूलाई पनि त्यही मार्गमा लगाउँछन् ।' "

. "यसरी भन्नु भएपछि सीह सेनापतिले भगवानलाई भन्यो– अति नै राम्रो, भन्ते ! अति नै राम्रो, भन्ते ! ..... भन्ते ! आजदेखि प्राण रहुञ्जेल भगवानको शरणमा परेका उपासक हो, भनी धारण गर्नुहोस् ।"

"सीह ! विचार गरी काम गर । तिमी जस्ता प्रसिद्ध भएका व्यक्तिले विचार गरी काम गर्नु नै राम्रो हो ।" "भन्ते ! तपाईंको यस एक अतिरिक्त कारणले पनि म भगवानप्रति झन नै श्रद्धावान् भएँ । 'सीह ! विचार गरी काम गर । तिमी जस्ता प्रसिद्ध भएका व्यक्तिले विचार गरी काम गर्नु नै राम्रो हो ।' भन्ते ! यदि म अन्य तैर्थिकको श्रावक हुन गएमा तिनीहरूले समस्त वेसालिमा झण्डा फहराउने थियो । सीह सेनापति हामीहरूको श्रावक भयो । तर भगवानले मलाई भन्नुहुन्छ, सीह ! विचार गरी काम गर । तिमी जस्ता प्रसिद्ध भएका व्यक्तिले विचार गरी काम गर्नु नै राम्रो हो ।' त्यसैले भगवान् ! म दोस्रो पटक पनि भगवानको शरण ग्रहण गर्दछु, धर्मको अनि संघको पनि । भो गोतम ! आजदेखि प्राण रहुञ्जेल शरणमा परेका उपासक हो, भनी धारण गर्नुहोस् ।"

"सीह ! दीर्घकालदेखि तिम्रो कुल निगण्ठका निम्ति कुवा समान हो, जब तिनीहरू भिक्षाटनको निम्ति आउनेछन् तब उनीहरूले भिक्षा पाउनु पर्छ । 'भन्ते ! यस कारणले पनि म भगवान्प्रति झन नै श्रद्धावान् भएँ । जुन मलाई भगवान्ले भन्नुभयो– 'सीह ! दीर्घकालदेखि तिम्रो कुल निगण्ठका निम्ति कुवा समान हो, जब भिक्षाटनको निम्ति उनीहरू आउनेछन् तब उनीहरूले भिक्षा पाउनु पर्छ ।' भन्ते ! मैले सुनेको थिएँ कि, 'श्रमण गोतमले यसो भन्ने गर्नुहुन्छ– मलाई नै दान दिनु पर्छ, मेरा श्रावकलाई नै दान दिनु पर्छ, मलाई नै दान दिंदा महाफलदायी हुन्छ, अरूलाई दान दिंदा महाफलदायी हुँदैन, मेरा श्रावकलाई दिंदा महाफलदायी हुन्छ, अरूका श्रावकलाई दान दिंदा महाफलदायी हुँदैन, तर भगवानले निगण्ठलाई पनि दान दिन भन्नुहुन्छ । भन्ते ! यस विषयमा समयानुसार जे गर्नु पर्छ त्यो गर्नेछु । भन्ते ! यो म तेस्रो पटक भगवानको शरण ग्रहण गर्दछु, धर्मको अनि संघको पनि । भो गोतम ! आजदेखि प्राण रहुञ्जेल शरणमा परेका उपासक हो भनी धारण गर्नुहोस् ।"

Downloaded from http://dhamma.digital

अनि भगवानले सीह सेनापतिलाई क्रमानुसार धर्मोपदेश दिनुभयो जस्तै– दानकथा, शीलकथा, स्वर्गकथा, कामभोगबाट हुने दुष्परिणाम, विकृति, संक्लिष्ट हुनु अनि नैष्क्रम्यको शुभ परिणामलाई प्रकाश पार्नुभयो । जब भगवानले थाहा पाउनु भयो कि सीह सेनापतिको चित्त सही ठाउँमा छ, कोमल छ, निवरणरहित छ, उत्साहित छ, प्रसन्न छ, तब बुद्धहरूबाट जुन उद्धार गर्ने धर्मदेशना हो, त्यसलाई प्रकट गर्नुभयो– दुःख सत्य, दुःखसमुदय सत्य, दुःख-निरोध सत्य र दुःखनिरोधगामि मार्ग । जस्तै कि परिशुद्ध निर्मल वस्त्रमा शीघ्र नै रङ्गले समाउँछ त्यसरी नै त्यहीं आसनमा सीह सेनापतिलाई विरज, निर्मल धर्मचक्षु उत्पन्न भयो– "जति पनि उत्पन्न हुने धर्म हुन्, ती सबै नै निरोध-धर्म हुन् ।"

अनि सीह सेनापतिले धर्मको दर्शन पाए, धर्म प्राप्त गरे, धर्मको ज्ञान पाए, धर्मको गहराइमा पुगे, सन्देहरहित भए, शङ्काउपशङ्का रहेन, विशारद भए, शास्ताको शासनप्रति दृढ श्रद्धावान भई यसरी भने– "भन्ते ! भोलिको निम्ति भगवानसहित भिक्षुसंघले भोजनको निमन्त्रण स्वीकार्नुहोस् ।" भगवानले मौन भई स्वीकार्नु भयो ।

अनि सीह सेनापतिले भगवानले स्वीकार्नु भएको जान्नु भई आसनबाट उठेर भगवानलाई अभिवादन र प्रदक्षिणा गरी बिदा लिई गए । अनि सीह सेनापतिले एकजना मान्छेलाई भन्यो– "हे पुरष ! प्रवर्त[1] (कप्पिय) मंस लिएर आउनु ।" अनि त्यस रात बितेपछि आफ्नो घरमा प्रणीत खाद्य-भोज्य तयार गरी भगवानलाई समयको सूचना पठाए– "भन्ते ! समय भयो, भोजन तयार छ ।"

अनि भगवान पूर्वाह्ण समय चीवर लगाउनु भई, पात्र र चीवर लिनुभई जहाँ सेनापतिको घर हो, त्यहाँ जानु भयो । जानुभई बिछ्याई राखेको आसनमा भिक्षुसंघसहित बस्नुभयो । त्यससमय धेरै नै निगण्ठहरू गल्ली-गल्लीमा, चौबाटो-चौबाटोमा गई हात उठाउँदै उठाउँदै चिच्याए– "आज सींह सेनापतिले स्थूल पशु मारी श्रमण गोतमलाई भोजन गराए । उद्देश्य गरी पशु मारेको थाहा पाएर पनि श्रमण गोतमले मांसाहार गरे, पाप कर्मी भए ।"

अनि कोही एक व्यक्ति जहाँ सीह सेनापति थिए त्यहाँ गए, गएर सीह सेनापतिको कानमा सुनाए– 'भन्ते ! थाहा पाउनुभयो ! यी धेरै नै निगण्ठहरू गल्ली-गल्लीमा, चौबाटो-चौबाटोमा गई हात उठाउँदै-उठाउँदै

---

[1] आफनो लागि भनी मारेको नदेखेको, आफनो लागि भनी मारेको नसुनेको अनि आफनो लागि भनी मारेको हो कि भन्ने शंका नलागेको ।



Downloaded from http://dhamma.digital

चिच्याउँदैछन्– "आज सींह सेनापतिले स्थूल पशु मारेर श्रमण गोतमलाई भोजन गराए । उद्देश्य गरी पशु मारेको थाहा पाएर पनि श्रमण गोतमले मांसाहार गरे, पाप कर्मी भए ।" आर्य ! हुनदेऊ, दीर्घकालदेखि यिनीहरूले बुद्ध, धर्म र संघलाई निन्दा गर्ने हुन् । यी आयुष्मानहरू भगवानप्रति असत्य, व्यर्थ, मिथ्या तथा अयथार्थ आरोप लगाउँदा लाज मान्ने खालका होइनन् । हामीले आफ्नो ज्यान बचाउन परेता पनि अन्य प्राणीलाई जानीबुझी प्राणी हिंसा गर्ने छैनौं ।"

अनि सीह सेनापतिले बुद्ध प्रमुख भिक्षुसंघलाई आफ्नै हातले प्रणीत खाद्य पदार्थ, भोज्य पदार्थलाई पस्किदै बाँड्दै खुवाए । अनि भगवानबाट भोजन गरी सक्नु भएपछि, पात्रबाट हात हटाउनु भएपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि सीह सेनापतिलाई भगवानले धार्मिक कथाद्वारा प्रेरित, उत्साहित अनि प्रमुदित पार्नुभई आसनबाट उठेर जानुभयो ।

## ३. अस्साजानीयसुत्तं

१३. "भिक्षुहो ! यी आठ प्रकारका अङ्गद्वारा सम्पन्न राजाको भद्र घोडामा राजाले आरोहण गर्न योग्य छ, राजाको निम्ति भोग्य हुन्छ अनि राजाको अङ्ग समान नै गनिन्छ । "ती आठ के-के हुन् ? राजाको जुन घोडा हो त्यो घोडा भद्र, उत्तम जातको माताबाट पनि पिताबाट पनि तथा उभय पक्षबाट नै सुजात हुन्छ । जुन ठाउँमा अन्य भद्र घोडा जन्मन्छन् त्यहीं नै जन्मन्छ । उसलाई जुन रुक्खा-सुक्खा खान दिन्छ त्यसलाई छरपस्ट नगरी सह्माली सह्माली खान्छ । दिसा-पिसाप गर्दा, उठ्दा-बस्दा लजालु हुन्छ । संयमित भई शिष्ट विधिले रहन्छ, अन्य घोडाहरूलाई उद्विग्न पार्दैन । उसमा जुन शठ, कुटनीति, टेंढो र वक्रपनता हो, त्यो सारथिलाई यथार्थ रूपले प्रकट गर्छ, त्यस बानीलाई सुधार्न सारथिले प्रयत्न गर्छ । वहन गर्न सक्ने हुन्छ ।' अन्य घोडाहरूले गरोस् या नगरोस् यसलाई मैले वहन गर्छु भन्ने मनमा लिन्छ । जाँदा सीधा बाटोभई जान्छ, शक्तिशाली हुन्छ, जीवनभर तथा मरण पर्यन्त शक्ति प्रदर्शन गर्छ । भिक्षुहो ! यी नै आठ प्रकारका अङ्गद्वारा सम्पन्न राजाको भद्र घोडामा राजाले आरोहण गर्न योग्य छ, राजाको निम्ति भोग्य हुन्छ अनि राजाको अङ्ग समान नै गनिन्छ ।

"भिक्षुहो ! यसरी नै आठ प्रकारका धर्मद्वारा सम्पन्न भएका भिक्षु आह्वान गर्न योग्य..... लोकका निम्ति अति उत्तम पुण्य क्षेत्र हुन् । ती आठ के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ, प्रातिमोक्ष नियम अनुसार चल्ने हुन्छ, आचार-गोचरले सम्पन्न हुन्छ, अणु मात्रको दोषमा पनि भय दर्शी हुन्छ,



Downloaded from http://dhamma.digital

शिक्षापदहरूलाई राम्रोसँग पालन गर्छ । उसलाई रुक्खा वा प्रणीत भोजन प्राप्त हुँदा चञ्चलतारहित भई राम्रोसँग ग्रहण गर्छ । शारीरिक दुष्कर्ममा, वाचसिक दुष्कर्ममा र मानसिक दुष्कर्ममा लजालु हुन्छ । अनेकप्रकारका अकुशल पाप कर्म गर्नमा लजालु हुन्छ । संयमित भई शिष्ट विधिले रहने हुन्छ, अन्य भिक्षुहरूलाई उद्विग्न पार्दैन । उसमा शठ, कुटनीति, टेंढोपन र वक्रपन छ भने शास्तालाई वा सहचारीलाई यथार्थरूपले प्रकट गर्छ । शास्ता वा सहचारीले उसलाई सुधार्न खोज्छ । ऊ शिक्षाकामी हुन्छ, अन्य भिक्षुले गरोस् वा नगरोस् मैले शिक्षा ग्रहण गर्नेछु भन्ने मनमा लिन्छ । जानु परेमा सीधा बाटोभई जान्छ । सीधा बाटो भनेको सम्यकदृष्टि... सम्यकसमाधि । ऊ उद्योगी हुन्छ– 'चाहे शरीरमा छाला, स्नायु र हाड मात्रै बाँकी रहोस् अनि शरीरमा रहेको मासु र रगत सुकोस् तर जुन पुरुष बलले, पुरुष वीर्यले, पुरुष पराक्रमले प्राप्त गर्न सकिन्छ त्यो प्राप्त नभएसम्म प्रयत्नमा कमी आउन दिंदैन ।' "भिक्षुहो ! यी नै आठ प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु आह्वान गर्न योग्य... लोकका निम्ति अति उत्तम पुण्य क्षेत्र हुन् ।"

## ४. अस्सखलुङ्कसुत्तं

"भिक्षुहो ! मैले आठप्रकारका घटिया घोडाको विषय लिएर देशना गर्छु तथा घोड़ामा रहने आठ दोष, यसरी नै आठप्रकारका घटिया व्यक्तिको विषयमा तथा व्यक्तिमा रहने आठ दोष । यसलाई सुन, राम्रोसँग मनमा धारण गर भन्नेछु । "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसरी भन्नुभयो–

"भिक्षुहो ! आठप्रकारका घटिया घोडा तथा घोडामा रहने आठ दोष के-के हुन् ? भिक्षुहो ! यहाँ एकप्रकारका घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा पछिल्तिर जान्छ वा रथलाई पछाडि धकेली दिन्छ । भिक्षुहो ! कुनै कुनै यस्तो घटिया घोडा हुन्छ । भिक्षुहो ! घोडामा हुने यो पहिलो दोष हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ कुनै कुनै घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा पछाडिको दुवै खुट्टा उफार्छ, रथ चक्काको धुरीलाई भाँची दिन्छ, त्रिदण्डलाई टुक्रा टुक्रा गरी दिन्छ । भिक्षुहो ! कुनै कुनै यस्तो घटिया घोडा हुन्छ । भिक्षुहो ! घोडामा हुने यो दोस्रो दोष हो ।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ कुनै कुनै घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा रथको जुआलाई जाँघले हानी त्यसलाई तल खसालेर कुल्ची दिन्छ। भिक्षुहो ! कुनै कुनै यस्तो घटिया घोडा हुन्छ। भिक्षुहो ! घोडामा हुने यो तेस्रो दोष हो।

"अनि फेरि अर्को भिक्षुहो ! यहाँ कुनै कुनै घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा कुमार्गतिर जान्छ तथा काँडा भएतिर रथलाई तानेर लान्छ। भिक्षुहो ! कुनै कुनै यस्तो घटिया घोडा हुन्छ। भिक्षुहो ! घोडामा हुने यो चौथो दोष हो।

"अनि फेरि अर्को भिक्षुहो ! यहाँ कुनै कुनै घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा शरीरको अगाडिपट्टि अघिल्लो खुट्टा उफार्छ। भिक्षुहो ! कुनै कुनै यस्तो घटिया घोडा हुन्छ। भिक्षुहो ! घोडामा हुने यो पाँचौं दोष हो।

"अनि फेरि अर्को भिक्षुहो ! यहाँ कुनै कुनै घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा सारथिलाई वास्ता नगरिकन, सारथिको चाबुकलाई पनि वास्ता नगरिकन दाँतले लगामलाई चबाई जहाँ मन लाग्छ त्यहाँ जान्छ। भिक्षुहो ! कुनै कुनै यस्तो घटिया घोडा हुन्छ। भिक्षुहो ! घोडामा हुने यो छैटौं दोष हो।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ कुनै कुनै घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा न त अगाडि बढ्छ न त पछाडि हट्छ, त्यहीं किल्ला समान भई रहन्छ। भिक्षुहो ! कुनै कुनै यस्तो घटिया घोडा हुन्छ। भिक्षुहो ! घोडामा हुने यो सातौं दोष हो।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ कुनै कुनै घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा अगाडिको र पछाडिको चारैवटा खुट्टालाई खुम्च्याई त्यहीं बस्छ। भिक्षुहो ! कुनै कुनै यस्तो घटिया घोडा हुन्छ। भिक्षुहो ! घोडामा हुने यो आठौं दोष हो।

"भिक्षुहो ! आठप्रकारका घटिया व्यक्ति तथा व्यक्तिमा रहने आठ दोष के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुहरूले भिक्षुलाई दोषारोपण गर्छ। त्यस भिक्षुले भिक्षुहरूबाट आरोप लगाउँदा 'मलाई स्मरण छैन' भनी कुरालाई टाली दिन्छ। भिक्षुहो ! जस्तो कि घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित



Downloaded from http://dhamma.digital

गर्दा पछिल्तिर जान्छ वा रथलाई पछाडि धकेली दिन्छ । यो उपमा झैं, भिक्षुहो ! मैले त्यस व्यक्तिलाई घटिया घोडा समान भन्दछु । भिक्षुहो ! यसप्रकारका यहाँ कोही-कोही घटिया व्यक्ति हुन्छन् । भिक्षुहो ! व्यक्तिमा हुने यो पहिलो दोष हो ।

"अनि फेरि अर्को भिक्षुहो ! यहाँ भिक्षुहरूले भिक्षुलाई दोषारोपण गर्छ । त्यस भिक्षुलाई भिक्षुहरूबाट आरोप लगाउँदा उल्टो आरोपकलाई नै विरोध गर्ने हुन्छ– 'तँ जस्ता मूर्ख र लाछीले भनेकोमा महत्व नै के ? तैंले आफूले आफैलाई नै भन्न योग्य भनी ठानेका छौ ! भिक्षुहो ! जस्तो कि, घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा पछाडिको दुवै खुट्टा उफार्छ, रथ चक्काको धुरीलाई भाँची दिन्छ, त्रिदण्डलाई टुक्रा-टुक्रा गरी दिन्छ । यो उपमा झैं, भिक्षुहो ! मैले त्यस मानिसलाई घटिया घोडा समान भन्दछु । भिक्षुहो ! यहाँ कोही-कोही यसप्रकारको घटिया व्यक्ति हुन्छन् । भिक्षुहो ! व्यक्तिमा हुने यो दोस्रो दोष हो ।

"अनि फेरि अर्को भिक्षुहो ! यहाँ भिक्षुहरूले भिक्षुलाई दोषारोपण गर्छ । त्यस भिक्षुलाई भिक्षुहरूबाट आरोप लगाउँदा उल्टो आरोपकलाई नै आरोप लगाउँछ– 'तँ पनि फलानो दोषी छस्, तैंले नै पहिला आफ्नो दोषलाई सुधार्नु ।' भिक्षुहो ! जस्तो कि घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा रथको जुआलाई जाँघले हानी त्यसलाई तल खसालेर कुल्ची दिन्छ । यो उपमा झैं, भिक्षुहो ! मैले त्यस व्यक्तिलाई घटिया घोडा समान भन्दछु । भिक्षुहो ! यहाँ कोही-कोही यसप्रकारको घटिया व्यक्ति हुन्छन् । भिक्षुहो ! मानिसमा हुने यो तेस्रौं दोष हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षुहरूले भिक्षुलाई दोषारोपण गर्छ । त्यस भिक्षुलाई भिक्षुहरूबाट आरोप लगाउँदा भिन्नाभिन्नै किसिमको व्यवहार गर्ने हुन्छ, बाहिरको कुरा ल्याउने हुन्छ, कोप, द्वेष अनि अप्रसन्नता प्रकट गर्ने हुन्छ । भिक्षुहो ! जस्तो कि, घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा कुमार्ग तिर जान्छ तथा काँडा भएतिर रथलाई तानेर लान्छ । यो उपमा झैं, भिक्षुहो ! मैले त्यस मानिसलाई घटिया घोडा समान भन्दछु । यहाँ कोही कोही यसप्रकारको घटिया व्यक्ति हुन्छन् । भिक्षुहो ! व्यक्तिमा हुने यो चौथौं दोष हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षुहरूले भिक्षुलाई दोषारोपण गर्छ ।



Downloaded from http://dhamma.digital

त्यस भिक्षुलाई भिक्षुहरूबाट आरोप लगाउँदा संघको माझमा नै हात उठाउँछ । भिक्षुहो ! जस्तो कि, घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरितगर्दा शरीरको अघिल्लो भागलाई लिएर दगुड्छ, अघिल्लो खुट्टालाई उफार्छ । यो उपमा झैं, भिक्षुहो ! मैले त्यस व्यक्तिलाई घटिया घोडा समान भन्दछु । यहाँ कोही-कोही यसप्रकारको घटिया व्यक्ति हुन्छन् । भिक्षुहो ! व्यक्तिमा हुने यो पाँचौं दोष हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षुहरूले भिक्षुलाई दोषारोपण गर्छ । त्यस भिक्षुलाई भिक्षुहरूबाट आरोप लगाउँदा संघलाई पर्वाह नगरी, दोषारोपण गर्नेलाई पनि पर्वाह नगरी 'सदोषी' भइकन नै जहाँ मन पर्छ त्यहीं जान्छ । जस्तो कि, घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा सारथिलाई वास्ता नगरी, सारथिको चाबुकलाई पनि वास्ता नगरी दाँतले लगाम चबाई जहाँ मन लाग्छ त्यहाँ जान्छ । यो उपमा झैं, भिक्षुहो ! मैले त्यस व्यक्तिलाई घटिया घोडा समान भन्दछु । यहाँ कोही-कोही यसप्रकारको घटिया व्यक्ति हुन्छन् । भिक्षुहो ! व्यक्तिमा हुने यो छैटौं दोष हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षुहरूले भिक्षुलाई दोषारोपण गर्छ । त्यस भिक्षुलाई भिक्षुहरूबाट आरोप लगाउँदा 'म दोषी छुइन', 'म दोषी होइन' भनी चुप लागेर संघलाई हैरान पार्छ । जस्तो कि घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा न त अगाडि बढ्छ, न त पछाडि हट्छ, त्यहीं किला समान भई बस्छ । यो उपमा झैं भिक्षुहो ! मैले त्यस व्यक्तिलाई घटिया घोडा समान भन्दछु । यहाँ कोही-कोही यसप्रकारका घटिया व्यक्ति हुन्छन् । भिक्षुहो ! व्यक्तिमा हुने यो सातौं दोष हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षुहरूले भिक्षुलाई दोषारोपण गर्छ । त्यस भिक्षुलाई भिक्षुहरूबाट आरोप लगाउँदा भन्ने गर्छ– किन होला आयुष्मानहरूले मप्रति चासो लिएको ! ल त अब म हीनमार्गी (गृहस्थ) हुन्छु । उसले शिक्षा परित्याग गरी हीनमार्गी भई यसरी भन्छ– "आयुष्मानहो ! अब तिमीहरू प्रसन्न भयौ होइन ! जस्तो कि घटिया घोडालाई 'जाऊँ' भनी घोच्दा, सारथिले प्रेरित गर्दा अगाडिको र पछाडिको चारैवटा खुट्टा खुम्च्याई त्यहीं त्यहीं बस्छ । यो उपमा झैं भिक्षुहो ! मैले त्यस मानिसलाई घटिया घोडा समान भन्दछु । यहाँ कोही-कोही यसप्रकारको घटिया व्यक्ति हुन्छन् । भिक्षुहो ! मानिसमा हुने यो आठौं दोष हो । भिक्षुहो ! यी नै आठप्रकारका घटिया व्यक्ति तथा व्यक्तिमा रहने आठ दोष हुन् ।"



Downloaded from http://dhamma.digital

## ५. मलसुत्तं

१५. भिक्षुहो ! यी आठप्रकारका मैल हुन् । कुन-कुन आठप्रकारका ? भिक्षुहो ! बारम्बार पाठ नगर्नु मन्त्रको मैल हो । भिक्षुहो ! क्रियाशील नहुनु घरको मैल हो । भिक्षुहो ! वर्णको मैल आलस्य हो । भिक्षुहो ! रक्षकको मैल प्रमाद हो । भिक्षुहो ! स्त्रीको मैल दुश्चरित्र हो । भिक्षुहो ! दाताको मैल लोभ हो । भिक्षुहो ! यस लोक र परलोकको मैल अकुशल पाप कर्म हो । यी मैलहरू भन्दा पनि ठूलो मैल अविद्या हो । भिक्षुहो ! यी नै आठप्रकारका मैल हुन् ।

"असज्झायमला मन्ता, अनुट्ठानमला घरा ।
मलं वण्णस्स कोसज्जं, पमादो रक्खतो मलं ॥

"बारम्बार पाठ नगर्नु मन्त्रको मैल हो, क्रियाशील नहुनु घरको मैल हो, वर्णको मैल आलस्य हो अनि रक्षकको मैल बेहोसीपन हो ।

"मलित्थिया दुच्चरितं, मच्छेरं ददतो मलं ।
मला वे पापका धम्मा, अस्मिं लोके परम्हि च ।
ततो मला मलतरं, अविज्जा परमं मल"न्ति ॥

दुश्चरित्र स्त्रीको मैल हो, कन्जुसीपन दाताको मैल हो, यस लोक र परलोकको मैल पाप कर्म हो । यी मैलहरू भन्दा पनि ठूलो मैल अविद्या हो ।"

## ६. दूतेय्यसुत्तं

Dhamma.Digital

१६. "भिक्षुहो ! यी आठ विषयले सम्पन्न भिक्षुलाई दूत बनाएर पठाउनु योग्य छ । ती आठ के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु सुन्ने खालको, सुनाउन हुने खालको, सिक्ने खालको, धारण गर्ने खालको, जान्ने खालको, जनाउन सक्ने खालको, सम्बद्ध-असम्बद्ध हुने अनि कलह नगर्ने खालको हुन्छ । भिक्षुहो ! जो भिक्षु यी आठ गुणले सम्पन्न छन्, त्यस भिक्षुलाई दूत बनाएर पठाउन योग्य छ । भिक्षुहो ! सारिपुत्त यी आठ गुणले सम्पन्न छन् । त्यसैले सारिपुत्तलाई दूत बनाएर पठाउन योग्य छ । ती आठ के के हुन् ? भिक्षुहो ! सारिपुत्त श्रवण गर्ने खालको, सुनाउन हुने खालको, सिक्ने खालको, धारण गर्ने खालको, जान्ने खालको, जनाउन सक्ने खालको, सम्बद्ध-असम्बद्ध हुने अनि कलह नगर्ने खालको हो ।



Downloaded from http://dhamma.digital

**"यो वे न ब्यथति पत्वा, परिसं उग्गवादिनिं ।**
**न च हापेति वचनं, न च छादेति सासनं ॥**

"जो उग्रवादिहरूको परिषदमा पुगेर पनि हडबडाउँदैन, जसले 'वचन' छाड्दैन अनि सन्देशलाई ढाकछोप गर्दैन ।

**"असन्दिद्धञ्च भणति, पुच्छितो न च कुप्पति ।**
**स वे तादिसको भिक्खु, दूतेय्यं गन्तुमरहती" ॥**

"असंदिग्ध भइकन बोल्ने हुन्छ तथा जुनसुकै कुरा सोधे पनि क्रोधित हुँदैन त्यस प्रकारका भिक्षुलाई दूत बनाएर पठाउन योग्य छ ।"

## ७. पठम बन्धनसुत्तं

१७. भिक्षुहो ! आठ प्रकारका भावद्वारा स्त्रीले पुरुषलाई बन्धनमा पार्छ । ती आठ के-के हुन् ? भिक्षुहो ! स्त्रीको रुवाईबाट पुरुषलाई बन्धनमा पार्छ, । भिक्षुहो ! स्त्रीको हँसाइले पुरुषलाई बन्धनमा पार्छ, । भिक्षुहो ! स्त्रीको बोलाइले पुरुषलाई बन्धनमा पार्छ, । भिक्षुहो ! स्त्रीको पहिरनले पुरुषलाई बन्धनमा पार्छ । भिक्षुहो ! स्त्रीले वनबाट भाँचेर ल्याएको चीजहरू दिई पुरुषलाई बन्धनमा पार्छ । भिक्षुहो ! स्त्रीले रसद्वारा पुरुषलाई बन्धनमा पार्छ, । भिक्षुहो ! स्त्रीले गन्धद्वारा पुरुषलाई बन्धनमा पार्छ । भिक्षुहो ! स्त्रीले स्पर्शद्वारा पुरुषलाई बन्धनमा पार्छ । भिक्षुहो ! यी नै आठ प्रकारका भावद्वारा स्त्रीले पुरुषलाई बन्धनमा पार्छ । भिक्षुहो ! जो सत्वहरू स्पर्शमा बाँधिन्छन् ती जकडिन्छन् ।"

## ८. दुतिय बन्धनसुत्तं

१८. "भिक्षुहो ! आठ प्रकारका भावद्वारा पुरुषले स्त्रीलाई बन्धनमा पार्छ । ती आठ के-के हुन् ? भिक्षुहो ! पुरुषको रुवाईबाट स्त्रीलाई बन्धनमा पार्छ । भिक्षुहो ! पुरुषको हँसाइले स्त्रीलाई बन्धनमा पार्छ । भिक्षुहो ! पुरुषको बोलाइले स्त्रीलाई बन्धनमा पार्छ । भिक्षुहो ! पुरुषको पहिरनले स्त्रीलाई बन्धनमा पार्छ । भिक्षुहो ! पुरुषले वनबाट भाँचेर ल्याएको चीजहरू दिई स्त्रीलाई बन्धनमा पार्छ । भिक्षुहो ! पुरुषले रसद्वारा स्त्रीलाई बन्धनमा पार्छ । भिक्षुहो ! पुरुषले गन्धद्वारा स्त्रीलाई बन्धनमा पार्छ । भिक्षुहो ! पुरुषले स्पर्शद्वारा स्त्रीलाई बन्धनमा पार्छ । भिक्षुहो ! यी



Downloaded from http://dhamma.digital

नै आठ प्रकारका भावद्वारा पुरुषले स्त्रीलाई बन्धनमा पार्छ। भिक्षुहो ! जो सत्वहरू स्पर्शमा बाँधिन्छन्, ती जकडिन्छन्।"

### ९. पहरादसुत्तं

१९. एक समय भगवान वेरञ्जास्थित नलेरुपुचिमन्दमूलमा बस्नुहुन्थ्यो। त्यसबेला पहराद भन्ने असुरिन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेका असुरिन्दलाई भगवानले यसरी भन्नुभयो–

"पहराद ! के असुरहरू महासमुद्रमा रमाउँछन् ?" "भन्ते ! असुरहरू महासमुद्रमा रमाउँछन्।" "त्यस्तो के आश्चर्य र अचम्मका कुराहरू छन् जसलाई हेरी-हेरी असुरहरू महासमुद्रमा रमाउँछन् ?" "भन्ते ! महासमुद्रमा आठ प्रकारका आश्चर्यकर र अचम्मका कुराहरू छन्। जुन हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन्। ती आठ के-के हुन् ? भन्ते ! महासमुद्र क्रमशः निम्न हुँदै जान्छ, क्रमशः गहीरिँदै जान्छ, क्रमशः तलतिर ढल्दै जान्छ त्यसमा सीधा प्रपात रहेको हुँदैन। भन्ते ! यो जुन महासमुद्र क्रमशः निम्न हुँदै जानु, क्रमशः गहीरिँदै जानु, क्रमशः तलतिर हुँदै ढल्दै जानु अनि त्यसमा सीधा प्रपात महासमुद्रमा रहँदैन। यो पहिलो आश्चर्य र अचम्मको कुराले गर्दा त्यसलाई हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन्।

"अनि फेरि अर्को, भन्ते ! महासमुद्र आफ्नो धर्ममा स्थिर रहन्छ। किनारालाई उल्लङ्घण गर्दैन। भन्ते ! यो जुन महासमुद्र आफ्नो धर्ममा स्थिर रहनु र किनारालाई उल्लङ्घण नगर्नाले नै, भन्ते ! महासमुद्रमा रहेको यो दोस्रो आश्चर्य र अचम्मको कुराले गर्दा त्यसलाइ हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन्।

"अनि फेरि अर्को, भन्ते ! महासमुद्रले मुर्दा तथा लासलाई राख्दैन। महासमुद्रमा जुन मुर्दा तथा लास हुन्छ त्यसलाई शीघ्र नै किनारातिर बगाएर स्थलमा फ्याँकिदिन्छ। भन्ते ! यो जुन महासमुद्रले मुर्दा तथा लास नराख्ने अनि महासमुद्रमा जुन मुर्दा हुन्छ त्यसलाई शीघ्र नै किनारामा लगेर स्थलमा फ्याँकि दिन्छ। भन्ते ! महासमुद्रमा रहेको यो तेस्रो आश्चर्य र अचम्मको कुरा हो। जसलाई हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन्।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, भन्ते ! जति पनि महानदीहरू छन् जस्तै कि– गङ्गा, यमुना, अचिरवती, सरभू र मही ती सबै महासमुद्रमा पुगेपछि आफ्नो पहिलेको नाउँ-गोत्रहरू बदलिएर महासमुद्र नै भनिन्छ । भन्ते ! यी जतिपनि महानदीहरू छन् जस्तै कि– गङ्गा, यमुना, अचिरवती, सरभू मही ती सबै महासमुद्रमा पुग्दा आफ्नो पहिलेका नाउँ-गोत्रहरू बदलिएर महासमुद्र नै भनिन्छ । भन्ते ! महासमुद्रमा यो चौथो आश्चर्य र अचम्मको कुरा हो । जसलाई हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन् ।

"अनि फेरि अर्को, भन्ते ! यस पृथ्वीका नदीहरू बगेर महासमुद्रमा पुग्छन् अनि आकाशबाट मुसलधारे पानी वर्षे पनि त्यसबाट महासमुद्रमा केही कम वा बढी भएको देखिँदैन । भन्ते ! यस पृथ्वीका जुन नदीहरू बगेर महासमुद्रमा पुग्छन् अनि आकाशबाट मुसलधारे पानी वर्षे पनि त्यसबाट महासमुद्रमा केही कम वा बढी भएको देखिंदैन । भन्ते ! महासमुद्रमा यो पाँचौ आश्चर्य र अचम्मको कुरा हो । जसलाई हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन् ।

"अनि फेरि अर्को, भन्ते ! महासमुद्रमा एकै रस नुनिलो रस हुन्छ । भन्ते ! यो जुन, महासमुद्रको एक रस नुनिलो रस हो– भन्ते ! महासमुद्रमा यो छैटौ आश्चर्य र अचम्मको कुरा हो । जसलाई हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन् ।

"अनि फेरि अर्को, भन्ते ! महासमुद्रमा धेरै रत्नहरू छन् तथा अनेकौं प्रकारका रत्नहरू छन् । त्यहाँ यी रत्नहरु छन् जस्तै कि– मोती, मणि, बिल्लौर, शङ्ख, शिला, मूंगा, चाँदी, सुन, रातो रङ्गको मणि, विशेष प्रकारको बहुमूल्य पत्थर । भन्ते ! यी जुन महासमुद्रमा धेरै रत्नहरू हुनु तथा अनेकौं प्रकारका रत्नहरू हुनु, जस्तै कि– मोती, मणि, बिल्लौर, शङ्ख, शिला, मूंगा, चाँदी, सुन, रातो रङ्गको मणि, विशेष प्रकारको बहुमूल्य पत्थर । भन्ते ! महासमुद्रमा यो सातौं आश्चर्य र अचम्मको कुरा हो । जसलाई हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन् ।

"अनि फेरि अर्को, भन्ते ! महासमुद्र ठूल्ठूला जीवहरूको निवासस्थान हो । त्यहाँ यी जीवहरू हुन्छन्– तिमि, तिमिङ्गल, तिमिरमिङ्गल, असुर, नाग र गन्धर्व । महासमुद्रमा सय योजनको लामा प्राणी छन्, दुईसय योजन लामा प्राणी छन्, तीनसय योजन लामा प्राणी छन्, चारसय योजन लामा प्राणी छन् अनि पाँचसय योजन लामा प्राणी छन् । जुन कि, भन्ते ! महासमुद्र ठूल्ठूला जीवहरूको निवासस्थान हुनु, त्यहाँ बस्ने– तिमि, तिमिङ्गल, तिमिरमिङ्गल, असुर, नाग र



Downloaded from http://dhamma.digital

गन्धर्व हुन् । महासमुद्रमा सय योजन .....दुईसय योजन..... तीनसय योजन..... चारसय योजन.....अनि पाँचसय योजन लामा प्राणीहरू छन्– भन्ते ! महासमुद्रमा यो आठौं आश्चर्य र अचम्मको कुरा हो । जसलाई हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन् ।

"भन्ते ! के भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ?" "पहराद ! यस धर्म-विनयमा भिक्षुहरू रमाउँछन् ।" "भन्ते ! यस धर्म-विनयमा के कति कुराहरू आश्चर्य र अचम्मका छन्, जसलाई हेरि-हेरि भिक्षुहरू रमाउँछन् ? पहराद ! यस धर्म-विनयमा आठ आश्चर्य र अचम्मका कुराहरू छन् जसलाई हेरि-हेरि भिक्षुहरू रमाउँछन् । ती आठ के के हुन् ? पहराद ! जस्तै कि– महासमुद्र क्रमशः निम्न हुँदै जान्छ, क्रमशः गहीरिंदै जान्छ, क्रमशः तलतिर हुँदै जान्छ, क्रमशः ढल्दै जान्छ त्यसमा सीधा प्रपात रहेको हुँदैन । यसरी नै, पहराद ! यस धर्म-विनयमा क्रमिक शिक्षा छ, क्रमिक क्रिया छ, क्रमिक चर्या छ, एकै पटकमा ज्ञान हासिल गर्न सकिंदैन । "पहराद ! यो जुन, यस धर्म-विनयमा क्रमिक शिक्षा, क्रमिक क्रिया, क्रमिक चर्या, एकै पटकमा ज्ञान हासिल गर्न सकिंदैन । पहराद ! यस धर्म-विनयमा यो पहिलो आश्चर्य र अचम्मको कुरा हो । जुन हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।

"पहराद ! जस्तै कि- महासमुद्र आफ्नो धर्ममा स्थिर रहन्छ । आफ्नो किनारालाई अतिक्रमन गर्दैन । यसरी नै, पहराद ! मेरा श्रावकहरूले मबाट प्रज्ञप्त भएको शिक्षापदलाई मर्नै परेता पनि अतिक्रमन गर्दैनन् । "पहराद ! यो जुन मेरा श्रावकहरूले मबाट प्रज्ञप्त भएको शिक्षापदलाई मर्नै परेता पनि अतिक्रमन गर्दैनन् । पहराद ! यस धर्म-विनयमा यो दोस्रो आश्चर्य र अचम्मको कुरा हो । जुन हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।

"पहराद ! जस्तै कि– महासमुद्रले मुर्दा तथा लासलाई राख्दैन । महासमुद्रमा जुन मुर्दा तथा लास हुन्छ त्यसलाई शीघ्र नै किनारा तिर लगेर स्थ-लमा फ्याँकि दिन्छ । यसरी नै, पहराद ! जो कोही व्यक्ति दुःशील पाप-कर्मी हुन्छ, अपवित्र-सन्दिग्ध आचरण गर्ने हुन्छ, पाप कर्म गर्दा लुकि-छिपी गर्ने हुन्छ, श्रमणरूपमा अश्रमण, ब्रह्मचारीरूपमा अब्रह्मचारी, भित्रभित्रै सडे-गलेको हुन्छ, अशुद्ध हुन्छ भने संघ ऊसँग बस्दैन । एकत्रित भई शीघ्र नै उसलाई आफूहरूबाट बाहिर निकालि दिन्छ ।

"चाहे ऊ जतिसुकै संघको बीचमा बसिरहोस् संघबाट ऊ टाढा हुन्छ अनि संघ ऊबाट टाढा भई दिन्छ । यो जुन, पहराद ! जो व्यक्ति दुःशील पाप-कर्मी



Downloaded from http://dhamma.digital

हुन्छ, अपवित्र-सन्दिग्ध आचरण गर्ने हुन्छ, पाप कर्म गर्दा लुकि-छिपी गर्ने हुन्छ, श्रमणरूपमा अश्रमण, ब्रह्मचारीरूपमा अब्रह्मचारी, भित्रभित्रै सडे-गलेको हुन्छ, अशुद्ध हुन्छ भने संघ ऊसँग बस्दैन । एकत्रित भई शीघ्र नै उसलाई आफूहरूबाट बाहिर निकालि दिन्छ । चाहे ऊ जतिसुकै संघको बीचमा बसिरहेता पनि संघबाट ऊ टाढा हुन्छ अनि संघ ऊबाट टाढा भई दिन्छ । पहराद ! यस धर्म-विनयमा यो तेस्रो आश्चर्य र अचम्मको कुरा हो । जुन हेरिहेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।

"पहराद ! जस्तै कि– जति पनि महानदीहरू छन्– गङ्गा, यमुना, अचिरवती, सरभू मही ती सबै महासमुद्रमा पुगेपछि आफ्नो पहिलेको नाउँ-गोत्रहरू बदलिएर महासमुद्र नै भनिन्छ । यसरी नै पहराद ! चार वर्ण छन्– क्षत्रि, ब्राह्मण, वैश्य र शुद्र तिनीहरू तथागतबाट प्रवर्तित धर्म-विनयमा घर-वार त्यागी, अनगारिक प्रव्रजित भई, पहिलेको नाउँ र गोत्र बदलिएर 'शाक्यपुत्र श्रमण' नै भनिन्छ । "पहराद ! यी जुन चार वर्ण हुन्– क्षत्रि, ब्राह्मण, वैश्य र शुद्र तिनीहरू तथागतबाट प्रवर्तित धर्म-विनयमा घरवार त्यागी अनगारिक प्रव्रजित भई, पहिलेको नाउँ र गोत्र बदलिएर 'शाक्यपुत्र श्रमण' नै भनिन्छ । पहराद ! यस धर्म-विनयमा यो चौथो आश्चर्य र अचम्मको कुरा हो । जुन हेरिहेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।

"पहराद ! जस्तै कि– यस लोकका नदीहरू महासमुद्रमा पुग्छन् अनि आकाशबाट जतिसुकै मुसलधारे पानी वर्षे पनि त्यसबाट महासमुद्रमा केही कम वा बढी भएको देखिदैन । यसरी नै पहराद ! धेरै नै भिक्षुहरूले अनुपादिषेश निर्वाण धातुमा परिनिर्वाण हुन्छन् । तिनीहरूबाट निर्वाण धातुमा न त कमी हुन्छ न त बढी हुन्छ । पहराद ! यी जुन धेरै नै भिक्षुहरूले अनुपादिषेश निर्वाण धातुमा परिनिर्वाण हुन्छन्, त्यसबाट निर्वाण धातुमा न त कमी हुन्छ, न त बढी हुन्छ । पहराद ! यस धर्म-विनयमा यो पाँचौ आश्चर्य र अचम्मको कुरा हो । जुन हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।

"पहराद ! जस्तै कि– महासमुद्रमा एकै रस, नुनिलो रस हुन्छ । यसरी नै पहराद ! यस धर्म-विनयमा एउटै रस विमुक्ति रस हो । पहराद ! यो जुन यस धर्म-विनयमा एक रस, विमुक्ति रस हो । पहराद ! यस धर्म-विनयमा यो छैटौं आश्चर्य र अचम्मको कुरा हो । जुन हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।



Downloaded from http://dhamma.digital

"पहराद ! जस्तै कि– महासमुद्रमा धेरै रत्नहरू तथा अनेकौं प्रकारका रत्नहरू छन् । त्यहाँ यी रत्नहरू छन् जस्तै कि– मोती, मणि, बिल्लौर, शङ्ख, शिला, मूंगा, चाँदी, सुन, रातो रङ्गको मणि, विशेष प्रकारको बहुमूल्य पत्थर । यसरी नै, पहराद ! यस धर्म-विनयमा धेरै रत्नहरू तथा अनेकौं प्रकारका रत्नहरू छन् । ती रत्नहरू यसप्रकारका हुन्, जस्तै कि– चार स्मृतिप्रस्थान, चार सम्यक-प्रधान, चार ऋद्धिपाद, पञ्च इन्द्रिय, पञ्च बल, सप्तबोध्यङ्ग र आर्य अष्टाङ्गिक मार्ग । पहराद ! यो जुन यस धर्म-विनयमा धेरै रत्नहरू तथा अनेकौं प्रकारका रत्नहरू छन् । ती रत्नहरू यसप्रकारका हुन्, जस्तै कि– चार स्मृतिप्रस्थान, चार सम्यकप्रधान, चार ऋद्धिपाद, पञ्च इन्द्रिय, पञ्च बल, सप्तबोध्यङ्ग र आर्य अष्टाङ्गिक मार्ग– पहराद ! यस धर्म-विनयमा यो सातौं आश्चर्य र अचम्मको कुरा हो । जुन हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।

"पहराद ! जस्तै कि– महासमुद्र ठूल्ठूला प्राणीहरूको निवासस्थान हो । त्यहाँ यी प्राणीहरू हुन्छन्– तिमि, तिमिङ्गल, तिमिरमिङ्गल, असुर, नाग र गन्धर्व । महासमुद्रमा सय योजनको लामा प्राणी छन्, दुईसय योजन लामा प्राणी छन्, तीनसय योजन लामा प्राणी छन्, चारसय योजन लामा प्राणी छन् अनि पाँचसय योजन लामा प्राणी छन् । यसरी नै पहराद ! यस धर्म-विनयमा ठूल्ठूला प्राणीहरूको निवासस्थान हो । यहाँ ती प्राणीहरू छन्– श्रोतापन्न, श्रोतापन्न फल साक्षात्कार गर्न प्रयासरत; सकृदागामी, सकृदागामी फल साक्षात्कार गर्न प्रयासरत; अनागामी, अनागामी फल साक्षात्कार गर्न प्रयासरत अनि अर्हत, अर्हत फल साक्षात्कार गर्न प्रयासरत । पहराद ! यस धर्म-विनयमा ठूल्ठूला प्राणीका निवासस्थान हो । यहाँ ती प्राणीहरू छन्– श्रोतापन्न, श्रोतापन्न फल साक्षात्कार गर्न प्रयासरत; सकृदागामी, सकृदागामी फल साक्षात्कार गर्न प्रयासरत; अनागामी, अनागामी फल साक्षात्कार गर्न प्रयासरत अनि अर्हत, अर्हत फल साक्षात्कार गर्न प्रयासरत । पहराद ! यस धर्म-विनयमा यो आठौं आश्चर्य र अचम्मको कुरा हो । जुन हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।"

## १०. उपोसथसुत्तं

२०. एक समय भगवान सावत्थिस्थित मिगार माताको पुब्बाराम प्रासादमा बस्नुहुन्थ्यो । त्यसबेला उपोसथ गर्नको निम्ति भिक्षु संघद्वारा घेरिएर भगवान विराजमान हुनुहुन्थ्यो । त्यसबेला प्रकाशमान रातमा पहिलो प्रहर बितेपछि आयुष्मान आनन्द आसनबाट उठ्नु भयो अनि वहाँले आफ्नो उत्तरासंग एउटा



Downloaded from http://dhamma.digital

काँधमा राखी जहाँ भगवान हुनुहुन्थ्यो त्यसतिर बिन्ति गरी तथा प्रणाम गरी, भगवानलाई निवेदन गर्नुभयो– "भगवान ! रात प्रकाशमान छ, पहिलो प्रहर बितिसक्यो । भिक्षुसंघ धेरै समयदेखि बसिरहेका छन् । भन्ते ! भिक्षुहरूको सम्मुखमा प्रातिमोक्ष आज्ञा गर्नुहोस् ।"

यसरी भन्नुहुँदा भगवान मौनभई बस्नुभयो । दोस्रो पटक प्रकाशमान रातमा मध्यम प्रहर बितेपछि आयुष्मान आनन्द आसनबाट उठ्नुभयो अनि वहाँले आफ्नो उत्तरासंगलाई एउटा काँधमा राखी जहाँ भगवान हुनुहुन्थ्यो त्यस तिर बिन्ति गरी तथा प्रणाम गरी भगवानलाई निवेदन गर्नुभयो– "भगवान ! रात प्रकाशमान छ, मध्यम प्रहर बितिसक्यो । भिक्षुसंघ धेरै समयदेखि बसिरहेका छन् । भन्ते ! भिक्षुहरूको सम्मुखमा प्रातिमोक्ष आज्ञा गर्नुहोस् ।" दोस्रो पटक पनि भगवान मौनभई बस्नुभयो । तेस्रो पटक प्रकाशमान रातमा अन्तिम प्रहर बितेपछि आयुष्मान आनन्द आसनबाट उठ्नुभयो अनि वहाँले आफ्नो उत्तरासंग एउटा काँधमा राखी जहाँ भगवान हुनुहुन्थ्यो त्यसतिर बिन्ति गरी, प्रणाम गरी भगवानलाई निवेदन गर्नुभयो– "भगवान ! रात प्रकाशमान छ, अन्तिम प्रहर बितेर अरुणोदय भइसक्यो, प्रसन्न मुहार लिई भिक्षुसंघ रातको धेरै समयदेखि बसिरहेका छन् । भन्ते ! भिक्षुहरू समक्ष प्रातिमोक्ष आज्ञा गर्नुहोस् ।" "आनन्द ! परिषद अपरिशुद्ध छ ।"

अनि त महामोग्गल्लानले विचार गर्नुभयो– "भगवानले कसलाई यसो भन्नुभयो– 'आनन्द ! परिषद अपरिशुद्ध छ ?' अनि त महामोग्गल्लानले साराकासारा भिक्षु संघको चित्तलाई आफ्नो चित्तले जान्न थाल्नुभयो । आयुष्मान ! महामोग्गल्लानले जो दु:शील, पाप-कर्मी, अपवित्र, संदिग्ध, लुकिछिपी पाप कर्म गर्ने, श्रमण रूपमा अश्रमण, ब्रह्मचारी रूपमा अब्रह्मचारी, भित्रभित्रै कुहिएको र अपरिशुद्ध भएका त्यस व्यक्तिलाई संघबीच बसिरहेको देख्नुभयो । देख्नु भएपछि आसनबाट उठ्नुभई जहाँ ती व्यक्ति थिए त्यहाँ जानुभयो । जानुभई त्यस व्यक्तिलाई भन्नुभयो– "आयुष्मान ! उठ, तिमीलाई भगवानले देखिसक्नुभयो । भिक्षुहरूसँग तिमी बस्न योग्य छैनौ ।"

यसरी भन्नु हुँदा पनि त्यो व्यक्ति चुपचाप बसिरहे । दोस्रो पटक पनि आयुष्मान महामोग्गल्लानले त्यस व्यक्तिलाई भन्नुभयो– "आयुष्मान ! उठ, भगवानले तिमीलाई देखिसक्नुभयो । भिक्षुहरूसँग तिमी बस्न योग्य छैनौ ।" दोस्रो पटक पनि त्यो व्यक्ति चुपचाप बसिरहे । तेस्रो पटक पनि आयुष्मान महामोग्गल्लानले त्यस व्यक्तिलाई भन्नुभयो– "आयुष्मान ! उठ, भगवानले



Downloaded from http://dhamma.digital

तिमीलाई देखिसक्नु भयो । भिक्षुहरूसँग तिमी बस्न योग्य छैनौ ।" तेस्रो पटक पनि त्यो व्यक्ति चुपचाप बसिरहे ।

अनि त त्यस व्यक्तिलाई आयुष्मान महामोग्गल्लानले बाहु समाती कोठाको बाहिर निकाली दिनुभई ढोकामा चुकुल लगाएपछि जहाँ भगवान हुनु-हुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगनुभई भगवानलाई यसरी भन्नुभयो– भन्ते ! त्यस व्यक्तिलाई मैले निकाली दिएँ । परिषद परिशुद्ध छ । भन्ते ! भिक्षुहरू समक्ष प्रातिमोक्ष आज्ञा गर्नुहोस् ।" "आश्चर्य हो मोग्गल्लान ! अचम्म हो मोग्गल्लान ! बाहु समातेर निकालिदिंदा पनि त्यो मूर्ख आउन खोज्छ ।"

अनि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! अबदेखि तिमीहरूले नै उपोसथ गर्नु, प्रातिमोक्षको वाचन गर्नु । भिक्षुहो ! आजदेखि मैले उपोसथ गर्दिन, प्रातिमोक्षको वाचन गर्दिन । भिक्षुहो ! तथागतले प्रातिमोक्षको वाचन गर्नु त्यहाँ उपयुक्त हुँदैन जहाँ परिषद अपरिशुद्ध हुन्छ ।

"भिक्षुहो ! महासमुद्रमा आठप्रकारका आश्चर्य र अचम्मका कुराहरू छन् । जुन हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन् । ती आठ के के हुन् ? भिक्षुहो ! महासमुद्र क्रमशः निम्न हुँदै जान्छ, क्रमशः गहीरिँदै जान्छ, क्रमशः तलतिर हुँदै ढल्दै जान्छ अनि त्यसमा सीधा प्रपात रहँदैन । भिक्षुहो ! यो जुन महासमुद्र क्रमशः निम्न हुँदै जानु, क्रमशः गहीरिँदै जानु, क्रमशः तलतिर हुँदै जानु, क्रमशः ढल्दै जानु अनि त्यसमा सीधा प्रपात रहँदैन । भिक्षुहो ! महासमुद्रमा यो पहिलो आश्चर्य र अचम्मका कुराहरू हुन् जसलाई हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन्... (माथि उल्लेख भएकोलाई दोहऱ्याउने) ।

अनि फेरि अर्को, भिक्षुहो ! महासमुद्र ठूल्ठूला जीवहरूको निवासस्थान हो । त्यहाँ यी जीवहरू हुन्छन्– तिमि, तिमिङ्गल, तिमिरमिङ्गल, असुर, नाग र गन्धर्व । महासमुद्रमा सय योजन लामा प्राणी छन्,...अनि पाँचसय योजन लामा प्राणी छन् । भिक्षुहो ! यो जुन, महासमुद्र ठूल्ठूला जीवहरूको निवासस्थान हो । त्यहाँ यी जीवहरू हुन्छन्– तिमि, तिमिङ्गल, तिमिरमिङ्गल, असुर, नाग र गन्धर्व । महासमुद्रमा सय योजन लामा प्राणी,... अनि पाँचसय योजन लामा प्राणी छन् । यी आठ प्रकारका आश्चर्य र अचम्मका कुराहरू हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन् । भिक्षुहो ! यी नै आठ प्रकारका आश्चर्य र अचम्मका कुरा हेरि-हेरि असुरहरू महासमुद्रमा रमाउँछन् ।



Downloaded from http://dhamma.digital

“भिक्षुहो ! यसरी नै यस धर्म-विनयमा आठ प्रकारका आश्चर्य र अचम्मको कुराहरू छन् । जुन हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् । ती आठ के के हुन् ? जस्तै कि भिक्षुहो ! महासमुद्र क्रमशः निम्न हुँदै जान्छ, क्रमशः गहीरिँदै जान्छ, क्रमशः तलतिर हुँदै ढल्दै जान्छ अनि त्यसमा सीधा प्रपात रहँदैन । भिक्षुहो ! यसरी नै यस धर्म-विनयमा क्रमिक शिक्षा छ, क्रमिक क्रिया छ, क्रमिक चर्या छ, एकै पटकमा ज्ञान हासिल गर्न सकिँदैन । “भिक्षुहो ! यस धर्म-विनयमा जुन क्रमिक शिक्षा, क्रमिक क्रिया, क्रमिक चर्या छ अनि एकै पटकमा ज्ञान हासिल गर्न सकिँदैन । भिक्षुहो ! यस धर्म-विनयमा यो पहिलो आश्चर्य र अचम्मको कुरा हो । जुन हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन्... जस्तै कि भिक्षुहो ! महासमुद्र ठूल्ठूला जीवहरूको निवासस्थान हो । त्यहाँ यी जीवहरू हुन्छन्– तिमि, तिमिङ्गल, तिमिरमिङ्गल, असुर, नाग र गन्धर्व । महासमुद्रमा सय योजन लामा प्राणी,... अनि पाँचसय योजन लामा प्राणी छन् । यसरी नै भिक्षुहो ! यस धर्म-विनयमा ठूल्ठूला जीवहरूका निवासस्थान हो । यहाँ ती जीवहरू छन्– श्रोतापन्न, श्रोतापन्न फल साक्षात्कार गर्न प्रयास रत... अनि अर्हत, अर्हत फल साक्षात्कार गर्न प्रयासरत । भिक्षुहो ! यस धर्म-विनयमा यी आठ प्रकारका आश्चर्य र अचम्मका कुरा हेरि-हेरि भिक्षुहरू रमाउँछन् । भिक्षुहो ! यी नै आठ प्रकारका कुरालाई हेरि-हेरि भिक्षुहरू यस धर्म-विनयमा रमाउँछन् ।”

Downloaded from http://dhamma.digital

# ३. गहपतिवग्गो

## १. पठमउग्गसुत्तं

२१. एक समय भगवान वेसालिस्थित महावनको कुटागारसालामा बस्नुहुन्थ्यो । त्यहाँ भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! वेसालिका उग्ग गृहपतिसँग आठ प्रकारले अचम्म पार्ने तथा आश्चर्य लाग्ने धर्मद्वारा सम्पन्न छन् भनी धारण गर्नु ।" भगवानले यसरी भन्नुभयो, यसरी भन्नु भएपछि सुगत आसनबाट उठ्नु भई विहार भित्र पस्नुभयो ।

अनि कोही एक भिक्षु पूर्वाह्ण समय चीवर लगाउनु भई, पात्र-चीवर लिनु भई जहाँ वेसालिस्थित गृहपतिको घर छ त्यहाँ गए । त्यहाँ गई बिछ्याइएको आसनमा बस्नुभयो । यसपछि वेसालिका उग्ग गृहपति जहाँ भिक्षु थिए त्यहाँ गए । गएर वहाँ भिक्षुलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि वेसालिका उग्ग गृहपतिलाई भिक्षुले यसरी भन्नुभयो–

"गृहपति ! तिमी आठ प्रकारले अचम्म पार्ने तथा आश्चर्य लाग्ने धर्मद्वारा सम्पन्न छौ भनी भगवानले भन्नुभयो । गृहपति ! तिमी आठ प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने जुन धर्मद्वारा सम्पन्न छौ भनी भगवानले भन्नुभयो, ती के के हुन् ?" "भन्ते ! ती आठ प्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने कुन धर्मद्वारा सम्पन्न छ भनी भगवानले भन्नुभयो त्यो मलाई थाहा छैन । तर, भन्ते ! जुन मसँग आठ प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने कुरा विद्यमान छ, त्यसलाई सुन्नुहोस्, राम्रोसँग मनमा लिनुहोस्, भन्नेछु । "हुन्छ, गृहपति !" भनी ती भिक्षुले वेसालिका उग्ग गृहपतिलाई प्रत्युत्तर दिए । वेसालिका गृहपतिले यसरी भने– "भन्ते ! जुनबेला मैले पहिलो पटक भगवानलाई टाढैबाट दर्शन गर्न पाएँ, दर्शन गर्नासाथ भन्ते ! भगवानप्रति मेरो चित्त प्रसन्न भयो । भन्ते ! यो नै मेरो पहिलो अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"त्यसबेला, भन्ते ! मैले भगवानप्रति प्रसन्न चित्त गरी सेवा गरें । तब भगवानले मलाई क्रमशः धर्म देशना गर्नुभयो, जस्तो कि– दानकथा, शीलकथा, स्वर्गकथा, कामभोगको दुष्परिणाम, विकार, संक्लिष्ट अनि नैष्क्रम्यको सुपरिणामलाई दर्शाउनुभयो । जब भगवानले मेरो चित्त योग्य भएको, चित्त कोमल भएको, चित्त नीवरण रहित भएको, चित्त उत्साहित भएको अनि चित्त प्रसन्न भएको जान्नुभयो । तब बुद्धहरूबाट उद्धार गर्नको निम्ति जुन धर्म देशना



Downloaded from http://dhamma.digital

गरिने हो, त्यसलाई प्रकाश पार्नुभयो– दुःख, समुदय, निरोध र मार्ग । जस्तै कि, शुद्ध स्वेत वस्त्रमा शीघ्र नै रङ्गले समाउँछ, त्यसरी नै त्यही आसनमा विरज, निर्मल, ज्ञान चक्षु उत्पन्न भयो– 'जति पनि समुदय धर्म हो ती सबै निरोध धर्म हुन् ।' भन्ते ! तब मलाई धर्मदर्शन भएपछि, धर्मको प्राप्ति भएपछि, धर्मको ज्ञान भएपछि, धर्मको गहराईमा उत्रेपछि, सन्देहरहित भएपछि, शङ्काबाट टाढा भएपछि, विशारद भएपछि, दृढ श्रद्धावान भएपछि बुद्ध, धर्म र संघको शरणमा गएँ अनि ब्रह्मचर्य-पञ्चशील ग्रहण गरें । भन्ते ! यो नै मेरो दोस्रो अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! त्यस समय मेरी श्रीमतीहरू चारवटी थिए । अनि म जहाँ ती मेरी श्रीमतीहरू थिए त्यहाँ गएँ । गएर ती श्रीमतीहरूलाई भनें– 'बहिनीहो ! मैले ब्रह्मचर्य-पञ्चशीलको शिक्षापदलाई ग्रहण गरें । जो चाहन्छन्, उनीहरू यहीं खान-पान गरेर पुण्य गर्दै बस्न सक्नेछौ । जो माइत जान चाहन्छ, ऊ आफ्नो माइत गए हुन्छ । यदि कसैलाई पुरुषको चाहना छ भने तिमीहरू मध्ये कसलाई दिएर पठाउँ ? भन्ते ! मैले यसरी भनेपछि मेरी जुन ठूली श्रीमती थिइन् उनले भनिन्– 'आर्य पुत्र ! मलाई फलानो नाउँको पुरुषलाई दिनु ।' अनि मैले, भन्ते ! त्यस पुरुषलाई बोलाएर ल्याई बायाँ हातले श्रीमतीलाई समाती दायाँ हातले जल-पात्र लिई त्यस पुरुषलाई समर्पण गरी दिएँ । भन्ते ! मैले आफ्नी श्रीमतीलाई परित्याग गरी दिंदा अलिकति पनि चित्त विचलित भएको थाहा छैन । भन्ते ! यो नै मेरो तेस्रो अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! मेरो घरमा भोग-सम्पत्ति छ । ती शीलवन्त तथा कल्याण-धर्मीको निम्ति मेरो जतिकै (भोग-सम्पत्तिमा) अधिकार छ । भन्ते ! यो नै मेरो चौथो अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! जब मैले भिक्षुलाई सेवा गर्छु, आदर पूर्वक सेवा गर्छु; अनादरको भावले होइन । भन्ते ! यो नै गेरो पाँचौ अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! जो आयुष्मानले मलाई धर्म उपदेश दिनुहुन्छ, त्यसलाई म आदरपूर्वक सुन्छु । अनादरको भावले होइन । यदि वहाँ आयुष्मानले धर्मोपदेश गर्नु भएन भने म नै धर्मोपदेश गर्छु । भन्ते ! यो नै मेरो छैटौं अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"



Downloaded from http://dhamma.digital

"भन्ते ! यो मेरो निम्ति आश्चर्य होइन कि, देवताहरू आई भन्ने गर्नुहुन्छ– 'सुआख्यात हो, भगवानको धर्म । यसरी भन्दा मैले भन्ते ! ती देवताहरूलाई यसरी भन्छु– देवगण ! देवताहरूले भगवानको धर्म सुआख्यात हो भनेता पनि नभनेता पनि भगवानको धर्म सुआख्यात हो ।' भन्ते ! त्यस कारणले गर्दा मेरो चित्तमा अहंभाव भएको मलाई थाहा छैन– 'मकहाँ देवताहरू आउनुहुन्छ वा म देवताहरूसँग कुराकानी गर्छु । भन्ते ! यो नै मेरो सातौं अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! जतिपनि भगवानबाट उपदेशित निम्न तिर लाने पञ्च संयोजन हो, त्यो मसँग केही पनि बाँकी नरहेको देख्छु । भन्ते ! यो नै मेरो आठौं अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो । भन्ते ! यो नै मेरो आठौं अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो । तर मसँग कुन आठप्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म भगवानले भन्नु भएको हो, मलाई त्यो थाहा छैन ।"

यसपछि वहाँ भिक्षुले वेसालीका गृहपति उग्गको घरबाट भोजन ग्रहण गरी आसनबाट उठेर जानुभयो । यसपछि वहाँ भिक्षु भिक्षाटनबाट फर्की भोजन पश्चात जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि वहाँ भिक्षुले वेसालिका उग्ग गृहपतिसँग जतिपनि कुराकानी भए ती सबै नै भगवानलाई सुनाउनुभयो ।

"साधु, साधु भिक्षु ! जसरी वेसालिका गृहपति उग्गद्वारा सम्यकरूपले व्याख्या गरे, ठीक ती नै आठप्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छन् भनी भनेको हुँ । भिक्षु ! यी नै आठप्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा वेसालिका गृहपति उग्ग सम्पन्न छन् भनी धारण गर्नु ।"

## २. दुतियउग्गसुत्तं

२२. एक समय भगवान वज्जीस्थित हत्थिग्राममा बस्नुहुन्थ्यो। त्यस-बेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! हत्थिग्रामका उग्ग गृहपति आठ प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छन् भनी धारण गर्नु ।" भगवानले यसरी भन्नुभयो । यसरी भन्नु भएपछि सुगत आसनबाट उठ्नु भई विहार भित्र पस्नुभयो ।



Downloaded from http://dhamma.digital

अनि कोही एक भिक्षु पूर्वाह्ण समय चीवर लगाउनुभई पात्रचीवर लिनुभई जहाँ हत्थिग्रामका उग्ग गृहपतिको घर छ त्यहाँ जानुभयो । त्यहाँ जानुभई बिछ्याइएको आसनमा बस्नभयो । यसपछि हत्थिग्रामका उग्ग गृहपति जहाँ भिक्षु थिए, त्यहाँ गए । गएर व ४९ ाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका हत्थिग्रामका उग्ग गृहपातलाई वहाँ भिक्षुले यसरी भन्नुभयो "गृहपति ! तिमी आठ प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छौ भनी भगवानले भन्नुभयो । गृहपति ! तिमी आठ प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने जुन धर्मद्वारा सम्पन्न छौ भनी भन्नुभयो, ती के के हुन् ?"

"भन्ते ! मलाई त थाहा छैन, भगवानले ती आठ प्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने कुन धर्मद्वारा सम्पन्न छ भनी भन्नुभयो । तर भन्ते ! मसँग आठ प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने जुन कुरा विद्यमान छ, त्यो सुन्नुहोस् राम्रोसँग मनमा लिनुहोस्; भन्नेछु । "हुन्छ, गृहपति !" भनी वहाँ भिक्षुले हत्थिग्रामका उग्ग गृहपतिलाई प्रत्युत्तर दिनुभयो । हत्थिग्रामका गृहपतिले यसरी भने– "भन्ते ! भगवान नागवनमा विचरण गरिरहनु भएको बेला पहिलो पटक टाढैबाट मैले दर्शन पाएँ । भन्ते ! भगवानको दर्शन गर्न पाउनसाथ वहाँप्रति मेरो चित्त प्रसन्न भएको थियो अनि रक्सिको नशा हटेको थियो । भन्ते ! यो नै मेरो पहिलो अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"त्यसबेला, भन्ते ! मैले भगवानप्रति चित्त प्रसन्न गरी सेवा गरें । तब भगवानले मलाई क्रमशः धर्मदेशना गर्नुभयो, जस्तो कि– दानकथा, शीलकथा, स्वर्गकथा, कामभोगको दुष्परिणाम, विकार, संक्लिष्ट अनि नैष्क्रम्यको सुपरिणाम दर्शाउनु भयो । जब भगवानले मेरो चित्त योग्य भएको, चित्त कोमल भएको, चित्त नीवरणरहित भएको, चित्त उत्साहित भएको अनि चित्त प्रसन्न भएको जान्नुभयो । तब बुद्धहरूबाट उद्धार गर्नको निम्ति जुन धर्मदेशना गर्नुहुने हो, त्यसलाई प्रकाश पार्नुभयो– दुःख, समुदय, निरोध र मार्ग । जस्तै कि, शुद्ध स्वेत वस्त्रमा शीघ्र नै रङ्गले समाउँछ, त्यसरी नै त्यही आसनमा विरज, निर्मल धर्मचक्षु उत्पन्न भयो– 'जति पनि समुदय धर्म हो ती सबै निरोध धर्म हुन् ।' भन्ते ! तब मलाई धर्मको दर्शन भएपछि, धर्मको प्राप्ति भएपछि, धर्मको ज्ञान भएपछि, धर्मको गहिराइमा उत्रेपछि, सन्देहरहित भएपछि, के-कसो हो भन्ने भाव हटेपछि, विशारद भएपछि, दृढ श्रद्धावान भएपछि बुद्ध, धर्म र संघको शरणमा गएँ अनि ब्रह्मचर्य-पञ्चशील ग्रहण गरें । भन्ते ! यो नै मेरो दोस्रो अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"



Downloaded from http://dhamma.digital

"भन्ते ! त्यस समय मेरी श्रीमतीहरू चारवटी थिए । अनि म जहाँ मेरी श्रीमतीहरू थिइन त्यहाँ गएँ । गएर ती श्रीमतीहरूलाई भनें–'बहिनीहो ! मैले ब्रह्मचर्य-पञ्चशीलको शिक्षापदलाई ग्रहण गरें । जो चाहन्छन्, उनीहरू यहीं खान-पान गरेर पुण्य गर्दै बस्न सक्नेछौ । जो माइत जान चाहन्छ, ऊ आफ्नो माइत गए हुन्छ । यदि कसैलाई पुरुषको चाहना छ भने तिमीहरू मध्ये कसलाई दिएर पठाउँ ? भन्ते ! मैले यसरी भनेपछि मेरी जुन ठूली श्रीमती थिइन् उनले भनिन्– 'आर्य पुत्र ! मलाई फलानो नाउँको पुरुषलाई दिनु ।' अनि मैले, भन्ते ! त्यस पुरुषलाई बोलाएर ल्याई बायाँ हातले श्रीमतीलाई समाती दायाँ हातले जल-पात्र लिई त्यस पुरुषलाई समर्पण गरी दिएँ । भन्ते ! मैले आफ्नी श्रीमतीलाई परित्याग गरी दिंदा अलिकति पनि चित्त विचलित भएको थाहा छैन । भन्ते ! यो नै मेरो तेस्रो अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! मेरो घरमा भोग-सम्पत्ति छ । ती शीलवन्त तथा कल्याण-धर्मीको निम्ति मेरो जतिकै (भोग-सम्पत्तिमा) अधिकार छ । भन्ते ! यो नै मेरो चौथो अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! जब मैले भिक्षुलाई सेवा गर्छु, आदर पूर्वक सेवा गर्छु अनादरको भावले होइन । भन्ते ! जो आयुष्मानले मलाई धर्मको उपदेश दिनुहुन्छ, मैले त्यसलाई आदर पूर्वक सुन्नेगर्छु । अनादरको भावले होइन । यदि वहाँ आयुष्मानले धर्मोपदेश गर्नु भएन भने मैले नै धर्मोपदेश गर्छु । भन्ते ! यो नै मेरो पाँचौ अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! यसमा आश्चर्य मान्नु पर्ने छैन, जब म भिक्षुसंघलाई भोजन गर्नको निम्ति निमन्त्रण गर्छु त्यसबेला देवताहरू मकहाँ आई भन्नुहुन्छ– फलानो भिक्षु दुवै प्रकारले विमुक्त छन्, फलानो भिक्षु प्रज्ञा विमुक्त हुन्, फलानो भिक्षु कायसाक्षी हुन्, फलानो भिक्षु सम्यकदृष्टि प्राप्त हुन्, फलानो श्रद्धा विमुक्त हुन्, फलानो धर्मानुसार आचरण गर्ने हुन्, फलानो श्रद्धानुसार आचरण गर्ने हुन्, फलानो शीलवान हुन्, कल्याण धर्मी हुन् अनि फलानो दुःशील पापकर्मी हुन् ।' भन्ते ! मैले संघलाई दान दिंदै गर्दा मनमा यस्तो विचार आएको थाहा छैन– यसलाई थोरै दिने वा उसलाई धेरै दिने । भन्ते ! मैले दान दिंदा मनमा समान-भाव राखेर दिन्छु । भन्ते ! यो नै मेरो छैटौं अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! यो मेरो निम्ति आश्चर्य होइन, देवताहरू आई यसरी भन्ने गर्नुहुन्छ– 'सुआख्यात हो, भगवानको धर्म । यसरी भन्दा मैले भन्ते ! ती



Downloaded from http://dhamma.digital

देवलाहरूलाई यसरी भन्छु– देवगण ! देवताहरूले भगवानको धर्म सुआख्यात हो भनेता पनि नभनेता पनि भगवानको धर्म सुआख्यात हो ।' भन्ते ! त्यस कारणले गर्दा मेरो चित्तमा अहंभाव भएको थाहा छैन– 'मकहाँ देवताहरू आउँछन् वा म देवतासँग कुराकानी गर्छु । भन्ते ! यो नै मेरो सातौं अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो ।"

"भन्ते ! यदि म भगवान भन्दा पहिले नै मरें भने यो आश्चर्य होइन कि मेरो बारेमा यसरी भन्नेछन्– हत्थिग्रामका उग्ग गृहपतिसँग यस्तो बन्धन छैन जुन कारणले गर्दा ऊ फेरि यस लोकमा जन्म लिनेछन् ।' भन्ते ! यो नै मेरो आठौं अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्म हो । तर मसँग कुन आठप्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मलाई लिएर भगवानले भन्नु- भएको हो, त्यो मलाई थाहा छैन ।"

यसपछि वहाँ भिक्षुले हत्थिग्रामका गृहपति उग्गको घरबाट भोजन ग्रहण गरी आसनबाट उठेर जानुभयो । वहाँ भिक्षु भिक्षाटनबाट फर्की भोजन पश्चात जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि वहाँ भिक्षुले हत्थिग्रामका उग्ग गृहपतिसँग जतिपनि कुराकानि भए, ती सबै नै भगवानलाई सुनाउनु भयो ।

"साधु, साधु भिक्षु ! जसरी हत्थिग्रामका गृहपति उग्गद्वारा सम्यकरूपले व्याख्या गरे, हत्थि ग्रामका गृहपति उग्ग, ठीक ती नै आठप्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छन् भनी मैले भनेको हुँ । भिक्षु ! यी नै आठप्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा वेसालिका गृहपति उग्ग सम्पन्न छन् भनी धारण गर्नु ।"

### ३. पठमहत्थकसुत्तं

२३. एक समय भगवान आलविस्थित अग्गालव चैत्यमा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– 'भिक्षुहो ! हत्थकआलवक सात प्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छन् भनी धारण गर्नु । ती सात क-के हुन् ? भिक्षुहो ! हत्थकआलवक श्रद्धावान हुन्, भिक्षुहो ! हत्थकआलवक शीलवान हुन्, भिक्षुहो ! हत्थकआलवक लज्जावान हुन्, भिक्षुहो ! हत्थकआलवक भयवान हुन्, भिक्षुहो ! हत्थकआलवक त्यागवान हुन् अनि भिक्षुहो ! हत्थक आलवक प्रज्ञावान हुन् । भिक्षुहो ! यी नै सात प्रकारका अचम्म



Downloaded from http://dhamma.digital

नै सात प्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छौ भनी भगवानले भन्नुभयो ।"

"भन्ते ! मैले यसरी सुनाएपछि हत्थकले मलाई भन्यो– 'भन्ते ! यहाँ कोही स्वेत वस्त्रधारी गृहस्थ त छैन ? आवुसो ! यहाँ कोही स्वेत वस्त्रधारी गृहस्थ छैन ।" भन्ते ! यहाँ अरू कोही स्वेत वस्त्रधारी गृहस्थ नभएको बेस भयो ।"

साधु, साधु भिक्षु ! त्यो कुलपुत्र अल्पेच्छ हो । आफूसँग कुशल धर्म हुँदा पनि अरूले थाहा पावस भन्ने उसमा इच्छा छैन । त्यसैले भिक्षु ! तिमीले योसहित आठ प्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा हत्थक आलवक सम्पन्न छन् भनी धारण गर्नु । जुन कि, यो अल्पेच्छता ।"

### ४. दुतियहत्थकसुत्तं

२४. एक समय भगवान आलविस्थित अग्गालव चैत्यमा बस्नुहुन्थ्यो । त्यसबेला पाँचसय उपासकहरू सहित हत्थक आलवक जहाँ भगवान हुनु-हुन्थ्यो, त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि हत्थक आलवकलाई भगवानले यसरी भन्नुभयो– "हत्थक ! तिम्रो यी परिषद वृहत् छ । हत्थक ! तिमीले कसरी यति वृहत् परिषदलाई सङ्ग्रह गर्नसक्यौ ? भन्ते ! भगवानले चार सङ्ग्रहको विषय लिएर जुन धर्म देशना गर्नुभएको थियो । त्यस उपदेशानुसार नै यति वृहत् परिषदलाई सङ्ग्रह गर्न सकेको हुँ । भन्ते ! जब म जान्दछु कि– जसलाई केही दिंदा सङ्ग्रह हुन्छ भने उसलाई केही दिएर सङ्ग्रह गरें । जब म जान्दछु कि– जसलाई मिठो बोलिद्वारा सङ्ग्रह हुन्छ भने ऊसँग मैले मिठो बोलि बोलेर सङ्ग्रह गरें । जब म जान्दछु कि– जसलाई अर्थ चर्याद्वारा सङ्ग्रह हुन्छ भने उसलाई अर्थचर्याद्वारा सङ्ग्रह गरें । जब म जान्दछु कि– योसँग समानताको व्यवहार गरेमा सङ्ग्रह हुन्छ भने ऊसँग मैले समानताको व्यवहार गरी सङ्ग्रह गरें । भन्ते ! मेरो घरमा धन छ । यी मानिसहरूले दरिद्रतामा त्यति ध्यान दिन योग्य मान्दैनन् । "साधु, साधु हत्थक ! वृहत् परिषद सङ्ग्रह गर्ने यही उपाय हो । हत्थक ! भूतकालमा जसले वृहत् परिषद सङ्ग्रह गरे, तिनले यही चार कुराद्वारा सङ्ग्रह गरे । हत्थक ! भविष्यमा जसले वृहत् परिषद सङ्ग्रह गर्नेछन् तिनले यही चार कुराद्वारा सङ्ग्रह गर्नेछन् । हत्थक ! वर्तमानमा जसले वृहत् परिषद सङ्ग्रह गरिरहेका छन् तिनले यही चार कुराद्वारा नै सङ्ग्रह गरिरहेका हुन् ।"



Downloaded from http://dhamma.digital

लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा हत्थक आलवक सम्पन्न छन् भनी धारण गर्नु ।" भगवानले यसरी भन्नुभयो, यति भनिसक्नु भएपछि सुगत आसनबाट उठेर विहार भित्र पस्नुभयो ।

अनि कोही एक जना भिक्षु पूर्वाह्ण समय चीवर लगाउनुभई पात्र-चीवर लिनुभई जहाँ हत्थक आलवकको घर छ, त्यहाँ जानुभयो । त्यहाँ गई बिछ्याइएको आसनमा बस्नुभयो । त्यसपछि हत्थकआलवक जहाँ ती भिक्षु थिए त्यहाँ गए । गएर वहाँ भिक्षुलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका हत्थक आलवकलाई वहाँ भिक्षुले यसरी भन्नुभयो–

"आवुसो ! तिमी सात प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छौ भनी भगवानले भन्नुभयो । ती सात के के हुन् ? 'आवुसो ! हत्थक आलवक श्रद्धावान हुन्, शीलवान... लज्जावान... भयवान.. बहुश्रुत... त्यागवान... भिक्षुहो ! हत्थक आलवक प्रज्ञावान हुन् । आवुसो ! तिमी यी नै सात प्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छौ भनी भगवानले भन्नुभयो ।" "भन्ते ! यहाँ कोही स्वेत वस्त्रधारी गृहस्थ त छैन ? आवुसो ! यहाँ कोही स्वेत वस्त्रधारी गृहस्थ छैन ।" भन्ते ! यहाँ अरू कोही स्वेत वस्त्रधारी गृहस्थ नभएको बेस भयो ।"

यसपछि वहाँ भिक्षुले हत्थकआलवकको घरबाट भोजन ग्रहण गरी आसनबाट उठेर जानुभयो । यसपछि वहाँ भिक्षु भिक्षाटनबाट फर्की भोजन पश्चात जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि वहाँ भिक्षुले हत्थिग्रामका हत्थक आलवक गृहपतिसँग जेजति कुराकानी भए, ती सबै नै भगवानलाई यसरी सुनाउनु भयो–

"भन्ते ! यहाँ म पूर्वाह्ण समय चीवर लगाई पात्र-चीवर लिई जहाँ हत्थक आलवकको निवासस्थान छ, त्यहाँ गएँ । गएर बिछ्याई राखेको आसनमा बसें । अनि भन्ते ! हत्थक आलवक जहाँ म थिएँ, त्यहाँ आए । आएर मलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि, भन्ते ! मैले हत्थक आलवकलाई यसरी भनें–"आवुसो ! तिमी सात प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छौ भनी भगवानले भन्नुभयो । ती सात के के हुन् ? 'आवुसो ! हत्थक आलवक श्रद्धावान हुन्, शीलवान... लज्जावान... भयवान... बहुश्रुत... त्यागवान... भिक्षुहो ! हत्थक आलवक प्रज्ञावान हुन् । आवुसो ! तिमी यी



Downloaded from http://dhamma.digital

तब भगवानको धार्मिक उपदेशबाट लाभान्वित भई, शिक्षित भई, उत्साहित र हर्षित भई आसनबाट उठी भगवालाई अभिवादन अनि प्रदक्षिणा गरी फर्के । हत्थक आलवक गएको केही क्षणपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! हत्थक आलवक आठ प्रकारले अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छन् । ती आठ के-के हुन् ? 'भिक्षुहो ! हत्थक आलवक श्रद्धावान हुन्, शीलवान... लज्जावान... भयवान... बहुश्रुत... त्यागवान... प्रज्ञावान... भिक्षुहो ! हत्थक आलवक अल्पेच्छ पनि हुन् । भिक्षुहो ! हत्थक आलवक यी नै आठ प्रकारका अचम्म लाग्ने तथा आश्चर्य पार्ने धर्मद्वारा सम्पन्न छन् भनी धारण गर्नु ।"

## ५. महानामसुत्तं

२५. एक समय भगवान कपिलवत्थुस्थित शाक्यहरूको निग्रोधाराममा बस्नुहुन्थ्यो । त्यसबेला महानाम शाक्य जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि महानाम शाक्यले भगवानलाई यसरी भने– "भन्ते ! कसरी उपासक हुन्छ ?" "महानाम ! जब बुद्धको शरण जान्छ, धर्मको शरण जान्छ अनि संघको शरणमा जान्छ । महानाम ! यसरी उपासक हुन्छ ।"

"भन्ते ! उपासक कसरी शीलवान हुन्छ ?" "महानाम ! जब उपासकले प्राणी हिंसा गर्नबाट विरत हुन्छ । चोर्नबाट विरत हुन्छ । काम-मिथ्याचारबाट विरत हुन्छ । झूटो बोल्नबाट विरत हुन्छ । रक्सि, जाँड आदि नशालू पदार्थको सेवनबाट विरत हुन्छ । यसरी उपासक शीलवान हुन्छ ।"

"भन्ते ! उपासक कसरी आफ्नो हितमा लागेको हुन्छ तर अरूको हितमा लाग्दैन ?" "जब कि, महानाम ! आफू श्रद्धावान उपासक हुन्छ तर अरूलाई श्रद्धावान बनाउँदैन । आफू शीलवान हुन्छ तर अरूलाई शीलवान बनाउँदैन । आफू त्यागी हुन्छ तर अरूलाई त्यागी बनाउँदैन । आफूले भिक्षुहरू दर्शन गर्छ तर अरूलाई भिक्षुहरू दर्शन गर्न लगाउँदैन । आफू सद्धर्म श्रवण गर्छ तर अरूलाई सद्धर्म श्रवण गर्न लगाउँदैन । आफूले श्रवण गरेको धर्मलाई धारण गर्छ तर अरूलाई श्रवण गरेको धर्म धारण गर्न लगाउँदैन । आफूले श्रवण गरेको धर्मको अर्थ विचार गर्ने हुन्छ तर अरूलाई श्रवण गरेको धर्मको अर्थ विचार गर्न लगाउँदैन । आफूले अर्थ तथा धर्मको ज्ञान प्राप्त गरी धर्मानुसार जीवन व्यतीत गर्छ तर अरूलाई अर्थ तथा धर्मको ज्ञान प्राप्त गराई धर्मानुसार



Downloaded from http://dhamma.digital

जीवन व्यतीत गर्न लगाउँदैन । महानाम ! यसरी उपासक आफ्नो हितमा लागेको हुन्छ तर अरूको हितमा लाग्दैन ।"

"भन्ते ! उपासक कसरी आफ्नो र अरूको हितमा लाग्छ ?" "महानाम ! जब उपासक आफू श्रद्धावान हुन्छ अनि अरूलाई पनि श्रद्धावान बनाउँछ । आफू शीलवान हुन्छ अनि अरूलाई पनि शीलवान बनाउँछ । आफू त्यागी हुन्छ अनि अरूलाई पनि त्यागी बनाउँछ । आफू भिक्षुहरूको दर्शन गर्छ अनि अरूलाई पनि भिक्षुहरूको दर्शन गर्न लगाउँछ । आफू सद्धर्म श्रवण गर्छ अनि अरूलाई पनि सद्धर्म श्रवण गर्न लगाउँछ । आफू श्रवण गरेको धर्म धारण गर्छ अनि अरूलाई पनि श्रवण गरेको धर्म धारण गर्न लगाउँछ । आफू श्रुत धर्मको अर्थ विचार गर्छ अनि अरूलाई पनि श्रुत धर्मको अर्थ विचार गर्न लगाउँछ । आफू अर्थ तथा धर्मको ज्ञान प्राप्त गरी धर्मानुसार जीवन व्यतीत गर्छ अनि अरूलाई पनि अर्थ तथा धर्मको ज्ञान प्राप्त गर्न लगाई धर्मानुसार जीवन व्यतीत गर्न लगाउँछ । महानाम ! यसरी उपासक आफ्नो र अरूको पनि हितमा लाग्छ ।"

## ६. जीवकसुत्तं

२६. एक समय भगवान राजगहस्थित जीवकको आम्रवनमा बस्नुहुन्थ्यो । त्यसबेला जीवक कौमारभृत्य जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि जीवक कौमारभृत्यले भगवानलाई यसरी भने– "भन्ते ! कसरी उपासक हुन्छ ?" "जीवक ! जब बुद्धको शरण जान्छ, धर्मको शरण जान्छ अनि संघको शरणमा जान्छ । जीवक ! यसरी उपासक हुन्छ ।"

"भन्ते ! उपासक कसरी शीलवान हुन्छ ?" "महानाम ! जब उपासक प्राणीहिंसाबाट विरत हुन्छ... रक्सिजाँड आदि नशालू पदार्थको सेवन गर्नबाट विरत हुन्छ । यसरी उपासक शीलवान हुन्छ ।"

"भन्ते ! उपासक कसरी आफ्नो हितमा लागेको हुन्छ तर अरूको हितमा लाग्दैन ?" "महानाम ! जब उपासक आफू श्रद्धावान हुन्छ तर अरूलाई श्रद्धावान बनाउँदैन... आफू अर्थ तथा धर्मको ज्ञान प्राप्त गरी धर्मानुसार जीवन व्यतीत गर्छ तर अरूलाई अर्थ तथा धर्मको ज्ञान प्राप्त गराई धर्मानुसार जीवन व्यतीत गर्न लगाउँदैन । जीवक ! यसरी उपासक आफ्नो हितमा लागेको हुन्छ तर अरूको हितमा लागेको हुँदैन ।"



Downloaded from http://dhamma.digital

"भन्ते ! उपासक कसरी आफ्नो र अरूको हितमा लाग्छ ?" "जीवक ! जब उपासक आफू पनि श्रद्धावान हुन्छ अनि अरूलाई पनि श्रद्धावान बनाउँछ । आफू पनि शीलवान हुन्छ अनि अरूलाई पनि शीलवान बनाउँछ । आफू पनि त्यागी हुन्छ अनि अरूलाई पनि त्यागी बनाउँछ । आफू पनि भिक्षुहरूको दर्शन गर्छ अनि अरूलाई पनि भिक्षुहरूको दर्शन गर्न लगाउँछ । आफूले पनि सद्धर्म श्रवण गर्छ अनि अरूलाई पनि सद्धर्म श्रवण गर्न लगाउँछ । आफूले पनि श्रवण गरेको धर्मलाई धारण गर्छ अनि अरूलाई पनि श्रवण गरेको धर्मलाई धारण गर्न लगाउँछ । आफू पनि श्रुत धर्मको अर्थ विचार गर्छ अनि अरूलाई पनि श्रुत धर्मको अर्थ विचार गर्न लगाउँछ । आफूले पनि अर्थ तथा धर्मको ज्ञान प्राप्त गरी धर्मानुसार जीवन व्यतीत गर्छ अनि अरूलाई पनि अर्थ तथा धर्मको ज्ञान प्राप्त गराउनका साथै धर्मानुसार जीवन व्यतीत गर्न लगाउँछ । जीवक ! यसरी उपासक आफ्नो र अरूको हितमा लागेको हुन्छ ।"

## ७. पठमबलसुत्तं

२७. भिक्षुहो ! यी आठ प्रकारका बल हुन् । ती आठ के-के हुन् ? भिक्षुहो ! बच्चाको बल रुनु हो, स्त्रीको बल क्रोधी हुनु, चोरको बल हतियार हो, राजाको बल ऐश्वर्य हो, मूर्खको बल यथार्थ नबुझ्नु हो, पण्डितको बल यथार्थ बुझ्नसक्नु हो, बहुश्रुतको बल प्रत्यवेक्षण अनि श्रमण-ब्राह्मणको बल क्षमा हो । भिक्षुहो ! यी नै आठ बल हुन् ।"

## ८. दुतियबलसुत्तं

२८. त्यसबेला आयुष्मान सारिपुत्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । जानुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि भगवानले सारिपुत्तलाई यसरी भन्नुभयो– "सारिपुत्त ! क्षीणाश्रव भिक्षुसँग कति प्रकारका बल हुन्छ ?" जुन बलद्वारा सम्पन्न भई क्षीणाश्रवी भिक्षुको आश्रव क्षय हुँदा– 'मेरो आश्रव क्षय भयो भनी जान्न सक्छन् ।' "भन्ते ! क्षीणाश्रवी भिक्षु आठ प्रकारका बलद्वारा सम्पन्न हुन्छन्, जुन बलद्वारा सम्पन्न हुँदा क्षीणाश्रवी भिक्षुले– 'ममा रहेको आश्रव क्षय भयो भनी थाहा पाउँछन् ।' "

"ती आठ के-के हुन् ? भन्ते ! यहाँ क्षीणाश्रवी भिक्षुले सबै संस्कार अनित्य हुन् भनी यथार्थसहित सम्यक प्रज्ञाद्वारा राम्रोसँग बोध भएको हुन्छ । भन्ते !



Downloaded from http://dhamma.digital

क्षीणाश्रवी भिक्षुले जुन विषयलाई लिएर अर्थात सबै संस्कार अनित्य हुन् भनी यथार्थसहित सम्यक प्रज्ञाद्वारा राम्रोसँग बोध भएको हुन्छ । भन्ते ! यो पनि क्षीणाश्रवी भिक्षुको बल हो । जुन बलले गर्दा क्षीणाश्रवी भिक्षुले थाहा पाएको हुन्छ– 'ममा रहेको आश्रव क्षय भयो ।' "

"अनि फेरि अर्को, भन्ते ! क्षीणाश्रवी भिक्षुले अङ्गारसमान भएको काम-भोगलाई सम्यक प्रज्ञाद्वारा यथार्थसहित राम्रोसित बोध भएको हुन्छ । भन्ते ! जुन विषयलाई लिएर क्षीणाश्रवी भिक्षुले अङ्गारसमान भएको काम-भोगलाई सम्यक प्रज्ञाद्वारा यथार्थसहित राम्रोसित बोध भएको हुन्छ, यो पनि क्षीणाश्रवी भिक्षुको बल हो । जुन बलले गर्दा क्षीणाश्रवी भिक्षुले थाहा पाएको हुन्छ– 'ममा रहेको आश्रव क्षय भयो ।' "

"अनि फेरि अर्को, भन्ते ! क्षीणाश्रवी भिक्षुको चित्त विवेक तिर झुकेको हुन्छ, विवेक तिर लच्केको हुन्छ, विवेकमा ढल्केको हुन्छ, विवेकमा स्थित हुन्छ, नैष्कम्यमा रमेको हुन्छ अनि सम्पूर्ण आश्रवी धर्मबाट टाढा हुन्छ । भन्ते ! जुन विषयलाई लिएर क्षीणाश्रवी भिक्षुले चित्तलाई विवेक तिर झुकाएको हुन्छ, विवेक तिर लच्काएको हुन्छ, विवेकमा ढल्काएको हुन्छ, विवेकमा स्थित गरेको हुन्छ, नैष्कम्यमा रमाएको हुन्छ, सम्पूर्ण आश्रवी धर्मबाट टाढा भएको हुन्छ । भन्ते ! यो पनि क्षीणाश्रवी भिक्षुको बल हो । जुन बलले गर्दा क्षीणाश्रवी भिक्षुले थाहा पाएको हुन्छ– 'ममा रहेको आश्रव क्षय भयो ।' "

"अनि फेरि अर्को, भन्ते ! क्षीणाश्रवी भिक्षुले चार स्मृति-प्रस्थानलाई भा-वना गरेको हुन्छ तथा सुभावित हुन्छ । भन्ते ! जुन विषयलाई लिएर क्षीणाश्रवी भिक्षुले चार स्मृति-प्रस्थान भावना गरेको हुन्छ तथा सुभावित हुन्छ । भन्ते ! यो पनि क्षीणाश्रवी भिक्षुको बल हो । जुन बलले गर्दा क्षीणाश्रवी भिक्षुले थाहा पाएको हुन्छ– 'ममा रहेको आश्रव क्षय भयो ।' "

"अनि फेरि अर्को, भन्ते ! क्षीणाश्रवी भिक्षुले चार ऋद्धिपादको भावना गर्छ तथा सुभावित हुन्छ... पञ्चइन्द्रियको भावना गर्छ तथा सुभावित हुन्छ... सप्तबोध्यङ्गको भावना गर्छ तथा सुभावित हुन्छ... आर्य अष्टाङ्गिकमार्गको भावना गर्छ तथा सुभावित हुन्छ । भन्ते ! जुन विषयलाई लिएर क्षीणाश्रवी भिक्षुले चार ऋद्धिपादको भावना गर्छ तथा सुभावित हुन्छ..... पञ्चइन्द्रियको भावना गर्छ तथा सुभावित हुन्छ... सप्तबोध्यङ्गको भावना गर्छ तथा सुभावित हुन्छ...



Downloaded from http://dhamma.digital

आर्य अष्टाङ्गिकमार्गको भावना गर्छ तथा सुभावित हुन्छ । भन्ते ! यो पनि क्षीणाश्रवी
भिक्षुको बल हो । जुन बलले गर्दा क्षीणाश्रवी भिक्षुले थाहापाएको हुन्छ– 'ममा रहेको आश्रव क्षय भयो ।' "

"भन्ते ! क्षीणश्रवी भिक्षुका निम्ति यी नै आठ बल हुन् । जुन बलद्वारा सम्पन्न हुँदा क्षीणाश्रवी भिक्षुले थाहा पाएको हुन्छ– 'ममा रहेको आश्रव क्षय भयो ।' "

## ९. अक्खणसुत्तं

२९. " 'भिक्षुहो ! अश्रुतवान पृथकजनले भन्ने गर्छन् लोक भनेको क्षणिककृत्य हो, क्षणिककृत्य हो । तर तिनीहरूले क्षण (उपयुक्त क्षण) र अक्षणलाई (अनुपयुक्त क्षण) जाँदैनन् । भिक्षुहो ! ब्रह्मचर्यवासको निम्ति यी आठ अनुपयुक्त क्षण तथा समय हुन् । कुन-कुन आठ ? भिक्षुहो ! यहाँ तथागत अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव तथा मनुष्यका शास्ता, बुद्ध अनि भगवान उत्पन्न हुन्छ । सुगतबाट उपशमन हुने, परिनिर्वाण हुने अनि सम्बोधि लाभको निम्ति धर्मोपदेश हुन्छ । यस समयमा त्यो व्यक्ति भने नरकमा जन्मेको हुन्छ । भिक्षुहो ! यो पहिलो ब्रह्मचर्यवासको निम्ति अनुपयुक्त क्षण वा अनुपयुक्त समय हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ तथागत... देव तथा मनुष्यका शास्ता, बुद्ध अनि भगवान उत्पन्न हुन्छ । सुगतबाट उपशमन हुने, परिनिर्वाण हुने सम्बोधि लाभको निम्ति धर्मोपदेश हुन्छ । यस समयमा त्यो व्यक्ति भने तिर्यक योनिमा जन्मेको हुन्छ.....यो दोस्रो ब्रह्मचर्यवासको निम्ति अनुपयुक्त क्षण अथवा अनुपयुक्त समय हो ।

"अनि फेरि अर्को, भिक्षुहो !... त्यो व्यक्ति भने प्रेत योनिमा जन्मेको हुन्छ...यो तेस्रो ब्रह्मचर्यवासको निम्ति अनुपयुक्त क्षण अथवा अनुपयुत्त समय हो ।

"अनि फेरि अर्को, भिक्षुहो .... त्यो व्यक्ति भने दीर्घायु देवकुलमा जन्मेको हुन्छ... यो चौथो ब्रह्मचर्यवासको निम्ति अनुपयुक्त क्षण अथवा अनुपयुक्त समय हो ।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, भिक्षुहो !... त्यो व्यक्ति भने भिक्षु, भिक्षुणी, उपासक र उपासिका भन्ने थाहा नपाएको, अनजान, म्लेच्छ, प्रत्यन्त (सिमान्त) प्रदेशमा जन्मेको हुन्छ,...यो पाँचौ ब्रह्मचर्यवासको निम्ति अनुपयुक्त क्षण अथवा अनुपयुक्त समय हो।

"अनि फेरि अर्को, भिक्षुहो ! ...त्यो व्यक्ति मध्य जनपदमा तर ऊ मिथ्यादृष्टि तथा विपरितदर्शी हुन्छ– 'दानदिनु भनेको निरर्थक हो, यज्ञ गर्नु भनेको निरर्थक हो, होम गर्नु भनेको निरर्थक हो, सुकृत-दुष्कृत कर्मको फल तथा विपाक छैन, न त यो लोक छ, न त परलोक छ, न त पिता छ, न त माता छ, बिना माता-पिताबाट जन्मिने (औपपातिक) सत्व छ, लोकमा यस्ता श्रमण-ब्राह्मण छैनन् जो सम्यक प्रकारले जीवन व्यतीत गर्छन् अनि यस लोक र परलोकलाई स्वयम्ले जानेर तथा साक्षात्कार गरेर भन्न सक्तैनन्। ... यो छैटौं ब्रह्मचर्यवासको निम्ति अनुपयुक्त क्षण अथवा अनुपयुक्त समय हो।

"अनि फेरि अर्को, भिक्षुहो ! ... त्यो व्यक्ति मध्य जनपदमा जन्मेको हुन्छ, तर ऊ दुष्प्रज्ञ, मूर्ख, लाटो, सुभाषित-दुर्भाषितको अर्थ बुझ्न सक्तैनन् । भिक्षुहो ! यो सातौं ब्रह्मचर्यवासको निम्ति अनुपयुक्त क्षण अथवा अनुपयुक्त समय हो।

"अनि फेरि अर्को, भिक्षुहो !... यहाँ तथागत अर्हत, सम्यकसम्बुद्ध उत्पन्न भएको हुँदैन ... देव तथा मनुष्यका शास्ता, बुद्ध अनि भगवान उत्पन्न भएको हुँदैन। सुगतबाट उपशमन हुने, परिनिर्वाण हुने अनि सम्बोधि लाभको निम्ति धर्मोपदेश गरिएको हुँदैन। यस समयमा त्यो व्यक्ति भने मध्य जनपदमा जन्मेको हुन्छ, तर ऊ प्रज्ञावान, मूर्ख नभएको, लाटो नभएको अनि सुभाषित-दुर्भाषितको अर्थ बुझ्न सक्छन् । भिक्षुहो ! यो आठौं ब्रह्मचर्यवासको निम्ति अनुपयुक्त क्षण अथवा अनुपयुक्त समय हो।' "

"भिक्षुहो ! ब्रह्मचर्यवासको निम्ति एउटै मात्र क्षण अथवा समय छ। त्यो एउटै मात्र भनेको के ? भिक्षुहो ! यहाँ तथागत अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव तथा मनुष्यका शास्ता, बुद्ध अनि भगवान उत्पन्न हुन्छ । सुगतबाट उपशमन हुने, परिनिर्वाण हुने अनि सम्बोधि लाभ हुने धर्मोपदेश हुन्छ । त्यो व्यक्ति मध्य जनपदमा जन्मेको हुन्छ अनि ऊ प्रज्ञावान, मूर्ख नभएको, लाटो नभएको, सुभाषित-दुर्भाषितको अर्थलाई बुझ्नसक्छ । "भिक्षुहो ! ब्रह्मचर्यवासको निम्ति यही नै एक मात्र क्षण अथवा समय हो।"



Downloaded from http://dhamma.digital

**“मनुस्सलाभं लद्धान, सद्धम्मे सुप्पवेदिते ।**
**ये खणं नाधिगच्छन्ति, अतिनामेन्ति ते खणं ॥**

“मनुष्यत्व लाभी अनि सद्धर्मको राम्रोसँग उपदेश दिंदा सुन्न पाउने क्षणलाई ग्रहण गर्न नसक्नेले ऊ क्षणबाट वञ्चित हुन्छ ।

**“बहू हि अक्खणा वुत्ता, मग्गस्स अन्तरायिका ।**
**कदाचि करहचि लोके, उप्पज्जन्ति तथागता ॥**

“मार्ग बाधकको विषयलाई लिएर बहु अनुपयुक्त क्षणको बारेमा भनें, लोकमा तथागत कहिलेकहीं मात्र उत्पन्न हुन्छ ।

**“तयिदं सम्मुखीभूतं, यं लोकस्मिं सुदुल्लभं ।**
**मनुस्सपटिलाभो च, सद्धम्मस्स च देसना ।**
**अलं वायमितुं तत्थ, अत्तकामेन जन्तुना ॥**

“त्यसैले लोकमा सुदुर्लभ मनुष्यत्व र सद्धर्म श्रवण गर्ने सुअवसर प्राप्ति हुँदा उसले आफ्नो भलो गर्नको निम्ति आफैं मेहनती हुनुपर्छ ।

**“कथं विजञ्ञा सद्धम्मं, खणे वे मा उपच्चगा ।**
**खणातीता हि सोचन्ति, निरयम्हि समप्पिता ॥**

“सद्धर्मलाई कसरी जान्ने, क्षण खेर नजावस्, क्षण बित्यो भने चिन्ता लिनुपर्छ अनि नरकमा जन्मिनु पर्छ ।

**“इध चे नं विराधेति, सद्धम्मस्स नियामतं ।**
**वाणिजोव अतीतत्थो, चिरत्तं अनुतपिस्सति ॥**

“यहाँ नियमित सद्धर्मबाट जो चुक्छ, धन नष्ट हुँदा व्यापारी चिरकालसम्म चिन्तित भए झैं हुनुपर्नेछ ।

**“अविज्जानिवुतो पोसो, सद्धम्मं अपराधिको ।**
**जातिमरणसंसारं, चिरं पच्चनुभोस्सति ॥**



Downloaded from http://dhamma.digital

"अविद्याले ग्रसित भई, सद्धर्मलाई पालन नगर्दा चिरकालसम्म जन्म र मृत्युको संसारमा पर्नेछ ।

"ये च लद्धा मनुस्सत्तं, सद्धम्मे सुप्पवेदिते ।
अकंसु सत्थु वचनं, करिस्सन्ति करोन्ति वा ॥

"जसले मनुष्यत्व प्राप्त गरेको हुन्छ, राम्रोसँग सद्धर्मको उपदेश हुँदा शास्ताको वचनानुसार उसले जीवन बिताउँछ, चलाउँछ वा चलाउनेछ ।

"खणं पच्चविदुं लोके, ब्रह्मचरियं अनुत्तरं ।
ये मग्गं पटिपज्जिंसु, तथागतप्पवेदितं ॥

"तथागतले देशना गरेको मार्गमा जो लाग्छ, अतिउत्तम ब्रह्मचर्य पालन गरी क्षणलाई लोकमा सदुपयोग गर्छ ।

"ये संवरा चक्खुमता, वेसितादिच्चबन्धुना ।
तेसु गुत्तो सदा सतो, विहरे अनवस्सुतो ॥

"चक्षुवान आदित्य-बन्धुद्वारा देशना गरिएकोमा जो संयमित हुन्छ, त्यसमा सदा स्मृतिवान भई संरक्षित गरी बसेको हुन्छ ।

"सब्बे अनुसये छेत्वा, मारधेय्यपरानुगे ।
ते वे पारङ्गता लोके, ये पत्ता आसवक्खय"न्ति ॥

"समस्त अनुशयलाई छेदन गरी, मारको बन्धनबाट जो मुक्त हुन्छ लोकबाट ऊ नै पारङ्गत भए ।"

## १०. अनुरुद्धमहावितक्कसुत्तं

३०. एक समय भगवान भग्गस्थित सुंसुमारगिरको भेसकला मृगदा-वनमा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान अनुरुद्ध चेतिस्थित पाचीनवंसमा बस्नुहुन्थ्यो । त्यहाँ आयुष्मान अनुरुद्ध एकान्तमा बसिरहँदा यस्तो विचार उत्पन्न भयो– 'यो धर्म अल्पेच्छको निम्ति हो, महेच्छको निम्ति होइन । यो धर्म सन्तुष्टीको निम्ति हो, असन्तुष्टीको निम्ति होइन । यो धर्म एकान्त प्रियको निम्ति हो,



Downloaded from http://dhamma.digital

मानिसको भीडभाडमा रहनको निम्ति होइन । यो धर्म वीर्यवानको निम्ति हो, अल्छेको निम्ति होइन । यो धर्म उपस्थित स्मृतिको निम्ति हो, मूढ स्मृतिको निम्ति होइन । यो धर्म चित्त समाहितको निम्ति हो, असमाहितको निम्ति होइन । यो धर्म प्रज्ञावानको निम्ति हो, दुष्प्रज्ञको निम्ति होइन ।

त्यसबेला भगवानले आयुष्मान अनुरुद्धको मनमा कुरा खेलिरहेको आफ्नो चित्तद्वारा बुझनुभई तत्क्षणै जस्तो कि– बलवान पुरुषले समेटिएको बाहुलाई फुकालि दिन्छ, फुकालिएको बाहुलाई समेटि दिन्छ यसरी नै भग्गस्थित सुंसुमारगिरको भेसकला मृगदावनबाट अन्तर्धान भई चेतिस्थित पाचीनवंसदायमा अनुरुद्धको सम्मुखमा प्रकट हुनुभयो । बिछ्याइएको आसनमा भगवान बस्नुभयो । आयुष्मान अनुरुद्धले पनि भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका आयुष्मान अनुरुद्धलाई भगवानले यसरी भन्नुभयो–

"साधु, साधु, अनुरुद्ध ! राम्रो हो, अनुरुद्ध ! तिमीले जो ती महापुरुषको मनमा उत्पन्न हुने विचार उत्पन्न गर्‍यौ– "यो धर्म भनेको त अल्पेच्छको निम्ति हो, महेच्छको निम्ति होइन । यो धर्म सन्तुष्टीको निम्ति हो, असन्तुष्टीको निम्ति होइन । यो धर्म एकान्त प्रियको निम्ति हो, मानिसको भीड-भाडमा रहनको निम्ति होइन । यो धर्म वीर्यवानको निम्ति हो, अल्छेको निम्ति होइन । यो धर्म उपस्थित स्मृतिको निम्ति हो, मूढ स्मृतिको निम्ति होइन । यो धर्म चित्त समाहितको निम्ति हो, असमाहितको निम्ति होइन । यो धर्म प्रज्ञावानको निम्ति हो, दुष्प्रज्ञको निम्ति होइन ।' अनुरुद्ध ! तिमीले यस आठौं महापुरुषको वितर्कलाई पनि आफ्नो मनमा ठाउँ दिनु– 'यो धर्म प्रपञ्चरहितको निम्ति हो वा प्रपञ्चको चाह नहुनेको निम्ति हो; प्रपञ्चमा संलग्न रहने वा प्रपञ्चको चाह राख्नेलाई होइन ।' "

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, त्यसबाट अनुरुद्ध ! तिमीले जति चाहन्छौ काम-विषयभोगबाट अलग्गिएर अनि अकुशलबाट पनि अलग्गिएर सवितर्क, सविचार विवेकज (एकाग्र-चित्त सहित) प्रीति-सुखमय प्रथम ध्यान लाभ गरी बस्न सक्नेछौ ।

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, यसबाट अनुरुद्ध ! तिमीले जति चाहन्छौ वितर्क र विचारलाई शान्त पारी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी अवितर्क र अविचार समाधिज: (आनन्दमय) प्रीती-सुखले युक्त भएको द्वितीय ध्यान लाभ गरी बस्न सक्नेछौ ।

Downloaded from http://dhamma.digital

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, यसबाट अनुरुद्ध ! तिमीले जति चाहन्छौ प्रीतिलाई त्याग गरी, उपेक्षी भई, विहार गरी, स्मृति सम्प्रजन्यताकासाथ शरीरद्वारा सुखानुभूति गर्न सक्नेछौ, जसलाई आर्यहरूले– 'उपेक्षावान, स्मृतिवान र सुखपूर्वक बस्ने' भनी भन्दछन्। त्यस्तो तृतीय ध्यान लाभ गरी बस्न सक्नेछौ।

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, त्यसबाट अनुरुद्ध ! तिमीले जति चाहन्छौ सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य र दौर्मनस्यलाई अन्त गरी, दुःख-सुखरहित उपेक्षक स्मृति परिशुद्ध भई चतुर्थ ध्यान लाभ गरी बस्न सक्नेछौ।

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, यी नै चतुर्थ ध्यानद्वारा अभ्यन्तर चैतसिकलाई यसै जीवनमा बिना कठिनाई, बिना असुविधा तथा सहजरूपले नै सुख पाउने हुन्छौ। यसबाट अनुरुद्ध ! जस्तै कि– कोही गृहपति वा गृहपति पुत्रसँग नाना रक्त वर्णका दुशालाले भरिएको सन्दुक हुन्छ। तिमीलाई धूलोमा फ्याँकेको फुत्रो लुगाले बनेको चीवर पनि त्यस्तै नै लाग्नथाल्छ। जुन आसक्तिरहित हुनको निम्ति, सुखपूर्वक बस्नको निम्ति, निर्वाण प्राप्तिको निम्ति र सन्तुष्ट भई बस्नको निम्ति हुन्छ।

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, यी नै चतुर्थ ध्यानद्वारा अभ्यन्तर चैतसिकलाई यसै जीवनमा बिना कठिनाई, बिना असुविधा तथा सहजरूपले नै सुख पाउने हुन्छौ। यसबाट अनुरुद्ध ! जस्तै कि– कोही गृहपति वा गृहपति पुत्रकहाँ बनेको नाना रस, नाना व्यञ्जनसहितको बासमति चामलको भोजन हुन्छ। तिमीलाई भिक्षाटनबाट प्राप्त भएको भोजन पनि त्यस्तै नै लाग्नथाल्छ। जुन आसक्तिरहित हुनको निम्ति, सुख पूर्वक बस्नको निम्ति, निर्वाण प्राप्तिको निम्ति र सन्तुष्ट भई बस्नको निम्ति हुन्छ।

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, यी नै चतुर्थ ध्यानद्वारा अभ्यन्तर चैतसिकलाई यसै जीवनमा बिना कठिनाई, बिना असुविधा तथा सहजरूपले नै सुख पाउने हुन्छौ। यसबाट अनुरुद्ध ! जस्तै कि– कोही गृहपति वा गृहपति पुत्रकहाँ बनेको रङ्ग-रोगन गरी चुकुल लगाई बन्द गरिएको महल हुन्छ। तिमीलाई वृक्षमूलको शयनासन पनि त्यस्तै नै लाग्नथाल्छ। जुन आसक्तिरहित हुनको निम्ति, सुखपूर्वक बस्नको निम्ति, निर्वाण प्राप्तिको निम्ति र सन्तुष्ट भई बस्नको निम्ति हुन्छ।



Downloaded from http://dhamma.digital

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, यी नै चतुर्थ ध्यानद्वारा अभ्यन्तर चैतसिकलाई यसै जीवनमा बिना कठिनाई, बिना असुविधा तथा सहजरूपले नै सुख पाउने हुन्छौ । यसबाट अनुरुद्ध ! जस्तै कि– कोही गृहपति वा गृहपति पुत्रको पलङ, गोनक तन्ना, पटिक तन्ना, ऊनीको तन्ना वा कदली मृगको छालाले बनिएको उच्चस्तरीय आसन बिछ्याएको हुन्छ, सिरक हुन्छ अनि दुवै तिर रातो रङ्गको सिरानी हुन्छ । तिमीलाई तृणासन पनि त्यस्तै नै लाग्नथाल्छ । जुन आसक्तिरहित हुनको निम्ति, सुखपूर्वक बस्नको निम्ति, निर्वाण प्राप्तिको निम्ति र सन्तुष्ट भई बस्नको निम्ति हुन्छ ।

"जब कि, अनुरुद्ध ! तिमीले यी आठ महापुरुष वितर्कको वितर्कना गर्नेछौ, यी नै चतुर्थ ध्यानद्वारा अभ्यन्तर चैतसिकलाई यसै जीवनमा बिना कठिनाई, बिना असुविधा तथा सहजरूपले नै सुख पाउने हुन्छौ । यसबाट अनुरुद्ध ! जस्तै कि– कोही गृहपति वा गृहपति पुत्रसँग नानाप्रकारका भैषज्य, घ्यू, मक्खन, तेल, मह र गुड हुन्छ । तिमीलाई दुर्गन्धयुक्त मूत्ररूपी औषधी पनि त्यस्तै नै लाग्नथाल्छ । जुन आसक्तिरहित हुनको निम्ति, सुखपूर्वक बस्नको निम्ति निर्वाण प्राप्तिको निम्ति र सन्तुष्ट भई बस्नको निम्ति हुन्छ । त्यसैले अनुरुद्ध ! आउने वर्षावास तिमीले यहीं चेतीस्थित पाचीनवंसदायमा नै वर्षावास बस्नु ।" "हवस् भन्ते ! भनी आयुष्मान अनुरुद्धले प्रत्युत्तर दिए ।"

अनि भगवानले आयुष्मान अनुरुद्धलाई यसप्रकारले उपदेश दिनुभई जस्तो कि– बलवान पुरुषले समेटिएको बाहुलाई फुकालि दिन्छ, फुकालिएको बाहुलाई समेटि दिन्छ यसरी नै चेतीस्थित पाचीनवंसदायबाट अन्तर्धान भई भग्गस्थित सुंसुमारगिरको भेसकला मिगदावनमा प्रकट हुनुभयो । भगवान त्यहाँ बिछ्याइएको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! आठ प्रकारका महापुरुषको वितर्कको बारेमा देशना गर्नेछु, त्यसलाई सुन...... भिक्षुहो ! ती आठ महापुरुषको वितर्क के के हुन् ? 'यो धर्म अल्पेच्छको' निम्ति हो, महेच्छको निम्ति होइन । यो धर्म सन्तुष्टीको निम्ति हो, असन्तुष्टीको निम्ति होइन । यो धर्म एकान्त प्रियको निम्ति हो, मानिसको भीड-भाडमा रहनको निम्ति होइन । यो धर्म उत्साहीको निम्ति हो, अल्छेको निम्ति होइन । यो धर्म उपस्थित स्मृतिको निम्ति हो, मूढ स्मृतिको निम्ति होइन । यो धर्म चित्त समाहितको निम्ति हो, असमाहितको निम्ति होइन । यो धर्म प्रज्ञावानको निम्ति हो, दुष्प्रज्ञको निम्ति होइन अनि यो धर्म प्रपञ्चबाट रहित हुनको निम्ति हो, प्रपञ्चको चाह नहुनेको निम्ति हो; प्रपञ्चमा संलग्न रहन वा प्रपञ्चको चाह राख्नेलाई होइन ।



Downloaded from http://dhamma.digital

" 'भिक्षुहो ! 'यो धर्म अल्पेच्छकको निम्ति हो, महेच्छकको निम्ति होइन भनें ।' यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षु 'अल्पेच्छ हुँदा यो चाहेको हुँदैन कि, अरूले मलाई अल्पेच्छ भनी जानोस् ।' 'सन्तुष्ट हुँदा यो चाहेको हुँदैन कि, अरूले मलाई सन्तुष्ट हो भनी जानोस् ।' 'एकान्तवासि हुँदा यो चाहेको हुँदैन कि, अरूले मलाई एकान्त वासी हो भनी जानोस् ।' 'उत्साही हुँदा यो चाहेको हुँदैन कि, अरूले मलाई उत्साही हो भनी जानोस् ।' 'उपस्थित स्मृति हुँदा यो चाहेको हुँदैन कि, अरूले मलाई उपस्थित स्मृतिको हो भनी जानोस् ।' 'समाहित चित्त हुँदा यो चाहेको हुँदैन कि, अरूले मलाई समाहित चित्तको हो भनी जानोस् ।' 'प्रज्ञावान हुँदा यो चाहेको हुँदैन कि, अरूले मलाई प्रज्ञावान हो भनी जानोस् ।' 'प्रपञ्चरहित' हुँदा पनि यो चाहेको हुँदैन कि, अरूले उसलाई प्रपञ्चरहित हो भनी जानोस् ।' भिक्षुहो ! 'यो धर्म अल्पेच्छकको निम्ति हो, महेच्छकको निम्ति होइन' भनी जे भनें यही अर्थलाई लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! यो धर्म सन्तुष्टको निम्ति हो, असन्तुष्टको निम्ति होइन भनें ।' यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षु जस्तोसुकै चीवर-, भोजन-शयनासन-भैषज्यसहित परिष्कारादिमा सन्तुष्ट हुन्छ । 'भिक्षुहो ! यो धर्म सन्तुष्टको निम्ति हो, असन्तुष्टको निम्ति होइन, भनी जे भनें यही अर्थलाई लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! यो धर्म एकान्त प्रेमीको निम्ति हो, मानिसको भीडभाडमा रहनका निम्ति होइन भनें ।' यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षु एकान्त प्रेमी भई बस्दा भिक्षु, भिक्षुणी, उपासक, उपासिका, राजा, राजाका मन्त्री, तैर्थिक र तैर्थिक श्रावकहरू भेट्न आउँछ । त्यसबेला भिक्षु विवेक तिर झुकेरे, विवेक तिर लच्किएर, विवेक तिर अग्रसर भएर, विवेकमा स्थित भई, निष्काम चित्तले निश्चित रूपले प्रेरणा दिने कुरालाई नै गर्ने हुन्छ । भिक्षुहो ! 'यो धर्म एकान्त प्रेमीको निम्ति हो, मानिसको भीडभाडमा रहनका निम्ति होइन भनी जे भनें यही अर्थलाई लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! यो धर्म वीर्यवानको निम्ति हो, अल्छेको निम्ति होइन भनें ।' यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षु वीर्यवान भई बस्छ, अकुशल धर्म त्यागन, कुशल धर्म प्राप्त गर्न स्तम्भ झैं, दृढ पराक्रमी, कुशल धर्मको जुआलाई कांधबाट नहटाउने हुन्छ । भिक्षुहो ! यो धर्म वीर्यवानको निम्ति हो, अल्छेको निम्ति होइन भनी जे भनें यही अर्थलाई लिएर भनेको हुँ ।



Downloaded from http://dhamma.digital

" 'भिक्षुहो ! यो धर्म उपस्थित-स्मृति निम्ति हो, मूढ स्मृतिको निम्ति होइन भनें ।' यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षु स्मृतिमान, परम स्मृतिले सम्पन्न, चिरकाल पूर्व गरिएको कर्म, चिरकाल पूर्व बोलिएको कुरा पनि स्मरण गर्ने हुन्छ । भिक्षुहो ! यो धर्म उपस्थित-स्मृतिको निम्ति हो, मूढ-स्मृतिको निम्ति होइन भनी जे भनें यही अर्थलाई लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! यो धर्म समाहित चित्तको निम्ति हो, असमाहितको निम्ति होइन भनें ।' यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षु काम-विषयभोगबाट अलगिगएर..... चतुर्थ ध्यान लाभ गरी बस्छ । भिक्षुहो ! यो धर्म समाहितको लागि हो, असमाहितको लागि होइन भनी जे भनें यही अर्थलाई लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! यो धर्म प्रज्ञावानको निम्ति हो, दुष्प्रज्ञको निम्ति होइन भनें ।' यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षु उदयास्तगामिबाट आर्यले पार पाउनको निम्ति, सम्यक प्रकारले दुःख क्षय हुने मार्गबाट जाने प्रज्ञा सम्पन्न हुन्छ । भिक्षुहो ! यो धर्म प्रज्ञावानको निम्ति हो, दुष्प्रज्ञको निम्ति होइन भनी जे भनें यही अर्थलाई लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! यो धर्म प्रपञ्चरहितको निम्ति हो वा प्रपञ्चको चाह नहुनेको निम्ति हो; प्रपञ्चमा संलग्न रहन वा प्रपञ्चको चाह राख्नेको निम्ति होइन भने ।' यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षुको चित्त प्रपञ्चबाट निरोध हुनेतिर लागेको हुन्छ, (त्यसमा) प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि विमुक्त हुन्छ । भिक्षुहो ! यो धर्म प्रपञ्चरहितको निम्ति हो वा प्रपञ्च चाह नहुनेको निम्ति हो, प्रपञ्चमा संलग्न रहन वा प्रपञ्चको चाह राख्नेको निम्ति होइन भनी जे भनें यही अर्थलाई लिएर भनेको हुँ ।"

अनि आयुष्मान अनुरुद्धले आफ्नो अघिल्लो वर्षावास पनि त्यहीं चेती-स्थित पाचीनवंसदायमा नै बस्नुभयो । अनि आयुष्मान अनुरुद्ध एक्लै, एकान्तवासी भई, अप्रमादी भई, प्रयत्नशील भई, लगनशील भई बस्दा चिरकाल नबित्दै जुन अर्थको निम्ति कुलपुत्रले घरबाट बेघर भई प्रव्रजित भएको हुन्छ, त्यस अनुपम ब्रह्मचर्यलाई यसै जीवनमा स्वयम्ले जानेर, साक्षात्कार गरेर तथा प्राप्त गरेर बस्न थाले । "जन्म क्षीण भयो, ब्रह्मचर्यलाई व्यतीत गरें, जुन गर्नु पर्ने हो त्यो गरें, यस भन्दा अर्को गर्नु पर्ने केही रहेन" भन्ने ज्ञान भयो । अनि आयुष्मान अनुरुद्ध अर्हत हुनु भएपछि त्यसै समयमा यी गाथाहरू सुझ्न थाल्यो–



Downloaded from http://dhamma.digital

"मम सङ्कप्पमञ्ञाय, सत्था लोके अनुत्तरो ।
मनोमयेन कायेन, इद्धिया उपसङ्कमि ॥

"लोकमा अनुपम हुनुभएका शास्ताले मेरो सङ्कल्पलाई जान्नु भई, मनोमय शरीरको हुनुभई ऋद्धिद्वारा आउनुभयो ।

"यथा मे अहु सङ्कप्पो, ततो उत्तरि देसयि ।
निप्पपञ्चरतो बुद्धो, निप्पपञ्चं अदेसयि ॥

"मसँग जुन सङ्कल्प थियो त्यो अनुसार उपदेश दिनुभयो, प्रपञ्चबाट रहित हुनु भएका बुद्धले निष्प्रपञ्चको उपदेश दिनुभयो ।

"तस्साहं धम्ममञ्ञाय, विहासिं सासने रतो ।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासन"न्ति ॥

"मैले वहाँको धर्मलाई बुझेर शासनमा (उपदेश) रत भई विहरण गरें, तीन विद्यालाई प्राप्त गरी बुद्धको शासनानुसार गरें ।"

Downloaded from http://dhamma.digital

# ४.दानवग्गो

## १. पठमदानसुत्तं

३१. "भिक्षुहो ! यी आठ प्रकारका दान हुन् । कुन-कुन आठ ? दान लिन पाउँदा दान दिन्छ, भयले गर्दा दान दिन्छ, 'मलाई दिएको छ" भनी दान दिन्छ, 'मलाई दिनेछन्' भनी दान दिन्छ, 'दान दिनु राम्रो हो' भनी दान दिन्छ, 'म पकाउँछु, उसले पकाउँदैन– यो उचित होइन कि पकाउनेले नपकाउनेलाई नदिनु' भनी दान दिन्छ 'यो दान दिंदा कल्याण कीर्ति शब्द फैलिन्छ' भनी दान दिन्छ अनि चित्त अलङ्कृत गर्न तथा चित्त प्रसन्न पार्न दान दिन्छ । भिक्षुहो ! यी नै आठ प्रकारका दान हुन् ।"

## २. दुतियदानसुत्तं

३२. "सद्धा हिरियं कुसलञ्च दानं, धम्मा एते सप्पुरिसानुयाता ।
एतञ्हि मग्गं दिवियं वदन्ति, एतेन हि गच्छति देवलोक"न्ति ॥

"श्रद्धा, लज्जा, दोषरहित (कुशल) दान, यी सत्पुषका धर्म हुन् । यसैलाई दिव्य-मार्ग भनिन्छ, यसद्वारा नै देवलोक जान्छ ।"

## ३. दानवत्थुसुत्तं

३३. "भिक्षुहो ! यी आठ दानका विषय हुन् । कुन-कुन आठ ? इच्छा हुनाले दान दिन्छ, द्वेषी भई दान दिन्छ, मोहको कारणले दान दिन्छ, भयले गर्दा दान दिन्छ, 'पहिले बाबु-बाजेको पालादेखि नै दिइआएको चलन हो वा पुरानो वंश परम्परादेखि चलिआएकोलाई छुटाउनु उचित होइन' भनी दान दिन्छ, 'दान दिंदा मेरो शरीर भेद भई मृत्यु पश्चात स्वर्गमा उत्पन्न हुनेछु' भनी दान दिन्छ, दान दिंदा मेरो चित्त प्रसन्न हुन्छ, सुन्तुष्ट हुन्छ वा प्रमुदित हुन्छ' भनी दान दिन्छ अनि चित्त अलङ्कृत गर्न तथा चित्त प्रसन्न पार्न दान दिन्छ । भिक्षुहो ! यी नै आठ प्रकारका दान हुन् ।"

## ४.खेत्तसुत्तं

३४. "भिक्षुहो ! जुन खेत आठ अङ्गद्वारा सम्पन्न हुन्छ, त्यसमा जुन बीउ



Downloaded from http://dhamma.digital

रोपिने हो, त्यो न त धेरै फल्छ, न त अधिक स्वादिष्ट हुन्छ अनि न त अधिक फसल नै हुन्छ । कुन-कुन आठ अङ्गले सम्पन्न हुँदा ? भिक्षुहो ! यहाँ खेत उबडखाबड हुन्छ, कङ्कड-ढुङ्गा हुन्छ, क्षार-युक्त जमिन हुन्छ, गहिरो गरी खन्न नसकिने हुन्छ, न त पानी लाउन सकिन्छ, न त पानी निकाल्न सकिन्छ, न त पानीको निम्ति ढल वा नल हुन्छ अनि न त बार लाएको हुन्छ । यस प्रकारले भिक्षुहो ! जुन खेत यी आठ अङ्गद्वारा सम्पन्न हुन्छ, त्यसमा जुन बीउ रोपिने हो, त्यो न त धेरै फल्छ न त अधिक स्वादिष्ट हुन्छ अनि न त अधिक फल्ने हुन्छ ।

"यसरी नै, भिक्षुहो ! श्रमण-ब्राह्मण आठ अङ्गद्वारा सम्पन्न हुँदा उसलाई दिएको दान न महाफलदायक हुन्छ, न महाप्रतिफल हुन्छ, न महाद्योतक हुन्छ अनि न विस्तृत रूपले फैलिन्छ । कुन-कुन आठ अङ्गद्वारा सम्पन्न हुन्छ ? यहाँ भिक्षुहो ! श्रमण-ब्राह्मण मिथ्यादृष्टि, मिथ्यासङ्कल्प, मिथ्यावाचा, मिथ्याकर्मान्त, मिथ्याआजीव, मिथ्याव्यायाम, मिथ्यास्मृति र मिथ्यासमाधिको हुन्छ । यसरी भिक्षुहो ! जो श्रमण-ब्राह्मण आठ अङ्गद्वारा सम्पन्न हुन्छ, उसलाई दिएको दान न महाफलदायक हुन्छ, न महाप्रतिफल हुन्छ, न महाद्योतक हुन्छ अनि न विस्तृत रूपले फैलिन्छ ।

"भिक्षुहो ! जुन खेतमा यी आठ अङ्गद्वारा सम्पन्न हुन्छ, त्यसमा जुन बीउ रोपिने हो, त्यो महाफलदायक हुन्छ, अधिक स्वादिष्ट हुन्छ अनि अधिक फसल हुन्छ । कुन कुन आठ अङ्गद्वारा सम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ खेत उबडखाबड हुँदैन, कङ्कड-ढुङ्गा हुँदैन, क्षारयुक्त जमिन हुँदैन, गहिरो गरी खन्न सकिन्छ, पानी लाउन सकिन्छ, पानी निकाल्न सकिन्छ, पानीको निम्ति ढल वा नल हुन्छ अनि बार लाएको हुन्छ । यस प्रकारले भिक्षुहो ! जुन खेत यी आठ अङ्गलद्वारा सम्पन्न हुन्छ, त्यसमा जुन बीउ रोपिने हो, त्यो धेरै फल्ने हुन्छ, अधिक स्वादिष्ट हुन्छ अनि अधिक फल फल्ने हुन्छ ।

"यसरी नै, भिक्षुहो ! श्रमण-ब्राह्मण आठ अङ्गद्वारा सम्पन्न हुँदा उसलाई दिएको दान महाफलदायक हुन्छ, महाप्रतिफल हुन्छ, महाद्योतक हुन्छ अनि विस्तृतरूपले फैलिन्छ । कुन-कुन आठ अङ्गद्वारा सम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ श्रमण-ब्राह्मण सम्यकदृष्टि, सम्यकसङ्कल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यकआजीव, सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधिको हुन्छ । यस प्रकारले भिक्षुहो ! श्रमण-ब्राह्मण आठ अङ्गद्वारा सम्पन्न हुँदा उसलाई दिएको दान महाफलदायक हुन्छ, महाप्रतिफल हुन्छ, महाद्योतक हुन्छ अनि विस्तृतरूपले फैलिन्छ ।"



Downloaded from http://dhamma.digital

**"यथापि खेत्ते सम्पन्ने, पवुत्ता बीजसम्पदा ।**
**देवे सम्पादयन्तह्मि, होति धञ्ञस्स सम्पदा ॥**

"जसरी सम्पन्न खेतमा बीजरूपी सम्पदा रोपिंदा, (वर्षा) देव वर्षिंदा अनाज सम्पदा हुन्छ ।

**"अनीतिसम्पदा होति, विरूल्ही भवति सम्पदा ।**
**वेपुल्लसम्पदा होति, फलं वे होति सम्पदा ॥**

"नोक्सानीबाट सम्पदा जोगिन्छ, सम्पदाको वृद्धि हुन्छ, अधिक सम्पन्न सम्पदा हुन्छ अनि फल (अनाज) रूपी सम्पदा हुन्छ ।

**"एवं सम्पन्नसीलेसु, दिन्ना भोजनसम्पदा ।**
**सम्पदानं उपनेति, सम्पन्नं हिस्स तं कतं ॥**

"यसरी नै शीलद्वारा सम्पन्न भएकालाई भोजनरूपी सम्पदा दिंदा, सम्पदा नै प्राप्त गर्छ, यसबाट उसले (कुशल) सम्पन्न गरेको हुन्छ ।

**"तस्मा सम्पदमाकङ्खी, सम्पन्नत्थूध पुग्गलो ।**
**सम्पन्नपञ्ञे सेवेथ, एवं इज्झन्ति सम्पदा ॥**

"त्यसैले जो सम्पदाले सम्पन्न हुन्छ, सम्पन्न हुन चाहनेले प्रज्ञासम्पन्न भएकालाई सेवा गर्नु, यस प्रकारले सम्पदा प्राप्त गर्न सकिन्छ ।

**"विज्जाचरणसम्पन्ने, लद्धा चित्तस्स सम्पदं ।**
**करोति कम्मसम्पदं, लभति चत्थसम्पदं ॥**

"विद्याचरणद्वारा सम्पन्न भएकालाई सेवा गरेको फलस्वरूप चित्त-सम्पदालाई प्राप्त गर्छ, कर्म-सम्पदामा पूर्ण भए अर्थ-सम्पदालाई प्राप्त गर्छ ।

**"लोकं ञत्वा यथाभूतं, पप्पुय्य दिट्ठिसम्पदं ।**
**मग्गसम्पदमागम्म, याति सम्पन्नमानसो ॥**

Downloaded from http://dhamma.digital

"लोकलाई यथार्थसहित बुझें दृष्टि-सम्पदालाई प्राप्त गर्छ, मार्गरूपी-सम्पदामा लागे चित्त सम्पन्नत्व (अर्हत्वलाई) प्राप्त गर्छ।

**"ओघुनित्वा मलं सब्बं, पत्वा निब्बानसम्पदं।**
**मुच्चति सब्बदुक्खेहि, सा होति सब्बसम्पदा"ति॥**

"समस्त मल (क्लेश) पखाली निर्वाण सम्पत्ति प्राप्त गरेमा समस्त दुःखबाट मुक्त हुन्छ, उसको निम्ति यही नै समस्त सम्पदा हुन्।"

## ५. दानूपपत्तिसुत्तं

३५. "भिक्षुहो! यी आठ दानोत्पत्ति हुन्। कुन-कुन आठ? भिक्षुहो! यहाँ कसैले श्रमण वा ब्राह्मणलाई अन्न-पान, वस्त्र, वाहन, माला-गन्ध-लेपनीय, शय्या, कुर्सी र प्रदीपादि दान दिन्छ। उसले जे दिन्छ त्यसको प्रत्याशा गर्छ। महाऐश्वर्यवान क्षत्री वा महाऐश्वर्यवान ब्राह्मण वा महाऐश्वर्यवान गृहपति वा पञ्च-कामगुण भोग गरिरहेका, समन्वित र सेवन गरिरहेकालाई उसले देखेको हुन्छ। उसलाई यस्तो लाग्छ– 'अहो! यदि म पनि शरीर त्यागी मरणपश्चात महाऐश्वर्यवान क्षत्री वा महाऐश्वर्यवान ब्राह्मण वा महाएश्वर्यवान गृहपतिको कुलमा जन्मिन पाए हुन्थ्यो। उसले त्यसमा चित्त लगाउँछ, चित्तले त्यही अधिष्ठान गर्छ अनि त्यसैमा भाविता गर्छ। उसको त्यो चित्त निम्नस्तरको भावनाबाट मुक्त हुन्छ तर उच्चस्तरको भावना नहुँदा त्यहीं जन्मन्छ। शरीर त्यागी मरणपश्चात महाऐश्वर्यवान क्षत्री वा महाऐश्वर्यवान ब्राह्मण वा महा-ऐश्वर्यवान गृहपतिको कुलमा जन्मन्छ। भिक्षुहो! यसलाई मैले शीलवान हो, दुःशील होइन भन्दछु। भिक्षुहो! विशुद्ध भावले गर्दा शीलवानको चित्त सङ्कल्प पूर्ण हुन्छ।

"भिक्षुहो! यहाँ कसैले श्रमण वा ब्राह्मणलाई अन्न, पान, वस्त्र, वाहन, माला, गन्ध, लेपनीय, शय्या, कुर्सी र प्रदीपादि दान दिन्छ। उसले जे दिन्छ त्यसको प्रत्याशा गर्छ। उसले सुनेको हुन्छ– 'चातुमहाराजिक देवताहरू दीर्घायु, सुवर्ण र बहुसुखवान छन्। उसलाई यस्तो लाग्छ– 'अहो! यदि म पनि शरीर त्यागी मरण पश्चात चातुमहाजिक कुलमा जन्मिन पाए हुन्थ्यो।' उसले त्यसमा चित्त लगाउँछ, चित्तले त्यही अधिष्ठान गर्छ अनि त्यसैमा भाविता गर्छ। उसको त्यो चित्त निम्नस्तरबाट मुक्त भएको हुन्छ तर उच्चस्तरको भावना नहुँदा त्यहीं जन्मन्छ। शरीर त्यागी मरण पश्चात चातुमहाराजिक कुलमा जन्मन्छ। भिक्षुहो! यसलाई



Downloaded from http://dhamma.digital

मैले शीलवान हो, दुःशील होइन भन्दछु । भिक्षुहो ! विशुद्ध भावले गर्दा शीलवानको चित्त सङ्कल्प पूर्ण हुन्छ ।

"भिक्षुहो ! यहाँ कसैले श्रमण वा ब्राह्मणलाई अन्न, पान, वस्त्र, वाहन, माला, गन्ध, लेपनीय, शय्या, कुर्सी र प्रदीपादि दान दिन्छ । उसले जे दिन्छ त्यसको प्रत्याशा गर्छ । उसले सुनेको हुन्छ– 'तावतिंस देवताहरू... यामा देवताहरू... तुसित देवताहरू... निम्मानरति देवताहरू... परनिम्मितवसवत्ती देवताहरू दीर्घायु, सुवर्ण र बहुसुखवान छन् । उसलाई यस्तो लाग्छ– 'अहो ! यदि म पनि शरीर त्यागी मरण पश्चात तावतिंस देवकुलमा..... यामा देवकुलमा... तुसित देवकुलमा... निम्मानरति देवकुलमा.... परनिम्मितवसवत्ती देवकुलमा जन्मिन पाए हुन्थ्यो ।' उसले त्यसमा चित्त लगाउँछ, चित्तले त्यही अधिष्ठान गर्छ अनि त्यसैमा भाविता गर्छ । उसको त्यो चित्त निम्नस्तरबाट मुक्त भएको हुन्छ तर उच्चस्तरको भावना नहुँदा त्यहीं जन्मन्छ । शरीर त्यागी मरण पश्चात परनिम्मितवसवत्ती कुलमा जन्मन्छ । भिक्षुहो ! यसलाई मैले शीलवान हो, दुःशील होइन भन्दछु । भिक्षुहो ! विशुद्ध भावले गर्दा शीलवानको चित्त सङ्कल्प पूर्ण हुन्छ ।

"भिक्षुहो ! यहाँ कसैले श्रमण वा ब्राह्मणलाई अन्न, पान, वस्त्र, वाहन, माला, गन्ध, लेपनीय, शय्या, कुर्सी र प्रदीपादि दान दिन्छ । उसले जे दिन्छ त्यस्को प्रत्याशा गर्छ । उसले सुनेको हुन्छ– 'ब्रह्मकायिक देवताहरू दीर्घायु, सु-वर्ण र बहुसुखवान छन् । उसलाई यस्तो लाग्छ– 'अहो ! यदि म पनि शरीर त्यागी मरणपश्चात ब्रह्मकायिक कुलमा जन्मिन पाए हुन्थ्यो ।' उसले त्यसमा चित्त लगाउँछ, चित्तले त्यही अधिष्ठान गर्छ अनि त्यसैमा भाविता गर्छ । उसको त्यो चित्त निम्नस्तरबाट मुक्त हुन्छ, उच्चस्तरको भावना नहुँदा त्यहीं जन्मन्छ । शरीर त्यागी मरणपश्चात ब्रह्मकायिक कुलमा जन्मन्छ । भिक्षुहो ! यसलाई मैले शीलवान हो, दुःशील होइन; रागमुक्त हो, रागयुक्त होइन भन्छु । भिक्षुहो ! विशुद्ध भावले गर्दा शीलवानको चित्त सङ्कल्प पूर्ण हुन्छ । भिक्षुहो ! यी नै आठ दानोत्पत्ति हुन् ।"

## ६. पुञ्ञकिरियवत्थुसुत्तं

३६. "भिक्षुहो ! यी तीन पुण्यक्रियाका वस्तु हुन् । ती तीन के-के हुन् ? दानमयक्रिया वस्तु, शीलमयक्रिया वस्तु र भावनामयक्रिया वस्तु । भिक्षुहो ! यहाँ कसैले दानमय पुण्यक्रिया वस्तु कम मात्रामा गर्छ, शीलमय पुण्यक्रिया वस्तु कम मात्राको हुन्छ अनि भावनामय पुण्यक्रिया सम्पन्न हुँदैन । उसले शरीर त्यागी



Downloaded from http://dhamma.digital

मृत्युपश्चात मानिस कुलमा अभागी भएर जन्मन्छ। तर यहाँ, भिक्षुहो ! कसैले दानमय पुण्यक्रिया वस्तु मात्रानुसार गर्छ, शीलमय पुण्यक्रिया वस्तु मात्रानुसार गर्छ अनि भावनामय पुण्यक्रिया सम्पन्न गर्दैन । ऊ शरीर त्यागी मृत्युपश्चात मानिस कुलमा भाग्यमानी भएर जन्मन्छ।

तर यहाँ, भिक्षुहो ! कसैले दानमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ, शीलमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ अनि भावनामय पुण्यक्रिया सम्पन्न गरेको हुँदैन । ऊ शरीर त्यागी मृत्युपश्चात चातुमहाराजिक देवकुलमा जन्मन्छ। त्यहाँ भिक्षुहो ! चातुमाहाराजिकले भन्दा पनि अतिरिक्त दानमय पुण्यक्रिया वस्तु गरेको हुँदा, अतिरिक्त शीलमय पुण्यक्रिया वस्तु गरेको हुँदा चातुमहाराजिक देवकुलमा दश प्रकारका विशेषता प्राप्त गर्छ– दिव्यआयु, दिव्यवर्ण, दिव्यसुख, दिव्ययश, दिव्यआधिपत्य, दिव्यरूप, दिव्यशब्द, दिव्यगन्ध, दिव्यरस र दिव्यस्पर्श ।

तर यहाँ, भिक्षुहो ! कसैले दानमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ, शीलमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ अनि भावनामय पुण्यक्रिया सम्पन्न गरेको हुँदैन । ऊ शरीर त्यागी मृत्युपश्चात तावतिंस देवकुलमा जन्मन्छ। त्यहाँ भिक्षुहो ! शक्र देवराजले भन्दा पनि अतिरिक्त दानमय पुण्यक्रिया वस्तु गरेको हुँदा, अतिरिक्त शीलमय पुण्यक्रिया वस्तु गरेको हुँदा, तावतिंस देवकुलमा दश प्रकारका विशेषता प्राप्त गर्छ– दिव्यआयु,..... दिव्यस्पर्श ।

तर यहाँ, भिक्षुहो ! कसैले दानमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ, शीलमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ अनि भावनामय पुण्यक्रिया सम्पन्न गरेको हुँदैन । ऊ शरीर त्यागी मृत्युपश्चात यामा देवकुलमा जन्मन्छ । त्यहाँ भिक्षुहो ! सुयाम देवपुत्रले भन्दा पनि अतिरिक्त दानमय पुण्यक्रिया वस्तु गरेको हुँदा, अतिरिक्त शीलमय पुण्यक्रिया गरेको हुँदा, यामा देवकुलमा दश प्रकारका विशेषता प्राप्त गर्छ– दिव्यआयु,..... दिव्यस्पर्श ।

तर यहाँ, भिक्षुहो ! कसैले दानमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ, शीलमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ अनि भावनामय पुण्यक्रिया सम्पन्न गरेको हुँदैन । ऊ शरीर त्यागी मृत्युपश्चात तुसित देवकुलमा जन्मन्छ । त्यहाँ भिक्षुहो ! सन्तुसित देवपुत्रले भन्दा पनि अतिरिक्त दानमय पुण्यक्रिया वस्तु गरेको हुँदा, अतिरिक्त शीलमय पुण्यक्रिया गरेको हुँदा, तुसित देवकुलमा दश प्रकारका विशेषता प्राप्त गर्छ– दिव्यआयु,..... दिव्य- स्पर्श ।



Downloaded from http://dhamma.digital

तर यहाँ, भिक्षुहो ! कसैले दानमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ, शीलमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ अनि भावनामय पुण्यक्रिया सम्पन्न गरेको हुँदैन । ऊ शरीर त्यागी मृत्यु पश्चात निम्मानरति देवकुलमा जन्मन्छ । भिक्षुहो ! त्यहाँ सुनिम्मित देवपुत्रले भन्दा पनि अतिरिक्त दानमय पुण्यक्रीया वस्तु गरेको हुँदा, अतिरिक्त शीलमय पुण्यक्रिया गरेको हुँदा, निम्मानरति देवकुलमा दश प्रकारका विशेषता प्राप्त गर्छ– दिव्य आयु,..... दिव्य स्पर्श ।

तर यहाँ, भिक्षुहो ! कसैले दानमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ, शीलमय पुण्यक्रिया वस्तु अधिकमात्रामा गर्छ अनि भावनामय पुण्यक्रिया सम्पन्न गरेको हुँदैन । ऊ शरीर त्यागी मृत्युपश्चात परनिम्मितवसवत्ती देवकुलमा जन्मन्छ । भिक्षुहो ! त्यहाँ वसवत्ती देवपुत्रले भन्दा पनि अतिरिक्त दानमय पुण्यक्रिया वस्तु गरेको हुँदा, अतिरिक्त शीलमय पुण्यक्रिया गरेको हुँदा, परनिम्मितवसवत्ति देवकुलमा दश प्रकारका विशेषता प्राप्त गर्छ– दिव्यआयु, दिव्यवर्ण, दिव्यसुख, दिव्ययश, दिव्यआधिपत्य, दिव्यरूप, दिव्यशब्द, दिव्यगन्ध, दिव्यरस र दिव्य स्पर्श । भिक्षुहो ! यी नै तीन प्रकारका पुण्यक्रिया वस्तु हुन् । ”

## ७. सप्पुरिसदानसुत्तं

३७. “भिक्षुहो ! यी आठ सत्पुरुष दान हुन् । ती आठ के-के हुन् ? पवित्र दान दिन्छ, प्रणीत दान दिन्छ, समयोचित दान दिन्छ, उचित दान दिन्छ, विचारशील भई दान दिन्छ, सदैव दिन्छ, दिंदा चित्त प्रसन्न हुन्छ अनि दिंदा सन्तुष्ट हुन्छ । भिक्षुहो ! यी नै आठ प्रकारका सत्पुरुष दान हुन् ।”

**“सुचिं पणीतं कालेन, कप्पियं पानभोजनं ।**
**अभिण्हं ददाति दानं, सुखेत्तेसु ब्रह्मचारिसु ॥**

“सुक्षेत्र भएका ब्रह्मचारीलाई पवित्र, प्रणीत, समयोचित, उचित भोजन पेय्य पदार्थ सदैव दान दिन्छ ।

**“नेव विप्पटिसारिस्स, चजित्वा आमिसं बहुं ।**
**एवं दिन्नानि दानानि, वण्णयन्ति विपस्सिनो ॥**

“आवश्यकतानुसार धेरै आमिष त्याग गरी दिंदा कहिले पनि खिन्नभाव हुँदैन । यस प्रकारले दिएको दानलाई पण्डितले प्रशंसा गर्छ ।



Downloaded from http://dhamma.digital

"एवं यजित्वा मेधावी, सद्धो मुत्तेन चेतसा ।
अब्याबज्झं सुखं लोकं, पण्डितो उपपज्जती"ति ॥

"यसरी मेधावीले श्रद्धासहित मुक्तचित्तद्वारा दान दिंदा व्यापादरहित भएको सुखमय लोकमा पण्डित जन्मन्छ ।"

## ८. सप्पुरिससुत्तं

३८. "भिक्षुहो ! कसैको कुलमा सत्पुरुषको जन्म हुँदा बहुजनको निम्ति कल्याण, हित र सुख हुन्छ । माता-पिताको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, पुत्र-पुत्रीको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, दास-कामदारका निम्ति पनि कल्याण, हित र सुख हुन्छ, मित्र-अमात्यको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, पहिले मृत्यु भएका व्यक्तिको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, राजाको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, देवताको निम्ति पनि कल्याण, हित र सुख हुन्छ अनि श्रमण-ब्राह्मणको निम्ति पनि कल्याण, हित र सुख हुन्छ ।

"भिक्षुहो ! महामेघबाट सबै उद्‌भिद्‌को उत्पत्ति हुने हुँदा बहुजनको निम्ति कल्याण, हित र सुख हुन्छ । भिक्षुहो ! यसरी नै कसैको कुलमा सत्पुरुषको जन्म हुँदा बहुजनको निम्ति कल्याण, हित र सुख हुन्छ, माता-पिताको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, पुत्र-पुत्रीको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, दास-कामदारका निम्ति पनि कल्याण, हित र सुख हुन्छ, मित्र-अमात्यको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, पहिले मृत्यु भएका व्यक्तिको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, राजाको निम्ति पनि कल्याण, हित र सुख हुन्छ, देवताको निम्ति पनि कल्याण, हित र सुख हुन्छ अनि श्रमण-ब्राह्मणको निम्ति कल्याण, हित र सुख हुन्छ ।"

"बहूनं वत अत्थाय, सप्पञ्ञो घरमावसं ।
मातरं पितरं पुब्बे, रत्तिन्दिवमतन्दितो ॥

"प्रज्ञावान घरमा हुँदा धेरैलाई नै हित हुन्छ, पूर्वज (पहिला) माता-पिताका निम्ति आलस्यरहित भई रात-दिन कर्तव्य पालन गर्छ ।

"पूजेति सहधम्मेन, पुब्बेकतमनुस्सरं ।
अनागारे पब्बजिते, अपचे ब्रह्मचारयो ॥



Downloaded from http://dhamma.digital

" उनीहरूद्वारा पहिला गरिएको उपकारलाई स्मरण गरी धर्मानुसार पूजा गर्छ, अनगारिक, प्रव्रजित र ब्रह्मचारीलाई पनि आदर गौरव गर्छ ।

**"निविट्ठसद्धो पूजेति, ञत्वा धम्मे च पेसलो ।**
**रञ्ञो हितो देवहितो, ञातीनं सखिनं हितो ॥**

"धर्म बुझी सदाचारी भई, स्थिर श्रद्धाद्वारा राजाको हित, देवताको हित, आफन्त र बन्धुको पनि हित गर्छ ।

**"सब्बेसं सो हितो होति, सद्धम्मे सुप्पतिट्ठितो ।**
**विनेय्य मच्छेरमलं, स लोकं भजते सिव" न्ति ॥**

"ऊ सद्धर्ममा सुप्रतिष्ठित भई सबैको हित गर्छ, उसले कन्जुसपनलाई जितेर उत्तम स्थान प्राप्त गर्छ ।

## ९. अभिसन्दसुत्तं

"भिक्षुहो ! यी आठ पुण्यको मूल हो, कुशल कर्मको मूल हो, सुखप्रद हुन्छ, स्वर्गमा लिएर जान्छ, सुखफल दिन्छ अनि सुगति हुन्छ । राम्रोको निम्ति, भलोको निम्ति, मनोनुकूलको निम्ति, हितको निम्ति र सुखको निम्ति हुन्छ । ती आठ के-के हुन् ? भिक्षुहो ! यहाँ आर्य श्रावक बुद्धको शरणमा जान्छ । भिक्षुहो ! यो पहिलो पुण्यको मूल हो, कुशल कर्मको मूल हो, सुखप्रद हुन्छ, स्वर्गमा लिएर जान्छ, सुखफल दिन्छ अनि सुगति हुन्छ । यो राम्रोको निम्ति, भलोको निम्ति, मनोनुकूलको निम्ति हितको निम्ति र सुखको निम्ति हुन्छ ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ आर्य श्रावक धर्मको शरणमा जान्छ । भिक्षुहो ! यो दोस्रो पुण्यको मूल..... हुन्छ ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ आर्य श्रावक संघको शरणमा जान्छ । भिक्षुहो ! यो तेस्रो पुण्यको मूल हो, कुशल कर्मको मूल हो, सुखप्रद हुन्छ, स्वर्गमा लिएर जान्छ, सुखफल दिन्छ अनि सुगति हुन्छ, यो राम्रोको निम्ति, भलोको निम्ति, मनोनुकूलको निम्ति, हितको निम्ति र सुखको निम्ति हुन्छ ।

"भिक्षुहो ! यी पाँच महादान, अग्रदान, चिरकालदेखिको ज्ञात, श्रेष्ठ



Downloaded from http://dhamma.digital

वंशोत्पन्न, पुरानो, असङ्कीर्ण, पहिलेदेखि असङ्कीर्ण, न सङ्कीर्ण, हुनेछ, न त सङ्कीर्ण, हुन्छ अनि विज्ञ श्रमण-ब्राह्मणद्वारा अभिनन्दित हुन् । ती पाँच के-के हुन् ? भिक्षुहो ! यहाँ आर्यश्रावक प्राणीहिंसा गर्न छोडेर प्राणीहिंसाबाट विरत हुन्छ । भिक्षुहो ! प्राणीहिंसाबाट विरत हुँदा आर्यश्रावकले अनगन्ती प्राणीहरूलाई अभय दिन्छ, अवैर दिन्छ तथा अक्रोध दिन्छ । अनगन्ती प्राणीहरूलाई अभय दिंदा, अवैर दिंदा, अक्रोध दिंदा, अनगन्ती अभय, अवैर, अक्रोधका भागी हुनेछन् । भिक्षुहो ! यो पहिलो दान महादान हो, अग्र दान हो, चिरकालदेखिको ज्ञात हो, श्रेष्ठ वंशोत्पन्न हो, पुरानो हो, असङ्कीर्ण हो, पहिलेदेखि असङ्कीर्ण हो, सङ्कीर्ण हुनेछैन, न त सङ्कीर्ण नै हुन्छ अनि विज्ञ श्रमण-ब्राह्मणद्वारा अभिनन्दित हुन् ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ आर्य श्रावकले चोरी कार्य गर्न छोडेर चोरी कार्यबाट विरत हुन्छ..... व्यभिचार गर्न छोडेर व्यभिचारबाट बिरत हुन्छ.... झूटो बोल्न छोडेर झूटो बोल्नबाट विरत हुन्छ.... बेहोश पार्ने रक्सि-जाँड पिउन छोडेर बेहोश पार्ने रक्सि-जाँड पिउनबाट विरत हुन्छ । बेहोश पार्ने रक्सिजाँड पिउनबाट विरत हुँदा, भिक्षुहो ! आर्यश्रावकले अनगन्ती प्राणीहरूलाई अभय दिएको हुन्छ, अवैर दिएको हुन्छ तथा अक्रोध दिएको हुन्छ । अनगन्ती प्राणीहरूलाई अभय दिंदा, अवैर दिंदा, अक्रोध दिंदा, अनगन्ती अभय, अवैर, अक्रोधका भागी हुनेछन् । भिक्षुहो ! यो पाँचौ दान महादान हो, अग्रदान हो, चिरकालदेखिको ज्ञात हो, श्रेष्ठ वंशोत्पन्न हो, पुरानो हो, असङ्कीर्ण हो, पहिलेदेखि असङ्कीर्ण हो, सङ्कीर्ण हुनेछैन, न त सङ्कीर्ण नै हुन्छ अनि विज्ञ श्रमण-ब्राह्मणद्वारा अभिनन्दित हुन् । भिक्षुहो ! यी नै आठ पुण्यको मूल हो, कुशल कर्मको मूल हो, सुखप्रद हुन्छ, स्वर्गमा लिएर जान्छ, सुखफल दिन्छ अनि सुगति हुन्छ । यो राम्रोको निम्ति, भलोको निम्ति, मनोनुकूलको निम्ति, हितको निम्ति र सुखको निम्ति हुन्छ ।"

### १०. दुच्चरितविपाकसुत्तं

४०. "भिक्षुहो ! प्राणीहिंसा गर्दा, अभ्यस्त हुँदा, बहुकृत हुँदा नर्कमा जन्मन्छ, पशु-पंक्षीमा जन्मन्छ अथवा प्रेतकुलमा जन्मन्छ । प्राणीहिंसा गर्नेलाई सबैभन्दा कम विपाक भन्नु नै ऊ मनुष्य भई जन्मिंदा अल्पायु हुन्छ ।

"भिक्षुहो ! चोरी गर्दा, अभ्यस्त हुँदा, बहुकृत हुँदा नर्कमा जन्मन्छ, पशु-पंक्षीमा जन्मन्छ अथवा प्रेतकुलमा जन्मन्छ । चोरी गर्नेलाई सबैभन्दा कम विपाक भन्नु नै ऊ मनुष्य भई जन्मिंदा भोग्य वस्तुको अलाभी हुन्छ ।

Downloaded from http://dhamma.digital

"भिक्षुहो ! व्यभिचारी (काम-मिथ्याचारी) हुँदा, अभ्यस्त हुँदा, बहुकृत हुँदा नर्कमा जन्मन्छ, पशु-पंक्षीमा जन्मन्छ अथवा प्रेतकुलमा जन्मन्छ । व्यभिचार गर्नेलाई सवैभन्दा कम विपाक भन्नु नै ऊ मनुष्य भई जन्मिंदा सौताको वैरी हुन्छ ।

"भिक्षुहो ! झूटो बोल्ने हुँदा, अभ्यस्त हुँदा, बहुकृत हुँदा नर्कमा जन्मन्छ, पशु-पंक्षीमा जन्मन्छ अथवा प्रेतकुलमा जन्मन्छ । झूटो बोल्नेलाई सबैभन्दा कम विपाक भन्नु नै ऊ मनुष्य भई जन्मिंदा झूटो दोषारोपणको भागी हुन्छ ।

"भिक्षुहो ! चुक्लीखोर हुँदा, अभ्यस्त हुँदा, बहुकृत हुँदा नर्कमा जन्मन्छ, पशु-पंक्षीमा जन्मन्छ अथवा प्रेतकुलमा जन्मन्छ । चुक्लीखोर हुनेलाई सबैभन्दा कम विपाक भन्नु नै ऊ मनुष्य भई जन्मिंदा मित्र वियोग हुन्छ ।

"भिक्षुहो ! कठोर वचन लाउने हुँदा, अभ्यस्त हुँदा, बहुकृत हुँदा नर्कमा जन्मन्छ, पशु-पंक्षीमा जन्मन्छ अथवा प्रेतकुलमा जन्मन्छ । कठोर वचन बोल्नेलाई सबैभन्दा कम विपाक भन्नु नै मनुष्य भई जन्मिंदा अप्रिय वचन सुन्नुपर्छ ।

"भिक्षुहो ! बकवादी हुँदा, अभ्यस्त हुँदा, बहुकृत हुँदा नर्कमा जन्मन्छ, पशु-पंक्षीमा जन्मन्छ अथवा प्रेतकुलमा जन्मन्छ । बकवादीलाई सबैभन्दा कम विपाक भन्नु नै मनुष्य भई जन्मिंदा अनादर वचन सुन्नुपर्छ ।

"भिक्षुहो ! रक्सीजाँड पिउँदा, अभ्यस्त हुँदा, बहुकृत हुँदा नर्कमा जन्मन्छ, पशु-पंक्षीमा जन्मन्छ अथवा प्रेतकुलमा जन्मन्छ । रक्सीजाँड पिउनेलाई सबैभन्दा कम विपाक भन्नु नै मनुष्य भई जन्मिंदा बहुलाउँछ ।"

Downloaded from http://dhamma.digital

## ५. उपोसथवग्गो

### १. सङ्खित्तूपोसथसुत्तं

४१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसरी भन्नुभयो–

"भिक्षुहों ! आठ अङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणाम हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ । भिक्षुहो ! कुन-कुन आठ अङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ ? भिक्षुहो ! यहाँ आर्य श्रावकले यसरी विचार गर्छ– 'अर्हतले सारा जीवन प्राणी हिंसा त्यागेर प्राणीहिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छ । मैले पनि आजको यस रात र दिन प्राणीहिंसालाई त्यागेर, प्राणीहिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छु । यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रत पालन गर्छु ।' यसरी यो पहिलो अङ्गद्वारा सम्पन्न हुन्छ ।

"'अर्हतले सारा जीवन चोर्न त्यागेर चोर्नबाट विरत हुन्छ, दिएको लिने, दिएकोलाई नै आकाङ्क्षा गर्ने तथा आफू सचरित्रवान भई विचरण गर्छ । मैले पनि आजको यस रात र दिन चोर्न त्यागेर चोर्नबाट विरत भई, दिएको लिने, दिइने वस्तुको नै आकाङ्क्षा गर्छु तथा आफू सचरित्रवान भई विचरण गर्छु । यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रत पालन गर्छु ।' यसरी यो दोस्रो अङ्गद्वारा सम्पन्न हुन्छ ।

"'अर्हतले सारा जीवन अब्रह्मचर्यलाई त्याग्छ, ग्राम्य मैथुन धर्मबाट विरत भई ब्रह्मचारी भई बस्छ । मैले पनि आजको यस रात र दिन अब्रह्मचर्य त्यागेर ग्राम्य मैथुन धर्मबाट विरत भइकन ब्रह्मचारी हुन्छु । यस अङ्गद्वारा अर्हतको अनुकरण गरी, मैले उपोसथ व्रत पालन गर्छु ।' यसरी यो तेस्रो अङ्गद्वारा सम्पन्न हुन्छ ।



Downloaded from http://dhamma.digital

“ ‘अर्हतले सारा जीवन झूटो बोली त्यागेर झूटो बोल्नबाट विरत भई, सत्यवादी, साँचो बोल्ने, यथार्थ बोल्ने, विश्वसनीय तथा लोकमा आफ्नो वचन पूरा गर्छ। मैले पनि आजको यस रात र दिन झूटो बोली त्याग्छु सत्यवादी हुन्छु, साँचो बोल्छु, विश्वसनीय तथा लोकमा आफ्नो वचन पूरा गर्छु। यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रत पालन गर्छु।’ यसरी यो चौथो अङ्गद्वारा सम्पन्न हुन्छ।

“ ‘अर्हतले सारा जीवन बेहोश पार्ने रक्सीजाँडलाई त्यागेर बेहोस पार्ने रक्सीजाँडबाट विरत हुन्छ। मैले पनि आजको यस रात र दिन बेहोस पार्ने रक्सीजाँड त्याग्छु, बेहोस पार्ने रक्सीजाँडबाट विरत हुन्छु। यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रत पालन गर्छु।’ यसरी यो पाँचौ अङ्गद्वारा सम्पन्न हुन्छ।

“ ‘अर्हतले सारा जीवन एक छाक खाने, विकाल भोजन तथा रात्री भोजन त्यागी एकछाक खाने, विकाल भोजन तथा रात्री भोजनबाट विरत हुन्छ। मैले पनि आजको यस रात र दिन एक छाक खाने भई विकाल भोजन तथा रात्री भोजन त्याग्छु। यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रत पालन गर्छु।’ यसरी यो छैटौं अङ्गद्वारा सम्पन्न हुन्छ।

“ ‘अर्हतले सारा जीवन नृत्य-गीत-वाद्य विकारोत्पन्न हुने दृश्य हेर्न र माला, सुगन्धको लेपन तथा सिँगारपटार त्यागेर नृत्य-गीत-वाद्य विकारोत्पन्न हुने दृश्य हेर्न र माला, सुगन्धको लेपन तथा सिँगारपटारबाट विरत हुन्छ। मैले पनि आजको यस रात र दिन नृत्य-गीत-वाद्य विकारोत्पन्न हुने दृश्य हेर्न, माला, सुगन्धको लेपन तथा सिँगारपटारलाई त्यागेर नृत्य-गीत-वाद्य-विकारोत्पन्न हुने दृश्य हेर्न र माला, सुगन्धको लेपन तथा सिँगारपटारबाट विरत हुन्छु। यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रत पालन गर्छु।’ यसरी यो सातौं अङ्गद्वारा सम्पन्न हुन्छ।

“ ‘अर्हतले सारा जीवन उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्यालाई सेवन गर्छ– खाट वा घासको बिछ्याउना। मैले पनि आजको यस रात र दिन उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्याको सेवन गर्छु–



Downloaded from http://dhamma.digital

खाट वा घासको बिछ्याउना । यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रत पालन गर्छु ।' यस आठौं अङ्गद्वारा सम्पन्न हुन्छ । यसरी यो आठ अङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ ।"

## २. वित्यतूपोसथसुत्तं

४२. "भिक्षुहो ! आठ अङ्गले सम्पन्न उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ । भिक्षुहो ! कुन-कुन आठ अङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ ? भिक्षुहो ! यहाँ आर्यश्रावकले यस प्रकारले विचार गर्छ– 'अर्हतले सारा जीवन प्राणी हिंसा त्यागेर प्राणीहिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छ । मैले पनि आजको यस रात र दिन प्राणीहिंसा त्यागेर, प्राणीहिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छु ।' यस अङ्गद्वारा अर्हतको अनुकरण गरी उपोसथ व्रतलाई मैले पालन गर्छु । यसरी यो पहिलो अङ्गद्वारा सम्पन्न हुन्छ..... ।

" 'अर्हतले सारा जीवन उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्यालाई सेवन गर्छ– खाट वा घासको बिछ्याउना । मैले पनि आजको यस रात र दिन उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्याको सेवन गर्छु– खाट वा घासको बिछ्याउना । यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रत पालन गर्छु ।' यो आठौं अङ्गद्वारा सम्पन्न हुन्छ । भिक्षुहो ! यसरी यो आठ अङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ ।

"कस्तो महाफलदायी, महाशुभपरिणामी, महाद्योतक अनि महाविस्तारित हुन्छ ? जस्तै कि, भिक्षुहो ! प्रशस्त सप्तरत्नले सम्पन्न सोह्र महाजनपदहरू– अङ्ग, मगध, कासी, कोसल, वज्जी, मल्ल, चेती, वंग, कुरु, पञ्चाल, मच्छ, सूरसेन, अस्सक, अवन्ती, गन्धार र कम्बोजका अधिपति भई राजाले राज्य गरेता पनि आठ अङ्गले सम्पन्न हुँदाको फल सोह्र भागको एक भाग पनि हुँदैन । त्यो के कारणले ?



Downloaded from http://dhamma.digital

भिक्षुहो ! दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्य लोकको राज्य भनेको तुच्छ नै हो ।

"भिक्षुहो ! मनुष्यको जुन पचास वर्ष हो, चातुमहाराज देवको एक रात र दिन हुन्छ । त्यस रातको हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षअनुसार पाँचसय वर्ष आयुको गनणा हुन्छ । भिक्षुहो ! यस्तो हुनसक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गरेमा शरीरभेद भई मृत्युपश्चात चातुमहाराजको देव-कुलमा उत्पन्न हुनेछ । भिक्षुहो ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य भनेको तुच्छ नै हो ।'

"भिक्षुहो ! मनुष्यको जुन सय वर्ष हो, तावतिंस देवको एक रात र दिन हुन्छ । त्यस रातको हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्ष अनुसार एकसय वर्ष आयुको गनणा हुन्छ । भिक्षुहो ! यस्तो हुनसक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गरेमा शरीरभेद भई मृत्युपश्चात तावतिंस देव-कुलमा उत्पन्न हुनेछ । भिक्षुहो ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य भनेको तुच्छ नै हो ।'

"भिक्षुहो ! मनुष्यको जुन दुईसय वर्ष हो, यामा देवको एक रात र दिन हुन्छ । त्यस रातको हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिना अनुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षानुसार दुईसय वर्ष आयुको गनणा हुन्छ । भिक्षुहो ! यस्तो हुन सक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गरेमा शरीरभेद भई मृत्युपश्चात यामा देव-कुलमा उत्पन्न हुनेछ । भिक्षुहो ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य भनेको तुच्छ नै हो ।'

"भिक्षुहो ! मनुष्यको जुन चारसय वर्ष हो, तुसित देवको एक रात र दिन हुन्छ । त्यस रातको हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिना अनुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षानुसार चारसय वर्ष आयुको गनणा हुन्छ । भिक्षुहो ! यस्तो हुनसक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गरेमा शरीरभेद भई मृत्युपश्चात तुसित देवकुलमा उत्पन्न हुनेछ । भिक्षुहो ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य भनेको तुच्छ नै हो ।'



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! मनुष्यको जुन आठसय वर्ष हो, निम्मानरती देवको एक रात र दिन हुन्छ । त्यस रातको हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षानुसार आठसय वर्ष आयुको गनणा हुन्छ । भिक्षुहो ! यस्तो हुनसक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गरेमा शरीरभेद भई मृत्युपश्चात निम्मानरती देवकुलमा उत्पन्न हुनेछ । भिक्षुहो ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य भनेको तुच्छ नै हो ।'

"भिक्षुहो ! मनुष्यको जुन सोह्रसय वर्ष हो, परनिम्मितवसवत्ती देवको एक रात र दिन हुन्छ । त्यस रातको हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिना अनुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्ष अनुसार सोह्रसय वर्ष आयुको गनणा हुन्छ । भिक्षुहो ! यस्तो हुनसक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गरेमा शरीरभेद भई मृत्युपश्चात परनिम्मितवसवत्ती देवकुलमा उत्पन्न हुनेछ । भिक्षुहो ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य भनेको तुच्छ नै हो ।' "

**"पाणं न हञ्ञे न चदिन्नमादिये, मुसा न भासे न च मज्जपो सिया ।**
**अब्रह्मचरिया विरमेय्य मेथुना, रत्तिं न भुञ्जेय्य विकाल भोजनं ॥**

"प्राणीहिंसा नगर्नु, नचोर्नु, झूटो नबोल्नु, मादक पदार्थको सेवन नगर्नु । मैथुन सेवनबाट विरत हुनु अर्थात अब्रह्मचारी नहुनु र रात्री विकाल भोजन नगर्नु ।

**"मालं न धारे न च गन्धमाचरे, मञ्चे छमायं व सयेथ सन्थते ।**
**एतञ्हि अट्ठङ्गिकमाहुपोसथं, बुद्धेन दुक्खन्तगुना पकासितं ॥**

"माला नलगाउनु, सुगन्धित लेप नलगाउनु, खाट वा घासमा सुत्नु । बुद्धबाट दु:खको अन्त हुने यही आठअङ्गको उपोसथ व्रतलाई प्रकाश गरें ।

**"चन्दो च सूरियो च उभो सुदस्सना, ओभासयं अनुपरियन्ति यावता ।**
**तमोनुदा ते पन अन्तलिक्खगा, नभे पभासन्ति दिसाविरोचना ॥**

**" एतस्मिं यं विज्जति अन्तरे धनं, मुत्ता मणि वेलुरियञ्च भद्दकं ।**



Downloaded from http://dhamma.digital

सिङ्गी सुवण्णं अथ वापि कञ्चनं, यं जातरूपं हटकन्ति वुच्चति ॥
"अट्ठङ्गुपेतस्स उपोसथस्स, कलम्पि ते नानुभवन्ति सोलसिं ।
चन्दप्पभा तारगणा च सब्बे ॥

"चन्द्र र सूर्य दुवै सुदर्शन हो, अन्धकार हटाई अन्तरिक्षमा विचरण गर्ने, नभमा प्रभासित तथा चारै दिशामा उज्यालो पार्दै जहाँसम्म प्रकाश फैलिएको हुन्छ, तहाँसम्म रहेको जतिपनि धन, मुक्ता, मणि, वैदूर्य वस्तु, सिङ्गी (स्वर्ण), अथवा कञ्चन, जति पनि रूपैयाँ-पैसा, हाटक (स्वर्ण) भनिन्छ । आठअङ्गले सम्पन्न उपोसथ व्रतको तुलनामा समस्त तारागण र चन्द्रको प्रभा भनेको त सोह्र भागको एक पनि हुँदैन ।

"तस्मा हि नारी च नरो च सीलवा, अट्ठङ्गुपेतं उपवस्सुपोसथं ।
पुञ्ञानि कत्वान सुखुद्रयानि, अनिन्दिता सग्गमुपेन्ति ठान"न्ति ॥

"यसकारण आठअङ्गको उपोसथ व्रत पालन गरी, सुखमय हुने पुण्य कर्मद्वारा अनिन्दित भई शीलवान स्त्री वा पुरुष स्वर्गमा उत्पन्न हुनेछन् ।"

## ३. विसाखासुत्तं

४३. एक समय भगवान सावत्थिस्थित मिगारमाताको प्रासाद पुब्बाराममा बस्नुहुन्थ्यो । त्यसबेला विसाखा मिगारमाता जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन्, गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेकी मिगारमातालाई भगवानले यसरी भन्नुभयो– "विसाखा ! आठअङ्गले सम्पन्न उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ । विसाखा ! कुन-कुन आठ अङ्गले सम्पन्न उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभ परिणामी हुन्छ, महाद्योतक हुन्छ र महाविस्तारित हुन्छ ? विसाखा ! यहाँ आर्यश्रावकले यसरी विचार गर्छ– 'अर्हतले सारा जीवन प्राणीहिंसालाई त्यागेर प्राणीहिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छ । मैले पनि आजको यस रात र दिन प्राणीहिंसालाई त्यागेर, प्राणीहिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छु ।' यस अङ्गद्वारा अर्हतको अनुकरण गरी, मैले उपोसथ व्रतलाई पालन गर्छु । यसरी यो पहिलो अङ्गद्वारा सम्पन्न हुन्छ..... ।



Downloaded from http://dhamma.digital

" 'अर्हतले सारा जीवन उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्यालाई सेवन गर्छ– खाट वा घासको बिछ्याउना । मैले पनि आजको यस रात र दिन उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्यालाई सेवन गर्नेछु– खाट वा घासको बिछ्याउना । यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ व्रतलाई पालन गर्छु ।' यो आठौं अङ्गद्वारा सम्पन्न हुन्छ । भिक्षुहो ! यसरी यो आठअङ्गले सम्पन्न उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ ।

"कस्तो महाफलदायी, महाशुभपरिणामी, महाद्योतक र महाविस्तारित हुन्छ ? जस्तो कि विसाखा ! प्रशस्त सप्तरत्नले सम्पन्न सोह्र महाजनपदहरू– अङ्ग, मगध, कासी, कोसल, वज्जी, मल्ल, चेती, वंग, कुरु, पञ्चाल, मच्छ, सूरसेन, अस्सक, अवन्ती, गन्धार र कम्बोजका अधिपति भई राजाले राज्य गरेता पनि आठ-अङ्गले सम्पन्न हुँदाको फल सोह्र भागको एक भाग पनि हुँदैन । त्यो के कारणले ? विसाखा ! दिव्यलोकमा पाइने सुखको तुलनामा मनुष्यलोकको राज्य भनेको तुच्छ नै हो ।

"विसाखा ! मनुष्यको जुन पचास वर्ष हो, चातुमहाराज देवको एक रात र दिन हुन्छ । त्यो रातको हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षानुसार पाँचसय वर्षको आयुको गनणा हुन्छ । भिक्षुहो ! यस्तो हुन सक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गरेमा शरीर भेद भई मृत्यु पश्चात चातुमहाराजको देव-कुलमा उत्पन्न हुनेछ । विसाखा ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य त तुच्छ नै हो ।'

"विसाखा ! मनुष्यको जुन सय वर्ष हो, तावतिंस देवको एक रात र दिन हुन्छ । त्यस रातका हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षानुसार एकसय वर्ष आयुको गनणा हुन्छ । विशाखा ! यस्तो हुन सक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गर्छ भने शरीर भेद भई मृत्यु पश्चात तावतिंस देव-कुलमा उत्पन्न



Downloaded from http://dhamma.digital

हुनेछ। विसाखा ! यही विषयलाई लिएर भनें– 'दिव्य-लोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य त तुच्छ नै हो।'

"विसाखा ! मनुष्यको जुन दुईसय वर्ष..... चारसय वर्ष... आठसय वर्ष... सोह्रसय वर्ष परिनिम्मितवसवत्ती देवको एक रात र दिन हुन्छ। त्यस रातका हिसाबले तीस रातको एक महिना हुन्छ। त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ। त्यही वर्षानुसार सोह्र हजार वर्षसम्म आयुको गनणा हुन्छ। विसाखा ! यस्तो हुन सक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गर्छ भने शरीरभेद भई मृत्युपश्चात परनिम्मित-वसवत्ती देवकुलमा उत्पन्न हुनेछ। विसाखा ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य त तुच्छ नै हो।'

**"पाणं नं हञ्ञे न चदिन्नमादिये, मुसा न भासे न च मज्जपो सिया।**
**अब्रह्मचरिया विरमेय्य मेथुना, रत्तिं न भुञ्जेय्य विकाल भोजनं॥**

"प्राणीहिंसा नगर्नु, नचोर्नु, झूटो नबोल्नु, मादकपदार्थको सेवन नगर्नु। मैथुन सेवनबाट विरत हुनु अर्थात अब्रह्मचारी नहुनु, रात्री विकाल भोजन नगर्नु।

**"मालं न धारे न च गन्धमाचरे, मञ्चे छमायं व वसेथ सन्थते।**
**एतञ्हि अट्ठङ्गिकमाहुपोसथं, बुद्धेन दुक्खन्तगुना पकासितं॥**

"माला नलगाउनु, सुगन्धको लेप नलगाउनु, खाट वा घासमा सुत्नु बुद्धबाट दुःखको अन्त हुने यही आठ अङ्गको उपोसथ व्रतलाई प्रकाश गरें।

**"चन्दो च सूरियो च उभो सुदस्सना, ओभासयं अनुपरियन्ति यावता।**
**तमोनुदा ते पन अन्तलिक्खगा, नभे पभासन्ति दिसाविरोचना॥**
**" एतस्मिं यं विज्जति अन्तरे धनं, मुत्ता मणि वेलुरियञ्च भद्दकं।**
**सिङ्गी सुवण्णं अथ वापि कञ्चनं, यं जातरूपं हटकन्ति वुच्चति॥**
**"अट्ठङ्गुपेतस्स उपोसथस्स, कलम्पि ते नानुभवन्ति सोलसिं।**
**चन्दप्पभा तारगणा च सब्बे॥**

"चन्द्र र सूर्य दुवै सुदर्शन हुन्, अन्धकार हटाई अन्तरिक्षमा विचरण गर्ने, नभमा प्रभासित तथा चारै दिशामा उज्यालो पार्दै जहाँसम्म प्रकाश फैलिएको हुन्छ तहाँसम्म रहेको जतिगनि धन, मुत्ता, मणि, वैदूर्य वस्तु, सिङ्गी (स्वर्ण), अथवा



Downloaded from http://dhamma.digital

कञ्चन, जति पनि रूपैयाँ-पैसा, हाटक (स्वर्ण) भनिन्छ । आठअङ्गले सम्पन्न उपोसथ व्रतको तुलनामा समस्त तारागण र चन्द्रको प्रभा त सोह्र भागको एक भाग पनि हुँदैन ।

**"तस्मा हि नारी च नरो च सीलवा, अट्ठङ्गुपेतं उपवस्सुपोसथं ।**
**पुञ्ञानि कत्वान सुखुद्रयानि, अनिन्दिता सग्गुमुपेन्ति ठान"न्ति ॥**

"यसकारण आठ अङ्गको उपोसथ व्रत पालन गरी, सुखमय हुने पुण्य कर्मद्वारा अनिन्दित भई शीलवान स्त्री वा पुरुष स्वर्गमा उत्पन्न हुनेछन् ।"

## ४. वासेट्ठसुत्तं

४४. एक समय भगवान वेसालिस्थित महावन कूटागारसालामा बस्नुहुन्थ्यो । त्यसबेला वासेट्ठ उपासक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए, गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका वासेट्ठ उपासकलाई भगवानले यसरी भन्नुभयो– "वासेट्ठ ! आठअङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ... अनिन्दित भई स्वर्गमा उत्पन्न हुन्छ ।"

(भगवानबाट) आज्ञा भएपछि वासेट्ठ उपासकले भगवानलाई यसरी भने– "भन्ते ! अष्टाङ्ग उपोसथ (व्रत) सम्पन्न गर्नको निम्ति मेरा प्रिय आफन्तले पालन गरोस् (यसबाट) मेरा प्रिय आफन्तलाई दीर्घकालसम्म हित र सुख हुनेछ । भन्ते ! अष्टाङ्ग उपोसथ सम्पन्न गर्न समस्त क्षत्रीहरूले पालन गरोस्, समस्त क्षत्रीहरूलाई दीर्घकालसम्म हित र सुख हुनेछ । भन्ते ! ... समस्त ब्राह्मणहरूले, ... वैश्यहरूले, ... शुद्रहरूले पालन गरोस्, समस्त शुद्रहरूलाई दीर्घकालसम्म हित र सुख हुनेछ ।"

"यो यस्तै नै हो, वासेट्ठ ! यो यस्तै नै हो वासेट्ठ ! समस्त क्षत्रीहरूले अष्टाङ्ग उपोसथ (व्रत) सम्पन्न गर्नको निम्ति पालन गरोस् । समस्त क्षत्रीहरूलाई दीर्घकालसम्म हित र सुख हुनेछ । वासेट्ठ ! समस्त ब्राह्मणहरूले..... वैश्यहरूले..... शुद्रहरूले अष्टाङ्ग उपोसथ (व्रत) सम्पन्न गर्नको निम्ति पालन गरोस्, समस्त शुद्रहरूलाई दीर्घकालसम्म हित र सुख हुनेछ । वासेट्ठ ! समस्त देव, समस्त मार, समस्त ब्रह्मा, समस्त श्रमण-ब्राह्मण प्रजासहित समस्त देव-मनुष्यहरूले अष्टाङ्ग उपोसथ सम्पन्न गर्नको निम्ति पालन गरोस् । समस्त देव,

Downloaded from http://dhamma.digital

समस्त मार, समस्त ब्रह्मा, समस्त श्रमण-ब्राह्मण प्रजासहित समस्त देवमनुष्यहरूलाई दीर्घकालसम्म हित र सुख हुनेछ । वासेट्ठ ! महाऐश्वर्यशालीले पनि यी अष्टाङ्ग उपोसथ सम्पन्न गर्नको निम्ति पालन गरोस् । यसबाट महाऐश्वर्यशालीलाई पनि दीर्घकालसम्म हित र सुख हुनेछ । मनुष्यहरूलाई त भन्नु नै के !"

## ५. बोज्झसुत्तं

४५. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यसबेला बोज्झा उपासिका जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेकी बोज्झा उपासिकालाई भगवानले यसरी भन्नुभयो–

"बोज्झा ! आठअङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ । बोज्झा ! कुन-कुन आठअङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ ? बोज्झा ! यहाँ आर्यश्रावकले यस प्रकारले विचार गर्छ– 'अर्हतले सारा जीवन प्राणीहिंसालाई त्यागेर प्राणीहिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छ । मैले पनि आजको यस रात र दिन प्राणीहिंसालाई त्यागेर, प्राणीहिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लजालु, दयालु र समस्त प्राणीप्रति अनुकम्पक भई विचरण गर्छु ।' यस अङ्गद्वारा अर्हतको अनुकरण गरी, मैले उपोसथ व्रतलाई पालन गर्छु । यस पहिलो अङ्गद्वारा सम्पन्न हुन्छ..... ।

" 'अर्हतले सारा जीवन उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्यालाई सेवन गर्छ– खाट वा घासको बिछ्याउना । मैले पनि आजको यस रात र दिन उच्चशय्या तथा महाशय्या त्यागेर उच्चशय्या तथा महाशय्याबाट विरत भई साधारण शय्यालाई सेवन गर्छु– खाट वा घासको बिछ्याउना । यस अङ्गद्वारा अर्हतको अनुकरण गरी मैले उपोसथ पालन गर्छु ।' यस आठौं अङ्गद्वारा सम्पन्न हुन्छ । बोज्झा ! यस प्रकारको आठ-अङ्गले सम्पन्न भएको उपोसथ व्रत पालन गर्दा महाफलदायी हुन्छ, महाशुभपरिणामी हुन्छ, महाद्योतक हुन्छ अनि महाविस्तारित हुन्छ ।



Downloaded from http://dhamma.digital

"कस्तो महाफलदायी, महाशुभपरिणामी, महाद्योतक र महाविस्तारित हुन्छ ? जस्तो कि बोज्झा ! प्रशस्त सप्तरत्नले सम्पन्न सोह्र महाजनपदहरू– अङ्ग, मगध, कासी, कोसल, वज्जी, मल्ल, चेती, वंग, कुरु, पञ्चाल, मच्छ, सूरसेन, अस्सक, अवन्ती, गन्धार र कम्बोजका अधिपति भई राजाले राज्य गरेता पनि आठअङ्गले सम्पन्न हुँदाको फल सोह्र भागको एक भाग पनि हुँदैन । त्यो के कारणले ? बोज्झा ! दिव्यलोकमा पाइने सुखको तुलनामा मनुष्यलोकको राज्य तुच्छ नै हो ।

"बोज्झा ! मनुष्यको जुन पचास वर्ष हो, चातुमहाराज देवको एक रात र दिन हुन्छ । त्यो रातको हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षानुसार पाँचसय वर्षको आयुको गनणा हुन्छ । भिक्षुहो ! यस्तो हुन सक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गरेमा शरीरभेद भई मृत्युपश्चात चातुमहाराजको देवकुलमा उत्पन्न हुनेछ । बोज्झा ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य त तुच्छ नै हो ।'

"बोज्झा ! मनुष्यको जुन सय वर्ष हो, तावतिंस देवको एक रात र दिन हुन्छ । त्यस रातका हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षानुसार एकसय वर्ष आयुको गनणा हुन्छ । बोज्झा ! यस्तो हुन सक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गर्छ भने शरीर भेदभई मृत्युपश्चात तावतिंस देवकुलमा उत्पन्न हुनेछ । बोज्झा ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य त तुच्छ नै हो ।'

"बोज्झा ! मनुष्यको जुन दुईसय वर्ष..... चारसय वर्ष..... आठसय वर्ष..... सोह्रसय वर्ष परिनिम्मितवसवत्ती देवको एक रात र दिन हुन्छ । त्यस रातका हिसाबले तीस रातको एक महिना हुन्छ । त्यही महिनानुसार बाह्र महिनामा एक वर्ष हुन्छ । त्यही वर्षानुसार सोह्रहजार वर्षसम्म आयुको गनणा हुन्छ । बोज्झा ! यस्तो हुन सक्छ कि, यदि यहाँ कोही स्त्री वा पुरुषले अष्टाङ्ग उपोसथ व्रतलाई पालन गर्छ भने शरीरभेद भई मृत्युपश्चात परनिम्मित-वसवत्ती देव-कुलमा उत्पन्न हुनेछ । बोज्झा ! यही विषयलाई लिएर भनें– 'दिव्यलोकमा पाइने सुखको तुलना गर्दा मनुष्यलोकको राज्य त तुच्छ नै हो ।'

"पाणं नं हञ्ञे न चदिन्नमादिये, मुसा न भासे न च मज्जपो सिया ।



Downloaded from http://dhamma.digital

अब्रह्मचरिया विरमेय्य मेथुना, रत्तिं न भुञ्जेय्य विकाल भोजनं ॥

"प्राणीहिंसा नगर्नु, नचोर्नु, झूटो नबोल्नु, मादकपदार्थको सेवन नगर्नु । मैथुन सेवनबाट विरत हुनु अर्थात अब्रह्मचारी नहुनु र रात्री विकाल भोजन नगर्नु ।

"मालं न धारे न च गन्धमाचरे, मञ्चे छमायं व वसेथ सन्थते ।
एतञ्हि अट्ठङ्गिकमाहुपोसथं, बुद्धेन दुक्खन्तगुना पकासितं ॥

"माला नलगाउनु, सुगन्धित लेप नलगाउनु, खाट वा घासमा सुत्नु बुद्धबाट दुःखको अन्त हुने यही आठअङ्गको उपोसथ व्रतलाई प्रकाश गरें ।

"चन्दो च सूरियो च उभो सुदस्सना, ओभासयं अनुपरियन्ति यावता ।
तमोनुदा ते पन अन्तलिक्खगा, नभे पभासन्ति दिसाविरोचना ॥

" एतस्मिं यं विज्जति अन्तरे धनं, मुत्ता मणि वेलुरियञ्च भद्दकं ।
सिङ्गी सुवण्णं अथ वापि कञ्चनं, यं जातरूपं हटकन्ति वुच्चति ॥

"अट्ठङ्गुपेतस्स उपोसथस्स, कलम्पि ते नानुभवन्ति सोलसिं ।
चन्दप्पभा तारगणा च सब्बे ॥

"चन्द्र र सूर्य दुवै सुदर्शन हो, अन्धकार हटाई अन्तरिक्षमा विचरण गर्ने, नभमा प्रभासित तथा चारै दिशामा उज्यालो पार्दै जहाँसम्म प्रकाश फैलिएको हुन्छ तहाँसम्म रहेको जति पनि धन, मुत्ता, मणि, वैदूर्य वस्तु, सिङ्गी (स्वर्ण), अथवा कञ्चन, जति पनि रूपैयाँपैसा, हाटक (स्वर्ण) भनिन्छ । आठअङ्गले सम्पन्न उपोसथ व्रतको तुलनामा समस्त तारागण र चन्द्रको प्रभा त सोह्र भागको एक भाग पनि हुँदैन ।

"तस्मा हि नारी च नरो च सीलवा, अट्ठङ्गुपेतं उपवस्सुपोसथं ।
पुञ्ञानि कत्वान सुखुद्रयानि, अनिन्दिता सग्गमुपेन्ति ठान"न्ति ॥

"यसैले शीलवान स्त्री वा पुरुषले आठअङ्गको उपोसथ व्रत पालन गरी, सुखमय कारण बन्ने पुण्य कर्म गरी, अनिन्दित भई स्वर्गमा उत्पन्न हुनेछन् ।"



Downloaded from http://dhamma.digital

## ६. अनुरुद्धसुत्तं

४६. एक समय भगवान कोसम्बिस्थित घोसितारामगा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान अनुरुद्ध दिउँसो विहार भित्र ध्यानमा बस्नुभएको थियो । तब धेरै मनापकायिक देवताहरू जहाँ आयुष्मान अनुरुद्ध हुनुहुन्थ्यो त्यहाँ गए । गएर आयुष्मान अनुरुद्धलाई ती देवताहरूले अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती देवताहरूले आयुष्मान अनुरुद्धलाई यसरी भने– "भन्ते अनुरुद्ध ! हामी मनापकायिक देवताहरू तीन प्रकारका ऐश्वर्यलाई आफ्नो वशमा राखेका हुन्छौं । भन्ते अनुरुद्ध ! हामीले जस्तो वर्ण चाहन्छौं त्यस्तै नै आफ्नो वर्णका लाभी हुनसक्छौं, हामीले जस्तो स्वर चाहन्छौं त्यस्तै आफ्नो स्वरका लाभी हुनसक्छौं अनि हामीले जस्तो सुख चाहन्छौं त्यस्तै आफ्नो सुखका लाभी हुनसक्छौं । "भन्ते अनुरुद्ध ! हामी मनापकायिक नाउँका देवताहरू यही तीन ऐश्वर्यलाई आफ्नो वशमा राखेका हुन्छौं ।"

अनि आयुष्मान अनुरुद्धको मनमा यस्तो विचार आयो– "आहा ! यी सबै देवताहरू नीलो वर्णको, नीलो वस्त्रको अनि नीलो अलङ्कारधारी भए हुन्थ्यो ।" अनि ती देवताहरूले आयुष्मान अनुरुद्धको मनोभावलाई बुझेर सबै नै नीलो वर्ण, नीलो वस्त्र र नीलो अलङ्कारधारी भए ।

अनि आयुष्मान अनुरुद्धको मनमा यस्तो विचार आयो– "आहा ! यी सबै देवताहरू पहेंलो वर्णको... सबै रातो... सबै सेतो वस्त्रको अनि सेतो अलङ्कारधारी भए हुन्थ्यो ।" अनि ती देवताहरूले आयुष्मान अनुरुद्धको मनोभावलाई बुझेर सबै नै सेतो वर्ण, सेतो वस्त्र र सेतो अलङ्कारधारी भए ।

अनि ती देवताहरू मध्येमा एकले गाउन थाले, एकले नाच्न थाले अनि एकले बाजा बजाउन थाले । जस्तो कि, पञ्चाङ्ग तूरिय वाद्य झैं थियो, जुन सुविनित ज़स्तै, सुप्रतिपालित जस्तैं, दक्ष वादकले बजाए जस्तै नै आवाज थियो; प्रिय, आकर्षक, वाञ्छनीय, मनोरम र उन्मत्त पार्ने खालको थियो । यस्तै प्रकारले नै ती देवताहरूको अलङ्कारबाट निस्किने आवाज हुन्थ्यो, जुन सुविनितले जस्तै, प्रतिपालितले जस्तै, दक्ष वादकले बजाए जस्तै नै आवाज आउँथ्यो । प्रिय, आकर्षक, मनोरम, मनोरञ्जक र उन्मत्त पार्ने खालको थियो । त्यस अवस्थामा मैले इन्द्रिय झुकाएँ ।

अनि ती देवताहरूले "आर्य अनुरुद्ध रमाउनु भएन" भनी त्यहीं अन्तर्धान



Downloaded from http://dhamma.digital

भएर गए । यसपछि आयुष्मान अनुरुद्ध सन्ध्याकालमा ध्यानबाट उठ्नुभई जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गर्नुभई एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नुभई आयुष्मान अनुरुद्धले भगवानलाई यसरी भन्नुभयो–

"भन्ते ! म दिवा समयमा विहार भित्र ध्यानमा तल्लीन थिएँ । त्यसबेला भन्ते ! मनापकायिक देवताहरू जहाँ म थिएँ त्यहाँ आए । आएर मलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका ती देवताहरूले मलाई यसरी भने– "भन्ते अनुरुद्ध ! हामी मनापकायिक देवताहरूले तीन प्रकारका ऐश्वर्य आफ्नो वशमा राखेका हुन्छौं । भन्ते अनुरुद्ध ! हामीले जस्तो वर्ण चाहन्छौं त्यस्तै नै आफ्नो वर्णको लाभी हुनसक्छौं, हामीले जस्तो स्वर चाहन्छौं त्यस्तै आफ्नो स्वरको लाभी हुनसक्छौं अनि हामीले जस्तो सुख चाहन्छौं त्यस्तै आफ्नो सुखको लाभी हुनसक्छौं । "भन्ते अनुरुद्ध ! हामी मनापकायिक नाउँका देवताहरू यही तीन ऐश्वर्यलाई आफ्नो वशमा राखेका हुन्छौं ।" त्यसबेला मलाई यस्तो विचार आयो– "आहा ! यी सबै देवताहरू नीलो वर्णको, नीलो वस्त्रको अनि नीलो अलङ्कारधारी भए हुन्थ्यो ।" अनि ती देवताहरूले मेरो मनोभावलाई बुझेर सबै नै नीलो वर्ण, नीलो वस्त्र र नीलो अलङ्कारधारी भए ।

त्यसबेला भन्ते ! मेरो मनमा यस्तो विचार आयो– "आहा ! यी सबै देवताहरू पहेंलो वर्णको..... सबै रातो..... सबै सेतो वस्त्रको अनि सेतो अलङ्कारले विभूषित भए हुन्थ्यो ।" अनि मेरो मनोभावलाई बुझेर ती सबै देवताहरू नै सेतो वर्ण, सेतो वस्त्र र सेतो अलङ्कारधारी भए ।

"अनि भन्ते ! ती देवताहरू मध्येमा एकले गाउन थाले, एकले नाच्न थाले अनि एकले बाजा बजाउन थाले । जस्तो कि पञ्चाङ्ग तूरिय वाद्य झैं थियो, जुन सुविनित झैं, सुप्रतिपालित झैं, दक्ष वादकले बजाए झैं आवाज थियो; प्रिय, आकर्षक, वाञ्छनीय, मनोरम र उन्मत्त पार्ने खालको थियो । यस्तै प्रकारले नै ती देवताहरूको अलङ्कारबाट निस्किने आवाज हुन्थ्यो, जुन सुविनितले झैं, प्रतिपालितले झैं, दक्ष वादकले बजाए झैं आवाज आउँथ्यो, प्रिय, आकर्षक, मनोरम, मनोरञ्जक र उन्मत्त पार्ने खालको थियो । त्यस अवस्थामा भन्ते ! मैले इन्द्रिय झुकाएँ ।

"अनि भन्ते ! ती देवताहरू 'आर्य अनुरुद्ध रमाउनु भएन' भनी त्यहीं अन्तर्धान भएर गए । भन्ते ! कुन कुन गुणले सम्पन्न हुँदा स्त्रीको शरीरभेद भई मृत्युपश्चात मनापकायिक देवकुलमा उत्पन्न हुन्छ ?"



Downloaded from http://dhamma.digital

"अनुरुद्ध ! आठकुरालाई सम्पन्न गरियो भने स्त्री शरीरभेद भई मृत्यु-पश्चात मनापकायिक देवकुलमा उत्पन्न हुन्छ । ती आठ के-के हुन् ? अनुरुद्ध ! यहाँ छोरी-बेटीलाई माता-पिताले उनी प्रति हितको चाहना लिई, उनीप्रति दया गरी जुन पुरुषलाई सुम्पिएको हुन्छ उनी ऊ भन्दा पहिला उठछिन्, ऊ भन्दा पछि सुत्छिन्, अज्ञाकारिणी हुन्छिन्, अनुकूल स्वभावको हुन्छिन् अनि प्रियभाषी हुन्छिन् ।

"स्वामीको जो गौरवनीय हुन्छ– माता, पिता, श्रमण, ब्राह्मणलाई आदर गर्नेछिन्, सत्कार गर्नेछिन्, गौरव गर्नेछिन्, मान्नेछिन्, पूज्नेछिन् अनि अतिथिलाई आसन तथा जलद्वारा सत्कार-सम्मान गर्नेछिन् ।

"स्वामीको घरमा जुन कामकाज हुन्छन्– ऊन वा कपासको काम भएमा त्यसमा दक्ष हुन्छिन्, आलसरहित हुन्छिन्, त्यस कामकाजमा उपायकुशल हुन्छिन् अनि त्यसलाई गर्न र गराउनमा सामर्थ्यवान हुन्छिन् ।

"स्वामीको घरमा जो मान्छेहरू हुन्छन्– दास, नोकर-चाकरले काम गरे नगरेको जानकारी राख्ने हुन्छिन्, रोगीको सबल तथा दुर्बलतालाई बुझ्नेछिन् तथा उसलाई जुन प्रकारको खान-पान दिनु पर्ने हो त्यो उपयुक्त हुने गरी बाँडीचुडी दिन्छिन् ।

"स्वामीको जेजति धन-धान्य वा सुन छन् त्यसलाई सुरक्षित गर्छिन्, धुर्त्याइँ गर्दिनन्, चोरी गर्दिनन्, नशालुपदार्थ सेवन गर्नबाट विरत हुन्छिन् अनि विनाशकारी हुँदिनन् ।

"बुद्धको शरणमा, धर्मको शरणमा अनि संघको शरणमा गएकी उपासीका हुन्छिन् ।

"शीलवती हुन्छिन्– प्राणीहिंसा गर्नबाट विरत हुन्छिन् चोर्नबाट विरत हुन्छिन्, व्यभिचारी हुनबाट विरत हुन्छिन्, झूटो बोल्नबाट विरत हुन्छिन् अनि रक्सीजाँड पीउनबाट विरत हुन्छिन् ।

"त्यागवती हुन्छिन्– कन्जुसीपनको चैतसिक क्लेशबाट रहित भई घरमा बस्छिन्,, मुक्तहस्त, खुल्ला हात, त्यागी, दानी स्वभावकी तथा दान विभाजन गरी दिन्छिन् ।



Downloaded from http://dhamma.digital

"अनुरुद्ध ! यी नै आठकुरामा सम्पन्न हुँदा स्त्री शरीरभेद भई मृत्यु-पश्चात मनापकायिक देवकुलमा उत्पन्न हुन्छिन् ।"

**"यो नं भरति सब्बदा, निच्चं आतापि उस्सुको ।**
**तं सब्बकामदं पोसं, भत्तारं नातिमञ्ञति ॥**

"जुन स्वामीले मेहनत गरी सदैव उत्सुकतापूर्वक भरण-पोषण गर्छ, ती सबै कामनाको पूर्ति गरिदिने आफ्नो पतिलाई अवहेलना गर्दिनन् ।

**"न चापि सोत्थि भत्तारं, इस्सावादेन रोसये ।**
**भत्तु च गरुनो सब्बे, पटिपूजेति पण्डिता ॥**

"आफ्नो कल्याणको चाहना गर्नेलाई ईर्ष्यालु भई आफ्नो पतिलाई क्रोधित हुन दिंदैनन् अनि पण्डिता भई पतिका सबै गौरवनीयलाई पूजा-सत्कार गर्छिन् ।

**"उट्ठाहिका अनलसा, सङ्गहितपरिज्जना ।**
**भत्तु मनापं चरति, सम्भतं अनुरक्खति ॥**

"चाँडै उठ्ने, आलसरहित भई परिजनलाई सङ्ग्रह गर्छिन् । पतिको मनोनुकूल स्वभावकी हुन्छिन् कमाएर ल्याएको धनलाई सुरक्षित गरी राख्छिन् ।

**"या एवं वत्तति नारी, भत्तु छन्दवसानुगता ।**
**मनापा नाम ते देवा, यत्थ सा उपपज्जती" ति ॥**

"यसरी जो नारी पतिको इच्छानुकुल स्वभावकी हुन्छिन् अनि तिनी नै मनापकायिक देवकूलमा उत्पन्न हुन्छिन् ।"

## ७. दुतियविसाखासुत्तं

४७. एक समय भगवान सावत्थिस्थित मिगारमाताको पुब्बाराम प्रासादमा बस्नुहुन्थ्यो । त्यसबेला मिगारमाता... एक ठाउँमा बसेकी मिगारमाता विसाखालाई भगवानले यसरी भन्नुभयो–



Downloaded from http://dhamma.digital

"विसाखा ! आठकुरामा सम्पन्न भएकी स्त्री शरीरभेद भई मृत्युपश्चात मनापकायिक देवकुलमा उत्पन्न हुन्छिन् । ती आठ के-के हुन् ? विशाखा ! यहाँ माता-पिताले छोरी-बेटीलाई हित गर्नको निम्ति उनीप्रति दया गरी जुन पुरुषलाई सुम्पिएको हुन्छ उनी ऊ भन्दा पहिला उठ्छिन्, ऊ भन्दा पछि सुत्छिन्, अज्ञाकारिणी हुन्छिन्, अनुकूल स्वभावको हुन्छिन् अनि प्रियभाषिणी हुन्छिन् .... ।

"त्यागवती हुन्छिन्– कन्जुसीपनको चैतसिक क्लेशबाट रहित भई घरमा बस्छिन्,, मुक्तहस्त, खुल्ला हात, त्यागी, दानी स्वभावकी तथा दान विभाजन गरी दिन्छिन् ।

**"यो नं भरति सब्बदा, निच्चं आतापि उस्सुको ।**
**तं सब्बकामदं पोसं, भत्तारं नातिमञ्ञति ॥**
**"न चापि सोत्थि भत्तारं, इस्सावादेन रोसये ।**
**भत्तु च गरुनो सब्बे, पटिपूजेति पण्डिता ॥**
**"उट्ठाहिका अनलसा, सङ्गहितपरिज्जना ।**
**भत्तु मनापं चरति, सम्भतं अनुरक्खति ॥**

**"या एवं वत्तति नारी, भत्तु छन्दवसानुगता ।**
**मनापा नाम ते देवा, यत्थ सा उपपज्जती" ति ॥ (अर्थ माथिकै)**

## ८. नकुलमातासुत्तं

४८. एक समय भगवान भग्गस्थित संसुमारगिर भेसकला भन्ने मृगदावनमा बस्नुहुन्थ्यो । त्यसबेला नकुलमाता गृहपत्नी जहाँ भगवान हुनुहुत्थ्यो त्यहाँ गइन् । गएर... । एक ठाउँमा बसेकी नकुलमाता गृहपत्नीलाई भगवानले यसरी भन्नुभयो–

"नकुल माता ! आठ कुरालाई सम्पन्न गरियो भने स्त्री शरीरभेद भई मृत्युपश्चात मनापकायिक देवकुलमा उत्पन्न हुन्छ । ती आठ के-के हुन् ? अनुरुद्ध ! यहाँ छोरी-बेटीलाई माता-पिताले उनीप्रति हितको चाहना लिई, उनीप्रति दया गरी जुन पुरुषलाई सुम्पिएको हुन्छ उनी ऊ भन्दा पहिला उठ्छिन्, ऊ भन्दा पछि सुत्छिन्, अज्ञाकारिणी हुन्छिन्, अनुकूल स्वभावको हुन्छिन् अनि प्रियभाषिणी हुन्छिन् ।



Downloaded from http://dhamma.digital

"स्वामीको जो गौरवनीय हुन्छ– माता, पिता, श्रमण, ब्राह्मणलाई आदर गर्नेछिन्, सत्कार गर्नेछिन्, गौरव गर्नेछिन्, मान्नेछिन्, पूज्नेछिन् अनि अतिथिलाई आसन तथा जलद्वारा सत्कार-सम्मान गर्नेछिन् ।

"स्वामीको घरमा जुन कामकाज हुन्छन्– ऊन वा कपासको काम भएमा त्यसमा दक्ष हुन्छिन्, आलसरहित हुन्छिन्, त्यस कामकाजमा उपायकुशल हुन्छिन् अनि त्यसलाई गर्न र गराउनमा सामर्थ्यवान हुन्छिन् ।

"स्वामीको घरमा जो मान्छेहरू हुन्छन्– दास, नोकर-चाकरले गरे नगरेका कामलाई जानकारी राख्ने हुन्छिन्, रोगीको सबल तथा दुर्बलतालाई बुझ्नेछिन् तथा उसलाई जुन प्रकारको खान-पान दिनु पर्ने हो त्यो उपयुक्त हुने गरी बाँडीचुडी दिन्छिन् ।

"स्वामीको जेजति धन-धान्य वा सुन सुरक्षित गर्छिन्, धुर्त्याइँ गर्दिनन्, चोरी गर्दिनन्, नशालुपदार्थ सेवन गर्नबाट विरत हुन्छिन् अनि विनाशकारी हुँदिनन् ।

"बुद्धको शरणमा, धर्मको शरणमा अनि संघको शरणमा गएकी उपासीका हुन्छिन् ।

"शीलवती हुन्छिन्– प्राणीहिंसा गर्नबाट विरत हुन्छिन्..... अनि नशालु-पदार्थ सेवन गर्नबाट विरत हुन्छिन् ।

"त्यागवती हुन्छिन्– कन्जुसीपनको चैतसिक क्लेशबाट रहित भई घरमा बस्छिन्,, मुक्तहस्त, खुल्ला हात, त्यागी, दानी स्वभावकी तथा दान विभाजन गरी दिन्छिन् ।

"नकुलमाता ! यी नै आठकुरामा सम्पन्न हुँदा स्त्री शरीरभेद भई मृत्यु-पश्चात मनापकायिक देवकुलमा उत्पन्न हुन्छिन् ।"

"यो नं भरति सब्बदा, निच्चं आतापि उस्सुको ।
तं सब्बकामदं पोसं, भत्तारं नातिमञ्ञति ॥

"न चापि सोत्थि भत्तारं, इस्सावादेन रोसये ।

Downloaded from http://dhamma.digital

भत्तु च गरुनो सब्बे, पटिपूजेति पण्डिता ॥

"उट्ठाहिका अनलसा, सङ्गहितपरिज्जना ।
भत्तु मनापं चरति, सम्भतं अनुरक्खति ॥

"या एवं वत्तति नारी, भत्तु छन्दवसानुगता ।
मनापा नाम ते देवा, यत्थ सा उपपज्जती" ति ॥ (अर्थ माथिकै)

## ९. पठमइधलोकिकसुत्तं

४९. एक समय भगवान सावत्थिस्थित मिगारमाताको पुब्बाराम प्रासादमा बस्नुहुन्थ्यो । त्यसबेला विसाखा मिगारमाता जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन्...। एक ठाउँमा बसेकी विसाखा मिगारमातालाई भगवानले यसरी भन्नुभयो–

"विसाखा ! जो स्त्रीसँग चार कुरा छन् तिनी यस लोक विजयी हुने मार्गमा लागेकी हुन्छिन् अनि यस लोकलाई प्रसन्न पार्न उत्साही हुन्छिन् । ती चार के-के हुन् ? विसाखा ! यहाँ स्त्री सुसंहित भई कर्ममा लाग्छिन्, परिजनलाई सङ्ग्रह गर्ने हुन्छिन्, पतिको इच्छानुकूल आचरण गर्ने हुन्छिन् अनि कमाएर ल्याएको सम्पत्ति सुरक्षित गर्ने हुन्छिन् ।

"विसाखा ! स्त्री सुसंहित भई कर्ममा कसरी लाग्छिन् ? यहाँ विसाखा ! पतिको घरमा रहेका काम-काजहरू– ऊन वा कपासको काममा दक्ष हुन्छिन्, आलसरहित हुन्छिन्, त्यस कामकाजमा उपाय कुशल हुन्छिन् अनि त्यसलाई गर्न र गराउनमा सामर्थ्यवान हुन्छिन् । विसाखा ! यस्तरी नै स्त्री सुसंहित भई कर्ममा लाग्ने हुन्छिन् ।

"विसाखा ! स्त्रीले परिजनलाई कसरी सङ्ग्रह गर्छिन् ? विसाखा ! "स्वामीको घरमा जो मान्छेहरू हुन्छन्– दास, नोकर-चाकरले गरे नगरेका कामलाई जानकारी राख्ने हुन्छिन्, रोगीको सबल तथा दुर्बलतालाई बुझ्नेछिन् तथा उसलाई जुन प्रकारको खान-पान दिनु पर्ने हो त्यो उपयुक्त हुने गरी बाँडीचुडी दिन्छिन् । विसाखा ! स्त्रीले परिजनलाई यस्तरी नै सङ्ग्रह गर्ने हुन्छिन् ।

"विसाखा ! स्त्रीले पतिको इच्छानुसार आचरण कसरी गर्छिन् ? विसाखा ! यहाँ स्त्रीले पतिको इच्छा विपरित आफ्नो जीवन परित्याग गर्नु परेता पनि इच्छा



Downloaded from http://dhamma.digital

विपरित आचरण नगर्ने हुन्छिन् । विसाखा ! स्त्रीले पतिको इच्छानुसार आचरण यसरी नै गर्छिन् ।

"विसाखा ! पतिले कमाएर ल्याएको सम्पत्ति स्त्रीले कसरी सुरक्षित राख्छिन् ? विसाखा ! यहाँ पतिले कमाएर ल्याएको धन, धान्य वा सुन जेजति छन् त्यसलाई स्त्रीले सुरक्षित गर्छिन्, धुर्त्याइँ, चोरी, नशालुपदार्थको सेवन गर्दिनन् तथा त्यस सम्पत्तिलाई विनाश गर्दिनन् । विसाखा ! पतिले कमाएर ल्याएको सम्पत्ति स्त्रीले यसरी नै सुरक्षित गर्छिन् ।

"विसाखा ! जो स्त्रीसँग चार कुराहरू छन् तिनी यस लोकमा विजयी मार्गमा लागेकी हुन्छिन् अनि यस लोकलाई प्रसन्न पार्न उत्साही हुन्छिन् । ती चार के-के हुन् ? विसाखा ! यहाँ स्त्री श्रद्धासम्पन्न, शीलसम्पन्न, त्यागसम्पन्न अनि प्रज्ञासम्पन्न हुन्छिन् ।

"विसाखा ! स्त्री कसरी श्रद्धासम्पन्न हुन्छिन् ? विसाखा ! यहाँ स्त्री श्रद्धावती हुन्छिन् । तथागतको बोधिप्रति श्रद्धावती हुन्छिन्– 'वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणले सम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव-मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ । विसाखा ! स्त्री यसरी नै श्रद्धासम्पन्न हुन्छिन् ।

"विसाखा ! स्त्री कसरी शीलसम्पन्न हुन्छिन् ? विसाखा ! यहाँ स्त्री प्राणी हत्या गर्नबाट विरत हुन्छिन् ...... बेहोशी पार्ने रक्सीजाँड पीउनबाट विरत हुन्छिन् । विसाखा ! स्त्री यसरी नै शीलसम्पन्न हुन्छिन् ।

"विसाखा ! स्त्री कसरी त्यागसम्पन्न हुन्छिन् ? विसाखा ! यहाँ स्त्री कन्जुसीपनको चैतसिक क्लेशरहित भई घरमा बस्छिन्, मुक्तहस्त, खुल्ला हात, त्याग गर्ने, दान दिने स्वभावको तथा दान विभाजन गरी दिने हुन्छिन् । विसाखा ! स्त्री यसरी नै त्यागसम्पन्न हुन्छिन् ।

"विसाखा ! स्त्री कसरी प्रज्ञासम्पन्न हुन्छिन् ? विसाखा ! यहाँ स्त्री प्रज्ञावान हुन्छिन् ..... विसाखा ! स्त्री यसरी नै प्रज्ञा सम्पन्न हुन्छिन् । विसाखा ! स्त्रीसँग यी नै चार कुराहरू हुँदा यस लोकमा विजयी हुने मार्गमा लागेकी अनि परलोकको निम्ति उत्साहित हुन्छिन् ।"



Downloaded from http://dhamma.digital

**"सुसंविहितकम्मन्ता, सङ्गहितपरिज्जना।**
**भत्तु मनापं चरति, सम्भतं अनुरक्खति॥**

"सुसंहित भई कर्ममा लाग्ने, परिजन सङ्ग्रह गर्ने, पतिको इच्छानुकूल आचरण गर्ने अनि कमाएर ल्याएको सम्पत्ति सुरक्षित गर्छिन्।

**" सद्धा सीलेन सम्पन्ना, वदञ्ञू वीतमच्छरा।**
**निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं॥**

"श्रद्धा र शीलमा सम्पन्न हुन्छिन्, कन्जुसी नभई उदार हुन्छिन्। परलोकमा आफ्नो हित गर्नको निम्ति सदैव नै मार्ग विशुद्ध गरी राख्छिन्।

**"इच्चेते अट्ठ धम्मा च, यस्सा विज्जन्ति नारिया।**
**तम्पि सीलवतिं आहु, धम्मट्ठं सच्चवादिनिं॥**

"जो स्त्रीसँग यी आठकुराहरू हुन्छन्, धर्ममा स्थित हुने सत्यवादी ती नारीलाई नै शीलवती भनिन्छ।

**"सोलसाकारसम्पन्ना, अट्ठङ्गसुसमागता।**
**तादिसी सीलवती उपासिका।**
**उपपज्जति देवलोकं मनाप"न्ति॥**

"सोह्र आकारले सम्पन्न, आठअङ्गका गुणले सुसमाहित त्यसप्रकारका शीलवती उपासिका मनापकायिक देवलोकमा उत्पन्न हुनेछिन्।"

## १०. दुतियइधलोकिकसुत्तं

५०. "भिक्षुहो ! जो स्त्रीसँग चार कुराहरू छन् तिनी यस लोकमा विजय मार्गमा लागेकी हुन्छिन् अनि यस लोकलाई प्रसन्न पार्नमा उत्साही हुन्छिन्। ती चार के-के हुन् ? भिक्षुहो ! यहाँ स्त्री सुसंहित भई कर्ममा लाग्ने, परिजनलाई सङ्ग्रह गर्ने, पतिको इच्छानुकूल आचरण गर्ने अनि कमाएर ल्याएको सम्पत्ति सुरक्षित गर्छिन्।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! स्त्री सुसंहित भई कर्ममा कसरी लाग्छिन् ? यहाँ भिक्षुहो ! पतिको घरमा रहेका काम-काजहरू... भिक्षुहो ! यस्तरी नै स्त्री सुसंहित भई कर्ममा लाग्छिन् ।

"भिक्षुहो ! स्त्रीले परिजनलाई कसरी सङ्ग्रह गर्छिन् ? भिक्षुहो ! यहाँ स्त्रीले स्वामीको घरमा जो मान्छेहरू हुन्छन्...। भिक्षुहो ! स्त्रीले परिजनलाई यस्तरी नै सङ्ग्रह गर्छिन् ।

"भिक्षुहो ! स्त्रीले पतिको इच्छानुकूल आचरण कसरी गर्छिन् ? भिक्षुहो ! यहाँ स्त्रीले पतिको चाहना विपरित आफ्नो प्राण परित्याग गर्न परेतापनि इच्छा विपरित आचरण नगर्ने हुन्छिन् । भिक्षुहो ! स्त्रीले पतिको इच्छानुसार आचरण यसरी नै गर्छिन् ।

"भिक्षुहो ! पतिले कमाएर ल्याएको सम्पत्तिलाई स्त्रीले कसरी सुरक्षा गर्छिन् ? भिक्षुहो ! यहाँ पतिले कमाएर ल्याएको... भिक्षुहो ! पतिले कमाएर ल्याएको सम्पत्ति स्त्रीले यसरी नै सुरक्षा गर्ने हुन्छिन् ।

"भिक्षुहो ! जो स्त्रीसँग यी चार कुराहरू छन् तिनी यस लोकमा विजयी मार्गमा लागेकी हुन्छिन् अनि यस लोकलाई प्रसन्न पार्न उत्साही हुन्छिन् । ती चार के-के हुन् ? भिक्षुहो ! यहाँ स्त्री श्रद्धासम्पन्न, शीलसम्पन्न, त्यागसम्पन्न अनि प्रज्ञासम्पन्न हुन्छिन् ।

"भिक्षुहो ! स्त्री कसरी श्रद्धासम्पन्न हुन्छिन् ? विसाखा ! यहाँ स्त्री श्रद्धावती हुन्छिन्... भिक्षुहो ! स्त्री यसरी नै श्रद्धासम्पन्न हुन्छिन् ।

"भिक्षुहो ! स्त्री कसरी शीलसम्पन्न हुन्छिन् ? विसाखा ! यहाँ स्त्री प्राणी-हत्या गर्नबाट विरत हुन्छिन्... बेहोशी पार्ने रक्सीजाँड पीउनबाट विरत हुन्छिन् । विसाखा ! स्त्री यसरी नै शीलसम्पन्न हुन्छिन् ।

"भिक्षुहो ! स्त्री कसरी त्यागसम्पन्न हुन्छिन् ? विसाखा ! यहाँ स्त्री कन्जुसीपनको चैतसिक क्लेशबाट... भिक्षुहो ! स्त्री यसरी नै त्यागसम्पन्न हुन्छिन् ।

"भिक्षुहो ! स्त्री कसरी प्रज्ञासम्पन्न हुन्छिन् ? भिक्षुहो ! यहाँ स्त्री प्रज्ञावान हुन्छिन्... भिक्षुहो ! स्त्री यसरी नै प्रज्ञासम्पन्न हुन्छिन् । भिक्षुहो ! स्त्रीसँग यी नै



Downloaded from http://dhamma.digital

चार कुराहरू हुँदा यस लोकमा तिनी विजयी मार्गमा लागेकी हुन्छिन् अनि परलोकको निम्ति उत्साहित हुन्छिन् ।"

**"सुसंविहितकम्मन्ता, सङ्गहितपरिज्जना ।**
**भत्तु मनापं चरति, सम्भतं अनुरक्खति ॥**

**" सद्धा सीलेन सम्पन्ना, वदञ्ञू वीतमच्छरा ।**
**निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं ॥**

**"इच्चेते अट्ठ धम्मा च, यस्सा विज्जन्ति नारिया ।**
**तम्पि सीलवतिं आहु, धम्मट्ठं सच्चवादिनिं ॥**

**"सोलसाकारसम्पन्ना, अट्ठङ्गसुसमागता ।**
**तादिसी सीलवती उपासिका ।**
**उपपज्जति देवलोकं मनाप"न्ति ॥ (अर्थ माथिकै)**



Downloaded from http://dhamma.digital

# १. दुतियपण्णासकं

## (६) १. गोतमीवग्गो

### १. गोतमीसुत्तं

५१. एक समय भगवान कपिलवत्थुस्थित शाक्यहरूको निग्रोधाराममा बस्नुहुन्थ्यो । त्यसबेला महापजापति गोतमी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसिन् । एक ठाउँ बसेपछि महापजापति गोतमीले भगवानलाई यसरी भनिन्– "भन्ते ! यदि स्त्रीले पनि तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुन पाए राम्रो हुन्थ्यो ।" "बस्, गोतमी ! स्त्रीले तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने रुचि नलिनु ।"

दोस्रो पटक पनि महापजापति गोतमीले भगवानलाई यसरी भनिन्– "भन्ते ! यदि स्त्रीले पनि तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुन पाए राम्रो हुन्थ्यो ।" "बस्, गोतमी ! स्त्रीले तथागतबाट प्रवर्तित धर्म-विमयमा घरबाट वेघर भई प्रव्रजित हुने रुचि नलिनु ।" तेस्रो पटक पनि महापजापति गोतमीले भगवानलाई यसरी भनिन्– "भन्ते ! यदि स्त्रीले पनि भगवानबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुन पाए राम्रो हुन्थ्यो ।" "बस्, गोतमी ! स्त्रीले तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने रुचि नलिनु ।"

अनि महापजापति गोतमी "भगवानले स्त्रीलाई तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञा दिनु भएन भनी दुःखी, अप्रसन्न भई आँसु बहाउँदै तथा रुँदै भगवानलई अभिवादन र प्रदक्षिणा गरी फर्किन् ।

अनि भगवान कपिलवत्थुमा इच्छानुसार बस्नुभई जहाँ वेसाली हो, त्यहाँ चारिकाको निम्ति जानुभयो । क्रमानुसार चारिका गर्नु हुँदै जहाँ वेसाली थियो, त्यहाँ पुग्नुभयो । त्यहाँ भगवान वेसालीस्थित महावनको कुटागारसालामा बस्नुभयो । त्यसबेला महापजापति गोतमीले आफ्नो केश काट्न लगाई काषाय वस्त्र धारण गरी धेरै शाक्य स्त्रीहरूसँग जहाँ वेसाली थियो, त्यसतिर लागिन् । क्रमानुसार वेसालीस्थित महावनको जहाँ कुटागारसाला हो, त्यहाँ पुगिन् । त्यहाँ



Downloaded from http://dhamma.digital

महापजापति गोतमी सुन्निएको खुट्टा र धूलोसहितको शरीर लिई, दु:खी, अप्रसन्न भई आँसु बहाउँदै तथा रुँदै कोठाको बाहिर दैलोमा बसिरहिन् ।

आयुष्मान आनन्दले महापजापति गोतमी सुन्निएको खुट्टा र धूलोसहितको शरीर लिई, दु:खी, अप्रसन्न भई आँसु बहाउँदै तथा रुँदै कोठाको बाहिर दैलोमा बसिरहेको देख्नुभयो । यस्तो अवस्थालाई देखेर महापजापति गोतमीलाई यसरी भन्नुभयो– "सुन्निएको खुट्टा र धूलोसहितको शरीर लिई, दु:खी, अप्रसन्न भई आँसु बहाउँदै तथा रुँदै कोठाको बाहिर दैलोमा किन बसिरहेकी ?" "भन्ते आनन्द ! भगवानले स्त्रीलाई तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञा दिनु भएन भनी दु:खी, अप्रसन्न भई आँसु बहाउँदै तथा रुँदै कोठाको बाहिर दैलोमा बसीरहेको कारण यही नै हो ।" "त्यसो भए, गोतमी ! जबसम्म मैले भगवानसँग तथागतबाट प्रवर्तित धर्म-विनयमा स्त्रीलाई घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञा लिएर आउँदिन तबसम्म तिमी एकछिन यहीं बस ।"

अनि आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो, त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! 'भगवानले स्त्रीलाई तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञा दिनुभएन' भनी यहाँ महापजापति गोतमी सुन्निएको खुट्टा र धूलोसहित शरीर लिई, दु:खी, अप्रसन्न भई आँसु बहाउँदै रुँदै कोठाको बाहिर दैलोमा बसेकी छिन् । "भन्ते ! यदि स्त्रीलाई तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञा दिनुभए राम्रो हुन्थ्यो ।" "बस्, आनन्द ! स्त्रीले तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने इच्छा नगरोस् ।"

दोस्रो पटक पनि..... तेस्रो पटक पनि आयुष्मान आनन्दले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! यदि स्त्रीलाई तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञा दिनु भएमा राम्रो हुन्थ्यो ।" "बस्, आनन्द ! स्त्रीले तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने इच्छा नगरोस् ।"

अनि आयुष्मान आनन्दलाई यस्तो विचार आयो– "भगवानले स्त्रीलाई तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञा दिनुभएन । अब किन मैले अर्कै ढङ्गबाट भगवानसँग तथागतबाट प्रवर्तित धर्म-विनयमा स्त्रीलाई पनि घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञाको निम्ति प्रार्थना नगरौं !"



Downloaded from http://dhamma.digital

यसपछि आयुष्मान आनन्दले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! के तथागतबाट प्रवर्तित धर्म-विनयमा स्त्रीले घरबाट वेघर भई प्रव्रजित हुँदा श्रोतापत्ति फल वा सकृदागामि फल वा अनागामि फल वा अर्हत फललाई साक्षात्कार गर्न सकिन्छ ?" "आनन्द ! तथागतबाट प्रवर्तित धर्म-विनयमा स्त्रीले घरबाट वेघर भई प्रव्रजित हुँदा श्रोतापत्ति फल वा सकृदागामि फल वा अनागामि फल वा अर्हत फललाई साक्षात्कार गर्न सकिन्छ ।" "भन्ते ! यदि तथागतबाट प्रवर्तित धर्म-विनयमा स्त्रीले घरबाट वेघर भई प्रव्रजित हुँदा श्रोतापत्ति फल पनि साक्षात्कार..... अर्हत फल पनि साक्षात्कार गर्न सकिन्छ भने, भन्ते ! महापजापति गोतमी बहुपकारी हुन्, भगवानको सानीआमा हुन्, अभिभावक हुन्, पोषण गर्ने हुन्, दूध पिलाउने हुन् अनि भगवानको जननी मृत्यु हुँदा स्तनपान गराउने हुन् । भन्ते ! यदि स्त्रीलाई पनि तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई प्रव्रजित हुने अनुज्ञा दिनुभए राम्रो हुन्थ्यो ।"

"आनन्द ! यदि महापजापति गोतमीले अष्ट गरुधर्म ग्रहण गर्न सकेमा यसबाट नै उनको उपसम्पदा (भिक्षुणी) होओस्-

"वर्षले सयवर्ष पुगेकी भिक्षुणीले त्यसै दिन मात्र उपसम्पन्न भिक्षुलाई अभिवादन, प्रत्युपस्थान, दुवैहात जोडेर नमस्कार र उचित व्यवहार गर्नु पर्नेछ । यस धर्मलाई पनि सत्कार गर्दै, गौरव गर्दै, मान्दै अनि पूज्दै सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ ।

"भिक्षुणीले भिक्षु नभएको आवासमा बस्न हुँदैन । यस धर्मलाई पनि सत्कार गरी, गौरव गरी, मानेर, पूजेर सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ ।

"भिक्षुणीले अर्ध-अर्ध मासमा भिक्षु संघसँग दुई धर्मको प्रत्याशा राख्नु-पर्छ– उपोसथको प्रश्न गर्ने अनि उपदेश श्रवण गर्ने । यस धर्मलाई पनि सत्कार गरी, गौरव गरी, मानेर, पूजेर सारा जीवन अतिक्रमण नगरी पालन गर्नु पर्छ ।

"भिक्षुणीले वर्षावास परिसमाप्तिपछि दुवै संघमा तीन विषयलाई लिएर पवारणा (परिशुद्धताको स्पष्टिकरण गर्ने) गर्नुपर्छ- देखेको, सुनेको र शङ्का । यस धर्मलाई पनि सत्कार गर्दै, गौरव गर्दै, मान्दै अनि पूज्दै सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital

"गरुधर्मको दोषी हुँदा दुवै संघमा पक्ष भरको मानत्वमा बस्नुपर्छ । यस धर्मलाई पनि सत्कार गर्दै, गौरव गर्दै, मान्दै अनि पूज्दै सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ ।

"दुई वर्षावाससम्म छ शीलको शिक्षालाई ग्रहण गरी दुवै संघमा उपसम्पदाको निम्ति जानुपर्छ । यस धर्मलाई पनि सत्कार गर्दै, गौरव गर्दै, मान्दै अनि पूज्दै सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ ।

"भिक्षुणीले भिक्षुप्रति कुनै हालतमा पनि आक्रोशित हुनु हुँदैन तथा अपशब्द बोल्नु हुँदैन । यस धर्मलाई पनि सत्कार गर्दै, गौरव गर्दै, मान्दै अनि पूज्दै सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ ।

"आजदेखि भिक्षुणीले भिक्षुहरूलाई केही भन्ने द्वार बन्द भयो । भिक्षुले भिक्षुणीलाई केही भन्नको निम्ति द्वार खुल्यो । यस धर्मलाई पनि सत्कार गर्दै, गौरव गर्दै, मान्दै अनि पूज्दै सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ ।

"आनन्द ! यदि महापजापति गोतमीले यी अष्ट गरुधर्मलाई पालन गरेमा तिनी उपसम्पदा भइन् ।

अनि आयुष्मान आनन्दले भगवानको सम्मुखबाट यी अष्ट गरुधर्म सिकेर जहाँ महापजापति गोतमी थिइन् त्यहाँ जानुभयो । जानुभई महापजापति गोतमीलाई यसरी भन्नुभयो– "गोतमी ! यदि तिमीले अष्ट गरुधर्मलाई पालन गर्न सक्छौ भने तिमी उपसम्पदा हुनेछौ ।

" "वर्षले सयवर्ष पुगेका भिक्षुणीले त्यसै दिन मात्र उपसम्पन्न भिक्षुलाई अभिवादन, प्रत्युपस्थान, दुवै हात जोडेर नमस्कार गर्ने र उचित व्यवहार गर्नुपर्छ । यस धर्मलाई पनि सत्कार गर्दै, गौरव गर्दै, मान्दै अनि पूज्दै सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ... ।

"आजदेखि भिक्षुणीले भिक्षुहरूलाई वचन प्रयोग हुने द्वार बन्दभयो । भिक्षुले भिक्षुणीलाई वचन प्रयोग हुने द्वार खुल्यो । यस धर्मलाई पनि सत्कार गर्दै, गौरव गर्दै, मान्दै अनि पूज्दै सारा जीवन अतिक्रमण नगरी पालन गर्नुपर्छ ।

"भन्ते, आनन्द ! जस्तो कि, सिंगारका शौकिन कोही युवा वा युवतीले



Downloaded from http://dhamma.digital

शीर स्नान गरी उत्पलको माला वा जूहीको माला वा मोतिको मालालाई दुवै हातमा थापेर शीरमा धारण गर्छ, त्यसरी नै मैले पनि भन्ते, आनन्द ! यी अष्ट गरुधर्मलाई सारा जीवन अतिक्रमण नगरी पालन गर्छु ।

"अनि आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! महापजापति गोतमीले अष्ट गरुधर्मलाई सारा जीवन अतिक्रमण गर्दिन भनी स्वीकारिन् ।"

"आनन्द ! यदि तथागतबाट प्रवर्तित धर्म-विनयमा स्त्रीलाई घरबाट वेघर भई प्रव्रजित हुन नपाएको भए ब्रह्मचर्य (बुद्धधर्म) चिरकालसम्म रहने थियो । अथवा सद्धर्म एकहजारवर्षसम्म रहने थियो । आनन्द ! तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबाट वेघर भई स्त्रीले जबदेखि प्रव्रजित हुन पाए तबदेखि ब्रह्मचर्य चिरकालसम्म नरहने भयो । आनन्द ! अब सद्धर्म पाँचसयवर्षसम्म रहनेभयो ।

"आनन्द ! जस्तै कि, जुन कुनै कुलमा पुरुषहरू भने कम स्त्रीहरू धेरै छन् भने घडामा प्रदिप जलाएर चोर्ने कुम्भ चोरलाई सहज हुनेछ, यस्तै प्रकारले जुन धर्म-विनयमा घरबाट बेघर भई स्त्रीले प्रव्रजित हुन पाउँछ त्यो ब्रह्मचर्य (धर्म-विनय) चिरकालसम्म रहँदैन ।

"आनन्द ! जस्तै कि, लहलहाउँदो धानको खेतमा सेतद्विक भन्ने रोग लाग्दा त्यस खेतको धान चिरकालसम्म रहँदैन । यसरी नै आनन्द ! जुन धर्म-विनयमा घरबाट बेघर भई स्त्रीले प्रव्रजित हुन पाउँछ त्यो ब्रह्मचर्य चिरकालसम्म रहँदैन ।

"आनन्द ! जस्तै कि, लहलहाउँदो उखुको खेतमा मञ्जिद्विका (रक्त) रङ्गको रोग लाग्दा त्यो खेतमा उखु चिरकालसम्म रहँदैन । जुन धर्म-विनयमा घरबाट बेघर भई स्त्रीले प्रव्रजित हुन पाउँछ, त्यो ब्रह्मचर्य चिरकालसम्म रहँदैन ।

"आनन्द ! जस्तै कि, कुनै ठूलो पोखरीलाई चारैतिरबाट कोही मान्छेले पानीलाई रोकथाम गर्न पहिले नै बाँध लगाउँछ । यसरी नै आनन्द ! मैले पनि भिक्षुणीहरूबाट सारा जीवन अतिक्रमण गर्न नहुने अष्ट गरुधर्मलाई पहिले नैप्रज्ञापन गरिदिएँ ।



Downloaded from http://dhamma.digital

## २. ओवादसुत्त

५२. एक समय भगवान वेसालीस्थित महावनको कुटागारसालामा बस्नुहुन्थ्यो । अनि आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! कति प्रकारका धर्मले सम्पन्न हुँदा भिक्षुले भिक्षुणीलाई उपदेश दिने अधिकार प्राप्त हुन्छ ?"

"आनन्द ! आठ प्रकारका धर्ममा सम्पन्न हुँदा भिक्षुले भिक्षुणीलाई उपदेश दिने अधिकार प्राप्त हुन्छ । ती आठ के-के हुन् ? आनन्द ! (१) यहाँ भिक्षु शीलवान हुन्छ...... शिक्षापदलाई राम्रोसँग सिकेको हुन्छ । (२) बहुश्रुत हुन्छ..... सम्यकदृष्टिले सम्पन्न हुन्छ । (३) उभय प्रातिमोक्षलाई सम्यक रीतिसहितको ज्ञान हुन्छ, सूत्र तथा व्यञ्जनको दृष्टिले ठिकसँग विभक्त गर्ने, ठिकसँग सुप्रवर्तित गर्ने अनि ठिकसँग सुविनिश्चित गर्छ । (४) कल्याण भाषी, हितकर भाषी, विश्वस्त, स्पष्ट, अर्थ बोध अनि मधुर वाणीले युक्त हुन्छ । (५) भिक्षुणी संघलाई धर्म चर्चाद्वारा विषय स्पष्ट पार्ने, धर्माचरणमा प्रेरित गर्ने, उत्साहित गर्ने अनि प्रमुदित पार्नमा सामर्थ्यवान हुन्छ । (६) बहु भिक्षुणीको प्रिय तथा रुचिकर हुन्छ । (७) भगवानको उपदेशानुसार प्रव्रजित भई, जो काषाय वस्त्र धारण गरेकीसँग शारीरिक संसर्गबाट (गरु धर्म) मुक्त हुन्छ । (८) ऊ उपसम्पन्न भएको वीस वर्ष वा वीस वर्ष भन्दा पनि अधिक हुन्छ । यी आठ धर्ममा जो भिक्षु सम्पन्न हुन्छ, उसले नै भिक्षुणीहरूलाई उपदेश दिने अधिकार प्राप्त हुन्छ ।"

## ३. संखित्तसुत्तं

Dhamma.Digital

५३. एक समय भगवान वेसालीस्थित महावनको कुटागारसालामा बस्नुहुन्थ्यो । त्यसबेला महापजापति गोतमी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेपछि महापजापति गोतमीले भगवानलाई यसरी भनिन्–

"भन्ते भगवान ! तपाईंले मलाई संक्षिप्तमा धर्मोपदेश गर्नु भएमा राम्रो हुन्थ्यो । जुन धर्मोपदेश भगवानले दिनुहुनेछ, त्यस धर्मोपदेशलाई मैले श्रवण गरी, एकान्त सेवी भई, अप्रमादी र प्रयत्न गर्दै विहरण गर्न सकूँ ।" "गोतमी ! तिमीले जुन धर्म जानेकी हुन्छौ– यो धर्म रागको निम्ति रहेछ, वैराग्यको निम्ति होइन;



Downloaded from http://dhamma.digital

संयोगको निम्ति रहेछ, वियोगको निम्ति होइन; महेच्छाको निम्ति रहेछ, अल्पेच्छाको निम्ति होइन; असन्तोषको निम्ति रहेछ, सन्तोषको निम्ति होइन; जनसमुहमा सम्मिलित हुनको निम्ति रहेछ, एकान्तको निम्ति होइन; आलस्यको निम्ति रहेछ, वीर्यारम्भको निम्ति होइन अनि जीवन यापन दुष्कर हुन्छ, जीवन यापन सहज हुँदैन भने गोतमी ! तिमीले यो निश्चितरूपले जान कि यो धर्म होइन, विनय होइन अनि यो शास्ताको अनुशासन होइन ।"

"गोतमी ! जब तिमीले धर्मलाई जानेकी हुन्छौ– 'यी धर्महरू वैराग्यको निम्ति हो, रागको निम्ति होइन; वियोगको निम्ति हो, संयोगको निम्ति होइन; अल्पेच्छाको निम्ति हो, महेच्छाको निम्ति होइन; सन्तुष्टीको निम्ति हो, असन्तुष्टीको निम्ति होइन; एकान्त सेवनको निम्ति हो, जनसमुहमा सम्मिलित हुनको निम्ति होइन; वीर्यारम्भको निम्ति हो, आलस्यको निम्ति होइन अनि जीवनयापन सहजको निम्ति हो, दुष्करको निम्ति होइन । गोतमी ! तिमीले यो निश्चित- रूपले जान कि यही नै धर्म हो, विनय हो अनि यो शास्ताको अनुशासन हो ।"

## ४. दीघजाणुसुत्तं

५४. एक समय भगवान कोलियस्थित कक्करपत्त भन्ने कोलियहरूको निगममा बस्नुहुन्थ्यो । त्यसबेला दीघजाणु कोलिय पुत्र जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि दीघजाणु कोलिय पुत्रले भगवानलाई यसरी भने– "भन्ते ! हामी गृहस्थ हौं, काम भोगी हौं, पुत्रबाट हुने विघ्नबाधा आएता पनि घरमा बस्दछौं, कासिको चन्दन लेप लगाउँदछौं, माला तथा सुगन्धादिको लेप लगाउँदछौं अनि सुन-चाँदीको पनि उपयोग गर्दछौं । त्यसैले भन्ते भगवान ! तपाईंले हामीलाई यस्तो धर्मको उपदेश दिनुहोस् जसबाट हामीलाई यसलोकमा अनि परलोकमा पनि हितकर र सुखकर होस् ।"

"हे ब्यग्घपज्ज ! चार प्रकारका धर्मले गर्दा कुलपुत्रलाई यस लोकमा हित र परलोकमा सुख हुन्छ । ती चार के-के हुन् ? उत्थान-सम्पदा, आरक्षा-सम्पदा, कल्याण-मित्र अनि समजीवी । ब्यग्घपज्ज ! उत्थान सम्पदा भनेको के हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्रले जुन काम गरी जीवन यापन गर्छ– चाहे त्यो कृषि होस्, चाहे ब्यापार होस्, चाहे गोपालनद्वारा होस्, चाहे धनुर्विद्याद्वारा होस्, चाहे सरकारी काम होस् अथवा अन्य कुनै शिल्पद्वारा होस् त्यसमा दक्ष हुन्छ,



Downloaded from http://dhamma.digital

आलस्यरहित हुन्छ, उपायकुशल हुन्छ, यसरी गर्नुपर्छ तथा यसरी व्यवस्था गर्नुपर्छ भनी विचार पु-याई काम गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– उत्थान-सम्पदा ।

"ब्यग्घपज्ज ! आरक्षा-सम्पदा भनेको के हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्रले उत्थान वीर्यद्वारा उपलब्ध गरेको, बाहुबल लगाई उपलब्ध भएको, पसीना बगाएर उपलब्ध भएको अथवा धर्मानुसार ऐश्वर्य प्राप्त गरेको हुन्छ । त्यसलाई सावधानी-पूर्वक रक्षा गर्छ– 'यो भोगसम्पत्ति राजाले हरेर लान नसकोस्, चोरले चोर्न नसकोस्, अग्निद्वारा नजलोस्, पानीले बगाउन नसकोस् अनि अप्रिय उत्तराधिकारी-ले हरण गर्न नसकोस् । ब्यग्घपज्ज ! यसैलाई भनिन्छ– आरक्षा-सम्पदा ।

"ब्यग्घपज्ज ! कल्याणमित्र भनेको के हो ? ब्यग्घपज्ज ! जुन गाउँ वा निगममा कुलपुत्र बस्छ, त्यहाँ जो हुन्छन्– गृहपति, गृहपति पुत्र, युवा, वृद्ध, शील-वृद्ध, श्रद्धासम्पन्न, शीलसम्पन्न, त्यागसम्पन्न र प्रज्ञासम्पन्न भएकासँग उठ्ने-बस्ने गर्छ, कुराकानी गर्छ अनि छलफल गर्छ । जसरी ऊ श्रद्धासम्पन्न हुन्छ त्यसरी नै श्रद्धासम्पन्न हुन शिक्षा लिन्छ, जसरी ऊ शीलसम्पन्न हुन्छ त्यसरी नै शिलसम्पन्न हुन शिक्षा लिन्छ, जसरी ऊ त्यागसम्पन्न भएको हो त्यसरी नै त्यागसम्पन्न हुन शिक्षा लिन्छ अनि जसरी ऊ प्रज्ञासम्पन्न हुन्छ त्यसरी नै प्रज्ञासम्पन्न हुन शिक्षा लिन्छ । ब्यग्घपज्ज ! यसैलाई भनिन्छ– कल्याणमित्र ।

"ब्यग्घपज्ज ! समजीवी भनेको के हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्रले आय हुने भोगसम्पत्तिको जानकारी भएअनुसार, व्यय गरिने भोग-सम्पत्तिको जानकारी भएअनुसार समजीवी भई व्यतीत गर्छ– न अति उच्चस्तर, न अति निम्नस्तर । 'मेरो आय यतिको छ, यसअनुसार खर्च गर्नुपर्छ । मैले आय भन्दा पनि व्यय धेरै गर्नुहुन्न । ब्यग्घपज्ज ! जस्तो कि कोही तुलाधर वा तुलाधरको शिष्यले तराजूलाई हातले समाउँदा थाहापाउँछ कि यत्तिको कम छ, यत्तिको बढी छ । यसरी नै ब्यग्घपज्ज ! कुलपुत्रले आफ्नो आयव्ययानुसार समजीवी भई व्यतीत गर्छ– न अति उच्चस्तर, न अति निम्नस्तर । मैले व्ययभन्दा पनि आय धेरै गर्नुपर्छ । आयभन्दा पनि व्यय धेरै गर्नुहुन्न । ब्यग्घपज्ज ! यदि कुलपुत्र अल्पायु हुँदा पनि जीवन स्तर उच्च भएमा मान्छेहरूले उसको बारेमा कुरा गर्छ कि 'यो कुलपुत्रले गूलर (उदुम्बर) फल खाए झैं गरी भोगलाई खाएर गयो ।' ब्यग्घपज्ज ! यदि कुलपुत्रको आयु धेरै रँहदा पनि एकदम निम्नस्तरको जीवन भएमा मान्छेहरूले उसको बारेमा कुरा गर्छ कि 'यो कुलपुत्र अनाथ झैं भई मृत्यु हुनेछ । त्यसैले ब्यग्घपज्ज ! कुलपुत्रले आयव्ययानुसार समजीवी भई जीवन व्यतीत गर्छ– न अति उच्चस्तर, न अति निम्नस्तर । मेरो व्ययभन्दा पनि आय धेरै हुनुपर्छ, आयभन्दा पनि व्यय धेरै गर्नु



Downloaded from http://dhamma.digital

हुन्न । ब्यग्घपज्ज ! यसैलाई भनिन्छ– समजीवी ।

"ब्यग्घपज्ज ! आर्जन गरिएको सम्पत्ति नष्ट हुने चार मार्ग छन्– स्त्री-पिपासु, सुरा-पिपासु, जुवाडे र पापीमित्र-पापी-सङ्गत वा कुसङ्गती हुनु । ब्यग्घपज्ज ! जस्तो कि ठूलो तलाउमा पानी आउने चार अनि जाने चार मार्ग हुन्छन् । त्यहाँ पुरुषले पानी आउने चार मार्ग बन्द गरी दिन्छ, पानी जाने चार मार्ग खोलिदिन्छ अनि वर्षात पनि हुँदैन । यस्तो भएमा ब्यग्घपज्ज ! ठूलो तलाउको पानी सुक्ने नै हुन्छ, वृद्धि हुनेछैन । यसरी नै ब्यग्घपज्ज ! आर्जन गरिएको सम्पत्ति नष्ट हुने चार कारण हुन्– स्त्री-पिपासु, सुरा-पिपासु, जुवाडे र पापीमित्र-पापीसङ्गत वा कुसङ्गती हुनु ।

"ब्यग्घपज्ज ! आर्जन गरिएको सम्पत्ति नष्ट नहुने चार मार्ग छन्– स्त्री पिपासु, सुरा पिपासु, जुवाडे, पापी मित्र, पापीको सङ्गत तथा कुसङ्गती नहुनु । ब्यग्घपज्ज ! जस्तो कि ठूलो तलाउमा पानी आउने चार अनि जाने चार मार्ग हुन्छन् । त्यहाँ पुरुषले पानी आउने मार्गलाई खुल्ला गरी राख्छ अनि पानी जाने चार मार्ग बन्द गरी दिन्छ अनि बर्षात पनि हुन्छ । यस्तो भएमा ब्यग्घपज्ज ! ठूलो तलाउको पानी बढ्ने नै हुन्छ, सुकेर जाँदैन । यसरी नै ब्यग्घपज्ज ! कमाएको सम्पत्ति नष्ट नहुने चार कारण छन्– स्त्री पिपासु, सुरा पिपासु, जुवाडे, कल्याण मित्र, कल्याणकारीको सङ्गती तथा सुसङ्गतमा लाग्ने हुनु । ब्यग्घपज्ज ! यी नै चार प्रकारका धर्मले कुलपुत्रलाई यसलोकमा हित तथा परलोकमा पनि सुख हुन्छ ।

"ब्यग्घपज्ज ! यी चार धर्मद्वारा यसलोकमा हित तथा परलोकमा सुख हुन्छ । ती चार धर्म के-के हुन् ? श्रद्धा-सम्पदा, शील-सम्पदा, त्याग-सम्पदा र प्रज्ञा-सम्पदा । ब्यग्घपज्ज ! श्रद्धा-सम्पदा भनेको के हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र श्रद्धावान हुन्छ, तथागतको बोधिप्रति श्रद्धावान हुन्छ– 'वहाँ भगवान..... देव मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ । ब्यग्घपज्ज ! यसैलाई भनिन्छ श्रद्धा-सम्पदा ।

"ब्यग्घपज्ज ! शील-सम्पदा भनेको के हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र शीलवान हुन्छ– प्राणीहिंसा गर्नबाट विरत हुन्छ..... बेहोश पार्ने रक्सीजाँड आदि पिउनबाट विरत हुन्छ । ब्यग्घपज्ज ! यसैलाई भनिन्छ शील-सम्पदा ।

"ब्यग्घपज्ज ! त्याग-सम्पदा भनेको के हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्रले कलुशीत कन्जुसीपनबाट रहित भई गृहवासी हुन्छ, त्यागी, खुल्ला हात भएका,

Downloaded from http://dhamma.digital

दानी, याचकलाई दान दिने स्वभावका, संविभाजन गरी दान दिने हुन्छ। व्यग्घपज्ज ! यसैलाई भनिन्छ त्याग-सम्पदा।

"व्यग्घपज्ज ! प्रज्ञा-सम्पदा भनेको के हो ? व्यग्घपज्ज ! यहाँ कुलपुत्र प्रज्ञावान हुन्छ, उदयास्त सम्बन्धमा, आर्यद्वारा छिचोल्न सक्ने अनि सम्यकरूपले दुःख विनष्ट गर्ने प्रज्ञासम्पन्न हुन्छ। व्यग्घपज्ज ! यसैलाई भनिन्छ प्रज्ञा-सम्पदा। व्यग्घपज्ज ! यी नै चार प्रकारका धर्मले कुलपुत्रलाई यसलोकमा हित तथा परलोकमा सुख हुन्छ।"

**"उट्ठाता कम्मधेय्यसु, अप्पमत्तो विधानवा।**
**समंकप्पेति जीविकं, सम्भतं अनुरक्खति॥**

"काम गर्नमा उत्साहित, अप्रमादी तथा व्यवस्थापक, समजीवन व्यतीत गर्ने अनि आर्जन गरेको सम्पत्ति रक्षा गर्छ।

**"सद्धो सीलेन सम्पन्नो, वदञ्ञू वीतमच्छरो।**
**निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं॥**

"श्रद्धावान, शीलसम्पन्न, प्रज्ञावान, कन्जुसीपनरहित भई नित्य पारलौकिक मार्ग विशुद्ध गर्छ।

**"इच्चेते अट्ठ धम्मा च, सद्धस्स घरमेसिनो।**
**अक्खाता सच्चनामेन ,उभयत्थ सुखावहा॥**

"यसरी घरमा बस्ने श्रद्धावान व्यक्तिलाई तथागतद्वारा उभयलोकको निम्ति सत्यका यी आठ धर्महरू दर्शाएँ।

**"दिट्ठधम्महितत्थाय, सम्परायसुखाय च।**
**एवमेतं गहट्ठानं, चागो पुञ्ञं पवड्ढती"ति॥**

"गृहस्थले यस किसिमले त्याग गर्दा यस लोकमा हित अनि परलोकमा सुख र पुण्यको प्रवर्द्धन हुन्छ।"



Downloaded from http://dhamma.digital

## ५. उज्जयसुत्तं

५५. त्यसबेला उज्जय ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसँग भलाकुसारी गरे । भलाकुसारी गरेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि उज्जय ब्राह्मणले भगवानलाई यसरी भने– "भन्ते ! म परदेश जान चाहन्छु । त्यसैले भो गोतम ! मलाई त्यस प्रकारको धर्म देशना गर्नुहोस् जसबाट यसलोकमा पनि हित र सुख होस् अनि परलोकमा पनि हित र सुख होस् ।

"हे ब्राह्मण ! चार प्रकारका धर्मले गर्दा कुलपुत्रलाई यस लोकमा हित र परलोकमा सुख हुन्छ । ती चार के-के हुन् ? उत्थान-सम्पदा, आरक्षा-सम्पदा, कल्याणमित्र अनि समजीवी । ब्राह्मण ! उत्थान-सम्पदा भनेको के हो ? ब्राह्मण ! यहाँ कुलपुत्रले जुन काम गरी जीवन यापन गर्छ– चाहे त्यो कृषि होस्, चाहे ब्यापार होस्, चाहे गोपालन होस्, चाहे धनुर्विद्या होस्, चाहे सरकारी काम होस् अथवा अन्य कुनै शिल्प होस् त्यसमा दक्ष हुन्छ, आलस्यरहित हुन्छ, उपाय-कुशल हुन्छ, यसरी गर्नुपर्छ तथा यसरी व्यवस्था गर्नुपर्छ भनी विचार पुऱ्याई काम गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– उत्थान सम्पदा ।

"ब्राह्मण ! आरक्षा सम्पदा भनेको के हो ? ब्राह्मण ! यहाँ कुलपुत्रले उत्थान वीर्यद्वारा उपलब्ध गरेको, बाहुबल लगाई उपलब्ध भएको, पसिना बगाएर उपलब्ध भएको अथवा धर्मानुसार ऐश्वर्य प्राप्त गरेको हुन्छ । त्यसलाई सावधानीपूर्वक रक्षा गर्छ– 'यस भोग सम्पत्तिलाई राजाले हरेर लान नसकोस्, चोरले चोर्न नसकोस्, अग्निद्वारा नजलोस्, पानीले बगाउन नसकोस् अनि अप्रिय उत्तराधिकारीले हरण गर्न नसकोस् । ब्राह्मण ! यसैलाई भनिन्छ– आरक्षा-सम्पदा ।

"ब्राह्मण ! कल्याणमित्र भनेको के हो ? ब्राह्मण ! यहाँ कुलपुत्रले जुन गाउँ वा निगममा बस्छ, त्यहाँ जो हुन्छन्– गृहपति, गृहपति पुत्र, युवा, वृद्ध वा शील-वृद्ध, श्रद्धासम्पन्न, शीलसम्पन्न, त्यागसम्पन्न र प्रज्ञासम्पन्न भएकासँग उठ्‍ने-बस्ने गर्छ, कुराकानी गर्छ अनि छलफल गर्छ । जसरी ऊ श्रद्धासम्पन्न हुन्छ त्यसरी नै श्रद्धासम्पन्न हुन शिक्षा लिन्छ, जसरी ऊ शीलसम्पन्न हुन्छ त्यसरी नै शिलसम्पन्न हुन शिक्षा लिन्छ, जसरी ऊ त्यागसम्पन्न हुन्छ त्यसरी नै त्यागसम्पन्न हुन शिक्षा लिन्छ अनि जसरी ऊ प्रज्ञा-सम्पन्न हुन्छ त्यसरी नै प्रज्ञासम्पन्न हुन शिक्षा लिन्छ । ब्राह्मण ! यसैलाई भनिन्छ– कल्याणमित्र ।



Downloaded from http://dhamma.digital

"ब्राह्मण ! समजीवी भनेको के हो ? ब्राह्मण ! यहाँ कुलपुत्रले आय हुने भोग-सम्पत्तिको जानकारी भएअनुसार, व्यय गरिने भोग-सम्पत्तिको जानकारी भएअनुसार समजीवीको भई व्यतीत गर्छ– न अति उच्चस्तर, न अति निम्नस्तर । 'मेरो आय यतिको छ, यसअनुसार खर्च गर्नुपर्छ । मैले आयभन्दा व्यय धेरै गर्नुहुन्न । ब्राह्मण ! जस्तो कि कोही तुलाधर वा तुलाधरको शिष्यले तराजूलाई हातले समाउँदा थाहा पाउँछ कि यत्तिको कम छ, यत्तिको बढी छ । यसरी नै ब्राह्मण ! कुलपुत्रले आफ्नो आयव्ययनुसार समजीवी भई व्यतीत गर्छ– न अति उच्चस्तर, न अति निम्नस्तर । मैले व्ययभन्दा पनि आय धेरै गर्नुपर्छ । आयभन्दा पनि व्यय धेरै गर्नु हुन्न । ब्राह्मण ! यदि कुलपुत्र अल्पायु हुँदा पनि जीवनस्तर उच्च भएमा मान्छेहरूले उसको बारेमा कुरा गर्ने हुन्छ कि 'यो कुलपुत्रले गूलर (उदुम्बर) फल खाए झैं उपभोग गरे । यदि कुलपुत्र आयु धेरै हुँदा पनि जीवन एकदम निम्नस्तरको भएमा मान्छेहरूले उसको बारेमा कुरा गर्ने हुन्छ कि 'यो कुलपुत्र अनाथ झैं भई मृत्यु हुनेछ । ब्राह्मण ! कुलपुत्रले आयव्ययानुसार समजीवी भई जीवन व्यतीत गर्छ– न अति उच्चस्तर, न अति निम्नस्तर । मेरो व्ययभन्दा पनि आय धेरै हुनुपर्छ, आयभन्दा पनि व्यय धेरै गर्नुहुन्न । ब्राह्मण ! यसैलाई भनिन्छ– समजीवी ।

"ब्राह्मण ! आर्जन गरेको सम्पत्ति नष्ट हुने चार मार्ग छन्– स्त्रीपिपासु, सुरापिपासु, जुवाडे र पापीमित्र-पापीसङ्गत वा कुसङ्गती हुनु । ब्राह्मण ! जस्तो कि ठूलो तलाउमा पानी आउने चार अनि जाने चार मार्ग हुन्छन् । त्यहाँ पुरुषले पानी आउने मार्गलाई बन्द गरी दिन्छ अनि पानी जाने चार मार्गलाई खोली दिन्छ तर वर्षात हुँदैन । यस्तो भएमा ब्राह्मण ! ठूलो तलाउको पानी सुक्नेछ वा वृद्धि हुनेछैन । यसरी नै ब्राह्मण ! आर्जन गरिएको सम्पत्ति नष्ट हुने चार कारण हुन्– स्त्रीपिपासु, सुरापिपासु, जुवाडे र पापीमित्र-पापीसङ्गत वा कुसङ्गती हुनु ।

"ब्राह्मण ! आर्जन गरेको सम्पत्ति नष्ट नहुने चार मार्ग छन्– स्त्री पिपासु, सुरा पिपासु, जुवाडे, पापी मित्र, पापीको सङ्गत तथा कुसङ्गती नहुनु । ब्राह्मण ! जस्तो कि ठूलो तलाउमा पानी आउने चार अनि जाने चार मार्ग हुन्छन । त्यहाँ पुरुषले पानी आउने मार्गलाई खुल्ला गरी राख्छ अनि पानी जाने चार मार्गलाई बन्द गरी दिन्छ अनि बर्षात पनि हुन्छ । यस्तो भएमा ब्रह्मण ! ठूलो तलाउको पानी बढने नै छ, सुकेर जान्दैन । यसरी नै ब्राह्मण ! कमाएको सम्पत्ति नष्ट नहुने चार मार्ग हुन्– स्त्री पिपासु, सुरा पिपासु, जुवाडे, कल्याण मित्र, कल्याणकारीको सङ्गत तथा सुसङ्गतमा लाग्ने हुनु । ब्राह्मण ! यी नै चार प्रकारका धर्मले कुलपुत्रलाई यसलोकमा हित तथा परलोकमा सुख हुन्छ ।



Downloaded from http://dhamma.digital

"ब्राह्मण ! यी चारधर्मद्वारा यसलोकमा हित तथा परलोकमा सुख हुन्छ। ती चार धर्म के के हुन् ? श्रद्धा-सम्पदा, शील-सम्पदा, त्याग-सम्पदा र प्रज्ञा-सम्पदा। ब्राह्मण ! श्रद्धा-सम्पदा भनेको के हो ? ब्राह्मण ! यहाँ कुलपुत्र श्रद्धावान हुन्छ, तथागतको बोधिप्रति श्रद्धावान हुन्छ– 'वहाँ भगवान..... देव मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ। ब्राह्मण ! यसैलाई भनिन्छ श्रद्धा-सम्पदा।

"ब्राह्मण ! शील-सम्पदा भनेको के हो ? ब्राह्मण ! यहाँ कुलपुत्र शीलवान हुन्छ– प्राणीहिंसा गर्नबाट विरत हुन्छ..... बेहोश पार्ने रक्सीजाँड आदि पिउनबाट विरत हुन्छ। ब्राह्मण ! यसैलाई भनिन्छ शील-सम्पदा।

"ब्राह्मण ! त्याग-सम्पदा भनेको के हो ? ब्राह्मण ! यहाँ कुलपुत्रले कलुषित कन्जुसीपनरहित भई गृहवास गर्छ, त्यागी, खुल्ला हात भएका, दानी, याचकलाई दान दिने स्वभावका, संविभाजन गरी दान दिन्छ। ब्राह्मण ! यसैलाई भनिन्छ त्याग-सम्पदा।

"ब्राह्मण ! प्रज्ञा-सम्पदा भनेको के हो ? ब्राह्मण ! यहाँ कुलपुत्र प्रज्ञावान हुन्छ, उदयास्त सम्बन्धमा, आर्यद्वारा छिचोल्न सक्ने अनि सम्यकरूपले दुःखलाई विनष्ट गर्न प्रज्ञासम्पन्न हुन्छ। ब्राह्मण ! यसैलाई भनिन्छ प्रज्ञा-सम्पदा। ब्राह्मण ! यी नै चार प्रकारका धर्मले कुलपुत्रलाई यसलोकमा हित तथा परलोकमा सुख हुन्छ।"

**"उट्ठाता कम्मधेय्यसु, अप्पमत्तो विधानवा।**
**समंकप्पेति जीविकं, सम्भतं अनुरक्खति॥**

**"सद्धो सीलेन सम्पन्नो, वदञ्ञू वीतमच्छरो।**
**निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं॥**

**"इच्चेते अट्ठ धम्मा च, सद्धस्स घरमेसिनो।**
**अक्खाता सच्चनामेन ,उभयत्थ सुखावहा॥**

**"दिट्ठधम्महितत्थाय, सम्परायसुखाय च।**
**एवमेतं गहट्ठानं, चागो पुञ्ञं पवड्ढती"ति॥ (अर्थ माथिकै)**



Downloaded from http://dhamma.digital

## ६. भयसुत्तं

५६. "भिक्षुहो ! 'भय' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'दु:ख' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'रोग' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'खटिरा' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'शल्य' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'आसक्ति' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'फोहर' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'गर्भ' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'भय' काम-भोगको नै पर्यायवाचक हो, किन ? किनभने भिक्षुहो ! जो काम-भोगमा अनुरक्त रहन्छ, छन्द रागमा अनुबन्धित हुन्छ, ऊ न त यसलोकको भयबाट मुक्त हुन्छ, न त परलोकको भयबाट मुक्त हुन्छ । त्यसैले 'भय' काम-भोगको नै पर्यायवाचक हो । भिक्षुहो ! 'दु:ख' काम-भोगको पर्यायवाचक किन..... 'रोग'..... 'खटिरा'..... 'शल्य'..... 'आसक्ति'..... 'फोहर'..... 'गर्भ' काम-भोगको नै पर्यायवाचक   किन ? किनभने भिक्षुहो ! जो काम-भोगमा अनुरक्त रहन्छ, छन्द रागमा अनुबन्धित हुन्छ, ऊ न त यसलोकको गर्भबाट मुक्त हुन्छ, न त परलोकको गर्भबाट मुक्त हुन्छ । त्यसैले 'गर्भ' काम-भोगको नै पर्यायवाचक हो ।

**"भयं दुक्खञ्च रोगो च, गण्डो सल्लञ्च सङ्गो च ।**
**पङ्को गब्भो च उभयं, एते कामा पवुच्चन्ति ।**
**यत्थ सत्तो पुथुज्जनो ॥**

"भय, दु:ख, रोग, खटिरा, शल्य, आसक्ति, फोहर र गर्भ यी शब्दहरू कामभोगको नै पर्यायवाची हुन् । जसमा पृथकजन आसक्त हुन्छन् ।

**"ओतिण्णो सातरूपेन, पुन गब्भाय गच्छति ।**
**यतो च भिक्खु आतापी, सम्पजञ्ञं न रिञ्चति ॥**

"स्वादमा अवतरित हुने पुन: गर्भमा जान्छ । जो भिक्षु प्रयत्नशील हुन्छ, विवेक शून्य हुँदैन ।

**"सो इमं पलिपथं दुग्गं, अतिक्कम्म तथाविधो ।**
**पजं जातिजरूपेतं, फन्दमानं अवेक्खती"ति ॥**

यस दुर्गमनीयलाई अतिक्रमण गरी, जन्म-मरणको चक्करमा परेर



Downloaded from http://dhamma.digital

छट्पटिएका जनतालाई उसले हेर्छ।"

### ७. पठमआहुनेय्यसुत्तं

५७. "भिक्षुहो ! आठ प्रकारका धर्मद्वारा सम्पन्न भएका भिक्षु आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, नमस्कार गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् । ती आठ के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान.... शिक्षापदहरूलाई राम्रोसँग पालन गर्छ । बहुश्रुत हुन्छ.... राम्रोसँग छिचोल्न सक्ने दृष्टिको हुन्छ । कल्याणमित्र, कल्याणकारीको सङ्गत तथा सुसङ्गतमा लाग्छ । सम्यक-दृष्टिक हुन्छ, सम्यकदर्शनले सम्पन्न हुन्छ । चार चैतसिक ध्यानलाई यसै जीवनमा कठिनाइबिना प्राप्त गर्छ, सहजरूपले प्राप्त गर्छ। अनेकप्रकारले पूर्व जन्मका कुरालाई अनुस्मरण गर्छ, जस्तै कि– एक जन्मको, दुई जन्मको..... यो आकारको, यो प्रकारको वा अनेकौं थरीथरीलाई जान्नेछ। अलौकिक दिव्यचक्षुद्वारा सत्वहरू च्युत भएका यथा कर्मानुसार भोग गरिरहेका सत्वलाई जान्नेछ । आश्रवलाई क्षय गरी..... साक्षात्कार र लाभ गरी बस्छन् । भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा सम्पन्न भएका भिक्षु आह्वान गर्न योग्य हुन्..... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् ।"

### ८. दुतियआहुनेय्यसुत्तं

५८. "भिक्षुहो ! आठ प्रकारका धर्मद्वारा सम्पन्न भएका भिक्षु आह्वान गर्न योग्य...... शिक्षापदहरूलाई राम्रोसँग पालन गर्छ । बहुश्रुत हुन्छ.... राम्रोसँग छिचोल्न सक्ने दृष्टि हुन्छ । कुशलधर्ममा वीर्यवान, स्तम्भ समान, दृढ पराक्रमी र काँध नझुकाउने हुन्छ । जङ्गलमा एकान्तसेवी हुन्छ । आसक्ति र विरक्तिलाई सहन सक्छ, विरक्तिपनलाई जित्दै-जित्दै बस्छ । भय भैरवलाई सहन सक्छ, उत्पन्न भय-भैरवलाई जित्दै-जित्दै बस्छ । चार चैतसिक ध्यानलाई यसै जीवनमा बिनाकठिनाइ प्राप्त गर्छ वा सहजरूपले प्राप्त गर्छ । आश्रवलाई क्षय गरी..... साक्षात्कार र लाभ गरी बस्छ । भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा सम्पन्न भएका भिक्षु आह्वान गर्न योग्य हुन्..... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् ।"

### ९. पठमपुग्गलसुत्तं

५९. "भिक्षुहो ! आठप्रकारका धर्मद्वारा सम्पन्न भएका व्यक्ति आह्वान गर्न



Downloaded from http://dhamma.digital

योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, नमस्कार गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् । ती आठ के-के हुन् ? श्रोतापन्न र श्रोतापन्न फल साक्षात्कार गर्न मार्गमा लागेका। सकृदागामी र सकृदागामी फल साक्षात्कार गर्न मार्गमा लागेका। अनागामी र अनागामी फल साक्षात्कार गर्न लागेका । अर्हत र अर्हत फल साक्षात्कार गर्न लागेका । भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा सम्पन्न भिक्षु आह्वान गर्न योग्य ..... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् ।"

**"चत्तारो च पटिपन्ना, चत्तारो च फले ठिता ।**
**एस सङ्घो उजुभूतो, पञ्ञासीलसमाहितो ॥**

"चार मार्गमा लागेका, चार फलमा स्थित, प्रज्ञा र शीलमा समाहित यी ऋजुभूत संघ हुन् ।

**"यजमानानं मनुस्सानं, पुञ्ञपेक्खान पाणिनं ।**
**करोतं ओपधिकं पुञ्ञं, सङ्घे दिन्नं महप्फल"न्ति ॥**

"पुण्यको अपेक्षा गर्ने मनुष्यले, पुण्य क्षेत्रमा यज्ञ गर्न चाहने मनुष्यले पुनर्जन्मको आधारसम्बन्धी पुण्य कर्म गर्न संघलाई (दान) दिएमा महाफलदायी हुन्छ ।"

## १०. दुतियपुग्गलसुत्तं

६०. "भिक्षुहो ! आठप्रकारका धर्मद्वारा सम्पन्न भएका व्यक्ति आह्वान गर्न योग्य..... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् । ती आठ के-के हुन् ? श्रोतापन्न र श्रोतापन्नफल साक्षात्कार गर्न मार्गमा लागेका ।...... अर्हत र अर्हत फल साक्षात्कार गर्न लागेका । भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा सम्पन्न भिक्षु आह्वान गर्न योग्य..... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् ।"

**"चत्तारो च पटिपन्ना, चत्तारो च फले ठिता ।**
**एस सङ्घो समुक्कट्ठो, सत्तानं अट्ठपुग्गला ॥**

"चार मार्गमा लागेका, चार फलमा स्थित यी अष्टपुद्गल सत्वहरूको समुत्कृष्ट संघ हुन् ।



Downloaded from http://dhamma.digital

"यजमानानं मनुस्सानं, पुञ्ञपेक्खान पाणिनं ।
करोतं ओपधिकं पुञ्ञं, एत्थ दिन्नं महप्फल"न्ति ॥

"पुण्यको अपेक्षा गर्ने मनुष्यले, पुण्य क्षेत्रमा यज्ञ गर्न चाहने मनुष्यले पुनर्जन्मको आधारसम्बन्धी पुण्य कर्म गर्न चाहनेले यहाँ (दान) दिएमा महाफलदायी हुन्छ ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## (७) २. भूमिचालवग्गो

### १. इच्छासुत्तं

६१. "भिक्षुहो ! आठ प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन् । ती आठ को-को हुन् ? भिक्षुहो ! यहाँ कोही भिक्षु एकान्तवासी हुन्छ, विदर्शन भावनामा प्रयत्नशील भइरहँदा केही प्राप्त गर्न अभिलाषी हुन्छ । अभिलाषित वस्तु पाउनको निम्ति उठ्छ, प्रयास तथा मेहनत गर्छ । उठ्दा, प्रयास तथा मेहनत गर्दा पनि उसले अभिलाषित वस्तु पाउँदैन । त्यो अभिलाषित वस्तु नपाउँदा चिन्तित हुन्छ, दुःखी हुन्छ, पश्चातापी हुन्छ, छाटी पीटेर रुने हुन्छ अनि बेहोश हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– 'केही प्राप्तिको निम्ति अभिलाषी हुँदै विचरण गर्ने भिक्षु । अभिलाषित वस्तु पाउनको निम्ति उठ्ने, प्रयास तथा मेहनत गर्ने अनि नपाउँदा चिन्तित भई छट्पटिँदै सद्धर्मबाट च्युत हुने ।' "

"भिक्षुहो ! यहाँ कोही भिक्षु एकान्तवासी हुन्छ, विदर्शन भावनामा प्रयत्नशील भइरहँदा केही प्राप्त गर्न अभिलाषी हुन्छ । अभिलाषित वस्तु पाउनको निम्ति उठ्ने हुन्छ, प्रयास तथा मेहनत गर्ने हुन्छ । उठ्दा, प्रयास तथा मेहनत गर्दा उसले अभिलाषित वस्तु पाउँछ । अभिलाषित वस्तु पाउँदा ऊ त्यसबाट मोहित हुन्छ, प्रमादी हुन्छ तथा प्रमादी भई बस्छ । यसैलाई भनिन्छ– 'केही प्राप्तिको निम्ति अभिलाषी हुँदै विचरण गर्ने भिक्षु । अभिलाषित वस्तु पाउनको निम्ति उठ्ने, प्रयास तथा मेहनत गर्ने अनि पाउँदा मोहित तथा प्रमादी भई सद्धर्मबाट च्युत हुने ।' "

"भिक्षुहो ! यहाँ कोही भिक्षु एकान्तवासी हुन्छ, विदर्शन भावनामा प्रयत्नशील भइरहँदा केही प्राप्त गर्ने अभिलाषा हुन्छ । अभिलाषित वस्तु पाउन न त उठ्ने हुन्छ, न त प्रयास गर्ने हुन्छ तथा न त मेहनत नै गर्छ । न उठ्नाले, प्रयास नगर्नाले तथा मेहनत नगर्नाले उसले अभिलाषित वस्तु पाउँदैन । त्यो नपाउँदा चिन्तित हुन्छ, दुःखी हुन्छ, पश्चातापी हुन्छ, छाटी पीटेर रुने हुन्छ अनि बेहोश हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– 'केही प्राप्तिको निम्ति अभिलाषी हुँदै विचरण गर्ने भिक्षु । अभिलाषित वस्तु पाउनलाई नउठ्ने, प्रयास नगर्ने तथा मेहनत नगर्ने अनि नपाउँदा चिन्तित हुँदै छट्पटिँदै सद्धर्मबाट च्युत हुने ।' "

"भिक्षुहो ! यहाँ कोही भिक्षु एकान्तवासी हुन्छ, विदर्शन भावनामा प्रयत्नशील भइरहँदा केही प्राप्त गर्न अभिलाषी हुन्छ । अभिलाषित वस्तु पाउनलाई



Downloaded from http://dhamma.digital

न त उठ्छ, न त प्रयास गर्छ तथा न त मेहनत नै गर्छ । ऊ न उठेता पनि प्रयास नगरेता पनि तथा मेहनत नगरेता पनि अभिलाषित वस्तु पाउँछ । ऊ त्यस लाभद्वारा लट्ठ हुन्छ, प्रमादी हुन्छ तथा प्रमादी भई बस्छ । यसैलाई भनिन्छ– 'केही प्राप्तिको निम्ति अभिलाषी हुँदै विचरण गर्ने भिक्षु । अभिलाषित वस्तु पाउनलाई ऊ न उठ्दा पनि प्रयास नगर्दा पनि तथा मेहनत नगर्दा पनि पाउँदा मोहित हुने, प्रमादी हुने, चिन्तित हुने अनि सद्धर्मबाट च्युत हुने ।' "

"भिक्षुहो ! यहाँ कोही भिक्षु एकान्तवासी हुन्छ, विदर्शन भावनामा प्रयत्नशील भइरहँदा केही प्राप्त गर्न अभिलाषी हुन्छ । अभिलाषित वस्तु पाउनलाई उठ्छ, प्रयास गर्छ, तथा मेहनत गर्छ । ऊ उठ्दा, प्रयास गर्दा तथा मेहनत गर्दा अभिलाषित वस्तु पाउँदैन । त्यो नपाउनाले चिन्तित हुँदैनन्, दुःखीत हँदैनन्, पश्चातापी हुँदैनन्, छाटी पीटेर रुँदैनन् अनि बेहोशी पनि हुँदैनन् । भिक्षुहो ! यसैलाई भनिन्छ– "केही प्राप्तिको निम्ति अभिलाषी हुँदै विचरण गर्ने भिक्षु । अभिलाषित वस्तु पाउनलाई उठ्दा, प्रयास गर्दा तथा मेहनत गर्दा पनि नपाउँदा मोहित नहुने, प्रमादि नहुने चिन्तित नहुने, नछट्पटिने अनि सद्धर्मबाट च्युत नहुने ।' "

"भिक्षुहो ! यहाँ कोही भिक्षु एकान्तवासी हुन्छ, विदर्शन भावनामा प्रयत्नशील भइरहँदा केही प्राप्त गर्न अभिलाषी हुन्छ । अभिलाषित वस्तु प्राप्त गर्न उठ्छ, प्रयास गर्छ, तथा मेहनत गर्छ । ऊ उठ्दा, प्रयास गर्दा तथ मेहनत गर्दा अभिलाषित वस्तु पाउँछ । त्यो पाउँदा मोहित हुँदैनन्, बेहोशी हुँदैनन् तथा प्रमादी भई बस्दैनन् । भिक्षुहो ! यसैलाई भनिन्छ– 'प्राप्तिको निम्ति अभिलाषी हुँदै विचरण गर्ने भिक्षु । प्राप्तिको निम्ति उठ्दा, प्रयास गर्दा तथा मेहनत गर्दा पनि अभिलाषित वस्तु प्राप्त हुँदा मोहित नहुने, प्रमादी नहुने अनि सद्धर्मबाट च्युत नहुने ।' "

"भिक्षुहो ! यहाँ कोही भिक्षु एकान्तवासी हुन्छ, विदर्शन भावनामा प्रयत्नशील भइरहँदा केही प्राप्त गर्न अभिलाषी हुन्छ । अभिलाषित वस्तु प्राप्त गर्न न त उठ्छ, न त प्रयास गर्छ तथा न त मेहनत नै गर्छ । ऊ नउठ्दा, प्रयास नगर्दा तथा मेहनत नगर्दा अभिलाषित वस्तु पाउँदैन । त्यो नपाउँदा चिन्तित हुँदैनन्, दुःखी हँदैनन्, पश्चातापी हुँदैनन्, छाती पितेर रुँदैनन् अनि बेहोशी हुँदैनन् । भिक्षुहो ! यसैलाई भनिन्छ– 'प्राप्तिको निम्ति अभिलाषी हुँदै विचरण गर्ने भिक्षु । प्राप्तिको निम्ति नउठ्ने, प्रयास नगर्ने तथा मेहनत नगर्ने अनि प्राप्त नहुँदा चिन्तित नहुने, नछट्पटिने अनि सद्धर्मबाट च्युत नहुने ।' "



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यहाँ कोही भिक्षु एकान्तवासी हुन्छ, विदर्शन भावनामा प्रयत्नशील भइरहँदा केही प्राप्त गर्ने अभिलाषा हुन्छ । अभिलाषित वस्तु प्राप्त गर्न न त उठ्ने हुन्छन्, न त प्रयास गर्ने हुन्छन् तथा न त मेहनत गर्ने हुन्छन् । ऊ नउठ्दा, प्रयास नगर्दा तथा मेहनत नगर्दा पनि अभिलाषित वस्तु पाउँछ । त्यो पाउनाले मोहित हुँदैनन्, बेहोशी हुँदैनन् तथा प्रमादी भई बस्दैनन् । भिक्षुहो ! यसैलाई भनिन्छ– 'प्राप्तिको निम्ति अभिलाषित हुँदै विचरण गर्ने भिक्षु । अभिलाषित वस्तु पाउनलाई नउठ्ने, प्रयास नगर्ने तथा मेहनत नगर्ने अनि इच्छ्याएको वस्तु पाउँदा मोहित नहुने, बेहोशी नहुने तथा प्रमादी नहुँदा सद्धर्मबाट च्युत नहुने ।' भिक्षुहो ! यी नै आठ प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

## २. अलंसुत्तं

६२. "भिक्षुहो ! भिक्षु छ प्रकारका धर्मद्वारा सम्पन्न हुँदा आफ्नो पनि भलो गर्छ अनि अरूको पनि भलो गर्छ । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै बुझ्छ । श्रवण गरेको धर्मलाई धारण गर्छ । धर्म धारण गर्न अर्थ परीक्षण गर्छ । अर्थ र धर्म बुझी तदनुसार आचरण गर्छ । कल्याणकारी वाणी बोल्छ, कल्याण मार्गदर्शी हुन्छ, प्रियकर वाणी बोल्छ, विश्वस्त वाणी बोल्छ, निर्दोष वाणी बोल्छ अनि अर्थ बोध गर्ने हुन्छ । सुदर्शक, उत्साहित, समुत्तेजित तथा सब्रह्मचारीलाई हर्षित पार्छ । भिक्षुहो ! यी नै छ प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो पनि भलो गर्छ अनि अरूको पनि भलो गर्छ ।

"भिक्षुहो ! भिक्षु पाँच प्रकारका धर्मद्वारा सम्पन्न हुँदा आफ्नो पनि भलो गर्छ अनि अरूको पनि भलो गर्छ । ती पाँच के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै बुझ्दैन । श्रवण गरेको धर्मलाई धारण गर्छ । धर्म धारण गर्नलाई अर्थ परीक्षण गर्छ । अर्थ र धर्म बुझी तदनुसार आचरण गर्छ । कल्याणकारी वाणी बोल्छ .... अनि अर्थ बोध गर्ने हुन्छ । सुदर्शक, उत्साहित, समुत्तेजित तथा सब्रह्मचारीलाई हर्षित पार्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो पनि भलो गर्छ अनि अरूको पनि भलो गर्छ ।

"भिक्षुहो ! भिक्षु चार प्रकारका धर्मद्वारा सम्पन्न हुँदा आफ्नो पनि भलो गर्छ तर अरूको भलो गर्दैन । ती चार के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशल-धर्म चाँडै बुझ्छ । श्रवण गरेको धर्म धारण गर्छ । धर्म धारण गर्नलाई अर्थ परिक्षण गर्छ । अर्थ र धर्म बुझी तदनुसार आचरण गर्छ । कल्याणकारी वाणी नबोल्ने, कल्याण मार्गदर्शी नहुने, प्रिय वाणी नबोल्ने, विश्वस्त वाणी नबोल्ने, निर्दोष वाणी



Downloaded from http://dhamma.digital

नबोल्ने अनि अर्थ बोध नगराउने हुन्छ । सुदर्शक हुँदैनन्, उत्साहित हुँदैनन्, समुत्तेजित तथा सब्रह्मचारीलाई हर्षित पार्दैनन् । भिक्षुहो ! यी नै चार प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन ।

"भिक्षुहो ! भिक्षु चारप्रकारका धर्मद्वारा सम्पन्न हुँदा अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन । ती चार के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै बुझ्छ । श्रवण गरेको धर्मलाई धारण गर्छ । धर्म धारण गर्नलाई अर्थ परीक्षण गर्दैन । अर्थ र धर्मलाई बुझी तदनुसार आचरण गर्दैन । कल्याणकारी वाणी बोल्छ, कल्याण मार्गदर्शी हुन्छ..... अनि अर्थलाई बोध गराउन सक्छ । सुदर्शक हुन्छ..... तथा सब्रह्मचारीलाई हर्षित पार्छ । भिक्षुहो ! यी नै चार प्रकारका धर्ममा सम्पन्न भिक्षुले अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन ।

"भिक्षुहो ! भिक्षु तीन प्रकारका धर्ममा सम्पन्न हुँदा आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन । ती तीन के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै नै बुझ्छ । श्रवण गरेको धर्म धारण गर्छ । धर्म धारण गर्न अर्थ परीक्षण गर्छ । अर्थ र धर्मलाई बुझी तदनुसार आचरण गर्छ । कल्याणकारी वाणी नबोल्ने, कल्याण मार्गदर्शी नहुने, प्रियकर वाणी नबोल्ने, विश्वस्त वाणी नबोल्ने, निर्दोष वाणी नबोल्ने अनि अर्थलाई बोध गरेको हुँदैन । सुदर्शक हुँदैन, उत्साहित हुँदैन, समुत्तेजित तथा सब्रह्मचारीलाई हर्षित पार्दैन । भिक्षुहो ! यी नै तीन प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन ।

"भिक्षुहो ! भिक्षु तीन प्रकारका धर्मद्वारा सम्पन्न हुँदा अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन । ती तीन के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै बुझ्छ । श्रवण गरेको धर्म धारण गर्छ । धर्म धारण गरेको अर्थ परीक्षण गर्दैन । अर्थ र धर्म बुझी तदनुसार आचरण गर्दैन । कल्याणकारी वाणी बोल्छ..... अनि अर्थलाई बोध गरेको हुन्छ । सुदर्शक हुन्छ, उत्साहित हुन्छ, समुत्तेजित तथा सब्रह्मचारीलाई हर्षित पार्छ । भिक्षुहो ! यी नै तीन प्रकारका धर्ममा सम्पन्न हुने भिक्षुले अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन ।

"भिक्षुहो ! भिक्षु दुई प्रकारका धर्ममा सम्पन्न हुँदा आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन । ती दुई के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै बुझ्छ । श्रवण गरेको धर्म धारण गर्दैन । धर्म धारण गर्न अर्थ परीक्षण गर्छ । अर्थ र धर्म बुझी तदनुसार आचरण गर्छ । कल्याणकारी वाणी नबोल्ने..... अनि अर्थ बोध गरेको हुँदैन । सुदर्शक हुँदैनन्..... सब्रह्मचारीलाई हर्षित पार्दैनन् ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यी नै दुई प्रकारका धर्ममा सम्पन्न भिक्षुले आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन ।

"भिक्षुहो ! भिक्षु दुई प्रकारका धर्ममा सम्पन्न हुँदा अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन । ती दुई के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै बुभ्दैन । श्रवण गरेको धर्म धारण गर्दैन । धर्म धारण गर्न अर्थ परीक्षण गर्दैन । अर्थ र धर्म बुझी तदनुसार आचरण गर्दैन । कल्याणकारी वाणी बोल्छ, कल्याण मार्गदर्शी हुन्छ, प्रियकर वाणी बोल्छ, विश्वस्त वाणी बोल्छ, निर्दोष वाणी बोल्छ अनि अर्थ बोध गर्ने हुन्छ । सुदर्शक, उत्साहित, समुत्तेजित तथा सब्रह्मचारीलाई हर्षित पार्छ । भिक्षुहो ! यी नै दुई प्रकारका धर्ममा सम्पन्न भिक्षुले अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन ।"

### ३. संखित्तसुत्तं

६३. त्यसबेला कोही एक भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए..... एक ठाउँमा बसेपछि भगवानलाई यसरी भन्यो– "भन्ते भगवान ! तपाईंले मलाई संक्षिप्तमा धर्मोपदेश गर्नु भएमा राम्रो हुन्थ्यो । जुन धर्मोपदेश भगवानले दिनुहुन्छ त्यस धर्मोपदेशलाई मैले श्रवण गरी एकान्तवासी भई, अप्रमादी र प्रयत्न गर्दै विहरण गर्न सकूँ ।" "यसरी नै कोहीकोही मूर्ख व्यक्तिले मसँग याचना गर्छन् । धर्मोपदेश गर्दा पनि मेरै पछि लाग्छ भन्ने मलाई थाहा छ ।" " भन्ते भगवान ! तपाईंले मलाई संक्षिप्तमा धर्मोपदेश गर्नुहोस्, सुगत ! मलाई संक्षिप्तमा धर्मदेशना गर्नुहोस् । सम्भवत भगवानबाट भाषित भएको अर्थलाई मैले जान्न सकूँ अनि सम्भवत भगवानबाट भाषित धर्ममा उत्तराधिकारी हुन सकूँ ।" "त्यसोभए भिक्षु ! तिमीले यसरी शिक्षा लिनुपर्छ– 'मेरो चित्त स्थिर तथा सुस्थिर रहनेछ, चित्तमा उत्पन्न हुने पापमय अकुशललाई स्थिर गरी राख्दिन ।' भिक्षु ! यसरी नै तिमीले शिक्षा लिनुपर्छ ।"

"भिक्षु ! जब तिम्रो चित्त स्थिर तथा सुस्थिर हुन्छ, पापमय अकुशल चित्तमा डबिएको हुँदैन, तब तिमीले यस्तो शिक्षा लिनुपर्छ– 'मैले मैत्री भावना गरी चित्त-विमुक्त गर्छु, वृद्धि गर्छु, अभ्यास गर्छु, आधारभूत हुन्छु, अनुष्ठान गर्छु, परिचित हुन्छु तथा राम्रोसँग प्रारम्भ गर्छु ।' भिक्षु ! यसरी नै तिमीले शिक्षा लिनुपर्छ ।

"भिक्षु ! जब तिमीले यो समाधिको भावना गरिरहँदा, वृद्धि गरिरहँदा त्यस



Downloaded from http://dhamma.digital

अवस्थामा यो सवितर्क-सविचारलाई पनि भावना गर्न सक्छौ । अवितर्कलाई सुविचारमा पनि भावना गर्न सक्छौ, अवितर्क-अविचारमा पनि भावना गर्न सक्छौ, सप्रीतिक भएर पनि भावना गर्न सक्छौ, निष्प्रीतीक भएर पनि भावना गर्न सक्छौ, आनन्दित भएर पनि भावना गर्न सक्छौ अनि उपेक्षासहित पनि भावना गर्न सक्छौ ।

"भिक्षु ! जब तिमी यो समाधिमा भावित तथा सुभावित हुन्छौ, तब तिमीले यस्तो शिक्षा लिनुपर्छ– 'मैले करुणा भावना गरी चित्त-विमुक्त गर्छु.... मुदिता भावना गरी चित्त-विमुक्त गर्छु..... उपेक्षा भावना गरी चित्त-विमुक्त गर्छु, बृद्धि गर्छु..... अभ्यास गर्छु, आधारभूत हुन्छु, अनुष्ठान गर्छु, परिचित हुन्छु तथा राम्रोसँग प्रारम्भ गर्छु ।' भिक्षु ! यसरी नै तिमीले शिक्षा लिनुपर्छ ।

"भिक्षु ! जब तिमी यो समाधिमा यसरी भावित तथा सुभावित हुन्छौ त्यस अवस्थामा तिमीले यस समाधिमा सवितर्क-सविचारलाई पनि भावना गर्न सक्छौ, अवितर्कलाई सुविचारमा पनि भावना गर्न सक्छौ, अवितर्क अविचारमा पनि भावना गर्न सक्छौ, सप्रीतिक भएर पनि भावना गर्न सक्छौ, निष्प्रीतिक भएर पनि भावना गर्न सक्छौ, आनन्दित भएर पनि भावना गर्न सक्छौ अनि उपेक्षासहित पनि भावना गर्न सक्छौ ।

"भिक्षु ! जब तिमी यो समाधिमा यसरी भावित तथा सुभावित हुन्छौ, तब तिमीले भिक्षु ! यस्तो शिक्षा लिनुपर्छ– 'मैले कायमा कायानुपश्यी भई प्रयत्नशील भई, सम्प्रजन्यसहित स्मृतिवान भई, राग र द्वेषलाई हटाएर लोकमा विचरण गर्छु ।' भिक्षु ! यसरी नै तिमीले शिक्षा लिनुपर्छ ।

"भिक्षु ! जब तिमी यो समाधिमा यसरी भावना गरिरहँदा, वृद्धि गरिरहँदा त्यस अवस्थामा तिमीले यस समाधिमा सवितर्क-सविचारलाई पनि भावना गर्न सक्छौ । अवितर्कलाई सुविचारमा पनि भावना गर्न सक्छौ, अवितर्क-अविचारमा पनि भावना गर्न सक्छौ, सप्रीतिक भएर पनि भावना गर्न सक्छौ, निष्प्रीतिक भएर पनि भावना गर्न सक्छौ, आनन्दित भएर पनि भावना गर्न सक्छौ अनि उपेक्षासहित पनि भावना गर्न सक्छौ ।

"भिक्षु ! जब तिमी यस समाधिमा यसरी भावित तथा सुभावित हुन्छौ, तब तिमीले भिक्षु ! यस्तो शिक्षा लिनुपर्छ– 'मैले वेदनामा वेदनानुपश्यी भई प्रयत्नशील भई, सम्प्रजन्यसहित स्मृतिवान भई, राग र द्वेष हटाएर लोकमा



Downloaded from http://dhamma.digital

विचरण गर्छु ।' चित्तमा चित्तानुपश्यी भई प्रयत्नशील भई सम्प्रजन्यसहित स्मृतिवान भई, राग र द्वेष हटाएर लोकमा विचरण गर्छु। धर्ममा धर्मानुपश्यी भई प्रयत्नशील भई सम्प्रजन्यसहित स्मृतिवान भई, राग र द्वेष हटाएर लोकमा विचरण गर्छु। भिक्षु ! यसरी नै तिमीले शिक्षा लिनुपर्छ।

"भिक्षु ! जब तिमी यो समाधिमा यसरी भावना गरिरहँदा, वृद्धि गरिरहँदा त्यस अवस्थामा तिमीले यस समाधिमा सवितर्क-सविचारलाई पनि भावना गर्न सक्छौ । अवितर्कलाई सुविचारमा पनि भावना गर्न सक्छौ, अवितर्क-अविचारमा पनि भावना गर्न सक्छौ, सप्रीतिक भएर पनि भावना गर्न सक्छौ, निष्प्रीतिक भएर पनि भावना गर्न सक्छौ, आनन्दित भएर पनि भावना गर्न सक्छौ अनि उपेक्षासहित पनि भावना गर्न सक्छौ ।

"भिक्षु ! जब तिमी यस समाधिमा यसरी भावित तथा सुभावित हुन्छौ, तब भिक्षु ! जहाँ-जहाँ जान्छौ सुखपूर्वक नै जाने हुन्छौ, जहाँ-जहाँ वास बस्छौ सुखपूर्वक नै वास बस्छौ, जहाँ-जहाँ बस्छौ सुखपूर्वक नै बस्छौ अनि जहाँ-जहाँ सुत्छौ सुखपूर्वक नै सुत्छौ ।"

अनि भगवानबाट उपदेश श्रवण गरी वहाँ भिक्षु आसनबाट उठ्नु भई भगवानलाई अभिवादन र प्रदक्षिणा गरी जानुभयो । अनि त वहाँ भिक्षु एक्लो भई, एकान्तवासी भई, अप्रमादी भई, प्रयत्नशील भई, जुन अर्थलाई लिएर कुलपुत्रले घरबाट बेघर भई प्रव्रजित हुने हो, त्यस लोकोत्तर श्रेष्ठ जीवनलाई यसै जन्ममा स्वयम्ले जान्नुभयो, साक्षात्कार गर्नुभयो तथा प्राप्त गर्नुभयो । वहाँलाई ज्ञान भयो कि, जन्मको बन्धन नष्ट भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नु पर्ने गरी सकें । अब यहाँ गर्नु पर्ने केही पनि बाँकी रहेन । वहाँ भिक्षु पनि एक अर्हत हुनुभयो ।

## ४. गयासीससुत्तं

६४. एक समय भगवान गयास्थित गयासीस पर्वतमा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो..... "भिक्षुहो ! सम्बोधि प्राप्त हुनु भन्दा पहिले, सम्बुद्धत्वलाई प्राप्त नगरेको अवस्थामा बोधिसत्व हुँदा मैले प्रभा-मण्डल देख्थें तर (देव) रूपलाई देख्न सकेको थिइन ।

"भिक्षुहो ! त्योबेला मलाई यस्तो लाग्यो– 'यदि मैले प्रभामण्डललाई जान्नपाए हुन्थ्यो अनि रूपलाई पनि देख्नपाए हुन्थ्यो । यस्तो भएमा मेरो यो ज्ञान-



Downloaded from http://dhamma.digital

दर्शन परिशुद्ध हुन्छ ।' "

"भिक्षुहो ! यसपछि अर्को समय अप्रमादी भई प्रयत्नशील हुँदा मैले प्रभामण्डलाई जान्न पाएँ अनि रूपलाई पनि देख्न सकें । तर ती देवताहरूसँग मैले उठ्न, बस्न, कुराकानी गर्न र परामर्श गर्न पाएको थिइन ।

"भिक्षुहो ! त्योबेला मलाई यस्तो लाग्यो– 'यदि मैले प्रभामण्डललाई जान्न पाए, रूपलाई देख्न पाए अनि ती देवतासँग मैले उठ्न, बस्न, कुराकानी गर्न र परामर्श गर्न पाए हुन्थ्यो । यस्तो भएमा मेरो यो ज्ञान-दर्शन परिशुद्ध हुन्छ ।' "

"भिक्षुहो ! यसपछि अर्को समय अप्रमादी भई प्रयत्नशील हुँदा मैले प्रभामण्डलाई जान्न पाएँ अनि रूपलाई पनि देख्न पाएँ । ती देवताहरूसँग मैले उठ्न, बस्न, कुराकानी र परामर्श गर्न पाएँ । तर ती देवताहरूलाई मैले चिनेको थिइन– यी देवताहरू फलानो हुन् वा फलानो देव निकायका हुन् ।

"भिक्षुहो ! त्योबेला मलाई यस्तो लाग्यो– यदि मैले प्रभामण्डललाई जान्न पाएँ अनि रूपलाई पनि देख्न पाएँ, ती देवताहरूसँग मैले उठ्न, बस्न, कुराकानी र परामर्श गर्न पाएँ । अब ती देवताहरूलाई मैले चिन्न पाए हुन्थ्यो–'ती देवताहरू फलानो हुन् वा फलानो देव निकायका हुन् । यस्तो भएमा मेरो यो ज्ञान-दर्शन परिशुद्ध हुन्छ ।' "

"भिक्षुहो ! यसपछि अर्को समय अप्रमादी भई प्रयत्नशील हुँदा मैले प्रभामण्डलाई जान्न पाएँ अनि रूपलाई पनि देख्न पाएँ । ती देवताहरूसँग मैले उठ्न, बस्न, कुराकानी र परामर्श गर्न पाएँ । ती देवताहरूलाई मैले चिनें– ती देवताहरू फलानो हुन् वा फलानो देव निकायका हुन् ।' ती देवताहरूलाई जानेको छुइन– 'ती देवताहरू यस कर्मको विपाकले गर्दा यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भयो ।'...... ती देवताहरूलाई जानें– 'ती देवताहरू यस कर्मको विपाकद्वारा यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भएको । ती देवताहरूलाई जानेको थिइन– 'ती देवताहरू यस कर्मको विपाकद्वारा यस प्रकारको आहार र यस प्रकारको सुख-दु:खलाई भोग्नु परेको ।'..... ती देवताहरूलाई जानें– 'ती देवताहरू यस कर्मको विपाकद्वारा यस प्रकारको आहार र यस प्रकारको सुख-दु:खलाई भोग्नु परेको ।'..... ती देवताहरूलाई जानेको छुइन– 'ती देवताहरू दीर्घायु हुनुको कारण यो हो, चिरकालसम्म रहन पाएको कारण यो हो ।'...... ती देवताहरूलाई जानें– 'ती देवताहरू दीर्घायु हुनुको कारण यो हो, चिरकालसम्म रहन पाएको कारण यो हो ।



Downloaded from http://dhamma.digital

तर मैले यो जानेको छुइन कि, ती देवताहरूसँग यो भन्दा पहिलेको जन्ममा सँगै रहेको वा पहिलेको जन्ममा सँगै नरहेको ।

"भिक्षुहो ! त्योबेला मलाई यस्तो लाग्यो– मैले प्रभामण्डललाई जान्न पाएँ, रूपलाई देख्न पाएँ, ती देवताहरूसँग मैले उठ्न, बस्न, कुराकानी र परामर्श गर्न पाएँ । ती देवताहरूलाई मैले चिनें– 'ती देवताहरू फलानो हुन् वा फलानो देव निकायका हुन् ।' ती देवताहरूलाई जानें– 'ती देवताहरू यस कर्मको विपाकद्वारा यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भएको ।' ती देवताहरूलाई जानें– 'ती देवताहरू यस कर्मको विपाकद्वारा यस प्रकारको आहार र यस प्रकारको सुख-दुःखलाई भोग्नु परेको ।' ती देवताहरूलाई जानें– 'ती देवताहरू दीर्घायु हुनुको कारण यो हो, चिरकालसम्म रहन पाएको कारण यो हो ।' यदि मैले ती देवताहरूसँग पहिलेको जन्ममा सँगै रहेको अथवा पहिलेको जन्ममा ती देवताहरू सँगै नरहेको जान्न पाए हुन्थ्यो । यस्तो भएमा मेरो यो ज्ञान-दर्शन परिशुद्ध हुन्छ ।' ."

"भिक्षुहो ! यसपछि अर्को समय अप्रमादी भई प्रयत्नशील हुँदा मैले प्रभा-मण्डलाई जान्न पाएँ अनि रूपलाई पनि देख्न पाएँ, ती देवताहरूसँग मैले उठ्न, बस्न, कुराकानी र परामर्श गर्न पाएँ । ती देवताहरूलाई मैले चिनें– ती देवताहरू फलानो हुन् वा फलानो देव निकायका हुन् ।' ती देवताहरूलाई जानें- 'ती देवताहरू यस कर्मको विपाकद्वारा यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भएको ।' ती देवताहरूलाई जानें– 'ती देवताहरू यस कर्मको विपाकद्वारा यस प्रकारको आहार र यस प्रकारको सुख-दुःखलाई भोग गर्न पाएको ।' ती देवताहरूलाई जानें– 'ती देवताहरू दीर्घायु हुनुको कारण यो हो, चिरकालसम्म रहन पाएको कारण यो हो ।' ती देवताहरूलाई जानें– जुन कि म पहिलेको जन्ममा देवताहरूसँग रहेको वा पहिलेको जन्ममा नरहेको ।

"भिक्षुहो ! जबसम्म मैले यी आठ प्रकारले देवताहरू सम्बन्धी स्पष्ट रूपले ज्ञान-दर्शन गर्न सकेको थिइन, तबसम्म मैले देव-मारसहित लोकका श्रमण-ब्राह्मण, देव-मनुष्य तथा प्रजाजनको अगाडि अतिउत्तम सम्यक ज्ञानलाई प्राप्त गरें भनी दावा गरिन । भिक्षुहो ! जब मैले यी आठप्रकारले देवताहरू सम्बन्धी स्पष्टरूपले ज्ञान-दर्शन गर्न सकें, तब मैले देव-मारसहित लोकका श्रमण-ब्राह्मण, देव-मनुष्य तथा प्रजाजनको अगाडि अतिउत्तम सम्यक ज्ञानलाई प्राप्त गरें भनी दावा गरें । मैले ज्ञान-दर्शनोत्पत्ति गरें । मेरो चित्त-विमुक्तिमा स्थिर भयो । यो मेरो अन्तिम जन्म हो, अब पुनः मेरो जन्म हुनें छैन ।"



Downloaded from http://dhamma.digital

## ५. अभिभायतनसुत्तं

६५. " भिक्षुहो ! यी आठप्रकारका अभिभायतन (इन्द्रिय विजेता) छन् । ती आठ के-के हुन् ? एक योगीले आफूभित्र रूपसंज्ञी भई बाहिरी सीमित सुवर्ण, दुर्वर्ण रूपको निमित्तलाई (ध्यान विषय) लिई हेर्छ । 'मैले त्यसलाई अभिभूत गरी जानें, देखें,' भन्ने संज्ञा हुन्छ । यो पहिलो अभिभायतन हो ।

"एक योगीले आफूभित्र रूपसंज्ञी भई बाहिरी अप्रमाण सुवर्ण-दुर्वर्णरूपको निमित्तलाई (ध्यान विषय) लिई हेर्छ । 'मैले त्यसलाई अभिभूत गरी जानें, देखें,' भन्नै संज्ञा हुन्छ । यो दोस्रो अभिभायतन हो ।

"एक योगीले आफूभित्र अरूपसंज्ञी भई बाहिरी सीमित सुवर्ण-दुर्वर्णरूपको निमित्तलाई (ध्यान विषय) लिई हेर्ने गर्छ । 'मैले त्यसलाई अभिभूत गरी जानें, देखें,' भन्ने संज्ञा हुन्छ । यो तेस्रो अभिभायतन हो ।

"एक योगीले आफूभित्र अरूपसंज्ञी भई बाहिरी अप्रमाण सुवर्ण-दुर्वर्णरूपको निमित्तलाई (ध्यान विषय) लिई हेर्छ । मैले 'त्यसलाई अभिभूत गरी जानें, देखें' भन्ने संज्ञा हुन्छ । यो चौथो अभिभायतन हो ।

"एक योगीले आफूभित्र अरूपसंज्ञी भई बाहिरी नीलो, नीलवर्ण, नीलरङ्ग र नीलरूपलाई हेर्छ । मैले 'त्यसलाई अभिभूत गरी जानें, देखें,' भन्ने संज्ञा हुन्छ । यो पाँचौ अभिभायतन हो ।

"एक योगीले आफूभित्र अरूपसंज्ञी भई बाहिरी पीत, पीतवर्ण, पीत रङ्ग र पीत रूपलाई हेर्छ । मैले 'त्यसलाई अभिभूत गरी जाने, देखें,' भन्ने संज्ञा हुन्छ । यो छैटौं अभिभायतन हो ।

"एक योगीले आफूभित्र अरूपसंज्ञी भई बाहिरी रातो, रातोवर्ण, रातो रङ्ग र रातो रूपलाई हेर्छ । मैले 'त्यसलाई अभिभूत गरी जाने, देखें,' भन्ने संज्ञा हुन्छ । यो सातौं अभिभायतन हो ।

"एक योगीले आफूभित्र अरूपसंज्ञी भई बाहिरी सेतो, सेतोवर्ण, सेतो रङ्ग र सेतो रूपलाई हेर्छ । मैले 'त्यसलाई अभिभूत गरी जाने, देखें,' भन्ने संज्ञा हुन्छ ।



Downloaded from http://dhamma.digital

यो आठौं अभिभायतन हो । भिक्षुहो ! यी नै आठ प्रकारका अभिभायतन (इन्द्रिय विजेता) हुन् ।

## ६. विमोक्खसुत्तं

६६ "भिक्षुहो ! यी आठप्रकारका विमोक्ष हुन् । ती आठ के-के हुन् ? रूपवानले रूपलाई हेर्छ । यो पहिलो विमोक्ष हो ।

"आफूभित्र अरूपसंज्ञी भई बाहिरी रूपलाई हेर्छ । यो दोस्रो विमोक्ष हो ।

"मैत्री भावनादि शुभभावना गरी विमोक्ष लाभी हुन्छ । यो तश्रो विमोक्ष हो ।

"समस्त रूपसंज्ञालाई समतिक्रम (सीमा पार) गरी 'पतिघसञ्ञा' विनष्ट गरी नानात्वसंज्ञालाई मनमा नलिई 'आकाश अनन्त छ' भनी 'आकासानञ्चायतन' प्राप्त गरी विचरण गर्छ । यो चौथो विमोक्ष हो ।

"समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी' विज्ञान अनन्त छ' भनी 'विञ्ञानञ्चायतन' प्राप्त गरी विचरण गर्छ । यो पाँचौं विमोक्ष हो ।

"समस्त 'विञ्ञानञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' प्राप्त गरी विचरण गर्छ । यो छैटौ विमोक्ष हो ।

"समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' प्राप्त गरी विचरण गर्छ । यो सातौं विमोक्ष हो ।

"समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयित' निरोध प्राप्त गरी विचरण गर्छ । यो आठौं विमोक्ष हो । भिक्षुहो ! यी नै आठ विमोक्ष हुन् ।"

## ७. अनरियवोहारसुत्तं

६७. "भिक्षुहो ! यी आठ प्रकारका अनार्य व्यवहार हुन् । ती आठ के-के हुन् ? नदेखेकोलाई देखें भन्ने, नसुनेकोलाई सुनें भन्ने, (पञ्च इन्द्रियद्वारा) अनुभूति



Downloaded from http://dhamma.digital

नभएकोलाई अनुभूति गरें भन्ने, नजानेकोलाई जानें भन्ने, देखेकोलाई देखिन भन्ने, सुनेकोलाई सुनिन भन्ने, अनुभूति भएकोलाई अनुभूति भएन भन्ने अनि जानेकोलाई जानेको छैन भन्ने । भिक्षुहो ! यी नै आठ प्रकारका अनार्य व्यवहार हुन् ।"

## ८. अरियवोहारसुत्तं

६८. "भिक्षुहो ! यी आठ प्रकारका आर्य व्यवहार हुन् । ती आठ के-के हुन् ? नदेखेकोलाई देखिन भन्ने, नसुनेकोलाई सुनिन भन्ने, (पञ्च इन्द्रियद्वारा) अनुभूति नभए अनुभूति भएन भन्ने, नजानेकोलाई जानिन भन्ने, देखेकोलाई देखें भन्ने, सुनेकोलाई सुनें भन्ने, अनुभूति भए अनुभूति भयों भन्ने अनि जानेकोलाई जानें भन्ने । भिक्षुहो ! यी नै आठ प्रकारका आर्य व्यवहार हुन् ।"

## ९. परिसासुत्तं

६९. "भिक्षुहो ! यी आठ प्रकारका परिषद छन् । ती आठ के-के हुन् ? क्षत्रिय परिषद, ब्राह्मण परिषद, गृहपति परिषद, श्रमण परिषद, चातुमहाराजिक परिषद, तावतिंस परिषद, मार परिषद र ब्रह्मा परिषद । भिक्षुहो ! सैकडौं क्षत्रिय परिषदमा गएको मलाई थाहा छ । त्यहाँ म बसेको छु, कुराकानी गरेको छु अनि छलफल गरेको छु । त्यहाँ तिनीहरूको जस्तो वर्ण हुन्थ्यो त्यस्तै नै मेरो वर्ण हुन्थ्यो अनि त्यहाँ तिनीहरूको जस्तो स्वर हुन्थ्यो त्यस्तै नै मेरो स्वर हुन्थ्यो । मैले तिनीहरूलाई धार्मिक प्रवचनद्वारा मार्ग दर्शाउँथें, प्रेरित गर्थें, उत्साहित पार्थें अनि प्रमुदित पार्थें । मैले बोल्दा तिनीहरूलाई थाहा हुँदैन– मनुष्य हो कि, देवता हो, बोलिरहने को ? मैले तिनीहरूलाई धार्मिक प्रवचनद्वारा मार्ग दर्शाइ, प्रेरित गरी, उत्साहित गरी अनि प्रमुदित गरी अन्तर्धान हुन्थें । म अन्तर्धान हुँदा तिनीहरूलाई थाहा हुँदैन– मनुष्य हो कि, देवता हो, अन्तर्धान भएर जाने को हुन् ?"

"भिक्षुहो ! सैकडौं ब्राह्मण परिषदमा... गृहपति परिषद..... श्रमण परिषद.....चातुमहाराजिक परिषद... तावतिंस परिषद..... मार परिषद र ब्रह्माको परिषदमा गएको मलाई थाहा छ । त्यहाँ पनि म बसेको छु, कुराकानी गरेको छु अनि छलफल गरेको छु । त्यहाँ तिनीहरूको जस्तो वर्ण हुन्थ्यो त्यस्तै नै मेरो वर्ण हुन्थ्यो, त्यहाँ तिनीहरूको जस्तो स्वर हुन्थ्यो त्यस्तै नै मेरो स्वर हुन्स्थ्यो । मैले तिनीहरूलाई धार्मिक प्रवचनद्वारा मार्ग दर्शाउँथें, प्रेरित गर्थें, उत्साहित पार्थें अनि प्रमुदित पार्थें । मैले बोल्दा तीनिहरूले थाहा पाउँदैनथ्यो– 'मनुष्य हो कि, देवता

Downloaded from http://dhamma.digital

हो, बोलिरहने को ?' मैले तीनिहरूलाई धार्मिक प्रवचनद्वारा मार्ग दर्शाई, प्रेरित गरी, उत्साहित गरी अनि प्रमुदित गरी अन्तर्धान हुन्थें । म अन्तर्धान भएर जाँदा तिनीहरूलाई थाहा हुँदैन– 'मनुष्य हो कि, देवता हो, अन्तर्धान भएर जाने को हुन् ?' भिक्षुहो ! यी नै आठ प्रकारका परिषद हुन् ।"

## १०. भूमिचालसुत्तं

७०. एक समय भगवान वेसालीस्थीत महावनको कुटागारसालामा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले पूर्वाण्ह समयमा चीवर पहिरिनुका साथै पात्र-चीवर लिनुभई वेसालीमा भिक्षाटनको निम्ति प्रवेश हुनुभयो । वेसालीमा भिक्षाटन गरी फर्किनु भई भोजन पश्चात् आयुष्मान आनन्दलाई बोलाउनुभयो-

"आनन्द ! बिछ्याउनलाई चकटी लिनु, जहाँ चापाल चैत्य हो, त्यहाँ दिवा विहार गर्न ।" "हवस्, भन्ते !" भनी आयुष्मान आनन्दले भगवानलाई प्रत्युत्तर दिई बस्नलाई चकटी लिनुभई भगवानको पछिपछि लाग्नुभयो ।

अनि भगवान जहाँ चापाल चैत्य हो, त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई बिछ्याइएको आसनमा बस्नुभयो । बस्नु भएपछि आयुष्मान आनन्दलाई बोलाउनुभयो– "आनन्द ! वेसाली रमणीय छ, उदेन चैत्य रमणीय छ, गोतमक चैत्य रमणीय छ, सत्तम्ब चैत्य रमणीय छ, बहुपुत्तक चैत्य रमणीय छ, सारन्दद चैत्य रमणीय छ अनि चापाल चैत्य रमणीय छ । आनन्द ! चारै प्रकारका ऋद्धिपादलाई विकसित गरिसकेको, वृद्धि गरिसकेको, अभ्यास गरिसकेको, अधिकृत गरिसकेको, अनुस्थित गरिसकेको, ज्ञात गरिसकेको अनि राम्रोसँग आरम्भ गरिसकेकोले इच्छा गरेमा कल्पसम्म या कल्पको अन्तसम्म जीवितरहन सक्छ । आनन्द ! तथागतले चारै प्रकारका ऋद्धिपाद विकसित गरिसकेको छ, वृद्धि गरिसकेको छ, अभ्यास गरिसकेको छ, अधिकृत गरिसकेको छ, अनुस्थित गरिसकेको छ, ज्ञात गरिसकेको छ अनि राम्रोसँग आरम्भ गरिसकेको छ । आनन्द ! तथागतले चाहेको खण्डमा कल्पसम्म या कल्पको अन्तसम्म जीवितरहन सक्छ ।" भगवानबाट यसरी स्पष्ट सङ्केत हुँदा पनि, स्पष्ट गरी भन्नु हुँदा पनि आयुष्मान आनन्दले बुझ्न सक्नुभएन । वहाँले भगवानसँग प्रार्थना गर्न सक्नुभएन– "भन्ते ! भगवान कल्पसम्म जीवित रहनुहोस्, सुगत ! बहुजन हित, बहुजन सुख, लोक-प्रति अनुकम्पा राखी तथा देव-मनुष्यको निम्ति कल्याण र सुखको निम्ति जीवित रहनुहोस् ।" मारले चित्तलाई आवरण गरिदिए झैं भएको थियो ।



Downloaded from http://dhamma.digital

दोस्रो पटक पनि भगवान... तेस्रो पटक पनि आयुष्मान आनन्दलाई बोलाउनुभयो– "आनन्द ! वेसाली रमणीय छ, उदेन चैत्य रमणीय छ, गोतमक चैत्य रमणीय छ, सत्तम्ब चैत्य रमणीय छ, बहुपुत्तक चैत्य रमणीय छ, सारन्दद चैत्य रमणीय छ अनि चापाल चैत्य रमणीय छ । आनन्द ! चारै ऋद्धिपादलाई विकसित गरिसकेको, वृद्धि गरिसकेको, अभ्यास गरिसकेको, अधिकृत गरिसकेको, अनुस्थित गरिसकेको, ज्ञात गरिसकेको अनि राम्रोसँग आरम्भ गरिसकेकोले इच्छा गरेमा कल्पसम्म या कल्पको अन्तसम्म जीवितरहन सक्छ । आनन्द ! तथागतले चारै ऋद्धिपादलाई विकसित गरिसकेको छ, वृद्धि गरिसकेको छ, अभ्यास गरिसकेको छ, अधिकृत गरिसकेको छ, अनुस्थित गरिसकेको छ, ज्ञात गरिसकेको छ अनि राम्रोसँग आरम्भ गरिसकेको छ । आनन्द ! तथागतले चाहेमा कल्पसम्म या कल्पको अन्तसम्म जीवितरहन सक्छ ।" भगवानबाट यसरी स्पष्ट सङ्केत हुँदा पनि, स्पष्ट गरी भन्नु हुँदा पनि आयुष्मान आनन्दले बुझ्न सक्नुभएन । वहाँले भगवानसँग प्रार्थना गर्न सक्नुभएन– "भन्ते ! भगवान कल्पसम्म जीवित रहनुहोस्, सुगत ! बहुजन हित, बहुजन सुख, लोकप्रति अनुकम्पा राखी तथा देवमनुष्यको कल्याण र सुखको निम्ति जीवित रहनुहोस् ।" मारले चित्तलाई आवरण गरिदिए झैं भएको थियो ।

यसपछि भगवानले आयुष्मान आनन्दलाई बोलाउनुभयो– "आनन्द ! तिमी जाऊ, यसबेला जे (उचित) ठान्छौ (त्यो काम) गर ।" हवस्, भन्ते ! भनी आयुष्मान आनन्दले भगवानलाई प्रत्युत्तर दिनुभई आसनबाट उठेर अभिवादन र प्रदक्षिणा गरी भगवानको नजिकैरहेको वृक्षमुनि बस्नुभयो । अनि आयुष्मान आनन्द जानुभएको केही क्षणपछि पापी मार भगवानकहाँ आई यसरी भने– "भन्ते ! भगवान अब परिनिर्वाण हुनुहोस् । सुगत ! परिनिर्वाण हुनुहोस् । भन्ते ! यो भगवानको परिनिर्वाण हुने समय हो । भन्ते ! भगवानले यसरी भन्नु भएको थियो– 'पापी ! जबसम्म मेरा भिक्षुहरू तथा श्रावकहरू सुयोग्य, विनीत, विशारद, योगक्षम (निर्वाण) प्राप्त, बहुश्रुत, धर्मधर, सम्यक प्रकारले विचरण गर्ने तथा धर्मानुसार आचरण गर्ने, आफ्नो आचार्यबाट शिक्षा लिई भन्न सक्ने, देशना गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, व्याख्या गर्न सक्ने, विभक्त गर्न सक्ने, उल्टोलाई सीधा गर्न सक्ने, अन्य मतकालाई धर्मानुसार खण्डन गर्न सक्ने र प्रातिहार्यसहित धर्मदेशना गर्न सक्ने नहोउञ्जेलसम्म म परिनिर्वाण हुनेछैन ।

"भन्ते ! भगवान परिनिर्वाण हुनुहोस् । सुगत ! परिनिर्वाण हुनुहोस् । भन्ते ! भगवानको यो परिनिर्वाण हुने समय हो । भन्ते ! भगवानले यसरी भन्नु भएको थियो– 'पापी ! जबसम्म मेरा भिक्षुणीहरू तथा श्राविकाहरू..... उपासकहरू,



Downloaded from http://dhamma.digital

श्रावकहरू.... उपासिकाहरू, श्राविकाहरू सुयोग्य, विनीत, विशारद, योगक्षम (निर्वाण) प्राप्त, बहुश्रुत, धर्मधर, सम्यकप्रकारले विचरण गर्ने तथा धर्मानुसार आचरण गर्ने, आफ्नो आचार्यबाट शिक्षा लिई भन्न सक्ने, देशना गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, व्याख्या गर्न सक्ने, विभक्त गर्न सक्ने, उल्टोलाई सीधा गर्न सक्ने, अन्य मतकालाई धर्मानुसार खण्डन गर्न सक्ने र प्रातिहार्यसहित धर्मदेशना गर्न सक्ने नहोउञ्जेलसम्म म परिनिर्वाण हुनेछैन ।

"भन्ते ! भगवान परिनिर्वाण हुनुहोस् । सुगत ! परिनिर्वाण हुनुहोस् । भन्ते ! भगवानको यो परिनिर्वाण हुने समय हो । भन्ते ! भगवानले यसरी भन्नु-भएको थियो– 'पापी ! जबसम्म मेरो यो ब्रह्मचर्य (बुद्ध शासन) समृद्ध, ऐश्वर्यशाली, विस्तृत र बहुजन समक्ष सर्वत्र फैलिंदैन तथा देव-मनुष्यमा सुप्रका-शित नहोउञ्जेलसम्म म परिनिर्वाण हुनेछैन । भन्ते ! भगवानको यो ब्रह्मचर्य (बुद्ध शासन) अहिले समृद्ध, ऐश्वर्यशाली, विस्तृत र बहुजन समक्ष फैलिसकेको छ तथा देव-मनुष्यहरूमा सुप्रकाशित भइसकेको छ ।

"भन्ते ! भगवान परिनिर्वाण हुनुहोस् । सुगत ! परिनिर्वाण हुनुहोस् । भन्ते ! भगवानको यो परिनिर्वाण हुने समय हो ।" "पापी मार ! तिमी निर्धक्क हुनु । चाँडै नै तथागत परिनिर्वाण हुनेछ । आजको दिनले तीन महिनामा तथागतको परिनिर्वाण हुनेछ ।"

अनि भगवान चापाल चैत्यमा विहार गर्नुहुँदा स्मृतिपूर्वक सम्प्रजन्यताकासाथ आयुसंस्कारलाई शिथिल पार्नुभयो । आयुसंस्कार शिथिल पार्नु भएपछि भयानक लोमहर्षक महाभूकम्प भयो । देवताहरूको ढोल बज्यो । भगवानले यस कुराको ज्ञात हुँदा त्यसबेला यो उदान प्रकट गर्नुभयो–

**"तुलमतुलञ्च सम्भवं, भवसङ्खारमवस्सजि मुनि ।**
**अज्झत्तरतो समाहितो, अभिन्दि कवचमिवत्तसम्भव"न्ति ।**

"मुनिले (बुद्ध) समान तथा असमान पुनरुत्पत्ति कर्म स्वरूप भव-संस्कारलाई त्याग्नुभयो । आफू भित्र रतरहेको समाहित चित्त (बुद्ध) ले जन्मरूपी कवच तोडि दियो ।"

अनि आयुष्मान आनन्दको मनमा यस्तो लाग्यो– "भयानक, लोमहर्षक महाभूकम्प भयो, अति ठूलो भूकम्प भयो अनि देवताहरूको ढोल पनि बज्यो । के



Downloaded from http://dhamma.digital

कारणले वा किन यसरी महाभूकम्प भएको होला ?"

अनि आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! भयानक, लोमहर्षक महाभूकम्प भयो, अति ठूलो भूकम्प भयो अनि देवताहरूको ढोल पनि बज्यो । के कारणले वा किन यसरी महाभूकम्प भएको ?"

"आनन्द ! महाभूकम्प हुनुको आठ कारण वा हेतु छन् । ती आठ के-के हुन् ? आनन्द ! यो पृथ्वी पानीमा स्थित छ, पानी हावामा स्थित छ, हावा आकाशमा स्थित छ । आनन्द ! यस्तो समय हुन्छ कि, जब महावायु चल्छ, महावायु चल्दा पानी हलचल हुन्छ, पानी हलचल हुँदा भूकम्प हुन्छ । आनन्द ! भूकम्प हुनुको यो पहिलो कारण वा विषय हो ।

"अनि फेरि, आनन्द ! श्रमण वा ब्राह्मण ऋद्धि प्राप्ती, चित्त विजयी अथवा महाऋद्धिवान, महाप्रतापी देवता हुन्छ । उसले सीमित पृथ्वी-संज्ञाको भावना गर्छ, जल-संज्ञाको भने असीम । यसले गर्दा यो पृथ्वी कम्पायमान हुन्छ, हल्लिन्छ, थरथराउँछ तथा डोलिन्छ । आनन्द ! भूकम्प हुनुको यो दोस्रो कारण वा विषय हो ।

"अनि फेरि, आनन्द ! बोधिसत्वले स्मृतिपूर्वक सम्प्रजन्यताकासाथ शरीरलाई त्यागी माताको गर्भमा प्रवेश गर्छ । तब यो पृथ्वी कम्पायमान हुन्छ, हल्लिन्छ, थरथराउँछ वा डोलिन्छ । आनन्द ! भूकम्प हुनुको यो तेस्रो कारण वा विषय हो ।

"अनि फेरि, आनन्द ! स्मृतिपूर्वक सम्प्रजन्यताकासाथ माताको गर्भबाट बोधिसत्व बाहिर निस्किन्छ । तब यो पृथ्वी कम्पायमान हुन्छ, हल्लिन्छ, थरथराउँछ वा डोलिन्छ । आनन्द ! भूकम्प हुनुको यो चौथो कारण वा विषय हो ।

"अनि फेरि, आनन्द ! जब तथागतले अनुपम सम्यकसम्बोधि प्राप्त गर्छ, यो पृथ्वी कम्पायमान हुन्छ, हल्लिन्छ, थरथराउँछ वा डोलिन्छ । आनन्द ! भूकम्प हुनुको यो पाँचौ कारण वा विषय हो ।



Downloaded from http://dhamma.digital

"अनि फेरि, आनन्द ! जब तथागतले अनुपम धर्म-चक्रलाई प्रवर्तन गर्छ। तब यो पृथ्वी कम्पायमान हुन्छ, हल्लिन्छ, थरथराउँछ वा डोलिन्छ। आनन्द ! भूकम्प हुनुको यो छैटौं कारण वा विषय हो।

"अनि फेरि, आनन्द ! जब तथागतले स्मृतिपूर्वक सम्प्रजन्यताकासाथ आयुसंस्कारलाई त्याग्छ। तब यो पृथ्वी कम्पायमान हुन्छ, हल्लिन्छ, थरथराउँछ वा डोलिन्छ। आनन्द ! भूकम्प हुनुको यो सातौं कारण वा विषय हो।

"अनि फेरि, आनन्द ! जब तथागत अनुपादिशेष निर्वाण धातुमा परिनिर्वाण हुन्छ। तब यो पृथ्वी कम्पायमान हुन्छ, हल्लिन्छ, थरथराउँछ वा डोलिन्छ। आनन्द ! भूकम्प हुनुको यो आठौं कारण वा हेतु हो। आनन्द ! महाभूकम्प हुनुको यी नै आठ कारण वा विषय हुन्।"

Downloaded from http://dhamma.digital

## (८) ३. यमकवग्गो

### १. पठमसद्धासुत्तं

७१. "भिक्षुहो ! भिक्षु श्रद्धावान हुन्छ तर शीलवान हुँदैन भने ऊ अङ्गमा परिपूर्ण हुँदैन । उसले त्यस कमीलाई परिपूर्ण गर्नुपर्छ– 'म श्रद्धावान र शीलवान हुन्छु ।" भिक्षुहो ! जब भिक्षु श्रद्धावान र शीलवान हुन्छ । तब ऊ अङ्गमा परिपूर्ण हुन्छ ।

"भिक्षुहो ! भिक्षु श्रद्धावान र शीलवान हुन्छ तर बहुश्रुत हुँदैन । यसरी ऊ त्यस अङ्गमा अपरिपूर्ण हुन्छ । उसले त्यस कमीलाई परिपूर्ण गर्छ–'म श्रद्धावान हुन्छु, शीलवान हुन्छु अनि बहुश्रुत पनि हुन्छु ।" भिक्षुहो ! जब भिक्षु श्रद्धावान, शीलवान अनि बहुश्रुत हुन्छ तब ऊ अङ्गमा परिपूर्ण हुन्छ ।

"भिक्षुहो ! भिक्षु श्रद्धावान, शीलवान र बहुश्रुत हुन्छ तर धर्मकथिक हुँदैन..... धर्मकथिक हुन्छ तर परिषदमा विचरण गर्दैन..... परिषदमा विचरण गर्छ तर विसारद भई परिषदमा धर्मदेशना गर्दैन..... विसारद भई परिषदमा धर्मदेशना गर्छ । तर यसै जीवनमा सुखद चारै चैतसिक ध्यानलाई बिना कठिनाइले प्राप्त गर्दैन, सहजरूपले प्राप्त गर्दैन तथा बिना प्रयास नै प्राप्त गर्दैन.... यसै जन्ममा सुखद चारै चैतसिक ध्यानलाई बिना कठिनाइले प्राप्त गर्छ, सहजरूपले प्राप्त गर्छ तथा बिना प्रयास नै प्राप्त गर्छ । आश्रवलाई क्षय गरी अनाश्रवी भई यसै जीवनमा स्वयम्ले अभिज्ञात गरी, साक्षात्कार गरी तथा प्राप्त गरी विचरण गर्दैन । यसरी ऊ अङ्गमा अपरिपूर्ण हुन्छ । उसले त्यस कमीलाई परिपूर्ण गर्छ– 'म श्रद्धावान हुन्छु, शीलवान हुन्छु, बहुश्रुत हुन्छु, धर्मकथिक हुन्छु, परिषदमा विचरण गर्छु अनि विसारद भई परिषदमा धर्मदेशना गर्छु । यसै जन्ममा सुखद चारै चैतसिक ध्यानलाई बिना कठिनाइले प्राप्त गर्छु, सहजरूपले प्राप्त गर्छु तथा बिना प्रयास नै प्राप्त गर्छु, आश्रव क्षय गरी अनाश्रवी भई यसै जीवनमा स्वयम्ले अभिज्ञात गरी, साक्षात्कार गरी तथा प्राप्त गरी विचरण गर्छु ।' "

"भिक्षुहो ! भिक्षु जब श्रद्धावान हुन्छ, शीलवान हुन्छ, बहुश्रुत हुन्छ, धर्मकथिक हुन्छ, परिषदमा विचरण गर्छ, विसारद भई परिषदलाई धर्मदेशना गर्छ यसै जन्ममा सुखद चारै चैतसिक ध्यानलाई बिना कठिनाइले प्राप्त गर्छ, सहजरूपले प्राप्त गर्छ तथा बिना प्रयास नै प्राप्त गर्छ । आश्रवलाई क्षय गरी अनाश्रवी भई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार तथा प्राप्त गरी



Downloaded from http://dhamma.digital

विचरण गर्छ । यसरी ऊ अङ्गमा परिपूर्ण हुन्छ । भिक्षुहो ! यी नै आठ धर्ममा सम्पन्न भिक्षु सबैका प्रिय हुन्छ अनि सर्वाकारमा नै परिपूर्ण हुन्छ ।"

## २. दुतियसद्धासुत्तं

७२. "भिक्षुहो ! भिक्षु श्रद्धावान हुन्छ तर शीलवान हुँदैन भने ऊ अङ्गमा परिपूर्ण हुँदैन । उसले त्यस कमीलाई परिपूर्ण गर्छ– 'म श्रद्धावान र शीलवान हुन्छु ।" भिक्षुहो ! जब भिक्षु श्रद्धावान र शीवान हुन्छ । तब ऊ अङ्गमा परिपूर्ण हुन्छ ।

"भिक्षुहो ! भिक्षु श्रद्धावान, शीलवान हुन्छ तर बहुश्रुत हुँदैन..... बहुश्रुत हुन्छ तर धर्मकथिक हुँदैन... धर्मकथिक हुन्छ तर परिषदमा विचरण गर्दैन..... परिषदमा विचरण गर्छ तर विसारद भई परिषदमा धर्मदेशना गर्दैन.....विसारद भई परिषदलाई धर्मदेशना गर्छ । तर जसले शान्त विमोक्ष रूपलाई अतिक्रम गरी अरूपलाई कायले स्पर्श गरी बस्दैन..... जुन त्यो शान्त विमोक्ष रूप हो त्यसलाई अतिक्रम गरी अरूपलाई कायले स्पर्श गरी बस्छ । तर आश्रवलाई क्षय गरी अनाश्रवी भई चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई स्वयम्ले अभिज्ञात गरी, साक्षात्कार गरी बस्दैन । यसरी ऊ त्यस अङ्गमा परिपूर्ण हुँदैन । उसले त्यस कमीलाई परिपूर्ण गर्छ– 'म श्रद्धावान हुन्छु, शीलवान हुन्छु, बहुश्रुत हुन्छु, धर्म कथिक हुन्छ, परिषदमा विचरण गर्छु अनि विसारद भई परिषदलाई धर्म देशना गर्छु । जुन त्यो शान्त विमोक्ष रूप हो त्यसलाई अतिक्रम गरी अरूपलाई कायले स्पर्श गरी बस्छु । आश्रव क्षय गरी अनाश्रवी भई, चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई स्वयम्ले अभिज्ञात गरी, साक्षात्कार गरी तथा प्राप्त गरी विचरण गर्छु ।' "

"भिक्षुहो ! जब भिक्षु श्रद्धावान, शीलवान, बहुश्रुत, धर्मकथिक, परिषदमा विचरण गर्छ अनि विसारद भई परिषदलाई धर्म देशना गर्छ । जुन त्यो शान्त विमोक्ष रूप हो त्यसलाई अतिक्रम गरी अरूपलाई कायले स्पर्श गरी बस्छ । आश्रव क्षय गरी..... साक्षात्कार गरी तथा प्राप्त गरी विचरण गर्छ । यसरी ऊ त्यस अङ्गमा परिपूर्ण हुन्छ । भिक्षुहो ! यी नै आठ धर्ममा सम्पन्न भिक्षु सबैका प्रिय हुन्छ अनि सर्वाकारमा नै परिपूर्ण हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ३. पठममरणस्सतिसुत्तं

७३. एकसमय भगवान नातिकास्थित गिञ्जकामा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भद्दन्त !" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवानले यसरी भन्नुभयो– "भिक्षुहो !" मरणानुस्मृतिको भावना गर्दा, वृद्धि गर्दा महाफल तथा महाशुभपरिणामी हुन्छ, अमृत (निर्वाण) लाभी हुन्छ तथा अमृत लाभी हुन्छ । भिक्षुहो ! के तिमीहरू मरणानुस्मृतिको भावना गर्छौ ?"

यसरी सोध्नु हुँदा कोही एकजना भिक्षुले भगवानलाई यसरी भन्यो– "भन्ते ! मैले मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! मरणानुस्मृतिको भावना तिमीले कसरी गर्छौ ?" "भन्ते ! यहाँ मैले यसरी सोच्छु– 'अहो ! यदि म एक रात र दिन मात्र बाँचे भगवानको अनुशासनलाई म भित्री मनले पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भन्ते ! यसरी मैले मरणानुस्मृतिको भावनामा गर्छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसरी भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गर्छौ ?" "भन्ते ! यहाँ मैले यसरी सोच्छु– 'अहो ! यदि म यहाँ एक दिन मात्र बाँचे भगवानको अनुशासनलाई म भित्री मनले पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भन्ते ! यसरी मरणानुस्मृतिको भावना गर्छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसरी भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गर्छौ ?" "भन्ते ! मैले यसरी सोच्छु– 'अहो ! यदि म यहाँ आधा दिन मात्र बाँचे भगवानको अनुशासनलाई म भित्री मनले पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भन्ते ! यसरी मरणानुस्मृतिको भावना गर्छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसरी भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! मरणानुस्मृतिको भावना तिमीले कसरी गर्छौ ?" "भन्ते ! मैले यसरी सोच्छु– 'अहो ! मैले यहाँ जुन भोजन गर्ने समय हो, त्यस समयावधिसम्म यदी बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भन्ते ! यसरी मरणानस्मृतिको भावना गर्छु ।"



Downloaded from http://dhamma.digital

अर्को एकजना भिक्षुले भगवानलाई यसरी भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! मरणानुस्मृतिको भावना तिमीले कसरी गर्छौ ?" "भन्ते ! मैले यसरी सोच्छु– 'अहो ! मैले यहाँ जुन आधा भोजन गर्ने समय हो, त्यस समयावधिसम्म यदी बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भन्ते ! यसरी मरणानस्मृतिको भावना गर्छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसरी भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! मैले यसरी सोच्छु– 'अहो ! यहाँ मैले जुन चार पाँच गाँस भोजन गर्ने समय हो, त्यस समयावधिसम्म यदि बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भन्ते ! यसरी मरणानस्मृतिको भावना गर्छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसरी भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गर्छौ ?" "भन्ते ! मैले यसरी सोच्छु– 'अहो ! यहाँ मैले जुन एक गाँस भोजन गर्ने समय हो, त्यस समयावधिसम्म यदि बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भन्ते ! यसरी मरणानुस्मृतिको भावना गर्छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसरी भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ कि– 'अहो ! यहाँ मैले जुन साँस लिने र छोड्ने समय हो, त्यस समयावधिसम्म यदि बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भन्ते ! यसरी मरणानुस्मृतिको भावना गर्छु ।"

यसरी भनेपछि, भगवानले ती भिक्षुहरूलाई भन्नुभयो– "भिक्षुहो ! जो भिक्षुले 'अहो ! यदि म एक रात र एक दिन बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– 'अहो ! यदी म एक दिन बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– 'अहो ! यदी म आधा



Downloaded from http://dhamma.digital

दिन बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! मैले जुन भोजन गर्ने समय हो, त्यस समयावधिसम्म यदि बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! मैले जुन आधा भोजन गर्ने समय हो, त्यस समयावधिसम्म यदि बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ । भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! मैले जुन चार-पाँच गाँस भोजन गर्ने समय हो, त्यस समयावधिसम्म यदि बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भिक्षुहो ! यसैलाई भनिन्छ– भिक्षुहरू प्रमादी भई विचरण गर्ने अनि आश्रव क्षय गर्ने उग्रताकासाथ मरणानुस्मृतिमा लाग्न नसकेका ।' "

" भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! जुन एक गाँस भोजन गर्ने समय हो, त्यस समयावधिसम्म यदि बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! मैले जुन साँस लिने र साँस छोड्ने समय हो, त्यस समयावधिसम्म यदि बाँचेमा म भित्री मनले भगवानको अनुशासन पालन गर्छु । यसबाट मलाई धेरै उपकार हुन्छ ।' भिक्षुहो ! यसैलाई भनिन्छ– भिक्षुहरू अप्रमादी भइकन आश्रव क्षय गर्न तीक्ष्णताकासाथ मरणानुस्मृतिको भावना गर्ने । "त्यसैले भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– 'अप्रमादी भई बस्छु अनि आश्रव क्षय गर्न तीक्ष्णताकासाथ मरणानुस्मृतिको भावना गर्छु ।' भिक्षुहो ! तिमीहरूले यसरी नै शिक्षा लिनुपर्छ ।"

## ४. दुतियमरणस्सतिसुत्तं

७४. एक समय भगवान नातिकास्थित गिञ्जकामा बस्नुहुन्थ्यो । त्यस-समय भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– ...... भिक्षुहो ! मरणानु-स्मृतिको भावना गर्दा, वृद्धि गर्दा महाफल तथा महाशुभपरिणामी हुन्छ, अमृत (निर्वाण) लाभी हुन्छ तथा अमृत लाभको निम्ति हुन्छ ।

"भिक्षुहो ! कसरी मरणानुस्मृति भावना गर्दा, वृद्धि गर्दा महाफलदायी, महाशुभपरिणामी, अमृत लाभी तथा अमृत लाभको निम्ति हुन्छ ? "भिक्षुहो ! यहाँ भिक्षुले दिन बितेपछि, रातको शुरुवात हुँदा यसरी विचार गर्छ– 'मेरो मृत्युका



Downloaded from http://dhamma.digital

कारण धेरै छन् । मलाई साँपले डस्न सक्छ, मलाई विच्छीले डस्न सक्छ, मलाई शतपद भएकाले डस्न सक्छ, त्यसबाट मेरो मुत्यु हुनसक्छ । यो मेरो निम्ति (निर्वाण मार्गमा लाग्न) बाधक हो । म चिप्लेर लड्न सक्छ, भोजन गर्दा अपच हुनसक्छ, पित्त प्रकुपित हुनसक्छ, कफ प्रकुपित हुनसक्छ, मेरो शरीरमा रहेको वायु प्रकुपित भई छुराले काटे भैं हुनसक्छ, म माथि मनुष्यले पनि आक्रमण गर्नसक्छ अनि अमनुष्यले पनि आक्रमण गर्नसक्छ । त्यसबाट मेरो मृत्यु हुनसक्छ, यो मेरो निम्ति बाधक हो ।' त्यसैले, भिक्षुहो ! यसप्रकारले प्रत्यवेक्षण गर्नुपर्छ– 'मसँग पापरूपी अकुशल कर्म छ तथा विनष्ट भएको छैन । म रातमा मरें भने मेरो निम्ति यो बाधक हुन्छ ।' "

"भिक्षुहो ! यदि भिक्षुले प्रत्यवेक्षण गर्दा यसरी थाहा पाउँछ कि– 'मसँग पापरूपी अकुशल कर्म छ, विनष्ट भएको छैन, म रातमा मरें भने मेरो निम्ति यो बाधक हो ।' त्यसैले भिक्षुहो ! भिक्षुले त्यो अकुशल पाप कर्म छोड्न प्रबल इच्छा, प्रयत्न, उत्साह, उमङ्ग, जाँगर र स्मृतिपूर्वक सजगता अपनाउनु पर्छ ।

"जस्तै कि, भिक्षुहो ! (लगाएको) लुगामा वा शीरमा आगो लाग्दा आगो निभाउन प्रबल इच्छा, प्रयत्न, उत्साह, उमङ्ग, जाँगर तथा स्मृति र सजगता अपनाउनु पर्छ । यसरी नै, भिक्षुहो ! त्यो भिक्षुले पनि त्यस प्रकारका पाप अकुशल कर्मलाई छोड्नप्रबलइच्छा, प्रयत्न, उमङ्ग, जाँगर र स्मृतिपूर्वक सजगता अपनाउनु पर्छ ।

"भिक्षुहो ! यदि भिक्षुले प्रत्यवेक्षण गर्दा यसरी थाहा पाउँछ कि– 'मबाट पापरूपी अकुशल (पाप) कर्म भएको छैन तर नाश पनि भएको छैन । म रातमा मरें भनें मेरो निम्ति यो बाधक हो ।' त्यसैले, भिक्षुहो ! दिन-रात कुशल कर्मी भई, त्यसैमा प्रीतिद्वारा युक्त भई प्रमुदित हुनु पर्छ ।

"भिक्षुहो ! यहाँ भिक्षुले रात बितेपछि, बिहानीको सुरुवात हुँदा यस्तो विचार गर्नुपर्छ– 'मेरो मृत्युका कारण धेरै छन् । मलाई साँपले डस्न सक्छ, मलाई विच्छीले डस्न सक्छ, मलाई शतपद भएकाले डस्न सक्छ र त्यसबाट मेरो मुत्यु हुनसक्छ । यो मेरो निम्ति (निर्वाण मार्गको निम्ति) बाधक हो । म चिप्लेर लड्न सक्छ, भोजन गर्दा अपच हुनसक्छ, पित्त प्रकुपित हुनसक्छ, कफ प्रकुपित हुनसक्छ, मेरो शरीरमा रहेको वायु प्रकुपित भई छुराले काटे भैं हुनसक्छ, म माथि मनुष्यले पनि आक्रमण गर्न सक्छ, अमनुष्यले पनि आक्रमण गर्न सक्छ र त्यसबाट मेरो मृत्यु हुनसक्छ । मेरो निम्ति यो बाधक हो ।' त्यसैले, भिक्षुहो ! यसप्रकारले



Downloaded from http://dhamma.digital

प्रत्यवेक्षण गर्नुपर्छ– 'मसँग पापरूपी अकुशल कर्म छ तथा नाश भएको छैन । यदि म दिनमा मरें भने मेरो निम्ति यो बाधक हो ।' "

"भिक्षुहो ! यदि भिक्षुले प्रत्यवेक्षण गर्दा यसरी थाहा पाउँछ कि– 'मसँग पापरूपी अकुशल कर्म छ तथा विनष्ट भएको छैन, म दिनमा मरें भने मेरो निम्ति यो बाधक हो ।' त्यसैले भिक्षुहो ! भिक्षुले त्यो अकुशल पाप कर्म छोड्न प्रबल इच्छा, प्रयत्न, उत्साह, उमङ्ग, जाँगर र स्मृतिपूर्वक सजगता अपनाउनु पर्छ ।

"जस्तै कि, भिक्षुहो ! (लगाएको) लुगामा वा शीरमा आगो लाग्दा, आगो निभाउन प्रबल इच्छा, उत्साह, उमङ्ग, प्रयत्न, स्मृति र सजगता अपनाउनु पर्छ । यसरी नै भिक्षुहो ! त्यो भिक्षुले पनि त्यसप्रकारका पाप अकुशल कर्मलाई छोड्न प्रबल इच्छा, प्रयत्न, उत्साह, उमङ्ग, जाँगर र स्मृतिपूर्वक सजगता अपनाउनु पर्छ ।

"भिक्षुहो ! यदि भिक्षुले प्रत्यवेक्षण गर्दा यसरी थाहा पाउँछ कि– 'मबाट पापरूपी अकुशल कर्म भएको छैन तर विनष्ट पनि गर्न सकेको छैन । म दिनमा मरें भनें मेरो निम्ति यो बाधक हो ।' त्यसैले, भिक्षुहो ! दिन-रात कुशल कर्मी भई, त्यसैमा प्रीतिद्वारा युक्त भई प्रमुदित हुनु पर्छ । भिक्षुहो ! यसरी नै मरणानुस्मृतिको भावना गर्दा, वृद्धि गर्दा महाफल तथा महाशुभपरिणामी हुन्छ, अमृत लाभी हुन्छ तथा अमृत लाभको निम्ति हुन्छ ।"

## ५.पठमसम्पदासुत्तं

७५. "भिक्षुहो ! यी आठ प्रकारका सम्पत्ति हुन् । ती आठ के-के हुन् ? उत्थानसम्पत्ति, आरक्षासम्पत्ति, कल्याणमित्रता, समजीवन, श्रद्धासम्पत्ति, शील-सम्पत्ति, त्यागसम्पत्ति अनि प्रज्ञासम्पत्ति । भिक्षुहो ! यी नै आठ प्रकारका सम्पत्ति हुन् ।"

"उट्ठाता कम्मधेय्येसु, अप्पमत्तो विधानवा ।
समं कप्पेति जीविकं, सम्भतं अनुरक्खति ॥

"सद्धो सीलेन सम्पन्नो, वदञ्ञू वीतमच्छरो ।
निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं ॥

"इच्चेते अट्ठ धम्मा च, सद्धस्स घरमेसिनो ।



Downloaded from http://dhamma.digital

अक्खाता सच्चनामेन, उभयत्थ सुखावहा ॥

"दिट्ठधम्महितत्थाय, सम्परायसुखय च ।
एवमेतं गहट्ठनं, चागो पुञ्ञं पवड्ढती" ॥

४.(दीघजाणु सुत्तमा यसको अर्थ छ ।)

## ६. दुतियसम्पदासुत्तं

७६. "भिक्षुहो ! यी आठ प्रकारका सम्पत्ति हुन् । ती आठ के-के हुन् ? उत्थानसम्पत्ति, आरक्षासम्पत्ति, कल्याणमित्र, समजीवी, श्रद्धासम्पत्ति, शीलसम्पत्ति, त्यागसम्पत्ति अनि प्रज्ञासम्पत्ति । भिक्षुहो ! यहाँ कुलपुत्रले जुन काम गरी जीवनयापन गरेको हुन्छ– चाहे त्यो कृषि होस्, चाहे व्यापार होस्, चाहे गो-पालनद्वारा होस्, चाहे धनुर्विद्याद्वारा होस्, चाहे सरकारी काम होस् अथवा अन्य कुनै शिल्पद्वारा होस् त्यसमा दक्ष हुन्छ, आलस्यरहित हुन्छ, उपायकुशल हुन्छ, यसरी गर्नुपर्छ अथवा यसरी व्यवस्था गर्नुपर्छ भनी विचार पुऱ्याई काम गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– उत्थानसम्पत्ति ।

"भिक्षुहो ! आरक्षासम्पत्ति भनेको के हो ? भिक्षुहो ! यहाँ कुलपुत्रले उत्थान वीर्यद्वारा उपलब्ध गरेको, बाहुबल लगाई उपलब्ध भएको, पसीना बगाएर उपलब्ध भएको अथवा धर्मानुसार ऐश्वर्य प्राप्त गरेको हुन्छ । त्यसलाई सावधानी पूर्वक रक्षा गर्छ– 'यो भोग सम्पत्तिलाई राजाले हर्न नसकोस्, चोरले चोर्न नसकोस्, अग्निद्वारा नजलोस्, पानीले बगाउन नसकोस् अनि अप्रिय उत्तराधिकारीले हडप्न नसकोस् । भिक्षुहो ! यसैलाई भनिन्छ– आरक्षासम्पत्ति ।

"भिक्षुहो ! कल्याणमित्र भनेको के हो ? भिक्षुहो ! यहाँ कुलपुत्र जुन गाउँ वा निगममा बस्छ, त्यहाँ जो हुन्छन्– गृहपति, गृहपति पुत्र, युवा, वर्ष पुगेका वा शीलवृद्ध, श्रद्धासम्पन्न, शीलसम्पन्न, त्यागसम्पन्न र प्रज्ञासम्पन्न भएकासँग उठ्ने-बस्ने गर्छ, कुराकानी गर्छ अनि छलफल गर्छ । जसरी ऊ श्रद्धासम्पन्न हुन्छ, त्यसरी नै श्रद्धासम्पन्न हुन शिक्षा लिन्छ, जसरी ऊ शीलसम्पन्न हुन्छ, त्यसरी नै शीलसम्पन्न हुन शिक्षा लिन्छ, जसरी ऊ त्यागसम्पन्न हुन्छ, त्यसरी नै त्यागसम्पन्न हुन शिक्षा लिन्छ अनि जसरी ऊ प्रज्ञासम्पन्न हुन्छ, त्यसरी नै प्रज्ञा सम्पन्न हुन शिक्षा लिन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– कल्याणमित्र ।

"भिक्षुहो ! समजीवी भनेको के हो ? भिक्षुहो ! यहाँ कुलपुत्रले आय हुने



Downloaded from http://dhamma.digital

भोगसम्पत्ति थाहापाएअनुसार अनि व्यय हुने भोगसम्पत्ति थाहापाए अनुसार समजीवी भई व्यतीत गर्छ– न अति उच्चस्तर, न अति निम्नस्तर । 'मेरो आय यत्तिको छ, यस अनुसार खर्च गर्नुपर्छ । मैले आयभन्दा व्यय धेरै गर्नु हुन्न । भिक्षुहो ! जस्तो कि कोही तुलाधार वा तुलाधारको शिष्यले तराजूलाई हातले समाउँदा थाहा पाउँछ कि, यत्तिको कम छ, यत्तिको बढी छ । यसरी नै भिक्षुहो ! कुलपुत्रले आफ्नो आय-व्ययनुसार समजीवीको भई व्यतीत गर्छ– न अतिउच्चस्तर, न अति-निम्नस्तर । मैले व्ययभन्दा आय धेरै गर्नुपर्छ । आयभन्दा पनि व्यय धेरै गर्नुहुन्न । भिक्षुहो ! यदि कुलपुत्र अल्पायु हुँदा पनि जीवनस्तर उच्च भएमा मान्छेहरूले उसको बारेमा कुरा गर्छ कि, 'यो कुलपुत्रले गूलर (उदुम्बर) फल खाए झैं भोगलाई खायो । यदि कुलपुत्र दीर्घायु हुँदा जीवन एकदम निम्नस्तरको भएमा मान्छेहरूले उसको बारेमा कुरा गर्छ कि, 'यो कुलपुत्र अनाथ झैं भई मृत्यु हुन्छ । भिक्षुहो ! कुलपुत्रले आयव्ययनुसारको समजीवी भई व्यतीत गर्छ– न त अतिउच्चस्तर, न त अतिनिम्नस्तर । मेरो व्ययभन्दा पनि आय धेरै हुनुपर्छ, आयभन्दा पनि व्यय धेरै गर्नु हुन्न । भिक्षुहो ! यसैलाई भनिन्छ– समजीवी ।

भिक्षुहो ! श्रद्धासम्पत्ति भनेको के हो ? भिक्षुहो ! यहाँ कुलपुत्र श्रद्धावान हुन्छ, तथागतको बोधिप्रति श्रद्धावान हुन्छ– 'वहाँ भगवान... देव मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– श्रद्धासम्पत्ति ।

"भिक्षुहो ! शीलसम्पत्ति भनेको के हो ? भिक्षुहो ! यहाँ कुलपुत्र शीलवान हुन्छ– प्राणीहिंसा गर्नबाट विरत हुन्छ... बेहोश पार्ने रक्सी-जाँड आदि पिउनबाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– शीलसम्पत्ति ।

"भिक्षुहो ! त्यागसम्पत्ति भनेको के हो ? भिक्षुहो ! यहाँ कुलपुत्रले कलुषित कन्जुसीपनरहित भई गृहवास गर्छ..... याचकलाई दान दिने स्वभावका तथा संविभाजन गरी दान दिन्छ । भिक्षुहो ! यसैलाई– भनिन्छ त्यागसम्पत्ति ।

"भिक्षुहो ! प्रज्ञासम्पत्ति भनेको के हो ? भिक्षुहो ! यहाँ कुलपुत्र प्रज्ञावान हुन्छ.....सम्यकरूपले दुःख विनष्ट गर्ने प्रज्ञासम्पन्न हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ प्रज्ञासम्पत्ति । भिक्षुहो ! यसैलाई भनिन्छ– आठ प्रकारका सम्पत्ति ।"

**"उट्ठाता कम्मधेय्यसु, अप्पमत्तो विधानवा ।**
**समंकप्पेति जीविकं, सम्भतं अनुरक्खति ॥**
**"सद्धो सीलेन सम्पन्नो, वदञ्ञू वीतमच्छरो ।**



Downloaded from http://dhamma.digital

निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं ॥

"इच्चेते अट्ठ धम्मा च, सद्धस्स घरमेसिनो ।
अक्खाता सच्चनामेन ,उभयत्थ सुखावहा ॥

"दिट्ठधम्महितत्थाय, सम्रायसुखाय च ।
एवमेतं गहट्ठानं, चागो पुञ्ञं पवड्ढती"ति ॥
(अर्थ माथिकै)

## ७.इच्छासुत्तं

७७. त्यहाँ आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो "आवुसो, भिक्षुहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान सारिपुत्तलाई प्रत्युत्तर दिए। आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई यसरी भन्नुभयो–

"आवुसोहो ! आठ प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन् । ती आठ को-को हुन् ? आवुसोहो ! यहाँ भिक्षुहरू एकान्तवासी तथा विदर्शना भावनामा प्रयत्नशील हुँदा केही पाउने इच्छा जाग्छ । इच्छाएको पाउनलाई उठ्छ, प्रयास गर्छ तथा मेहनत गर्छ । उठ्दा, प्रयास गर्दा तथा मेहनत गर्दा पनि उसले चाहेको पाउँदैन । त्यो चाहेको नपाउँदा चिन्तित हुछ, दुःखी हुन्छ, पश्चातापी हुन्छ, छाती पीटेर रुन्छ अनि बेहोश हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षु लाभको इच्छा गर्दै विचरण गर्ने । लाभको निम्ति उठ्ने, प्रयास गर्ने तथा मेहनत गर्ने । चाहेको नपाउँदा चिन्ता लिदै, छट्पटिदै सद्धर्मबाट च्युत हुने ।' "

"आवुसोहो ! यहाँ भिक्षु एकान्तवासी तथा विदर्शना भावनामा प्रयत्नशील हुँदा केही पाउने इच्छा जाग्छ । इच्छाएको पाउनलाई उठ्छ, प्रयास गर्छ तथा मेहनत गर्छ । उठ्दा, प्रयास गर्दा तथा मेहनत गर्दा उसले इच्छाएको पाउँछ । इच्छाएको पाउँदा ऊ त्यस लाभद्वारा मोहित हुन्छ, बेहोशी हुन्छ तथा प्रमादी भई बस्छ । यसैलाई भनिन्छ– 'भिक्षु लाभको इच्छा गर्दै विचरण गर्ने, लाभको निम्ति उठ्ने, प्रयास गर्ने तथा मेहनत गर्ने । लाभद्वारा मोहित तथा प्रमादी हुँदा सद्धर्मबाट च्युत हुने ।' "

"आवुसोहो ! यहाँ भिक्षु एकान्तवासी तथा विदर्शना भावनामा प्रयत्नशील हुँदा केही पाउने इच्छा जाग्छ । इच्छाएको पाउनलाई न त उठ्छ, न त प्रयास



Downloaded from http://dhamma.digital

गर्छ तथा न त मेहनत नैं गर्छ । न उठ्नाले, प्रयास नगर्नाले तथा मेहनत नगर्नाले इच्छाएको पाउँदैन । त्यो नपाउँदा चिन्तित हुन्छ, दु:खी हुन्छ, पश्चातापी हुन्छ, छाती पीटेर रुन्छ अनि बेहोशी हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षु लाभको इच्छा गर्दै विचरण गर्ने । लाभको निम्ति नउठ्दा, प्रयास नगर्दा तथा मेहनत नगर्दा, इच्छाएको नपाउँदा, चिन्ता लिदै छट्पटिदै सद्धर्मबाट च्युत हुने । ' "

"आवुसोहो ! यहाँ भिक्षु एकान्तवासी तथा विदर्शन भावनामा प्रयत्नशील हुँदा केही पाउने इच्छा जाग्छ । इच्छाएको पाउनलाई न त उठ्छ, न त प्रयास गर्छ तथा न त मेहनत नै गर्छ । न उठेता पनि प्रयास नगरेता पनि तथा मेहनत नगरेता· पनि इच्छाएको पाउँछ । ऊ त्यस लाभद्वारा लट्ठ भई बस्छ, बेहोश हुन्छ तथा प्रमादी भई बस्छ । यसैलाई भनिन्छ– 'भिक्षु लाभको इच्छा गर्दै विचरण गर्ने । लाभको निम्ति नउठ्दा, प्रयास नगर्दा तथा मेहनत नगर्दा पनि इच्छाएको पाउँदा मोहित तथा प्रमादी भई सद्धर्मबाट च्युत हुने '" ।

"आवुसोहो ! यहाँ भिक्षु एकान्तवासी तथा विदर्शन भावनामा प्रयत्न-शील हुँदा केही पाउने इच्छा जाग्छ । इच्छाएको पाउनलाई उठ्छ, प्रयास गर्छ, तथा मेहनत गर्छ । उठ्नाले, प्रयास गर्नाले तथा मेहनत गर्नाले इच्छाएको वस्तु पाउँदैन । त्यो नपाएता पनि चिन्तित हुँदैन, दु:खीत हुँदैन, पश्चातापी हुँदैन, छाती पीटेर रुँदैन अनि बेहोशी पनि हुँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षु लाभको इच्छा गर्दै विचरण गर्ने अनि लाभको निम्ति उठ्ने, प्रयास गर्ने तथा मेहनत गर्ने तर इच्छाएको नपाउँदा चिन्तित नहुने, नछट्पटिने अनि सद्धर्मबाट पनि च्युत नहुने' " ।

"आवुसोहो ! यहाँ भिक्षु एकान्तवासी तथा विदर्शन भावनामा प्रयत्न-शील हुँदा केही पाउने इच्छा जाग्छ । इच्छाएको पाउनलाई उठ्छ, प्रयास गर्छ तथा मेहनत गर्छ । उठ्नाले, प्रयास गर्नाले तथा मेहनत गर्नाले इच्छाएको पाउँछ । त्यो पाउँदा मोहित हुँदैन, बेहोशी तथा प्रमादी भई बस्दैन । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षु लाभको इच्छा गर्दै विचरण गर्ने । लाभको निम्ति उठ्ने, प्रयास गर्ने तथा मेहनत गर्ने तर इच्छाएको पाउँदा मोहित नहुने, प्रमादी नहुने अनि सद्धर्मबाट च्युत नहुने ।' "

"आवुसोहो ! यहाँ भिक्षु एकान्तवासी तथा विदर्शन भावनामा प्रयत्न-शील हुँदा केही पाउने इच्छा जाग्छ । इच्छाएको पाउनलाई न त उठ्छ, न त प्रयास गर्छ तथा न त मेहनत नै गर्छ । नउठ्दा, प्रयास नगर्दा तथा मेहनत नगर्दा



Downloaded from http://dhamma.digital

इच्छाएको पाउँदैन । त्यो नपाएता पनि चिन्तित हुँदैन, दुःखी हुँदैन पश्चातापी हुँदैन छाती पितेर रुँदैन अनि बेहोश हुँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षु लाभको इच्छा गर्दै विचरण गर्ने तर लाभको निम्ति नउठ्ने, प्रयास नगर्ने तथा मेहनत नगर्ने अनि इच्छाएको नपाउँदा चिन्तित नहुने, नछट्पटिने अनि सद्धर्मबाट च्युत नहुने ।' "

"आवुसोहो ! यहाँ भिक्षु एकान्तवासी तथा विदर्शन भावनामा प्रयत्न-शील हुँदा केही पाउने इच्छा जाग्छ । इच्छाएको पाउनलाई न त उठ्छ, न त प्रयास गर्छ तथा न त मेहनत नै गर्छ । नउठ्दा, प्रयास नगर्दा तथा मेहनत नगर्दा पनि इच्छाएको पाउँछ । त्यो पाउँदा मोहित हुँदैन, बेहोशी हुँदैन तथा प्रमादी भई बस्दैन । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षु लाभको इच्छा गर्दै विचरण गर्ने तर लाभको निम्ति नउठ्ने, प्रयास नगर्ने तथा मेहनत नगर्ने । इच्छाएको पाउँदा मोहित नहुने, बेहोशी नहुने तथा प्रमादी नहुने अनि सद्धर्मबाट च्युत नहुने ।' आवुसोहो ! यी नै आठ प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

## ८. अलंसुत्तं

७८. त्यहाँ आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– ..... "आवुसोहो ! भिक्षु छ प्रकारका धर्मद्वारा सम्पन्न हुँदा आफ्नो र अरूको भलो गर्छ । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै बुझ्छ । श्रवण गरेको धर्मलाई धारण गर्छ । धर्म धारण गर्न अर्थ परीक्षण गर्छ । अर्थ र धर्म बुझी धर्मानुसार आचरण गर्छ । कल्याणवाणी बोल्छ, कल्याणमार्गदर्शी हुन्छ, प्रियकरवाणी बोल्छ, विश्वस्तवाणी बोल्छ, निर्दोषवाणी बोल्छ अनि अर्थ बोध गर्छ । सुदर्शक, उत्साहित, समुत्तेजित तथा सब्रह्मचारीलाई हर्षित पार्छ । भिक्षुहो ! यी नै छ प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो र अरूको भलो गर्छ ।

"आवुसोहो ! भिक्षु पाँच प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो र अरूको भलो गर्छ । ती पाँच के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै बुझ्दैन । श्रवण गरेको धर्मलाई धारण गर्छ । धर्म धारण गर्नलाई अर्थ परीक्षण गर्छ । अर्थ र धर्म बुझी धर्मानुसार आचरण गर्छ । कल्याणवाणी बोल्छ..... सुदर्शक..... सब्रह्मचारीलाई हर्षित पार्छ । आवुसोहो ! यी नै पाँच प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो र अरूको भलो गर्छ ।

"आवुसोहो ! भिक्षु चार प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो भलो



Downloaded from http://dhamma.digital

गर्छ तर अरूको भलो गर्दैन । ती चार के-के हुन् ? आवुसोहो ! यहाँ भिक्षुले कुशल धर्म चाँडै बुझ्छ । श्रवण गरेको धर्म धारण गर्छ । धर्म धारण गर्न अर्थ परीक्षण गर्छ । अर्थ र धर्म बुझी धर्मानुसार आचरण गर्छ । कल्याणवाणी बोल्दैन... सुदर्शक हुँदैन... सब्रह्मचारीलाई हर्षित पार्दैन । "आवुसोहो ! यी नै चार प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन ।

"आवुसोहो ! चार प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशल धर्म चाँडै नै बुझ्छ । श्रवण गरेको धर्म धारण गर्छ । धर्म धारण गर्न अर्थ परीक्षण गर्दैन । अर्थ र धर्म बुझी धर्मानुसार आचरण गर्दैन । कल्याणकारी वाणी बोल्छ... सुदर्शक... सब्रह्मचारीलाई हर्षित पार्छ । आवुसोहो ! यी नै चार प्रकारका धर्ममा सम्पन्न भिक्षुले अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन।

"आवुसोहो ! तीन प्रकारका धर्मद्वारा सम्पन्न भएका भिक्षु आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशल धर्म चाँडै नै बुझ्दैन । श्रुत धर्मको धारण गर्छ । धर्म धारण गर्न अर्थ परीक्षण गर्छ । अर्थ र धर्मलाई बुझेर धर्मानुसार आचरण गर्छ । कल्याणकारी वाणी बोल्दैन... सुदर्शक हुँदैन... सब्रह्मचारीलाई हर्षित पार्दैन । आवुसोहो ! यी नै तीन प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन ।

"आवुसोहो ! तीन प्रकारका धर्ममा सम्पन्न भिक्षुले अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन । ती तीन के-के हुन् ? आवुसोहो ! यहाँ भिक्षुले कुशल धर्म चाँडै बुझ्दैन । श्रुत धर्मको धारण गर्छ । धर्म धारण गर्न अर्थ परीक्षण गर्दैन । अर्थ र धर्मलाई बुझी धर्मानुसार आचरण गर्दैन । कल्याणकारी वाणी बोल्छ... अर्थ बोध गराउँछ, सुदर्शी हुन्छ... सब्रह्मचारीलाई हर्षित पार्छ । आवुसोहो ! यी नै तीन प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन ।

"भिक्षुहो ! दुई प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन । ती दुई के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशल धर्म चाँडै नै बुझ्दैन । श्रुत धर्मको धारण गर्दैन । अर्थ परीक्षण गरी धर्म धारण गर्छ । अर्थ र धर्मलाई बुझेर धर्मानुसार आचरण गर्छ । कल्याणकारी वाणी बोल्दैन..... सुदर्शी हुँदैन... सब्रह्मचारीलाई हर्षित पार्दैन । आवुसोहो ! यी नै दुई प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैन ।



Downloaded from http://dhamma.digital

"आवुसोहो ! दुई प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले आफ्नो भलो गर्दैन तर अरूको भलो गर्छ । ती दुई के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कुशलधर्म चाँडै नै बुझ्दैन । श्रुतधर्मको धारण गर्दैन । अर्थ परीक्षण गरी धर्मधारण गर्दैन । अर्थ र धर्म बुझेर धर्मानुसार आचरण गर्दैन । कल्याणकारी वाणी बोल्छ, कल्याण मार्गदर्शक हुन्छ, प्रियकर वाणी बोल्छ, विश्वसनीय वाणी बोल्छ, निर्दोष वाणी बोल्छ अनि अर्थ बोध गराउँछ । सुदर्शक, उत्साहित, समुत्तेजित तथा सब्रह्मचारीलाई हर्षित पार्छ । आवुसोहो ! यी नै दुई प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले अरूको भलो गर्छ तर आफ्नो भलो गर्दैन ।"

## ९. परिहानसुत्तं

७९. "भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यी आठ कुराहरू हानिकारक हुन् । ती आठ के के हुन् ? कामकाजमा व्यस्त हुनु, कुराकानीमा व्यस्त हुनु, निद्रालु हुनु, समूहमा संलग्न हुनु, इन्द्रियमा असंयमित हुनु, भोजनमा मात्राज्ञ नहुनु, संसर्गमा संलग्न हुनु अनि प्रपञ्चमा रमाउनु । भिक्षुहो ! यी नै आठ कुराहरू शैक्ष भिक्षुको निम्ति हानिकारक हुन् ।

"भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यी आठ कुराहरू हानिकारक होइनन् । ती आठ के के हुन् ? कामकाजमा व्यस्त हुँदैन, कुराकानीमा व्यस्त हुँदैन, निद्रालु हुँदैन, समूहमा संलग्न हुँदैन, इन्द्रियमा संयमित हुन्छ, भोजनमा मात्राज्ञ हुन्छ, संसर्गमा संलग्न हुँदैन अनि प्रपञ्चमा रमाउँदैन । भिक्षुहो ! यी नै आठ कुराहरू शैक्ष भिक्षुको निम्ति हानिकारक हुँदैन ।"

## १०. कुसीतारम्भवत्थुसुत्तं

८०. "भिक्षुहो ! आलस्य हुनुको यी आठ कारण छन् । ती आठ के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले गर्नु पर्ने काम हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'मैले गर्नु पर्ने काम छ तर काम गर्दा मेरो शरीर क्लान्त हुन्छ, अहिले म लेट्छु भनी ऊ लेट्छ । यसो गर्दा उसले अप्राप्तलाई प्राप्त गर्न, अनधिकृतलाई अधिकृत गर्न अनि साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्न प्रयत्नशील हुँदैन । भिक्षुहो ! यो पहिलो आलस्यको कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु काममा लागेको हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'म अहिले काममा लागिरहेको छु । काममा लागिरहेको हुनाले



Downloaded from http://dhamma.digital

मेरो शरीर क्लान्त भयो त्यसैले अहिले म लेट्छु ।' ऊ लेट्छ । यसो गर्दा उसले अप्राप्तलाई प्राप्त गर्न, अनधिकृतलाई अधिकृत गर्न अनि साक्षात्कार गर्न नसकेकोलाई साक्षात्कार गर्न प्रयत्न गर्दैन । भिक्षुहो ! यो दोस्रो आलस्यका कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु बाटोमा हिंड्नु पर्ने हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'म बाटोमा हिंड्नु पर्छ । हिंड्दा मेरो शरीर क्लान्त हुन्छ । अहिले म लेट्छु ।' ऊ लेट्छ । यसो गर्दा उसले अप्राप्तलाई प्राप्त गर्न, अनधिकृतलाई अधिकृत गर्न अनि साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्न प्रयत्नशील हुँदैन । भिक्षुहो ! यो तेस्रो आलस्यको कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु बाटोमा हिंडेको हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'म बाटोमा हिंडें । हिंडेकोले मेरो शरीर क्लान्त भयो अहिले म लेट्छु ।' ऊ लेट्छ । यसो गर्दा उसले अप्राप्तलाई प्राप्त गर्न, अनधिकृतलाई अधिकृत गर्न अनि साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्न प्रयत्नशील हुँदैन । भिक्षुहो ! यो चौथो आलस्यको कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु गाउँ वा शहरमा भिक्षाटनमा जाँदा कमसल वा उत्तम भोजन पर्याप्त मात्रामा पाउँदैन । उसको मनमा यस्तो हुन्छ– 'गाउँ वा शहरमा म भिक्षाटन जाँदा कमसल वा उत्तम भोजन पर्याप्त मात्रामा पाउँदिन । मेरो शरीर क्लान्त छ, काम गर्न सक्दिन । अहिले म लेट्छु ।' ऊ लेट्छ... प्रयत्नशील हुँदैन । भिक्षुहो ! यो पाँचौ आलस्यको कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु गाउँ वा शहरमा भिक्षाटनमा जाँदा कमसल वा उत्तम भोजन पर्याप्त मात्रामा पाउँछ । उसको मनमा यस्तो हुन्छ– 'गाउँ वा शहरमा म भिक्षाटन जाँदा कमसल वा उत्तम भोजन पर्याप्त मात्रामा पाएँ । मेरो शरीर भारी छ, काम गर्न मन छैन । अहिले म लेट्छु ।' ऊ लेट्छ... प्रयत्नशील हुँदैन । भिक्षुहो ! यो छैटौ आलस्यको कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षुलाई सामान्य रोग लागेको हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'मलाई सामान्य रोग लागेको छ । अहिले म लेट्छु ।' ऊ लेट्छ.... प्रयत्नशील हुँदैन । भिक्षुहो ! यो सातौं आलस्यको कारण हो ।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु रोगशय्याबाट भर्खरै उठेको हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'म रोगशय्याबाट भर्खरै उठें । अहिले म लेट्छु ।' ऊ लेट्छ. उसले अप्राप्तलाई प्राप्त गर्न, अनधिकृतलाई अधिकृत गर्न अनि साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्न प्रयत्न गर्दैन । भिक्षुहो ! यो आठौं आलस्यको कारण हो ।

"भिक्षुहो ! उत्साहित हुनुमा यी आठ कारण छन् । ती आठ के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले गर्नु पर्ने केही काम हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'मैले काम गर्दा बुद्धको अनुशासनमा ध्यान दिन सजिलो छैन । त्यसैले अहिले म अप्राप्तलाई प्राप्त गर्न, अनधिकृतलाई अधिकृत गर्न अनि साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्न प्रयत्नशील हुन्छु । भिक्षुहो ! उत्साहित हुनुको यो पहिलो कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षुले काम गरेको हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'मैले कामधाम गरिसकेको छु । कामधाम गरिसकेको हुनाले बुद्धको उपदेशलाई मैले ध्यान दिन सकिन । यसकारण अब मैले आप्राप्तलाई प्राप्त गर्न, अनधिकृतलाई अधिकृत गर्न अनि साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्न प्रयत्नशील हुन्छु । भिक्षुहो ! उत्साहित हुनुको यो दोस्रो कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! भिक्षुहो ! यहाँ भिक्षु बाटोमा हिंड्नु पर्ने हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'म बाटोमा हिंड्नु पर्छ । बाटोमा हिंड्दा बुद्धको उपदेशलाई ध्यान दिन मेरो निम्ति सजिलो छैन । यसकारण अब मैले... । भिक्षुहो ! उत्साहित हुनुको यो तेस्रो कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु बाटोमा हिंडिरहेको हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'म बाटोमा हिंडिरहँदा बुद्धको उपदेशलाई ध्यान दिन सकिन । यसकारण अब मैले... । भिक्षुहो ! उत्साहित हुनुको यो चौथो कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु गाउँ वा शहरमा भिक्षाटन जाँदा कमसल वा उत्तम भोजन पर्याप्त मात्रामा पाउँदैन । उसको मनमा यस्तो हुन्छ– 'गाउँ वा शहरमा म भिक्षाटन जाँदा कमसल वा उत्तम भोजन पर्याप्त मात्रामा पाउँदिन । त्यसैले अहिले मेरो शरीर हलुका र काम गर्न योग्य छ । यसकारण अब मैले... । भिक्षुहो ! उत्साहित हुनुको यो पाँचौ कारण हो ।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु गाउँ वा शहरमा भिक्षाटनमा जाँदा कमसल वा उत्तम भोजन पर्याप्त मात्रामा पाउँछ । उसको मनमा यस्तो हुन्छ– 'गाउँ वा शहरमा म भिक्षाटन जाँदा कमसल वा उत्तम भोजन पर्याप्त मात्रामा पाएँ । यसकारण मेरो शरीरमा बल छ, काम गर्न योग्य छ । यसकारण अब मैले...। भिक्षुहो ! उत्साहित हुनुको यो छैटौं कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षुलाई सामान्य रोग लाग्छ । उसको मनमा यस्तो हुन्छ– 'मलाई सामान्य रोग लागेको छ । मेरो यो रोग बढ्न पनि सक्छ । यसकारण अब मैले... । भिक्षुहो ! उत्साहित हुनुको यो सातौं कारण हो ।

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु रोगशय्याबाट भर्खरै उठेको हुन्छ । उसको मनमा यस्तो हुन्छ– 'म रोगशय्याबाट भर्खरै उठें । जुन यो मेरो रोग हो, यो रोग पुनः बल्झिन सक्छ । यसकारण अब म अप्राप्तलाई प्राप्त गर्न, अनधिकृत-लाई अधिकृत गर्न अनि साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्न उत्साहित हुन्छु । भिक्षुहो ! उत्साहित हुनुको यो आठौं कारण हो ।"



Downloaded from http://dhamma.digital

## (९) ४. सतिवग्गो

### १. सतिसम्पजञ्ञसुत्तं

८१. "भिक्षुहो ! स्मृतिसम्प्रजन्य नहुँदा, स्मृतिसम्प्रजन्यविहीन हुँदा (पाप कर्ममा) लज्जा र भय हुँदैन । लज्जा र भय नलाग्दा, लज्जा र भयविहीन हुँदा इन्द्रिय संयमित हुँदैन । इन्द्रिय संयमित नहुँदा वा इन्द्रिय संयमबाट वञ्चित हुँदा शीलवञ्चित हुन्छ । शील वञ्चित हुँदा वा शीलविहिन हुँदा सम्यकसमाधिबाट वञ्चित हुन्छ वा सम्यकसमाधिविहीन हुन्छ । सम्यकसमाधिबाट वञ्चित हुँदा वा सम्यकसमाधिविहीन हुँदा यथार्थ ज्ञान दर्शनबाट वञ्चित हुन्छ वा यथार्थ ज्ञान दर्शनविहीन हुन्छ । यथार्थ ज्ञान दर्शन नहुँदा वा यथार्थ ज्ञान दर्शनविहीन हुँदा निर्वेद वैराग्य रहँदैन । निर्वेद वैराग्य नरहँदा वा निर्वेद वैराग्य ज्ञानविहीन हुँदा विमुक्ति ज्ञान दर्शन गर्न सक्दैन वा विमुक्ति ज्ञान दर्शनविहीन हुन्छ । जस्तो कि, भिक्षुहो ! वृक्षमा शाखा र पातविहीन भए जस्तै हुन्छ । त्यसमा पाप्रा पनि परिपूर्ण हुँदैन... बोक्रा... गोलाकारको वृद्धि र सारकाठ पनि परिपूर्ण हुँदैन । यसरी नै, भिक्षुहो ! स्मृतिसम्प्रजन्य नहुँदा, स्मृतिसम्प्रजन्यविहीन हुँदा (पापकर्ममा) लज्जा र भय हुँदैन । लज्जा र भय नहुँदा, लज्जा र भयविहीन हुँदा..... विमुक्ति ज्ञान दर्शन-विहीन हुन्छ ।

"भिक्षुहो ! स्मृतिसम्प्रजन्य हुँदा वा स्मृतिसम्प्रजन्यविहीन नहुँदा (पाप-कर्ममा) लज्जा र भय हुन्छ । लज्जा र भय हुँदा वा लज्जा र भयविहीन नहुँदा इन्द्रिय संयमित हुन्छ । इन्द्रिय संयम हुँदा वा इन्द्रिय संयमविहीन नहुँदा शील सम्पन्न हुन्छ । शीलसम्पन्न हुँदा वा शीलसम्पन्नताविहीन नहुँदा सम्यकसमाधि सम्पन्न हुन्छ वा सम्यकसमाधिविहीन हुँदैन । सम्यकसमाधिसम्पन्न हुँदा वा सम्यकसमाधिविहीन नहुँदा यथार्थ ज्ञान दर्शन गर्नसम्पन्न हुन्छ अनि यथार्थ ज्ञान दर्शन सम्पन्न हुँदा वा यथार्थ ज्ञान दर्शनविहीन नहुँदा निर्वेद वैराग्य हुन्छ । निर्वेद वैराग्यसम्पन्न हुँदा वा निर्वेद वैराग्यविहीन नहुँदा विमुक्ति ज्ञान दर्शनसम्पन्न हुन्छ । जस्तै कि, भिक्षुहो ! शाखा र पात भएको वृक्ष हुन्छ । त्यस वृक्षमा पाप्राले पनि परिपूर्ण हुन्छ... बोक्राले पनि... गोलाकार पनि वृद्धि हुन्छ अनि सारकाठले पनि परिपूर्ण हुन्छ । यसरी नै, भिक्षुहो ! स्मृतिसम्प्रजन्य हुँदा, स्मृतिसम्प्रजन्य सम्पन्न हुँदा (पापकर्म गर्नमा) लज्जा र भय हुन्छ । लज्जा र भय हुँदा... विमुक्ति ज्ञान दर्शन हुन्छ ।"



Downloaded from http://dhamma.digital

## २. पुण्णियसुत्तं

८२. एकदिन आयुष्मान पुण्णिय जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगनुभई एक ठाउँमा बस्नुभयो । एकठाउँमा बस्नु भएपछि आयुष्मान पुण्णियले भगवानलाई यसरी भन्नुभयो– "कुन कारणले वा कुन विषयले गर्दा तथागतबाट धर्म प्रवर्तित हुन्छ अनि कहिले हुँदैन ?

"हे पुण्णिय ! भिक्षु श्रद्धावान हुन्छ तर मकहाँ आउँदैन भने तथागतबाट धर्म प्रवर्तित हुँदैन । पुण्णिय ! भिक्षु श्रद्धावान हुन्छ अनि तथागतकहाँ आउँछ भने तथागतबाट धर्म प्रवर्तित हुन्छ । पुण्णिय ! भिक्षु श्रद्धावान पनि हुन्छ, तथागतकहाँ पनि आउँछ तर सेवामा रहँदैन भने तथागतबाट धर्म प्रवर्तित हुँदैन । .... सेवामा रहन्छ तर जिज्ञासु हुँदैन भने... जिज्ञासु हुन्छ तर ध्यान दिएर सुन्दैन... ध्यान दिएर सुन्छ तर धारण गर्दैन... धारण गर्छ तर धारित धर्मको अर्थ परीक्षण गर्दैन... धारित धर्मको अर्थ परीक्षण गर्छ तर अर्थ र धर्मलाई जानेर धर्मानुसार आचरण गर्दैन भने तथागतबाट धर्म प्रवर्तित हुँदैन ।

"हे पुण्णिय ! जब भिक्षु श्रद्धावान हुन्छ, तथागतकहाँ आउँछ, सेवामा रहँछ, जिज्ञासु हुन्छ, ध्यान दिएर सुन्छ, श्रुत धर्मको धारण गर्छ, धारित धर्मको अर्थ परीक्षण गर्छ अनि अर्थ र धर्मलाई जानेर धर्मानुसार आचरण गर्छ भने तथागतबाट धर्मप्रवर्तित हुन्छ । पुण्णिय ! यी नै आठ धर्ममा सम्पन्न हुँदा तथागतबाट निश्चय-रूपले नै धर्म प्रवर्तित हुन्छ ।"

## ३. मूलकसुत्तं

८३. "भिक्षुहो ! यदि अन्य मतका (धर्मावलम्वी) परिव्राजकहरूले यसरी प्रश्न गर्नेछन्– "आवुसोहो ! समस्त धर्मको मूल के हो ? समस्त धर्मको उत्पत्ति के हो ? समस्त धर्मको उदय कहाँबाट हुन्छ ? समस्त धर्मको एकत्र कहाँ हुन्छ ? समस्त धर्मको प्रमुख के हो ? समस्त धर्मको अधिपति के हो ? समस्त धर्ममा श्रेष्ठ के हो ? समस्त धर्मको सार के हो ? यसरी भिक्षुहो ! तिमीहरूलाई अन्य मतका परिव्राजकहरूले प्रश्न गऱ्यो भने तिमीहरूले कसरी उत्तर दिने ?

"भन्ते ! भगवान हाम्रो धर्मको मूल तपाईं नै हुनुहुन्छ, भगवान नै हाम्रो नेता हुनुहुन्छ, हामी तपाईंकै शरणमा छौं । भन्ते ! तपाईंबाट नै यस कथनको अर्थ बुझ्न पाएमा राम्रो हुनेछ । भगवानबाट सुनेर हामी भिक्षुले धारण गर्नेछौं ।"



Downloaded from http://dhamma.digital

"त्यसो भए, भिक्षुहो ! ध्यान दिएर सुन्नु, भन्नेछु।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए। भगवानले यसरी भन्नुभयो– "भिक्षुहो ! यदि अन्य मतका परिव्राजकहरूले यसरी प्रश्न गर्नेछन्– "आवुसोहो ! समस्त धर्मको मूल के हो ? समस्त धर्मको उत्पत्ति के हो ? समस्त धर्मको उदय कहाँबाट हुन्छ ? समस्त धर्मको एकत्र कहाँ हुन्छ ? समस्त धर्मको प्रमुख के हो ? समस्त धर्मको अधिपति के हो ? समस्त धर्ममा श्रेष्ठ के हो ? समस्त धर्मको सार के हो ? भिक्षुहो ! तिमीहरूलाई अन्य मतका परिव्राजकहरूले प्रश्न गरेमा यसरी उत्तर दिनु– 'आवुसोहो ! समस्त धर्मको मूल कामना हो। समस्त धर्म मनमा उत्पत्ति हुन्छ। समस्त धर्मको उदय स्पर्शले हुन्छ। समस्त धर्म तीन प्रकारको वेदनामा एकत्र हुन्छ। समस्त धर्ममा समाधि प्रमुख हो। समस्त धर्ममा स्मृति अधिपति हो। समस्त धर्ममा प्रज्ञा श्रेष्ठ हो। समस्त धर्ममा सार वस्तु विमुक्ति हो। भिक्षुहो ! यदि अन्य मतका परिव्राजकहरूले प्रश्न गरेमा तिमीहरूले यसरी नै उत्तर दिनु।"

## ४. चोरसुत्तं

८२. "भिक्षुहो ! आठ प्रकारका अङ्गमा सम्पन्न हुने महाचोर चाँडै नै विनाश हुन्छ तथा चिरकालसम्म रहँदैन। ती आठ के-के हुन् ? आक्रमण नगर्नेलाई आक्रमण गर्छ। सर्वस्व हरण गर्छ। स्त्रीहरूको हत्या गर्छ। युवतीहरूलाई बलात्कार गर्छ। प्रव्रजितको लूट्ने गर्छ। राजकोष लुटपाट गर्छ। अति समीप भई काम गर्छ अनि सामान सह्मालेर राख्दैन। भिक्षुहो ! यी नै आठ प्रकारका अङ्ग सम्पन्न महाचोर चाँडै नै विनाश हुन्छ तथा चिरकालसम्म रहँदैन।

"भिक्षुहो ! आठ प्रकारका अङ्गमा सम्पन्न हुने महाचोर चाँडै विनाश हुँदैन तथा चिरकालसम्म रहन्छ। ती आठ के-के हुन् ? आक्रमण नगर्नेलाई आक्रमण गर्दैन। सर्वस्व हरण गर्दैन। स्त्रीहरूको हत्या गर्दैन। युवतीहरूलाई बलात्कार गर्दैन। प्रव्रजितको लूट्ने गर्दैन। राजकोष लुट्दैन। अति समीपमा काम गर्दैन अनि सामान सह्माली राख्छ। भिक्षुहो ! यी नै आठ प्रकारका अङ्ग सम्पन्न महाचोर चाँडै नै विनाश हुँदैन तथा चिरकालसम्म रहन्छ।"

## ५. समणसुत्तं

"भिक्षुहो ! 'श्रमण' भनेको नै अर्हत सम्यकसम्बुद्ध तथागतको पर्याय हो। भिक्षुहो ! 'ब्राह्मण' भनेको नै अर्हत सम्यकसम्बुद्ध तथागतको पर्याय हो। भिक्षुहो ! 'वेदगू' भनेको नै अर्हत सम्यकसम्बुद्ध तथागतको पर्याय हो।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! 'भिषक' भनेको नै अर्हत सम्यकसम्बुद्ध तथागतको पर्याय हो । भिक्षुहो ! 'निर्मल' भनेको नै अर्हत सम्यकसम्बुद्ध तथागतको पर्याय हो । भिक्षुहो ! 'विमल' भनेको नै अर्हत सम्यकसम्बुद्ध तथागतको पर्याय हो । भिक्षुहो ! 'ज्ञानी' भनेको नै अर्हत सम्यकसम्बुद्ध तथागतको पर्याय हो । भिक्षुहो ! 'विमुक्त' भनेको नै अर्हत सम्यकसम्बुद्ध तथागतको पर्याय हो ।

"यं समणेन पत्तब्बं, ब्राह्मणेन वुसीमता ।
यं वेदगुना पत्तब्बं, भिसक्केन अनुत्तरं ॥

"यं निम्मलेन पत्तब्बं, विमलेन सुचीमता ।
यं आणिना च पत्तब्बं, विमुत्तेन अनुत्तरं ॥

"सोहं विजितसङ्गामो, मुत्तो मोचेमि बन्धना ।
नागोम्हि परमदन्तो, असेखो परिनिब्बुतो"ति ॥

"श्रमणले जुन प्राप्त गरिसकेको छ, ब्राह्मणले जुन वशमा गरिसकेको छ अनि अतिउत्तम चिकित्सकले जुन उच्चत्तम ज्ञान प्राप्त गरिसकेको छ ।

"जुन शुद्ध, पवित्र तथा निर्मलता प्राप्त गरिसकेको छ अनि जुन ज्ञानद्वारा अतिउत्तम विमुक्तिलाई प्राप्त गरिसकेको छ ।

"त्यसैले म सङ्ग्राम विजयी हुँ, मुक्त छु, बन्धनबाट मुक्त छु, म परम शान्त नाग हुँ अनि अशैक्ष निर्वाण लाभी हुँ ।"

Dhamma.Digital

## ६. यससुत्तं

८६. एक समय भगवान महाभिक्षुसंघकासाथ कोसल देशमा चारिका गर्नुहुँदै जहाँ इच्छानङ्गलस्थित कोसलका ब्राह्मण ग्राम हो त्यहाँ पुग्नुभयो । त्यहाँ भगवान इच्छानङ्गलको वनखण्डमा बस्नु भएको थियो । इच्छानङ्गलका ब्राह्मणहरूले सुने कि– "भो ! शाक्यपुत्र श्रमण शाक्यवंशबाट प्रव्रजित हुनुभएका इच्छानङ्गलमा आउनु भएको छ, वहाँ इच्छानङ्गलको वनखण्डमा बस्नु भएको छ । वहाँ भगवान गौतमको यसप्रकारले यश र कीर्ति फैलिएको सुनिन्छ– वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव-मनुष्यका शास्ता, बुद्ध तथा भगवान हुनुहुन्छ । वहाँले यस देवसहित... अर्हत-



Downloaded from http://dhamma.digital

को दर्शन गर्नु राम्रो हुन्छ । तब इच्छानङ्गलका ब्राह्मणहरूले त्यस रात बितेपछि धेरै नै खाद्य तथा भोजन सामग्री लिएर जहाँ इच्छानङ्गल वनखण्ड थियो त्यहाँ गए । त्यहाँ प्रतिक्षालयमा पुगेर ठूल्ठूलो स्वरले कराउँदै थिए ।

त्यस समय आयुष्मान नागित भगवानको उपस्थापक थिए । तब भगवानले आयुयष्मान नागितलाई सम्बोधन गर्नुभयो– "नागित ! यिनीहरू को हुन् ? जो निक्कै नै होहल्ला गरिरहेका छन् । जस्तो कि माझीहरूले माछा बेचिरहे झैं ! "भन्ते ! यिनीहरूले भिक्षुसंघ तथा तपाईको निम्ति धेरै नै खाद्य-भोज्य सामग्री लिएर बाहिर प्रतिक्षालयमा बसिरहेका छन् ।" "नागित ! मलाई यशको चाहना छैन, "नागित ! मलाई यश चाहिँदैन । "नागित ! जसले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुखलाई अनायास नै लाभ गरेको हुँदैन, विना प्रयास नै लाभ र विना मेहनत नै लाभ गरेको हुँदैन । उसले नै यो अशुद्धिपूर्ण सुख, आलस्य सुखको लाभ-सत्कार र प्रशंसा रुचिकर होस् । जुन नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख हो, त्यसलाई मैले अनायास नै लाभ गरेको छु, विना प्रयास नै लाभ गरेको छु अनि विना मेहनत नै लाभ गरेका छु । उनीहरूले नै यस घृणित-सुख, आलस्य-सुख, लाभ-सत्कार-प्रशंसामय सुखलाई स्वीकारोस् ।

"भन्ते ! भगवान ! यसलाई स्वीकार्नुहोस् । सुगत ! यसलाई स्वीकार्नुहोस् । यो स्वीकार गर्ने समय हो ! अब जहाँजहाँ भगवान जानुहुन्छ, त्यहाँत्यहाँ नै जनपद तथा नगरका मान्छेहरू तथा ब्राह्मण गृहपतिहरू ओइरिनेछन् । भन्ते ! जस्तै कि मूसलधार वर्षा हुँदा जहाँ भिरालो हुन्छ पानी उतै बग्छ । यसरी नै भन्ते ! भगवान जहाँजहाँ जानुहुन्छ, त्यहाँत्यहाँ नै जनपद तथा नगरका मान्छेहरू तथा ब्राह्मण गृहपतिहरू ओइरिनेछन् । त्यसको कारण के हो ? भन्ते ! भगवानमा त्यसतो शील र प्रज्ञा हुनाले नै हो ।

"नागित ! मलाई यशको चाहना छैन, "नागित ! मलाई यश चाहिँदैन । "नागित ! जसले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख अनायास नै लाभ गरेको छ, विना प्रयास नै लाभ गरेको छ अनि विना मेहनत नै लाभ गरेको छ । जुन नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख हो, मैले अनायास नै लाभ गरेको छु, विना प्रयास नै लाभ गरेको छु अनि विना मेहनत नै लाभ गरेको छु । उनीहरूले यस घृणित-सुख, आलस्य-सुख, लाभ-सत्कार-प्रशंसामय सुखलाई स्वीकारोस् ।



Downloaded from http://dhamma.digital

'नागित ! कोही-कोही देवता पनि यस नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुखबाट वञ्चित छन् । त्यसलाई तिनीहरूले अनायास नै लाभ गरेका हुँदैनन्, विना प्रयास नै लाभ तथा विना मेहनत नै लाभ गरेका हुँदैनन् । यो जुन मैले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख र सम्बोधि सुख अनायास नै लाभ गरें, विना प्रयास नै लाभ गरें तथा विना मेहनत नै लाभ गरें । नागित ! जमघट भई बसेका ठाउँमा विचरण गर्दा तिम्रो मनमा यसतो हुनसक्छ निश्चय नै यो आयुष्मानले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख अनायास नै लाभ गर्न सकेन, विना प्रयास नै लाभ गर्न सकेन तथा विना मेहनत नै लाभ गर्न सकेन । त्यसैले यो आयुष्मान जमातमा बस्न रुचाउँछन् ।

"नागित ! यहाँ भिक्षुहरू एकले अर्कोलाई औंलाले काउकुती लगाउँदै ख्यालठट्टा गरिरहेको मैले देख्दछु । नागित ! तब मेरो मनमा यस्तो हुन्छ कि– निश्चय नै यो आयुष्मानले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख अनायास नै लाभ गर्न सकेन, विना प्रयास नै लाभ गर्न सकेन तथा विना मेहनत नै लाभ गर्न सकेन । यो जुन मैले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख अनायास नै लाभ गरें, विना प्रयास नै लाभ गरें तथा विना मेहनत नै लाभ गरें । मैले जस्तै गर्न नसकेको हुनाले यी आयुष्मानले एकले अर्कोलाई औंलाले काउकुती लगाउँदै ख्यालठट्टा गरिरहन्छन् ।

"नागित ! यहाँ मैले ती भिक्षुहरूलाई देख्दछु जो भरपेट खाई, भोजन गरी, शय्या सुख, आराम सुख तथा आलस्य सुखमा रमाइरहेका हुन्छन् । तब मेरो मनमा यस्तो हुन्छ कि– निश्चय नै यो आयुष्मानले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख अनायास नै लाभ गर्न सकेन, विना प्रयास नै लाभ गर्न सकेन तथा विना मेहनत नै लाभ गर्न सकेन । यो जुन मैले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख अनायास नै लाभ गरें, विना प्रयास नै लाभ गरें तथा विना मेहनत नै लाभ गरें । मैले जस्तै गर्न नसकेको हुनाले यी आयुष्मान भरपेट खाई, भोजन गरी, शय्या सुख, आराम सुख तथा आलस्य सुखमा रमाइरहेका हुन्छन् ।

यहाँ मैले कोही एक भिक्षु देख्दछु, जो गाउँको सीमानामा चित्त एकाग्र गरी बस्छ । तब मेरो मनमा यस्तो हुन्छ कि– 'अब विहारमा बस्ने भिक्षु या श्रमण बन्न प्रतीक्षा गर्नेले यस आयुष्मानलाई समाधिबाट च्युत गराउने छ ।' नागित ! त्यो भिक्षु गाउँको सीमानामा विचरण गर्दा म अप्रसन्न हुन्छु ।



Downloaded from http://dhamma.digital

“नागित ! यहाँ मैले कोही एक भिक्षु देख्दछु, जो वनमा बसी उँगिरहेको हुन्छ। त्यस समय, नागित ! मेरो मनमा यस्तो हुन्छ– ‘अब यो आयुष्मान निंद्रा-आलसलाई जिती एकान्त वनमा ध्यान गर्नेछ ।’ त्यसैले, नागित ! त्यो भिक्षु वनमा विचरण गर्दा म प्रसन्न हुन्छु ।

“नागित ! यहाँ मैले कोही एक भिक्षु देख्दछु, जो वनमा बसी चित्त अस्थिर गरिरहेको हुन्छ । तब मेरो मनमा यस्तो हुन्छ– ‘अब यो आयुष्मानले अस्थिर चित्तलाई स्थिर गर्नेछ । समाहित चित्तलाई स्थिर गर्नेछ ।’ त्यसैले, नागित ! त्यो भिक्षु वनमा विचरण गर्दा म प्रसन्न हुन्छु ।

“नागित ! यहाँ मैले कोही एक भिक्षुलाई देख्दछु, जो वनमा बसेको हुन्छ । मेरो मनमा यस्तो हुन्छ– अब यो आयुष्मानले अविमुक्त चित्त विमुक्त गर्नेछ, विमुक्त चित्तलाई रक्षा गर्छ । त्यसैले, नागित ! त्यो भिक्षु वनमा विचरण गर्दा म प्रसन्न हुन्छु ।

“नागित ! यहाँ मैले कोही एक भिक्षुलाई देख्दछु, जो गाउँको सीमानामा बसेको हुन्छ । चीवर, भोजन, शयनासन, बिरामीलाई आवश्यक पर्ने औषधी र परिष्कारका ऊ लाभी हुन्छ । उसले त्यस लाभ सत्कारको कामनाले ध्यान मार्ग त्याग्छ तथा वनको एकान्त जीवनलाई त्याग्छ । गाउँ, शहर र राजधानीमा आएर बस्छ । त्यसैले, नागित ! गाउँको सीमानामा त्यो भिक्षु बसेको देख्दा म अप्रसन्न हुन्छु ।

“नागित ! यहाँ मैले कोही एक भिक्षुलाई देख्दछु, जो गाउँको सीमानामा बसेको हुन्छ । चीवर, भोजन, शयनासन, बिरामिलाई आवश्यक पर्ने औषधी अनि परिष्कारका ऊ लाभी हुन्छ । उसले त्यस लाभसत्कारलाई उपेक्षा गरी ध्यान मार्ग त्याग्दैन तथा वनको एकान्तमय जीवनलाई त्याग्दैन । त्यसैले, नागित ! गाउँको सीमानामा त्यो भिक्षु बसेको देख्दा म प्रसन्न हुन्छु ।

नागित ! जब म बाटोमा हिंडिरहँदा अगाडि वा पछाडि जब मैले कसैलाई देख्दिन तब मलाई सन्चो लाग्छ । त्यस समय कमसेकम दिसा-पिसाप गर्न परे पनि ।”



Downloaded from http://dhamma.digital

## ७. पत्तनिकुज्जनसुत्तं

८७. भिक्षुहो ! आठ प्रकारका धर्मसम्पन्न उपासकप्रति यदि संघले चाहे पात्र उल्टो (गृहस्थले दिने भिक्षालाई नस्वीकार्दा उसको निम्ति सांघिक बहिष्कार हो) गरिदिनु । ती आठ के-के हुन् ? भिक्षुहरूको लाभमा हानि पुऱ्याउन प्रयास गर्छ । भिक्षुहरूको अहितको निम्ति प्रयास गर्छ । भिक्षुहरूलाई आवासबाट हटाउने प्रयास गर्छ । भिक्षुहरूलाई आक्रोश तथा अपशब्द प्रयोग गर्छ । भिक्षु-भिक्षुहरूमा झगडा गर्न लाउँछ । बुद्धलाई निन्दा गर्छ । धर्मलाई निन्दा गर्छ अनि संघलाई निन्दा गर्छ । भिक्षुहो ! यी नै आठ प्रकारका धर्मसम्पन्न उपासकलाई यदि संघले चाहे पात्र उल्टो गरिदिनु ।

भिक्षुहो ! आठ प्रकारका धर्मसम्पन्न उपासकप्रति यदि संघले चाहे पात्र सुल्टो गरिदिनु । ती आठ के-के हुन् ? भिक्षुहरूको लाभमा हानि पुऱ्याउने प्रयास गर्दैन । भिक्षुहरूको अहितको निम्ति प्रयास गर्दैन । भिक्षुहरूलाई आवासबाट हटाउने प्रयास गर्दैन । भिक्षुहरूलाई आक्रोश तथा अपशब्द प्रयोग गर्दैन । भिक्षु-भिक्षुहरूमा झगडा गर्न लाउँदैन । बुद्धको गुणगान गर्छ । धर्मको गुणगान गर्छ अनि संघको गुणगान गर्छ । भिक्षुहो ! यी नै आठ प्रकारका धर्मसम्पन्न उपासकलाई यदि संघले चाहे पात्र सुल्टो गरिदिनु ।"

## ८. अप्पसादपवेदनियसुत्तं

८८. "भिक्षुहो ! आठ प्रकारका धर्मसम्पन्न भिक्षुप्रति यदि उपासकले चाहे आफ्नो अप्रसन्नता प्रकट गर्नसक्छ । ती आठ के-के हुन् ? गृहस्थको लाभमा हानि पुऱ्याउने प्रयास गर्छ । गृहस्थलाई अहित हुने प्रयास गर्छ । गृहस्थलाई आक्रोश तथा अपशब्द प्रयोग गर्छ । गृहस्थ-गृहस्थहरूमा झगडा गर्न लाउँछ । बुद्धलाई निन्दा गर्छ । धर्मलाई निन्दा गर्छ । संघलाई निन्दा गर्छ अनि अयोग्य स्थानमा विचरण गर्छ । भिक्षुहो ! यी नै आठ प्रकारका धर्मसम्पन्न भिक्षुलाई यदि उपासकले चाहे आफ्नो अप्रसन्नता प्रकट गर्नसक्छ ।

भिक्षुहो ! आठ प्रकारका धर्मसम्पन्न भिक्षुप्रति यदि उपासकले चाहे आफूबाट प्रसन्नता प्रकट गर्नसक्छ । ती आठ के-के हुन् ? गृहस्थको लाभमा हानि पुऱ्याउने प्रयास गर्दैन । गृहस्थको अहित हुने प्रयास गर्दैन । गृहस्थलाई आक्रोश तथा अपशब्द प्रयोग गर्दैन । गृहस्थ-गृहस्थहरूबीच झगडा गर्न लाउँदैन । बुद्धको



Downloaded from http://dhamma.digital

गुणगान गर्छ । धर्मको गुणगान गर्छ । संघको गुणगान गर्छ अनि योग्य स्थानमा विचरण गर्छ । भिक्षुहो ! यी नै आठ प्रकारका धर्ममा सम्पन्न भिक्षुलाई यदि उपासकले चाहे प्रसन्नता प्रकट गर्नसक्छ ।"

## ९. पटिसारणीयसुत्तं

८९. "भिक्षुहो ! आठ प्रकारका धर्मसम्पन्न भिक्षुप्रति यदि संघले चाहे प्रतिस्मरणीय (भिक्षुलाई दिने एक प्रकारको दण्ड) कर्म गर्नसक्छ । ती आठ के-के हुन् ? गृहस्थको लाभमा हानि पुऱ्याउने प्रयास गर्छ । गृहस्थको अहित हुने प्रयास गर्छ । गृहस्थलाई आक्रोश तथा अपशब्द प्रयोग गर्छ । गृहस्थ-गृहस्थहरूबीच झगडा गर्न लाउँछ । बुद्धलाई निन्दा गर्छ । धर्मलाई निन्दा गर्छ । संघलाई निन्दा गर्छ अनि धार्मिक गृहस्थको प्रतिवचनमा विश्वास गर्दैन । भिक्षुहो ! यी नै आठ प्रकारका धर्मसम्पन्न भिक्षुलाई यदि संघले चाहे प्रतिस्मरणीय कर्म गर्नसक्छ ।

"भिक्षुहो ! आठ प्रकारका धर्मसम्पन्न भिक्षुप्रति यदि संघले चाहे ऊ प्रति लगाइएको प्रतिस्मरणीय कर्मलाई फिर्ता लिनसक्छ । ती आठ के-के हुन् ? गृहस्थको लाभमा हानि पुऱ्याउने प्रयास गर्दैन । गृहस्थको अहित हुने प्रयास गर्दैन । गृहस्थलाई आक्रोश तथा अपशब्द प्रयोग गर्दैन । गृहस्थ-गृहस्थहरूबीच झगडा गर्न लाउँदैन । बुद्धको गुणगान गर्छ । धर्मको गुणगान गर्छ । संघको गुणगान गर्छ अनि धार्मिक गृहस्थको प्रतिवचनमा विश्वास गर्छ । भिक्षुहो ! यी नै आठ प्रकारका धर्मसम्पन्न भिक्षुलाई यदि संघले चाहे ऊप्रति लगाइएको प्रतिस्मरणीय कर्म फिर्ता लिन सक्छ ।"

## १०. सम्मावत्तनसुत्तं

९०. "भिक्षुहो ! भिक्षुप्रति तस्सपापियसिक (भिक्षुलाई दिने एक प्रकारको दण्ड) कर्मको घोषणा गर्दा आठ विषयमा सम्यक व्यवहार गर्नुपर्छ– उसले अरू कसैलाई उपसम्पदा गर्नु हुँदैन । उसले अरू कोही भिक्षुलाई आश्रय दिनु हुँदैन । श्रामणेरद्वारा सेवा लिन हुँदैन । भिक्षुलाई ओवाद (उपदेश) दिने अभिभारा लिनु हुँदैन । भिक्षुणी-लाई ओवाद दिने अभिभारा दिएतापनि स्वीकार्नु हुँदैन । संघसम्मतिलाई अंगीकार गर्नु हुँदैन । कुनै पनि प्रमुख स्थानमा बस्नु हुँदैन । मूल विषयलाई लिएर कार्य गर्नु हुँदैन । भिक्षुप्रति तस्सपापियसिक दण्ड कर्मको घोषणा गर्दा आठ विषयमा सम्यक-व्यवहार गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital

## (१०) ५. सामञ्ञवग्गो

९१-११६. त्यसबेला उपासिका बोज्झा, सिरिमा, पदुमा, सुतना, मनुजा, उत्तरा, मुत्ता, खेमा, रुची, चुन्दी, बिम्बी, सुमना, मल्लिका, तिस्सा, तिस्समाता, सोणा, सोणाय माता, काणा, काणमाता, उत्तरा, नन्दमाता, विसाखा-मिगारमाता, खुज्जुत्तरा, सामावती उपासिका, सुप्पवासा कोलियधीता, सुप्पिया उपासिका अनि नकुलमाता गृहपत्नी । (यहाँ सबै उपासिकाहरूले अष्ट शील ग्रहण गरेको वर्णन छ)

दुतियपण्णासक समत्तं ।



Downloaded from http://dhamma.digital

## (११). रागपेय्यालं

११७. "भिक्षुहो ! रागलाई अभिज्ञात गर्न अष्टधर्मको अभ्यास गर्नुपर्छ। ती आठ के-के हुन् ? सम्यकदृष्टि, सम्यकसङ्कल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यक-आजीविका, सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधि । भिक्षुहो ! रागलाई अभिज्ञात गर्न यी नै अष्टधर्मको अभ्यास गर्नुपर्छ।"

११८. "भिक्षुहो ! रागलाई अभिज्ञात गर्न अष्टधर्मको अभ्यास गर्नुपर्छ। ती आठ के-के हुन् ? आफू स्वयम् रूपसंज्ञाको भइकन बाहिरको सीमित सुवर्ण र दुर्वर्ण रूपलाई ध्यान निमित्त लिई हेर्नुपर्छ । मैले त्यस रूपलाई अभिभूत गरी 'जानेको छु, देखेको छु' भन्ने संज्ञा हुनुपर्छ। आफू स्वयम् रूपसंज्ञाको भइकन बाहिरको असीमित सुवर्ण र दुर्वर्ण रूपलाई ध्यान निमित्त लिई हेर्नुपर्छ। मैले त्यस रूपलाई अभिभूत गरी 'जानेको छु, देखेको छु' भन्ने संज्ञा हुनुपर्छ। आफू स्वयम् अरूपसंज्ञाको भइकन बाहिरको सीमित सुवर्ण र दुर्वर्ण रूपलाई ध्यान निमित्त लिई हेर्नुपर्छ। मैले त्यस रूपलाई अभिभूत गरी 'जानेको छु, देखेको छु' भन्ने संज्ञा हुनुपर्छ । आफू स्वयम् अरूपसंज्ञा भइकन बाहिरको असीमित सुवर्ण र दुर्वर्ण रूपलाई ध्यान निमित्त लिई हेर्नुपर्छ । मैले त्यस रूपलाई अभिभूत गरी 'जानेको छु, देखेको छु' भन्ने संज्ञा हुनुपर्छ। आफू स्वयम् अरूपसंज्ञा भइकन बाहिरको नीलो, नीलो वर्णको, नीलो रङ्गको, नीलो रूपलाई हेर्छ।..... पहेंलो, पहेंलो वर्णको...... सेतो, सेतो वर्णको..... सेतो रूपलाई हेर्छ । मैले त्यस रूपलाई अभिभूत गरी 'जानेको छु, देखेको छु' भन्ने संज्ञा हुन्छ । भिक्षुहो ! रागलाई अभिज्ञात गर्न यी नै अष्टधर्मको अभ्यास गर्नुपर्छ।

११९. "भिक्षुहो ! रागलाई अभिज्ञात गर्न अष्टधर्मको अभ्यास गर्नुपर्छ। ती आठ के-के हुन् ? रूपवानले रूपलाई हेर्छ। आफू अरूपसंज्ञाको भई बाहिरको रूपलाई हेर्छ। उसले मैत्री भावनादि शुभभावनाको ध्यान गरी मोक्ष लाभ गर्छ। समस्त रूपसंज्ञालाई समतिक्रम गरी प्रतिघसंज्ञालाई अस्त गरी नानात्वसंज्ञा मनबाट हटाएर 'आकाश अनन्त हो' भनी 'आकासानञ्चायतन' प्राप्त गरी विचरण गर्छ । समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'अनन्त 'विञ्ञाणञ्चायतन' प्राप्त गरी विचरण गर्छ । समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' प्राप्त गरी विचरण गर्छ। समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' प्राप्त गरी विचरण गर्छ। समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रमगरी 'सञ्ञावेदयितनिरोध' प्राप्त गरी विचरण गर्छ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! रागलाई अभिज्ञात गर्न यी नै अष्टधर्मको अभ्यास गर्नुपर्छ।

१२०-१४६ "भिक्षुहो ! रागलाई परिज्ञात गर्न... विनष्ट गर्न... प्रहाण गर्न.... क्षय गर्न... व्यय गर्न... वैराग्य हुन... निरोध गर्न... त्याग गर्न... परित्याग गर्न... यी नै अष्ट धर्मको अभ्यास गर्नुपर्छ।

१४७-६२६ "द्वेष... मोह... क्रोध... वैर... म्रक्ष... प्रदास... ईर्ष्या... कन्जुसी... माया... शठता... जिद्दि... विवाद... मान... अतिमान... मद... प्रमाद... अभिज्ञात...परिज्ञात... विनष्ट... प्रहाण... क्षय... व्यय... विराग... निरोध... त्याग... परित्याग... यी नै अष्ट धर्मको अभ्यास गर्नुपर्छ।

अट्ठकनिपातपालि निट्ठिता।

आठौं निपात समाप्त।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ८. नवकनिपात

## १.पठमपण्णासकं

### १. सम्बोधिवग्गो

#### १. सम्बोधिसुत्तं

१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई "भिक्षुहो !" भनी सम्बोधन गर्नुभयो–

"भिक्षुहो ! यदि अन्य मतका (धर्मावलम्बी) परिव्राजकहरूले यसरी प्रश्न गर्छ– "आवुसोहो ! 'सम्बोधि लाभ गर्नको निम्ति कुन-कुन धर्मको अभ्यास गर्नुपर्छ ?' भनी भिक्षुहो ! तिमीहरूलाई अन्य मतका परिव्राजकहरूद्वारा प्रश्न गरेमा कसरी उत्तर दिने ?" "भन्ते, भगवान ! हाम्रो धर्मको मूल तपाईं नै हुनुहुन्छ ।...... भगवानबाट सुनेर हामी भिक्षुहरूले धारण गर्नेछौं ।"

"त्यसो भएमा, भिक्षुहो ! ध्यान दिएर सुन्नु, भन्नेछु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवानले यसरी भन्नुभयो–

"भिक्षुहो ! यदि अन्य मतका परिव्राजकहरूले यसरी प्रश्न गर्छ– "आवुसोहो ! 'सम्बोधि लाभ गर्नको निम्ति कुन-कुन धर्मको अभ्यास गर्नुपर्छ ?' भनी भिक्षुहो ! तिमीहरूलाई अन्य मतका परिव्राजकहरूले प्रश्न गरेमा तिमीहरूले ती अन्य मतका परिव्राजकहरूलाई यसरी उत्तर दिनु–

"आवुसोहो ! यहाँ कल्याणमित्र, कल्याणसाथी वा कल्याण सहचारीसँग भिक्षु मिलनशील हुन्छ । सम्बोधि लाभ गर्नको निम्ति यो पहिलो धर्मको अभ्यास गर्नुपर्छ ।

अनि फेरि अर्को, "आवुसोहो ! भिक्षु शीलवान हुन्छ, प्रातिमोक्षको नियम पालन गर्छ । आचार र गोचरले सम्पन्न हुन्छ । अणुमात्रको दोषमा पनि भयदर्शी



Downloaded from http://dhamma.digital

हुन्छ अनि शिक्षालाई सम्यकरूपले पालन गर्छ । सम्बोधि लाभ गर्नको निम्ति यो दोस्रो धर्मको अभ्यास गर्नुपर्छ ।

अनि फेरि अर्को, "आवुसोहो ! भिक्षुले जुन कुरा गर्ने हो त्यो शुद्ध र चित्त विमुक्त हुनमा सहायक हुनुपर्छ । जस्तै कि– अल्पेच्छ कथा, सन्तुष्ट कथा, एकान्तवास कथा, असंसर्गको कथा, वीर्यारम्भ कथा, शील कथा, समाधि कथा, प्रज्ञा कथा, विमुक्ति कथा र विमुक्ति ज्ञानदर्शन कथा । यस प्रकारका कुरा गर्न गाह्रो नमान्ने हुन्छ, अनायास नै गर्छ अनि प्रचुर मात्रामा गर्छ । सम्बोधि लाभ गर्नको निम्ति यो तेस्रो धर्मको अभ्यास गर्नुपर्छ ।

अनि फेरि अर्को, "आवुसोहो ! भिक्षुले अकुशल धर्म हटाउन, कुशल धर्म उत्पन्न गराउन वीर्यवान हुन्छ । कुशल धर्मको निम्ति स्तम्भ समान, दृढ पराक्रमी र कुशल धर्ममा काँध न भुकाउने हुन्छ । सम्बोधि लाभ गर्नको निम्ति यो चौथो धर्मको अभ्यास गर्नुपर्छ ।

अनि फेरि अर्को, "आवुसोहो ! भिक्षुले उत्पत्ति र विनाश सम्बन्धमा आर्यले छिचोल्न सक्ने भई सम्यकरूपले दु:खबाट मुक्त हुने प्रज्ञासम्पन्न हुन्छ । सम्बोधि लाभ गर्नको निम्ति यो पाँचौं धर्मको अभ्यास गर्नुपर्छ ।

अनि फेरि अर्को, "आवुसोहो ! भिक्षुको कल्याणमित्र, कल्याणसाथी तथा कल्याण गर्ने सहचारीसँग मिलनशील हुँदा यो आशा गर्न सकिन्छ– शीलवान हुनेछन्, प्रातिमोक्षको नियम पालन गरी बस्नेछन्, आचार र गोचरले सम्पन्न हुनेछन् । अणुमात्रको दोषमा पनि भयदर्शी हुनेछन् अनि शिक्षालाई सम्यकरूपले पालन गर्नेछन् ।

अनि फेरि अर्को, "आवुसोहो ! भिक्षुको कल्याणमित्र, कल्याणसाथी तथा कल्याण गर्ने सहचारीसँग मिलनशील हुँदा यो आशा गर्न सकिन्छ– भिक्षुले जुन कुरा गर्ने हो त्यो शुद्ध र चित्त विमुक्त हुन सहायक हुन्छ । जस्तै कि– अल्पेच्छ कथा, सन्तुष्ट कथा, एकान्तवास कथा, असंसर्ग कथा, वीर्यारम्भ कथा, शील कथा, समाधि कथा, प्रज्ञा कथा, विमुक्ति कथा अनि विमुक्ति ज्ञानदर्शन कथा । यस प्रकारका कुरा गाह्रो नमानि गर्ने, अनायास नै गर्ने अनि प्रचुर मात्रामा गर्नेछन् ।

अनि फेरि अर्को, "आवुसोहो ! भिक्षुको कल्याणमित्र, कल्याणसाथी तथा



Downloaded from http://dhamma.digital

कल्याण गर्ने सहचारीसँग मिलनशील हुँदा यो आशा गर्न सकिन्छ– भिक्षुले अकुशल धर्म हटाउन र कुशल धर्म उत्पन्न गराउन वीर्यवान हुनेछन् । कुशल धर्मको निम्ति स्तम्भ समान, दृढ पराक्रमी र काँध न झुकाउने हुनेछन् ।

अनि फेरि अर्को, "आवुसोहो ! भिक्षुको कल्याणमित्र, कल्याणसाथी तथा कल्याण गर्ने सहचारीसँग मिलनशील हुँदा यो आशा गर्न सकिन्छ– भिक्षु प्रज्ञावान भई उत्पत्ति र विनाश सम्बन्धमा आर्यले छिचोल्न सक्ने भई सम्यकरूपले दुःखबाट मुक्त हुने मार्गमा लाग्नेछन् ।

"भिक्षुहो ! यो पाँच कुरामा अभ्यस्त भएपछि उसले अर्को चार कुरामा पनि अभ्यास गर्नुपर्छ– राग हटाउन अशुभ भावना गर्नुपर्छ, द्वेष हटाउन मैत्री भावना गर्नुपर्छ, वितर्कना हटाउन आनापानानुस्मृति भावना गर्नुपर्छ अनि अहङ्कार हटाउन अनित्य संज्ञाको भावना गर्नुपर्छ । भिक्षुहो ! अनित्य संज्ञाको हुँदा अनात्मा संज्ञामा स्थिर हुन्छ । अनात्मा संज्ञामा स्थिर हुँदा अहङ्कार विनाश भई यसै जन्ममा निर्वाण लाभी हुन्छ ।"

## २. निस्सयसुत्तं

२. त्यसबेला कोही एक भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई..... एक ठाउँमा बस्नुभई वहाँ भिक्षुले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! निश्रय सम्पन्न, निश्रय सम्पन्न भन्ने गर्छन् । भन्ते ! निश्रय सम्पन्न कसरी हुन्छ ? "भिक्षु ! यदि भिक्षु श्रद्धावान् भई अकुशल धर्म त्याग्छ अनि कुशल धर्मको अभ्यास गर्छ भने अकुशल धर्म विनाश हुन्छ । यदि भिक्षु लज्जावान् भई..... यदि भिक्षु (पाप) भीरु भई..... यदी भिक्षु वीर्यवान् भई..... भिक्षु ! यदि भिक्षु प्रज्ञावान् भई अकुशल धर्म त्याग्छ अनि कुशल धर्मको अभ्यास गर्छ भने अकुशल धर्म विनाश हुन्छ । त्यस भिक्षुको अकुशल सम्यकरूपले विनाश भएको भनिन्छ । जुन कि आर्य प्रज्ञाको कारण विनाश भएको हुन्छ ।"

"हे भिक्षु ! यस प्रकार त्यो भिक्षुले यी पाँच धर्ममा स्थित भई चार उपनिश्रयमा बस्नुपर्छ । ती चार के-के हुन् ? हे भिक्षु ! यहाँ भिक्षुले विचार पुऱ्याई उपयुक्त हुने सेवन गर्छ । विचार पुऱ्याई सहनु पर्ने भएमा सहन्छ । विचार पुऱ्याई टाढा रहनु पर्ने भएमा टाढा रहन्छ । विचार पुऱ्याई हटाउनु पर्ने भएमा हटाउँछ । यसरी नै भिक्षु निश्रय सम्पन्न हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ३. मेघियसुत्तं

३. एक समय भगवान चालिकास्थित चालिका पर्वतमा बस्नुहुन्थ्यो । त्यस समय आयुष्मान मेघिय भगवानको उपस्थापक हुनुहुन्थ्यो । त्यसबेला आयुष्मान मेघिय जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान मेघियले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! म जन्तु गाउँमा गई भिक्षाटन गर्न चाहन्छु ।" "मेघिय ! यस समयमा तिमीले जे बुझ्दछौ ।"

अनि आयुष्मान मेघिय पुर्वाण्ह समय चीवर लगाई जहाँ जन्तु गाउँ हो, त्यहाँ भिक्षाटनको निम्ति जानुभयो । जन्तु गाउँमा भिक्षाटन गरी भोजन पश्चात जहाँ किमिकाल नदीको तट थियो त्यहाँ पुग्नुभयो । त्यहाँ घुम्दै जाँदा प्रसन्नमय एक रमणीय आम्रवनलाई देख्नुभयो । देख्नुभई, मनमा यस्तो विचार गर्नुभयो– "यो आम्रवन प्रसन्नमय तथा रमणीय छ, यहाँ ध्यान भावना गर्ने चाह भएका कुलपुत्र-लाई यो स्थान योग्य छ । यदि भगवानले मलाई अनुमति दिनु भएमा यस आम्रवनमा आई ध्यान भावना गर्छु ।

अनि आयुष्मान मेघिय जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान मेघियले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! म पूर्वाण्ह समयमा चीवर लगाई जहाँ जन्तु गाउँ हो, त्यहाँ भिक्षाटनको निम्ति गिस्कें । जन्तु गाउँमा भिक्षाटन गरी भोजन पश्चात जहाँ किमिकाल नदीको तट थियो त्यहाँ पुगें । त्यहाँ घुम्दै जाँदा प्रसन्नमय एक रमणीय आम्रवनलाई दखें । देख्दा मेरो मनमा यस्तो लाग्यो– "यो आम्रवन प्रसन्नमय तथा रमणीय छ, यहाँ ध्यान भावना गर्ने चाह भएका कुलपुत्रलाई यो स्थान योग्य छ । यदि भगवानले मलाई अनुमति दिनु भएमा म आम्रवनमा गई ध्यान भावना गर्नेछु ।" "मेघिय ! अहिले म एक्लै छु, अर्को भिक्षु नआउञ्जेल प्रतिक्षा गर्नु ।"

दोस्रो पटक पनि आयुष्मान मेघियले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! भगवानले गर्नु पर्ने अब केही बाँकी छैन । भगवानको निम्ति अब कृत कर्मको 'विपाक' भन्ने छैन । भन्ते ! मैले केही गर्नु पर्ने कार्य अझै बाँकि नै छ । मेरो निम्ति अहिले कृत कर्मको 'विपाक' भन्ने छ । यदि भगवानले मलाई अनुमति दिनुहुन्छ भने म आम्रवनमा गई ध्यान भावना गर्नेछु ।" "मेघिय ! अहिले म एक्लै



Downloaded from http://dhamma.digital

छु, अर्को भिक्षु नआउञ्जे प्रतिक्षा गर्नु ।"

तेस्रो पटक पनि आयुष्मान मेघियले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! भगवानले गर्नु पर्ने अब केही बाँकी छैन । भगवानको निम्ति अब कृत कर्मको 'विपाक' भन्ने छैन । भन्ते ! मैले केही गर्नु पर्ने कार्य अझै बाँकि नै छ । मेरो निम्ति अहिले कृत कर्मको 'विपाक' भन्ने छ । यदि भगवानले मलाई अनुमति दिनुहुन्छ भने म आम्रवनमा गई ध्यान भावना गर्नेछु ।" "मेघिय ! ध्यान भावना गर्न जान्छौ भने तिमीलाई अरू के नै भन्ने । मेघिय ! समयको ख्याल गरी अहिले जे गर्नु उचित मान्छौ ।"

अनि आयुष्मान मेघियले भगवानलाई अभिवादन र प्रदक्षिणा गरी जहाँ आम्रवन थियो त्यहाँ जानुभयो । आम्रवनमा प्रविष्ट भई दिनको समय बिताउन एउटा वृक्ष मुनि बस्नुभयो । त्यस समय त्यहाँ आम्र वनमा बस्नुहुँदा आयुष्मान मेघियको मनमा तीन अकुशल धर्म धेरै नै आउन थाले– काम वितर्क, द्वेष वितर्क र विहिंसा वितर्क । त्यसबेला आयुष्मान मेघियको मनमा यस्तो विचार आयो– "ओहो आश्चर्य हो यो, अद्भूत हो यो ! म श्रद्धापूर्वक घरबाट बेघर भई प्रव्रजित भएको हुँ । तर अहिले म भने तीन पापमय अकुशल वितर्कद्वारा घेरिएको छु– काम वितर्कद्वारा, द्वेष वितर्कद्वारा अनि विहिंसा वितर्कद्वारा ।"

अनि आयुष्मान मेघिय जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ जानुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नुभई आयुष्मान मेघियले भगवानलाई यसरी भन्नुभयो–

"भन्ते ! त्यहाँ आम्रवनमा विचरण गरिरहेको समयमा तीन पापमय अकुशल वितर्क औधि नै उत्पन्न भयो– जुन कि काम वितर्क, द्वेष वितर्क र विहिंसा वितर्क । भन्ते ! त्यस अवस्थामा ममा यस्तो विचार आयो– 'ओहो आश्चर्य हो यो ! अद्भूत हो यो ! म श्रद्धापूर्वक घरबाट बेघर भई प्रव्रजित भएको हुँ । तर अहिले भने ममा तीन पापमय अकुशल वितर्कद्वारा घेरिएको छु– काम वितर्कद्वारा, द्वेष वितर्कद्वारा अनि विहिंसा वितर्कद्वारा ।' "

"मेघिय ! यी पाँच कुराहरू हुन् जुन अपरिपक्व चित्त विमुक्तलाई परिपक्व बनाउँछ । ती पाँच के के हुन् ? मेघिय ! यहाँ भिक्षुले कल्याणमित्र, कल्याणसाथी तथा कल्याण गर्ने सहचारीसँग मिलनशील हुनुपर्छ । मेघिय ! अपरिपक्व चित्त विमुक्तलाई परिपक्व बनाउने यो पहिलो धर्म हो ।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, मेघिय ! भिक्षु शीलवान हुन्छ, प्रातिमोक्षको नियम पालन गर्छ । आचार र गोचरले सम्पन्न हुन्छ । अणुमात्रको दोषमा पनि भयदर्शी हुन्छ अनि शिक्षालाई सम्यकरूपले पालन गर्छ । मेघिय ! अपरिपक्व चित्त विमुक्तलाई परिपक्व बनाउने यो दोस्रो धर्म हो ।

"अनि फेरि अर्को, "मेघिय ! भिक्षुले जुन कुरा गर्छ त्यो शुद्ध र चित्त विमुक्त हुनको निम्ति सहायक हुन्छ । जस्तै कि– अल्पेच्छ कथा, सन्तुष्ट कथा, एकान्तवास कथा, असंसर्गको कथा, वीर्यारम्भ कथा, शील कथा, समाधि कथा, प्रज्ञा कथा, विमुक्ति कथा, विमुक्ति ज्ञानदर्शन कथा । यस प्रकारका कुरामा गाह्रो नमानि गर्छ, अनायास नै गर्छ अनि धेरै नै गर्छ । मेघिय ! अपरिपक्व चित्त विमुक्तलाई परिपक्व बनाउने यो तेस्रो धर्म हो ।

अनि फेरि अर्को, "मेघिय ! भिक्षुले अकुशल धर्म हटाउन, कुशल धर्म उत्पन्न गर्न वीर्यवान हुन्छ । कुशल धर्मको निम्ति स्तम्भ समान, दृढ पराक्रमी तथा काँध झुकाउँदैन । मेघिय ! अपरिपक्व चित्त विमुक्तलाई परिपक्व बनाउने यो चौथो धर्म हो ।

"मेघिय ! भिक्षुले उत्पत्ति र विनाश सम्बन्धमा आर्यद्वारा छिचोल्ने भई सम्यकरूपले दुःखबाट मुक्त हुने प्रज्ञा सम्पन्न हुन्छ । मेघिय ! अपरिपक्व चित्त विमुक्तलाई परिपक्व बनाउने यो पाँचौं धर्म हो ।

"मेघिय ! 'भिक्षुको कल्याणमित्र, कल्याणसाथी तथा कल्याण गर्ने सहचारीसँग मिलनशील हुँदा यो आशा गर्न सकिन्छ– शीलवान हुनेछन्..... शिक्षापदलाई सम्यकरूपले पालन गर्नेछन् ।' "

"मेघिय ! भिक्षुको कल्याणमित्र, कल्याणसाथी तथा कल्याण गर्ने सहचारीसँग मिलनशील हुँदा यो आशा गर्न सकिन्छ– भिक्षुले जुन कुरा गर्छ त्यो शुद्ध र चित्त विमुक्त हुनमा सहायक हुन्छ । जस्तै कि– 'अल्पेच्छ कथा... विमुक्ति ज्ञानदर्शन कथा । यस प्रकारका कुरालाई गाह्रो नमानि गर्छ, अनायासमा नै गर्छ अनि धेरै नै गर्छ ।' "

"मेघिय ! भिक्षुको कल्याणमित्र, कल्याणसाथी तथा कल्याण गर्ने सहचारीसँग मिलनशील हुँदा यो आशा गर्न सकिन्छ– भिक्षुले अकुशल धर्मलाई हटाउन वीर्यवान... तथा कुशल धर्ममा काँध झुकाउँदैन ।' "



Downloaded from http://dhamma.digital

"मेघिय ! भिक्षुको कल्याणमित्र, कल्याणसाथी तथा कल्याण गर्ने सहचारीसँग मिलनशील हुँदा यो आशा गर्न सकिन्छ– 'भिक्षु प्रज्ञावान हुन्छ... सम्यकरूपले दुःख क्षय हुने मार्गमा लाग्नेछन् ।' "

"मेघिय ! यी पाँच कुरामा अभ्यस्त भएपछि उसले अर्को चार कुरामा पनि अभ्यास गर्नुपर्छ– राग हटाउन अशुभ भावना गर्नुपर्छ, द्वेषल हटाउन मैत्री भावना गर्नुपर्छ, वितर्कना हटाउन आनापानानुस्मृति भावना गर्नुपर्छ, अहङ्कार हटाउन अनित्य संज्ञाको भावना गर्नुपर्छ । मेघिय ! अनित्य संज्ञाको हुँदा अनात्मा संज्ञामा स्थिर हुन्छ । अनात्मा संज्ञामा स्थिर हुँदा अहङ्कार विनाश भई यसै जन्ममा निर्वाण लाभी हुन्छ ।"

## ४. नन्दकसुत्तं

४. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यस समय आयुष्मान नन्दक उपस्थानशालामा भिक्षुहरूलाई धार्मिक कथाद्वारा शिक्षित गरिरहेका थिए, प्रेरित गरिरहेका थिए, उत्साहित गरिरहेका थिए तथा आनन्दित गरिरहेका थिए । त्यस समय भगवान सन्ध्या भई सकेपछि एकान्त सेवनबाट उठ्नु भई जहाँ उपस्थानशाला थियो, त्यहाँ जानु भयो । त्यहाँ पुग्नुभई प्रवचन समाप्त हुने समयसम्म प्रतिक्षा गर्नु हुँदै बरन्दामा उभीरहनुभयो । अनि भगवानले प्रवचन कार्य समाप्त भएको जान्नु भई खोक्नु भयो र दैलोमा रहेको सिक्रीले टकटक गरी आवाज दिनुभयो । ती भिक्षुहरूले द्वार खोलिदिए ।

अनि त भगवान उपस्थानशालामा प्रवेश गर्नुभई बिछ्याईएको आसनमा बस्नुभयो । बस्नु भएपछि आयुष्मान नन्दकलाई भगवानले यसरी भन्नुभयो– "नन्दक ! तिमीले भिक्षुहरूलाई धर्मको विषय लिएर धेरै लामो प्रवचन दियौ । बाहिर द्वारमा धार्मिक प्रवचन समाप्तिको प्रतिक्षा गरिरहँदा मेरो पिठ्यूँ नै दुख्यो ।

यसरी भन्नु हुँदा आयुष्मान नन्दकले लाज मान्दै भगवानलाई यसरी भन्नुभयो– "मलाई थाहा भएन, भन्ते ! 'भगवान द्वारको बाहिर बस्नु भएको ।' यदि मैले, भन्ते ! 'भगवान बाहिर द्वारमा बस्नु भएको' थाहा पाएको भए यति लामो प्रवचन दिने थिइन ।"

अनि भगवानले आयुष्मान नन्दक लज्जित भएको जान्नु भई आयुष्मान नन्दकलाई भगवानले यसरी भन्नुभयो– "साधु, साधु नन्दक ! श्रद्धापूर्वक घरबाट



Downloaded from http://dhamma.digital

बेघर भई तिमी जस्तो कुलपुत्रको निम्ति यही नै योग्य हो कि धार्मिक कुराको वार्ता गर्दै रहनु । नन्दक ! सन्निपात हुँदा दुई कुरा गर्नुपर्छ– धार्मिक कुरा वा आर्य मौन । नन्दक ! भिक्षु श्रद्धावान हुन्छ, शीलवान हुँदैन । यस्तो हुँदा ऊ त्यस अङ्गमा अपरिपूर्ण हुन्छ । उसले त्यस अङ्गलाई परिपूर्ण गर्नुपर्छ– 'किन मैले श्रद्धा र शीललाई परिपूर्ण नगरौं ।' नन्दक ! जब भिक्षु श्रद्धावान र शीलवान हुन्छ, तब ऊ यसरी त्यस अङ्गमा परिपूर्ण हुन्छ ।

"नन्दक ! भिक्षु श्रद्धावान र शीलवान हुन्छ, तर भित्री चित्त समाधिको लाभी हुँदैन । यस्तो हुँदा ऊ त्यस अङ्गमा अपरिपूर्ण हुन्छ । उसले त्यस अङ्गलाई परिपूर्ण गर्नुपर्छ– 'किन मैले श्रद्धा, शील र भित्री चित्तको समाधिलाई परिपूर्ण नगरौं ।' नन्दक ! जब भिक्षु श्रद्धावान, शीलवान र भित्री चित्तमा समाधि हुन्छ, तब ऊ यसरी त्यस अङ्गमा परिपूर्ण हुन्छ ।

"नन्दक ! भिक्षु श्रद्धावान, शीलवान र भित्री चित्तमा समाधिको लाभी हुन्छ, तर प्रज्ञाधर्म-विपस्सनाको लाभी हुँदैन । यस्तो हुँदा ऊ त्यस अङ्गमा अपरिपूर्ण हुन्छ । जस्तो कि, नन्दक ! चतुष्पाद प्राणी हुन्छ । उसको एउटा पाद छोटो वा लँगडो हुन्छ । यसो हुँदा त्यो अपरिपूर्ण हुन्छ । यसरी नै नन्दक ! जब भिक्षु श्रद्धावान, शीलवान, भित्री चित्तमा समाधि लाभी हुन्छ, तर प्रज्ञाधर्म-विपस्सनाको लाभी हुँदैन । यस्तो हुँदा ऊ त्यस अङ्गमा अपरिपूर्ण हुन्छ । उसले त्यस अङ्गलाई परिपूर्ण गर्नुपर्छ– 'किन मैले श्रद्धा, शील, भित्री चित्तको समाधि र प्रज्ञाधर्म-विपस्सनालाई परिपूर्ण नगरौं ।' "

"नन्दक ! जब भिक्षु श्रद्धावान, शीलवान, भित्री चित्तमा समाधिको लाभी र प्रज्ञाधर्म-विपस्सनाको लाभी हुन्छ । तब ऊ यसरी त्यस अङ्गमा परिपूर्ण हुन्छ । यति भन्नुभई भगवान आसनबाट उठेर विहारमा प्रवेश गर्नुभयो ।

यसपछि आयुष्मान नन्दकले भगवान जानुभएको केही क्षणपछि भिक्षुहरू-लाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! भगवानबाट अहिले चारपदले नै सम्पूर्ण प-रिशुद्ध ब्रह्मचर्य प्रकाशित पार्नुभई उठेर विहार भित्र पस्नुभयो– 'नन्दक ! भिक्षु श्रद्धावान हुन्छ, शीलवान हुँदैन । यस्तो हुँदा ऊ त्यस अङ्गमा अपरिपूर्ण हुन्छ । उसले त्यस अङ्गलाई परिपूर्ण गर्नुपर्छ– 'किन मैले श्रद्धा र शील परिपूर्ण नगरौं ।' नन्दक ! जब भिक्षु श्रद्धावान र शीलवान हुन्छ, यसरी ऊ त्यस अङ्गमा परिपूर्ण हुन्छ । नन्दक ! भिक्षु श्रद्धावान र शीलवान हुन्छ, तर भित्री चित्त समाधिको लाभी हुँदैन...भित्री चित्तमा समाधिको लाभी हुन्छ, तर प्रज्ञाधर्म-विपस्सनाको लाभी



Downloaded from http://dhamma.digital

हुँदैन । यस्तो हुँदा ऊ त्यस अङ्गमा अपरिपूर्ण हुन्छ । जस्तो कि, नन्दक ! चतुष्पाद प्राणी हुन्छ । उसको एउटा पाद छोटो वा लँगडो हुन्छ । यसो हुँदा त्यो अपरिपूर्ण हुन्छ । यसरी नै नन्दक ! जब भिक्षु श्रद्धावान, शीलवान, भित्री चित्तमा समाधि लाभी हुन्छ, तर प्रज्ञाधर्म-विपस्सनाको लाभी हुँदैन । यस्तो हुँदा ऊ त्यस अङ्गमा अपरिपूर्ण हुन्छ । उसले त्यस अङ्गलाई परिपूर्ण गर्नुपर्छ– 'किन मैले श्रद्धा, शील, भित्री चित्तको समाधि र प्रज्ञाधर्म-विपस्सनालाई परिपूर्ण नगरौं ।' आवुसोहो ! जब कि भिक्षु श्रद्धावान, शीलवान, भित्री चित्तमा समाधिको लाभी र प्रज्ञाधर्म-विपस्सनाको लाभी हुन्छ । तब ऊ यसरी त्यस अङ्गमा परिपूर्ण हुन्छ ।"

"आवुसोहो ! समय-समयमा धर्मश्रवण र धर्मको विषयमा छलफल गर्दा पाँच प्रकारका शुभपरिणाम हुन्छ । ती पाँच के-के हुन् ? आवुसोहो ! यहाँ भिक्षुले भिक्षुहरूलाई धर्म देशना गर्छ– आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण हुने सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्छ । आवुसोहो ! जबजब भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ– आदिकल्याण, मध्यकल्याण र अन्त-कल्याण हुने सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्छ । तबतब उसले शास्ता मन पराउने, मनोनुकुल हुने, गौरवनीय र आदरणीय हुन्छ । आवुसोहो ! समय-समयमा धर्मश्रवण र धर्मको विषयमा छलफल गर्दाको यो पहिलो शुभपरिणाम हो ।

"अनि फेरि अर्को, आवुसोहो ! यहाँ भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ– आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण हुने सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्छ । आवुसोहो ! जबजब भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ– आदिकल्याण... ब्रह्मचर्य प्रकाश पार्छ । तबतब उसले त्यस धर्ममा अर्थ तथा भावको प्रतिसंवेदित हुन्छ । आवुसोहो ! समय-समयमा धर्म श्रवण र धर्मको विषयमा छलफल गर्दाको यो दोस्रो शुभ परिणाम हो ।

"अनि फेरि अर्को, आवुसोहो ! यहाँ भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ– आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण हुने सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्छ । आवुसोहो ! जबजब भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ– आदिकल्याण..... ब्रह्मचर्य प्रकाश पार्छ । तबतब उसले त्यस धर्ममा रहेको गम्भीर अर्थपदलाई प्रज्ञाद्वारा हृदयङ्गम गर्छ । आवुसोहो ! समय-समयमा धर्म श्रवण र धर्मको विषयमा छलफल गर्दाको यो तेस्रो शुभ परिणाम हो ।

"अनि फेरि अर्को, आवुसोहो ! यहाँ भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ–



Downloaded from http://dhamma.digital

आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण हुने सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्छ। आवुसोहो ! जबजब भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ– आदिकल्याण..... ब्रह्मचर्य प्रकाश पार्छ। तबतब उसले आफ्ना गुरुभाइप्रति अधिकाधिक गौरव गर्नेछन्, अब यहाँ आयुष्मानले निश्चय नै (ज्ञान प्राप्तिको उच्च शिखरमा) पुग्नेछन् वा पुग्यो । आवुसोहो ! समय-समयमा धर्म श्रवण र धर्मको विषयमा छलफल गर्दाको यो चौथो शुभ परिणाम हो।

"अनि फेरि अर्को, आवुसोहो ! यहाँ भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ– आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण हुने सार्थक सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश गर्छ। आवुसोहो ! जबजब भिक्षुले भिक्षुहरूलाई धर्मदेशना गर्छ– आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण हुने सार्थक सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्छ। त्यस अवस्थामा जो भिक्षुहरू शैक्ष हुन्छन् अथवा जसले अप्राप्ति अनुत्तर योग क्षमको प्रार्थी भई विचरण गर्ने हुन्छन्। उसले त्यस धर्मलाई श्रवण गरी आप्राप्तिलाई प्राप्त गर्न, अनधिकृतलाई अधिकृत गर्न तथा असाक्षात्कृतलाई साक्षात्कार गर्न प्रयत्नशील हुन्छ। तर जो भिक्षुहरू अर्हत, क्षीणाश्रव हुन्छ, जसले आफ्नो जीवनको उद्देश्यलाई प्राप्त गरिसकेको हुन्छ, जो कृतकृत्य हुन्छ, जसको भार विहीन हुन्छ, जसले सदार्थ प्राप्त गरेको हुन्छ, जसको भव-बन्धन क्षीण भइसकेको हुन्छ तथा जो सम्यक प्रकारले प्रज्ञा विमुक्त हुन्छ, ऊ त्यस धर्मलाई सुनेर यसै जीवनमा सुखको अनुभव गर्दै विचरण गर्नेछन्। आवुसोहो ! समय-समयमा धर्म श्रवण र धर्मको विषयमा छलफल गर्दाको यो पाँचौ शुभपरिणाम हो। आवुसोहो ! समय-समयमा धर्म श्रवण र धर्मको विषयमा छलफल गर्दाको यी नै पाँच शुभपरिणाम हुन्।"

## ५. बलसुत्तं

Dhamma.Digital

५. "भिक्षुहो ! यी चार प्रकारका बल छन्। ती चार के-के हुन् ? प्रज्ञाबल, वीर्यबल, निर्दोषबल र सङ्ग्रहबल । भिक्षुहो ! प्रज्ञाबल भनेको के हो ? जुन कुशलधर्म हो, कुशलधर्म भनी मानिन्छ, जुन अकुशलधर्म हो, अकुशलधर्म भनी मानिन्छ, जुन धर्म सदोष हो, सदोषधर्म भनी मानिन्छ, जुन धर्म निर्दोष हो, निर्दोषधर्म भनी मानिन्छ, जुन धर्म कृष्ण हो, कृष्णधर्म भनी मानिन्छ, जुन धर्म शुक्ल हो, शुक्लधर्म भनी मानिन्छ; जुन धर्म सेवन गर्न योग्य हो, धर्मसेवन गर्नुपर्ने भनी मानिन्छ, जुन धर्म सेवन गर्न नहुने हो, सेवन गर्न नहुने भनी मानिन्छ, जुन धर्म आर्यजनको निम्ति अयोग्य हो, आर्यजनको निम्ति अयोग्य भनी मानिन्छ, जुन धर्म आर्यजनको निमित्त योग्य हो, आर्यजनको निम्ति योग्य भनी



Downloaded from http://dhamma.digital

मानिन्छ। यी सबै धर्मलाई प्रज्ञाद्वारा जानेको हुन्छ, सम्यक प्रकारले जानेको हुन्छ। भिक्षुहो ! यसैलाई प्रज्ञाबल भनिन्छ।

"भिक्षुहो ! वीर्यबल भनेको के हो ? जुन अकुशल धर्म हो, अकुशल धर्म भनी मानिन्छ, जुन धर्म सदोष हो, सदोषधर्म भनी मानिन्छ जुन धर्म कृष्ण हो, कृष्णधर्म भनी मानिन्छ, जुन धर्म सेवन गर्न नहुने हो, सेवन गर्न नहुने धर्म भनी मानिन्छ, जुन धर्म आर्यजनको निम्ति अयोग्य हो, आर्यजनको निम्ति अयोग्य धर्म भनी मानिन्छ। ती धर्महरू विनष्ट गर्ने इच्छा गर्छ, प्रयास गर्छ, पराक्रम गर्छ, र चित्त त्यसमा लगाउँछ। जुन कुशलधर्म हो, कुशल भनी मानिन्छ, जुन धर्म निर्दोष हो, निर्दोषधर्म भनी मानिन्छ, जुन धर्म शुक्ल हो, शुक्लधर्म भनी मानिन्छ, जुन धर्म सेवन गर्न योग्य हो, सेवन गर्नुपर्ने धर्म भनी मानिन्छ, जुन धर्म आर्यजनको निम्ति योग्य हो, आर्यजनको निम्ति योग्य धर्म भनी मानिन्छ। ती धर्म प्राप्त गर्ने इच्छा गर्छ, प्रयास गर्छ, पराक्रम गर्छ, र त्यसमा चित्त लगाउँछ। भिक्षुहो ! यसैलाई वीर्यबल भनिन्छ।

"भिक्षुहो ! निर्दोषबल भनेको के हो ? यहाँ, भिक्षुहो ! आर्यश्रावक शरीरद्वारा हुने कर्म निर्दोष हुन्छ, वाणीद्वारा हुने कर्म निर्दोष हुन्छ अनि मनद्वारा हुने कर्म निर्दोष हुन्छ। भिक्षुहो ! यसैलाई निर्दोषबल भनिन्छ।

"भिक्षुहो ! सङ्ग्रहबल भनेको के हो ? भिक्षुहो ! यी चार प्रकारका सङ्ग्रह-नीय वस्तु हुन्– दान, प्रियवचन, अर्थचर्या र समानता। भिक्षुहो ! जुन कि यो दान मध्यमा धर्मदान दिनु नै अग्र हो। भिक्षुहो ! जुन कि यो ध्यान दिएर सुन्नेलाई वा चाह राख्नेलाई पुनः पुनः धर्मदेशना गर्नु नै प्रिय वचनमा अग्र हो। भिक्षुहो ! जुन कि यो अश्रद्धावानलाई श्रद्धावान बनाउन प्रेरित गर्छ, स्थापित गर्छ तथा प्रतिष्ठित गर्छ, दुश्शीललाई शीलवान बनाउन..... कन्जुसीलाई त्यागी बनाउन..... दुष्प्रज्ञलाई प्रज्ञावान बनाउन प्रेरित गर्छ, स्थापित गर्छ तथा प्रतिष्ठित गर्छ भने यो नै अर्थ चर्यामा अग्र हो। भिक्षुहो ! जुन कि यो श्रोतापन्न वा श्रोतापन्नसरह हुनदिनु, सकृदागामि वा सकृदागामिसरह हुनदिनु, अनागामि वा अनागामिसरह हुनुदिनु अनि अर्हत वा अर्हतसरह हुनदिनु नै समानतामा अग्र हो। भिक्षुहो ! यसैलाई सङ्ग्रहबल भनिन्छ। भिक्षुहो ! यी नै चार प्रकारका बल हुन्।

"भिक्षुहो ! यी चार प्रकारका बलसम्पन्न आर्यश्रावक पाँच प्रकारका भयबाट मुक्त हुन्छ। ती पाँच के-के हुन् ? आजीविका भय, निन्दा भय, परिषदमा आउन-जानमा सङ्कुचित हुनुपर्ने भय, मृत्यु भय अनि दुर्गति भय। भिक्षुहो ! ती



Downloaded from http://dhamma.digital

आर्य श्रावकले यसरी प्रत्यवेक्षण गर्छ– 'म आजीविकाको भयले भयभीत छैन, किन म आजीविका भयद्वारा भयभीत हुने ? मसँग चार प्रकारका बलहरू छन्– प्रज्ञाबल, वीर्यबल, निर्दोषबल अनि सङ्ग्रहबल । दुष्प्रज्ञ हुनेले मात्रै आजीविकाको भयमा भयभीत हुन्छ । आलसी हुनेले मात्रै आजीविकाको भयद्वारा भयभीत हुन्छ । शारीरिक कर्म, वाचसिक कर्म र मानसिक कर्ममा सदोष हुनेले मात्रै आजीविकाको भयद्वारा भयभीत हुन्छ । सङ्ग्रह नगर्नेले मात्रै आजीविकाको निम्ति भयमा भयभीत हुन्छ । म निन्दा भयले भयभीत हुनु पर्दैन..... परिषदमा आउने-जाने गर्दा सङ्कुचित भयमा म भयभीत हुनु पर्दैन..... मृत्यु हुने भयमा म भयभीत हुनु पर्दैन..... दुर्गतिको भयमा म भयभीत हुनु पर्दैन । किन म दुर्गतिको भयमा भयभीत हुने ? मसँग चार प्रकारका बलहरू छन्– प्रज्ञाबल, वीर्यबल, निर्दोषबल अनि सङ्ग्रहबल । दुष्प्रज्ञ हुने नै आजीविकाको भयमा भयभीत हुन्छ । आलसी हुने नै आजीविकाको भयमा भयभीत हुन्छ । शारीरिक कर्म, वाचसिक कर्म र मानसिक कर्ममा सदोष हुने नै आजीविकाको भयमा भयभीत हुन्छ । सङ्ग्रह नगर्ने नै आजीविकाको भयमा भयभीत हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका बलमा सम्पन्न हुने आर्यश्रावक पाँच प्रकारका भयबाट मुक्त हुन्छ ।"

## ६. सेवनसुत्तं

६. एकदिन आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो..... आयुष्मान सारिपुत्तले यसरी भन्नुभयो–

"आवुसोहो ! दुई प्रकारका व्यक्तिहरू छन् भनी जान्नुपर्छ– सङ्गत गर्नु हुने र सङ्गत गर्न नहुने । आवुसोहो ! चीवर पनि दुई प्रकारका हुन्छन्– सेवन गर्नु हुने र सेवन गर्न नहुने । आवुसोहो ! पिण्डपात पनि दुई प्रकारका हुन्छन्– सेवन गर्न हुने र सेवन गर्न नहुने । आवुसोहो ! शयनासन पनि दुई प्रकारका हुन्छन्– सेवन गर्न हुने र सेवन गर्न नहुने । आवुसोहो ! गाउँ र शहर पनि दुई प्रकारका हुन्छन्- बस्न उपयुक्त र बस्न अनुपयुक्त । आवुसोहो ! जनपद तथा प्रदेश पनि दुई प्रकारका छन्– बस्न उपयुक्त र बस्न अनुपयुक्त ।

"आवुसोहो ! 'व्यक्ति पनि दुई प्रकारका हुन्छन् भनी जान्नु पर्छ– सङ्गत गर्न हुने र सङ्गत गर्न नहुने', भनी भनें । त्यसरी किन भनें ? आवुसोहो ! त्यस अवस्थामा व्यक्तिलाई जुन थाहापाएको हुन्छ कि– 'यो व्यक्तिसँग सङ्गत गर्दा अकुशलधर्म झनझन वृद्धि हुन्छ, कुशलधर्म भने परिहानि हुन्छ । म प्रव्रजितलाई चाहिने जुन चीवर, पिण्डपात, शयनासन र ग्लान-प्रत्यय-भैषज्यादि



Downloaded from http://dhamma.digital

प्राप्त गर्न अति कठिन छ । अतएव जुन उद्देश्य पूर्तिको लागि म घरबाट बेघर भई प्रव्रजित भएको हुँ, त्यो मेरो श्रमण हुनुको उद्देश्य पनि पूर्ति हुनेछैन । त्यसो हुँदा आवुसोहो ! त्यस व्यक्तिलाई चाहिन्छ कि, चाहे रातको समय वा दिनको समय होस् उसलाई केही नभनी वा नसोधी त्यस व्यक्तिलाई छाडेर जानु । त्यसको पछिपछि लागेर नहिँड्नु ।

"त्यस अवस्थामा व्यक्तिले थाहा पाएको हुन्छ कि– 'यो व्यक्तिसँग सङ्गत गर्दा अकुशल धर्म झनझन वृद्धि हुन्छ, कुशलधर्मको परिहानि हुन्छ । म प्रव्रजितलाई चाहिने जुन चीवर, पिण्डपात, शयनासन र ग्लान-प्रत्यय-भैषज्यादि सजिलै प्राप्त हुन्छ । अतएव जुन उद्देश्य पूर्तिको लागि म घरबाट बेघर भई प्रव्रजित भएको हुँ, त्यो मेरो श्रमण हुनुको उद्देश्य पनि पूर्ति हुँदैन । त्यसो हुँदा आवुसोहो ! त्यस व्यक्तिलाई चाहिन्छ कि, चाहे रातको समय वा दिनको समय होस् उलाई केही नभनी वा नसोधी त्यस व्यक्तिलाई छाडेर जानु । त्यसको पछि पछि लागेर नहिँड्नु ।

"त्यस अवस्थामा व्यक्तिले थाहा पाएको हुन्छ कि– 'यो व्यक्तिसँग सङ्गत गर्दा अकुशलधर्म परिहानि हुन्छ, कुशल धर्मको झनझन वृद्धि हुन्छ । म प्रव्रजितलाई चाहिने जुन चीवर, पिण्डपात, शयनासन र ग्लान-प्रत्यय-भैषज्यादि प्राप्त गर्न अति कठिन छ । अतएव जुन उद्देश्य पूर्तिको लागि म घरबाट बेघर भई प्रव्रजित भएको हुँ, त्यो मेरो श्रमण हुनुको उद्देश्य पूर्ति हुनेछ ।' त्यसैले, आवुसोहो ! त्यस व्यक्तिसँग नसोधी पछिपछि लाग्नु, अर्थात उसको साथ न छोड्नु ।

"त्यस अवस्थामा व्यक्तिले थाहा पाएको हुन्छ कि– 'यो व्यक्तिसँग सङ्गत गर्दा अकुशल धर्म परिहानि हुन्छ, कुशल धर्महरू झनझन वृद्धि हुन्छ । म प्रव्रजितलाई चाहिने जुन चीवर, पिण्डपात, शयनासन र ग्लान-प्रत्यय-भैषज्यादि सजिलै प्राप्त भइरहेको छ । अतएव जुन उद्देश्य पूर्तिको लागि म घरबाट बेघर भई प्रव्रजित भएको हुँ, त्यो मेरो श्रमण हुनुको उद्देश्य पनि पूर्ति हुनेछ ।' त्यसकारण, आवुसोहो ! त्यस व्यक्तिसँग उसले सारा जीवन साथ लाग्नुपर्छ, यदि उसले आफूसँग राख्न नचाहेता पनि उसको साथ नछोड्नु । 'आवुसोहो ! दुई प्रकारका व्यक्तिहरू छन् भनी जान्नुपर्छ– सङ्गत गर्न हुने र सङ्गत गर्न नहुने ।' यो जुन भनें यही अर्थलाई लिएर भनेको हुँ ।

"आवुसोहो ! चीवर पनि दुई प्रकारका छन्– 'धारण गर्न हुने र धारण गर्न



Downloaded from http://dhamma.digital

नहुने ।' यो जुन भनें त्यो के कारणले भने ? जुन चीवरको बारेमा यसरी जानेको हुन्छ– 'यो चीवरधारी हुँदा अकुशलधर्मको वृद्धि हुन्छ, कुशलधर्मको परिहानि हुन्छ ।' यसप्रकारको हुँदा चीवरधारी हुनु हुँदैन । जुन चीवरको बारेमा यसरी जानेको हुन्छ– 'यो चीवरधारी हुँदा कुशलधर्मको वृद्धि हुन्छ, अकुशलधर्मको परिहानि हुन्छ ।' यसप्रकारको हुँदा चीवरधारी भए हुन्छ । "आवुसोहो ! चीवर पनि दुई प्रकारका छन्– 'धारण गर्न हुने र धारण गर्न नहुने ।' यो जुन भने त्यो यही कारणलाई लिएर भनेको हुँ ।

"आवुसोहो ! पिण्डपात पनि दुई प्रकारका छन्– 'ग्रहण गर्न हुने र न-हुने ।' यो जुन भनें त्यो के कारणले भने ? जुन पिण्डपातको बारेमा यसरी जानेको हुन्छ– 'यो पिण्डपात ग्रहण गर्दा अकुशल धर्मको वृद्धि हुन्छ, कुशल धर्मको परिहानि हुन्छ ।' यसप्रकारको हुँदा पिण्डपात ग्रहण नगर्नु । जुन पिण्डपातको बारेमा यसरी जानेको हुन्छ– 'यो पिण्डपात ग्रहण गर्दा कुशल धर्मको वृद्धि हुन्छ, अकुशल धर्मको परिहानि हुन्छ ।' यसप्रकारको हुँदा पिण्डपात ग्रहण गरे हुन्छ । "आवुसोहो ! पिण्डपात पनि दुई प्रकारका छन्– 'ग्रहण गर्न हुने र ग्रहण गर्न नहुने ।' यो जुन भनें त्यो यही कारणलाई लिएर भनेको हुँ ।

"आवुसोहो ! शयनासन पनि दुई प्रंकारका छन्– 'उपयोग गर्न हुने र नहुने ।' यो जुन भनें त्यो के कारणले भनें ? जुन शयनासनको बारेमा यसरी जानेको हुन्छ– 'यो शयनासनको उपयोग गर्दा अकुशल धर्मको वृद्धि हुन्छ, कुशल धर्मको परिहानि हुन्छ ।' यसप्रकारको शयनासनलाई उपयोग गर्नु हुँदैन । जुन शयनासनको बारेमा यसरी जानेको हुन्छ– 'यो शयनासनको उपयोग गर्दा कुशल धर्मको वृद्धि हुन्छ, अकुशल धर्मको परिहानि हुन्छ ।' यसप्रकारले शयनासनको उपयोग गरे हुन्छ । "आवुसोहो ! शयनासन पनि दुई प्रकारका छन्– 'उपयोग गर्नु हुने र उपयोग गर्नु नहुने ।' यो जुन भनें त्यो यही कारणलाई लिएर भनेको हुँ ।

"आवुसोहो ! ग्राम वा नगर पनि दुई प्रकारका छन्– 'बस्न उपयुक्त र बस्न अनुपयुक्त ।' यो जुन भनें त्यो के कारणले भने ? जुन ग्राम वा नगरको बारेमा यसरी जानेको हुन्छ– 'यस ग्राम वा नगरमा बस्दा अकुशल धर्मको वृद्धि हुन्छ, कुशल धर्मको परिहानि हुन्छ ।' यसप्रकारको ग्राम वा शहरमा बस्नु हुँदैन । जुन ग्राम वा नगरको बारेमा यसरी जानेको हुन्छ– 'यस ग्राम वा नगरमा बस्दा कुशल धर्मको वृद्धि हुन्छ, अकुशल धर्मको परिहानि हुन्छ ।' यसप्रकारको ग्राम वा नगरमा बस्नु उपयुक्त हुन्छ । आवुसोहो ! ग्राम वा नगर पनि दुई प्रकारका छन्



Downloaded from http://dhamma.digital

'बस्न उपयुक्त र बस्न अनुपयुक्त ।' यो जुन भनें त्यो यही कारणलाई लिएर भनेको हुँ ।

"आवुसोहो ! जनपद वा प्रदेश पनि दुई प्रकारका छन्– 'बस्न उपयुक्त र बस्न अनुपयुक्त ।' यो जुन भनें त्यो के कारणले भने ? जुन जनपद वा प्रदेशको बारेमा यसरी जानेको हुन्छ– 'यस जनपद वा प्रदेशमा बस्दा अकुशल धर्मको वृद्धि हुन्छ, कुशल धर्मको परिहानि हुन्छ ।' यसप्रकारको जनपद वा प्रदेशमा बस्नु हुँदैन । जुन जनपद वा प्रदेशको बारेमा यसरी जानेको हुन्छ– 'यस जनपद वा प्रदेशमा बस्दा कुशल धर्मको वृद्धि हुन्छ, अकुशल धर्मको परिहानि हुन्छ ।' यसप्रकारको जनपद वा प्रदेशमा बस्न उपयुक्त हुन्छ । आवुसोहो ! जनपद वा प्रदेश पनि दुई प्रकारका छन्– 'बस्न उपयुक्त र बस्न अनुपयुक्त हुने ।' यो जुन भनें त्यो यही कारणलाई लिएर भनेको हुँ ।"

## ७. सुतवासुत्तं

७. एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यसबेला सुतवा परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानसँग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि सुतवा परिव्राजकले भगवानलाई यसरी भन्यो–

"भन्ते ! म एक समय यहीं राजगहस्थित गिज्झकूट पर्वतमा बसेको थिएँ । भन्ते ! त्यस समय मैले भगवानबाट यस्तो सुनेको थिएँ, त्यस कुरालाई मैले यसरी ग्रहण गरेको थिएँ–सुतवा ! 'जो भिक्षु अर्हत, उद्देश्य पूर्ण भएका, कृतकृत्य, भारवहन गर्नु नपर्ने, सदार्थलाई प्राप्त गरेका, भव-संयोजन विनष्ट भएका, सम्यक-रूपले प्रज्ञाद्वारा विमुक्त भएकाले पाँच प्रकारका कर्म गर्नु भनेको असम्भव हुन्छ । क्षीणाश्रवी भिक्षुले जानाजान प्राणी हिंसा गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले चोरी कार्य गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले मैथुन कार्य गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जानाजान झूटो बोल्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जोड्न-बटुल्नमा लागेर कामभोगी हुनु असम्भव हो, जस्तै कि पहिले गृहस्थ हुँदा ।' 'भन्ते ! मैले भगवानबाट यो ठीकसँग सुनेको, ठीकसँग ग्रहण गरेको, ठीकसँग मनमा लिएको र ठीकसँग धारण गरेको हो कि होइन ?"

सुतवा ! तिमीले यो ठीकसँग सुनेको, ठीकसँग ग्रहण गरेको, ठीकसँग मनमा लिएको र ठीकसँग धारण गरेको हो । सुतवा ! यसरी मैले पहिला पनि



Downloaded from http://dhamma.digital

भनेको थिएँ, अहिले पनि यसरी नै भन्छु– 'जो भिक्षु श्रुतवान, अर्हत, उद्देश्यपूर्ण भएका, कृतकृत्य, भारवहन गर्न नपर्ने, सदार्थ प्राप्त गरेका, भव-संयोजन विनष्ट भएका, सम्यकरूपले प्रज्ञाद्वारा विमुक्त भएकाले नौ प्रकारका कर्म गर्नु भनेको असम्भव हुन्छ । क्षीणाश्रवी भिक्षुले जानी-बुझी प्राणी हिंसा गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले चोरी कार्य गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले मैथुन कार्य गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जानी-बुझी झूटो बोल्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जोड्न-बटुल्नमा लागेर काम भोगी हुनु असम्भव हो, जस्तै कि पहिले गृहस्थ हुँदा । क्षीणाश्रवी भिक्षु छन्दागतिमा जानु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षु द्वेषागतिमा जानु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षु मोहागतिमा जानु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षु भयागतिमा जानु भनेको असम्भव हो ।' सुतवा ! यसरी मैले पहिला पनि भनेको थिएँ, अहिले पनि यसरी नै भन्छु– 'जो भिक्षु श्रुतवान, अर्हत, उद्देश्यपूर्ण भएका, कृतकृत्य, भार वहन गर्नु नपर्ने, सदार्थलाई प्राप्त गरेका, भव-संयोजन विनष्ट भएका, सम्यकरूपले प्रज्ञाद्वारा विमुक्त भएकाले यी नौ प्रकारका कर्म गर्नु भनेको असम्भव हो ।' "

## ८. सज्झसुत्तं

८. एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यसबेला सज्झ परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानसँग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि सज्झ परिव्राजकले भगवानलाई यसरी भन्यो–

"भन्ते ! म एक समय यहीं राजगहस्थित गिज्झकूट पर्वतमा बसेको थिएँ । भन्ते ! त्यस समय मैले भगवानबाट यसरी सुनेको थिएँ, त्यस कुरालाई मैले यसरी ग्रहण गरेको थिएँ– सज्झ ! 'जो भिक्षु अर्हत, उद्देश्यपूर्ण भएका, कृतकृत्य, भार वहन गर्नबाट मुक्त, सदार्थलाई प्राप्त गरेकाले, भवसंयोजन विनष्ट भएकाले, सम्यकरूपले प्रज्ञाद्वारा विमुक्त भएकाले पाँच प्रकारका कर्म गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जानाजान प्राणी हिंसा गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले चोरी कार्य गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले मैथुन कार्य गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जानाजान झूटो बोल्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जोड्न वा बटुल्नमा लागेर कामभोगी हुनु असम्भव हो, जस्तै कि पहिले गृहस्थ हुँदा ।' 'भन्ते ! मैले भगवानबाट यो ठीकसँग सुनेको,



Downloaded from http://dhamma.digital

ठीकसँग ग्रहण गरेको, ठीकसँग मनमा लिएको र ठीकसँग धारण गरेको हो कि होइन ?"

सज्झ ! तिमीले यो ठीकसँग सुन्यौ, ठीकसँग ग्रहण गर्‍यौ, ठीकसँग मनमा लियौ र ठीकसँग धारण गर्‍यौ । सज्झ ! यसरी मैले पहिला पनि भनेको थिएँ अहिले पनि भन्छु– 'जो भिक्षु अर्हत, उद्देश्यपूर्ण भएका, कृतकृत्य, भार वहन गर्नु नपर्ने, सदार्थ प्राप्त गरेका, भवसंयोजन विनष्ट गरी सकेका, सम्यक प्रज्ञाद्वारा विमुक्त भइसकेकाले नौ प्रकारका कर्म गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले जानाजान प्राणी हिंसा गर्नु भनेको असम्भव हो..... क्षीणाश्रवी भिक्षुले जोड्न वा बटुल्नमा लागेर काम भोगी हुनु भनेको असम्भव हो, जस्तै कि पहिले गृहस्थ हुँदा । क्षीणाश्रवी भिक्षुले बुद्धलाई प्रत्याख्यान गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले धर्मलाई प्रत्याख्यान गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले संघलाई प्रत्या-ख्यान गर्नु भनेको असम्भव हो । क्षीणाश्रवी भिक्षुले शिक्षालाई प्रत्याख्यान गर्नु भनेको असम्भव हो ।' सज्झ ! यसरी मैले पहिला पनि भनेको थिएँ, अहिले पनि भन्छु– 'जो भिक्षु श्रुतवान, अर्हत, उद्देश्यपूर्ण हुँदा, कृतकृत्य, भार वहन गर्नबाट मुक्त हुँदा, सदार्थ प्राप्त गरेको हुँदा, भव-संयोजन विनष्ट हुँदा, सम्यक प्रज्ञाद्वारा विमुक्त हुँदा यी नै नौ प्रकारका कर्म गर्नु भनेको असम्भव हो ।' "

## ९. पुग्गलसुत्तं

९. "भिक्षुहो ! यस संसारमा नौ प्रकारका व्यक्तिहरू विद्यमान छन् । ती नौ प्रकारका को-को हुन् ? अर्हत, अर्हत फललाई साक्षात्कार गर्न मार्गमा लाग्ने; अनागामि, अनागामि फललाई साक्षात्कार गर्न मार्गमा लाग्ने; सकृदागामि, सकृदा-गामिफललाई साक्षात्कार गर्न मार्गमा लाग्ने; श्रोतापन्न, श्रोतापन्न फललाई साक्षा-त्कार गर्न मार्गमा लाग्ने अनि पृथकजन । भिक्षुहो ! यी नै नौ प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

## १०. आहुनेय्यसुत्तं

१०. "भिक्षुहो ! यी नौ प्रकारका व्यक्तिहरू आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, हात जोडेर नमस्कार गर्न योग्य अनि लोकको निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् । यी नौ प्रकारका को-को हुन् ? अर्हत अर्हत फललाई साक्षात्कार गर्न मार्गमा लाग्ने; अनागामि, अनागामि फललाई साक्षात्कार



Downloaded from http://dhamma.digital

गर्न मार्गमा लाग्ने; सकृदागामि, सकृदागामि फललाई साक्षात्कार गर्न मार्गमा लाग्ने; श्रोतापन्न, श्रोतापन्न फललाई साक्षात्कार गर्न मार्गमा लाग्ने अनि गोत्रभू (श्रोतापन्न मार्गको अनन्तर प्रत्ययको फल स्वरूप शिक्षा प्राप्त गरी उग्र विपश्यना चित्तले युक्त) । भिक्षुहो ! यी नै नौ प्रकारका व्यक्तिहरू आव्हान गर्न योग्य... लोकको निम्ति अति उत्तम पुण्य क्षेत्र हुन् ।"

Downloaded from http://dhamma.digital

## २. सीहनादवग्गो

### १. सीहनादसुत्तं

११. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान सारिपुत्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान सारिपुत्तले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! म सावत्थिमा वर्षावास बसिसकें । भन्ते ! अब म जनपदमा चारिकाको निम्ति जान चाहन्छु ।" "सारिपुत्त ! यस समय तिमीले जे उचित ठान्दछौ ।" यसपछि आयुष्मान सारिपुत्त आसनबाट उठ्नुभई भगवानलाई अभिवादन र प्रदक्षिणा गरी जानुभयो । अनि त्यसबेला कोही एकजना भिक्षुले आयुष्मान सारिपुत्त जानुभएको केही क्षणपछि भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! आयुष्मान सारिपुत्तले मलाई घचेटेर क्षमा नै नमागी चारिकाको निम्ति जानुभयो ।" त्यति नै खेर भगवानले अर्को एकजना भिक्षुलाई सम्बोधन गरी भन्नुभयो– "हे भिक्षु ! सारिपुत्तकहाँ गई शास्ताले तिमीलाई बोलाउनु भएको छ भनी बोलाउन जाऊ । "हवस् भन्ते !" भनी ती भिक्षुले भगवानलाई प्रत्युत्तर दिएर जहाँ सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी आयुष्मान सारिपुत्तलाई यसरी भने– "आवुसो सारिपुत्त ! तपाईंलाई शास्ताले बोलाउनु भएको छ ।" "हुन्छ, आवुसो ! भनी आयुष्मान सारिपुत्तले ती भिक्षुलाई प्रत्युत्तर दिनुभयो ।

त्यस समय आयुष्मान महामोग्गल्लान र आयुष्मान आनन्दले चाबी लिएर बरन्दामा यसो भन्दै हिंडिरहनु भयो– "आयुष्मानहो ! बाहिर निस्क ! आयुष्मानहो ! बाहिर निस्क ! अब आयुष्मान सारिपुत्तले भगवानको सम्मुखमा सिंहनाद गर्नु हुनेछ । अनि आयुष्मान सारिपुत्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बसेपछि, एकजना सब्रह्मचारी भिक्षुले तिमीप्रति दोषारोपण गर्दै यसरी भन्यो– 'भन्ते ! 'आयुष्मान सारिपुत्तले मलाई घचेटेर क्षमा नै नमागी चारिकाको निम्ति जानुभयो ।' "

"भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला ।

"जस्तो कि, भन्ते ! पृथ्वीमा राम्रो पनि फाल्छ, नराम्रो पनि फाल्छ, दिसा



Downloaded from http://dhamma.digital

पनि फाल्छ, पिसाब पनि फाल्छ, थूक पनि फाल्छ, पीप पनि फाल्छ अनि रगत पनि फाल्छ। त्यसबाट पृथ्वी न त दुःखी हुन्छ, न त नराम्रो नै मान्छ अनि न त घृणा नै गर्छ। भन्ते ! मैले पनि पृथ्वी समान विपुल, महान तथा अप्रमाणयुक्त चित्तले मैत्री भावना गरी शत्रुभाव नलिई विचरण गर्दछु। भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला।

"जस्तो कि, भन्ते ! पानीमा राम्रो पनि धुन्छ, नराम्रो पनि धुन्छ, दिसा पनि... पिसाब पनि... थूक पनि... पीप पनि... रगत पनि धुन्छ। त्यसबाट पानी न त दुःखी हुन्छ, न त नराम्रो नै मान्छ अनि न त घृणा नै गर्छ। भन्ते ! म पनि पानी समान विपुल भई, महान तथा अप्रमाणयुक्त चित्तले मैत्री भावना गरी शत्रुभाव नलिई विचरण गर्दछु। भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला।

"जस्तो कि, भन्ते ! आगोमा राम्रो पनि फाल्छ, नराम्रो पनि फाल्छ, दिसा पनि..., पिसाब पनि... थूक पनि..... पीप पनि..... रगत पनि फाल्छ। त्यसबाट आगो न त दुखी हुन्छ, न त नराम्रो नै मान्छ अनि न त घृणा नै गर्छ। भन्ते ! म पनि आगो समान विपुल भई, महान तथा अप्रमाणयुक्त चित्तले मैत्री भावना गरी शत्रुभाव नलिई विचरण गर्दछु। भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला।

"जस्तो कि, भन्ते ! वायुले राम्रो पनि उडाएर लान्छ, नराम्रो पनि उडाएर लान्छ, दिसा पनि..... पिसाब पनि..... थूक पनि..... पीप पनि..... रगत पनि उडाएर लान्छ। त्यसबाट वायु न त दुःखी हुन्छ, न त नराम्रो नै मान्छ अनि न त घृणा नै गर्छ। भन्ते ! म वायु समान विपुल भई, महान तथा अप्रमाणयुक्त चित्तले मैत्री भावना गरी शत्रुभाव नलिई विचरण गर्दछु। भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला।

"जस्तो कि, भन्ते ! थाङ्नाले राम्रो पनि पुछ्छ, नराम्रो पनि पुछ्ने गर्छ, दिसा पनि..... पिसाब पनि..... थूक पनि..... पीप पनि..... रगत पनि पुछ्ने गर्छ। त्यसबाट थाङ्ना न त दुःखी हुन्छ, न त नराम्रो नै मान्छ अनि न त घृणा नै



Downloaded from http://dhamma.digital

गर्छ । भन्ते ! म पनि थाङ्ना समान विपुल भई, महान तथा अप्रमाणयुक्त चित्तले मैत्री भावना गरी शत्रुभाव नलिईकन विचरण गर्दछु । भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला ।

" जस्तो कि, भन्ते ! सुशील, शान्त र विनीत सिङ भाँचिएको साँढे एउटा मार्गबाट अर्को मार्ग, एउटा दोबाटोबाट अर्को दोबाटो हुँदै घुमिरहँदा न त खुट्टाले न त सिङले कसैलाई दुःख दिन्छ । भन्ते ! म पनि यसरी नै सुशील, शान्त र विनीत सिङ भाँचिएको साँढे समान भई विपुल, महान तथा अप्रमाणयुक्त चित्तले मैत्री भावना गरी शत्रुभाव नलिई विचरण गर्दछु । भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला ।

"जस्तो कि, भन्ते ! भर्खरको स्त्री वा पुरुष, युवा वा युवती सजधज गर्नु पर्नेले स्नान गरी सकेपछि मरेको साँप, मरेको कुकुर अथवा मानिसको मृत देहलाई घाँटीमा भुण्ड्याई दिन खोज्दा मन पराउँदैन, लाज मान्छ अथवा घृणा गर्छ । भन्ते ! मैल पनि यसरी नै यस दुर्गन्धित शरीरलाई मन पराउँदिन, लाज मान्छु अथवा घृणा गर्छु । भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला ।

"जस्तो कि, भन्ते ! प्वालैप्वाल परेको थालमा बोसो राख्दा बोसो पग्लेर त्यो प्वालबाट चुहिन्छ । भन्ते ! त्यस्तै नै मैल पनि प्वालैप्वाल भएकोबाट पग्लेर आउने तथा चुहिने शरीर धारण गरिरहेकोछु । भन्ते ! जोसँग कायानुस्मृति अनुपस्थित हुन्छ, उसले नै यहाँ कोही सब्रह्मचारीको शरीरलाई घचेटी क्षमा नै नमागी चारिकाको निम्ति जाने गर्ला ।

अनि ती भिक्षु आसनबाट उठी उत्तरासंगलाई एक काँधमा राखी भगवानको पाउमा शीरले ढोगी यसरी भन्यो– "भन्ते ! यो मेरो अपराध हो, बालले जस्तै अपराध गरें, मूर्खले जस्तै अपराध गरें, यो मेरो अकुशल हो । जुन कि मैले आयुष्मान सारिपुत्तलाई झूट्टो आरोप लगाएँ । त्यसैले भन्ते ! मेरो त्यस अपराधलाई अपराध हो भनी स्वीकार्नुहोस् । अबदेखि म संयमित हुनेछु ।" हे भिक्षु ! यथार्थसहित तिमीले आफ्नो अपराधलाई अपराध भनी स्वीकार गर्‍यौ । जस्तो कि बालले झैं वा मूर्खले झैं अकुशल गर्‍यौ । जुन तिमीले सारिपुत्तप्रति असत्य तथा झूटो आरोप



Downloaded from http://dhamma.digital

लगायौ । जब कि तिमीले अपराधलाई अपराध भनी देखेर यथा धर्मानुसार प्रकट गऱ्यौ । त्यसलाई मैले ग्रहण गरें । हे भिक्षु ! अपराधलाई अपराध हो भनी स्वीकार्न सक्नु र भविष्यको निम्ति संयमित हुनु भनेको आर्य विनयमा उन्नति नै हो ।"

अनि भगवानले आयुष्मान सारिपुत्तलाई सम्बोधन गर्नुभयो- "सारिपुत्त ! यो मूर्ख व्यक्तिलाई क्षमा गरिदिनु, यहाँ यसको (अन्यथा) शीर सात टुक्रा हुनसक्छ ।" "क्षमा छ, भन्ते ! यदि आयुष्मानले 'मसँग क्षमा याचना गरेमा ।' "

## २. सउपादिसेससुत्तं

१२. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान सारिपुत्त पूर्वाण्हसमय चीवर वस्त्र लाउनुभई, पात्र र चीवर लिनुभई सावत्थिमा पिण्डपातको निम्ति प्रवेश गर्नुभयो । त्यसबेला आयुष्मान सारिपुत्तको मनमा यस्तो विचार आयो– "सावत्थिमा पिण्डपातको निम्ति प्रवेश गर्न समय धेरै नै बाँकी छ । किन अहिले म अन्य तैर्थिक परिव्राजकको आश्रममा नजाऊँ ! अनि आयुष्मान सारिपुत्त जहाँ अन्य तैर्थिक परिव्राजकको आश्रम हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई अन्य तैर्थिक परिव्राजकहरूसँग कुशल वार्तालाप गर्नुभयो । कुशल वार्ता गर्नु भएपछि एक ठाउँमा बस्नुभयो ।

त्यस समय एकत्र भएका अन्य तैर्थिक परिव्राजकहरूको बीचमा यस्तो कुरा भइरहेको थियो– 'आयुष्मानहो ! जो उपादिशेष रहँदैमा मृत्यु हुन्छ त्यो नरकमा उत्पन्न हुनबाट मुक्त हुँदैन । पशु योनिमा उत्पन्न हुनुबाट मुक्त हुँदैन । प्रेत योनिमा उत्पन्न हुनुबाट मुक्त हुँदैन । अपाय दुर्गतिमा उत्पन्न हुनुबाट मुक्त हुँदैन ।" अनि त आयुष्मान सारिपुत्तले ती अन्य तैर्थिक परिव्राजकहरूको त्यस कुरालाई अभिनन्दन तथा खण्डन गर्नुभएन । अभिनन्दन नगरी, खण्डन नगरी आसनबाट उठेर जानुभयो । "भगवानको सम्मुखबाट यसको अर्थ बुझ्नेछु ।" अनि आयुष्मान सारिपुत्त सावत्थिमा भिक्षाटन गर्नुभई, भोजन पश्चात पिण्डपात्र एक ठाउँमा राखी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान सारिपुत्तले भगवानलाई यसरी भन्नुभयो–

"भन्ते ! आज म पूर्वाण्ह समय चीवर वस्त्र लगाई पात्र र चीवर लिई सावत्थिमा पिण्डपातको निम्ति प्रवेश गरें । त्यसबेला मेरो मनमा यस्तो विचार आयो– "सावत्थिमा पिण्डपातको निम्ति प्रवेश गर्ने समय धेरै नै बाँकी छ । अहिले



Downloaded from http://dhamma.digital

म अन्य तैर्थिक परिव्राजकको आश्रममा किन नजाऊँ ! अनि म जहाँ अन्य तैर्थिक परिव्राजकको आश्रम हो त्यहाँ गएँ । त्यहाँ पुगी अन्य तैर्थिक परिव्राजकहरूसँग कुशल वार्तालाप गरें । कुशल वार्तापछि एक ठाउँमा बसें । त्यस समय एकत्र भएका अन्य तैर्थिक परिव्राजकहरूको बीचमा यस्तो कुरा भइरहेको थियो– 'आयुष्मानहो ! जो उपादिशेष रहँदैमा मृत्यु हुन्छ त्यो नरकमा जन्मिनुबाट मुक्त हुँदैन । पशु योनिमा जन्मिनुबाट मुक्त हुँदैन । प्रेत योनिमा जन्मिनुबाट मुक्त हुँदैन । अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुँदैन ।' मैले ती अन्य तैर्थिक परिव्राजकहरूको कुरालाई अभिनन्दन पनि गरिन अनि खण्डन पनि गरिन । अभिनन्दन नगरी वा खण्डन नगरी आसनबाट उठेर आएँ । 'भगवानबाट नै यसको अर्थलाई बुझ्नेछु । '"

"को हुन् ती, सारिपुत्त ! बाल वा मूर्ख अन्य सम्प्रदायका परिव्राजकले सउपादिशेषलाई 'सउपादिशेष' अनि अनुपादिशेषलाई 'अनुपादिशेष' भनी जान्ने !"

"सारिपुत्त ! यस्ता नौ प्रकारका व्यक्तिहरू छन् जो उपादिशेष रहँदा पनि नरकमा जन्मिनुबाट मुक्त हुन्छ, पशु योनिमा जन्मिनुबाट मुक्त हुन्छ, प्रेत योनिमा जन्मिनुबाट मुक्त हुन्छ तथा अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुन्छ । ती नौ के-के हुन् ? सारिपुत्त ! यहाँ कोही व्यक्ति शील परिपूर्ण गर्ने हुन्छ, समाधि परिपूर्ण गर्ने हुन्छ अनि प्रज्ञामा परिमित हुन्छ । उसले पतन हुने पाँच प्रकारका संयोजन क्षय गरी 'अन्तर परिनिर्वाण लाभी' हुन्छ । सारिपुत्त ! यो पहिलो व्यक्ति सउपादिशेष रहँदै मृत्यु भएपनि नरकमा जन्मिनुबाट मुक्त हुन्छ, पशु योनिमा जन्मिनुबाट मुक्त हुन्छ, प्रेत योनिमा जन्मिनुबाट मुक्त हुन्छ तथा अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुन्छ ।

अनि फेरि अर्को, सारिपुत्त ! यहाँ कोही व्यक्तिले शीललाई परिपूर्ण गर्छ, समाधि परिपूर्ण गर्दैन अनि प्रज्ञामा परिमित हुन्छ । उसले पतन हुने पाँच प्रकारका संयोजनलाई क्षय गरी उपहत्य (उपहच्च) परिनिर्वाण हुन्छ । ..... असंस्कारिक परिनिर्वाण हुन्छ..... ससंस्कारिक परिनिर्वाण हुन्छ..... उर्ध्वश्रोतगामी अकनिट्ठगामी हुन्छ । सारिपुत्त ! यो पाँचौ व्यक्ति उपादिशेष रहँदै मृत्यु भए पनि नरकमा जन्मिनुबाट मुक्त हुन्छ, पशु योनिमा जन्मिनुबाट मुक्त हुन्छ, प्रेत योनिमा जन्मिनुबाट मुक्त हुन्छ तथा अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुन्छ ।

अनि फेरि अर्को, सारिपुत्त ! यहाँ कोही व्यक्तिले शीललाई परिपूर्ण गर्छ, समाधि र प्रज्ञामा परिमित हुन्छ । उसको तीन प्रकारका संयोजन क्षय हुँदा, राग,



Downloaded from http://dhamma.digital

द्वेष र मोह पातलिंदै जाँदा सकृदागामी हुन्छ । ऊ एक पटक मात्रै यसलोकमा आई दुःखलाई अन्त गर्छ । सारिपुत्त ! यो छैटौं व्यक्ति उपादिशेष रहँदै मृत्यु भए पनि नरकमा जन्मिनुबाट ......तथा अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुन्छ ।

अनि फेरि अर्को, सारिपुत्त ! यहाँ कोही व्यक्तिले शीललाई परिपूर्ण गर्छ, समाधि र प्रज्ञामा परिमित हुन्छ । उसको तीन प्रकारका संयोजन क्षय हुँदा एक बीजको हुन्छ (एक पटक मात्र जन्म लिने) हुन्छ । एक पल्ट मात्रै मनुष्यत्व भावमा जन्म लिई दुःखलाई अन्त गर्छ । सारिपुत्त ! यो सातौं व्यक्ति उपादिशेष रहँदै मृत्यु भए पनि नरकमा जन्मिनुबाट ......तथा अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुन्छ ।

अनि फेरि अर्को, सारिपुत्त ! यहाँ कोही व्यक्तिले शीललाई परिपूर्ण गर्छ, समाधि र प्रज्ञामा परिमित हुन्छ । उसको तीन प्रकारका संयोजनलाई क्षय हुँदा कोलंकोल (एक कुलबाट अर्को कुलमा) जाने जस्तै हुन्छ । दुई अथवा तीन कुलमा धाउँदै जन्मिएर दुःखलाई अन्त गर्छ । सारिपुत्त ! यो आठौं व्यक्ति उपादिशेष रहँदै मृत्यु भए पनि नरकमा जन्मिनुबाट ......तथा अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुन्छ ।

अनि फेरि अर्को, सारिपुत्त ! यहाँ कोही व्यक्तिले शीललाई परिपूर्ण गर्छ, समाधि र प्रज्ञामा परिमित हुन्छ । उसको तीन प्रकारका संयोजन क्षय हुँदा अधिक भन्दा अधिक सात पटकसम्म जन्म लिन्छ । देव योनिमा अथवा मनुष्य योनिमा सात पटक सम्म जन्म लिई दुःखलाई अन्त गर्छ । सारिपुत्त ! यो नवौं व्यक्ति उपादिशेष रहँदै मृत्यु भए पनि नरकमा जन्मिनुबाट मुक्त हुन्छ, पशु योनिमा जन्मिनुबाट मुक्त हुन्छ, प्रेत योनिमा जन्मिनुबाट मुक्त हुन्छ तथा अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुन्छ ।

"को हुन् ती, सारिपुत्त ! बाल, मूर्ख अन्य सम्प्रदायका परिव्राजकले सउपादिशेषलाई 'सउपादिशेष' भनी अनि अनुपादिशेषलाई 'अनुपादिशेष' भनी जानेको हुन्छ ! सारिपुत्त ! यी नै नौ प्रकारका व्यक्तिहरू उपादिशेष रहँदै मृत्यु भएमा नरकमा जन्मिनुबाट मुक्त हुन्छ, पशु योनिमा जन्मिनुबाट मुक्त हुन्छ, प्रेत योनिमा जन्मिनुबाट मुक्त हुन्छ तथा अपाय दुर्गतिमा जन्मिनुबाट मुक्त हुन्छ । सारिपुत्त ! अहिलेसम्म मैले भिक्षु भिक्षुणी, उपासक र उपासिकालाई यो धर्मपर्याय भनेको थिइन । त्यो के कारणले ? यस धर्मपर्यायलाई श्रवण गरी प्रमादी नहोस् । तर हे सारिपुत्त ! मैले यस धर्मपर्यायलाई प्रश्नोत्तरको रूपमा भनें ।"



Downloaded from http://dhamma.digital

## ३. कोट्ठिकसुत्तं

१३. त्यस समय आयुष्मान महाकोट्ठिक जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई आयुष्मान सारिपुत्तसँग कुशल वार्ता गर्नुभयो । कुशलवार्ता गरिसक्नु भएपछि एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान महाकोट्ठिकले आयुष्मान सारिपुत्तलाई यसरी भन्नुभयो– "आवुसो सारिपुत्त ! किन होला 'जुन यसै जन्ममा पाउने कर्मको फल हो त्यो मेरो कर्मको फल अर्को जन्ममा पाउनको लागि होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्मको फल अर्को जन्ममा पाउने हो, त्यो मेरो कर्मको फल यसै जीवनमा पाउनको निम्ति होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्मले सुखानुभूति हुने हो, त्यो मेरो कर्मले दु:खानुभूति होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्मले दु:खानुभूभि हुने हो, त्यो मेरो कर्मले सुखानुभूति होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्म पाकेर फल दिने हो, त्यो मेरो कर्म नपाक्दै फल देओस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्म नपाक्दै फल दिने हो, त्यो मेरो कर्म पाकेपछि फल देओस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्म बहुवेदनीय हो, त्यो मेरो कर्म अल्पवेदनीय होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"



Downloaded from http://dhamma.digital

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्म अल्पवेदनीय हो, त्यो मेरो कर्म बहुवेदनीय होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्म वेदनीय हो, त्यो मेरो कर्म वेदनीय नहोस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

"त के आवुसो, सारिपुत्त ! 'जुन कर्म अवेदनीय हो, त्यो मेरो कर्म-वेदनीय नहोस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्यको जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यसो होइन ।"

" 'आवुसो, सारिपुत्त ! जुन यसै जन्ममा पाउने कर्मको फल हो त्यो मेरो कर्मको फल अर्को जन्ममा पाउनको लागि होस्' भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्यको जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आ-वुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'आवुसो, सारिपुत्त ! 'जुन कर्मको फल अर्को जन्ममा पाउने हो, त्यो मेरो कर्मको फल यसै जीवनमा पाउनको निम्ति होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्यको जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आ-वुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'त के आवुसो, सारिपुत्त ! 'जुन कर्मले सुखानुभूति हुने हो, त्यो मेरो कर्मले दुःखानुभूति होस्' भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आवुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'त के आवुसो, सारिपुत्त ! 'जुन कर्मले दुःखानुभूति हुने हो, त्यो मेरो कर्मले सुखानुभूति होस्' भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आवुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'त के आवुसो, सारिपुत्त ! 'जुन कर्म पाकेर फल दिने हो, त्यो मेरो कर्म नपाक्दै फल दिने होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्र-



Downloaded from http://dhamma.digital

ह्मचर्य जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आवुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'त के आवुसो, सारिपुत्त ! 'जुन कर्म नपाक्दै फल दिने हो, त्यो मेरो कर्म पाकेपछि फल देओस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आवुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'त के आवुसो, सारिपुत्त ! 'जुन कर्म बहुवेदनीय हो, त्यो मेरो कर्म अल्पवेदनीय होस्', भन्ने अर्थ लिई भगवानको पथ प्रदर्शनमा लागेर ब्रह्मचर्यको जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आवुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'त के आवुसो, सारिपुत्त ! 'जुन कर्म अल्पवेदनीय हो, त्यो मेरो कर्म बहुवेदनीय होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्यको जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आवुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'त के आवुसो, सारिपुत्त ! 'जुन कर्मवेदनीय हो, त्यो मेरो कर्म वेदनीय नहोस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आवुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

" 'त के आवुसो, सारिपुत्त ! 'जुन कर्म अवेदनीय हो, त्यो मेरो कर्म वेदनीय होस्', भन्ने अर्थ लिई भगवानको पथप्रदर्शनमा लागेर ब्रह्मचर्य जीवन व्यतीत गर्नु परेको ? भनी प्रश्न गर्दा 'आवुसो ! त्यसो होइन ।' भनी भन्नु हुन्छ ।

"आवुसो ! जुन त्यो अज्ञात, अदृष्ट, अप्राप्त, असाक्षात्कृत, जसको समक्ष पुगेको छैन, त्यो ज्ञात हुनको निम्ति, दर्शन गर्नको निम्ति, प्राप्त गर्नको निम्ति, क्षात्कार गर्नको निम्ति अनि नजिक पुग्नको निम्ति नै भगवानको ब्रह्मचर्यमा जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! त्यो के हो जुन अज्ञात, अदृश्य, अप्राप्त, असाक्षात्कृत, जसको समक्ष पुगेको हुँदैन, जुन ज्ञात हुनको निम्ति, दर्शन गर्नको निम्ति, प्राप्त गर्नको निम्ति, साक्षात्कार गर्नको निम्ति अनि नजिक पुग्नको निम्ति भगवानको ब्रह्मचर्यमा जीवन व्यतीत गर्नु परेको ?" "आवुसो ! 'यो दुःख हो' भनी अज्ञात, अदृष्ट, अप्राप्त, असाक्षात्कृत र नजिक पुगेको हुँदैन । त्यसलाई ज्ञात गर्न, दृष्ट गर्न, प्राप्त गर्न, साक्षात्कार गर्न र नजिकमा पुग्नको निम्ति भगवानको



Downloaded from http://dhamma.digital

ब्रह्मचर्यमा लाग्नु परेको । आवुसो ! 'यो दुःख समुदय हो'...... 'यो दुःख निरोध हो',..... 'यो दुःख निरोधगामिनी प्रतिपदा हो' भनी अज्ञात, अदृष्ट, अप्राप्त, असाक्षात्कृत र नजिक पुगेको हुँदैन । त्यसलाई ज्ञात गर्न, दृष्ट गर्न, प्राप्त गर्न, साक्षात्कार गर्न र नजिकमा पुग्नको निम्ति भगवानको ब्रह्मचर्यमा लाग्नु परेको । आवुसो ! यही नै अज्ञात, अदृष्ट, अप्राप्त, असाक्षात्कृत र नजिक पुगेको हुँदैन । त्यही नै ज्ञात गर्न, दृष्ट गर्न, प्राप्त गर्न, साक्षात्कार गर्न र नजिकमा पुग्नको निम्ति भगवानको ब्रह्मचर्यमा लाग्नु परेको ।"

## ४. समिद्धिसुत्तं

१४. त्यसबेला आयुष्मान समिद्धि जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई आयुष्मान सारिपुत्तलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान समिद्धिसँग आयुष्मान सारिपुत्तले यसरी सोध्नुभयो– "समिद्धि ! व्यक्तिको मनमा जुन सङ्कल्प-विकल्प उत्पन्न हुन्छ त्यसको आरम्मण के हो ?" "भन्ते ! त्यसको आरम्मण नामरूप हो ।" "समिद्धि ! त्यो कुन नानात्वमा जान्छ ?" "भन्ते ! धातुमा ।" "समिद्धि ! त्यो (सङ्कल्प-विकल्प) कसरी उत्पन्न हुन्छ ? "भन्ते ! स्पर्श हुँदा त्यो (सङ्कल्प-विकल्प) उत्पन्न हुन्छ ।" "समिद्धि ! त्यो एकत्रित कहाँ हुन्छ ?" "भन्ते ! वेदनामा एकत्रित हुन्छ ।" "समिद्धि ! त्यसको प्रमुख स्थान के हो ?" "भन्ते ! त्यसको प्रमुख स्थान समाधि हो ।" "समिद्धि ! यसको अधिपति को ?" "भन्ते ! यसको अधिपति स्मृति ।" "समिद्धि ! यो भन्दा श्रेष्ठ के ?" "भन्ते ! यो भन्दा श्रेष्ठ प्रज्ञा ।" "समिद्धि ! यसको सार के ?" "भन्ते ! यसको सार विमुक्ति ।" "समिद्धि ! यो केमा निमग्न छ ?" "भन्ते ! यो अमृतमा निमग्न छ ।"

"समिद्धि ! 'कुन आरम्मणमा लाग्दा व्यक्तिको मनमा सङ्कल्प-विकल्प उत्पन्न हुन्छ ?' भनी सोद्धा 'भन्ते ! नामरूपको आरम्मणमा लाग्दा हुन्छ भन्यौ ।' समिद्धि ! 'त्यो कुन नानात्वमा जान्छ ?' भनी सोद्धा 'भन्ते ! धातुमा भन्यौ ।' 'समिद्धि ! त्यो (सङ्कल्प-विकल्प) कसरी उत्पन्न हुन्छ ?' भनी सोद्धा 'भन्ते ! स्पर्श हुँदा यसको उत्पत्ति हुन्छ भन्यौ ।' 'समिद्धि ! त्यो एकत्रित कहाँ हुन्छ ?' भनी सोद्धा "भन्ते ! वेदनामा एकत्रित हुन्छ भन्यौ ।' 'समिद्धि ! त्यसको प्रमुखस्थान के हो ?' भनी सोद्धा 'भन्ते ! त्यसको प्रमुखस्थान समाधि हो भन्यौ ।' 'समिद्धि ! यसको अधिपति को ?' भनी सोद्धा 'भन्ते ! स्मृति यसको अधिपति हो भन्यौ ।' 'समिद्धि ! यो भन्दा श्रेष्ठ के ?' भनी सोद्धा 'भन्ते ! यो भन्दा श्रेष्ठ प्रज्ञा भन्यौ ।' 'समिद्धि ! यसको सार के ?' भनी सोद्धा 'भन्ते ! यसको सार विमुक्ति हो भन्यौ ।' 'समिद्धि !



Downloaded from http://dhamma.digital

यो केमा निमग्न छ ?' भनी सोद्धा 'भन्ते ! यो अमृतमा निमग्न छ भन्यौ ।" साधु, साधु समिद्धि ! समिद्धि ! मैले जेजे प्रश्न गरें त्यसको ठीकठीक उत्तर तिमीले दियौ । तर तिमीले अहङ्कारको भावलाई आफ्नो मनमा ठाउँ नदिनु ।"

## ५. गण्डसुत्तं

१५. भिक्षुहो ! जस्तो कि धेरै वर्ष पुरानो खटिरा हुन्छ । त्यस खटिरामा नौ द्वार भएको फुटाल्न वा थिच्न नहुने हुन्छ । त्यसबाट जति पनि बग्छ असुची नै बग्छ, दुर्गन्धित नै बग्छ तथा घृणित नै बग्छ । जतिपनि जम्छ असुची नै जम्छ, दुर्गन्धित नै जम्छ तथा घृणित नै जम्छ ।

"भिक्षुहो ! खटिरा भनेको नै यही चार महाभूतले निर्मित भएको, माता-पिताबाट जन्मेको अनि खानपानमा निर्भर भएको यो शरीरको पर्याय हो । जुन स्वभावले नै अनित्य, सुगन्धित लेप लाउनु पर्छ, मालिश गर्नु पर्छ, खण्डित हुन्छ अनि विनष्ट हुन्छ । त्यस खटिरामा नौ द्वार हुनाले फुटाल्न वा थिच्न नहुने हुन्छ । त्यसबाट जतिपनि बग्छ असुची नै बग्छ, दुर्गन्धित नै बग्छ तथा घृणित नै बग्छ । जति पनि जम्छ असुची नै जम्छ, दुर्गन्धित नै जम्छ तथा घृणित नै जम्छ । भिक्षुहो ! त्यसैले यस शरीरप्रति विरक्तिनु पर्छ ।"

## ६. सञ्ञासुत्तं

१६. यी नौ प्रकारका संज्ञाको भावना गर्दा अनि वृद्धि गर्दा महत्फल, महाशुभपरिणामी, अमृत-प्राप्ति तथा अमृतमा नै अन्त हुन्छ । ती नौ के-के हुन् ? अशुभ संज्ञा, मरण संज्ञा, आहारमा प्रतिकूल संज्ञा, समस्त लोकप्रति विरति सज्ञा, अनित्य संज्ञा, अनित्यमा दुःख संज्ञा, दुःखमा अनात्मा संज्ञा, प्रहाण संज्ञा र विराग संज्ञा । भिक्षुहो ! यी नै नौ प्रकारका संज्ञाको भावना गर्दा अनि वृद्धि गर्दा महत्फल, महाशुभपरिणामी, अमृतप्राप्ति तथा अमृतमा नै अन्त हुन्छ ।"

## ७. कुलसुत्तं

१७. "भिक्षुहो ! नौ अङ्गले सम्पन्न भएका गृहस्थको घरमा जाने गरेको छैन भने नजानु, जाने गरेको छ भने नबस्नु । ती नौ के-के हुन् ? श्रद्धासहित उठेर स्वागत गर्दैन, श्रद्धासहित अभिवादन गर्दैन, आदरपूर्वक आसन दिँदैन, घरमा



Downloaded from http://dhamma.digital

भएको लुकाउँछ, धेरै भएतापनि थोरै मात्र दिन्छ, असलखालको रहँदा पनि कमसल दिन्छ, सत्कारपूर्वक दिँदैन, धर्म सुन्नलाई बस्दैन अनि जुन भनिन्छ त्यसलाई धर्म-पूर्वक सुन्दैन । भिक्षुहो ! जुन गृहस्थको घरमा यी नौ अङ्गले सम्पन्न हुन्छ त्यस गृहस्थको घरमा जाने गरेको छैन भने नजानु र जाने गरेको छ भने नबस्नु ।

"भिक्षुहो ! नौ अङ्गले सम्पन्न भएका गृहस्थको घरमा जाने गरेको छैन भने जानु, जाने गरेको छ भने बस्नुपर्छ । ती नौ के-के हुन् ? श्रद्धासहित उठेर स्वागत गर्छ, श्रद्धासहित अभिवादन गर्छ, आदरपूर्वक आसन दिन्छ, घरमा भएको लुकाउँदैन, धेरै भएमा धेरै दिन्छ, असलखालको छ भने असलखालको दिन्छ, सत्कारपूर्वक दिन्छ, धर्म सुन्नलाई बस्छ अनि जुन भनिन्छ त्यसलाई धर्मपूर्वक सुन्छ । भिक्षुहो ! जुन गृहस्थको घरमा यी नौ अङ्गले सम्पन्न हुन्छ त्यस गृहस्थको घरमा जाने गरेको छैन भने जानु, जाने गरेको छ भने बस्नुपर्छ ।

## ८. नवङ्गुपोसथसुत्तं

१८. "भिक्षुहो ! नौ प्रकारका अङ्गद्वारायुक्त उपोसथ (व्रत) परिपूर्ण हुँदा महा शुभपरिणामी, महाज्योतिर्मय र महाविस्तारित हुन्छ । भिक्षुहो ! कुन नौ अङ्गद्वारायुक्त उपोसथ परिपूर्ण हुँदा महाशुभपरिणामी, महाज्योतिर्मय र महाविस्तारित हुन्छ । भिक्षुहो ! यहाँ आर्य श्रावकले यसरी विचार गर्छ 'अर्हतले सारा जीवन प्राणी-हिंसालाई त्याग्छ, प्राणीहिंसाबाट विरत हुन्छ, दण्ड त्याग गर्छ, शस्त्र त्याग गर्छ, लज्जाशील र दयावान हुन्छ । समस्त सत्व तथा जीवप्रति हितेच्छुक भई विचरण गर्छ । मैले पनि आजको रात र दिनमा प्राणी हिंसा गर्न त्याग गरी, प्राणी हिंसाबाट विरत भइकन दण्ड तथा शस्त्र त्याग गरी लज्जाशील र दयावान भई विचरण गर्छु । यस प्रकारको अङ्गद्वारा पनि मैले अर्हतको अनुकरण गरेको हुन्छु तथा उपोसथलाई परिपूर्ण गरेको हुन्छु ।' यसरी पहिलो अङ्गले सम्पन्न भएको हुन्छु... ।

" 'अर्हतले सारा जीवन उच्चशयनासन-महाशयनासनलाई त्यागेर उच्च-शयनासन-महाशयनासनबाट विरत भई निम्न प्रकारका खाट वा तृणको शयनासन उपयोग गर्छ । मैले पनि आजको रात र दिनमा उच्चशयनासन-महाशयनासन त्यागेर उच्चशयनासन-महाशयनासनबाट विरत भई निम्न प्रकारका खाट वा तृणको शयनासनलाई उपयोग गर्छु । यस प्रकारको अङ्गद्वारा मैले अर्हतको अनुकर-ण गरेको हुन्छु तथा उपोसथलाई परिपूर्ण गरेको हुन्छु ।' यसरी आठौं अङ्गले सम्पन्न भएको हुन्छु ।



Downloaded from http://dhamma.digital

"मैत्रीयुक्त चित्तको भई पहिलो दिशा, दोस्रो दिशा, तेस्रो दिशा र चौथो दिशालाई व्याप्त गरी विचरण गर्छ। माथि, तल, तेर्सो, सर्वत्र, सबै प्रकारले, समस्त लोकप्रति नै मैत्रीयुक्त चित्तको भई, विपुल, विशाल, असीम, वैररहित, क्रोधरहित, मैत्रीयुक्त चित्तले व्याप्त भई विचरण गर्छ। यी नौ प्रकारका अङ्गले सम्पन्न हुन्छ। भिक्षुहो ! यसरी नौ अङ्गको उपोसथलाई परिपूर्ण गर्नाले महाशुभपरिणामी, महाज्योतिर्मय र महाविस्तारित हुन्छ।"

## ९. देवतासुत्तं

१९. "भिक्षुहो ! आजको उज्यालो रातमा ज्योतिर्मय वर्णका धेरै नै देवताहरूले सारा जेतवनमा ज्योति फैलाउँदै जहाँ म थिएँ, त्यहाँ आए। आएर मलाई अभिवादन गरी एक ठाउँमा बसे। भिक्षुहो ! एक ठाउँमा बसेका ती देवताहरूले मलाई यसरी भने– 'भन्ते ! हामी पहिलेको जन्ममा मनुष्य हुँदा हाम्रो घरमा प्रव्रजितहरू आउँथे। तिनीहरूलाई हामीले प्रत्युपस्थान गर्थ्यौं। तर अभिवादन गर्दैनथ्यौं। भन्ते ! त्यो अपरिपूर्ण कर्मले गर्दा हामी दु:खी छौं अनि हामीले पश्चाताप गर्नु परेको छ। अहिले हामी हीन योनिमा जन्म्यौं।

"भिक्षुहो ! अरू पनि धेरै देवताहरू मकहाँ आए। तिनीहरू मकहाँ आएर यसरी भने– 'भन्ते ! हामी जब मनुष्य थियौं त्यसबेला हामीहरूको घरमा प्रव्रजितहरू आउँथे। वहाँहरूलाई हामीले प्रत्युपस्थान गर्थ्यौं, अभिवादन गर्थ्यौं, तर वहाँहरूलाई बस्नको निम्ति आसन दिदैनथ्यौं। भन्ते ! त्यो अपरिपूर्ण कर्मले गर्दा हामी दु:खी छौं अनि हामीले पश्चताप गर्नु परेको छ। अहिले हामी हीन योनिमा जन्म्यौं।' "

"भिक्षुहो ! अरू पनि धेरै देवताहरू मकहाँ आए। तिनीहरूले मकहाँ आएर यसरी भन– 'भन्ते ! हामी जब मनुष्य थियौं त्यसबेला हामीहरूको घरमा प्रव्रजितहरू आउँथे। वहाँहरूलाई हामीले प्रत्युपस्थान गर्थ्यौं, अभिवादन गर्थ्यौं, वहाँहरूलाई बस्नको निम्ति आसन दिन्थ्यौं, तर यथाबल, यथाशक्ति दान दिदैनथ्यौं... यथाबल, यथाशक्ति दान दिन्थ्यौं तर धर्म श्रवण गर्न बस्दैनथ्यौं... धर्म श्रवण गर्न बस्थ्यौं तर ध्यान दिएर धर्म श्रवण गर्दैनथ्यौं... ध्यान दिएर धर्म श्रवण गर्थ्यौं तर श्रवण गरिएको धर्म धारण गर्दैनथ्यौं... श्रवण गरिएको धर्मको धारण गर्थ्यौं तर धारण गरिएको धर्मको अर्थ बुझ्न प्रयत्न गर्दैनथ्यौं... धारण गरिएको धर्म बुझ्न प्रयत्न गर्थ्यौं, तर अर्थ बुझेअनुसार तथा धर्म बुझेअनुसार धर्मानुपूर्वक आचरण



Downloaded from http://dhamma.digital

गर्दैनथ्यौं । भन्ते ! त्यो अपरिपूर्ण कर्मले गर्दा हामी दुःखी छौं, हामीले पश्चाताप गर्नु परेको छ । अहिले हामी हीन योनिमा जन्म्यौं ।' "

"भिक्षुहो ! अरू पनि धेरै देवताहरू मकहाँ आए । तिनीहरूले मकहाँ आएर यसरी भने– 'भन्ते ! हामी जब मनुष्य थियौं त्यसबेला हामीहरूको घरमा प्रव्रजितहरू आउँथे । वहाँहरूलाई हामीले प्रत्युपस्थान गर्थ्यौं, अभिवादन गर्थ्यौं वहाँहरूलाई बस्नको निम्ति आसन दिन्थ्यौं, यथाबल यथाशक्ति दान दिन्थ्यौं, धर्म श्रवण गर्न बस्थ्यौं, ध्यान दिएर धर्म श्रवण गर्थ्यौं, श्रवण गरिएको धर्म धारण गर्थ्यौं, धारण गरिएको धर्मको अर्थ बुझ्न प्रयत्न गर्थ्यौं अनि अर्थ बुझेअनुसार तथा धर्म बुझेअनुसार आचरण गर्थ्यौं । भन्ते ! त्यो परिपूर्ण कर्मले गर्दा हामी दुःखी हुनु परेन अनि हामीले पश्चाताप गर्नु परेन । अहिले हामी प्रणीत योनिमा जन्म्यौं ।' भिक्षुहो ! यो वृक्ष मुनि तथा यो शुन्यागार हो । भिक्षुहो ! ध्यानमा बस, प्रमादि नहुनु । तिमीहरू ती पहिलेका देवताहरूले झैं पछि पश्चाताप गर्न नपरोस् ।"

## १०. वेलामसुत्तं

२०. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यसबेला अनाथपिण्डिक गृहपति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवानले यसरी सोध्नुभयो–

"गृहपति ! तिम्रो कुलमा अहिले पनि दानदिने गरेका छौ ?" "मेरो घरमा अहिले पनि दानदिने गरेको छु । तर त्यो रुखोसूखो र कणिकाको भात मात्रै हुन्छ । गृहपति ! दान चाहे रुखा होस् वा उत्तम खालको यदि त्यो लापरवाही गरी दिन्छ, बेमनले दिन्छ, आफ्नो हातले दिदैन, नियमपूर्वक दिदैन तथा कर्मको फलमा विश्वास गरी दान दिदैन भने जहाँजहाँ त्यो दानको फल पाउने हो त्यहाँत्यहाँ उत्तम भोजनमा मन लाग्दैन, उत्तम वस्त्र लगाउनमा मन लाग्दैन, उत्तम वाहनमा बस्न मन लाग्दैन, न त पाँचै इन्द्रियले उत्तम भोग गर्न मनलाग्छ । उसको पुत्र, स्त्री, दास, नोकर-चाकरले उसको कुरा नसुन्ने हुन्छ, उसको कथनलाई ध्यान नदिने हुन्छ तथा उसको आज्ञा नमान्ने हुन्छ । त्यो के कारणले ? गृहपति ! श्रद्धापूर्वक कर्म नगरिएको विपाक यस्तै हुन्छ ।

"गृहपति ! दान चाहे रुखा होस् वा उत्तम खालको यदि त्यो श्रद्धापूर्वक दिन्छ, प्रसन्न मनले दिन्छ, आफ्नो हातले दिन्छ, नियमपूर्वक दिन्छ तथा दान दिंदा



Downloaded from http://dhamma.digital

कर्मको फलमा विश्वास गरी दिन्छ भने जहाँजहाँ त्यो दानको फल पाउने हो त्यहाँत्यहाँ उत्तम भोजन गर्नमा मन लाग्छ, उत्तम वस्त्र लगाउनमा मन लाग्छ, उत्तम वाहनमा बस्न मन लाग्छ अनि पाँचै इन्द्रियले उत्तम भोग गर्न मन लाग्छ। उसको पुत्र, स्त्री, दास, नोकरचाकरले उसको कुरा सुन्ने हुन्छ, उसको कथनलाई ध्यान दिने हुन्छ तथा उसको आज्ञा मान्ने हुन्छ। त्यो के कारणले ? गृहपति ! श्रद्धापूर्वक गरिएको कर्म विपाक यस्तै हुन्छ।

"गृहपति ! परापूर्वकालमा वेलाम नाउँका एक ब्राह्मण थिए। उसले यसरी दान दिन्थे, यसरी महादान दिन्थे– चाँदीले भरिएको चौरासीहजार सुनको थाल, सुनले भरिएको चौरासीहजार चाँदीको थाल, हिरण्यले भरिएको चौरासी-हजार काँसको थाल, स्वर्णालङ्कारले धारण गरिएको स्वर्णमय ध्वजासहित, स्वर्णिम आस्तरणले आच्छादित चौरासी हजार हात्ती दान दिएका थिए। सिंहचर्मले आच्छा-दित, व्याघ्रचर्मले आच्छादित, चिताचर्मले आच्छादित, पाण्डुवर्ण कम्बलले आच्छा-दित, स्वर्णालङ्कार धारण गरिएका, स्वर्णमय ध्वजासहित र स्वर्णमय आस्तरणले आच्छादित चौरासीहजार रथ दान दिएका थिए। वस्त्रद्वारा आच्छादित काँस आदिको आभरण धारण गरिएका चौरासीहजार गौदान दिएका थिए। मणिकुण्डल धारण गरिएकी चौरासीहजार कन्या दान दिएका थिए। गोणक आस्तरण, पटिक आस्तरण, उत्तम कदलि मृगको आस्तरण, माथि चँदुवा भएको तथा दुवैतिर रातो तकिया भएको चौरासीहजार पलङ दान दिएका थिए। उत्तम खोम, उत्तम कोसेय, उत्तम कम्बल र उत्तम कपासले बनाएको चौरासीहजार वस्त्र दान दिएका थिए। अन्न, पान, खाद्य, भोज्य, लेपन तथा पेय पदार्थको त भन्नु नै के ! ती सबै नदी बगे जस्तै नै थियो।

"गृहपति ! तिम्रो मनमा यस्तो हुनसक्छ– 'त्यस समय वेलाम भन्ने ब्राह्मण अरू कोही थियो होला, उसले नै त्यसरी दान-महादान दियो होला। गृहपति ! तिमीले यसरी नसोच्नु। म नै त्यस समय बेलाम ब्राह्मण थिएँ। मैले नै त्यस समयमा दान-महादान दिएको थिएँ। त्यसरी दान दिएको समयमा गृहपति ! त्यहाँ दक्षिणार्ह थिएन। त्यसबेला कसैले पनि दान ग्रहण गर्नेहरू तिर ध्यान दिएको थिएन।

"गृहपति ! वेलाम ब्राह्मणले जुन दान-महादान दिएको थियो त्यस दानको फल भन्दा पनि त्यो भोजन दानको फल भन्दा पनि जसले सम्यक दृष्टि सम्पन्न भएका एकजनालाई भोजन गराउँछ। यो त्योभन्दा पनि अधिक फलदायी हुन्छ।



Downloaded from http://dhamma.digital

"जसले सयौं सम्यक दृष्टि सम्पन्न भएकालाई भोजन गराउँछ अनि जसले एकजना सकदागामिलाई भोजन गराउँछ, यो त्योभन्दा पनि अधिक फलदायी हुन्छ ।

"जसले सयौं सकदागामि भएकालाई भोजन गराउँछ अनि जसले एक अनागामिलाई भोजन गराउँछ... जसले सयौं अनागामि भएकालाई भोजन गराउँछ अनि जसले एक अर्हतलाई भोजन गराउँछ.... जसले सयौं अर्हत भएकालाई भोजन गराउँछ अनि जसले एक प्रत्येक बुद्धलाई भोजन गराउँछ ... जसले सयौं प्रत्येक बुद्धलाई भोजन गराउँछ अनि जसले तथागत, अर्हत, सम्यकसम्बुद्धलाई भोजन गराउँछ.... जसले बुद्ध प्रमुख भिक्षु संघलाई भोजन गराउँछ... जसले चारै दिशाका भिक्षु संघको उद्देश्य लिएर विहार निर्माण गरी दिन्छ... जो प्रसन्न चित्तले बुद्ध, धर्म र संघको शरणमा जान्छ... जो प्रसन्न चित्तले शिक्षापदलाई पालन गर्छ– प्राणी हिंसा नगर्ने हुन्छ, नचोर्ने हुन्छ, व्यभिचार नगर्ने हुन्छ, झूटो नबोल्ने हुन्छ, नशालु पदार्थको सेवन नगर्ने हुन्छ अनि जसले केही क्षण भए पनि मैत्री भावना गरेको हुन्छ । यो त्योभन्दा पनि अधिक फलदायी हुन्छ ।

"गृहपति ! वेलाम ब्राह्मणले जुन दान-महादान दिएको थियो त्यो भन्दा पनि जसले सम्यक दृष्टि सम्पन्नलाई भोजन गराउँछ.... जसले सयौं सम्यक दृष्टि सम्पन्नलाई भोजन गराउँछ अनि जसले एकजना सकदागामिलाई भोजन गराउँछ... "जसले सयौं सकदागामिलाई भोजन गराउँछ अनि जसले एकजना अनागामिलाई भोजन गराउँछ... जसले सयौं अनागामिलाई भोजन गराउँछ अनि जसले एकजना अर्हतलाई भोजन गराउँछ.... जसले सयौं अर्हतलाई भोजन गराउँछ अनि जसले एकजना प्रत्येक बुद्धलाई भोजन गराउँछ... जसले सयौं प्रत्येक बुद्धलाई भोजन गराउँछ अनि जसले तथागत, अर्हत, सम्यकसम्बुद्धलाई भोजन गराउँछ... जसले बुद्ध प्रमुख भिक्षु संघलाई भोजन गराउँछ... जसले चारै दिशाका भिक्षु संघको उद्देश्य लिएर विहार निर्माण गरी दिन्छ... जो प्रसन्न चित्तले बुद्ध, धर्म र संघको शरणमा जान्छ ..... जो प्रसन्न चित्तले शिक्षापदलाई पालन गर्छ– प्राणी हिंसा नगर्ने हुन्छ..... नशालु पदार्थको सेवन नगर्ने हुन्छ अनि जसले केही क्षण भए पनि मैत्री भावना गर्ने हुन्छ अनि जसले चुटकि बजाउँजेल भए पनि अनित्य संज्ञाको भावना गरेको हुन्छ । यो त्योभन्दा पनि अधिक फलदायी हुन्छ ।"



Downloaded from http://dhamma.digital

# ३. सत्तावासवग्गो

## १. तिठानसुत्तं

२१. "भिक्षुहो ! तीन कुरामा उत्तर कुरुका मनुष्य तावतिंस देवताहरू भन्दा तथा जम्बुद्वीपवासी मनुष्यहरू भन्दा पनि विशिष्ट प्रकारका छन् । कुन-कुन तीन कुरामा ? ममत्वरहित हुन्छ, परिग्रहरहित हुन्छ अनि आयु निश्चित रहने विशेष गुण हुन्छ । यी नै तीन कुरामा उत्तर कुरुका मनुष्यहरू तावतिंस देवताहरू भन्दा तथा जम्बुद्वीपवासी मनुष्यहरू भन्दा पनि विशिष्ट प्रकारका छन् ।

"भिक्षुहो ! तीन कुरामा तावतिंस देवताहरू उत्तर कुरुका मनुष्यहरू भन्दा तथा जम्बुद्वीपवासी मनुष्यहरू भन्दा पनि विशिष्ट प्रकारका छन् । कुन-कुन तीन कुरामा ? दिव्य आयु, दिव्य वर्ण अनि दिव्य सुखको विशिष्टता । भिक्षुहो ! यी नै तीन कुरामा तावतिंस देवताहरू उत्तर कुरुका मनुष्यहरू भन्दा तथा जम्बुद्वीपवासी मनुष्यहरू भन्दा पनि विशिष्ट प्रकारका छन् ।

"भिक्षुहो ! तीन कुरामा जम्बुद्वीपका मनुष्य उत्तर कुरुका मनुष्यहरू भन्दा तथा तावतिंस देवताहरू भन्दा पनि विशिष्ट प्रकारका छन् । कुन-कुन तीन कुरामा ? शूर-वीरमा, स्मृतिवानमा र श्रेष्ठ जीवन व्यतीत गर्नमा (ब्रह्मचर्य पालन गर्नमा) । भिक्षुहो ! यी नै तीन कुरामा जम्बुद्वीपका मनुष्य उत्तर कुरुका मनुष्य भन्दा तथा तावतिंस देवताहरू भन्दा पनि विशिष्ट प्रकारका छन् ।"

## २. अस्सखलुङ्कसुत्तं

२२. "भिक्षुहो ! मैले तीन प्रकारका अविनीत घोडाको विषयमा, तीन प्रकारका अविनीत पुरुषका विषयमा, तीन प्रकारका घोडा-सदृश, तीन प्रकारका पुरुष-सदृश, तीन प्रकारका भद्र घोडा अनि तीन प्रकारका भद्र पुरुषका विषयमा देशना गर्नेछु । त्यसलाई सुन !

"भिक्षुहो ! तीन प्रकारका अविनीत घोडा कस्ता हुन्छन् ? भिक्षुहो ! एक प्रकार अविनीत घोडा वेगवान हुन्छ, वर्ण सम्पन्न हुँदैन अनि सवारीको निम्ति योग्य हुँदैन । भिक्षुहो ! यहाँ अविनीत घोडा वेगवान हुन्छ, वर्णसम्पन्न हुन्छ तर सवारीको निम्ति योग्य हुँदैन । भिक्षुहो ! यहाँ अविनीत घोडा वेगवान् हुन्छ,



Downloaded from http://dhamma.digital

वर्णवान हुन्छ अनि सवारीको निम्ति पनि योग्य हुन्छ । भिक्षुहो ! यी नै तीन प्रकारका अविनीत घोडा हुन् ।

"भिक्षुहो ! तीन प्रकारका अविनीत पुरुष कस्ता हुन्छन् ? भिक्षुहो ! एक प्रकारका अविनीत पुरुष वेगवान हुन्छ, वर्णसम्पन्न हुँदैन अनि सवारीको निम्ति योग्य हुँदैन । भिक्षुहो ! यहाँ अविनीत पुरुष वेगवान हुन्छ, वर्णसम्पन्न हुन्छ तर सवारीको निम्ति योग्य हुँदैन । भिक्षुहो ! यहाँ अविनीत पुरुष वेगवान् हुन्छ, वर्णवान हुन्छ अनि सवारीको निम्ति पनि योग्य हुन्छ ।

"भिक्षुहो ! अविनीत पुरुष कसरी वेगवान हुन्छ, वर्णसम्पन्न हुँदैन अनि सवारीको निम्ति अयोग्य हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दु:ख हो' भनी यथार्थसहित जानेको हुन्छ, 'यो दु:ख समुदय हो' भनी यथार्थसहित जानेको हुन्छ, 'यो दु:ख निरोध हो' भनी यथार्थसहित जानेको हुन्छ अनि 'यो दु:ख निरोध गामिनी मार्ग हो' भनी यथार्थसहित जानेको हुन्छ । यसैलाई वेगवान भन्दछु । अभिधर्म (गम्भिरातिगम्भिर धर्म) विषयमा र अभिविनय (गम्भिरातिगम्भिर विनय) विषयमा प्रश्न गर्दा पन्छिने तथा उत्तर नदिने हुन्छ । यसैलाई वर्णसम्पन्न नभएको भन्दछु । चीवर-भोजन-शयनासन-रोगीको निम्ति भैषज्यसहित परिष्कारका लाभी हुँदैन । यसैलाई सवारीको निम्ति अयोग्य भन्दछु । भिक्षुहो ! अविनीत पुरुष यसरी नै वेगवान हुन्छ, वर्ण सम्पन्न हुँदैन अनि सवारीको निम्ति अयोग्य हुन्छ ।

"भिक्षुहो ! अविनीत पुरुष कसरी वेगवान हुन्छ, वर्णसम्पन्न हुन्छ अनि सवारीको निम्ति अयोग्य हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दु:ख हो' भनी यथार्थसहित जानेको हुन्छ, 'यो दु:ख समुदय हो' भनी यथार्थसहित जानेको हुन्छ, 'यो दु:ख निरोध हो' भनी यथार्थसहित जानेको हुन्छ अनि 'यो दु:ख निरोध गामिनी मार्ग हो' भनी यथार्थसहित जानेको हुन्छ । यसैलाई वेगवान भन्दछु । अभिधर्म विषयमा र अभिविनयको विषयमा प्रश्न गर्दा नपन्छिने तथा उत्तर दिन्छ । यसैलाई वर्णसम्पन्न भन्दछु । चीवर-भोजन-शयनासन-रोगीको निम्ति भैषज्यसहित परिष्कार लाभी हुँदैन । यसैलाई सवारीको निम्ति अयोग्य भन्दछु । भिक्षुहो ! अविनीत पुरुष यसरी नै वेगवान हुन्छ, वर्ण सम्पन्न हुन्छ अनि सवारीको निम्ति अयोग्य हुन्छ ।

"भिक्षुहो ! अविनीत पुरुष कसरी वेगवान हुन्छ, वर्ण सम्पन्न हुन्छ अनि सवारीको निम्ति पनि योग्य हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दु:ख हो' भनी यथार्थसहित जानेको हुन्छ, 'यो दु:ख समुदय हो' भनी यथार्थसहित जानेको



Downloaded from http://dhamma.digital

हुन्छ, 'यो दुःख निरोध हो' भनी यथार्थसहित जानेको हुन्छ अनि 'यो दुःख निरोध गामिनी मार्ग हो' भनी यथार्थसहित जानेको हुन्छ । यसैलाई वेगवान भन्दछु । अभिधर्म विषयमा र अभिविनयको विषयमा प्रश्न गर्दा नपन्छिने तथा उत्तर दिने हुन्छ । यसैलाई वर्णसम्पन्न भन्दछु । चीवर-भोजन-शयनासन-रोगी निम्ति भैषज्यसहित परिष्कारका लाभी हुन्छ । यसैलाई सवारीको निम्ति योग्य भन्दछु । भिक्षुहो ! अविनीत पुरुष यसरी नै वेगवान हुन्छ, वर्णसम्पन्न हुन्छ अनि सवारीको निम्ति योग्य हुन्छ । भिक्षुहो ! तीन प्रकारका अविनीत पुरुष यस्तै नै हुन्छन् ।

"भिक्षुहो ! तीन प्रकारका घोडा-सदृश भनेको के हो ? भिक्षुहो ! यहाँ कुनै घोडा-सदृश ..... वेगवान, वर्णवान र सवारी निम्ति योग्य हुन्छन् । भिक्षुहो ! तीन प्रकारका घोडा-सदृश यस्तै नै हुन्छन् ।

"भिक्षुहो ! तीन प्रकारका पुरुष-सदृश भनेको के हो ? भिक्षुहो ! यहाँ कोही पुरुष-सदृश ..... वेगवान, वर्णवान र सवारी निम्ति योग्य हुन्छन् ।

"भिक्षुहो ! पुरुष-सदृश ..... कसरी वेगवान हुन्छ, वर्णसम्पन्न हुन्छ अनि सवारीको निम्ति योग्य हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले पाँच प्रकारका पतनोन्मुख संयोजनलाई क्षय गरी ओपपातिक हुन्छ । त्यहींबाट ऊ परिनिर्वाण हुन्छ । त्यस लोकबाट पुनः यस लोकमा फर्केर आउँदैन । यसैलाई वेगवान भन्दछु । अभिधर्म विषयमा र अभिविनयको विषयमा प्रश्न गर्दा भन्न सक्छ तथा उत्तर दिन सक्छ । यसैलाई वर्णसम्पन्न भन्दछु । चीवर-भोजन-शयनासन-रोगी निम्ति भैषज्यसहित परिष्कारका लाभी हुन्छ । यसैलाई सवारीको निम्ति योग्य भन्दछु । भिक्षुहो ! पुरुष-सदृश यसरी नै वेगवान हुन्छ, वर्ण सम्पन्न हुन्छ अनि सवारीको निम्ति योग्य हुन्छ । भिक्षुहो ! तीन प्रकारका पुरुष-सदृश यस्तै नै हुन्छन् ।

"भिक्षुहो ! तीन प्रकारका भद्र घोडा कस्ता हुन्छन् ? भिक्षुहो ! एक प्रकारका भद्र घोडा ..... वेगवान, वर्णवान र सवारी निम्ति योग्य हुन्छन् । भिक्षुहो ! तीन प्रकारका भद्र घोडा यस्तै नै हुन्छन् ।

"भिक्षुहो ! तीन प्रकारका भद्र पुरुष कस्ता हुन्छन् ? भिक्षुहो ! एक प्रकारका भद्र पुरुष... वेगवान, वर्णवान र सवारीनिम्ति योग्य हुन्छन् । भिक्षुहो ! तीनप्रकारका भद्र पुरुष यस्तै नै हुन्छन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! भद्र पुरुष-सदृश... कसरी वेगवान हुन्छ, वर्ण सम्पन्न हुन्छ अनि सवारीको निम्ति योग्य हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले आश्रव क्षय गरी, अनाश्रवी भई, चित्त विमुक्ति र प्रज्ञा विमुक्तिलाई यसै जन्ममा स्वयम्ले जानेर साक्षात्कार गरी तथा प्राप्त गरी बस्छन् । अभिधर्म विषयमा र अभिविनयको विषयमा प्रश्न गर्दा भन्न सक्छ तथा उत्तर दिन सक्छ । यसैलाई वर्णसम्पन्न भएको भन्दछु । चीवर-भोजन-शयनासन-रोगी निम्ति भैषज्यसहित परिष्कारका लाभी हुन्छ । यसैलाई सवारीको निम्ति योग्य भन्दछु । भिक्षुहो ! भद्र पुरुष-सदृश यसरी नै वेगवान्, वर्णसम्पन्न अनि सवारीको निम्ति योग्य हुन्छ । भिक्षुहो ! तीन प्रकारका भद्र पुरुष-सदृश यस्तै नै हुन्छन् ।"

## ३. तण्हामूलकसुत्तं

२३. "भिक्षुहो ! तृष्णामूल हुने नौ विषय लिई धर्मदेशना गर्छु, त्यसलाई सुन । भिक्षुहो ! तृष्णामूल हुने नौ विषय भनेको के हो ? तृष्णाले गर्दा खोजी गर्छ, खोजीगर्दा प्राप्त हुन्छ, प्राप्त हुँदा विनिश्चय हुन्छ, विनिश्चय हुँदा आशक्ति हुन्छ, आशक्ति हुँदा ममत्व हुन्छ, ममत्व हुँदा परिग्रह हुन्छ, परिग्रह हुँदा मात्सर्य हुन्छ, मात्सर्य हुँदा सुरक्षा गर्छ, सुरक्षा गर्दा तानातान, लाठीमुङ्ग्री, शस्त्र प्रयोग, कलह, विग्रह, विवाद, तँतँ र मम, चुक्लीचाक्ली, भ्रूटमूट अनि अन्य धेरै नराम्रा कुराहरूको श्रुजना हुन्छ । भिक्षुहो ! तृष्णामूल हुने विषय यी नै नौ हुन् ।"

## ४. सत्तावाससुत्तं

२४. "भिक्षुहो ! सत्वका निम्ति यी नौ प्रकारका वासभूमि हुन् । ती नौ के-के हुन् ? भिक्षुहो ! सत्वका शरीर नाना प्रकारका भए जस्तै संज्ञा पनि नाना प्रकारका हुन्छन्, जस्तो कि मनुष्यहरू, केही देवताहरू अनि केही विनिपातिकहरू । यो सत्वका प्रथम वासभूमि हो ।

"भिक्षुहो ! सत्वका शरीर भने नाना प्रकारका तर संज्ञा भने एकै प्रकारको हुन्छ, जस्तो कि पहिला उत्पन्न हुने ब्रह्मकायिक देवताहरू । यो सत्वका दोस्रो वासभूमि हो ।

"भिक्षुहो ! सत्वका शरीर एकै प्रकारका तर संज्ञा भने नाना प्रकारका हुन्छन्, जस्तो कि आभस्सरा देवताहरू । यो सत्वका तेस्रो वासभूमि हो ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! सत्वका शरीर एकै प्रकारका अनि संज्ञा पनि एकै प्रकारका हुन्छन्, जस्तो कि सुभकिण्हा देवताहरू । यो सत्वका चौथो वासभूमि हो ।

"भिक्षुहो ! सत्वका संज्ञा र वेदना विहीन हुन्छ, जस्तै कि असंज्ञ देवताहरू । यो सत्वका पाँचौं वासभूमि हो ।

"भिक्षुहो ! सत्वले समस्त 'रूपसंज्ञा' समतिक्रम गरी 'पटिघसञ्ञा' विनष्ट गरी, 'नानात्तसञ्ञा' मनमा नलिई 'आकाश अनन्त' छ भनी आकासान-ञ्चायतन प्राप्त गर्छ । यो सत्वका छैटौं वासभूमि हो ।

"भिक्षुहो ! सत्वले समस्त 'आकासनाञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त' छ भनी 'विञ्ञाणञ्चायतन' प्राप्त गर्छ । यो सत्वका सातौं वासभूमि हो ।

"भिक्षुहो ! सत्वले समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' प्राप्त गर्छ । यो सत्वका आठौं वासभूमि हो ।

"भिक्षुहो ! सत्वले समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञाना-सञ्ञायतन' प्राप्त गर्छ । यो सत्वका नवौं वासभूमि हो ।"

## ५. पञ्ञासुत्तं

२५. "भिक्षुहो ! भिक्षुको मन प्रज्ञामा जब सुपरिचित हुन्छ । तब, भिक्षुहो ! त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ– 'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें, मैले गर्नु पर्ने कार्य गरिसकें । अब म पुन: जन्मिनु पर्दैन भनी जान्दछु ।' "

"भिक्षुहो ! भिक्षुको मन प्रज्ञामा कसरी सुपरिचित हुन्छ ? 'मेरो मन रागबाट रहित छ' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मन द्वेषबाट रहित छ', भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मन मोहबाट रहित छ' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मनको स्वभावमा राग छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मनको स्वभावमा द्वेष छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मनको स्वभावमा मोह छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; 'मेरो मन काम-भवमा पुनरागमन हुने छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; 'मेरो मन रूप-भवमा पुनरागमन हुने छैन' भन्ने अनुभव हुँदा मन



Downloaded from http://dhamma.digital

प्रज्ञामा सुपरिचित हुन्छ; अनि 'मेरो मन अरूप-भवमा पुनरागमन हुने छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ । "भिक्षुहो ! जब भिक्षुको मन प्रज्ञामा सुपरिचित हुन्छ । भिक्षुहो ! तब त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ–'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिसकें अब म पुनः जन्मिनु पर्दैन भनी जान्दछु ।' "

## ६. सिलायूपसुत्तं

२६. एक समय आयुष्मान सारिपुत्त र आयुष्मान चन्दिकापुत्त राजगह-स्थित वेलुवनको कलन्दक निवापमा बस्नुहुन्थ्यो । त्यसबेला चन्दिकापुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आयुष्मानहो ! देवदत्तले भिक्षुहरूलाई यसरी उपदेश दिने गर्छन्– 'आवुसोहो ! जब भिक्षुको मनसँग मन हुन्छ, तब त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ– 'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिसकें अब म पुनः जन्मिनु पर्दैन भनी जान्दछु ।' "

यसरी भन्दा आयुष्मान सारिपुत्तले आयुष्मान चन्दिकापुत्तलाई भन्नुभयो– आवुसो चन्दिकापुत्त ! देवदत्तले भिक्षुहरूलाई त्यसरी धर्मदेशना गरेको होइन । 'आवुसोहो ! जब भिक्षुको मनसँग मन हुन्छ, भिक्षुहो ! तब त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ– 'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिसकें अब म पुनः जन्मिनु पर्दैन भनी जान्दछु ।' आवुसो चन्दिकापुत्त ! देवदत्तले यसरी धर्मदेशना गर्छ– 'आवुसोहो ! भिक्षुले जब मनद्वारा मन सुपरिचित हुन्छ, तब त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ– 'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिसकें अब म पुनः जन्मिनु पर्दैन भनी जान्दछु ।' "

दोस्रोपटक पनि चन्दिकापुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आयुष्मानहो ! देवदत्तले भिक्षुहरूलाई यसरी उपदेश दिने गर्छन्– 'आवुसोहो ! जब भिक्षुको मनसँग मन हुन्छ, तब त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ–'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिसकें अब म पुनः जन्मिनु पर्दैन भनी जान्दछु ।' "दोस्रोपटक पनि आयुष्मान सारिपुत्तले आयुष्मान चन्दिकापुत्तलाई यसरी भन्नुभयो– आवुसो चन्दिकापुत्त ! देवदत्तले भिक्षुहरूलाई त्यसरी धर्मदेशना गरेको होइन । 'आवुसोहो ! जब भिक्षुको मनमा मन हुन्छ, भिक्षुहो ! त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ– 'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन



Downloaded from http://dhamma.digital

व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिसकें, अब पुनः म जन्मिनु पर्दैन भनी जान्दछु ।' " आवुसो चन्दिकापुत्त ! देवदत्तले यसरी धर्मदेशना गर्छन्– 'आवुसोहो ! भिक्षुले जब मनद्वारा मन सुपरिचित हुन्छ, तब त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ–'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिंसकें अब मैले पुनः जन्मिनु पर्दैन भनी जान्दछु ।' "

तेस्रोपटक पनि चन्दिकापुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आयुष्मा-नहो ! देवदत्तले भिक्षुहरूलाई यसरी उपदेश दिने गर्छन्– 'आवुसोहो ! जब भिक्षुको मनमा मन हुन्छ, तब त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ– 'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिसकें अब म पुनः जन्मिनु पर्दैन भनी जान्दछु ।' "तेस्रो पटक पनि आयुष्मान सारिपुत्तले आयुष्मान चन्दिकापुत्तलाई यसरी भन्नुभयो– आवुसो चन्दिकापुत्त ! देवदत्तले भिक्षुहरूलाई त्यसरी धर्मदेशना गरेको होइन । 'आवुसोहो ! जब भिक्षुको मनमा मन हुन्छ, भिक्षुहो ! त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ– 'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिंसकें, अब म पुनः जन्मिनु पर्दैन भनी जान्दछु ।' "आवुसो चन्दिकापुत्त ! देवदत्तले यसरी धर्मदेशना गर्छन्– 'आवुसोहो ! भिक्षुले जब मनद्वारा मन सुपरिचित हुन्छ, तब त्यस भिक्षुले यसो भन्नु उचित हुन्छ– 'जन्म क्षीण' भयो, श्रेष्ठ जीवन व्यतीत गरें अनि मैले गर्नु पर्ने कार्य गरिसकें अब पुनः म जन्मिनु पर्दैन भनी जान्दछु ।' "

"आवुसो ! भिक्षुको मन प्रज्ञामा कसरी सुपरिचित हुन्छ ? 'मेरो मन रागबाट रहित छ', भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मन द्वेषबाट रहित छ', भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मन मोहबाट रहित छ', भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मनको स्वभावमा राग छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मनको स्वभावमा द्वेष छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; मेरो मनको स्वभावमा मोह छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञाभा सुपरिचित हुन्छ; 'मेरो मन काम-भवमा पुनरागमन हुने छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ; 'मेरो मन रूप-भवमा पुनरागमन हुने छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ अनि 'मेरो मन अरूप-भवमा पुनरागमन हुने छैन' भन्ने अनुभव हुँदा मन प्रज्ञामा सुपरिचित हुन्छ । "आवुसो ! यसरी सम्यकरूपले चित्त विमुक्त हुँदा भिक्षुको आँखा सामुन्ने जस्तोसुकै राम्रो चक्षु-विज्ञय रूप आएतापनि त्यसबाट उसको मन विचलित हुँदैन । अमिश्रित चित्तको हुन्छ, स्थिर रहेको हुन्छ अनि उसले त्यो रूपको विनाशशीलतालाई बुझेको हुन्छ ।



Downloaded from http://dhamma.digital

आवुसो ! जस्तो कि सोह्रहातको शिलास्तम्भ हुन्छ । आठहात गहिरो गरी गाडिएर आठहात माथि उठेको हुन्छ । अनि पूर्वदिशाबाट जतिसुकै हावा आएतापनि त्यसबाट न त त्यो कम्पित हुन्छ न त हल्लिन्छ । अनि पच्छिमदिशाबाट ..... अनि उत्तरदिशाबाट .... अनि दक्षिणदिशाबाट जतिसुकै हावा आएतापनि त्यसबाट न त त्यो कम्पित हुन्छ न त हल्लिन्छ । त्यो के कारणले ? आवुसो ! त्यो शिलास्तम्भ गहिरो गरी गाडिएको हुनाले । यसरी नै आवुसो ! सम्यकरूपले चित्त विमुक्त हुँदा भिक्षुको आँखा सामुन्ने जस्तोसुकै राम्रो चक्षु विज्ञय रूप आएतापनि त्यसबाट उसको मन विचलित हुँदैन । अमिश्रित चित्तको हुन्छ, स्थिर रहेको हुन्छ अनि उसले त्यो रूपको विनाशशीलतालाई बुझेको हुन्छ ।

"जतिसुकै श्रोत विज्ञय शब्द ..... घ्राण विज्ञय गन्ध ..... जिव्हा विज्ञय रस ..... शरीर विज्ञय स्पर्श ..... मन विज्ञय विषय जस्तोसुकै राम्रो आएतापनि त्यसबाट उसको मन विचलित हुँदैन । चित्त अमिश्रित हुन्छ, स्थिर रहेको हुन्छ अनि उसले त्यो रूपको विनाशशीलतालाई बुझेको हुन्छ ।"

## ७. पठमवेरसुत्तं

२७. त्यसबेला अनाथपिण्डिक गृहपति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि अनाथपिण्डिक गृहपतिलाई भगवानले यसरी भन्नुभयो–

"गृहपति ! जब आर्यश्रावकले पञ्चभय र वैर शान्त गर्छ अनि श्रोतापत्ति-को चार अङ्गद्वारा सम्पन्न हुन्छ तब आफूले आफैलाई यसरी भन्न सक्छ–'म नरकबाट मुक्त भएँ, म पशु-पंक्षी-कीटपतङ्गादिबाट मुक्त भएँ, प्रेत योनिमा जन्मिनुबाट मुक्त भएँ, अपाय दुर्गतिमा पर्नबाट मुक्त भएँ, म श्रोतापन्न हुँ, म पतनतिर अग्रसर नहुने भएँ । मैले निश्चय नै सम्बोधि प्राप्त गर्नेछु ।' "

"कुन पञ्चभय र वैर शान्त भएको हुन्छ ? गृहपति ! जो प्राणीहिंसा गर्छ, प्राणीहिंसाको परिणाम भनेको यसै जन्ममा उसले भय र वैर उत्पन्न गराउँछ, मरणपश्चात पनि भय र वैर उत्पन्न गराउँछ अनि चैतसिक दु:ख-दौर्मनस्यता उत्पन्न गराउँछ । प्राणीहिंसाबाट विरत रहँदा यसै जन्ममा उसले न कुनै भय र वैर उत्पन्न गराउँछ, न मरण पश्चात भय र वैर उत्पन्न गराउँछ अनि न चैतसिक दु:ख-दौर्मनस्यता उत्पन्न गराउँछ । प्राणीहिंसाबाट विरत रहँदा उसको भय र वैर शान्त हुन्छ ।



Downloaded from http://dhamma.digital

"गृहपति ! जो चोर्छ ..... व्यभिचार गर्छ..... झूटो बोल्छ..... रक्सी, जाँड आदि मादक पदार्थको सेवन गर्छ। रक्सी, जाँड आदि मादक पदार्थको सेवन गरेको परिणाम यसै जन्ममा उसले भय र वैर उत्पन्न गराउँछ अनि मरण पश्चात पनि भय र वैर उत्पन्न गराउँछ अनि चैतसिक दुःख-दौर्मनस्यता उत्पन्न गराउँछ। ..... रक्सी, जाँड आदि मादक पदार्थको सेवन गर्नबाट विरत रहँदा यसै जन्ममा उसले न कुनै भय र वैर उत्पन्न गराउँछ, न मरण पश्चात भय र वैर उत्पन्न गराउँछ अनि न चैतसिक दुःख-दौर्मनस्यता उत्पन्न गराउँछ। रक्सी, जाँड आदि मादक पदार्थको सेवन गर्नबाट विरत रहँदा उसको भय र वैर शान्त हुन्छ।

"कुन चार अङ्गद्वारा सम्पन्न हुँदा श्रोतापन्न हुन्छ ? गृहपति ! यहाँ आर्य-श्रावक बुद्धप्रति अविचल श्रद्धा सम्पन्न हुन्छ– 'वहाँ भगवान यी, यी (गुणाङ्गद्वारा) अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणले सम्पन्न, सुगत, लोकविज्ञ, पुरुष दमनकारी अनुपम सारथि, देव-मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ।' "

"धर्मप्रति अविचल श्रद्धाले सम्पन्न हुन्छ– 'भगवानको धर्म सुआख्यात छ, सान्दृष्टिक छ, अकालिक (कालातिक्रान्त) छ, आएर हेर भन्न मिल्ने, निर्वाण-दायी अनि प्रत्येक विज्ञजनद्वारा स्वयम्ले साक्षात्कार गर्न सक्छ।'

"संघप्रति अविचल श्रद्धाले सम्पन्न हुन्छ– 'भगवानको श्रावकसंघ सुप्रति-पन्न हुन्, भगवानको श्रावकसंघ ऋजु प्रतिपन्न हुन्, भगवानको श्रावकसंघ न्याय प्रतिपन्न हुन्, भगवानको श्रावकसंघ सुपथगामी हुन्, जुन उहाँहरू चार जोडा अथवा आठ आर्यपुद्गल भगवानको श्रावकसंघ हुन्, आदर गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, हात जोड्न योग्य तथा लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन्।

ऊ आर्य-श्रेष्ठ शीलले सम्पन्न हुन्छ, अखण्डित हुन्छ, छिद्ररहित हुन्छ, दागरहित हुन्छ, मैलरहित हुन्छ, स्वतन्त्र हुन्छ, विज्ञजनद्वारा प्रशंसित हुन्छ अनि अकलङ्कित (अपरामृष्ट) समाधिमा लाग्छ।

"गृहपति ! जब आर्यश्रावकले यी पञ्चभय र वैरलाई शान्त गर्छ अनि यही श्रोतापत्तिको चारअङ्गद्वारा सम्पन्न हुन्छ तब उसले आफूले आफैलाई यसरी भन्नसक्छ– 'म नरकबाट मुक्त भएँ, म पशु-पंक्षी-किटपतङ्गादिबाट मुक्त भएँ, प्रेत योनिमा जन्मिनुबाट मुक्त भएँ, अपाय दुर्गतिबाट मुक्त भएँ, म श्रोतापन्न हुँ, म पतनतिर अग्रसर नहुने भएँ। मैले निश्चय नै सम्बोधि प्राप्त गर्नेछु।' "



Downloaded from http://dhamma.digital

## ८. दुतियवेरसुत्तं

२८. "भिक्षुहो ! जब आर्यश्रावकले पञ्चभय र वैर शान्त पार्छ अनि श्रोतापत्तिको चार अङ्गद्वारा सम्पन्न हुन्छ तब आफूले आफैलाई यसरी भन्नसक्छ– 'म नरकबाट मुक्त भएँ, म पशु-पंक्षी-किटपतङ्गादिबाट मुक्त भएँ, प्रेत योनिमा जन्मिनुबाट मुक्त भएँ, अपाय दुर्गतिमा पर्नबाट मुक्त भएँ, म श्रोतापन्न हुँ, म पतन तिर अग्रसर नहुने भएँ । मैले निश्चय नै सम्बोधि प्राप्त गर्नेछु ।' "

"कुन-कुन पञ्चभय र वैर शान्त भएका हुन्छन् ? गृहपति ! जो प्राणी-हिंसा गर्छ, प्राणीहिंसाको परिणाम भनेको यसै जन्ममा उसले भय र वैर उत्पन्न गराउँछ, मरणपश्चात पनि भय र वैरलाई उत्पन्न गराउँछ अनि चैतसिक दुःख-दौर्मनस्य उत्पन्न गराउँछ । प्राणीहिंसाबाट विरत रहँदा यसै जन्ममा उसले न कुनै भय र वैर उत्पन्न गराउँछ, न मरणपश्चात भय र वैर उत्पन्न गराउँछ अनि न चैतसिक दुःख-दौर्मनस्य उत्पन्न गराउँछ । प्राणीहिंसाबाट विरत रहँदा भय र वैर शान्त हुन्छ ।

"भिक्षुहो ! जो चोर्ने हुन्छ ... व्यभिचार गर्ने हुन्छ... झूटो बोल्ने हुन्छ... रक्सी, जाँड आदि मादक पदार्थको सेवन गर्ने हुन्छ, रक्सी, जाँड आदि मादक-पदार्थ सेवन गरेको परिणाम भनेको यसै जन्ममा उसले भय र वैरलाई उत्पन्न गराउँछ, मरणपश्चात पनि भय र वैरलाई उत्पन्न गराउँछ अनि चैतसिक दुःख-दौर्मनस्य उत्पन्न गराउँछ । रक्सी, जाँड आदि मादकपदार्थको सेवन गर्नबाट विरत रहँदा यसै जन्ममा उसले न कुनै भय र वैर उत्पन्न गराउँछ, न मरण पश्चात भय र वैर उत्पन्न गराउँछ अनि न चैतसिक दुःख-दौर्मनस्य उत्पन्न गराउँछ । रक्सी, जाँड आदि मादक पदार्थको सेवन गर्नबाट विरत रहँदा भय र वैर शान्त हुन्छ ।

" कुन-कुन चारअङ्गद्वारा सम्पन्न हुँदा श्रोतापन्न हुन्छ ? गृहपति ! यहाँ आर्यश्रावक बुद्धप्रति अविचल श्रद्धासम्पन्न हुन्छ– 'वहाँ भगवान यी, यी (गुणाङ्गद्वारा) अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, पुरुष दमनकारी अनुपम सारथि, देव-मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ ।' "

"धर्मप्रति अविचल श्रद्धाले सम्पन्न हुन्छ– 'भगवानको धर्म सुआख्यात छ, सान्दृष्टिक छ, अकालिक (कालातिक्रान्त) छ, आएर हेर भन्न मिल्ने, निर्वाणदायी अनि प्रत्येक विज्ञजनद्वारा स्वयम्ले साक्षात्कार गर्न सक्छ ।'



Downloaded from http://dhamma.digital

“संघप्रति अविचल श्रद्धासम्पन्न हुन्छ– ‘भगवानको श्रावकसंघ सुप्रतिपन्न हुन्, भगवानको श्रावकसंघ ऋजु प्रतिपन्न हुन्, भगवानको श्रावकसंघ न्याय प्रतिपन्न हुन्, भगवानको श्रावकसंघ सुपथगामी हुन्, जुन वर्गहरू चारजोडा अथवा आठ आर्यपुद्गल भगवानको श्रावकसंघ हुन्, आदर गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, हात जोड्न योग्य तथा लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् ।’

ऊ आर्य-श्रेष्ठ शीलसम्पन्न हुन्छ, अखण्डित हुन्छ, छिद्ररहित हुन्छ, दाग-रहित हुन्छ, मैलरहित हुन्छ, स्वतन्त्र हुन्छ, विज्ञजनद्वारा प्रशंसित हुन्छ अनि अकलङ्कित समाधिमा लाग्छ ।

“भिक्षुहो ! जब आर्यश्रावकले यी पञ्चभय र वैरलाई शान्त गर्छ अनि यही श्रोतापत्तिको चार अङ्गद्वारा सम्पन्न हुन्छ तब उसले आफूले आफैलाई यसरी भन्न सक्छ– ‘म नरकबाट मुक्त भएँ, म पशु-पंक्षी-किटपतङ्गादिबाट मुक्त भएँ, प्रेत योनिमा जन्मिनुबाट मुक्त भएँ, अपाय दुर्गतिमा पर्नबाट मुक्त भएँ, म श्रोतापन्न हुँ अनि म पतनतिर अग्रसर नहुने भएँ । मैले निश्चय नै सम्बोधि प्राप्त गर्नेछु ।’ ”

## ९. आघातवत्थुसुत्तं

२९. “भिक्षुहो ! यी नौ कारणले गर्दा वैरभावको उत्पत्ति हुन्छ । ती नौ के-के हुन् ? ‘उसले मलाई अनर्थ गऱ्यो’ भनी मनमा लिए वैरभाव उत्पन्न हुन्छ, ‘उसले मलाई अनर्थ गरिरहेको छ’ भनी मनमा लिए वैरभाव उत्पन्न हुन्छ, ‘उसले मलाई अनर्थ गर्नेछन्’ भनी मनमा लिए वैरभाव उत्पन्न हुन्छ, ‘मेरो मनपर्ने प्रियलाई अनर्थ गऱ्यो’..., ‘अनर्थ गरिरहेको छ’..., ‘अनर्थ गर्नेछन्’ भनी मनमा लिए वैरभाव उत्पन्न हुन्छ, मलाई मन नपर्ने ‘अप्रियलाई उपकार गऱ्यो’..., उपकार गरिरहेको छ... अनि उपकार गर्नेछन् भनी मनमा लिए वैरभाव उत्पन्न हुन्छ, । भिक्षुहो ! यी नै नौ कारणले गर्दा वैरभावको उत्पत्ति हुन्छ ।”

## १०. आघातपटिविनयसुत्तं

३०. “भिक्षुहो ! यी नौ कारणले गर्दा वैरभाव शान्त हुन्छ । ती नौ के-के हुन् ? ‘उसले मलाई अनर्थ गऱ्यो’ (भन्ने सोचलाई हटाएमा) मलाई अनर्थ नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ, ‘अनर्थ गरिरहेको छ’



Downloaded from http://dhamma.digital

मलाई अनर्थ नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ अनि 'अनर्थ गर्नेछन्' अनर्थ नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ, 'मेरो मनपर्ने प्रियलाई अनर्थ गऱ्यो'..., 'अनर्थ गरिरहेको छ'..., 'अनर्थ गर्नेछन्' अनर्थ नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ, मलाई मन नपर्ने अप्रियलाई उपकार गऱ्यो'... उपकार गरिरहेको छ... अनि 'उपकार गर्नेछन्' उपकार नगरोस् भनेर कहाँ हुन्छ भन्ने सोचेमा वैरभाव शान्त हुन्छ। भिक्षुहो ! यी नै नौ कारणले गर्दा वैरभाव शान्त हुन्छ।"

## ११. अनुपुब्बनिरोधसुत्तं

३१. "भिक्षुहो ! यी नौ क्रमशः निरुद्ध हुन्छ। ती नौ कुन-कुन हुन् ? प्रथम ध्यान लाभीको कामसंज्ञा निरुद्ध हुन्छ, दुतियध्यान लाभीको वितर्क-विचार निरुद्ध हुन्छ, तृतीयध्यान लाभीको प्रीति निरुद्ध हुन्छ, चतुर्थध्यान लाभीको आश्वास-प्रश्वास निरुद्ध हुन्छ, 'आकासानञ्चायतन' लाभीको रूपसंज्ञा निरुद्ध हुन्छ, 'विञ्ञाणञ्चायतन' लाभीको 'आकासानञ्चायतन' संज्ञा निरुद्ध हुन्छ, 'आकिञ्चञ्ञायतन' लाभीको 'विञ्ञाणञ्चायतन' संज्ञा निरोध हुन्छ, 'नेवसञ्ञानसञ्ञायतन' लाभीको 'आकिञ्चञ्ञायतन' निरोध हुन्छ, 'संज्ञावेदयितनिरोध' लाभीको संज्ञा तथा वेदना निरोध हुन्छ। भिक्षुहो ! यी नै नौ क्रमशः निरुद्ध हुन्छ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ४.महावग्गो

## १. अनुपुब्बविहारसुत्तं

३२. "भिक्षुहो ! यी नौ प्रकारका क्रमशः विहरण हुन् । ती नौ कुन-कुन हुन् ? प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यान, आकासानञ्चायतन, विञ्ञाणञ्चायतन, आकिञ्चञ्ञायतन, नेवसञ्ञानासञ्ञायतन र सञ्ञावेदयित निरोध । यी नै नौ प्रकारका क्रमशः विहरण हुन् ।

## २. अनुपुब्बविहारसमापत्तिसुत्तं

३३. "भिक्षुहो ! यी क्रमशः नौ प्रकारका समापत्ति विहरणलाई लिएर देशना गर्छु, त्यसलाई राम्ररी सुन... भिक्षुहो ! नौ प्रकारका क्रमशः विहरण समापत्ति भनेको के हो ? जहाँ कामवासना निरोध हुन्छ । जसले कामवासना निरोध गर्दै-निरोध गर्दै बस्छ, 'त्यो आयुष्मान निश्चय नै त्यस अङ्गद्वारा तृष्णारहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए तथा त्यस पार लागेका भए' भनी उसको बारेमा भन्दछु ।' 'कामवासना कहाँ निरोध भयो, कसले कामवासना निरोध गर्दै- निरोध गर्दै बस्छ ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले यसरी भन्छ भने उसलाई भन्नुपर्छ– 'आवुसो ! यहाँ भिक्षुले कामविषयबाट अलगिगएर अनि अकुशलबाट पनि अलगिगएर सवितर्क, सविचार, विवेकबाट उत्पन्न प्रीति सुखले युक्त प्रथमध्यान लाभ गरी बस्छ । यहाँ कामवासनाको निरोध हुन्छ अनि यो कामवासना निरोध गर्दै-निरोध गर्दै बस्छ ।' भिक्षुहो ! यो निश्चितरूपले नै अशठ तथा अमायावी भई 'साधु' भनी त्यस कथनलाई समर्थन गर्नुपर्छ अथवा अनुमोदन गर्नुपर्छ । 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी, दुई हात जोडेर नमस्कार गरी सेवामा लाग्नुपर्छ ।

जहाँ वितर्क र विचार निरोध हुन्छ । जसले वितर्क र विचारलाई निरोध गद-निरोध गर्दै बस्छ । 'वहाँ आयुष्मान निश्चितरूपले नै त्यस अङ्गद्वारा तृष्णारहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए तथा त्यस पार लागेका भए' भनी उसको बारेमा भन्दछु ।' 'वितर्क र विचार कहाँ निरुद्ध भयो, कसले वितर्क र विचारलाई निरोध गर्दै-निरोध गर्दै बस्छ ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले यसरी भन्छभने उसलाई भन्नुपर्छ– 'आवुसो ! यहाँ भिक्षुले वितर्क र विचारलाई उपशमन गरी..... द्वितीयध्यान लाभ गरी बस्छ । यहाँ वितर्क र विचार निरोध हुन्छ अनि जसले वितर्क र विचारलाई निरोध गर्दै-निरोध



Downloaded from http://dhamma.digital

गर्दै बस्छ ।' भिक्षुहो ! निश्चितरूपले नै अशठ तथा अमायावी भई 'साधु' भनी त्यस कथनलाई समर्थन गर्नुपर्छ अथवा अनुमोदन गर्नुपर्छ । 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी दुई हात जोडेर नमस्कार गरी सेवामा लाग्नुपर्छ ।

"जहाँ प्रीति निरोध हुन्छ । जसले प्रीतिलाई निरोध गर्दै-निरोध गर्दै बस्छ । 'त्यो आयुष्मान निश्चितरूपले नै त्यस अङ्गद्वारा तृष्णारहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए तथा त्यस पार लागेका भए' भनी भन्दछु ।' 'प्रीति कहाँ निरोध भयो, कसले प्रीतिलाई निरोध गर्दै-निरोध गर्दै बस्छ ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले यसरी भन्छभने उसलाई भन्नुपर्छ–'आवुसो ! यहाँ भिक्षुले प्रीतिबाट विरागिएर स्मृति सम्प्रजन्यताकासाथ उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी बस्छ । उसलाई ती आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षावान्, स्मृतिवान् र सुखकासाथ बस्ने' तृतीयध्यान लाभ गरी बस्ने । यहाँ प्रीति निरोध हुन्छ अनि यो प्रीतिलाई निरोध गर्दै-निरोध गर्दै बस्छ ।' भिक्षुहो ! निश्चितरूपले नै अशठ तथा अमायावी भई 'साधु' भनी त्यस कथनलाई समर्थन गर्नुपर्छ अथवा अनुमोदन गर्नुपर्छ । 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी दुई हात जोडेर नमस्कार गरी सेवामा लाग्नुपर्छ ।

"जहाँ उपेक्षा निरोध हुन्छ । जसले उपेक्षा निरोध गर्दै-निरोध गर्दै बस्छ । 'वहाँ आयुष्मान निश्चितरूपले नै त्यस अङ्गद्वारा तृष्णारहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए, त्यस पार लागेका भए' भनी भन्दछु ।' 'उपेक्षा सुख कहाँ निरोध भयो, कसले उपेक्षा सुखलाई निरोध गर्दै निरोध गर्दै बस्छ ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले यसरी भन्छभने उसलाई भन्नुपर्छ– 'आवुसो ! यहाँ भिक्षुले सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य र दौर्मनस्य अन्त गरी, दुःख-सुखरहित भएको अनि उपेक्षाद्वारा परिशुद्ध भएको चतुर्थध्यान लाभ गरी बस्छ ।' यहाँ उपेक्षासुख निरोध हुन्छ अनि यस उपेक्षासुख निरोध गर्दै-निरोध गर्दै बस्छ ।' भिक्षुहो ! निश्चितरूपले नै अशठ तथा अमायावी भई 'साधु' भनी त्यस कथनलाई समर्थन गर्नुपर्छ अथवा अनुमोदन गर्नुपर्छ । 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी दुई हात जोडी नमस्कार गरी सेवामा लाग्नुपर्छ ।

"जहाँ रूपसंज्ञा निरोध हुन्छ, जसले रूपसंज्ञा निरोध गर्दै-निरोध गर्दै बस्छ । 'वहाँ आयुष्मान निश्चितरूपले नै त्यस अङ्गद्वारा तृष्णारहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए तथा त्यस पार लागेका भए' भनी भन्दछु ।' 'रूपसंज्ञा कहाँ



Downloaded from http://dhamma.digital

निरोध भयो, कसले रूपसंज्ञालाई निरोध गर्दै-निरोध गर्दै बस्छ ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले भन्छभने उसलाई भन्नुपर्छ– 'आवुसो ! यहाँ भिक्षुले समस्त रूपसंज्ञा समतिक्रम गरी प्रतिघसंज्ञा अस्त गरी नानात्वसंज्ञा मनमा नलिई 'आकाश अनन्त छ' भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ । यहाँ रूपसंज्ञा निरोध हुन्छ अनि यो रूपसंज्ञा निरोध गर्दै-निरोध गर्दै बस्छ ।' भिक्षुहो ! निश्चितरूपले नै अशठ तथा अमायावी भई 'साधु' भनी त्यस कथनलाई समर्थन गर्नुपर्छ तथा अनुमोदन गर्नुपर्छ । 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी दुई हात जोडेर नमस्कार गरी सेवामा लाग्नुपर्छ ।

"जब आकासानञ्चायतन निरोध हुन्छ, जसले आकासानञ्चायतन निरोध गरी-निरोध गरी बस्छ । 'वहाँ आयुष्मान निश्चयरूपले नै त्यस अङ्गद्वारा तृष्णा-रहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए तथा त्यस पार लागेका भए' भनी भन्दछु ।' 'आकासानञ्चायतन' कहाँ निरोध भयो, कसले 'आकासानञ्चायतन' निरोध गर्दै-निरोध गर्दै बस्छ ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले यसरी भन्छ भने उसलाई भन्नुपर्छ– 'आवुसो ! यहाँ भिक्षुले समस्त 'आका-सानञ्चायन' समतिक्रम गरी विज्ञान अनन्त छ भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ । यहाँ 'आकासानञ्चायतन' संज्ञा निरोध हुन्छ अनि यो 'आकासानञ्चाय-तन' निरोध गर्दै-निरोध गर्दै बस्छ ।' भिक्षुहो ! निश्चितरूपले नै अशठ तथा अमायावी भई 'साधु' भनी त्यस कथनलाई समर्थन गर्नुपर्छ अथवा अनुमोदन गर्नुपर्छ । 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी दुई हात जोडेर नमस्कार गरी सेवामा लाग्नुपर्छ ।

"जहाँ 'विञ्ञाणञ्चायतन' निरोध हुन्छ, जसले 'विञ्ञाणञ्चायतन' निरोध गर्दै-निरोध गर्दै बस्छ । 'वहाँ आयुष्मान निश्चितरूपले नै त्यस अङ्गद्वारा तृष्णारहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए तथा त्यस पार लागेका भए' भनी उसको बारेमा भन्दछु ।' 'विञ्ञाणञ्चायतन' कहाँ निरोध भयो, कसले 'विञ्ञाणञ्चायतन' संज्ञालाई निरोध गर्दै-निरोध गर्दै बस्छ ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले यसरी भन्छभने उसलाई भन्नुपर्छ 'आवुसो ! यहाँ भिक्षुले समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ । यहाँ 'विञ्ञाणञ्चायतन' संज्ञा निरोध हुन्छ अनि यस 'विञ्ञाणञ्चायतन' निरोध गर्दै-निरोध गर्दै बस्छ ।' भिक्षुहो ! निश्चितरूपले नै अशठ तथा अमायावी भई 'साधु' भनी त्यस कथनलाई समर्थन गर्नुपर्छ अथवा अनुमोदन गर्नुपर्छ । 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी दुई हात



Downloaded from http://dhamma.digital

जोडेर नमस्कार गरी सेवामा लाग्नुपर्छ।

"जहाँ 'नेवसञ्ञानासञ्ञायतन' संज्ञा निरोध हुन्छ। जसले 'विञ्ञाणञ्चायतन' निरोध गर्दै-निरोध गर्दै बस्छ। 'वहाँ आयुष्मान निश्चितरूपले नै त्यस अङ्गद्वारा तृष्णारहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए तथा त्यस पार लागेका भए' भनी उसको बारेमा भन्दछु।' 'नेवसञ्ञानासञ्ञायतन' संज्ञा कहाँ निरोध भयो, कसले 'नेवसञ्ञानासञ्ञायतन' संज्ञा निरोध गर्दै-निरोध गर्दै बस्छ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले यसरी भन्नेगर्छ भने उसलाई भन्नुपर्छ– 'आवुसो! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ। यहाँ 'नेवसञ्ञानासञ्ञायतन' संज्ञा निरोध हुन्छ अनि यस 'नेवसञ्ञानासञ्ञायतन' निरोध गर्दै-निरोध गर्दै बस्छ।' भिक्षुहो! निश्चितरूपले नै अशठ तथा अमायावी भई 'साधु' भनी यस कथनलाई समर्थन गर्नुपर्छ अथवा अनुमोदन गर्नुपर्छ। 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी दुई हात जोडेर नमस्कार गरी सेवामा लाग्नुपर्छ।

"जहाँ 'आकिञ्चञ्ञायतन' संज्ञा निरोध हुन्छ। जसले 'विञ्ञानञ्चायतन' निरोध गर्दै-निरोध गर्दै बस्छ। 'वहाँ आयुष्मान निश्चितरूपले नै त्यस अङ्गद्वारा तृष्णारहित भए, निर्वाण प्राप्त भए, उत्तीर्ण भए तथा त्यस पार लागेका भए' भनी उसको बारेमा भन्दछु।' 'आकिञ्चञ्ञायतन' संज्ञा कहाँ निरोध भयो, कसले 'आकिञ्चञ्ञायतन' संज्ञा निरोध गर्दै-निरोध गर्दै बस्छ? उसलाई मैले जानेको छैन अनि देखेको छैन' भनी कसैले यसरी भन्ने गर्छभने उसलाई भन्नुपर्छ–'आवुसो! यहाँ भिक्षुले समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ। यहाँ 'आकिञ्चञ्ञायतन' संज्ञा निरोध हुन्छ अनि यस 'आकिञ्चञ्ञायतन' निरोध गर्दै-निरोध गर्दै बस्छ।' भिक्षुहो! निश्चितरूपले समर्थन अथवा अनुमोदन गर्नुपर्छ। 'साधु' भनी त्यस कथनलाई अभिनन्दन तथा अनुमोदन गरी दुई हात जोडेर नमस्कार गरी सेवामा लाग्नुपर्छ। भिक्षुहो! यी नै क्रमशः नौ प्रकारका समापत्ति विहरण हुन्।"

## ३. निब्बानसुखसुत्तं

३४. एक समय सारिपुत्त राजगहस्थित वेलुवनको कलन्दक निवापमा बस्नुहुन्थ्यो। त्यहाँ आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो! यो 'निर्वाण' सुख हो, आवुसोहो! 'निर्वाण' सुख हो। यसरी भन्नु हुँदा आयुष्मान उदायीले आयुष्मान सारिपुत्तलाई यसो भने– "आयुष्मान सारिपुत्त! यो



Downloaded from http://dhamma.digital

कस्तो 'सुख' हो, जहाँ कुनै प्रकारको सुखवेदना हुँदैन ?" यस्तै नै हो आवुसो ! यसमा कुनै प्रकारको सुखवेदना हुँदैन । आवुसो ! पाँच प्रकारका कामविषय छन् । कुन-कुन पाँच ? चक्षुको अनुभवमा आउने रूप प्रिय, पियकर, मनोरम, राम्रोलाग्ने, कामुकता र रञ्जक हुन्छ । श्रोतको अनुभवमा आउने शव्द..... घ्राणको अनुभवमा आउने गन्ध... जिव्हाको अनुभवमा आउने रस... शरीरको अनुभवमा आउने स्पर्श प्रिय, प्रियकर, मनोरम, राम्रोलाग्ने, कामुकता र रञ्जक हुन्छ । आवुसो ! यी पाँच कामविषय हुन् । आवुसो ! यी पाँच कामविषयका कारणले जुन 'सुख' तथा आनन्द उत्पन्न गराउँछ, यसैलाई काम-सुख भनिन्छ ।

"आवुसो ! यहाँ भिक्षुले कामविषयबाट अलग्गिएर..... प्रथमध्यान लाभ गरी बस्छ । आवुसो ! यसरी व्यतीत गरिरहँदा उसको मनमा काम-विषयको भाव आउँदा उसको लागि यो बाधा वा विघ्न हुन्छ । जस्तै कि आवुसो ! सुख भोग गरिरहेकालाई जब बाधा वा विघ्न आउँछ तब दु:खोत्पत्ति हुन्छ । यसरी नै उसको मनमा कामविषयको भाव (संज्ञा) आउँदा उसको निम्ति यो बाधा वा विघ्न हुन्छ । आवुसो ! जति पनि विघ्नकारक छन् भगवानले त्यसलाई दु:ख नै हो भन्नुभएको छ । यस अर्थले पनि बुझ्नुपर्छ कि 'निर्वाण' नै सुख हो ।

"आवुसो ! यहाँ भिक्षुले वितर्क र विचारलाई उपशमन गरी... द्वितीय-ध्यान लाभ गरी बस्छ । आवुसो ! यस प्रकारले व्यतीत गरिरहँदा उसको मनमा तर्कवितर्कको भाव आउँदा यो उसको लागि बाधा वा विघ्न हुन्छ । जस्तै कि आवुसो ! सुख भोग गरिरहेकालाई जब बाधा वा विघ्न आउँछ तब दु:खोत्पत्ति हुन्छ । यसरी नै उसको मनमा तर्कवितर्कको भाव आउँदा उसको निम्ति यो बाधा वा विघ्न हुन्छ । आवुसो ! जति पनि विघ्नकारक छन् भगवानले त्यसलाई दु:ख नै हो भन्नुभएको छ । यस अर्थले पनि बुझ्नुपर्छ कि 'निर्वाण' नै सुख हो ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षु प्रीतिबाट विरागिएर स्मृति सम्प्र-जन्यताकासाथ उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेको हुन्छ उसलाई ती आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुखकासाथ बस्ने' भनी तृतीयध्यान लाभ गरी बस्छ । आवुसो ! त्यो भिक्षुले यसरी प्रीतिको भाव आउँदा उसको लागि यो बाधा वा विघ्न हुन्छ । जस्तै कि आवुसो ! सुखभोग गरिरहेकालाई जब बाधा वा विघ्न आउँछ तब दु:खोत्पत्ति हुन्छ । यसरी नै उसको मनमा प्रीतिको भाव हुँदा उसको निम्ति यो बाधा वा विघ्न हुन्छ । आवुसो ! जति-पनि विघ्नकारक छन् भगवानले त्यसलाई दु:ख नै हो भन्नुभएको छ । यस अर्थले पनि बुझ्नुपर्छ कि 'निर्वाण' नै सुख हो ।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'रूपसञ्ञा' समतिक्रम गरी 'पतिघसञ्ञा' अस्त गरी 'नानात्वसञ्ञा' मनमा नलिई आकाश अनन्त छ भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ। आवुसो ! यदि त्यो भिक्षुसँग रूपको भाव आउँछ भने उसको निम्ति यो बाधा वा विघ्न हुन्छ। जस्तै कि आवुसो ! सुखभोग गरिरहेकालाई जब बाधा वा विघ्न आउँछ तब दुःखोत्पत्ति हुन्छ। यसरी नै उसको मनमा रूप विषयको भाव आउँदा उसको निम्ति यो बाधा वा विघ्न हुन्छ। आवुसो ! जति पनि विघ्नकारक छन् भगवानले त्यसलाई दुःख नै हो भन्नुभएको छ। यस अर्थले पनि बुझ्नुपर्छ कि 'निर्वाण' नै सुख हो।

"अनि फेरि अर्को आवुसो ! यहाँ भिक्षुले समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी विज्ञान अनन्त छ भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ। आवुसो ! यदि त्यो भिक्षुसँग 'आकासानञ्चायतन'को भाव आउँछ भने उसको निम्ति यो बाधा वा विघ्न हुन्छ। जस्तै कि आवुसो ! सुखभोग गरिरहेकालाई जब बाधा वा विघ्न आउँछ तब दुःखोत्पत्ति हुन्छ। यसरी नै उसको मनमा 'आकासानञ्चायतन'-को भाव आउँदा यो उसको निम्ति बाधा वा विघ्न हुन्छ। आवुसो ! जति पनि विघ्नकारक छन् भगवानले त्यसलाई दुःख नै हो भन्नुभएको छ। यस अर्थले पनि बुझ्नुपर्छ कि 'निर्वाण' नै सुख हो।

"अनि फेरि अर्को आवुसो ! यहाँ भिक्षुले समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी केही छैन भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ। आवुसो ! यदि त्यो भिक्षुसँग 'विञ्ञाणञ्चायतन'को भाव आउँछ भने उसको निम्ति यो बाधा वा विघ्न हुन्छ। जस्तै कि आवुसो ! सुखभोग गरिरहेकालाई जब बाधा वा विघ्न आउँछ तब दुःखोत्पत्ति हुन्छ। यसरी नै उसको मनमा 'विञ्ञाणञ्चायतन'को भाव आउँदा उसको निम्ति यो बाधा वा विघ्न हुन्छ। आवुसो ! जतिपनि विघ्नकारक छन् भगवानले त्यसलाई दुःख नै हो भन्नुभएको छ। यस अर्थले पनि बुझ्नुपर्छ कि 'निर्वाण' नै सुख हो।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ। आवुसो ! यदि त्यो भिक्षुसँग 'आकिञ्चञ्ञायतन'को भाव आउँछ भने उसको निम्ति यो बाधा वा विघ्न हुन्छ जस्तै कि आवुसो ! सुखभोग गरिरहेकालाई जब बाधा वा विघ्न आउँछ तब दुःखोत्पत्ति हुन्छ। यसरी नै उसको मनमा 'आकिञ्चञ्ञायतन'को भाव आउँदा उसको निम्ति यो बाधा वा विघ्न हुन्छ। आवुसो ! जतिपनि विघ्नकारक छन् भगवानले त्यसलाई दुःख नै हो भन्नुभएको छ। यस अर्थले पनि बुझ्नुपर्छ कि 'नि-



Downloaded from http://dhamma.digital

र्वाण' नै सुख हो ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञा दृष्टिद्वारा आश्रवक्षय गर्छ । आवुसो ! यस अर्थले पनि बुझ्नुपर्छ कि 'निर्वाण' नै सुख हो ।"

## ४. गावीउपमासुत्तं

३५. "जस्तै कि, भिक्षुहो ! मूर्ख, अबुझ, चरनक्षेत्र नजान्ने तथा दक्षता नभएको पहाडी गाई विषम पर्वतको चरनस्थलमा जान चाहन्छ । उसलाई यस्तो हुन्छ– 'अब म कहिल्यै नगएको दिशातिर किन नजाने, पहिले नखाएको घाँस किन नखाने अनि पहिले नपिएको पानी किन नपिउने !' उसले अगाडिको खुट्टाले राम्रोसँग नटेकी पछिल्लो खुट्टा पहिला उठाउँछ भने ऊ कहिल्यै नगएको दिशातिर सकुशल पुग्दैन, पहिले नखाएको घाँस खान पाउँदैन अनि पहिले नपिएको पानी पीउन पाउँदैन । जुन स्थानमा रहेर यस्तो विचार गर्छ– 'अब म पहिले नगएको दिशातिर किन नजाने, पहिले नखाएको घाँस किन नखाने अनि पहिले नपिएको पानी किन नपिउने !' ऊ त्यस स्थानमा सकुशल पुग्न सक्दैन । त्यो के कारणले ? भिक्षुहो ! त्यस प्रकारको त्यो पहाडी गाई मूर्ख, अबुझ, चरनक्षेत्र नजान्ने अनि दक्षता नभएको त्यस्तो पहाडी गाई विषम पर्वतको चरन स्थलमा जान चाहेकोले नै हो । यसरी नै, भिक्षुहो ! यहाँ कोही मूर्ख, अबुझ, चरनक्षेत्र नजान्ने अनि दक्षता नहुने भिक्षुले काम-भोगविषयबाट अलग्गिएर अकुशलबाट पनि अलग्गिएर सवितर्क, सविचार, विवेकबाट उत्पन्न प्रीति सुखले युक्त प्रथम ध्यान लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्दैन, अभ्यास गर्दैन, वृद्धि गर्दैन अनि आफ्नो अधिकारमा राख्दैन ।

"उसलाई यस्तो हुन्छ– 'मैले अब वितर्क र विचारलाई शान्त गरी, आन्तरिक प्रसन्नता दिने, चित्त एकाग्रता, वितर्करहित तथा विचाररहित समाधिबाट उत्पन्न प्रीति-सुखले युक्त भएको द्वितीय ध्यान लाभ गरी किन नबस्ने !' उसले वितर्क विचारलाई शान्त गरी...... द्वितीय ध्यान लाभ गरी बस्न सक्दैन । उसलाई यस्तो हुन्छ– अब मैले कामबाट अलग्गिएर अनि अकुशलबाट पनि अलग्गिएर सवितर्क, सविचार अनि विवेकबाट उत्पन्न प्रीति सुखले युक्त भएको प्रथम ध्यान लाभ गरी किन नबस्ने ! उसले कामबाट अलग्गिएर..... प्रथम ध्यान लाभ गर्न सक्दैन । भिक्षुहो ! यसैलाई भनिन्छ–'यस्तो भिक्षु उभयपक्षबाट नै भ्रष्ट भएको तथा उभयपक्षबाट नै हानि भएको । जस्तै कि त्यो मूर्ख, अबुझ, चरनक्षेत्र



Downloaded from http://dhamma.digital

नजान्ने अनि दक्षता नभएको पहाडी गाई विषम पर्वतको चरनस्थल जान चाहे जस्तै हुन्छ ।

"जस्तै कि, भिक्षुहो ! पण्डित, बुझक्कड, चरनक्षेत्र जान्ने तथा दक्षता भएको पहाडी गाई विषम पर्वतको चरनस्थलतिर जान चाहन्छ । उसलाई यस्तो हुन्छ– 'अब म पहिले नगएको दिशातिर जान्छु, पहिले नखाएको घाँस खान्छु अनि पहिले नपिएको पानी पिउँछु ।' उसले अगाडिको खुट्टाले राम्रोसँग टेकी पछिल्लो खुट्टा उठाउँछ भने ऊ पहिले नगएको दिशा जान सक्छ, पहिले नखाएको घाँस खान पाउँछ अनि पहिला नपिएको पानी पीउन पाउँछ । जुन स्थानमा रहेर यस्तो विचार गर्छ– 'अब म पहिले नगएको दिशातिर जान्छु, पहिले नखाएको घाँस खान्छु अनि पहिले नपिएको पानी पिउँछु ।' ऊ त्यस स्थानमा आरामसँग गई फर्केर आउँछ । त्यो के कारणले ? भिक्षुहो ! किन कि त्यो गाई पण्डित, बुझक्कड, चरनक्षेत्र जान्ने तथा चरणस्थलको दक्षता भएकोले नै हो । भिक्षुहो ! यसरी नै, यहाँ कोही-कोही पण्डित, बुझक्कड, चरनक्षेत्र जान्ने, दक्षता भएको भिक्षुले काम-भोग विषयबाट अलग्गिएर अनि अकुशलबाट पनि अलग्गिएर सवितर्क, सविचार र विवेकबाट उत्पन्न प्रीति सुखले युक्त प्रथमध्यान लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ अनि आफ्नो अधिकारमा राख्छ ।

"उसलाई यस्तो हुन्छ– 'मैले अब वितर्क र विचारलाई शान्त गरी, आन्तरिक प्रसन्नता दिने, चित्त एकाग्रताको भाव, वितर्करहित र विचाररहित समाधिबाट उत्पन्न प्रीति सुखले युक्त द्वितीयध्यान लाभ गरी किन नबस्ने ! उसले बिनाबाधा वितर्क र विचार शान्त गरी...... द्वितीयध्यान लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ अनि आफ्नो अधिकारमा राख्छ ।

"उसलाई यस्तो हुन्छ– 'अब म प्रीतिबाट विरागिएर उपेक्षावान भई बस्छु, स्मृति-सम्प्रजन्ययुक्त भइकन शरीरद्वारा सुखको अनुभव गर्छु, जसलाई ती आर्यहरूले भन्ने गर्छन्– उपेक्षावान, स्मृतिवान अनि सुखकासाथ तृतीय ध्यान लाभ गरी बस्ने ।' त्यस तृतीयध्यान लाभ गरी किन नबस्ने !' उसले बिनाबाधा प्रीतिबाट विरागिएर, उपेक्षक भई, स्मृति-सम्प्रजन्यताकासाथ शरीरद्वारा सुखको अनुभव गरी बस्छ, जसलाई ती आर्यहरूले भन्ने गर्छन्–'उपेक्षावान, स्मृतिवान र सुखकासाथ बस्ने ।' त्यस तृतीयध्यान लाभ गरी बस्छ । । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ अनि आफ्नो अधिकारमा राख्छ ।



Downloaded from http://dhamma.digital

"उसलाई यस्तो हुन्छ– 'अब मैले सुख पनि त्यागेर, दु:ख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदु::ख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी किन नबस्ने !' उसले बिनाबाधा सुख पनि त्यागेर, दु:ख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदु::ख, असुखस्वरूप, उपेक्षास्मृति, परिशुद्धयुक्त चतुर्थ ध्यान लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ अनि आफ्नो अधिकारमा राख्छ ।

"उसलाई यस्तो हुन्छ– 'अब मैले समस्त रूपसंज्ञा समतिक्रम गरी प्रतिघसंज्ञा अस्त गरी नानात्व संज्ञा मनमा नलिई 'आकाश अनन्त छ' भनी' आकासानञ्चायतन' लाभ गरी किन नबस्ने !' उसले 'आकासानञ्चायतन'लाई बाधा नपुऱ्याई समस्त रूपसंज्ञा समतिक्रम गरी.....'आकासानञ्चायतन' लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ अनि आफ्नो अधिकारमा राख्छ ।

"उसलाई यस्तो हुन्छ– 'अब मैले समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त छ' भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी किन नबस्ने !' उसले 'विञ्ञाणञ्चायतन'लाई बाधा नपुऱ्याई समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त छ' भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ, अनि आफ्नो अधिकारमा राख्छ ।

"उसलाई यस्तो हुन्छ– 'अब मैले समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी किन नबस्ने !' उसले 'आकिञ्चञ्ञायतन'लाई बाधा नपुऱ्याई समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ अनि आफ्नो अधिकारमा राख्छ ।

"उसलाई यस्तो हुन्छ– 'अब मैले समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी किन नबस्ने !' उसले 'नेवसञ्ञानासञ्ञायतनलाई' बाधा नपुऱ्याई समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रमगरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ अनि आफ्नो अधिकारमा राख्छ ।

"उसलाई यस्तो हुन्छ– 'अब मैले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी किन नबस्ने !' उसले 'सञ्ञावेदयित-



Downloaded from http://dhamma.digital

निरोध'लाई बाधा नपुऱ्याई समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयित' लाभ गरी बस्छ । उसले त्यस निमित्तलाई सेवन गर्छ, अभ्यास गर्छ, वृद्धि गर्छ अनि आफ्नो अधिकारमा राख्छ ।

"भिक्षुहो ! जब त्यो भिक्षुले त्यस प्रकारको समापत्ति प्राप्त गरी अनि त्यस (ध्यान)बाट उठ्दा उसको चित्त कोमल र कामलाग्दो हुन्छ । मृदु अनि कामलाग्दो चित्तको हुँदा समाधि असीम र सुभावित हुन्छ । उसले असीम र सुभावित समाधिद्वारा जुन-जुन साक्षात्कार गर्नुपर्ने, अभिज्ञात गर्नुपर्ने धर्ममा चित्त लगाउँछ, उसले त्यस-त्यस विषयमा नै स्मरण गरिएको आयतनलाई (विषय-वस्तु) साक्षीरूपमा प्राप्त गर्छ ।

"यदि उसले यस्तो इच्छा गर्छ कि– 'अनेक प्रकारको ऋद्धि अनुभव गर्ने हुन्छु, एकबाट धेरै हुन्छु, धेरैबाट एक हुन्छु... समस्त ब्रह्मलोकसम्म पनि आफ्नो शरीर पुऱ्याउँछु ।' उसले त्यस-त्यस विषयमा नै स्मरण गरिएको आयतनलाई साक्षीरूपमा प्राप्त गर्छ ।

"यदि उसले यस्तो इच्छा गर्छ कि– 'दिव्यश्रोत धातुद्वारा... स्मरण गरिएको आयतनलाई साक्षीरूपमा प्राप्त गर्छ ।

"यदि उसले यस्तो इच्छा गर्छ कि– 'मैले अरूको चित्तमा रहेको वा अन्य व्यक्तिको मनमा रहेको कुरा आफ्नो चित्तले जान्न सक्ने हुन्छु । रागसहितको चित्त भएमा रागसहितको चित्त भनी जान्न सक्ने हुन्छु । रागरहितको चित्त भएमा रागरहितको चित्त भनी जान्न सक्ने हुन्छु । द्वेषसहितको चित्त भएमा द्वेषसहितको चित्त भनी जान्न सक्ने हुन्छु । द्वेषरहितको चित्त भएमा द्वेषरहितको चित्त भनी जान्न सक्ने हुन्छु । मोहसहितको चित्त भएमा मोहसहितको चित्त भनी जान्न सक्ने हुन्छु । मोहरहितको चित्त भएमा मोहरहितको चित्त भनी जान्न सक्ने हुन्छु । एकाग्र चित्तको भएमा... विचलित चित्तको भएमा... महत चित्तको भएमा... श्रेष्ठ चित्तको भएमा... असीम चित्तको भएमा... समाहित चित्तको भएमा... असमाहित चित्तको भएमा... विमुक्त चित्तको भएमा... अविमुक्त चित्तको भएमा अविमुक्त चित्तको भनी जान्न सक्ने हुन्छ । उसले त्यसत्यस विषयमा नै स्मरण गरिएको आयतनलाई साक्षीरूपमा प्राप्त गर्छ ।



Downloaded from http://dhamma.digital

"यदि उसले यस्तो इच्छा गर्छ कि– 'अनेक प्रकारले पूर्व जन्मका कुरा जान्न सक्ने हुन्छु ! जस्तै कि– 'एक जन्मको, दुई जन्मको..... यस प्रकारको आकार, यस प्रकारको उद्देश्यसहित अनेकौं पूर्व जन्मका विषय लिएर अनुस्मरण गर्न सक्ने हुन्छु। उसले त्यस-त्यस विषयमा नै स्मरण गरिएको आयतनलाई साक्षी-रूपमा प्राप्त गर्छ।

"यदि उसले यस्तो इच्छा गर्छ कि– 'मनुष्यको भन्दा पनि उत्तम विशुद्ध दिव्यचक्षुद्वारा..... कर्मानुसार जन्मेका सत्वलाई देख्न सक्ने हुन्छु। उसले त्यस-त्यस विषयमा नै स्मरण गरिने आयतनलाई साक्षीरूपमा प्राप्त गर्छ।

"यदि उसले यस्तो इच्छा गर्छ कि– 'आश्रव क्षय गरी आश्रवरहित भई चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई यसै जन्ममा स्वयम्ले अभिज्ञात गरी, साक्षात्कार गरी तथा लाभ गरी बस्नेछु। उसले त्यस-त्यस विषयमा नै स्मरण गरिने आयतनलाई साक्षीरूपमा प्राप्त गर्छ।"

## ५. झानसुत्तं

३६. "भिक्षुहो ! प्रथमध्यानद्वारा पनि आश्रव क्षय हुन्छ भनी मैले भन्ने गर्दछु। भिक्षुहो ! द्वितीयध्यानद्वारा पनि आश्रव क्षय हुन्छ भनी मैले भन्ने गर्दछु। भिक्षुहो ! तृतीयध्यानद्वारा पनि आश्रव क्षय हुन्छ भनी मैले भन्ने गर्दछु। भिक्षुहो ! चतुर्थध्यानद्वारा पनि आश्रव क्षय हुन्छ भनी मैले भन्ने गर्दछु। भिक्षुहो ! 'आकासानञ्चायतन'द्वारा पनि आश्रव क्षय हुन्छ भनी मैले भन्ने गर्दछु। भिक्षुहो ! 'विञ्ञाणञ्चायतन'द्वारा पनि आश्रव क्षय हुन्छ भनी मैले भन्ने गर्दछु। भिक्षुहो ! 'आकिञ्चञ्ञायतन'द्वारा पनि आश्रव क्षय हुन्छ भनी मैल भन्ने गर्दछु। भिक्षुहो ! 'नेवसञ्ञानासञ्ञायतन'द्वारा पनि आश्रव क्षय हुन्छ भनी मैले भन्ने गर्दछु। भिक्षुहो ! 'सञ्ञावेदयितनिरोध'द्वारा पनि आश्रव क्षय हुन्छ भनी मैले भन्ने गर्दछु।

" 'भिक्षुहो ! प्रथमध्यानद्वारा पनि आश्रव क्षय हुन्छ', भनी मैले भनें। यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षुले कामविषयबाट अलगिगएर... प्रथमध्यान लाभ गरी बस्छ। उसले त्यहाँ रहेको जतिपनि रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् ती समस्त विषय अनित्य हो, दुःख हो, रोग हो, फोका हो, शल्य हो, नराम्रो हो, बाधा हो, अर्काको हो, ह्रास हुने हो, शून्य हो अनि अनात्मा हो भनी राम्रोसँग बुझेको हुन्छ। उसले त्यस विषयबाट चित्त हटाउँछ। उसले त्यस विषयबाट चित्त हटाउँदा अमृतधातुमा चित्त लगाउँछ– 'जुन कि सबै संस्कारको



Downloaded from http://dhamma.digital

सबै उपाधि त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाण नै शान्ति हो अनि यो नै प्रणीत हो ।' ऊ त्यसमा स्थित भइकन आश्रव क्षय गर्छ । यदि आश्रव क्षय गर्न नसकेमा त्यही धर्ममा स्नेह र प्रीति रहनाले पतनतिर लाने पाँच संयोजन क्षय गरी 'ओपपातिक' हुन्छ । ऊ त्यहींबाट परिनिर्वाण हुन्छ । त्यस लोकबाट पुनः यहाँ आउन पर्दैन ।

जस्तै कि, "भिक्षुहो ! तीर चलाउने वा तीर चलाउनेको शिष्य हुन्छ, उसले घाँसको मान्छे वा थुपारिएको माटोमा अभ्यास गर्छ अनि पछि उसले टाढासम्म तीर हान्न सक्छ, तुरन्त नै मार हान्न सक्छ अनि ठूल्ठूला चीज-बस्तु पनि छिचोल्न सक्छ । भिक्षुहो ! यसरी नै भिक्षुले कामविषयबाट अलगिएर... प्रथम-ध्यान लाभ गरी बस्छ । उसले त्यहाँ रहेको जतिपनि रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् ती समस्त विषय अनित्य हो, दुःख हो, रोग हो, फोका हो, शल्य हो, नराम्रो हो, बाधा हो, अर्काको हो, ह्रास हुने हो, शून्य हो अनि अनात्मा हो भनी राम्रोसँग बुझेको हुन्छ । उसले त्यस विषयबाट चित्त हटाउँछ । उसले त्यस विषयबाट चित्त हटाएर अमृतधातुमा चित्तमा लगाउँछ– 'जुन कि सबै संस्कारको शमन, सबै उपाधि त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाण नै शान्ति हो अनि यो नै प्रणीत हो ।' ऊ त्यसमा स्थित भइकन आश्रव क्षय गर्छ । यदि आश्रव क्षय गर्न नसकेमा त्यसै धर्ममा स्नेह र प्रीति रहनाले पतनतिर लाने पाँच संयोजन क्षय गरी 'ओपपातिक' हुन्छ । ऊ त्यहींबाट परिनिर्वाण हुन्छ । त्यस लोकबाट पुनः यहाँ आउन पर्दैन । भिक्षुहो ! प्रथमध्यानद्वारा पनि आश्रव क्षय हुन्छ', भनी जुन मैले भनें यसै अर्थलाई लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! द्वितीयध्यानद्वारा पनि..... तृतीयध्यानद्वारा पनि..... भिक्षुहो ! यहाँ भिक्षुले प्रीतिबाट विरागिएर स्मृति सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेको हुन्छ, उसलाई ती आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुखकासाथ बस्ने' तृतीयध्यान लाभ गरी बस्ने । त्यहाँ-रहेका जतिपनि रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् ती समस्त विषय अनित्य हो, दुःख हो, रोग हो, फोका हो, शल्य हो, नराम्रो हो, बाधा हो, अर्काको हो, ह्रास हुने हो, शून्य हो अनि अनात्मा हो भनी राम्रोसँग बुझेको हुन्छ... यसरी नै भिक्षुहो ! भिक्षुले प्रीतिबाट विरागिएर स्मृति सम्प्रजन्यसहित उपेक्षक भइकन शरीर-द्वारा सुखको अनुभव गरी जो बसेको हुन्छ, उसलाई ती आर्यहरूले भन्ने गर्छन्– उपेक्षावान, स्मृतिवान र सुखसहित बस्ने'- तृतीयध्यान लाभ गरी बस्ने । त्यहाँ रहेका जतिपनि रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् ती समस्त विषय अनित्य हो, दुःख हो, रोग हो, फोका हो, शल्य हो, नराम्रो हो, बाधा हो, अर्काको हो, ह्रास



Downloaded from http://dhamma.digital

हुने हो, शून्य हो अनि अनात्मा हो भनी राम्रोसँग बुझेको हुन्छ.....'भिक्षुहो ! चतुर्थध्यानद्वारा पनि आश्रव क्षय हुन्छ', भनी मैले यसरी भनें । यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षुले सुख पनि त्यागेर, दु:ख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदु::ख, असुखस्वरूप, उपेक्षास्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ । उसले त्यहाँ रहेका जतिपनि रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् ती समस्त विषय अनित्य हो, दु:ख हो, रोग हो, फोका हो, शल्य हो, नराम्रो हो, बाधा हो, अर्काको हो, ह्रास हुने हो, शून्य हो अनि अनात्मा हो भनी राम्रोसँग बुझेको हुन्छ । उसले त्यस विषयबाट चित्त हटाउँछ । उसले त्यस विषयबाट चित्त हटाएर अमृतधातुमा चित्त लगाउँछ– जुन कि सबै संस्कारको शमन, सबै उपाधिको त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाण नै शान्ति हो अनि यो नै प्रणीत हो ।' ऊ त्यसमा स्थित भइकन आश्रव क्षय गर्छ । यदि आश्रव क्षय गर्न नसकेमा त्यही धर्ममा स्नेह र प्रीति रहनाले पतनतिर लाने पाँच संयोजन क्षय गरी 'ओपपातिक' हुन्छ । ऊ त्यहींबाट परिनिर्वाण हुन्छ । त्यस लोकबाट पुनः यहाँ आउन पर्दैन ।

जस्तै कि, "भिक्षुहो ! तीर चलाउने वा तीर चलाउनेको शिष्य हुन्छ, उसले घाँसको मान्छे वा थुपारिएको माटोमा तीर चलाउन अभ्यास गर्छ अनि पछि उसले टाढासम्म तीर हान्न सक्छ, तुरन्त नै मार हान्न सक्छ अनि ठूल्ठूला चीज-वस्तुलाई पनि छिचोल्न सक्छ । भिक्षुहो ! यसरी नै भिक्षुले सुख पनि त्यागेर, दु:ख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदु::ख, असुखस्वरूप, उपेक्षास्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ । त्यहाँ रहेका जतिपनि रूप, वेदना..... त्यस लोकबाट पुन: यहाँ आउन पर्दैन । भिक्षुहो ! चतुर्थध्यानद्वारा पनि आश्रव क्षय हुन्छ' भनी जुन मैल भनें यही अर्थलाई लिएर भनेको हुँ ।

"भिक्षुहो ! 'आकासानञ्चायतन' ध्यानद्वारा पनि आश्रव क्षय हुन्छ', भनी मैले भनें । यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षुले समस्त रूपसंज्ञा-लाई समतिक्रम गरी, प्रतिघसंज्ञालाई अस्त गरी अनि नानात्व संज्ञालाई भनमा नलिई 'आकाश अनन्त' छ भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ । उसले त्यहाँ रहेका जतिपनि वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् ती समस्त विषय अनित्य हो, दु:ख हो, रोग हो, फोका हो, शल्य हो, नराम्रो हो, बाधा हो, अर्काको हो, ह्रास हुने हो, शून्य हो अनि अनात्मा हो भनी राम्रोसँग बुझेको हुन्छ । उसले त्यस विषयबाट चित्त हटाउँछ । उसले त्यस विषयबाट चित्त हटाएर अमृतधातुमा चित्त लगाउँछ– 'जुन कि सबै संस्कारको शमन, सबै उपाधिको त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाण नै शान्ति हो अनि यो नै प्रणीत हो ।' ऊ त्यसमा स्थित भइकन



Downloaded from http://dhamma.digital

आश्रव क्षय गर्छ । यदि आश्रव क्षय गर्न नसकेमा त्यही धर्ममा स्नेह र प्रीति रहनाले पतनतिर लाने पाँच संयोजन क्षय गरी 'ओपपातिक' हुन्छ । ऊ त्यहींबाट परिनिर्वाण हुन्छ । त्यस लोकबाट पुनः यहाँ आउन पर्दैन ।

जस्तै कि, "भिक्षुहो ! तीर चलाउने वा तीर चलाउनेको शिष्य हुन्छ, उसले घाँसको मान्छे वा थुपारिएको माटोमा तीर चलाउन अभ्यास गर्छ अनि पछि उसले टाढासम्म तीर हान्न सक्छ, तुरन्त नै मार हान्न सक्छ अनि ठूल्ठूला चीज-वस्तुलाई पनि छिचोल्न सक्छ । भिक्षुहो ! यसरी नै भिक्षुले समस्त रूपसंज्ञा समतिक्रम गरी, प्रतिघसंज्ञालाई अस्त गरी, नानात्व संज्ञालाई मनमा नलिई आकाश अनन्त छ भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ । उसले त्यहाँ रहेका जतिपनि वेदना, संज्ञा..... त्यस लोकबाट पुनः यहाँ आउन पर्दैन । भिक्षुहो ! 'आकासानञ्चायतन' ध्यानद्वारा पनि आश्रव क्षय हुन्छ', भनी जुन मैले भनें यही अर्थलाई लिएर भनेको हुँ ।

"भिक्षुहो ! 'विञ्ञाणञ्चायतन' ध्यानद्वारा...... 'आकिञ्चञ्ञायतन' ध्यान द्वारा पनि आश्रव क्षय हुन्छ', भनी यसरी भनें । यो कुन अर्थलाई लिएर भनें ? भिक्षुहो ! यहाँ भिक्षुले सबै 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ । उसले त्यहाँ रहेका जतिपनि वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् ती समस्त विषयलाई अनित्य हो, दुःख हो, रोग हो, फोका हो, शल्य हो, नराम्रो हो, बाधा हो, अर्काको हो, ह्रास हुने हो, शून्य हो अनि अनात्मा हो भनी राम्रोसँग बुझेको हुन्छ । उसले त्यस विषयबाट चित्त हटाएर अमृतधातुमा चित्त लगाउँछ– 'जुन कि सबै संस्कारको शमन, सबै उपाधि त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाण नै शान्ति हो अनि यो नै प्रणीत हो ।' ऊ त्यसमा स्थित भइकन आश्रव क्षय गर्छ । यदि आश्रव क्षय गर्न सकेन भने त्यही धर्मप्रति स्नेह र त्यसै धर्मप्रति प्रीति रहनाले पतन हुनतिर लाने पाँच संयोजन क्षय गरी 'ओपपातिक' हुन्छ । ऊ त्यहींबाट परिनिर्वाण हुन्छ । त्यस लोकबाट पुनः यहाँ आउन पर्दैन ।

जस्तै कि, "भिक्षुहो ! तीर चलाउने वा तीर चलाउनेको शिष्य हुन्छ, उसले घाँसको मान्छे वा थुपारिएको माटोमा तीर चलाउन अभ्यास गर्छ अनि पछि उसले टाढासम्म तीर हान्न सक्छ, तुरन्त नै मार हान्न सक्छ अनि ठूल्ठूला चीज-वस्तुलाई पनि छिचोल्न सक्छ । भिक्षुहो ! यसरी भिक्षुले समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी, 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ । उसले त्यहाँ रहेका जतिपनि वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् ती समस्त विषयलाई अनित्य



Downloaded from http://dhamma.digital

हो, दु:ख हो, रोग हो, फोका हो, शल्य हो, नराम्रो हो, बाधा हो, अर्काको हो, ह्रास हुने हो, शून्य हो अनि अनात्मा हो भनी राम्रोसँग बुझेको हुन्छ । उसले त्यस विषयबाट चित्त हटाउँछ । उसले त्यस विषयबाट चित्त हटाएर अमृतधातुमा चित्त लगाउँछ– 'जुन कि सबै संस्कारको शमन, सबै उपाधि त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाण नै शान्ति हो अनि यो नै प्रणीत हो ।' ऊ त्यसमा स्थित भइकन आश्रव क्षय गर्छ । यदि आश्रव क्षय गर्न सकेन भने त्यही धर्ममा स्नेह र प्रीति रहनाले पतनतिर लाने पाँच संयोजन क्षय गरी 'ओपपातिक' हुन्छ । ऊ त्यहींबाट परिनिर्वाण हुन्छ । त्यस लोकबाट पुनः यहाँ आउन पर्दैन । भिक्षुहो ! 'आकिञ्चञ्ञा-यतन' ध्यानद्वारा पनि आश्रव क्षय हुन्छ', भनी मैले जुन भनें यही अर्थलाई लिएर भनेको हुँ ।

"भिक्षुहो ! जतिपनि 'सञ्ञासमापत्ति' हुन् त्यति नै ज्ञानप्रतिवेध (छिचोल्न-सक्ने) हुन्छ । भिक्षुहो ! जुन कि यसबाट हुने दुई आयतनहरू– 'नेवसञ्ञानासञ्ञा-यतन समापत्ति' र 'सञ्ञावेदयितनिरोध'मा ध्यानारुढ हुन्छ । भिक्षुहो ! समापत्ति (ध्यानावस्था)मा निपुण अनि समापत्ति (ध्यानावस्था)बाट उठ्नमा निपुण भएकाले समापत्तिबाट उठेर राम्रोसँग भन्नु पर्छ भनी भन्दछु ।"

## ६. आनन्दसुत्तं

३७. एक समय आयुष्मान आनन्द कोसम्बिस्थित घोसितारामममा बस्नु-हुन्थ्यो । त्यसबेला आयुष्मान आनन्दले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसो, भिक्षुहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान आनन्दलाई प्रत्युत्तर दिए । आयुष्मान आनन्दले यसरी भन्नुभयो–

"आश्चर्य, आवुसोहो ! अद्भूत, आवुसोहो ! यी जतिपनि वहाँ भगवान अर्हत सम्यकसम्बुद्धले जान्नुभई, बुझ्नुभई बाधाहरूको बावजुद पनि सत्वको निम्ति विशुद्ध हुन, शोक-परिदेव समतिक्रम गर्न, दु:ख-दौर्मनस्य अन्त गर्न, ज्ञान प्राप्त गर्न अनि निर्वाण साक्षात्कार गर्नको निम्ति उपाय (बाटो) निकालिदिनु भयो । त्यही नै आँखा हुन्छ, त्यही नै रूप हुन्छ तर त्यो आयतनमा संवेदना हुँदैन । त्यही नै श्रोत हुन्छ, त्यही नै शब्द हुन्छ तर त्यो आयतनमा संवेदना हुँदैन । त्यही नै घ्राण हुन्छ, त्यही नै गन्ध हुन्छ तर त्यो आयतनमा संवेदना हुँदैन । त्यही नै जिब्रो हुन्छ, त्यही नै रश हुन्छ तर त्यो आयतनमा संवेदना हुँदैन । त्यही नै शरीर हुन्छ, त्यही नै स्पर्श हुन्छ तर त्यो आयतनमा संवेदना हुँदैन ।"



Downloaded from http://dhamma.digital

आयुष्मान आनन्दले यसरी भन्नु भएपछि आयुष्मान उदायीले यसरी भने– "आवुसो ! संज्ञा हुँदा पनि त्यस आयतनमा संवेदना हुँदैन अथवा संज्ञाले युक्त नहुँदा ?" "आवुसो ! संज्ञाले युक्त हुँदा नै त्यस आयतनमा संवेदना हुँदैन, संज्ञा नरहँदा होइन ।"

"कुन संज्ञा हुँदा त्यस आयतनमा संवेदना हुँदैन ?" "आवुसो ! यहाँ भिक्षुले सबै रूपसंज्ञालाई समतिक्रम गरी प्रतिघसंज्ञालाई विनष्ट गरी नानात्वसंज्ञा मनमा नलिई 'आकाश अनन्त' हो भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ । आवुसो ! यसरी संज्ञा हुँदा पनि त्यस आयतनमा संवेदना हुँदैन ।

"अनि फेरी अर्को, आवुसो ! भिक्षुले सबै 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त' हो भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ । आवुसो ! यसरी संज्ञा हुँदा पनि त्यस आयतनमा संवेदना हुँदैन ।

"अनि फेरी अर्को, आवुसो ! भिक्षुले सबै 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ । आवुसो ! यसरी संज्ञा हुँदा पनि त्यस आयतनमा संवेदना हुँदैन ।

"आवुसोहो ! एक समयमा म साकेतस्थित अञ्जनवनको मिगदायमा बसेको थिएँ । अनि त, आवुसोहो ! जटिलवासिका भिक्षुणी जहाँ म थिएँ, त्यहाँ आइन्, आएर मलाई अभिवादन गरी एक ठाउँमा बसिन् । आवुसोहो ! एक ठाउँमा बसेपछि जटिलवासिका भिक्षुणीले यसरी भनिन्– 'भन्ते, आनन्द ! जुन समाधि रागको वशमा नपरी, द्वेषको वशमा नपरी अनि ससंस्कारलाई निग्रह गरी नहटाए पनि विमुक्त भई स्थित हुन्छ, स्थित हुँदा सन्तुष्ट हुन्छ अनि सन्तुष्ट हुँदा चिन्तित हुँदैन । भन्ते ! भगवानले यो समाधिद्वारा के फल पाउनसक्छ भनी भन्नु भएको छ ?' "

"आवुसो ! यसरी सोद्धा मैले जटिलवासिका भिक्षुणीलाई यसरी भनें– 'बहिनी ! जुन समाधि रागको वशमा परेको हुँदैन, द्वेषको वशमा परेको हुँदैन अनि ससंस्कारलाई निग्रह गरी नहटाउँदा पनि विमुक्त भई स्थित हुन्छ, स्थित हुँदा सन्तुष्ट हुन्छ अनि सन्तुष्ट हुँदा चिन्तित हुँदैन । बहिनी ! यस समाधिद्वारा फल प्राप्त हुनेलाई भगवानबाट अञ्ञा (अर्हत्व) भनी भन्नु भएको छ । आवुसो ! यसरी संज्ञा हुँदा पनि त्यस आयतनमा संवेदना हुँदैन ।



Downloaded from http://dhamma.digital

## ७. लोकायतिकसुत्तं

३८. त्यस समय लोकायत मान्ने दुई ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानसँग कुशलक्षमको कुराकानी गरे । कुशल क्षमको कुराकानी गरेपछि एक ठाउँमा बसे । एकठाउँमा बसेका ती ब्राह्मणहरूले भगवानलाई यसरी भने–

"भो गोतम ! पूरण कस्सप सर्वज्ञ, सर्वदर्शी अनि निशेष गरी ज्ञान-दर्शनद्वारा जान्दछ– 'हिंड्दा, बस्दा, सुत्दा र जाग्रत रहँदा समस्त ज्ञानदर्शन उपस्थित भएको हुन्छ । वहाँ भन्नुहुन्छ– 'मैले अनन्त ज्ञानद्वारा अनन्त लोकलाई जानी-बुझी बस्ने गर्दछु ।' भो गोतम ! यो निगण्ठ नाटपुत्त पनि सर्वज्ञ, सर्वदर्शी अनि निषेश गरी ज्ञानदर्शनद्वारा जान्दछ– 'हिंड्दा, बस्दा, सुत्दा र जाग्रत रहँदा समस्त ज्ञानदर्शन उपस्थित भएको हुन्छ । वहाँ भन्नुहुन्छ– 'मैले अनन्त ज्ञानद्वारा अनन्त लोकलाई जानीबुझी बस्ने गर्दछु ।' भो गोतम ! यी दुई ज्ञानवादी-हरू मध्यमा अथवा यी दुई परस्पर विरोधीहरू मध्यमा कस्को भनाई ठीक हो अनि कस्को भनाई झूटो हो ?"

"ब्राह्मण ! यी दुई ज्ञानवादीहरू मध्यमा अथवा यी दुई परस्पर विरोधीहरू मध्यमा कस्को भनाई ठीक हो अनि कस्को भनाई झूटो हो ? भन्ने कुरा रहन देऊ, त्यो कुरा नगर । ब्राह्मण ! तिमीहरूलाई धर्म देशना गर्छु, त्यसलाई सुन, राम्ररी मनमा धारण गर; भन्नेछु ।" "हवस्, भन्ते !" भनी ती ब्राह्मणहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसरी भन्नुभयो–

" जस्तो कि, ब्राह्मण ! चारजना पुरुष चार दिशातिर बसेका हुन्छन्, तिनीहरूको गति, तिनीहरूको हिंडाइको चाल अत्यन्तै तेज हुन्छ । तिनीहरूको चाल यति तेज हुन्छ, जस्तो कि– कोही बलवान, शिक्षित र अभ्यस्त धनुर्धारी हुन्छ । उसले हल्काकासाथ, सजिलैसित ताडवृक्षको छायाँलाई तीरले अतिक्रम गरी दिन्छ । यसप्रकारले नै हिंडाइको चाल यस्तो हुन्छ, जस्तो कि पूर्व समुद्रदेखि पश्चिम समुद्र सम्मको । अनि पूर्व समुद्रमा रहेका व्यक्तिले यसरी भन्छ– 'म हिँडेर लोकको अन्तसम्म पुग्न सक्छु ।' उसले नखाई-नपिई-नचाखी-दिसा-पिसाब नगरी, विश्राम नलिई, नसुती सयवर्षसम्म जीवित रही सयवर्षसम्म हिंड्दै जाँदा पनि लोकको अन्तसम्म पुग्न नसकी बीचमा नै मृत्यु हुन्छ । अनि पश्चिम दिशामा रहेका व्यक्तिले..... अनि उत्तर दिशामारहेका व्यक्तिले..... अनि दक्षिण दिशामारहेका व्यक्तिले पूर्व समुद्रमारहेका व्यक्तिले यसरी भन्छ– 'म हिँडेर लोकको अन्तसम्म



Downloaded from http://dhamma.digital

पुग्न सक्छु।' उसले नखाई-नपिई-नचाखी-दिसा-पिसाब नगरी, विश्राम नलिई अनि नसुती सयवर्षसम्म जीवितरही, सयवर्षसम्म हिंड्दै जाँदा पनि लोकको अन्तसम्म पुग्न नसकी बीचमा नै मृत्यु हुन्छ। त्यो के कारणले ? यसरी दगुर्दै गएर लोकको अन्तसम्म पुग्न सकिन्छ, जान्न सकिन्छ, देख्न सकिन्छ वा पुग्न सकिन्छ भनेर मैले भन्दिन। ब्राह्मण ! मैले यो पनि भन्दिन लोकको अन्तसम्म नपुगी दुःखलाई अन्त गर्न सकिन्छ।

"ब्राह्मणहो ! यी पाँच कामगुणलाई आर्यको विनयमा 'लोक' भनिन्छ। ती पाँच के के हुन् ? चक्षु विज्ञय रूप राम्रो लाग्ने, सुन्दर लाग्ने, मनोनुकूल हुने, प्रिय लाग्ने अनि कामुकतामा रमाउन लगाउँछ। श्रोत विज्ञय शब्द..... घ्राण विज्ञय गन्ध..... जिव्हा विज्ञय रश..... काय विज्ञय स्पर्श राम्रो लाग्ने, सुन्दर लाग्ने, मनोनुकूल हुने, प्रिय लाग्ने अनि कामुकतामा रमाउन लगाउँछन्। ब्राह्मण ! यी पाँच कामगुणलाई आर्यको विनयमा लोक भनिन्छ।

"ब्राह्मणहो ! यहाँ भिक्षुले कामविषयबाट अलग्गिएर अनि अकुशलबाट पनि अलग्गिएर सवितर्क, सविचार, विवेकबाट उत्पन्न प्रीति सुखले युक्त प्रथमध्यान लाभ गरी बस्छ। ब्राह्मणहो ! यसैलाई भनिन्छ 'लोकको अन्तसम्म पुगी लोकको अन्तमा बस्ने। उसलाई अरूले भन्ने गर्छ कि यो पनि लोकको अन्तसम्म पुगी लोकप्रति अनासक्त छन्। ब्राह्मणहो ! मैले पनि यो भन्ने गर्छु कि यो पनि लोकको अन्तसम्म पुगी लोकप्रति अनासक्त भई बस्ने।' "

अनि फेरि अर्को, ब्राह्मणहो ! भिक्षुले वितर्क र विचारलाई उपशमन गरी द्वितीयध्यान..... यहाँ भिक्षुले प्रीतिबाट विरागिएर स्मृति सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेको हुन्छ उसलाई ती आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुखकासाथ बस्ने' तृतीयध्यान लाभ..... यहाँ भिक्षुले सुखलाई पनि त्यागेर, दुःखलाई पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्ने हुन्छ। ब्राह्मणहो ! यसैलाई भनिन्छ–'लोकको अन्तसम्म पुगी, लोकको अन्तमा बस्ने। उसलाई अरूले भन्ने गर्छ कि यो पनि लोकको अन्तसम्म पुगी लोकप्रति अनासक्त छन्। ब्राह्मणहो ! मैले पनि यो भन्ने गर्छु कि यो पनि लोकको अन्तसम्म पुगी लोकप्रति अनासक्त भई बस्ने।' "

अनि फेरि अर्को, ब्राह्मणहो ! भिक्षुले समस्त रूपसंज्ञालाई समतिक्रम गरी प्रतिघसंज्ञालाई अस्त गरी नानात्वसंज्ञालाई मनमा नलिई 'आकाश अनन्त' छ



Downloaded from http://dhamma.digital

भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ। ब्राह्मणहो ! यसैलाई भनिन्छ–'लोकको अन्तसम्म पुगी, लोकको अन्तमा बस्ने । उसलाई अरूले भन्ने गर्छ कि यो पनि लोकको अन्तसम्म पुगी लोकप्रति अनासक्त छन् । ब्राह्मणहो ! मैले पनि यो भन्ने गर्छु कि यो पनि लोकको अन्तसम्म पुगी लोकप्रति अनासक्त भई बस्ने ।' "

अनि फेरि अर्को, ब्राह्मणहो ! भिक्षुले समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त' छ भनी 'विञ्ञाणञ्चायतन' लाभ गरीबस्छ.... समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरीं बस्छ.... समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ । ब्राह्मणहो ! यसैलाई भनिन्छ– लोकको अन्तसम्म पुगी लोकको अन्तमा बस्ने । उसलाई अरूले भन्ने गर्छ कि यो पनि लोकको अन्तसम्म पुगेर लोकप्रति अनासक्त छन् । ब्राह्मणहो ! मैले पनि यो भन्ने गर्छु कि यो पनि लोकको अन्तसम्म पुगी लोक प्रति अनासक्त भई बस्ने ।'

अनि फेरि अर्को, ब्राह्मणहो ! भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ, प्रज्ञादृष्टिद्वारा हेरी सबै आश्रवहरू क्षय गरेको हुन्छ । ब्राह्मणहो ! यसैलाई भनिन्छ–'लोकको अन्तसम्म पुगी, लोकको अन्तमा बसी अनि लोकको आसक्तिबाट पार लागेको ।' "

### ८. देवासुरसङ्गामसुत्तं

३९. "भिक्षुहो ! पूर्व समय देवहरू र असुरहरूबीच युद्ध भएको थियो । भिक्षुहो ! त्यस युद्धमा असुरहरूको विजय र देवहरूको पराजय भएको थियो । पराजित भएका देवताहरू उत्तराभिमुख भई भागे । असुरहरूले पिछा गरे । त्यसबेला देवताहरूको मनमा यस्तो भयो– 'असुरहरूले पिछा गरिरहेका छन् । हामीले दोस्रो पटक असुरहरूसँग किन युद्ध नगर्ने !' भिक्षुहो ! दोस्रो पटक पनि असुरहरूले नै जिते अनि देवताहरू हारे । पराजित देवताहरू उत्तराभिमुख भई भागे । असुरहरूले पिछा गरे ।

अनि फेरि, भिक्षुहो ! देवताहरूले सोचे– 'असुरहरूले पिछा गरी नै रहेका छन् । हामीले तेस्रो पटक असुरहरूसँग किन युद्ध नगर्ने !' भिक्षुहो ! तेस्रो पटक पनि असुहरूले नै जिते, देवताहरू हारे । पराजित देवताहरू डराएर देवपुरभित्र प्रवेश गरे । भिक्षुहो ! देवपुरमा प्रवेश गरेपछि देवताहरूको मनमा भयो– 'अब हामीलाई कुनै डर छैन, असुरहरूले केही गर्न सक्दैनन् ।' भिक्षुहो ! असुरहरूको मनमा यस्तो



Downloaded from http://dhamma.digital

भयो– 'अब देवताहरू निर्धक्क भई बस्नेछन् । हामीले केही गर्न सक्दैनौं ।

"भिक्षुहो ! पूर्व समयमा देव र असुरहरूबीच युद्ध भएको थियो । भिक्षुहो ! त्यस युद्धमा असुरहरूको पराजय र देवहरूको विजय भएको थियो । पराजित भएका असुरहरू दक्षिणाभिमुख भई भागे । देवताहरूले पिछा गरे । त्यसबेला असुरहरूको मनमा यस्तो भयो– 'देवताहरूले पिछा गरी नै रहेका छन् । हामीले दोस्रो पटक देवताहरूसँग किन युद्ध नगर्ने !' भिक्षुहो ! दोस्रो पटक पनि देवताहरूले नै जिते अनि असुरहरू हारे । पराजित असुरहरू दक्षिणाभिमुख भई भागे । देवताहरूले पिछा गरे ।

अनि फेरि, भिक्षुहो ! असुरहरूले सोचे– 'देवताहरूले पिछा गरी नै रहेका छन् । हामीले तेस्रो पटक देवताहरूसँग किन युद्ध नगर्ने !' भिक्षुहो ! तेस्रो पटक पनि देवताहरू नै विजयी भए । असुरहरू पराजित भए । पराजित असुरहरू डराएर असुरपुरभित्र प्रवेश गरे । भिक्षुहो ! असुरपुरमा प्रवेश गरेपछि असुरहरूको मनमा भयो– 'अब हामीलाई कुनै डर छैन, देवताहरूले केही गर्न सक्दैनन् ।' भिक्षुहो ! देवताहरूको मनमा यस्तो भयो– 'अब असुरहरू निर्धक्क भई बस्नेछन् । हामीले केही गर्न सक्दैनौ ।

"यसरी नै भिक्षुहो ! जुन समय भिक्षु कामविषयबाट अलग्गिएर अनि अकुशलबाट पनि अलग्गिएर सवितर्क, सविचार, विवेकबाट उत्पन्न प्रीति सुखले युक्त प्रथमध्यान लाभ गरी बस्छ । भिक्षुहो ! त्यस समय भिक्षुलाई यस्तो हुन्छ– 'अब मलाई कुनै डर छैन अनि मारले पनि केही गर्न सक्दैन । भिक्षुहो ! मारहरूको मनमा यस्तो हुन्छ– 'अब भिक्षु निर्धक्क भई बस्नेछ । हामीले केही गर्न सक्दैनौं ।

"यसरी नै, भिक्षुहो ! जुन समय भिक्षुले वितर्क र विचारलाई शान्त गरी. .... द्वितीयध्यान..... भिक्षु प्रीतिबाट विरागिएर स्मृति सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुखकासाथ बस्ने' तृतीयध्यान.... भिक्षुले सुख पनि त्यागेर, दुःख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ । भिक्षुहो ! त्यस समयमा भिक्षुलाई यस्तो हुन्छ– 'अब मलाई कुनै डर छैन अनि मारले केही गर्न सक्दैन । भिक्षुहो ! मारको मनमा पनि यस्तो हुन्छ– 'अब भिक्षु निर्धक्क भई बस्नेछ । हामीले केही गर्न सक्दैनौं ।' "

१९



Downloaded from http://dhamma.digital

' "जुन समय भिक्षुले समस्त रूपसंज्ञा समतिक्रम गरी प्रतिघसंज्ञा अस्त गरी नानात्वसंज्ञा मनमा नलिई 'आकाश अनन्त' छ, भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षुले मारलाई अन्त गरी दियो, पापी मारको पाउरहित गरी दियो, चक्षुविहिन गरी दियो अनि लोकको आसक्तिबाट पार भए ।' "

भिक्षुहो ! जुन समय भिक्षु समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त छ' भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ.... समस्त 'विञ्ञान-ञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ..... समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ..... समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयित निरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा हेरी सबै आश्रवहरू क्षय गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– 'भिक्षुले मारलाई अन्त गरी दियो, पापी मारको पाउरहित गरी दियो, चक्षुविहिन गरी दियो अनि लोकको आसक्तिबाट पार भए ।' "

## ९. नागसुत्तं

४०. "भिक्षुहो ! जुन समय जङ्गलमा रहने हस्तिराज भन्दा पनि अन्य हात्ती, हात्तीनी, छावा तथा हात्तीका भर्खरभर्खरका बच्चाहरू अघिअघि गई घाँसका टुप्पाटुप्पा खाई दिन्छन् अनि त्यसकारणले, भिक्षुहो ! जङ्गलका हस्तिराज क्षुब्ध हुन्छ, हैरान हुन्छ अनि घृणा गर्छ । भिक्षुहो ! जुन समय जङ्गलमा रहने हस्तिराज भन्दा पनि अन्य हात्ती, हात्तीनी, छावा तथा भर्खर भर्खरका बच्चाहरू अघि-अघि गई हाँगा-बिँगा भाँचिएकोबाट खान्छ । त्यसकारणले, भिक्षुहो ! जङ्गलका हस्तिराज क्षुब्ध हुन्छ, हैरान हुन्छ अनि घृणा गर्छ । भिक्षुहो ! जुन समय जङ्गलमा रहने हस्तिराज भन्दा पनि अन्य हात्ती, हात्तीनी, छावा र भर्खरभर्खरका बच्चाहरू पानीमा डुबुल्की लाउँछन् तथा सूँडले पानी फोहर गरिदिन्छन् । त्यसकारणले, भिक्षुहो ! जङ्गलका हस्तिराज क्षुब्ध हुन्छ, हैरान हुन्छ अनि घृणा गर्छ । भिक्षुहो ! जुन समय जङ्गलमा रहने हात्ती पानीबाट निस्किंदा हात्तीनीले शरीरलाई घस्रेर जान्छ । त्यसकारणले, भिक्षुहो ! जङ्गलका हस्तिराज क्षुब्ध हुन्छ, हैरान हुन्छ अनि घृणा गर्छ ।

"भिक्षुहो ! जङ्गलमा रहने हस्तिराजलाई त्यस समय यस्तो लाग्छ– 'अहिले म अन्य हात्तीले, हात्तीनीले, हात्तीका छावाले तथा हात्तीका भर्खरभर्खरका छावाहरूले घेरिएर बस्दछु । यही कारणले गर्दा अरूले खाएर बचेको घाँस मैले खानु परेको छ । भाँचिएको हाँगा-बिँगाका पातहरू खाएर बचेको खानु परेको छ ।



Downloaded from http://dhamma.digital

फोहर पानी पिउनु परेको छ । जब म पानीमा डुबुल्की लगाउँछु, अनि निस्कन्छु त्यस समय हात्तीनीहरूले मेरो शरीरलाई घस्रेर जान्छ । त्यसैले म समूहबाट पृथक भई एक्लै किन नबसूँ ! ऊ एक दिन समूहबाट पृथक भई एक्लै बस्छ । अरूले नखाएको घाँस खान पाउँछ । हाँगा-बिँगा भाँचिएकोबाट पातहरू खान पर्दैन । फोहर नभएको पानी पिउन पाउँछ । पानीमा डुबुल्की लाउँदा, निस्किंदा हात्तीनी-हरूद्वारा शरीर घसिइनु परेको छैन ।

"भिक्षुहो ! जङ्गलमा रहने हस्तिराजलाई त्यस समय यस्तो लाग्छ– 'म पहिला हात्तिले, हात्तीनी, हात्तीका छावा तथा हात्तीका भर्खरभर्खरका बच्चाहरूद्वारा घेरिएर बस्दथें । अरूले खाएर बचेको घाँस खानु पर्थ्यो । पानीमा डुबुल्की लाउँदा, निस्किंदा हात्तीनीद्वारा शरीर घस्रिइनु पर्थ्यो । अब म समूहबाट पृथक भई एक्लै नै विचरण गर्दछु । अरूले नखाएको घाँस खाने गर्छु । हाँगा-बिँगा भाँचिएकोबाट पातहरू खान नपर्ने भयो । फोहर नभएको पानी पिउन पाएँ । पानीमा डुबुल्की लाउँदा र निस्किंदा हात्तीनीद्वारा शरीर घसिइनु परेको छैन । उसले सूँडद्वारा भाँचीएको हाँगाबाट शरीरलाई रगडेर आनन्दित भई सूँडलाई संहित गर्छ ।

"यसरी नै, भिक्षुहो ! जुन समय भिक्षु, भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू उपासिकाहरू, राजाहरू, राज-महामात्यहरू, तैर्थिकहरू र तैर्थिक श्रावकहरूद्वारा घेरिएर बस्छ । त्यस समय भिक्षुलाई यस्तो लाग्छ– 'अहिले म भिक्षु, भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू, उपासिकाहरू, राजाहरू, राज-महामात्यहरू, तैर्थिकहरू तैर्थिक श्रावकहरूद्वारा घेरिएर बसेको छु, त्यसैले म समूहबाट पृथक भई एक्लै किन नबसूँ !' उसले एकान्त स्थानलाई रुचाउँछ– जङ्गल, वृक्ष-मूल, पर्वत, कन्दरा, पहाडमा रहेको गुफा, मशान, वन-मार्ग, खुला स्थान र परालको कुन्यू । ऊ जङ्गलमा वा वृक्षको मूलमा वा शुन्यागारमा गई, स्मृतिलाई सामुन्ने राखी अनि पलेँटी कसेर शरीरलाई सीधा गरी बस्छ ।

"उसले लोकमा लोभ हटाएर लोभविहिन चित्तको भई बस्छ अनि लोभमय चित्तलाई परिशुद्ध पार्छ । द्वेष हटाएर द्वेषविहिन चित्तको भई बस्छ अनि समस्त प्राणीप्रति हितानुकम्पी भई व्यापादमय प्रदूषित चित्तलाई परिशुद्ध पार्छ । थिनमिद्ध (शारीरिक र मानसिक आलस्य) हटाएर थिनमिद्धविहिन भई बस्छ, प्रकाश-संज्ञी, स्मृति-सम्प्रजन्यको हुन्छ अनि चित्तमा रहने थिनमिद्ध परिशुद्ध पार्छ । उद्धच्चकुक्कुच्च (उद्धतपन र कौकृत्य) हटाएर उद्धतपनरहित र शान्त चित्तको भई बस्छ । चित्तमा रहेको उद्धच्चकुक्कुच्च परिशुद्ध पार्छ । शङ्का हटाएर शङ्काबाट मुक्त भई बस्छ, कुशल धर्ममा शङ्का नगर्ने हुन्छ अनि चित्तमा रहेको शङ्का परिशुद्ध



Downloaded from http://dhamma.digital

पार्छ । उसले चित्तको उपक्लेश, प्रज्ञालाई दुर्बल बनाउने यी पाँच नीवरण हटाएर काम-विषयबाट अलग्गिएर अनि अकुशलबाट पनि अलग्गिएर सवितर्क, सविचार, विवेकबाट उत्पन्न प्रीति-सुखयुक्त प्रथमध्यान लाभ गरी बस्छ । ऊ आनन्दित भई सूँडलाई संहित गर्छ । वितर्क-विचार शान्त गरी द्वितीयध्यान लाभ गरी बस्छ । प्रीतिबाट विरागिएर स्मृति सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षावान्, स्मृतिवान् र सुखकासाथ बस्ने' तृतीयध्यान लाभ गरी बस्ने । ऊ आनन्दित भई सूँडलाई संहित गर्छ । सुख पनि त्यागेर, दुःख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ । ऊ आनन्दित भई सूँडलाई संहित गर्छ ।

"समस्त रूपसंज्ञा समतिक्रम गरी प्रतिघसंज्ञा अस्त गरी नानात्व संज्ञा मनमा नलिई 'आकाश अनन्त' छ, भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ । ऊ आनन्दित भई सूँडलाई संहित गर्छ । समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त छ' भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ....समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ..... समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ..... समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयित निरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा हेरी सबै आश्रवहरू क्षय गर्छ । ऊ आनन्दित भई सूँडलाई संहित गर्छ ।"

## १०. तपुस्ससुत्तं

४१. एक समय भगवान मल्लस्थित उरुवेलकप्प नगरमा बस्नुहुन्थ्यो । त्यसबेला भगवान पूर्वाण्ह समय पात्र चीवर लिनुभई उरुवेलकप्पमा भिक्षाटन गर्न जानुभयो । उरुवेलकप्पमा भिक्षाटन गर्नुभई भोजन पश्चात आयुष्मान आनन्दलाई बोलाउनु भयो– "आनन्द ! त्यतिबेलासम्म तिमी यहीं बस्नु, जबसम्म महावनमा दिवा विहार गर्नेछु । "हवस्, भन्ते ! भनी आयुष्मान आनन्दले भगवानलाई प्रतिवचन दिनुभयो । अनि त भगवान महावनमा दिवा विहारको निम्ति कुनै एउटा वृक्ष मुनि बस्नुभयो ।

त्यसबेला तपुस्स गृहपति जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । गएर आयुष्मान आनन्दलाई अभिवादन गरी एक ठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान आनन्दलाई गृहपति तपुस्सले यसरी भने– "भन्ते, आनन्द ! हामी काम-



Downloaded from http://dhamma.digital

भोगी, कामभोगमा रमाउने, काममा रतरहने अनि काममा उल्लासित हुन्छौं। भन्ते ! हामी गृहस्थ कामभोगी, कामभोगमा रमाउने, काममा रतरहने, काममा उल्लासित हुनेलाई यो जुन नैष्कम्य हो, त्यो प्रपात झैं प्रतित हुन्छ। भन्ते ! मैले सुनेको छु कि, 'यस धर्म विनयमा युवक-युवक भिक्षुहरूको मन नैष्कम्यमा प्रवृत्त भएको, प्रसन्न रहेको, स्थिर रहेको अनि विमुक्त भएको।' यस्तो भएको देख्दा, भन्ते ! यस धर्म विनयानुसार भिक्षुहरूमा रहेको जुन यो नैष्कम्य हो, त्यो अधिकांश मान्छेहरूको निम्ति असदृश झैं हुन्छ।

"गृहपति ! यो यस्तो कुरा हो जुन कुरा भगवानको सामुन्ने नै भन्नु पर्छ। आऊ, गृहपति ! जहाँ भगवान हुनुहुन्छ त्यहाँ जाऔं, त्यहाँ गई यो कुरा भनौं। भगवानले हामीलाई जे भन्नु हुनेछ त्यसैलाई स्वीकारौं।"

"हवस् भन्ते !' भनी तपुस्स गृहपतिले आयुष्मान आनन्दलाई प्रत्युत्तर दिए। अनि त, आयुष्मान आनन्द र गृहपति तपुस्स सँगै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि आयुष्मान आनन्दले भगवानलाई यसरी भने–

"भन्ते ! यो तपुस्स गृहपतिले यसरी भन्यो– "भन्ते आनन्द ! हामी कामभोगी, कामभोगमा रमाउने, काममा रतरहने अनि काममा उल्लासित हुन्छौं। भन्ते ! हामी गृहस्थ कामभोगी, कामभोगमा रमाउने, काममा रतरहने, काममा उल्लासित हुनेलाई जुन यो नैष्कम्य हो, त्यो प्रपात झैं प्रतित हुन्छ। भन्ते ! मैले सुनेको छु कि, 'यस धर्म विनयमा युवक-युवक भिक्षुहरूको मन नैष्कम्य प्रवृत्त भएको, प्रसन्न रहेको, स्थिर रहेको अनि विमुक्त भएको।' यस्तो भएको देख्दा भन्ते ! यस धर्म विनयानुसार भिक्षुहरूमा रहेको जुन यो नैष्कम्य हो, त्यो अधिकांश मान्छेहरूको निम्ति असदृश झैं हुन्छ।

"यस्तै हो, आनन्द ! यस्तै हो, आनन्द ! मलाई पनि, आनन्द ! सम्बोधि प्राप्त हुनु भन्दा पहिला, बोधिसत्व नै छँदा यस्तो भयो– 'नैष्कम्य भनेको राम्रो हो, एकान्तवास भनेको राम्रो हो।' त्यसबेला आनन्द ! मेरो मन नैष्कम्यमा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको थाहापाएँ। त्यसबेला, आनन्द ! मलाई यस्तो भयो– 'यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? जहाँ कि मेरो मन नैष्कम्यमा प्रवृत्त भएन, प्रसन्न भएन, स्थिर भएन अनि विमुक्त भएन भनी थाहापाएँ। त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'मैले कामभोगको दुष्परिणाम देख्न सकिन, मैले त्यो धेरै अभ्यास गर्न सकिन, मैले नैष्कम्यको



Downloaded from http://dhamma.digital

शुभपरिणाम पाउन सकिन अनि मैले त्यो सेवन गर्न सकिन । त्यसैले नै मेरो मन नैष्क्रम्यमा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यदि मैले कामभोगको दुष्परिणाम देख्न सकेमा, त्यो धेरै अभ्यास गर्न सकेमा, नैष्क्रम्यको शुभपरिणाम पाउन सकेमा अनि त्यसलाई सेवन गर्न सकेमा यसको सम्भावना छ कि, मेरो मन नैष्क्रम्यमा प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले आनन्द ! यसपछि कामभोगको दुष्परिणाम देखेर त्यसलाई हटाउन धेरै मेहनत गरें, नैष्क्रम्यको शुभपरिणाम पाउन सकें अनि त्यसलाई मैले सेवन गरें । मेरो मन नैष्क्रम्यमा प्रवृत्त भयो, प्रसन्न भयो, स्थिर भयो अनि विमुक्त भएको थाहापाएँ ।' अनि त मैले, आनन्द ! कामविषयबाट अलग्गिएर, अकुशलबाट पनि अलग्गिएर सवितर्क, सविचार, विवेकबाट उत्पन्न प्रीति सुखयुक्त प्रथमध्यान लाभ गरी बसें । यसरी बस्दा मेरो मनमा काममय संज्ञा उत्पन्न हुन्थ्यो । आनन्द ! यसो हुँदा मेरो निम्ति यो बाधक थियो । सुखी भएकालाई दुःखोत्पन्न हुँदा जसरी बाधक हुन्छ त्यसरी नै मनमा 'काममय संज्ञा' उत्पन्न हुन्थ्यो । यो मेरो निम्ति बाधक थियो ।

"त्यसबेला, आनन्द ! मलाई यस्तो भयो– 'वितर्क र विचारलाई शान्त गरी..... द्वितीयध्यान लाभ गरी किन नबस्ने ?' त्यसबेला, आनन्द ! मेरो मन अवितर्कमा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको थाहापाएँ । त्यसबेला, आनन्द ! मलाई यस्तो भयो– 'यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? जहाँ कि मेरो मन अवितर्कमा प्रवृत्त भएन, प्रसन्न भएन, स्थिर भएन अनि विमुक्त भएन भनी थाहापाएँ । त्यसबेला, आनन्द ! मलाई यस्तो भयो– 'मैले वितर्कको दुष्परिणाम देख्न सकिन, मैले त्यो धेरै अभ्यास गर्न सकिन, मैले अवितर्कको शुभपरिणाम पाउन सकिन अनि त्यो मैले सेवन गर्न सकिन । त्यसैले नै मेरो मन अवितर्कमा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ ।' त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यदि मैले वितर्कको दुष्परिणामलाई देख्न सकेमा त्यो धेरै अभ्यास गर्न सकेमा, अवितर्कको शुभपरिणाम प्राप्त गरी त्यसलाई अभ्यास गर्न सकेमा, यसको सम्भावना छ कि, मेरो मन अवितर्कमा प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले आनन्द ! यसपछि वितर्कको दुष्परिणामलाई देखेर त्यसलाई हटाउन धेरै अभ्यास गरें अनि अवितर्कबाट शुभपरिणाम प्राप्त गर्न त्यसलाई सेवन गरें । त्यसो गर्दा, आनन्द ! मेरो मन अवितर्कमा प्रवृत्त भयो, प्रसन्न भयो, स्थिर भयो अनि विमुक्त भयो भनी थाहापाएँ ।' अनि त मैले आनन्द ! 'वितर्क-विचार शान्त गरी..... द्वितीयध्यान लाभ गरी बसें ।



Downloaded from http://dhamma.digital

यसरी बस्दा मेरो मनमा 'वितर्कमय संज्ञा' उत्पन्न हुन्थ्यो । आनन्द ! यसो हुँदा मेरो निम्ति यो बाधक हुन्थ्यो । सुखी भएकालाई दुःखोत्पन्न हुँदा जसरी बाधक हुन्छ । यसरी नै मनमा वितर्क संज्ञा उत्पन्न हुन्थ्यो । यो मेरो निम्ति बाधक थियो ।

"त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'प्रीतिबाट विरागिएर स्मृति सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान् र सुखकासाथ तृतीयध्यान लाभ गरी बस्ने ।' मैले पनि किन यो लाभ गरी नबस्ने ! त्यसबेला मेरो मन प्रीतिबाट विहिन हुन प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको थाहापाएँ । त्यसबेला, आनन्द ! मलाई यस्तो भयो– 'यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? जहाँ कि मेरो मन प्रीतिविहिन हुन प्रवृत्त भएन, प्रसन्न भएन, स्थिर भएन अनि विमुक्त भएन भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'मैले प्रीतिबाट हुने दुष्परिणाम देख्न सकिन, मैले त्यो धेरै अभ्यास गर्न सकिन, मैले प्रीतिविहिनताको शुभपरिणाम पाउन सकिन अनि मैले त्यो सेवन गर्न सकिन । त्यसैले नै मेरो मन प्रीतिविहिनतामा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ ।' त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यदि मैले प्रीतिको दुष्परिणाम देख्न सकेमा त्यो धेरै अभ्यास गर्न सकेमा, प्रीतिविहिन हुने शुभपरिणाम प्राप्त गर्न सकेमा अनि त्यो सेवन गर्न सकेमा यसको सम्भावना छ कि, मेरो मन प्रीतिविहिन हुनमा प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले आनन्द ! यसपछि प्रीतिको दुष्परिणाम देखेर त्यसलाई हटाउन धेरै अभ्यास गरें अनि प्रीतिविहिन हुँदाको शुभपरिणाम प्राप्त गर्न त्यसलाई सेवन गरें । त्यसो गर्दा, आनन्द ! मेरो मन प्रीति विहिनतामा प्रवृत्त भयो, प्रसन्न भयो, स्थिर भयो अनि विमुक्त भयो भनी थाहापाएँ ।' अनि त मैले आनन्द ! 'प्रीतिबाट विरागिएर स्मृति, सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी बसें । जसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान् र सुखकासाथ तृतीयध्यान लाभ गरी बस्ने । मैले त्यस तृतीयध्यान लाभ गरी बसें । आनन्द ! यसरी त्यो ध्यानमा बस्दा मेरो चित्तमा 'प्रीतिमय संज्ञा' उत्पन्न हुन्थ्यो । आनन्द ! यसो हुँदा मेरो निम्ति यो बाधक हुन्थ्यो । सुखी भएकालाई दुःखोत्पन्न हुँदा जसरी बाधक हुन्छ । यसरी नै मनमा प्रीतिमय संज्ञा उत्पन्न हुन्थ्यो । यो मेरो निम्ति बाधक थियो ।

"त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'सुख पनि त्यागेर, दुःख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःःख, असुखस्वरूप, उपेक्षास्मृति, परिशुद्धयुक्त चतुर्थध्यान मैले किन लाभ गरी नबस्ने !' त्यसबेला मेरो



Downloaded from http://dhamma.digital

चित्त दुःख-सुखरहित हुनमा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको थाहापाएँ । "त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? जहाँ कि, मेरो मन दुःख-सुखरहित हुनमा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'मैले उपेक्षासुखको दुष्परिणामलाई देख्न सकिन, मैले त्यसलाई धेरै अभ्यास गर्न सकिन, मैले दुःख-सुखरहित हुनुको शुभपरिणाम पाउन सकिन अनि त्यो मैले सेवन गर्न सकिन । त्यसैले नै मेरो मन दुःख-सुखरहित हुनमा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यदि मैले उपेक्षासुखको दुष्परिणाम देख्न सकेमा, त्यसलाई (हटाउन) धेरै अभ्यास गर्न सकेमा, दुःख-सुखरहित हुनुको शुभपरिणाम पाउन सकेमा अनि त्यो सेवन गर्न सकेमा यसको सम्भावना छ कि, मेरो मन दुःख-सुखरहित हुनमा प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले, आनन्द ! यसपछि उपेक्षासुखको दुष्परिणाम देखेर त्यसलाई (हटाउन) धेरै अभ्यास गरें, दुःख-सुखरहित हुनबाट शुभपरिणाम पाउन सकें अनि मैले त्यो सेवन गरें । त्यसो गर्दा, आनन्द ! मेरो मन दुःख-सुखरहित हुनमा प्रवृत्त भयो, प्रसन्न भयो, स्थिर भयो अनि विमुक्त भएको थाहापाएँ ।' अनि त मैले आनन्द ! 'सुख पनि त्यागेर, दुःख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख-असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बसें । यसरी त्यो ध्यानमा बस्दा मेरो मनमा उपेक्षामय संज्ञा उत्पन्न हुन्थ्यो । आनन्द ! यसो हुँदा मेरो निम्ति यो बाधक थियो । सुखी भएकालाई दुःखोत्पन्न हुँदा जसरी बाधक हुन्छ । यसरी नै मनमा उपेक्षामय संज्ञा उत्पन्न हुन्थ्यो । यो मेरो निम्ति बाधक थियो ।

"त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'समस्त रूपसंज्ञा समतिक्रम गरी प्रतिघसंज्ञा अस्त गरी नानात्वसंज्ञा मनमा नलिई 'आकाश अनन्त' छ भनी 'आकासानञ्चायतन' लाभ गरी किन नबसूं !' त्यसबेला आनन्द ! मेरो मन 'आकासानञ्चायतन'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? 'जहाँ कि मेरो मन 'आकासानञ्चायतनमा' प्रवृत्त भएन, प्रसन्न भएन, स्थिर भएन अनि विमुक्त भएन भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– मैले रूपको दुष्परिणाम देख्न सकिन, मैले त्यो धेरै अभ्यास गर्न सकिन, मैले 'आकासानञ्चायतन'को शुभपरिणाम पाउन सकिन अनि त्यो मैले सेवन गर्न सकिन । त्यसैले नै मेरो मन 'आकासानञ्चायतन'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ ।



Downloaded from http://dhamma.digital

त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यदि मैले रूपको दुष्परिणाम देख्न सकेमा त्यो धेरै अभ्यास गर्न सकेमा, 'आकासानञ्चायतन'को शुभपरिणाम पाउन सकेमा अनि त्यो सेवन गर्न सकेमा यसको सम्भावना छ कि, मेरो मन 'आकासानञ्चायतन'मा प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले, आनन्द ! यसपछि रूपको दुष्परिणाम देखेर त्यसलाई (हटाउन) धेरै अभ्यास गरें 'आकासानञ्चायतन'को शुभपरिणाम पाउन सकें अनि त्यो सेवन गरें । त्यसबेला, आनन्द ! मेरो मन 'आकासानञ्चायतन'मा प्रवृत्त भयो, प्रसन्न भयो, स्थिर भयो अनि विमुक्त भयो भनी थाहापाएँ । अनि त मैले,आनन्द ! समस्त 'रूप-संज्ञा' समतिक्रम गरी, प्रतिघसंज्ञा अस्त गरी नानात्वसंज्ञा मनमा नलिई, 'आकाश अनन्त' छ भनी 'आकासानञ्चायतन' लाभ गरी बसें । आनन्द ! यसरी त्यो ध्यानमा बस्दा मेरो मनमा 'रूपमय संज्ञा' उत्पन्न हुन्थ्यो । आनन्द ! यसो हुँदा मेरो निम्ति यो बाधक हुन्थ्यो । सुखी भएकालाई दुःखोत्पन्न हुँदा जसरी बाधक हुन्छ । यसरी नै मनमा उपेक्षामय संज्ञा उत्पन्न हुन्थ्यो । यो मेरो निम्ति बाधक थियो ।

"त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त' छ भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी किन नबसूं !' त्यसबेला मेरो मन 'विञ्ञाणञ्चायतन'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको थाहापाएँ । "त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? 'जहाँ कि मेरो मन 'विञ्ञाणञ्चायतन' प्रवृत्त भएन, प्रसन्न भएन, स्थिर भएन अनि विमुक्त भएन भनी थाहापाएँ । "त्यसबेला आनन्द ! मलाई यस्तो भयो– मैले 'आकासानञ्चायतन'को दुष्परिणाम देख्न सकिन, मैले त्यो धेरै अभ्यास गर्न सकिन, मैले 'विञ्ञाणञ्चायतन'को शुभपरिणाम पाउन सकिन अनि मैले त्यो सेवन गर्न सकिन । त्यसैले नै मेरो मन 'विञ्ञाणञ्चायतन'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– यदि मैले 'आकासानञ्चायतन'को दुष्परिणाम देख्न सकेमा, त्यसलाई धेरै अभ्यास गर्न सकेमा, 'विञ्ञाणञ्चायतन'को शुभ परिणाम प्राप्त गरी मैले त्यो सेवन गरेमा यसको सम्भावना छ कि, मेरो चित्त 'विञ्ञाणञ्चायतनमा' प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले, आनन्द ! यसपछि 'आकासानञ्चायतनको' दुष्परिणाम देखेर त्यसलाई (हटाउन) धेरै अभ्यास गरें । 'विञ्ञाणञ्चायतनमा' शुभपरिणाम पाउन सकें अनि त्यसलाई मैले सेवन गरें । त्यसो गर्दा, आनन्द ! मेरो मन 'विञ्ञाणञ्चायतनमा' प्रवृत्त भयो, प्रसन्न भयो, स्थिर भयो अनि विमुक्त भएको थाहापाएँ ।' अनि त मैले आनन्द ! समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त' छ भनी 'विञ्ञाणञ्चायतन' लाभ



Downloaded from http://dhamma.digital

गरी बसें । यसरी त्यस ध्यानमा बस्दा मेरो मनमा 'आकासानञ्चायतनमय' संज्ञा उत्पन्न हुन्थ्यो । आनन्द ! यसो हुँदा मेरो निम्ति यो बाधक हुन्थ्यो । आनन्द ! सुखी भएकालाई दुःखोत्पन्न हुँदा जसरी बाधक हुन्छ । यसरी नै मनमा 'आकासानञ्चायतनमय' संज्ञा उत्पन्न हुन्थ्यो । यो मेरो निम्ति बाधक थियो ।

"त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी किन नबसूं !' त्यसबेला, आनन्द ! मेरो मन ''आकिञ्चञ्ञायतन'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? 'जहाँ कि मेरो मन "आकिञ्चञ्ञायतन'मा प्रवृत्त भएन, प्रसन्न भएन, स्थिर भएन अनि विमुक्त भएन भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'मैले 'विञ्ञाणञ्चायतन'को दुष्परिणाम देख्न सकिन, मैले त्यो धेरै अभ्यास गर्न सकिन । 'आकिञ्चञ्ञायतन'-को शुभ परिणाम पाउन सकिन अनि मैले त्यो सेवन गरिन । त्यसैले नै मेरो मन 'आकिञ्चञ्ञायतन'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ ।' त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यदि मैले 'विञ्ञाणञ्चायतन'को दुष्परिणाम देख्न सकेमा, त्यो हटाउन धेरै अभ्यास गर्न सकेमा, 'आकिञ्चञ्ञायतन'को शुभपरिणाम पाउन सकेमा अनि त्यो सेवन गर्न सकेमा यसको सम्भावना छ कि मेरो मन 'आकिञ्चञ्ञायतन'मा प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले, आनन्द ! यसपछि 'विञ्ञाणञ्चायतन'को दुष्परिणाम देखेर त्यो (हटाउन) धेरै अभ्यास गरें । 'आकिञ्चञ्ञायतन' शुभपरिणाम पाउन सकें अनि मैले त्यो सेवन गरें । त्यसो गर्दा, आनन्द ! मेरो मन 'आकिञ्चञ्ञायतन'मा प्रवृत्त भएको, प्रसन्न भएको, स्थिर भएको अनि विमुक्त भएको थाहापाएँ ।' अनि त मैले, आनन्द ! 'समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बसें । यसरी त्यो ध्यान गर्दा मेरो मनमा 'विञ्ञाणञ्चायतनमय' संज्ञा उत्पन्न हुन्थ्यो । आनन्द ! यसो हुँदा मेरो निम्ति यो बाधक हुन्थ्यो । आनन्द ! सुखी भएकालाई दुःखोत्पन्न हुँदा जसरी बाधक हुन्छ । यसरी नै मेरो मनमा 'विञ्ञाणञ्चायतनमय' संज्ञा उत्पन्न हुन्थ्यो । यो मेरो निम्ति बाधक थियो ।

"त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'समस्त 'आकिञ्चञ्ञायतन समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी किन नबसूं !' त्यसबेला, आनन्द ! मेरो मन 'नेवसञ्ञानासञ्ञायतन'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको



Downloaded from http://dhamma.digital

अनि विमुक्त नभएको थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो–'यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? 'जहाँ कि मेरो मन 'नेवसञ्ञानासञ्ञायतन' मा प्रवृत्त भएन, प्रसन्न भएन, स्थिर भएन अनि विमुक्त भएन भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो–'मैले 'आकिञ्चञ्ञायतन'को दुष्परिणाम देख्न सकिन, त्यो मैले धेरै अभ्यास गर्न सकिन । 'नेवसञ्ञानाञ्ञायतन'को शुभ परिणाम प्राप्त गर्न सकिन अनि त्यो मैले सेवन गरिन । त्यसैले नै मेरो मन 'नेवसञ्ञानासञ्ञायतन'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ ।' त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'यदि मैले 'आकिञ्चञ्ञायतन'को दुष्परिणाम देख्न सकेमा त्यो हटाउन धैरै अभ्यास गर्न सकेमा, 'नेवसञ्ञानासञ्ञायतन'को शुभ परिणाम पाउन सकेमा अनि त्यो सेवन गर्न सकेमा यसको सम्भावना छ कि मेरो मन 'नेवसञ्ञानासञ्ञायतन'मा प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले, आनन्द ! यसपछि 'आकिञ्चञ्ञायतन'को दुष्परिणाम देखेर त्यो (हटाउन) धेरै अभ्यास गरें, 'नेवसञ्ञानासञ्ञायतन'को शुभपरिणाम पाउन सकें अनि मैले त्यो सेवन गरें । त्यसो गर्दा, आनन्द ! मेरो मन 'नेवसञ्ञानासञ्ञायतन'मा प्रवृत्त भएको, प्रसन्न भएको, स्थिर भएको अनि विमुक्त भएको थाहापाएँ ।' अनि त मैले, आनन्द ! 'समस्त 'आकिञ्चञ्ञायतन' ससमतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बसें । यसरी त्यो ध्यान गर्दा मेरो मनमा 'आकिञ्चञ्ञायतनमय' संज्ञा उत्पन्न हुन्थ्यो । यसो हुँदा मेरो निम्ति यो बाधक हुन्थ्यो । आनन्द ! सुखी भएकालाई दुःखोत्पन्न हुँदा जसरी बाधक हुन्छ । यसरी नै मेरो मनमा 'आकिञ्च-ञ्ञायतनमय' संज्ञा उत्पन्न हुन्थ्यो । यो मेरो निम्ति बाधक थियो ।

"त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'समस्त 'नेवसञ्ञानासञ्ञा-यतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी किन नबसूं !' त्यसबेला आनन्द ! मेरो मन 'सञ्ञावेदयितनिरोध'मा प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– यस्तो हुनुको कारण के, किन यस्तो हुन्छ ? जहाँ कि मेरो मन 'सञ्ञावेदयितनिरो-ध'मा प्रवृत्त भएन, प्रसन्न भएन, स्थिर भएन अनि विमुक्त भएन भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो– 'मैले 'नेवसञ्ञानासञ्ञायतन'को दुष्परिणा-णाम देख्न सकिन अनि मैले त्यो धेरै अभ्यास गर्न सकिन । 'सञ्ञावेदयित-निरोध'को शुभपरिणाम पाउन सकिन अनि मैले त्यो सेवन गरिन । त्यसैले नै मेरो मन 'सञ्ञावेदयितनिरोधमा' प्रवृत्त नभएको, प्रसन्न नभएको, स्थिर नभएको अनि विमुक्त नभएको भनी थाहापाएँ । त्यसबेला आनन्द ! मलाई यस्तो भयो यदि मैले 'नेवसञ्ञानासञ्ञायतन'को दुष्परिणाम देख्न सकेमा, त्यो (हटाउन) धेरै



Downloaded from http://dhamma.digital

अभ्यास गर्न सकेमा, 'सञ्ञावेदयितनिरोध'को शुभ परिणाम पाउन सकेमा अनि त्यो सेवन गर्न सकेमा यसको सम्भावना छ कि मेरो मन 'सञ्ञावेदयितनिरोध'मा प्रवृत्त हुनेछ, प्रसन्न हुनेछ, स्थिर हुनेछ अनि विमुक्त हुनेछ भन्ने थाहापाएँ ।' अनि त मैले, आनन्द ! यसपछि 'नेवसञ्ञानासञ्ञायतन'को दुष्परिणाम देखेर त्यो हटाउन धेरै अभ्यास गरें । 'सञ्ञावेदयितनिरोध'को शुभपरिणाम पाउन सकें अनि मैले त्यो सेवन गरें । त्यसो गर्दा, आनन्द ! मेरो मन 'सञ्ञावेदयितनिरोध'मा प्रवृत्त भएको, प्रसन्न भएको, स्थिर भएको अनि विमुक्त भएको थाहापाएँ ।' अनि त मैले, आनन्द ! समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बसें । मैले प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गरें ।

"आनन्द ! जबसम्म यी नौ प्रकारका समापत्तिमा क्रमानुसार बसेको थिइन अनि अनुलोम-प्रतिलोम गरी म समापत्तिबाट उठिन तबसम्म मैले आनन्द ! सदेवलोक, समारलोक, सब्रह्मलोक, सश्रमण-ब्राह्मण, सदेवमनुष्यसहित प्रजाजनमा 'अनुपम सम्यकसम्बोधि प्राप्त गरें' भनी घोषणा गरिन । जब मैले यी नौ-प्रकारका समापत्तिमा क्रमानुसार बसें अनि अनुलोम-प्रतिलोम गरी समापत्तिबाट उठें तब मैले आनन्द ! सदेवलोक, समारलोक, सब्रह्मलोक, सश्रमण-ब्राह्मण र सदेवमनुष्यसहित प्रजाजनमा 'अनुपम सम्यकसम्बोधि' प्राप्त गरें भनी घोषणा गरें । ममा ज्ञानोत्पत्ति भएको देखें– 'मेरो चित्त निश्चलताकासाथ विमुक्त भयो, यो अन्तिम जन्म हो, अब पुनः जन्मिनु नपर्ने भएँ ।' "

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ५.सामञ्ञवग्गो

### १.सम्बाधसुत्तं

४२. एक समय आयुष्मान आनन्द कोसम्बिस्थित घोसितारामममा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान उदायी जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई आयुष्मान आनन्दसँग कुशल वार्तालाप गर्नुभयो । कुशल वार्तालाप गरिसक्नु भएपछि एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान उदायीले आयुष्मान आनन्दलाई यसरी भन्नुभयो– "आवुसो ! पञ्चाल-चण्ड देवपुत्रले यस्तो भनेको छ–

**"सम्बाधे गतं ओकासं, अविद्वा भूरिमेधसो ।**
**यो झानमबुज्झि बुद्धो, पटिलीननिसभो मुनी"ति ॥**

"महाप्रज्ञावानले ध्यानद्वारा बाधक तथा निवरण हटाउनुभयो । जुन बुद्धले ध्यानद्वारा बुझ्नुभयो, वहाँ नै एकाग्र चित्त उत्तम मुनि हो ।"

"आवुसो ! बाधक भनेको के हो ? भगवानले कुन बाधकलाई ध्यानद्वारा जान्नुभयो ?" "आवुसो ! भगवानले पञ्च कामगुण विषयलाई बाधक भन्नुभयो । कुन पाँच ? चक्षु विज्ञानको विषय यस्तो रूप छ, जुन अनुकूल, सुन्दर, राम्रो, प्रिय अनि काम-विषयभोगप्रति रमाउँछ । श्रोत विज्ञानको विषय यस्तो शब्द छ..... घ्राण विज्ञानको विषय यस्तो गन्ध छ.... जिव्हा विज्ञानको विषय यस्तो रस छ.... काय विज्ञानको विषय यस्तो स्पर्श छ, जुन अनुकूल, सुन्दर, राम्रो लाग्ने, प्रिय लाग्ने, काम-विषयभोगप्रति रमाउँछ । आवुसो ! यी नै पञ्च कामगुणलाई भगवान-ले बाधक भनी भन्नुभयो ।

"आवुसो ! यहाँ भिक्षुले काम-विषयभोगबाट अलगिगएर..... प्रथमध्यान लाभ गरी बस्छ । आवुसो ! यस ध्यानबाट पनि बाधा हट्छ भनी भगवानले भन्नुभयो । तर त्यसमा पनि बाधक छ । त्यो बाधक के हो ? जुन कि 'वितर्क र विचार' अनिरुद्ध हुन्छ । यही नै बाधक हो ।

"अनि फेरि अर्को आवुसो ! यहाँ भिक्षुले वितर्क विचारलाई उपशान्त गरी..... द्वितीय ध्यान लाभ गरी बस्छ । आवुसो ! यस ध्यानबाट पनि बाधा हट्छ भनी भगवानले भन्नुभयो । तर त्यसमा पनि बाधक छ । त्यो बाधक के हो ? जुन



Downloaded from http://dhamma.digital

कि 'प्रीति' अनिरुद्ध हुन्छ। यही नै बाधक हो।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले प्रीतिबाट विरागिएर स्मृति, सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान र सुखकासाथ तृतीय-ध्यान लाभ गरी बस्ने। आवुसो ! यस ध्यानबाट पनि बाधा हट्छ भनी भगवानले भन्नुभयो। तर त्यसमा पनि बाधक छ। त्यो बाधक के हो ? जुन कि 'उपेक्षासुख' अनिरुद्ध हुन्छ। यही नै बाधक हो।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले सुख पनि त्यागेर, दुःख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्ध युक्त चतुर्थध्यान लाभ गरी बस्छ। आवुसो ! यस ध्यानबाट पनि बाधा हट्छ भनी भगवानले भन्नुभयो। तर त्यसमा पनि बाधक छ। त्यो बाधक के हो ? जुन कि त्यसमा 'उपेक्षा रूपसंज्ञा' अनिरुद्ध हुन्छ। यही नै बाधक हो।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त रूपसंज्ञा समतिक्रम गरी 'प्रतिघसंज्ञा' अस्त गरी नानात्वसंज्ञा मनमा नलिई 'आकाश अनन्त' छ भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ। आवुसो ! यस ध्यानबाट पनि बाधा हट्छ भनी भगवानले भन्नुभयो। तर त्यसमा पनि बाधक छ। त्यो बाधक के हो ? जुन कि त्यसमा 'आकासानञ्चायतन' संज्ञा अनिरुद्ध भएको हुन्छ। यही नै बाधक हो।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'आकासानञ्चायतन' समतिक्रम गरी 'विज्ञान अनन्त' छ भनी 'विञ्ञाणञ्चायतन' लाभ गरी बस्छ। आवुसो ! यस ध्यानबाट पनि बाधा हट्छ भनी भगवानले भन्नुभयो। तर त्यसमा पनि बाधक छ। त्यो बाधक के हो ? जुन कि त्यसमा 'विञ्ञाणञ्चायतन' संज्ञा अनिरुद्ध भएको हुन्छ। यही नै बाधक हो।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'विञ्ञाणञ्चायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिञ्चञ्ञायतन' लाभ गरी बस्छ। आवुसो ! यस ध्यानबाट पनि बाधा हट्छ भनी भगवानले भन्नुभयो। तर त्यसमा पनि बाधक छ। त्यो बाधक के हो ? जुन कि त्यसमा 'आकिञ्चञ्ञायतन' संज्ञा अनिरुद्ध हुन्छ। यही नै बाधक हो।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'आकिञ्चञ्ञायतन' समतिक्रम गरी 'नेवसञ्ञानासञ्ञायतन' लाभ गरी बस्छ । आवुसो ! यस ध्यानबाट पनि बाधा हट्छ भनी भगवानले भन्नुभयो । तर त्यसमा पनि बाधक छ । त्यो बाधक के हो ? जुन कि त्यसमा 'नेवसञ्ञानासञ्ञयतन' संज्ञा अनिरुद्ध हुन्छ । यही नै बाधक हो ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतम समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । आवुसो ! यसैलाई भगवानले निरपेक्ष भई बाधाबाट टाढा रहेको भन्नुभएको छ ।"

## २. कायसक्खीसुत्तं

४३. "आवुसो ! 'काय साक्षी' 'काय साक्षी' भनी भन्नेगर्छ । आवुसो ! भगवानले कुन-कुन कारणले 'काय साक्षी' भनी भन्नुभयो ?" "आवुसो ! यहाँ भिक्षुले काम-भोगविषयबाट अलगिएर..... प्रथमध्यान लाभ गरी बस्छ । जुन-जुन आयतनानुसार हुन्छ, त्यस-त्यसलाई शरीरद्वारा स्पर्श गरी बस्छ । यस कारणले पनि आवुसो ! भगवानले 'काय साक्षी' भनी भन्नुभयो ।

"अनि फेरि अर्को, आवुसो ! वितर्क विचारलाई उपशान्त गरी..... द्वितीयध्याम...... यहाँ भिक्षुले प्रीतिबाट विरागिएर स्मृति, सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान र सुखकासाथ तृतीयध्यान..... भिक्षुले सुख पनि त्यागेर, दुःख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्ध युक्त चतुर्थध्यान लाभ गरी बस्छ । जुन-जुन आयतनानुसार हुन्छ, त्यस-त्यसलाई शरीरद्वारा स्पर्श गरी बस्छ । यस कारणले पनि आवुसो ! भगवानले 'काय साक्षी' भनी भन्नुभयो ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त रूपसंज्ञालाई समतिक्रम गरी प्रतिघसंज्ञालाई अस्त गरी नानात्वसंज्ञालाई मनमा नलिई 'आकाश अनन्त' छ भनी 'आकासानञ्चायतन' लाभ गरी बस्छ । जुन-जुन आयतनानुसार हुन्छ, त्यस-त्यसलाई शरीरद्वारा स्पर्श गरी बस्छ । यस कारणले पनि आवुसो ! भगवानले काय साक्षी भनी भन्नु भएको छ । यसरी नै..... ।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । जुन-जुन आयतनानुसार हुन्छ, त्यस-त्यसलाई शरीरद्वारा स्पर्श गरी बस्छ । यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई 'काय साक्षी' भनी भन्नु भएको हो ।"

## ३. पञ्ञाविमुत्तसुत्तं

४४. "आवुसो ! 'प्रज्ञा विमुक्त', 'प्रज्ञा विमुक्त' भनी भन्ने गर्छ । आवुसो ! कुन-कुन कारण भगवानले 'प्रज्ञा विमुक्त' भनी भन्नुभयो ?"

"आवुसो ! यहाँ भिक्षुले काम-विषयबाट अलग्गिएर..... प्रथमध्यान लाभ गरी बस्छ । यसलाई प्रज्ञाद्वारा जानेको हुन्छ । यस कारणले पनि, आवुसो ! भगवानले प्रज्ञा विमुक्त भनी भन्नुभयो । यसरी नै..... भिक्षुले प्रीतिबाट विरागिएर स्मृति-सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान र सुखकासाथ तृतीयध्यान..... भिक्षुले सुखलाई पनि त्यागेर, दुःखलाई पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ..... ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । यसलाई प्रज्ञाद्वारा जानेको हुन्छ । यसकारण पनि, आवुसो ! भगवानले निरपेक्ष भई 'प्रज्ञा विमुक्त' भनी भन्नुभयो ।"

## ४. उभतोभागियविमुत्तसुत्तं

४५. "आवुसो ! 'उभय पक्षबाट नै विमुक्त', 'उभय पक्षबाट नै विमुक्त' भनी भन्ने गर्छ । आवुसो ! कुन-कुन कारण भगवानले उभयपक्षबाट नै विमुक्त भनी भन्नुभयो ?" "आवुसो ! यहाँ भिक्षुले काम-भोगविषयबाट अलग्गिएर... प्रथम-ध्यान लाभ गरी बस्छ । यसलाई प्रज्ञाद्वारा जानेको हुन्छ । यसकारणले पनि, आवुसो ! भगवानले 'उभयपक्षबाट नै विमुक्त' भनी भन्नुभयो । यसरी नै..... भिक्षुले प्रीतिबाट विरागिएर स्मृति, सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्,



Downloaded from http://dhamma.digital

स्मृतिवान् र सुखकासाथ तृतीयध्यान..... भिक्षुले सुखलाई पनि त्यागेर, दुःखलाई पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख, असुख-स्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थ ध्यान लाभ गरी बस्छ..... ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । यसलाई प्रज्ञाद्वारा जानेको हुन्छ । यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई 'उभय पक्षबाट नै विमुक्त' भनी भन्नुभयो ।"

## ५. सन्दिट्ठिकधम्मसुत्तं

४६. "आवुसो ! 'सांदृष्टिक धर्म' 'सांदृष्टिक धर्म' भनी भन्नेगर्छ । आवुसो ! कुन-कुन काराण भगवानले सांदृष्टिक धर्म भनी भन्नुभयो ?"

"आवुसो ! यहाँ भिक्षुले काम-भोगविषयबाट अलग्गिएर..... प्रथम ध्यान लाभ गरी बस्छ । यसरी नै..... यस कारणले पनि आवुसो ! भगवानले सांदृष्टिक धर्म भनी भन्नुभयो ।"

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई सांदृष्टिक धर्म भनी भन्नुभयो ।"

## ६. सन्दिट्ठिकनिब्बानसुत्तं

Dhamma.Digital

४७. "आवुसो ! 'सांदृष्टिक निर्वाण' 'सांदृष्टिक निर्वाण' भनी भन्नेगर्छ । आवुसो ! कुन-कुन कारण भगवानले सांदृष्टिक निर्वाण भनी भन्नुभयो ?"

"आवुसो ! यहाँ भिक्षुले काम-भोगविषयबाट अलग्गिएर..... प्रथमध्यान लाभ गरी बस्छ । यसरी नै..... भिक्षुले प्रीतिबाट विरागिएर स्मृति, सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान् र सुखकासाथ तृतीयध्यान..... भिक्षुले सुखलाई पनि त्यागेर, दुःखलाई पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य



Downloaded from http://dhamma.digital

नरहने गरी अदुःख-असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ..... ।"

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई 'सांदृष्टिक निर्वाण' भनी भन्नुभयो ।"

### ७. निब्बानसुत्तं

४८. "आवुसो ! 'निर्वाण', 'निर्वाण' भनी भन्नेगर्छ..... यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई 'निर्वाण' भनी भन्नुभयो ।"

### ८. परिनिब्बानसुत्तं

४९. "आवुसो ! 'परिनिर्वाण', 'परिनिर्वाण' भनी भन्नेगर्छ..... यस कारगले पनि आवुसो ! भगवानले निरपेक्ष भई 'परिनिर्वाण' भनी भन्नुभयो ।"

### ९. तदङ्गनिब्बानसुत्तं

५०. "आवुसो ! 'तदङ्गनिर्वाण', 'तदङ्ग-निर्वाण' भनी भन्नेगर्छ..... यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई तदङ्ग-निर्वाण भनी भन्नुभयो ।"

Dhamma.Digital

### १०. दिट्ठधम्मनिब्बानसुत्तं

५१. "आवुसो ! 'दृष्टधर्म निर्वाण', 'दृष्टधर्म निर्वाण' भनी भन्नेगर्छ । कुन-कुन काराण भगवानले 'दृष्टधर्म निर्वाण' भनी भन्नुभयो ?

"आवुसो ! यहाँ भिक्षुले काम-भोगविषयबाट अलग्गिएर..... प्रथमध्यान लाभ गरी बस्छ । यसरी नै..... भिक्षुले प्रीतिबाट विरागिएर स्मृति, सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान् र सुखकासाथ तृतीयध्यान..... भिक्षुले सुख पनि त्यागेर, दुःख पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने



Downloaded from http://dhamma.digital

गरी अदुःख-असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ..... ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई 'दृष्ट धर्म निर्वाण' भनी भन्नुभयो ।"

Downloaded from http://dhamma.digital

# २. दुतियपण्णासकं

## (६) १. खेमवग्गो

### १. खेमसुत्तं

५२. "आवुसो ! 'क्षेम, क्षेम' भनी भन्नेगर्छ । आवुसो ! कुन-कुन कारण भगवानले क्षेम भनी भन्नुभयो ?"

"आवुसो ! यहाँ भिक्षुले काम-भोगविषयबाट अलग्गिएर..... प्रथमध्यान लाभ गरी बस्छ । यसरी नै..... यस कारणले पनि आवुसो ! भगवानले 'क्षेम' भनी भन्नुभयो ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई क्षेम भनी भन्नुभयो ।"

### २.खेमपत्तसुत्तं

५३. "आवुसो ! 'क्षेम प्राप्त, क्षेम प्राप्त' भनी भन्नेगर्छ..... ।

### ३. अमतसुत्तं

५४. "आवुसो ! 'अमृत, अमृत' भनी भन्नेगर्छ..... ।

### ४. अमतप्पत्तसुत्तं

५५. "आवुसो ! 'अमृत प्राप्त, अमृत प्राप्त' भनी भन्नेगर्छ..... ।

### ५. अभयसुत्तं

५६. "आवुसो ! 'अभय, अभय' भनी भन्नेगर्छ..... ।



Downloaded from http://dhamma.digital

## ६. अभयप्पत्तसुत्तं

५७. "आवुसो ! 'अभय प्राप्त, अभय प्राप्त' भनी भन्नेगर्छ..... ।

## ७. पस्सद्धिसुत्तं

५८. "आवुसो ! ' प्रश्रब्धि, प्रश्रब्धि' भनी भन्नेगर्छ..... ।

## ८. अनुपुब्बपस्सद्धिसुत्तं

५९. "आवुसो ! 'क्रमशः प्रश्रब्धि, क्रमशः प्रश्रब्धि' भनी भन्नेगर्छ..... ।

## ९. निरोधसुत्तं

६०. "आवुसो ! ' निरोध, निरोध' भनी भन्नेगर्छ..... ।

## १०. अनुपुब्बनिरोधसुत्तं

६१. "आवुसो ! 'क्रमशः निरोधः, 'क्रमशः निरोध' भनी भन्नेगर्छ । आवुसो ! कुन कारण भगवानले 'क्रमशः निरोध', 'क्रमशः निरोध' भनी भन्नुभयो ?"

"आवुसो ! यहाँ भिक्षुले काम-भोगविषयबाट अलगिएर..... प्रथमध्यान लाभ गरी बस्छ । यसरी नै..... भिक्षुले प्रीतिबाट विरागिएर स्मृति-सम्प्रजन्यसहित उपेक्षक भइकन शरीरद्वारा सुखको अनुभव गरी जो बसेका हुन्छन् उसलाई ती आर्यहरूले भन्ने गर्छन्- 'उपेक्षावान्, स्मृतिवान् र सुखकासाथ तृतीयध्यान..... भिक्षुले सुखलाई पनि त्यागेर, दुःखलाई पनि त्यागेर पहिले नै सौमनस्य र दौर्मनस्य नरहने गरी अदुःख, असुखस्वरूप, उपेक्षा-स्मृति, परिशुद्धयुक्त चतुर्थध्यान लाभ गरी बस्छ..... ।

"अनि फेरि अर्को, आवुसो ! यहाँ भिक्षुले समस्त 'नेवसञ्ञानासञ्ञायतन' समतिक्रम गरी 'सञ्ञावेदयितनिरोध' लाभ गरी बस्छ । प्रज्ञादृष्टिद्वारा आश्रव क्षय गर्छ । यस कारणले पनि आवुसो ! भगवानले निरपेक्ष भई 'क्रमशः निरोध' भनी भन्नुभयो ।"



Downloaded from http://dhamma.digital

## ११. अभब्बसुत्तं

६२. "भिक्षुहो ! यी नौ प्रकारका विषयबाट नअलग्गिए अर्हत्व साक्षात्कार गर्न सक्दैन । कुन नौ ? राग, द्वेष, मोह, क्रोध, उपनाह, म्रक्ष, पलाश, ईर्ष्या र मात्सर्य ।

"भिक्षुहो ! यी नौ प्रकारका विषयबाट अलग्गिएमा अर्हत्व साक्षात्कार गर्न सक्छ । कुन नौ ? राग, द्वेष, मोह, क्रोध, उपनाह, म्रक्ष, पलाश, ईर्ष्या र मात्सर्य । भिक्षुहो ! यी नै नौप्रकारका विषयबाट अलग्गिएमा अर्हत्वलाई साक्षात्कार गर्न सक्छ ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## (७) २. सतिपट्ठानवग्गो

### १. सिक्खादुब्बल्यसुत्तं

६३. " भिक्षुहो ! यी पाँच शिक्षा सम्बन्धी दुर्बलता हुन् । कुन-कुन पाँच ? हिंसा, चोरी, व्यभिचार, झूट, रक्सि-जाँड तथा बेहोश पार्ने नशालू पदार्थको सेवन गर्ने । भिक्षुहो ! यी नै पाँच शिक्षा सम्बन्धी दुर्बलता हुन् ।

"भिक्षुहो ! यी पाँच शिक्षा सम्बन्धी दुर्बलतालाई हटाउन चार स्मृति प्रस्थानको अभ्यास गर्नुपर्छ । कुन-कुन चार ? कायप्रति कायानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ । वेदनाप्रति वेदनानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई लोकप्रति राग र द्वेषरहित भई बस्छ । चित्तप्रति चित्तानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ । धर्मप्रति धर्मानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ । भिक्षुहो ! यी पाँच शिक्षा दुर्बलता हटाउन यी नै चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ ।"

### २. नीवरणसुत्तं

६४. "भिक्षुहो ! यी पाँच नीवरण हुन् । कुन-कुन पाँच ? कामच्छन्द नीवरण, व्यापाद नीवरण, थीनमिद्ध नीवरण, उद्धत्य-कौकृत्य नीवरण अनि विचिकिच्छा निवरण । भिक्षुहो ! यी नै पाँच नीवरण हुन् ।

"भिक्षुहो ! यी पाँच नीवरण हटाउन चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ । कुन-कुन चार ? कायप्रति कायानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ । वेदनाप्रति वेदनानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई लोकप्रति राग र द्वेषरहित भई बस्छ । चित्तप्रति चित्तानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त स्मृतिवान् भई लोकप्रति राग र द्वेषरहित भई बस्छ । धर्मप्रति धर्मानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ । भिक्षुहो ! यी पाँच निवरण हटाउन यी नै चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ ।"



Downloaded from http://dhamma.digital

## ३.कामगुणसुत्तं

६५. "भिक्षुहो ! यी पाँच काम गुण हुन् । कुन-कुन पाँच ? चक्षु विज्ञान विषयको यस्तो स्वरूप छ– जुन अनुकूल, सुन्दर, राम्रो, प्रिय र कामभोगप्रति अनुरक्त हुन्छ । श्रोत विज्ञान विषयको यस्तो शब्द छ,... घ्राण विज्ञान विषयको यस्तो गन्ध छ..... जिव्हा विज्ञान विषयको यस्तो रस छ... काय विज्ञान विषयको यस्तो स्पर्श छ, जुन अनुकूल, सुन्दर, राम्रो लाग्ने, प्रिय लाग्ने, काम भोगप्रति अनुरक्त हुन्छ । भिक्षुहो ! यी नै पञ्च कामगुण हुन् ।

"भिक्षुहो ! यी पाँच काम गुण हटाउन... यी नै चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ ।"

## ४.उपादानक्खन्धसुत्तं

६६. "भिक्षुहो ! यी पाँच उपादानस्कन्ध हुन् । कुन-कुन पाँच ? रूप उपादानस्कन्ध, वेदना उपादानस्कन्ध, संज्ञा उपादानस्कन्ध, संस्कार उपादानस्कन्ध र विज्ञान उपादानस्कन्ध । भिक्षुहो ! यी नै पाँच उपादानस्कन्ध हुन् ।

"भिक्षुहो ! यी पाँच उपादानस्कन्धलाई हटाउन... यी नै चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ ।"

## ५.ओरम्भागीयसुत्तं

६७. "भिक्षुहो ! यी पाँच पतनतिर लाने संयोजन हुन् । कुन-कुन पाँच ? सत्काय दृष्टि, विचिकिच्छा, शीलव्रत परामर्श, कामच्छन्द र व्यापाद । भिक्षुहो ! यी नै पाँच पतनतिर लाने संयोजन हुन् ।

"भिक्षुहो ! यी पाँच पतनतिर लाने संयोजन हटाउन... यी नै चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ ।"

## ६. गतिसुत्तं

६८. "भिक्षुहो ! यी पाँच गति हुन् । कुन-कुन पाँच ? नरक गति, तिर्यक गति, प्रेत गति, मनुष्य गति अनि देव गति । भिक्षुहो ! यी नै पाँच गति हुन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यी पाँच गति हटाउन..... यी नै चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ ।"

### ७. मच्छरियसुत्तं

६९. "भिक्षुहो ! यी पाँच मात्सर्य हुन् । कुन-कुन पाँच ? आवास मात्सर्य, कुल मात्सर्य, लाभ मात्सर्य, वर्ण मात्सर्य र धर्म मात्सर्य । भिक्षुहो ! यी नै पाँच मात्सर्य हुन् ।

"भिक्षुहो ! यी पाँच मात्सर्य हटाउन... यी नै चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ ।"

### ८. उद्धम्भागियसुत्तं

७०. "भिक्षुहो ! यी पाँच सूक्ष्मतम संयोजन हुन् । कुन-कुन पाँच ? रूप राग, अरूप राग, मान, औद्धत्य र अविद्या । भिक्षुहो ! यी नै पाँच सूक्ष्मतम संयोजन हुन् ।

"भिक्षुहो ! यी पाँच सूक्ष्मतम संयोजन हटाउन... यी नै चार स्मृति-प्रस्थानको अभ्यास गर्नुपर्छ ।"

### ९. चेतोखिलसुत्तं

७१. "भिक्षुहो ! यी पाँच चित्तको प्रतिबन्धक हुन् । कुन-कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षु शास्ताप्रति संदिग्ध हुन्छ, शङ्कालु हुन्छ, विश्वास गर्दैन अनि श्रद्धावान हुँदैन । उसको चित्त प्रयत्न गर्नमा लाग्दैन, योगाभ्यासमा निरन्तर लाग्दैन तथा साधनामा लाग्दैन । जसको चित्त प्रयत्न गर्नमा लाग्दैन, योगाभ्यास गर्नमा निरन्तर लाग्दैन तथा साधनामा लाग्दैन भने यो नै उसको निम्ति पहिलो चित्तको प्रतिबन्धक हो ।

"अनि फेरि, अर्को भिक्षुहो ! भिक्षुले धर्मप्रति संदिग्ध.... संघप्रति संदिग्ध-... शिक्षाप्रति संदिग्ध..... आफ्ना सब्रह्मचारीप्रति कुपित, असन्तुष्ट, आहतक र प्रतिबन्धक हुन्छ । भिक्षुहो ! जो भिक्षु आफ्ना सब्रह्मचारीप्रति कुपित, असन्तुष्ट, आहतक र प्रतिबन्धक हुन्छ । उसको चित्त प्रयत्न गर्नमा लाग्दैन, योगाभ्यासमा



Downloaded from http://dhamma.digital

निरन्तर लाग्दैन तथा साधनामा लाग्दैन । जसको चित्त प्रयत्न गर्नमा लाग्दैन, योगाभ्यासमा निरन्तर लाग्दैन तथा साधना गर्नमा लाग्दैन भने उसको निम्ति यी नै पाँचौ चित्तको प्रतिबन्धक हो ।"

"भिक्षुहो ! यी पाँच चितको प्रतिबन्धक हटाउन... यी नै चार स्मृति-प्रस्थानको अभ्यास गर्नुपर्छ ।"

## १०. चेतोविनिबन्धनसुत्तं

७२. "भिक्षुहो ! यी पाँच चित्तको बन्धन हुन् । कुन-कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगप्रति रागरहित हुँदैन, इच्छारहित हुँदैन, प्रेमरहित हुँदैन, प्यास-रहित हुँदैन, जलनरहित हुँदैन अनि तृष्णारहित हुँदैन । भिक्षुहो ! जो भिक्षु काम भोगप्रति रागरहित हुँदैन, इच्छारहित हुँदैन, प्रेमरहित हुँदैन, प्यासरहित हुँदैन, जलनरहित हुँदैन अनि तृष्णारहित हुँदैन । उसको चित्त प्रयत्न गर्नमा लाग्दैन, योगाभ्यास गर्नमा निरन्तर लाग्दैन तथा साधनामा लाग्दैन । जसको चित्त प्रयत्न गर्नमा लाग्दैन, योगाभ्यासमा निरन्तर लाग्दैन तथा साधनामा लाग्दैन भने उसको निम्ति यो नै पहिलो चित्तको बन्धन हो ।"

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ भिक्षु शरीरप्रति रागरहित हुँदैन..... रूपप्रति रागरहित हुँदैन..... पेट भरी खाई शयन सुख, स्पर्श सुख, तन्द्रा सुखको मजा लिन्दै बस्छ । ऊ कहीं न कहीं देवलोकमा उत्पन्न हुन ब्रह्मचर्यावास गर्छ– यस शीलद्वारा, यस व्रतद्वारा, यस तपद्वारा या त देवता हुनेछु या त देवताको अनुचर । भिक्षुहो ! जो भिक्षु कहीं न कहीं देवलोकमा उत्पन्न हुनलाई या त देवताको अनुचर हुन ब्रह्मचर्यावास गर्छ भने उसको चित्त प्रयत्न गर्नमा लाग्दैन, योगाभ्यासमा निरन्तर लाग्दैन तथा साधनामा लाग्दैन । जसको चित्त प्रयत्न गर्नमा लाग्दैन, योगाभ्यासमा निरन्तर लाग्दैन तथा साधनामा लाग्दैन भने उसको निम्ति यी नै पाँचौं चित्तको बन्धन हो ।

"भिक्षुहो ! यी पाँच चित्तको बन्धन हटाउन चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ । कुन-कुन चार ? कायप्रति कायानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्य-युक्त, स्मृतिवान् भई, लोकप्रति राग र द्वेषरहित भई बस्छ । वेदनाप्रति वेदनानु-पश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त स्मृतिवान् भई लोकप्रति राग र द्वेषरहित भई बस्छ । चित्तप्रति चित्तानुपश्यी हुनुकासाथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई लोकप्रति राग र द्वेषरहित भई बस्छ । धर्मप्रति धर्मानुपश्यी हुनुका-



Downloaded from http://dhamma.digital

साथै प्रयत्नशील, सम्प्रजन्ययुक्त, स्मृतिवान् भई लोकप्रति राग र द्वेषरहित भई बस्छ । भिक्षुहो ! पाँच चित्तको बन्धनलाई हटाउन यी नै चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ ।"

Downloaded from http://dhamma.digital

## (८) ३. सम्मप्पधानवग्गो

### सिक्खसुत्तं

७३. "भिक्षुहो ! यी पाँच शिक्षासम्बन्धी दुर्बलताहरू हुन् । कुन-कुन पाँच ? हिंसा ..... नशालू पदार्थको सेवन गर्ने । भिक्षुहो ! पाँच शिक्षासम्बन्धी यी नै दुर्बलता हुन् ।

भिक्षुहो ! पाँच शिक्षासम्बन्धी दुर्बलता हटाउनको निम्ति चार सम्यक-व्यायामको अभ्यास गर्नुपर्छ । कुन-कुन चार ? भिक्षुहो ! यहाँ भिक्षुले उत्पन्न नभएको पापमय अकुशल विषय उत्पन्न हुन नदिन इच्छा गर्छ, प्रयास गर्छ, शक्ति प्रयोग गर्छ, चित्त त्यसमा झुकाउँछ तथा लगाउँछ । उत्पन्न भएको पापमय अकुशल विषय उत्पन्न हुन नदिन इच्छा गर्छ, प्रयास गर्छ, शक्ति प्रयोग गर्छ, चित्त त्यसमा झुकाउँछ तथा लगाउँछ । उत्पन्न नभएको पुण्यमय कुशल विषय उत्पन्न गर्न इच्छा गर्छ, प्रयास गर्छ, शक्ति प्रयोग गर्छ, चित्त त्यसमा झुकाउँछ तथा लगाउँछ । उत्पन्न भएको पुण्यमय कुशल विषय स्थिर गर्न, विलिन हुन नदिन, वृद्धि गर्न, विपुलताको निम्ति, परिपूर्ण गर्नको निम्ति इच्छा गर्छ, प्रयास गर्छ, शक्ति प्रयोग गर्छ, चित्त त्यसमा झुकाउँछ तथा लगाउँछ । भिक्षुहो ! पाँच शिक्षासम्बन्धी दुर्बलता हुन नदिन यी नै चार सम्यक व्यायामको अभ्यास गर्नुपर्छ ।"

७४-८१. (जुन सतिपट्ठान वग्गमा छ, त्यही नै सम्मप्पधानमा आउँछ भनी बुझ्नु पर्‍यो)

### ८२. चेतसोविनिबन्धनसुत्तं

"भिक्षुहो ! यी पाँच चित्तका बन्धन हुन् । कुन-कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगप्रति रागरहित हुँदैन... यो नै पाँचौं चित्तको बन्धन हो ।"

"भिक्षुहो ! यी पाँच चित्त-बन्धन हटाउनको निम्ति चार सम्यक-व्यायामको अभ्यास गर्नुपर्छ । कुन-कुन चार ? भिक्षुहो ! यहाँ भिक्षुले उत्पन्न नभएको पापमय अकुशल विषय उत्पन्न हुन नदिन इच्छा गर्छ, प्रयास गर्छ, शक्ति प्रयोग गर्छ, चित्त त्यसमा झुकाउँछ तथा लगाउँछ । उत्पन्न भएको पापमय अकुशल विषय उत्पन्न हुन नदिन... उत्पन्न नभएको पुण्यमय कुशल विषय



Downloaded from http://dhamma.digital

उत्पन्न गराउन... । उत्पन्न भएको पुण्यमय कुशल स्थिर गर्न, विलीन हुन नदिन, वृद्धि गर्न, विपुलताको निम्ति, परिपूर्णको निम्ति इच्छा गर्छ, प्रयास गर्छ, शक्ति प्रयोग गर्छ, चित्त त्यसमा झुकाउँछ तथा लगाउँछ । भिक्षुहो ! पाँच शिक्षासम्बन्धी दुर्बलता हुन नदिन यी नै चार सम्यक व्यायामको अभ्यास गर्नुपर्छ ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## (९) ४ . इद्धिपादवग्गो

"भिक्षुहो ! यी पाँच शिक्षासम्बन्धी दुर्बलता हुन् । कुन-कुन पाँच ? हिंसा... नशालू पदार्थको सेवन गर्ने । भिक्षुहो ! यी नै पाँच शिक्षासम्बन्धी दुर्बलता हुन् ।

भिक्षुहो ! यी पाँच शिक्षासम्बन्धी दुर्बलता हटाउन चार ऋद्धिपादको भावना गर्नुपर्छ । कुन-कुन चार ? भिक्षुहो ! यहाँ भिक्षुले छन्द समाधि प्रधान संस्कारयुक्त ऋद्धिपादको भावना गर्नुपर्छ । वीर्य समाधि... चित्त समाधि..... वीमंसा समाधि प्रधान संस्कारयुक्त भावना गर्नुपर्छ । भिक्षुहो ! पाँच शिक्षासम्बन्धी दुर्बलता हुन नदिन यी नै चार ऋद्धिपादको भावना गर्नुपर्छ ।"

८४-९१. (जुन सतिपट्ठान वग्गमा छ, त्यही नै ऋद्धिपादमा आउँछ भनी बुझ्नु पर्‍यो)

### १०. चेतसोविनिबन्धसुत्तं

९२. "भिक्षुहो ! यी पाँच हुन् । कुन-कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षु काम भोगप्रति रागरहित हुँदैन... यो नै चित्तको पाँचौ बन्धन हो ।

भिक्षुहो ! यी पाँच चित्तका बन्धन हटाउन चार ऋद्धिपादको भावना गर्नुपर्छ । कुन-कुन चार ? भिक्षुहो ! यहाँ भिक्षुले छन्द समाधि प्रधान संस्कारयुक्त ऋद्धिपादको भावना गर्नुपर्छ । वीर्य समाधि... चित्त समाधि... वीमंस समाधि प्रधान संस्कारयुक्त भावना गर्नुपर्छ । भिक्षुहो ! पाँच शिक्षासम्बन्धी दुर्बलता हुन नदिन यी नै चार ऋद्धिपादको भावना गर्नुपर्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (१०) ५. रागपेय्यालं

९३. "भिक्षुहो ! राग अभिज्ञात गर्न नौ प्रकारका धर्म अभ्यास गर्नुपर्छ। ती नौ प्रकारका के-के हुन् ? अशुभ संज्ञा, मरण संज्ञा, आहारमा प्रतिकूल संज्ञा, समस्त लोकप्रति अनासक्ति संज्ञा, अनित्य संज्ञा, अनित्यमा दुःख संज्ञा, दुःखमा अनात्म संज्ञा, प्रहाण संज्ञा अनि वैराग्य संज्ञा । भिक्षुहो ! राग अभिज्ञात गर्न यी नै नौ प्रकारका धर्मको अभ्यास गर्नुपर्छ ।"

९४. "भिक्षुहो ! राग अभिज्ञात गर्न नौ प्रकारका धर्म अभ्यास गर्नुपर्छ। ती नौ प्रकारका के-के हुन् ? प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान, चतुर्थध्यान, आकासानञ्चायतन, विञ्ञाणञ्चायतन, आकिञ्चञ्ञायतन, नेवसञ्ञानासञ्ञायतन र सञ्ञावेदयितनिरोधसञ्ञा । भिक्षुहो ! राग अभिज्ञात गर्न यीनै नौ प्रकारका धर्मको अभ्यास गर्नुपर्छ ।

९५-११२. राग परिज्ञात गर्न..... विहीन..... प्रहाण..... क्षय..... व्यय..... विराग..... निरोध..... त्याग..... परित्याग..... यी नै नौ प्रकारका धर्ममा अभ्यास गर्नुपर्छ ।"

११३- ४३२. "भिक्षुहो ! द्वेष..... मोह..... क्रोध..... वैर..... म्रक्ष..... प्रदास..... ईर्ष्या..... कन्जूस..... माया..... शठ..... जडता..... कलह..... मान..... अतिमान..... मद..... प्रमाद..... अभिज्ञात..... परिज्ञात..... विहीन..... प्रहाण..... क्षय..... व्यय..... विराग..... निरोध..... त्याग..... परित्याग..... यी नै नौप्रकारका धर्ममा अभ्यास गर्नुपर्छ । भगवानले यसरी भन्नुभयो । सन्तुष्ट भएका ती भिक्षुहरूले भगवानको उपदेशलाई अभिनन्दन गरे ।

**रागपेय्यालं निट्ठितं = रागपेय्याल समाप्त ।**

**नवकनिपातपालि निट्ठिता = नवौं निपात समाप्त ।**



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## अनुवादकको संक्षिप्त परिचय



नाम : भिक्षु बोधिसेन महास्थविर

जन्म मिति : वि.सं. २००७ माघ २५ गते (शुक्ल प्रतिपदा)

जन्म स्थान : गाबहाल, पाटन

गृहस्थ नाम : बुद्धरत्न बज्राचार्य

पिताको नाम : महन्त बज्राचार्य

माताको नाम : केशरी बज्राचार्य

आफू ६ बर्षको हुँदा पिता महन्त बज्राचार्य सहित दुवै माताहरु (जेठी आमा र कान्छी आमा) ले गृहस्थाश्रम त्याग गरी कुशिनगर भारतमा श्रद्धेय भिक्षु चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित जीवन ग्रहण गर्नुभयो । उहाँहरुको नै अनुकरण गरी २०२३ साल बैशाख महिनामा भिक्षु अतुलसेन महास्थविरका आचार्यत्वमा बहुजन बौद्ध आनन्द विहार सोनादा, (दार्जीलिङ्ग) भारतमा श्रामणेर हुनुभयो ।

उपसम्पदा (पूर्ण भिक्षुत्व) : २०२७/७/२१ का दिन मालनदी उदक सीमा ।

उपाध्याय : भिक्षु धर्मधर महास्थविर ।

आचार्य : भिक्षु अतुलसेन महास्थिर ।

**निर्माण कार्य-**

१ विहार निर्माण सदस्य : बहुजन बौद्ध आनन्द विहार, सोनादा (दार्जीलिङ्ग)

२. विहार जिर्णोद्धार सदस्य : बौद्ध संघाश्रम, मालबजार (जलपाइगुडी) भारत

३. विहार जिर्णोद्धार प्रमुख : सुदर्शन, बनेपा, (काभ्रे) ।

४. विहार संस्थापक : बोधिचर्या, बनेपा (काभ्रे)

शिक्षा : माध्यमिक शिक्षा, दार्जीलिङ्ग ।

धार्मिक शिक्षा : सूत्र-विनय विशारद (बी. ए.) (दार्जीलिङ्ग)

भ्रमण : भारत, भुटान, बर्मा, थाईल्याण्ड र श्रीलंका ।

संस्था : अखिल नेपाल भिक्षु महासंघ अध्यक्ष, बुद्ध जयन्ति समारोह समिति बनेपा धर्मानुशासक, बोधिचर्या ज्ञानमाला संघका धर्मानुशासक र बोधिचर्या परियत्तिको केन्द्राध्यक्ष ।

म्यानमार सरकारबाट उपाधि : महासद्धम्म जोतिकधज

इच्छा : धर्म प्रचार, धर्म ग्रन्थहरु लेख्ने र मित्रता ।

Downloaded from http://dhamma.digital